CC-0. In Public Domain. Digitization by eGangotri

ISSN 2091-2927

ज्ञानबिन्दु

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र
काठमाडौं

११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

www.machhapuchhrebank.com

उनी कसैकी आमा हुन्, कसैकी छोरीबुहारी, कसैकी बहिनी तथा कसैकी अर्धाङ्गिनी ।

उनी आफ्नो घरव्यवहार तथा सामाजिक जिम्मेवारीलाई सफलतापुर्वक निर्वाह गर्दछिन ।

माछापुच्छ्रे बैंक

पैवा

बचत खाता

महिलाहरूको आत्मनिर्भरताको लागि

विशेषताहरू:

- न्युनतम मौज्दातः रू. १००।-
- महिलाहरूले नाबालकको नाममा समेत खोल्न सक्ने
- सेफ डिपोजिट लकरको बार्षिक सेवा शुल्कमा ५०% छुट*

Machhapuchchhre Bank Limited

माछापुच्छ्रे बैंक लिमिटेड

SMS "PEWA" to 34545 for more details

MBL Tower, Lazimpat, Kathmandu, Ph: 01-4428556

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जि.प्र.का.द.नं.५०९/०६३

ISSN 2091-2927

ज्ञानबिन्दु
Gyanbindu

वर्ष ११ २०७४ फाल्गुण पूर्णाङ्क ११

सम्पादक
प्राज्ञ विष्णु प्रभात
कपिलचन्द खनाल
गीता रेग्मी

प्रकाशक
दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र
नयाँबजार, काठमाडौं
फोनः ४४३०३२६, ९८४१६१५०४४, ९८४१७३७२९२
Facebook: Dandapani Arjyal Memorial Center

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक एक एघार !

ज्ञानबिन्दु प्रकाशन थालेको एक दशकभन्दा बढी भयो र यसले राष्ट्रिय मुद्दाहरूमा अनेकौं गोष्ठी गर्दै नेपाली समाजको परिवर्तन र उन्नतिका लागि आवाज उठाउन थालेको दिव्य १२ वर्ष भयो । पहिलो वर्ष हामीले पत्रिका प्रकाशन गरेनौं, गर्न सकेनौं । त्यसपछि भने प्रत्येक वर्ष कहिले गोर्खामा र कहिले काठमाडौंमा गोष्ठीहरू आयोजना गर्दै, विभिन्न व्यक्तित्वहरूबाट कार्यपत्र लेखाएर छलफल गराउँदै र **ज्ञानविन्दु** पत्रिकामा प्रकाशित गर्दै गराउँदै आयौं । नामित प्रतिभाद्वारा विरचित 'अर्ज्याल वंशावली तथा एतिहासिक धार्मिक चिन्तन एवं ज्योतिष शास्त्र संग सम्बन्धित लेखहरुको सङ्ग्रह 'त्रिविधा' पाठक समक्ष ल्यायौं । यसले पनि नेपाली समाजमा सकारात्मक सन्देश प्रवह गरेको अनुभूति भइरहेछ । सभामुख, राष्ट्रपति, प्रधान न्यायधीश, कुलपति, उपकुलपति जस्ता राष्ट्रिय एवं प्राज्ञिक प्रतिभाले समय दिएर अनि विभिन्न विषयका विद्वान् विदुषीहरूले हामीलाई आ-आफ्ना सिर्जना, विश्लेषण र अनुसन्धानपरक सामग्री उपलब्ध गराएर जुन सहयोग पुऱ्याउनु भएको छ, त्यस निम्ति **ज्ञानबिन्दु** तथा **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र** हार्दिक आभार व्यक्त गर्दछ। यसबीच हामीले राष्ट्रका विशिष्ट प्रतिभाहरूलाई छनौट गरी आलोपालो विषयगत प्रतिभालाई पुरस्कृत गर्दै सम्मान गर्ने काम पनि गर्दै आयौं । यस वर्ष समाजसेवाको क्षेत्रमा कार्यरत व्यक्ति एवं संस्था **धुर्मुस-सुन्तली फाउन्डेसन**लाई सम्मानित गरिएको छ । सीताराम कट्टेल-कुञ्जना घिमिरेले आफ्नो पहलमा नेपाली दीनदुःखी, भू-कम्प पीडित र पछाडिएका समुदायहरूको कल्याणमा जुन आदर्श र समर्पण प्रस्तुत गरे त्यो नेपाली कलाकारहरूको संवेदनशीलताको अनुपम उदाहरण मात्र नभएर सरकारी क्षेत्रबाट गरिएका काममा रहेको भ्रष्टाचार ढिलासुस्तीप्रतिको झापड पनि हो ।

ज्ञानबिन्दुको एघारौं अङ्क अहिले तपाईंहरूको हातमा छ । यस अङ्कमा विषयगत विविधताका साथ अनेकौं गम्भीर विषयवस्तु, अनुसन्धानमूलक लेख, समीक्षा, दर्शन, साहित्य र संस्मरण, कविता, संस्थाका गतिविधि समावेश गरिएका छन् । केही रचना सामयिक उपयोगिताका दृष्टिबाट ग्रहण गरिएका छन् । पत्रिकाको माध्यमबाट **ज्ञानबिन्दु**ले जे गर्न सकेको छ, त्यो सर्वविदितै छ र त्यसबारे आगामी दिनमा पनि मूल्याङ्कन हुने नै छ । एक एक एघार धन्यवाद ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

शीर्षक	लेखक	पृष्ठ
हाम्रो पृथिवी (सामान्य ज्ञान)	उदयलाल	५
चीनविज्ञ गोविन्द भट्टसितका केही सम्झनाहरू	हिरण्यलाल श्रेष्ठ	२५
मानव समाज, जाति र संस्कृति	डा. असरफ अली	२७
विश्व सम्पदाको पाटन नगरः भूकम्प पछिको स्थिति (संस्कृति)	प्रकाश दर्नाल	३३
नेपाली हिज्जेका समस्या र स्थायी समाधान (भाषा विज्ञान)	डा. माधवप्रसाद पोखरेल	४०
भित्र्याइएका शब्द र चलनचल्तीमा अशुद्ध शब्द (भाषा शास्त्र)	डा. महेशराज पन्त	४८
भाषिक विमर्शको शीतल समीर	शरदचन्द्र वस्ति	५४
पश्चिम नेपालमा विकसित नौ बहिनी भवानी परम्परा	हरिप्रसाद खराल	५७
नव-राष्ट्रवादको विश्व लहर (परराष्ट्र नीति)	रमेशनाथ पाण्डे	७६
पृथ्वीनारायण शाहः व्यक्तित्व र योगदान (इतिहास शास्त्र)	शरदचन्द्र सिंखडा	७९
प्रकृतिपूजक बोन दर्शनः सङ्क्षिप्त परिचय	विष्णु प्रभात	९२
प्राज्ञिक मार्क्सवाद (वहस)	अरुण गुप्तो	१०८
लिपुलेक सीमा मामिला र त्रि-देशीय विन्दु	बुद्धिनारायण श्रेष्ठ	११४
कोशीको कहर कि छिमेकीको ? (इतिहास शास्त्र)	प्रा.डा. सुरेन्द्र केसी	११९
बाघभैरव मन्दिरको ऐतिहासिक सन्दर्भ (संस्कृति)	तर्कना शर्मा	१२७
नेपालमा प्राविधिक शिक्षाको विकास (शिक्षा)	प्रा.डा.श्रीरामप्रसाद उपाध्याय	१३७
बेन सम्बन्धी कथाभित्रको वास्तविकता	रामराज रेग्मी	१४१
पञ्चमहाभूत र हाम्रो स्वास्थ्य बीचको सम्बन्ध	प्रा.डा. कृष्णचन्द्र शर्मा	१४८
बिर्सिए जस्तो लाग्दछ (कविता)	हरिहर अर्याल	१५२
नरभूपाल शाह र नकथली गुम्बा (इतिहास)	डा. जगमान गुरुङ	१५४
हाम्रो देशका लागि उचित मार्गचित्र (चिन्तन)	डा. सुरेशराज शर्मा	१५९
देवत्वका रूपमा सगरमाथालगायत हिमशिखर (पर्यावरण)	डा.गोपाल पोखरेल विवश	१६२
"योग सन्देश"ले दिएका सन्देशको विवेचना (समीक्षा)	राजेन्द्र सुवेदी	१६७
सामान्य मानव र विशेष मानव (दर्शनशास्त्र)	अभय शर्मा	१७९
गुराउ आतङ्क र तीज (संस्मरण)	राजेन्द्रप्रसाद अर्याल	१८१
आए सलह देशमा (कविता)	डिल्लीराज अर्याल	१८४
परराष्ट्र नीतिको प्राथमिकता (कूटनीति)	प्रा.डा. जयराज आचार्य	१८५
कङ्गारु देशः स्मृतिको सानो पाटो (नियात्रा)	दीपकबाबु अर्याल	१९०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखामा प्रचलित सिलोक (लोक साहित्य)	ऋषिराम खनाल	१९७
उपहार आँसुको कथासङ्ग्रहमा अन्तर्वस्तु (समीक्षा)	अनुपमा रेग्मी	२१०
अर्थ (कविता)	सन्तोष लामिछाने	२१४
अमेरिकालाई चिनाउने नयाँ नियात्रा... (पुस्तक परिचय)	डा.रामप्रसाद ज्ञवाली	२१५
आर्तनाद (कविता)	सीता अर्याल	२१८
बौद्धिकता र पितृसत्ता (समाज)	गीता रेग्मी	२१९
आत्महत्या (मनोविज्ञान)	यूनिस अर्याल	२२४
कालीसाधनाक्रम (तन्त्रसाधना)	उ.प्रा.माधवप्रसाद लामिछाने	२२६
छन्द : सुन्दरी (कविता)	दयाराम अर्याल	२३८
सकमबरी (कविता)	सविता बिमली	२३९
फुलमाया (कथा)	पुष्पा अधिकारी	२४०
धर्म संस्कृति र अध्यात्म (धार्मिक चिन्तन)	महेन्द्रप्रसाद भट्टराई	२४५
प्रतिभा परिचय र संस्थाको गतिविधि	कपिलचन्द्र खनाल	२४७
आय-व्यय		२५३
दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, काठमाडौंद्वारा प्रकाशित पुस्तक तथा पत्रिकाहरु		२५६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो पृथिवी

उदयलाल

हाम्रो पृथिवीको उत्पत्तिका बारेमा अनेकौं चिन्तक, विचारकहरूले थरिथरिका सिद्धान्त अगाडि सारेका छन् । यी सिद्धान्तहरूमध्ये लापलास भन्ने फ्रान्सेली विद्वान्ले अघि सारेको **नेबुला सिद्धान्त** आज पनि महत्वपूर्ण मानिन्छ । बलिरहेको निहारिका पुञ्ज, पिण्ड जस्ता ग्यास र धूलोका मुस्लाहरू परस्परमा तानिने, गुजिल्टिने, बाफिने र चिसिने क्रममा सौर्य मण्डल, तारापुञ्ज र पृथिवी पनि बनेको हो भन्ने विचार उनले स्थापित गरेका थिए । **बिस्फोटन सिद्धान्त**ले भने एउटा ठूलो तारा फुटेर ब्रम्माण्ड बन्यो भन्दछ । परमाणु सिद्धान्तका व्याख्याता विचारकहरू पूर्वीय कणाद र पश्चिमी डेमोक्रेटिस रहेका छन् । उनीहरूको विचारअनुसार सारा जगत परमाणुको योगफल हो । परमाणुको संयोजन र वियोजनबाट नै सृष्टिको गतिशीलता पैदा भयो । सम्पूर्ण चराचरहरू पैदा भए, विकसित भए । यसरी हेर्दा वास्तवमा पृथ्वी सूर्यको एउटा टुक्रा हो र चन्द्रमा पृथिवीको टुक्रा हो । टुक्रिएको सूर्य सेलाउँदै गएर पृथिवीको आकार बन्यो । त्यस क्रममा निस्केको बाफ पानी बनेर वर्षाद समुन्द्रहरू पैदा भए । झण्डै ६ अरब वर्ष अघिको यो सृष्टि कथा हामी तिर आउने क्रममा चार अरब वर्ष अजीव-कल्प र दुई अरब वर्ष जीव-कल्पका रूपमा रहेको छ ।

१. पृथिवीको बनौट कस्तो छ ?

आजभन्दा बीस करोड वर्ष अघिसम्म पृथिवीको बनोट अहिलेको जस्तो थिएन । ठूला-ठूला घस्रने जीवहरूको युग थियो र त्यसलाई **सरिसृप युग** भनिन्थ्यो । त्यति बेला भूगोलको परत एकढिका जमिन र अरू जलमय थियो । पाञ्जिया भूमिको रूपमा रहेको त्यो बनोट पछि गएर सात महाद्विपका टुक्रामा बाँडिएको कुरा जर्मन भूगर्भविद् अल्फ्रेड बेगनरले बताएका छन् । पश्चिम अफ्रिका र पूर्वी दक्षिण अमेरीकाको सीमाका किनारा दुरुस्तै मिल्छन् । अफ्रिका र युरोपको ठक्करबाट आल्पस पहाड उठेको, हिन्द, अष्ट्रेलियाली दवावबाट हिमालय उठेको र पहिले टेथिस सागर रहेको ठाउँमा अहिले नेपाल निर्माण भएको कुरा भूगोलवेत्ताहरू बताउँछन् । अहिले हाम्रो पृथिवी चार मण्डलमा विभक्त छ- थल मण्डल, जल मण्डल, बायुमण्डल र नभमण्डल । नभ मण्डलमा विराट आकाश पर्दछ । थल मण्डल सात महादेशमा टुक्रिएको छ भने जल मण्डल चार महासागरमा विभक्त छ । वायुमण्डल पृथिवीको सतहदेखि एघार किलोमिटरको वृत्तमा व्याप्त छ । पृथिवीको सत्तरी प्रतिशत हिस्सा पानीले ढाकेको छ र तीस प्रतिशत जमिनले । सिङ्गो भूगोललाई पूर्वी गोलार्ध र पश्चिमी गोलार्ध भनेर बाँडिएको छ । यूरोपमा एउटा पनि मरुभूमि छैन । सबभन्दा अग्लो पहाड नेपालमा छ र त्यसलाई सगरमाथा भनिन्छ । सगरमाथा हिउँले ढाकिएको चट्टान हो । यो समुन्द्र सतहदेखि ८८५० मिटर अग्लो छ । पृथिवीको सबभन्दा गहिरो सागर प्रशान्त महासागर हो भने होचो उपत्यकामा अरुण पर्दछ । सबभन्दा ठूलो नुनिलो ताल क्यास्पियन सागर हो । समुन्द्र भित्र पनि ठूला-ठूला पर्वतहरू छन् । पृथिवीको भित्री भाग अत्यन्त तातो लाभाको रूपमा रहेको छ । बाहिरी भागमा आठ किलोमिटरदेखि बत्तिस किलोमिटर सम्मको सतह पर्दछ । त्यसपछिको भाग ज्यादै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सधनपरतको रूपमा २९ सयकिलोमिटरसम्मको वृत्तमा गोलिएको छ। पृथिवी आफ्नो गतिमा वैकल्पिक परिभ्रमण गर्छ।

२. जीवहरूको विकास कसरी भयो ?

पृथिवीमा जीवहरूको सृष्टि एक कोषीय जीवाणुका रूपमा डेढ अरब वर्ष अघि भएको बताइन्छ, तर जलजीव भने ५७ करोड वर्ष अघि भएको थियो। झण्डै एक अरब वर्षसम्म पृथिवीमा एक कोशिय जीवको युग रह्यो। यो समय सिँगै जीव कल्पको आधा भाग हो। जलचर पछि उभयचर अर्थात जल र थल दुवै ठाउँमा रहन, बस्न सक्ने जीवहरूको विकास भयो। यिनीहरू पनि शुरुमा हाड नभएका, मेरुदण्ड नभएका हुँदै हाड र मेरुदण्ड भएका हुन थाले र दूध चुसाउने, बच्चा जन्माउने प्राणीको विकास भयो। जीव विकासको यही यात्रामा ३५ लाख वर्ष अघि मात्र मानिसको विकास चिम्प्याञ्जी बानरबाट भएको थियो। यस प्रकार निर्जीवबाट सजीव र जनावरबाट मनुष्यको विकास हुँदै हाम्रो पृथिवीको कथा अघि बढ्यो र मान्छे र बानर अर्थात् वनमान्छेका रूपमा दुई छुट्टा छुट्टै जीवहरू विकसित भए।

३. मानिस कस्तो प्राणी हो ?

मानिस अचम्मको प्राणीका रूपमा छ। उसको शरीरको बनौट जोडा प्रणालीमा निर्माण भएको छ। प्रकृतिमा विकल्पका अनेक अवस्थाहरू हुन्छन्। यो अथवा त्यो को सम्भावना रहेको छनौटले गर्दा उपयुक्ततामा जीवहरूको विकास र अनुपयुक्ततामा विनास भएर गएका अनेक घटनाहरू छन्। जसको प्रभाव हाम्रो जैविक बनावटमा समेत परेको छ। टाउकाको हड्डी एघार वटा जोडीमा विभक्त छन्, जसलाई छुट्याएर २२ टुक्रा बनाइन्छ। आँखा, कान, हात, खुट्टा, मृगौलाहरू एक-एक जोडी छन्। एउटाले काम नगर्दा पनि मानिस बाँच्न, हिँड्न, सुन्न, देख्न सक्छ। २०६ टुक्रा अस्थि पञ्जरको गणना जीवशास्त्रीहरूले गर्दै आएका छन्। मानिसहरूमा भूगोलको भेदले र लामो समयको पर्यावरणीय प्रभावले आन्तरिक र बाह्य असर पार्न थाल्यो। त्यसको फलस्वरूप आज हाम्रो पृथिवीमा अनेकौं जातिका मानिसहरू देखा परेका भए पनि उनीहरूको पुर्खा एउटै हो। त्यसैले मानिस जैविक गुणसँगै अजैविक गुण विकास गर्न सफल भएको नयाँ प्राणी हो। जैविकतामा उसँग पाचन प्रणाली, प्रजनन प्रणाली र चेतन प्रणाली रहेको छ तर अजैविक गुणको विशेषता बनेर चेतन प्रणालीका माध्यमबाट विकसित संवेदना, बौद्धिकता, चिन्तनशीलता, सिर्जनशीलता र भाषा भएको अचम्मको जीवका रूपमा रहेको छ। संसारको अरु कुनै जीवमा भन्दा समुन्नत खूबी रहेको हुँदा मानिसले आफ्नो श्रेष्ठता बलबाट होइन बुद्धिबाट कायम गर्दै आएको छ।

४. प्राचीन मानिसहरू कस्ता थिए ?

आद्य मानवका रूपमा जानिने प्राचीन मानिसहरूको चिनारी दिँदा **शिवापिथेकस** मानवको उल्लेख सबैभन्दा पुरानो मानिएको छ। नेपालको बुटवलमा दाँत फेला परेको यो जीवाश्म नै नेपालको सबभन्दा प्राचीन मानव अवशेष हो। यस खालका मानवहरूको नाम-जावा मानव, पेकिङ मानव, जर्मन मानव, फ्रान्सेली मानव, रोडेसिया मानव, पाल्पा-बुटवल मानव आदिबाट पुकारिन्छ। नेपाली मानवको बारेमा अझै विस्तृत अध्ययन हुन बाँकी छ। अरू ठाउँमा पाइएका कपि-मानवहरूमध्ये एसियाको जाभाद्वीपमा पाइएका प्राचीन नर नै सर्वप्रथम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई खुट्टाले हिँड्ने मान्छे थिए । सुरुसुरुमा बाँदरबाट भर्खर अलग्गिँदा अगाडिका खुट्टा पूर्ण रूपमा हात बन्न नसकेको अवस्था थियो । पछि त्यो काम गर्दै जाने क्रममा बलियो र मुक्त भयो । बुद्धिको विकास पनि तीव्र बन्यो र दुङ्गाका हतियार चलाउने सिप सिक्यो । कन्दमूल, कीरा फट्ट्याइ्रा, माछा-भ्यागुता, जङ्गली वनस्पति र जीव जन्तु खाँदै मान्छेको विकास यात्रा अघि बढ्यो । यी प्राचीन मानिसहरू मध्ये जर्मनीमा पाइएकालाई नियन्डरथल मानव (नियन्डर घाटीमा पाईएको हुँदा) फ्रान्समा पाइएकालाई क्रोम्यानन र ग्रोमाल्डी एवं अफ्रिकामा पाइएकालाई अष्ट्रालोपिथेकस भनिँदै आएको छ । यी मध्ये केहीले छालाका लुगा लगाउन पनि सिकेका थिए ।

५. मानव समाजको विकास

मान्छेको अस्तित्वमा खडा हुन पुगेपछि दुङ्गा, हाड र काठका हतियार प्रयोग गर्ने, दुङ्गे बञ्चरो, भाला, गुलेली र धनुको प्रयोग गर्ने, शिकार खेल्ने, फल फूल बटुल्ने, झुण्डमा बस्ने मानव समाज देखा पऱ्यो । जङ्गली अवस्थाको त्यो समाज आफूलाई खाँचो पर्ने प्रारम्भिक बस्तुहरूको उत्पादनबाट चलेको थियो । समाजमा कुनै नैतिक नियम थिएन । माटाका भाँडाहरू, जनावरका छालाहरू, काठ र दुङ्गाका सामानहरू, हाडका गहना र त्यसको प्रयोग सँगै डाला र पाङ्ग्राको आविष्कारले दुङ्गे युगलाई अगाडि बढायो । काठबाट नदी तर्न सिके । टहरा हालेर बस्न सिके । सुरुको मानव समाजले प्रयोग गर्ने उत्पादनका साधनमा दुङ्गाका हतियार भएको हुँदा त्यस चरणलाई **दुङ्गे युग** भनियो । पछि काँसको प्रयोग गर्न थालेपछि मान्छेको सभ्यताले नयाँ युगतिर पाइला चाल्यो । सङ्केत भाषा र आगोको प्रयोग हुन थाल्यो । पोलेर खान थालेपछि जीउ सप्रियो । नियमित बस्तीहरू बन्दै गए । एउटा बस्ती वा बगालसँग अर्को बगालको सम्पर्क सम्बन्ध र सामानको साटफेर गर्ने चलन थालियो । तामा र टिनको मिसावटबाट निर्मित काँसका भाडाहरू निकै लामो समयसम्म चल्यो र कतिपय ठाउँमा आज पनि काँसको प्रयोग भइरहेको देखिन्छ । फलामको प्रयोग सुरु भएपछि मानव समाजले फेरि नयाँ र गुणात्मक फड्को माऱ्यो । इसापूर्व एक हजारदेखि २ हजार वर्षको समय **फलामे युग** रहेको वर्णन समाजशास्त्रीहरूले गरेका छन् । फलामको युगसम्म आइपुग्दा मान्छेको समाज रक्त सम्बन्धको बगाले प्रथाबाट अघि बढेर गण-गोत्र प्रथातिर अग्रसर भइसकेको थियो । आफ्ना बगाललाई चिनाउन फलफूल, हतियार र जनावरहरूलाई आफ्नो गणचिन्ह बनाउने चलन सुरु भयो र त्यो परम्परा नै बन्न पुग्यो । मनपरेपछि वा परस्परको राजी खुशीमा जसको जोसँग पनि संभोग सहवास हुने स्वच्छन्द जङ्गली यौन सदाचार (जैविक जीवनको सदाचार भन्दा एक तह माथिको विकास) बन्यो । यसै कालमा प्रारम्भिक संवेगात्मक अभिव्यक्तिका रूपमा गीत नाचको थालनी भयो । चिन्तनमा अलौकिकता देखा पऱ्यो र कतै अज्ञात शक्ति रहेको कल्पनाद्वारा मान्छेको सभ्यता पहिलो पल्ट प्रभावित भयो । फलामे युगसँगै मानव समाजले आफ्नो प्राचीन सभ्यताको विकास गर्न थाल्यो ।

६. प्राचीन विश्व सभ्यता

मानिसले आफ्नो विकास यात्रामा जुनखाले जीवन शैली अँगाल्यो त्यस्तै विचार, व्यवहार र संस्कार हुर्काउँदै सभ्यताको जग हाल्यो । सभ्यतासँगै संस्कृतिको जन्म भयो । उत्पादनका सामान, तरिका र सिपले मान्छेको ज्ञान, विश्वास र अनुभवलाई समृद्ध पार्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गयो । आविष्कार र द्वन्दमा नयाँ नयाँ प्रयोगहरू हुँदै गए । फलामका औजारहरूले सभ्यताको विकासमा अत्यन्त ठूलो टेवा दियो । आफ्नो भावनालाई व्यक्त गर्न चित्रहरूको प्रयोग सुरु भएपछि गुफा चित्रको प्रादुर्भाव भयो । यसै क्रममा प्राचीन विश्व सभ्यताका क्षेत्रहरू विकसित भए । आज हाम्रा सामु रहेका ती विश्व सभ्यताले नै मानव समाजको प्राग्-ऐतिहासिक चिन्हारी दिन्छ । ईसा पूर्व तीन हजार वर्ष तिरको मानव चेतनाले हुर्काएका लेखनकला धेरै पछि मात्र अहिलेको अवस्थामा आएका हुन् । यसरी हेर्दा विश्व सभ्यताका प्राचीन नमूना बनेर एसियाली सभ्यता, यूरोपेली सभ्यता, अमेरिकी सभ्यता र अफ्रिकी सभ्यता हाम्रा सामु देखा पर्दछन् । विश्वका यिनै चार आधारभूत सभ्यताबाट आजको मानव सभ्यता हुर्किएको हो ।

क. एसियाली सभ्यता

एसियामा ईसापूर्व एक हजार वर्षदेखि तीन हजार वर्षसम्मका प्राचीन सभ्यताहरू रहेका छन् । तिनीहरूमध्ये केही सभ्यताहरू विशेष उल्लेखनीय रहेका छन् । इराकमा पर्ने सुमेर, मेसोपोटामिया र बेबिलोन नगरहरूमा हुर्केका सभ्यतामध्ये मेसोपोटामियाको सभ्यतालाई सबैभन्दा महत्वपूर्ण मानिएको छ । मध्यपूर्वी एसियामा नगर राज्यको थालनी भएको थियो । कृषि मुख्य व्यवसाय थियो । फरात नदीको किनारामा रहेको उब्जाउ भूमिले गर्दा त्यहाँ पशुपालन र कृषिसँगै इँटका घरहरू, सिंचाईका नहरहरू बनाउने काम पनि सरल भयो । वर्गहरूको उदयसँगै सत्ताको चरित्र बदलियो र कुलीनहरू, पुरेतहरू र शासकहरूको तुलनामा कृषिकर्म गर्नेहरू, युद्धमा हारेकाहरू र गरीबहरू दास सरह भए । हम्बुराबीको समयतिर बेबिलोन सभ्यताले आकार ग्रहण गऱ्यो । त्यतिखेर घोडाले तान्ने रथ, हलो, सुन चाँदीका गहना, छालाको लुगा, माटाको भाँडा बनाउने कुम्हालेका चक्र, गलैंचा र मसलाको प्रयोग भई सकेका थिए । असिरियाली आक्रमणपछि यो सभ्यता क्रमश क्षीण भयो । सुमेर, बेबिलोन र मेसोपोटामियाको सभ्यतामा रहेका महत्वपूर्ण कुरामा हम्बुरावीको कानुन, सुमेरियाली धारणाका रूपमा रहेको समय सिद्धान्त, लेखनकला, मूर्तिपूजा, रथ, स्थायी सेनाको चलन पर्दछन् ।

एशियाली सभ्यताको एउटा अर्को मुख्य नमूना चिनियाँ सभ्यता हो । यो ह्वाङ् हो नदीको तटमा हुर्केको थियो । यसलाई **साङ्ग सभ्यता** पनि भन्ने गरिन्छ । ईसापूर्व दुई हजार वर्षदेखि डेढ हजार वर्षसम्म विकास भएको यो सभ्यतामा समाजको बनावट दास मालिक युगको थियो । त्यसै सृङ्खलामा ईसापूर्व एक हजार वर्षदेखि त्यहाँ चीङ वंशको शासन सुरु भयो । यसै बंशका शिह ह्वाङ्टीले आफूलाई चीन सम्राट घोषणा गरेर आजको चीनको जग हालेका थिए । चीनका प्रथम बादशाह मानिने चिन सिह हाङटीले नै चीनको विश्व विख्यात् ठूलो पर्खाल बनाएका थिए । आफ्नो राज्यलाई हुण कविलाहरूबाट बचाउन यो दीवार निर्माण गरिएको थियो । यसको लम्बाई ५ हजार किलोमिटर छ । यसमा एकै चोटी पाँच घोडसवार दौड्न सकिने खालको निकै चौडा छ । झण्डै डेढ हजार वर्ष लगाएर निर्माण र मर्मत गरिएको यो पर्खाल चन्द्रमाबाट पृथिवीमा देखिने एक मात्र निशानी हो ।

चिनियाँ सभ्यताले मानव जातिलाई दिएका थुप्रै उपहारहरूमध्ये कागजको अविस्कार निकै महत्वपूर्ण रहेको छ । चित्रलिपी, रेशमको कपडा, चिया, सङ्गीत र कलाको अविष्कार पनि हाङ हो सभ्यताको देन हो । बाटोघाटो, नहर, मुद्राको प्रचलन, कानुन पनि त्यतिखेर त्यहाँको सभ्यतामा निकै प्रचलित थिए । संस्कृतिका क्षेत्रमा ईश्वर पूजा, काल्पनिक जीवहरूको चित्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्ने एवं मूर्ति कुँद्ने, खानी मजदूरमाथि दया देखाएर लेखिएका पूराना चित्रहरू पनि विशेष उल्लेखनीय रहेका छन् ।

एशियाली सभ्यताको अर्को नमूना भारतीय सभ्यता रहेको छ । अहिले भारत र पाकिस्तानको विभाजनले गर्दा सिन्धुघाटीको सभ्यताका रूपमा परिचित मोहनजोद्दो र हडप्पा दुवै ठाउँ पाकिस्तानमा पर्दछन् । त्यहाँ प्राचीन नगर समाजका अवशेषहरू मात्र पाईएका छन् । त्यतिखेरका सभ्यता दर्शाउने अवशेषमा इँटाका घरहरूको लस्कर बीच भव्य सडक, स्नान घर, कुवाँ र ढल प्रणाली, सभागृहहरू, डुङ्गा अड्याउने घाटहरू, अन्नबाली उब्जाउने चलन र इलम व्यवसायमा पनि कपासबाट कपडा बुन्ने, धातुका भाँडा-कुँडा बनाउने काम हुन्थ्यो । यहाँ शिवको पूजा गर्ने चलन थियो । यस सभ्यताको निर्माता द्रविडहरू थिए । आर्य संस्कृतिको थलो भने पनि भारतको प्राचीन सभ्यता यिनै मोहनजोद्दो र हडप्पाले प्रदर्शन गरेका छन् । जातीय सम्मिश्रणबाट निर्मित सनातन संस्कृति यहाँको चिनारी हो । भारतीय सभ्यताको यस पाटोमा वैदिक सभ्यताको चर्चा गर्ने गरिन्छ । प्रकृति पूजक आर्यहरू अफगानिस्तानदेखि नेपालसम्म छरिएका थिए । तर उनीहरूको मूल थलो पञ्जाव मानिन्छ । ऋग्वैदिक सभ्यताको चर्चा गर्दा कतिपय विद्वानहरूले आर्यहरू यायावर मानव भएको हुँदा उनीहरूको सभ्यता र संस्कृति सुरुदेखि नै मिश्रित रही आएको छ भनेका छन् । ग्रीक हमलाको प्रभाव स्वरूप गान्धारकला पैदा भएको थियो । गङ्गा र सिन्धु नदीको घाटीमा हुर्किएको भारतीय सभ्यतामा आज भारत, पाकिस्तान, नेपाल, श्रीलङ्का, बङ्गलादेश जस्ता देशहरूमा रहेका विभिन्न मानव जातिले निर्माण गरेका अनेक, सिप, संस्कार र साधनहरू सामेल छन् । भारतीय सभ्यताले नै सर्वप्रथम जङ्गली कुखुरालाई घर पालुवा बनाएर पाल्ने चलन हुर्कायो । हात्तीलाई मानिसका इसारामा नचायो । ब्रम्हलाई जगत्को स्रष्टा मान्ने पुरेतहरूद्वारा ईश्वर र धर्मको मिथक रचेर वर्ग विषमतालाई भाग्यसँग जोड्ने काम गऱ्यो । पाटलीपुत्र एउटा प्राचीन नगर राज्य थियो । त्यहाँ शिक्षा, लेखनकला र गणितको विकास भएको थियो । ब्राह्मी लिपिमा ताडपत्रका पुस्तकहरू हस्तलिखित सुन्दर अक्षरमा लेख्ने चलन, नहरहरूको निर्माण, कलात्मक भवनहरू बनाउने संस्कृति विकास भयो । गणितमा शून्यको प्रयोग प्राचीन भारतीय सभ्यताको देन हो । यसबाट दशमलव प्रणाली विकसित भयो र आज संसारमा प्रचलित छ । व्याकरणमा पनि प्राचीन भारतीय विद्वान्को महत्वपूर्ण योगदान रहेको छ । आयुर्वेदिक उपचार पद्धति, वैदिक साहित्यको रूपमा रहेको संस्कृत साहित्य वेद, उपनिषद, महाभारत, रामायण जस्ता ग्रन्थ र कथाहरू, मूर्तिकला, बुद्धिचाल खेल जस्ता कुराहरू पनि यस सभ्यताका देन हुन् ।

श्रीलङ्काली सभ्यतामा इसापूर्व पाँचौं शताब्दीको बौद्ध ग्रन्थ 'महावंश' उल्लेख्य सामग्री मानिन्छ । पहिले यहाँका वेद्दा नामक आदिम बासिन्दा माथि भारतबाट आएका सिंहली विजेताहरूले आफ्नो हैकम कायम गरे पछि अर्को भारतीय जाति तामिलहरू पनि क्रमश श्रीलङ्का गएर बसोबास गर्न गर्न थाले । त्यहाँको प्राचीन राजधानी अनुराधापुर थियो ।

प्राचीन नेपाली सभ्यता लुम्बिनीको तिलौराकोट, वागमतिको काठमाडौं उपत्यका र पूर्वी तराईको मोरहाडी र जनकपुरीया बान्कीमा देखा पर्दछ । यस बाहेक अरुण उपत्यकाको सभ्यता एवं मध्य पहाडी क्षेत्रका मुस्ताङ, जुम्ला, डोटी र दैलेखी सन्दर्भहरू पनि पाइन्छन् । प्रारम्भमा अग्नि पूजक मांशाहारी, पशुपालक, कृषि व्यवसायीका रूपमा रहेका नेपाली मानवहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
विकास मातृ प्रधानताको समाजबाटै अघि बढेको तथ्य अब लगभग स्थापित भैसकेको छ।

ख. युरोपेली सभ्यता

दक्षिण पूर्वी युरोपमा रहेको ग्रीसको प्राचीन नाम युनान हो। यसलाई **युनानी सभ्यता** पनि भनिन्छ र युरोपेली सभ्यताको कुरा उठ्नासाथ ग्रीकको प्रसङ्ग आइहाल्छ। क्रेट टापुमा नै सर्वप्रथम यस सभ्यताको बीजाङ्कुर भएकाले कसै कसैले यसलाई क्रेट सभ्यता पनि भनेका छन्। ईसापूर्व दुई हजार वर्षदेखि एक हजारसम्मको अवधिमा यहाँ कपडा, भाँडाकुँडा, युद्ध सामग्री, लिपि र खेतीको राम्रै विकास भएको थियो। नगरहरूमा ढल र नलको अलग-अलग व्यवस्था थियो। मानिसकै आकृतिमा देवताको कल्पना गर्थे र सूर्यलाई एपोलो देवता मान्दथे। ओलम्पस पहाडलाई देवस्थल ठान्ने ग्रीसेलीहरूले स्पार्टा र एथेन्स नामक दुई नगर बसाएका थिए। एथेन्स नागरिक नगर र स्पार्टा सैनिक नगर जस्तै थिए। ईसापूर्वसम्म त्यहाँ धनी, कुलकहरू, दास, कृषक, कालीगड र व्यापारिकहरू थिए। चुनावबाट अधिकृत छान्ने प्रणाली यहींबाटै सुरु भएको थियो। पश्चिमी प्रजातन्त्रको जन्मथलो यही मानिन्छ। मन्त्री मण्डल र राष्ट्रपति छान्ने चलन ईसापूर्व मै सुरुभएको थियो। पेरिल्किजको समयतिर (इ.पू. ४६९-४२९) प्रयोग गरिएको प्रजातन्त्रले त्यहाँको सभ्यतालाई एउटा नयाँ मोड दियो। पछि ऐथेन्स र स्पार्टाको युद्धले त्यहाँ ठूलो क्षति भयो। टोलेमीले ज्ञानको ढोका खोल्दै पुस्तक लेखे। नारी शिक्षाको प्रबन्ध गरियो। सङ्गीत, व्यायाम र खेलकुदले ओलम्पिक झण्डालाई विश्वमा दीगो बनाएको छ।

युरोपेली सभ्यताको दोस्रो केन्द्र रोम थियो र यो इटालीमा पर्दछ। रोमेली सभ्यताका नाममा समेत जानिने यो सभ्यताको मूल देन ल्याटिन भाषामा रहेको छ। टिमोर नदी किनारको लाटिउम जिल्लाको नामबाट अपभ्रंश भएर ल्याटिन शब्द बनेको हो। दुई सदनात्मक शासन व्यवस्थाको थालनी यहीं भएको थियो। माथिल्लो र तल्लो वर्गमा बाँडिएको समाजमा विजेता मालिक र पराजित दास बन्नु पर्ने अवस्थाले गर्दा त्यहाँ धेरै लामो समयसम्म शक्ति सङ्घर्ष, युद्ध, वर्ग सङ्घर्ष चल्यो। शिशिलीमा कचिङ्गल उठेपछि रोम र कार्थेज बीच ठूलो युद्ध भयो। समाजको विषमता चर्को थियो। इ.पू. ७३ मा त ठूलो दास विद्रोह नै भयो, जसलाई दबाउन रोमन सेनालाई एक वर्षे युद्ध लड्नु पऱ्यो। साम्राज्यको मोहले गर्दा रोमेली शासकहरूमा भित्री सङ्घर्ष चर्कियो। प्रत्येक वर्ष जस्तै षड्यन्त्रपूर्ण ढङ्गबाट शासकहरू मारिन्थे। तै पनि ट्वर्युलसको वीरता, होमरको काव्य गाथा, इलियड र ओडेसी, कृषि पशुपालन र शिल्पकारीको विकास आफ्नै गतिमा भइरहेको थियो। किसानहरू पनि आफूलाई चाहिने सामान आफैले उत्पादन गर्थे। छालाको चप्पल, उनको कपडा र कम्मल, माटाका भाँडाहरू, समुद्री यात्राका लागि डुङ्गा नाउ र जहाजको विकास यहींबाट भएको थियो। इ.पू. १ हजार वर्ष पूर्वदेखि फलामका औजारको प्रयोगले त्यहाँको सभ्यतालाई समुन्नत बनाउन मद्दत पुऱ्यायो। प्राचीन युनानी सभ्यतामा प्राकृतिक शक्तिको उपासना गर्ने धार्मिक भावना देखा परेको थियो। कलाका देवता युवा एपोलो, सङ्गीतको देवी एपोलो कि सँगीनी म्युज थिइन् र उनकै नामबाट म्युजिक बनेको बताइन्छ। प्रमेथियसले मानव कल्याणका लागि स्वर्गबाट आगो खोसेर पृथिवीमा ल्याए भन्ने कथा पनि यहाँ प्रचलित छ। मूर्तिकला युनानको विशिष्ठ देन बनेको छ। समाचार सुन्ने ठाउँ एगोरा थियो। भवन निर्माण कलामा पनि यस सभ्यताको ठूलो देन छ। रङ्गमञ्च र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोरसगानको चलनले गर्दा दिनभर सङ्गीत कार्यक्रम पनि हुन्थे । सफोल्किजको दुखान्त नाटक 'एन्टीगोनी' आजसम्म चर्चित छ । सुखान्त नाटक परम्परा पनि त्यहाँ थियो । इतिहासका पिता भनिने हेरोडोटस, प्रकृति विज्ञानका शिल्पी डेमोक्रेटस, इसापूर्व चौथो शताब्दीका साहित्यकार अरस्तु बहुविषयविद् थिए । उनले पृथिवी चेप्टो छ भन्ने धारणाको उल्टा पृथिवी गोलो छ भन्ने विचारसँगै ब्रम्हाण्डको केन्द्रमा सूर्य रहेको विचार व्यक्त गरेका थिए । सिकन्दर महान्को साम्राज्य कालमा यहाँको सभ्यताले थप विकास गऱ्यो । विख्यात प्रकाश स्तम्भ, छालामा लेखेर पुस्तक बनाउने कला र गणित शास्त्रको विकास गर्ने युक्लिडको विचार आज पनि उल्लेखनीय छन् । रोमन लिपि र अक्षरको प्रभाव भाषाशास्त्रमा आज पनि छँदै छ । यसरी विश्व मानव सभ्यतामा यूरोपेली सभ्यताले पनि निकै महत्वपूर्ण सामग्री दिएको छ ।

ग. अफ्रिकी सभ्यता

अफ्रिका आद्यमानवको उत्पत्ति थल पनि भएकाले त्यहाँको सभ्यता अमेरिकाको भन्दा निकै पुरानो र समृद्ध पनि छ । अरु महादेशतिर फलामे युग सुरु हुँदा अफ्रिकामा पशुपालन युग सुरु हुँदै थियो र त्यहाँ इस्वी सम्वत्सँगै फलामको प्रयोग थालिएको थियो । नुविया सुनखानीका लागि प्रख्यात छ । तर सभ्यताको इतिहासको सन्दर्भमा भने उत्तर पूर्वी अफ्रिकामा रहेको इजिप्ट मिश्र) प्रख्यात रहेको छ । मिश्रको नाम लिने बित्तिकै धेरैलाई **'पिरामिडको देश'** सम्झना हुन्छ । ईसा पूर्व चार हजार वर्षदेखि सुरु भएको मानिने यो सभ्यता नाइल नदीको किनारामा हुर्किएको छ । पिरामिडको देश अर्थात् मिश्र नै पहिलो महिला शासक बनेको, महिलाहरूलाई समान अधिकार दिने देश एवं सभ्यता हो । यहाँ ई.पू. १५०१-१४७९ मा महिला शासक भएर साम्राज्ञी ह्याट शेपसुटले शासन गरेकी थिइन् । उनको समयमा महिला उत्तराधिकारी हुन पाउने चलन थियो । तर पछि मिश्रको सभ्यतामा सिकन्दरको आधिपत्य जम्यो । ई.पू. २२२ मा त्यो रोमन साम्राज्यको अधिनमा पऱ्यो । मिश्रको भूमि उर्वर छ । भूमध्ये सागरको किनारमा रहेको मैदानी भागमा नील नदीको बाढीले सिञ्चँदै मलिलो बनाउने हुँदा खेतीपाती राम्रै हुन्थ्यो । हलो, कोदालोको प्रयोगद्वारा खेती गरिन्थ्यो । नाउद्वारा बन्द व्यापारमा टाढासम्म पुग्ने सुविधा थियो । तामाका हतियार र सुन चाँदीका गहना प्रयोग हुन्थे । दासप्रथा चर्को थियो । पराजित झुण्डलाई युद्ध बन्दीका रूपमा होइन दासका रूपमा लिइन्थ्यो । दासहरूकै श्रमले मिश्रको सभ्यता हुर्कियो । सम्पन्न मानिसहरूको र विपन्न मानिसहरूको जीवन विल्कुल भिन्न थियो । किसानहरूको पनि अवस्था दुःख पूर्ण नै थियो । राजा जोसेर र अरुहरूले आफ्ना च्याहान भनी बनाएका पिरामिडहरू ईसापूर्व २६०० वर्षसम्मका छन् । मिश्रको सबभन्दा ठूलो पिरामिडलाई खुफूको पिरामिड भनिन्छ । उनी पनि राजा अर्थात् मिश्री भाषामा फराउन थिए । २३ लाख शिलाखण्डको १५० मिटर अग्लो त्यो पिरामिड घुम्दा एक किलोमिटरको दूरी सजिलै पार गरिएको हुन्छ । पिरामिड निर्माणमा एक लाख मानिस एकै पल्ट काममा जुटेको अवस्था समेत हुन्थ्यो । कोही चट्टानबाट ढुँगा झिक्ने, कोही कुद्ने र कोही निर्माणमा जुट्ने गर्दथे । तीस वर्षमा तयार भएको पिरामिडको बगैंचा बनाउँदा हजारौं मानिसको ज्यान गएको थियो ।

मिश्रको सभ्यतामा पनि प्राकृतिक शक्ति प्रति पूजा गर्ने भावना रहेको थियो । उनीहरू 'रेहा' अर्थात सूर्यको उपसना गर्थे । जलदेवताको रूपमा नील नदीको स्तुति गर्ने गर्थे । त्यसो गर्नुको कारण त्यसमा आउने बाढी र प्रलयको डर थियो । मिश्रको प्राचीन बासिन्दा परलोकमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
विश्वास गर्दथे । आत्माले चोली फेर्छ भन्ने धारणा राख्थे । त्यसैले लास सुरक्षित गरेर स्वर्ण कवच समेत लगाएर च्याहानमा राख्दथे । शिक्षाको क्षेत्रमा मिश्रको सभ्यताले गणित अर्थात् अङ्कगणितलाई जन्म दियो । उनीहरू दश लाखसम्मको हिसाब गर्न जान्दथे । भूमापन कलाको विकास मिश्रबाटै भएको हो । त्यस्तै खगोल विद्या, चित्रलिपि, साहित्य, कला र सङ्गीतको पनि प्रयोग हुन्थ्यो । मन्दिरहरू पनि बनाइन्थे । यसरी मिश्रको सभ्यताले दिएको अचम्म लाग्दा ज्ञान, सिप र सामाग्रीले हाम्रो पृथिवी अहिले पनि सिंगारिएको छ । विश्वका अनेक भु-भागका बासिन्दा, मानिसहरूको अथक श्रमले प्राचीन विश्व सभ्यता अघि लम्कँदै आएको छ । आजको युगसम्म आइपुग्दा थप नयाँ नयाँ विशेषताले यी सबै सभ्यताहरू परस्परमा प्रभावित भएका छन् र मानव संस्कृतिको अन्तरप्रभावी स्वरूप र विजातीय सारलाई प्रकट गरिरहेका छन् ।

घ. अमेरिकी सभ्यता

विश्वको विकास यात्रामा संभवत दश हजार वर्षको मात्रै इतिहास बोकेको अमेरिकी महादेशमा बाहिरबाट गएका मान्छेहरू बाटै त्यहाँको सभ्यता हुर्किएको पाइन्छ । ईसा पूर्व २५ सय वर्षदेखि ईसाको प्रथम शताब्दीसम्म त्यहाँ माया, अजटेक र इन्का सभ्यता देखा पर्दछ । मध्य अमेरिकी भू-भागमा हुर्किएको माया सभ्यताले विश्वलाई मकै उपहार दिएको छ । त्यहाँ लौका, फर्सी र आलुको खेती गरिने गर्दथ्यो । माया सभ्यताको इतिहास ग्वाटेमाला, मेक्सिको र होन्डुरससम्म फैलिएको पाइन्छ । प्राचीन सभ्यताको उपदानका रूपमा अमेरिकाले विश्व मानव समुदायलाई अरु सौगात दिएको पाईदैन ।

७. पृथिवीका आश्चर्यहरू के कस्ता छन् ?

हाम्रो पृथिवीमा अनेकौं आश्चर्य पूर्ण प्राकृतिक साधनहरू रहेका छन् । नुन खानीदेखि सुन खानीसम्मका खनिज सम्पदा छन् भने चिसो पहाडका पानीहरू हिमालका रूपमा खडा छन् । कतै कतै तातो पानीका धारा कुवा र तलाउहरू छन् । प्रकृतिक कलाको रूपमा देखा पर्ने सुन्दर पहाड, ढुङ्गा र डाँडाकाँडाहरू छन् । ताल, झरना र गल्छीहरू छन् । टापुहरू छन्, सागरहरू छन्, समुन्द्र भित्रै पनि अनेकौं पहाडहरू छन् । सतहमा अनौठा नदीहरू छन् । बाह्रै महिना शरद् झुम्ने प्रकृति र उराठ मरुभूमि पनि यहाँ छन् । अजङ्गका जीव जन्तु गैंडा, हात्ती र व्हेलहरू मात्र होइन, डल्फिन, वन मान्छे र यतिको अनौठो अस्तित्व पनि यहाँ छ । महादेश पिच्छे फरक प्राणीको उपस्थिति, आन्टार्कटिकाको अनौंठो प्रकृति, संसार भरिकै लामो नदी नाइल जस्तै संसार भरिकै अग्लो पर्वत सगरमाथा र गहिरो खोंच त हाम्रै देश नेपालमा रहेको छ । यसरी प्राकृतिक आश्चर्यको भण्डारमा रङ्गीविरङ्गी फूलहरूको उपस्थिति, रङ्गीन इन्द्रेणी र घामपानीको रमाइलो पनि हाम्रो पृथिवीका आश्चर्य हुन् । पृथिवीको गर्भबाट निस्कने ज्वालामुखी अर्को आश्चर्य हो । मानव निर्मित आश्चर्य पनि हाम्रो पृथिवीका आश्चर्य हुन् । प्राचीन गुफा र गुफा चित्रहरू, विराट मूर्तिकला, भवन निर्माण कलाका अनौंठा प्रयोगहरू, विशाल नहर विशेषगरी स्वेज-नहर, संसार कै ठूलो पुल, लामो पुल र अग्लो पुल, रेल, जलयान, हवाईजहाज, कम्प्युटर, रेडियो, टीभी, रकेटयान, प्रसिद्ध मीनारहरू, एटम बम, क्षेप्यास्त्र, रोबोर्ट, चीनको ठूलो पर्खाल, ताजमहल, इफेल टावर आदि अनेकौं आविस्कार र सामाग्रीहरू सभ्यताको विकास यात्रामा बनाइएका आश्चर्य पूर्ण उपलब्धिहरू हुन् । मीर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तरिक्ष भू-उपग्रह केन्द्र पनि आश्चर्य कै एउटा नमुना हो जो दिव्य बाह्र वर्ष आकाशमा बसेर धरतीको सेवा गर्‍यो । १९९९ सनूमा त्यसलाई आर्थिक व्ययभार बहन गर्न नसकेको कारण जनाएर प्रशान्त महासागरमा नष्ट गरियो । मानव निर्मित आश्चार्यमा बेलायत र फ्रान्स बीचको सुरुङ रेल मार्ग पनि अर्को त्यस्तै आश्चर्य पूर्ण निर्माण हो । समुन्द्रको पानी मुनि रहेका पहाड भित्रबाट सुरुङ खनेर दुई देशलाई जोड्ने, तीव्र गतिको रेल दौडने यो मार्ग बीसौं शताब्दीका मानवहरूको अद्‌भूत विनिर्माण पनि हो । हाम्रो पृथिवी र मानव समाजका आश्चर्यहरूको सूची यस प्रकार रहेका छन् ।

(क) **प्राचीनकाल –**

१. बेबिलोनको झुल्ने बगैंचा
२. रोमको डायना मन्दिर
३. ओलम्पियाको जुपिटर मूर्ति
४. मिश्रका पिरामिडहरू
५. अलेक्जेण्ड्रियाको प्रकाश धरहरा
६. कोलोससको प्रतिभा (९१२ फिटे)
७. हालिकन सीको च्याहान

(ख) **मध्यकाल –**

१. चीनको ठूलो र लामो पर्खाल
२. रोमको कोलोशियम
३. नानकिङको पोर्सलिन टावर
४. बेलायतको स्टेनहेन्ज स्मारक
५. सेन्ट सोफियाको मस्दिज
६. अलेक्जेण्ड्रियाको च्याहान
७. इटालीको पिसा स्थित झुकेको मिनार

(ग) **आधुनिककाल –**

१. चन्द्र धरातलमा मानवको प्रवेश
२. टेलिफोन, रेडियो र टेलिभिजन
३. सङ्गीत रेकर्डर, सिनेमा र कम्प्युटर
४. रेल, हवाई जहाज र अन्तरिक्षयान
५. परमाणु बम, आणविक उर्जा र राडार
६. पेरिसको इफेल टावर
७. सनफ्रान्सिस्कोमा बनेको स्वर्णद्वार पुल
८. स्वेजनहर र पहेंलो नदीको बाँध
९. अमेरिका र क्यानडालाई जोड्ने अलास्का राजमार्ग
१०. बेलायत र फ्रान्सलाई जोड्ने समुन्द्री रेलमार्ग
११. न्यूयोर्कको एम्पायर स्टेज भवन
१२. संवेदनशील यन्त्रमानव रोबोर्ट

(घ) **समुद्री आश्चर्यहरू –**

१. बेलिजको समुद्रीशिला
२. उत्तरी लाल सागर र बैकाल ताल
३. अष्ट्रेलियाको वेरियर समुन्द्रिशिला
४. प्रशान्त महासागरको समुन्द्री सुरुङ
५. इक्वेडरको गाल्पागोस समुन्द्री द्वीपको पानी

(ङ) **पहाडी आश्चर्यहरू –**

१. सर्वोच्च शिखर सगरमाथा (नेपाल)
२. भिक्टोरिया झरना (अफ्रिका)
३. कोलाराडो नदीको चट्टानी चमत्कार (यू.यस.ए.)
४. रिदो द जेनेरियोको प्रकृतिक बन्दरगाह
५. मेक्सिकोको ज्वालामुखी एवं फ्रान्स र स्पेनका गुफाहरू

८. पृथिवीको सामाजिक विभाजन

पृथिवीको सामाजिक विभाजन सात भागमा विभक्त छ । विभिन्न देशहरूको समूहका रूपमा भूगोलको एकता हेरेर यसलाई सात महादेशमा बाँडिएको हो, एसिया महादेश, युरोप महादेश, अफ्रिका महादेश, अष्ट्रेलिया, उत्तर अमेरिका, दक्षिण अमेरिका र अन्टार्कटिका । भूबनौटको आधारमा बाँडिएको थल, जल, वायु र नभ मण्डलमध्ये यो थल मण्डल भित्र पर्दछ । नभ मण्डललाई खगोल पनि भनिन्छ । यसभित्र तारा र नक्षत्रहरूको बिराट ब्रह्माण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
समेत पर्दछ। पृथिवीको सामाजिक विभाजनमा पूर्वी गोलार्ध र पश्चिमी गोलार्धलाई पूर्वीय र पाश्चात्य संसार, सभ्यता र संस्कृतिका रूपमा समेत हेर्ने बुझ्ने र बताउने चलन छ।

क. एसिया

सात महादेशमध्ये एसिया सबभन्दा ठूलो छ। जनसङ्ख्या पनि यसैमा बढी छ। संसारको कुल जन सङ्ख्याको दुई तिहाई मानिसहरू एसियामा रहेका छन्। सबभन्दा जाडो र गर्मी ठाउँ, सबभन्दा अग्लो ठाउँ सगरमाथा (८८४८ मि.) र सबभन्दा गहिरो ताल बेकाल ताल (रूस) सबभन्दा गहिरो गल्छी (नेपाली) यही महादेशमा पर्दछ। त्यति मात्र होइन सबैभन्दा ठूलो मैदान साइबेरिया र सबभन्दा धेरै पानी पर्ने ठाउँ चेरापुञ्जी पनि एसियामै पर्दछन्। एसियामा अफगानिस्तान, ओमान, बहराईन, बङ्गलादेश, ब्रुनाइ, बर्मा, म्यानमार, कम्पुचिया, कुवेत, दक्षिण कोरिया, उत्तर कोरिया, इन्डोनेसिया, इरान, इराक, इजराइल, फिलिपिन, पाकिस्तान, भुटान, भियतनाम, भारत, चीन, लेवनान, लाओस, मलेसिया, मालदिप्स, मङ्गोलिया, जापान, जोर्डन, सिंगापुर, सिरिया, नेपाल, टर्की, यु. अरब, यमन, श्रीलङ्का, थाइल्याण्ड आदि देशहरू पर्दछन्। एशियामा कूल ४२ देशहरू छन् र ती मध्ये पाँच वटा भूपरिवेष्ठित राष्ट्र छन्। हाम्रो देश नेपाल लगायत भुटान अफगानिस्तान, मंगोलिया र लाओस एसियाका भू-परिवेष्ठित मुलुक हुन्। एसियाको भौगोलिक क्षेत्रफल ४ करोड २७ लाख वर्ग किलोमिटर रहेको छ।

ख. युरोप

विश्वभरिकै विकसित महादेशको रूपमा युरोप रहेको छ। रुसको केही भाग एसियामा पनि पर्दछ त्यसैले त्यो मुलुकलाई युरेशिया पनि भनिन्छ। युराल पर्वतले एसियासँग छुट्याएको युरोपमा स्वीटजरल्याण्ड लगायत अष्ट्रिया, हङ्गेरी, लक्जेम्बर्ग, सनमारिनो, चेकगणराज्य, स्लोभाकगणराज्य र भ्याटिकन सिटी जस्ता मुलुकहरू भू-परिवेष्ठित अवस्थामा छन्। यूरोपमा अल्वानिया, अण्डोरा, अष्ट्रिया, आइसल्याण्ड, आयरल्यान्ड, बेल्जियन, बुल्गेरिया, बेलायत, डेनमार्क, इटाली फिनल्यान्ड, फ्रान्स, ग्रीस, हङ्गेरी, जर्मनी, पोल्याण्ड, पोर्चुगल, भेटिकन सिटी, चेकस्लोभाकिया, लिक्सेनटायन, लक्जेमवर्ग, मोनक्को, माल्टा, स्पेन, रुस, युक्रेन, कजाखस्तान, उज्वेकिस्तान, जर्जिया, अजरबैजान, लिथुआनिया, मोल्दाभिया, लातभिया, किर्घिजिया, ताजकिस्तान, आर्मेनिया, तुर्कमेनिया, इस्तोनिया, नेदरल्याण्ड, नर्वे, रुमानियाँ, युगोस्लाविया, स्वीट्जरल्याण्ड, स्वीडेन, गरी जम्मा ४७ देशहरू रहेका छन्। युरोपको कुल क्षेत्रफल ८ लाख वर्ग किमी रहेको छ। यहाँको सबैभन्दा अग्लो हिमचुली ककेसस पर्वत मालामा पर्ने ल्बाङ्क पर्वत हो। यो रुसमा पर्दछ यस पर्वतलाई साम्यवादी चुचुरो नामाकरण गरिएको छ जसको उचाई ७४३९ मिटर छ। विश्वका सात अग्ला हिमचुली मध्ये यो पनि पर्दछ।

ग. अफ्रिका

संसारको सबैभन्दा ठूलो मरुभूमि सहाराले उत्तर र दक्षिण छुट्याएको यो महादेश विश्वको ठूलो महादेश हो। किलिमाञ्जारो ज्वालामुखी रहेको पहाडदेखि रिफ्ट उपत्यकासम्मको अनौठो प्राकृतिक सङ्गम बीच अनेक भौगोलिकतामा अफ्रिका विभक्त छ। सत्तरी प्रतिशतभन्दा बढी मानिसहरू निग्रो र हब्सीहरू रहेका छन् भने अरू बाँकीमा युरेपेली र अरबीहरू बसोबास गर्दछन्। अफ्रिका महादेश विकासमा सबभन्दा पछाडि परेको छ। यहाँ अझै पनि घुमन्तु मानव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झुण्डहरू, आदिवासीहरू र शिकारी अवस्थाका समुहहरू रहेका छन् । साक्षरता न्युन छ । गरिबी अति बढी छ । भाषाको विकास पनि निकै पछाडि परेकाले अनेकौं भाषिक समुह रहेका छन् । आधुनिक विकासको लहरले गाउँ बस्तीलाई अझै समेट्न सकेको छैन । सयुंक्त परिवार प्रथाको ब्यापकता छ । कोकाकोला र कफि अफ्रिकाको उत्पादन हो । हीराको कूल उत्पादनमध्ये नब्बे प्रतिशतभन्दा बढी र सुनको ठूलो मात्रा यहींबाट पैदा हुन्छ । सुन उत्पादनका दृष्टिले अफ्रिका पहिलो नम्बरमा आउँछ । तर पनि यो महादेश गरीब हुनुमा साम्राज्यवादी शोषण नै मूल कारण रहेको छ । नाइजेरिया र दक्षिण अफ्रिका युरेनियमका लागि धाना, जायर, र दक्षिण अफ्रिका हीराका लागि, लिबिया, इजिप्ट, नाइजेरिया जस्ता देशहरू तेल खानीका लागी उल्लेख्य छन् । अनौठा जीव जन्तुका निम्ति पनि अफ्रिका प्रसिद्ध छ । विश्वको सबभन्दा लामो नदी यही महादेशमा पर्दछ । अफ्रिकाको सबैभन्दा अग्लो पर्वत किलिमाञ्जारो हो । यो पर्वत १९३४० फिट अग्लो छ र ताञ्जानियामा रहेको छ । अफ्रिका महादेशको क्षेत्रफल २ करोड ९८ लाख साठी हजार वर्ग किलोमिटरको छ ।

सामाजिक विभाजनको दृष्टिले हेर्दा सबैभन्दा बढी देश भएको महादेश अफ्रिका नै हो । यहाँ अल्जेरिया, अङ्गोला, आइभरीकोस्ट, बेनिन, बोत्सुवाना, बुरुन्डी, बोर्किनाफासो, केमरून, थेपभर्डे, गणतन्त्र अफ्रिका, कोमोरो, कङ्गो, केनिया, डिजीवोती, द. अफ्रिका, इजिप्ट, घाना, इथिपोपिया, गाम्बिया, ग्याबोन, गिनी, गिनीबिसाऊ, गुयना, चाड, लेसोथो, लाइबेरिया, लिविया, मादागास्कर, मोलावी, माली, मोरितानिया, मोरिशस, मोरक्को, मोजाम्बिक, जायर, जाबिया, जिम्बावे, सेनेगल, सेसेल्स, सेरालियोन, सोमालिया, सुडान, स्वीजरल्याण्ड, साओटोम, नायजर, नाइजेरीया, रूआन्डा, तान्जानिंया, टोगो, ट्युनिशिया, युगान्डा आदि गरी ५३ वटा मुलुक छन् र झण्डै पचास करोड मानिसहरू बसोवास गर्दछन् । खेती किसानी मुख्य पेशा बनेको छ र थुप्रै ठाउँहरू अझै पनि मानिस विनाको प्रकृतिका रूपमा रहेको छ ।

घ. अष्ट्रेलिया

सबैभन्दा सानो महादेश अष्ट्रेलिया हो । एउटै देशका रूपमा रहनु अष्ट्रेलिया महादेशको मूल विशेषता हो भन्दा धेरै फरक पर्दैन । यस बाहेक केही टापु राज्यहरू यस महादेशमा रहेका छन् । न्यूजील्याण्ड, मेलेनेसिया, मिक्रोनेसिया र पोलिनेशिया जस्ता टापुसँगै हवाई द्वीप समुह पनि यसैको क्षेत्र मानिन्छ । परन्तु हवाई टापु अमेरिकाको अधिनस्त छ र धेरैले हवाई टापुलाई उत्तरी अमेरिकामा मिसाएर हेर्ने गरेको पाइन्छ । यस महादेशलाई कतिपय भूगोलविदहरूले 'ओसिनिया' भनी विवेचना गर्दछन् । यस महाद्वीपको आधा भाग मरुभूमिले ढाकिएको छ । संसारको सबभन्दा ठूलो द्वीप मानिने अष्ट्रेलियामा न्यूजील्याण्ड, कीरीवाटी, फिजी, पपुवान्यूगिनी, सोलोमन गरी छ वटा राज्य छन् । अष्ट्रेलियाको नामले पनि यस महादेशलाई पुकारिन्छ । यहीं नै संसारको अनौठो जीव कङ्गारु पाइन्छ । यस महादेशको क्षेत्रफल ७६ लाख ३५ हजार वर्ग किलोमिटर रहेको छ ।

ङ. उत्तर अमेरिका

तेस्रो ठूलो महादेशको रूपमा रहेको उत्तर अमेरीका पश्चिमी गोलार्धमा छ । दुई करोड ५३ लाख सात हजार वर्ग किलो मिटर क्षेत्रफल रहेको यस महादेशमा एण्टीगुवा (बरमुडा) एलसाल्भाडोर, ग्रेनेडा, संयुक्तराज्य अमेरीका, ग्वाटेमाला, हाइटी, होण्डुरस, पनामा, मेक्सिको,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जमैका, नेभिस, सेन्ट लुसिया, निकारागुवा, टोवाकोट्रिनिडा, बहमाज, बारवाडोस, बेलिज, क्यानडा, कोष्टारीका, क्युवा, डिमिनिकना आदि ३३ राष्ट्र रहेका छन् । विश्वको सबभन्दा निरङ्कुश साम्राज्यवादी शासन भएको देश संयुक्तराज्य अमेरिका यसै महादेशमा पर्दछ । स्वतन्त्र विश्व, उदारवाद र मानव अधिकारको नारादिँदै, संसारभरि हतियार र पैसाको बलमा अर्न्तध्वंश मच्चाउने युएसए बाहेक क्यानडा जस्तो विकसित मुलुक पनि यहाँ छ । समाजवादी क्युवा पनि यही महादेशमा छ । यहाँको धेरै जसो बासिन्दा बेलायत, फ्रान्स, स्पेन र अफ्रिकाबाट गएका हुन् । पुराना आदीम बासिन्दा भने राता भारतीय र इस्कीमो मानिन्छन् । मुख्य भाषा अङ्ग्रेजी छ भने केही क्षेत्रमा फ्रान्सेली, स्पेनिश र डच भाषाहरू बोलिन्छन् । मकै, गहुँ, भटमास आदि मुख्य उत्पादन हुन् र कपास, धान र फलफूल सहायक उत्पादन मानिन्छन् । केरा, उखु, र सुर्ती पनि यहाँका उत्पादन हुन् । यस महादेशको अग्लो पर्वत अलास्कामा छ । ६ हजार १ सय ९४ मिटरको माउण्ट म्याकिन्ले हिमशिखरलाई अमेरिकीहरूले विश्वको चौथो अग्लो हिमचुली भने पनि त्यसको स्थान बाउन्नौं तिर पुग्दछ ।

च. दक्षिण अमेरिका

विश्वको फराकिलो नदी अमाजोन यही महादेशमा पर्छ र यस नदीलाई पानी जहाज चल्ने नदीहरू मध्येको लामो नदी मानिन्छ । महादेशहरूमध्ये चौथो ठूलो महादेश भएर पनि यहाँको विकास न्यून छ । एक करोड ८२ लाख २१ हजार वर्ग किलो मिटर क्षेत्रफल रहेको यो महादेशका कैयौं भाग निकै निर्जन रहेका छन् । पाँच खण्डमा तीन खण्ड जमिन समतल छ । दक्षिणी क्षेत्रमा केही मरुभूमि छ । यहाँ अर्जेन्टिना, बोलेभिया, ब्राजिल, कोलम्बिया, इक्वेडर, गुयना, पाराग्वे, पेरु, भेनेजुयला, चिली, सुरिनाम, उरुग्वे, गरी करीब १४ देशहरू रहेका छन् । ब्राजिल हिरा र फलामका लागि प्रसिद्ध छ भने कोलम्बियाले विश्वमा सर्वाधिक पन्ना उत्पादन गर्दछ । धेरै बाक्ला जङ्गलले गर्दा हवाई यात्राबाट महादेश छिचोल्न सकिन्छ । झण्डै पच्चीस करोड मानिस बसोबास गर्ने यो महादेशमा स्पेनिश, पुर्तगाली, फ्रेन्च र अङ्ग्रेजी भाषा बोल्दछन् । सुरिनाममा भने डच भाषा प्रचलित छ । प्राचीन इन्का सभ्यताले यहाँको मानव समाजको इतिहास दर्शाउँछ । दास प्रथा हुँदै समाज अघि बढेको थियो र अहिले विस्तारै औद्योगिक विकासतर्फ लम्कँदै छ ।

छ. अन्टार्कटिका

यसलाई मानव बसोबासका दृष्टिले हेर्दा महादेश भन्न मिल्दैन, तर पनि भूगोलका विशिष्ठताले गर्दा उत्तरी ध्रुवका रूपमा रहेको हुँदा महादेशीय मर्यादामा अध्ययन गर्ने गरिएको छ । यसलाई 'ध्रुवीय प्रदेश' भनेर पनि अध्ययन गर्ने गरिएको छ । सबभन्दा ठूलो टापुका रूपमा रहेको देश ग्रीनल्याण्ड यसै क्षेत्रमा पर्दछ । उत्तरी ध्रुवमा परेका केही एसियाली, यूरोपेली र अमेरेकी देश र तिनीहरूका उत्तरी भागहरू पनि यसको भौगोलिक क्षेत्र मानिन्छ । लामो दिन र रातको प्रकृतिले पनि यहाँ मानव बस्ती बस्न नसकेको हो । प्राकृतिक जीवमा व्हेल, उत्तरी ध्रुव तर्फ सिलहाँस आदि पाइन्छन् र दक्षिणी ध्रुवतर्फ पेनगुइन, डल्फिन पाइन्छन् । दक्षिणी ध्रुव पृथिवीको सबभन्दा चिसो र अँध्यारो ठाउँ मानिन्छ । अहिले खोज र अनुसन्धानका लागि बेलायत, चिली, अर्जेन्टिना, फ्रान्स, न्यूजील्याण्ड, अष्ट्रेलिया र नर्वेले आ-आफ्नो अधिकारको दावी गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९. पृथिवीका अग्ला पर्वतहरू कुन कुन हुन् ?

हाम्रो पृथिवीमा रहेका अग्ला पर्वतहरू मध्ये सबभन्दा धेरै एसिया मै पर्दछन् । केही मात्र अरु महादेशमा पर्दछन् । जसमध्ये केही प्रमुख हिमालहरू यस प्रकार रहेका छन् ।

	चुलीको नाम	देश	पर्वत श्रृङ्खला	उचाई (मिटर)
१.	सगरमाथा	नेपाल	हिमालय	८८५०
२.	गडबीन अगस्तिन (केटु)	पाकिस्तान	काराकोरम	८७५०
३.	कञ्चनजङ्घा	नेपाल	हिमालय	८५९८
४.	लोत्से	नेपाल	हिमालय	८५०१
५.	मकालु	नेपाल	हिमालय	८४७०
६.	धौलागिरी	नेपाल	हिमालय	८१७२
७.	मनासलु	नेपाल	हिमालय	८१५६
८.	चोयु	नेपाल	हिमालय	८१५३
९.	नङ्गा पर्वत	पाकिस्तान	कस्मिर	८१२६
१०.	अन्नपूर्ण	नेपाल	हिमालय	८०७८
११.	गशेर ब्रुम	पाकिस्तान	कस्मिर	८०६८
१२.	गोसाइँ थान	चीन	हिमालय	८०१३
१३	गशेर ब्रुम (चौथो)	भारत	काराकोरम	७९२५
१४.	काङ्वाचेन	नेपाल	हिमालय	७९०२
१५.	गेचुङ्काङ	नेपाल	हिमालय	७८९७
१६	हिमालचुली	नेपाल	हिमालय	७८९३
१७.	दिस्तेङ्हीलसार	पाकिस्तान	कस्मिर	७८८५
१८.	नुप्से	नेपाल	हिमालय	७८२९
१९.	नन्दादेवी	भारत	हिमालय	७८१७
२०.	चोमोलोङजो	नेपाल	हिमालय	७८१५
२१.	राकापोसी	पाकिस्तान	काराकोरम	७७८८
२२.	बातुरा	पाकिस्तान	काराकोरम	७७८५
२३.	साल्तोरो काङ्ग्री	भारत	काराकोरम	७७४२
२४.	गुर्ला मान्धता	चीन	तिब्बत	७७२८
२५.	जन्नु	नेपाल	हिमालय	७७१०
२६.	चोगोलिसा	भारत	काराकोरम	७६५४
२७.	कुला काङग्री	भुटान	हिमालय	७५५४
२८.	स्याङ काङग्री	पाकिस्तान	हिमालय	७५४४
२९.	साम्यवादी चुचुरो	रूस	पामिर	७४९५
३०.	आमने माचिन	चीन	कुनलुन	७२८२
३१.	गौरीशङ्कर	नेपाल	हिमालय	७१४५
३२.	लेनिन चुली	रूस	पामिर	७१३४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३३.	एकोन्कागुवा	अर्जेन्टिना	एन्डेज	७०२१
३४.	कुङपु	भुटान	हिमालय	६७९७
३५.	टोकोरपुरी	बोलिभिया	पामिर	६७५५
३६.	कार्लमार्क्स चुली	रूस	पामिर	६७२६
३७.	कैलाश पर्वत	चीन	हिमालय	६७१४
३८.	कार्नीसेरो	पेरु	एन्डेज	६६११
३९.	कोरोपुना	पेरू	एन्डेज	६४२५
४०.	चिम्बोरासो	इक्वेडर	एन्डेज	६३१०
४१.	म्याकिन्ले	अलास्का	अलास्का	६१९४
४२.	कोण्डोरिरी	बोलिभिया	एन्डेज	६१२५

संसारमा रहेका अग्ला पर्वतहरूको सङ्ख्यामध्ये धेरै जसो एसियाली राष्ट्रमा र त्यसमा पनि नेपाल मै बेशी सङ्ख्यामा रहेका छन् । दोश्रो स्थान पाकिस्तानको छ भने तेस्रो स्थानमा चीन तथा भारत पर्दछन् । यूरोप र अमेरिकामा केही चुलीहरू रहेको भए पनि अफ्रिकामा त्यस्ता अग्ला पर्वतहरू लगभग शून्यको स्थितिमा छ भन्दा फरक पर्दैन । यद्यपि अफ्रिकाको सबभन्दा अग्लो पर्वत भने कै किलिमान्जारो हो जो १९,३४० फिट अर्थात् ५८९५ मिटर मात्र अग्लो छ, र यो ताञ्जानियाँमा अवस्थित छ ।

१०. पृथिवीका सागर र महासागरहरू

हाम्रो पृथिवीमा चार महासागर छन्- प्रशान्त महासागर, आन्द्र महासागर (१० करोड ६० लाख वर्ग कि.मि.) हिन्द महासागर (७ करोड ९० हजार वर्ग कि.मि.) र धुव्रीय महासागर (१ करोड ४३ लाख ५० हजार वर्ग कि.मि.) । यी मध्ये सबैभन्दा ठूलो र गहिरो प्रशान्त महासागर रहेको छ । सबै महासागरहरू परस्परमा जोरिएका छन् । उत्तर धुव्रीय महासागर हिउँको मैदानका रूपमा रहेको छ र दक्षिणी गोलार्धमा पानीको सागर लहरिन्छ । सागरलाई समुन्द्रका रूपमा लिइन्छ । यस्ता समुन्द्रहरू पनि थुप्रै छन् । तीमध्ये भू-मध्य सागर, क्याराबियन सागर, मेक्सिको खाडी, बङ्गालको खाडी, हड्सन खाडी, चाइना सागर (दक्षिणी र उत्तरी) लाल सागर, कालो सागर, पहेंलो सागर, बाल्टिक सागर, अण्डमान सागर, जापान सागर आदि मुख्य मानिन्छन् ।

११. पृथिवीका लामा र ठूला नदीहरू

हाम्रो पृथिवीका नदीहरूमध्ये पच्चीस सय किलो मिटर भन्दा लामा नदीहरूको सङ्ख्या थुप्रै रहेका छ । तीमध्ये सबैभन्दा लामो नदी नाइल अफ्रिकामा छ र सबभन्दा फराकिलो अमाजोन नदी अमेरिकामा पर्दछ । प्रमुख ठूला र लामा नदीहरू यस प्रकार रहेका छन्-

क्र.स.	नदीका नाम	लम्बाई कि.मि.	स्रोत	बग्ने देशहरू	मिसिने समुन्द्र
१.	नील	६६९९	भिक्टोरिया ताल (अफ्रिका)	मध्य तथा उत्तर अमेरिका	भू-मध्य सागर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.	अमाजोन	६४००	ग्लेसियर ताल (पेरू)	ब्राजिल	प्रशान्त महासागर
३.	याङ्त्से	६३००	तिब्बत चीन	चीन	पूर्वी चीन सागर
४.	व्हाङ् हो	५४६४	कुनलान पर्वत	पश्चिम चीन	बोहाई चीन सागर
५.	कङ्गो	४६४६	लुवलुवा नदी (जायर)	मध्य अफ्रिका	प्रशान्त महासागर
६.	अमुर	३१०१	मंचुरीया नदी	चीन	ओखोस्तख समुन्द्र
७.	लीना	४२६८	बैकाल ताल	रूस	आन्द्र महासागर
८.	म्याकेञ्जेइ	४२४१	नदीकै मुहान	क्यानडा	प्रशान्त महासागर
९.	नाइजर	४१६०	गायना	मध्य अफ्रिका	गायना खाडी
१०.	मेकङ	४०२३	तिब्वती पठार	भियतनाम थाइल्याड कम्बोडिया	दक्षिण चीन सागर
११.	मिसिसिपी-मिसौरी	३७७९	इतास्का ताल र पहँलो ढुङ्गे पर्वत	यु.एस.ए.	मेक्सिको खाडी
१२.	भोल्गा	३६८७	ल्दाई पठार	रूस	क्यास्पीयन सागर
१३	युफ्रेटस	३५७६	टर्की नदी	टर्की सिरिया	गङ्गा नदी
१४.	युकोन	३१८५	पिल्ली नदी	क्यानडा	बेरिङ्ग सागर
१५.	ब्रम्म पुत्र	२८९७	मान सरोवर	भारत	बङ्गालको खाडी
१६.	गङ्गा नदी	२८१८	गङ्गोत्री	पाकिस्तान, भारत	बङ्गालको खाडी
१७.	सिन्धु नदी	२८००	कैलाश पर्वत	टर्की सिरिया	अरब सागर

१२. पृथिवीका प्राकृतिक तालहरू

मान्छेले प्रकृतिसँग लड्दै निर्माण गरेका थुप्रै नहर, नगर र शहरहरू भन्दा बेग्लै ढङ्गले हाम्रो पृथिवीमा आफै बनेका अनौठा तालहरू छन् र तिनीहरूको सङ्ख्या निकै ठूलो छ। क्षेत्रफल र गहिराईको मात्रा पनि बिछट्टै फरक छन्। विश्वका निम्ति चाख र चमत्कार मानिएका त्यस्ता तालहरू यस प्रकार रहेका छन् -

क्र.स.	तालको नाम	अवस्थित देश वा ठाउँ	क्षेत्रफल (वर्ग कि.मि.)	गहिराई मि.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.	क्यास्पीयन सागर	कजाखस्तान, तुर्कमेनिया रूस, इरानको बीच	३ लाख ९४ हजार	९४६ मि.
२.	सुपरियर ताल	क्यानडा र संयुक्त राज्य अमेरिका बीच	८२ हजार ४ सय १४ कि.मि.	४०६ मि.
३.	भिक्टोरिया ताल	अफ्रिकाको तान्जानियाँ र युगान्डा बीच	६९ हजार ४ सय ८५ कि.मि.	८२ मि.
४.	एराल सागर	उज्वेक र कजाखस्तान बचि	६६ हजार ४ सय ५७ कि.मि.	६८ मि.
५.	हुरेन ताल	क्यानडा	५९ हजार ५ सय ९६ कि.मि.	२२९ मि.
६.	मिचिगन ताल	यु.एस.ए.	५८ हजार सोह्र कि.मि.	२८१ मि.
७.	ताङ्गानिका ताल	जायर र तान्जानिया बीच	३२ हजार ८ सय ९३ कि.मि.	१४३५
८.	बैकाल झिल	साइबेरिया, रूस	३१ हजार ५ सय कि.मि.	१७४१
९.	मलावी	मेजाम्विक र ताञ्जानिया बीच	३० हजार ४४ कि.मि.	७०६
१०.	इरी ताल	क्यानडा	२५ हजार ७ सय १९ कि.मि.	६४
११.	अन्टारियो ताल	क्यानडा	१९ हजार ४सय ७७ कि.मि.	२३७
१२.	बालकास ताल	साईबेरिया, रूस	१८ हजार ४ सय २८ कि.मि.	२७
१३.	टिटिकाका ताल	बोलेभिया र पेरूका बीच	८हजार १ सय ३५ कि.मि.	३७०
१४.	ओनेगा ताल	रूस, यूरोप	९ हजार ८ सय ९१ कि.मि.	११०
१५.	लादोगा	लेनिनग्राद, रूस	१८ हजार १ सय ३० कि.मि.	२२५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१६.	रूडोल्फ	केनिया	६ हजार ४ सय ५ कि.मि.	अज्ञात
१७.	आइरे	अष्ट्रलिया	६ हजार २ सय १६ कि.मि.	अज्ञात

१३. पृथिवीका मानव निर्मित तालहरू

मानव निर्मित तालहरू दुई मुख्य प्रयोजनसँग सम्बन्धित छन् एउटा विद्युत् उत्पादन, अर्को सिंचाई। यसलाई बाँधको रूपमा पनि गणना गरिन्छ। यस्ता तालहरू मध्ये केही मुख्य र ठूला तालहरू यस प्रकार छन्।

क्र.स.	तालको नाम	ठाउँ	जल मात्रा (घन मिटर)	क्षेत्रफल एकड फिट	निर्मित साल ई.सं.
१.	ओबेन झरना	युगान्डा	२ लाख ४ हजार ८ सय	१ लाख ६६ हजार एकड	१९५४ ई.सं.
२.	कार्नेलिया टेलेञ्ज	अमेनीका	२ लाख ९५५० घ.मि.	-	-
३.	करीबा ताल	जिम्बाब्वे	१ लाख ८१ हजार ५ सय ९२	१ लाख ४७ हजार २ सय	१९५९ ई.सं.
४.	ब्रात्स्क बाँध	रूस	१ लाख ६९ हजार २ सय ७०	१३७२२० एकड फिट	१९६४ ई.सं.
५.	अश्वान अल अली	इजिप्ट	१ लाख ६८ हजार घ.मि.	१,३६,२०० एकड	१९७० ई.सं.
६.	अकोसोम्बो ताल	घाना	१ लाख ४८ हजार घ.मि.	१२,००,०० एकड	१९६५ ई.सं.
७.	डानियल जोनान	क्यानडा	१ लाख ४१ हजार ८५२	१,१५,००० एकड	१९६८ ई.सं.
८.	गुरी	भेने जुयला	१, ३६,००० घ.मि.	१,१०,२५६ एकड	१९६८ ई.सं.
९.	कोबरा बास	मो जाम्विक	६३,००० घ.मि.	५१,०७५ एकड	१९४७ ई.सं.
१०.	भेल्गा भिआई लेनिन	रूस	५८,००० घ.मि.	४७,०२० एकड	१९५५ ई.सं.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११.	पाती बाँध	अजेन्टिना	५३,७०० घ.मि.	४३,५३५ एकड	
१२.	भाखडा बाँध	भारत	१,१०,००० घ.मि.	४१,१०३ एकड	१८८७ ई.सं.
१३.	साओ फेलिक्स	ब्राजिल	५०,६००	४१,०२२ एकड	१९८६ ई.सं.
१४.	कारबाबा	टर्की	४,८००	३८,९१४ एकड	१९७३ ई.सं.
१५.	सानमेनसिया	चीन	३५,४००	२८,७०० एकड	१९६० ई.सं.
१६	इन्द्रसरोवर	नेपाल	३,००,००० घ.मि.	२,१०० एकड	१९६५ ई.सं.

१४ पृथिवीका प्रख्यात गुफाहरू

हाम्रो सभ्यताले जङ्गली युग पार गर्दै अघि बढ्ने क्रममा गुफा र ओडारलाई नै पहिलो घर गृहस्थी बसाउने ठाउँ बनाएर आएको थियो । त्यस क्रममा त्यस्ता प्राचीन गुफाहरूका भित्तामा चित्र कोर्ने कला पनि हुर्काएको थियो । आजको मानव संस्कृतिलाई केलाउँदै इतिहासको अवलोकन गर्दा गुफा चित्रको युग निकै रोचक रहेको कुरा मानव शास्त्रीहरूले जनाएका छन् । त्यस्ता गुफाहरूका अतिरिक्त जल विहार गर्न मिल्ने, चट्टानका विचित्र आकृतिमा आफै ढालिएका अनौठा मूर्ति झैं देखिने दृष्यावली युक्त गुफाहरू पनि हाम्रो पृथिवीमा रहेका छन् । कयौं गुफाहरू त अनेक तला र तहमा बाँडिएको पनि पाइएका छन् । यसले हामीलाई प्रकृतिको अध्ययन गर्न निकै मदत पनि पुऱ्याएका छन् । त्यस्तै गुफाहरू मध्ये केही यस प्रकार रहेका छन् ।

एगटेलेकको गुफा : हंगेरीको सामेनामे गाउँमा रहेको यो गुफा पाँच माइल लामो छ र भित्रि भागहरूमा अनेकौं विचित्र कलाकृतिहरू फेला परेको छ । यहीं एन्टिपारोस नामक अर्को २० फिट लामो गुफा पनि रहेको छ, जसमा सुन्दर रङ्गीन चित्रहरू खिचिएका छन् ।

अल्तामिरा गुफा : स्पेनको सन्तानदर नजिकै रहेको यो गुफामा हजारौं वर्ष पूर्वका गुफा चित्रहरू रहेका छन् । २८० मिटर लामो यस गुफामा जनावरहरूको आकृति कुँदिएका छन् र ती भित्ते चित्रले मानव सभ्यताको प्राचीन दुङ्गे युगको चेतनालाई दर्शाउँछ । कलाको त्यो रूपले दुङ्गे युगको कलाकारीता मात्र हैन, मानव सभ्यताको जङ्गली अवस्था बारे पनि जानकारी दिन्छ ।

ब्ल्यू ग्रोट्टो गुफा : इटालीको काप्री टापूमा रहेको यो गुफा चुन ढुङ्गा द्वारा बनेको छ । आधा जलमग्न रहेको छ र आफ्नै नीलो प्रकाश द्वारा उजेलो देखिन्छ । ज्यादै सुन्दर र शूक्ष्म तरिकाले पानीको माध्यमबाट गुफा भित्र फैलाइएको प्रकाशले गर्दा त्यो गुफा अत्यन्तै मनमोहक बन्न पुगेको छ ।

कार्ल्सवादका गुफाहरू : मेक्सिकोको दक्षिणी भागमा रहेको यो गुफा जमिनमुनि रहेको निकै ठूलो गुफा हो । पहिलो तहमा सात सय चौवन्न फिट, दोस्रोमा नौ सय फिट र तेस्रोमा तेह्र, सय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फिटका सतहहरू भएको यस गुफाको आकर्षण पनि अद्वितीय छ।

फिङ्गलको गुफा : स्कटल्याण्डको पश्चिमी भागमा रहेको यो गुफा स्टेफा टापूबाट शुरु भएर २ सय फिट भित्र पसेको छ। बासाल्टका ४० फिट अग्ला ताँतीहरू यसको मुख्य आकर्षण हो।

म्यामोथ गुफा : चुनढुङ्गाद्वारा निर्मित यो गुफा केन्टुकीमा पर्दछ। दस माइलसम्मको बृत्ताकारमा रहेको छ। कतै कतै खण्डित भएर एक सय पचास माइल सम्म फैलिएको छ र यस भित्र निकै चर्को ताप ५४ डिग्री फरेन हाइट झण्डै एकनासै रहन्छ।

पोस्तुमिया गुफा : रूसको आल्पस पहाड नजिक रहेको यो गुफा नै युरोपको सबभन्दा ठूलो गुफा हो। लगभग २५ माइलको फैलावट रहेको यो गुफाको केही भागमा पिम्का नदी बग्दछ। गुफा निकै सुन्दर आकृतिहरूद्वारा सुसज्जित रहेको छ।

इलफेन्टा गुफा : भारतको बम्बई सहरको नजिकैको इलफेन्टा टापूमा रहेको यो गुफामा प्राचीन ढुङ्गे मूर्तिहरू फेला परेका छन् र संयुक्त राष्ट्र संघले विश्वसम्पदा सूचीमा समावेश गरी संरक्षण गरेको छ।

१५ पृथिवीका मरुभूमिहरू

हाम्रो पृथिवीमा हरियाली वन-बाटिकासँगै उराठ मरुभूमि पनि रहेका छन्। बञ्जर पखेरा र पत्थरिला पहाडी चट्टानहरू पनि मरुस्थलका विशेषता युक्त हुन्छन्। विश्वका केही मुख्य मरुभूमिहरूमा उत्तरी चिलिको अट्काम (करिब ४०० माइल लामो), अमेरिकाको क्यालिफोर्निया स्थित कोला राडो (२०० माइल), नेभादाको कालो चट्टान (करिब १ हजार वर्ग माइल) मङ्गोलियाको गोबी (करिब ५ लाख वर्ग माइल), दक्षिण अफ्रिकाको कलहरी (करिब १ लाख २० हजार वर्ग माईल) र साहारा मरूभूमि (करिब ३ हजार २ सय वर्ग माइल) रूसको किभ स्थित काराकुम मरूभूमि (करिब १५ हजार वर्ग माइल) चीनको ताक्ला मैदान (करिब १ लाख वर्ग माइल) र भारतको थार मरुभूमि (करिब १ लाख वर्ग माइल) रहेका छन्।

१६. पृथिवी सम्बन्धित थप जानकारी

- पृथिवीबाट सूर्यको दूरी - ९,३०,००,००० माईल
- पृथिवीबाट चन्द्रमाको दूरी- २,३८,८५७ माईल
- पृथिवीको कुल क्षेत्रफल- १९,६९,५०,००० माईल
- पृथिवीमा जमिनको क्षेत्रफल- ५,७५,१०,००० माईल
- पृथिवीमा पानीले ओगटेको क्षेत्रफल- १३,९४,४०,००० माईल
- पृथिवीबाट छुट्टिएको चन्द्रमाको व्यास- ३,४७३ कि.मि. (२,१९५ माईल)
- पृथिवीले सूर्यको एक पल्ट परिक्रमा गर्नलाई- ३६५. १/४ दिन लाग्छ।
- दिन र रात बराबर हुने दिन - २३ सेटेम्बर हो।
- पृथिवीमा सबैभन्दा लामो दिन - २१ जुन हो।
- पृथिवीमा सबैभन्दा छोटो दिन- २२ डिसेम्बर हो।
- पृथिवीलाई एक पल्ट आफ्नै कक्षमा फर्कन २३ घण्टा ५६ मि. ४. सेकेण्ड लाग्छ।
- पृथिवीमा सूर्यको प्रकाश आइपुग ८ मिनेट १८ सेकेण्ड लाग्दछ।
- पृथिवीको उपग्रह चन्द्रमा हो।
- पृथिवी भन्दा चिसो ग्रह प्लुटो हो र यही नै सबैभन्दा चिसो ग्रह मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- पृथिवीभन्दा चम्किलो ग्रह शुक्र हो र उपग्रहहरू मध्य सबैभन्दा चम्किलो यही छ।
- पृथिवीबाट सबैभन्दा टाढाको ग्रह बुध हो र यो सूर्यबाट सबैभन्दा नजिक छ।
- पृथिवीको नजिक रहेको सबभन्दा ठूलो ग्रह बृहस्पति हो र यो सबै ग्रहहरूमध्ये पनि ठूलो छ।
- पृथिवीमा क्षेत्रफलका आधारमा १० ठूला राष्ट्र छन् चीन, क्यानडा, यु.एस.ए., रूस, ब्राजिल, अष्ट्रेलिया, भारत, अर्जेन्टिना, सुडान र अल्जेरीया।
- पृथिवीमा जनसङ्ख्याका आधारमा पनि दश ठूला राष्ट्र छन् चीन, भारत, अमेरिका, इन्डोनेशिया, ब्राजिल, जापान, पाकिस्तान, रूस, बङ्गलादेश र नाईजेरिया।
- पृथिवीको गहिरो सागर प्रशान्त महासागर हो, जो १०९१४ मिटर गहिरो छ।
- पृथिवीको गहिरो खोंच धौलागिरी र अन्नपूर्ण हिमाल बीचको कालीगण्डकीको खोंच हो र यो नेपालमा पर्दछ।
- पृथिवीको सानो स्तनधारी जीव चमेरो (थाइल्याण्डको किट्टी/ब्याट) हो।
- पृथिवीको उत्पत्ति आजभन्दा झण्डै ६ अरब वर्ष अघि भएको मानिन्छ तर बैदिक गणना अनुसार भने यसको आयु झर्खर एक अरव ९७ करोड २९ लाख ४९ हजार १ सय वर्ष भएको छ।

१७. उपसंहार

ब्रम्हाण्डमा रहेका अनेक तारपुञ्ज (ग्यालेक्सी) मध्ये मिल्कि नामदिइएको ग्यालेक्सीमा हाम्रो सौर्य मण्डल, पृथ्वी र अन्य ग्रहहरू रहेको छ। पृथ्वी पछि जीवहरूको निम्ति पर्यावरणीय अनुकूलता मङ्गल ग्रहमा रहेको धारणा वैज्ञानिकहरूले व्यक्त गरेका छन्। अन्य कुनै ग्रहहरूमा मानिस वा यस्तै सचेत प्राणीको अस्तित्व पत्ता लागेको छैन। त्यसैले अहिलेसम्म पृथिवी मात्र एउटा त्यस्तो ग्रह हो- जहाँ जीव, वनस्पति र मनुष्यको अस्तित्व छ। सभ्यता प्रविधि र संस्कृतिहरू हुर्किएको छ। अनेकौ रोचक प्रकृतिसँग सँगै कतिपय मानवीय र अमानवीय विकृतिहरू समेत यही देख्न पाईन्छ। पृथ्वीको समग्र अध्ययन अझै भइसकेको छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चीनविज्ञ गोविन्द भट्टसितका केही सम्झनाहरू

हिरण्यलाल श्रेष्ठ

लेखक, समालोचक र चीन विज्ञ गोविन्द भट्टसित मेरो सरोकार, सम्पर्क र सहकार्य नेपाल चीन मैत्री सङ्घ, चीन अध्ययन केन्द्र र 'सगरमाथा' तथा 'द एभरेष्ट हेराल्ड' दैनिक चलाउने सन्दर्भमा भएको सम्झन्छु ।

नेपाल चीन मैत्री सङ्घमा सहकार्यः मेरो पुर्खौली घर झोंछे र नेपाल चीन मैत्री सङ्घको कार्यालय र पुस्तकालय नयाँ सडकमा थियो । नेपाल चीन मैत्री सङ्घ सन् १९५३ मा स्थापना भएको हो र घर नजिकै रहेको हुँदा उक्त मैत्री सङ्घको पुस्तकालयमा म २०१४ सालदेखि नै जाने गर्थें । आफ्नै टोलको उक्त मैत्री सङ्घका संस्थापकहरू मध्य एक कविवर सिद्धिचरण श्रेष्ठले बोलाउने र पुस्तकालय गइरहने भएपछि सभापति पूर्णबहादुर एम.ए.ले चिनियाँ राष्ट्रिय दिवस, दुई देश बीच दौंत्य सम्बन्ध स्थापना भएको दिवसमा सहभागी हुन र चिनियाँ फिल्म देखाउँदा हेर्न बोलाउनु हुन्थ्यो । म २०१४ सालदेखि योङ्ग कम्युनिष्ट लीगमा आबद्ध भएपछि नेकपाका संस्थापक पुष्पलालले प्रशिक्षण दिने र चीन र सोभियत सङ्घको पुस्तकालयमा पढ्न जान प्रोत्साहन गर्नु हुन्थ्यो । गोविन्द भट्टसित मेरो परिचय नेपाल चीन मैत्री सङ्घमा भएको थियो । बेलाबखत भेट हुँदा चिनियाँ साहित्य, द्वन्दात्मक भौतिकवादी दर्शन, माओत्सेतुङ बारे समेत गोविन्द भट्टले मलाई सम्झाउने र बुझाउने गर्नुहुन्थ्यो ।

नेपाल चीन सम्बन्धको महत्व बारे गोविन्द भट्टले २०२५ वैशाखमा "मितेरी गाँठो" प्रकाशनमा लेख्नु भएको "नेपाल चीन मैत्रीः विश्व शान्तिको माग" लेख निकै घत लागेको थियो । उहाँले सारांशमा लेख्नु भएको थियो -"चिनियाँ प्रधानमन्त्री श्री चाउएनलाईले यौटा बलियो र सुसम्पन्न नेपाल -अफ्रिका एशियाका अरू मुलुक झैं हाम्रो देश चीनका लागि एउटा शक्तिशाली समर्थन हो ।" भन्नु भए झैं चिनियाँ जनताका महान गुरु र नाइके र हाम्रो युगकै सर्वश्रेष्ठ विचारक अध्यक्ष माओत्सेतुङको गतिशील नेतृत्वमा आर्थिक, सांस्कृतिक, औद्योगिक, प्राविधिक र अरू क्षेत्रहरूमा दिन पर दिन बलियो र सम्पन्न हुँदै गैं रहेको समाजवादी छिमेकी मित्र राष्ट्र चीन हाम्रो निम्ति पनि एउटा शक्तिशाली समर्थन हो ।" मैत्री सङ्घमा गोविन्द भट्टले अनुवाद, मौलिक रचना र विविध गतिविधि खास गरी प्रकाशनमा विशेष योगदान गर्नुहुन्थ्यो । पछि उहाँ चीनतिर लाग्नु भयो । म २०१८-२०२३ सालसम्म जेल परें र सक्रिय राजनीतिमा लाग्दा मैत्री सङ्घमा जान रोकिएको थियो । २०५१ सालमा पुनः नेपाल चीन मैत्री सङ्घमा औपचारिक रूपमा माघ २-३ गते सभापति पूर्णबहादुर एम.ए.ले म र गोविन्द भट्टलाई रिक्त रहेको कार्यसमितिमा एकै दिन मनोनयन गर्नु भयो । हामीले दुई देश बीच जनमैत्री

लेखक वरिष्ट कूटनीतिज्ञ, राजनीतिज्ञ एवं समाजशास्त्रीय विद्वान् हुनुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रबर्द्धनमा सहकर्मी भएर योगदान गर्‍यौं । एक अवधि गोविन्द भट्ट सङ्घको महासचिव समेत हुनु भएको थियो । त्यस्तै पूर्णबहादुर एम.ए.को स्वास्थ्य स्थिति बिग्रेपछि अस्पतालको शैयामा बोलाएर मैत्री सङ्घमा नारायणमान विजुक्छेलाई अध्यक्ष र मलाई महासचिव भएर काम गर्ने जिम्मा दिएर संस्था हस्तान्तरण गर्नु भयो र जो मैले रूसमा राजदुत भएर जान अगाडिसम्म महासचिवको कार्यभार सम्हालेको थिएँ । यसरी गोविन्द भट्टले नेपाल चीन मैत्री सङ्घमा रहेर गरेको योगदानलाई मैले नजिकैबाट हेर्न र एक अवधि सहकार्य गर्ने अवसर समेत प्राप्त गरेको थिएँ ।

चीन अध्ययन केन्द्रमा सहकार्यः सन् १९९९ तिर मदन रेग्मीको अध्यक्षतामा स्थापित चीन अध्ययन केन्द्रको कार्यसमितिमा गोविन्द भट्ट सुरूदेखि नै रहनु भयो । मलाई दोस्रो साधारण सभा पछि कार्यसमितिमा सम्मिलित गरियो । उक्त चीन अध्ययन केन्द्रमा सभा गोष्ठि अन्तरक्रिया र प्रकाशन कार्यमा गोविन्द भट्टसित सहकार्य गर्ने अवसर मलाई प्राप्त भयो । वहाँले छोडेपछि र वहाँ दिवंगत भएपछि पनि मैले चीन अध्ययन केन्द्रको कार्यसमितिमा बसेर काम गर्दै छु । चीन अध्ययन केन्द्रले आयोजना गरेको चीन र दक्षिण एसिया तथा तिब्बती शरणार्थी बारे मैले प्रस्तुत गरेका कार्यपत्रहरूको मस्यौदालाई परिमार्जन गर्न गोविन्द भट्टबाट मित्रवत् सल्लाह प्राप्त भएको कुरा म आज पनि सम्झन्छु ।

चीनबारेका ज्ञाता र स्रोत व्यक्तिः २०५२ सालमा गोविन्द भट्ट गोरखा पत्र संस्थानको कार्यकारी अध्यक्ष हुँदा पनि घर नजिकै भएकोले त्यसको कार्यालय नयाँ सडकमा बेलाबखत उहाँसित भेट हुन्थ्यो । नेपाल र एशियाली अनुसन्धान केन्द्रमा वहाँ सेवारत हुनु हुँदा विभिन्न गोष्ठी र अन्तरक्रियामा भेटेर संवाद हुन्थ्यो । वहाँ चीनमा लामो समय बस्दा मैले चीन भ्रमण गर्दा वहाँसित दुई पटक भेट भएको र चीनबारे धेरै उपयोगि सूचना सन्दर्भ सामाग्रीहरू मलाई वहाँबाट प्राप्त भएको सम्झन्छु । म जस्तो छिमेकी चीनबारे अभिरूची राख्नेका लागि गोविन्द भट्ट खोजेको बेला सधै सूचना, ज्ञान र सन्दर्भ सामाग्री प्रदान गर्ने स्रोतव्यक्तिको रूपमा रहनु भयो ।

सगरमाथा, एभरेष्ट हेराल्डमा भट्टः नेकपा (एमाले) को एक प्रकारले सहयोगी नेपाली र अङ्ग्रेजी दैनिकहरू सगरमाथा र द एभरेष्ट हेराल्डमा मलाई पार्टीले पुरानो पत्रकार पृष्ठभूमि भएकोले प्रधान संपादक भै काम गर्न नियुक्ति दिएर पठायो । योग्य पेशेवर सहयोगीहरूको साथमा मैले लेख्ने र सम्पादन कार्य गर्दै आएको थिएँ । पार्टीभित्र महाकाली सन्धि विवादित भएको र मैले पनि व्प्लि नाघेर संसदमा विरोधमा मतदान गरेपछि पार्टीको ती सहयोगी पत्रिकामा काम गर्न मलाई मन लागेन, राजीनामा गर्छु भन्दा तिमी जस्तै वरिष्ठ पत्रकार लेखक ल्याऊ भने पछि मैले गोविन्द भट्टजीलाई उक्त पत्रिकाहरूको सम्पादन र व्यवस्थापनमा अत्यन्त सुहाउँदो व्यक्ति सम्झेर सम्पर्क गरी मनाएर पार्टीलाई सिफारिस गरी वहाँलाई त्यहाँ बहाली गराई म त्यहाँबाट उम्कें । वहाँले सहजै मेरो अनुनय स्विकार गरेर मलाई सजिलो पारि दिनु भयो र एक अवधि उहाँले उक्त प्रकाशनलाई नेतृत्व प्रदान गर्नु भयो । पत्रकारिता क्षेत्रमा मेरो परस्पर सहयोग रह्यो । बहुमुखी प्रतिभा भएका गोविन्द भट्टको साहित्यिक, प्राज्ञिक र दार्शनिक व्यक्तित्वबाट प्रभावित मेरो लागि चीनसित मैत्री, अध्ययन र पत्रकारिता क्षेत्रमा वहाँसित केही समय सहकार्य गर्ने अवसर प्राप्त भएको कुरा सगौरव सम्झन्छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानव समाज, जाति र संस्कृति

डा. असरफ अली

१. **विषय प्रवेश :** पृथिवीको उत्पत्ति भएको समय बारे धेरै विद्वान्हरूले फरक-फरक रायकासाथ सङ्ख्यात्मक गणना अघि सारेका छन् । पूर्वको वैदिक सहित्यमा भौतिकी तथा यान्त्रिकी सोच दिएको अथर्ववेदले पृथिवीको आयुलाई ४ अरब ३२ करोड बताएको पाइन्छ । वैदिक युगको यो गणनासँग पश्चिमी विद्वान्हरूको साढे चार अरब वर्ष पूर्व पृथिवीको उत्पत्ति भएको थियो भन्ने विचार मिल्दो जुल्दो देखिन्छ । तर चार अरबको अजीव कल्प र २ अरब वर्षको जीव कल्पको गणनाले पृथिवीको आयु ६ अरबको बनाइदिन्छ । जीवको विकास सुरु भएकै डेढ अरब वर्ष भएको छ भने पृथिवीमा मानव समाजको इतिहास त झन् निकै नै छोटो छ । परन्तु हाम्रा आयु सीमाका दृष्टिले भने हाम्रो समाजको विकास निकै लामो पनि छ ।

२. **मानव समाजको प्रारम्भिक यात्रा:** सृष्टिको कथा खोतल्दा मानव समाजको विकास आरम्भ सर्वप्रथम कहाँ भयो भन्ने प्रश्न पनि उठ्ने गरेको छ । परन्तु पुराना जीवाश्म र ढुङ्गे युगका हतियारको अध्ययनले मानव जातिको विकास कुनै एउटा निश्चित ठाउँमा भएर सर्वत्र छरिएको नभई पृथिवीका विभिन्न भागमा अनेकौं वातावरणीय विशिष्ठताका साथ भएको थियो र उनीहरू बीच आपसी सम्पर्क, सङ्घर्ष र सम्मिलन हुँदै विकास भएको थियो । यसै क्रममा रक्त सम्मिश्रण परम्पराका सजातीय र विजातीय प्रचलनसँगै मानव जातिका फरक-फरक समूह, गणगोत्र र जातिहरू हुर्किए । मानव समाज आफ्नो आवश्यकताको पूर्तिका निम्ति गरिने उत्पादन कार्यका स्तर अनुसार विभिन्न युग हुँदै अघि बढ्यो । यस तथ्यलाई प्रारम्भिक मानव समाजको जानकारीले पुष्टि गर्दछ ।

मानव जातिको यस प्रारम्भिक विकास यात्रामा चेलियन समाजको चर्चा पहिलो पल्ट देखा पर्दछ । फ्रान्सको पेरिस नजिकै रहेको चेलेस भन्ने ठाउँमा भेटिएका ढुङ्गे हतियारको आधारमा वर्णन गरिने त्यो मानव समूह घुमन्ते अवस्थाको भए पनि हतियार प्रयोग गर्ने पहिलो जत्था मानिएको छ । चेलियन समाजमा ढुङ्गाका हतियार बनाउने, पशुका छालाको प्रयोग गर्ने काम भएको थियो । फ्रान्समै पछि सेन्टअश्योल भन्ने ठाउँमा फेला परेको ढुङ्गे हतियारमा ढुङ्गाकै आरा, बञ्चरो, छिनो र चुप्पीहरू पाइए । यसबाट उनीहरूले आफ्नो आवश्यकताका लागि बन बूटा काट्ने, पशुहरू मार्ने, छाला काढ्ने र फलफूलको प्रयोग गर्ने गर्दथे भन्ने अड्कल गरियो । जावा मानवको अस्तित्व अस्थिपन्जर सहितै पाइएको हुँदा त्यस बखतको समाज बारे निकै जानकारीहरू प्राप्त भए । त्यति खेरका मान्छेको बनावट आजका वन मान्छेको जस्तो हुनु र रूख र ओडारहरूमा छप्पर हालेर गुँड बनाउने सिप विकास गरिसकेको देखिनुले जावा मानव कालको समाजमा चिन्तनशीलताको पक्ष पनि बढ्दो थियो ।

पेकिङ्ग मानव एशियाली मानव समाजको जेठो इतिहास लिएर देखा पऱ्यो । नेपालको बुटवल क्षेत्रमा पाइएको मानव बङ्गारा, डण्डाखोला र शिवालिक पर्वतमा पाइएका महाभारत मानवहरूका जीवाश्म र हतियारहरूले मानव जाति एशियामा विकास भएको तथ्य औंल्याउँछन् । परन्तु दक्षिण अफ्रिका, केनिया, रोडेसिया, बोस्कोप र फ्रान्समा पाइएका अन्य तथ्यले त्यतातिर पनि मानिसको विकास सँगसँगै बढेको कुरा देखाउँछ । जर्मनीको हाइडेल वर्गमा प्राप्त मानव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवशेष र उनीहरूले प्रयोग गरेका पाषाण हतियारले युगोस्लाविया, क्रिमिया र दोन उपत्यकामा पाइएका जीवाश्मले एवं स्पेनको ग्रिमाल्दीमा प्राप्त मानव अवशेषले हाम्रो समाजको इतिहासमा अद्वितीय स्थान राखेको छ। ढुङ्गेयुगका यी मानसमाजमा चित्रकारीको प्रयोग पनि भएको थियो भन्ने तथ्य आल्तामीरा गुफाले अहिलेसम्म दर्शाइरहेको छ।

विश्व मानव समाजको यस प्रारम्भिक यात्राले मानिसको विकास पुच्छर विनाको बाँदरबाट भएको कुरा मात्र हैन, शुरुको जङ्गली अवस्थामा जैविक यौनसंसर्ग र प्रतिशोधको संस्कारद्वारा मान्छे क्रियाशील हुन्थ्यो, भोगसँगै भोकको झगडा चल्थ्यो र बलियाको सामु निर्बलियाहरू लत्रँदै जान्थे भन्ने तथ्य पनि इतिहासले अङ्कित गरेको छ। सृष्टिको कथामा देखिने ईश्वर कहींकतै भेटिँदैन बरु मान्छेले प्रकृतिका अनेकौं ताडनाबारे जिज्ञासा राखेर खोजविन अघि बढाएको देखिन्छ।

३. **समाजमा जातिहरूको उदय :** मानव विकासको यात्रामा पुराना चेलियन, जावाली, पेकिङे, दानेली, ग्रिमाल्दीका प्रारम्भिक माानव वंशहरूको उल्लेख छ। यी नर-बानर वा पाषणकालीन मानवहरूको सामाजिक विकासको बहुल स्वरूप र स्थानले मानिसहरू कुनै एक ठाउँबाट सवैतिर छरिएको नभएर भिन्न भिन्नै ठाउँहरूमा पैदा भएर विषम-स्तरको विकासबाट अघि बढेको दर्शाउँछ। उनीहरूको जङ्गली युग, मातृसत्तात्मक समाज व्यवस्था र कृषियुग तर्फको यात्रासँगै परिवार प्रथा, गण गोत्रहरू र कृषियुग तर्फको यात्रासँगै परिवार प्रथा, गण गोत्रहरू र बगालको बिस्तार, विग्रह र बिलयन प्रकृया पनि बहुल स्वरुपमा अघि बढ्यो। कृषियुग भन्दा अघि त मानिसहरूको समाज नै घुमन्ते अवस्थामा थियो। यही सम्मिलनले मानिसको विकास यात्रामा एउटा नयाँ मोड पनि ल्याइदियो। भनिन्छ- मङ्गोलियाबाट युरोप तर्फ लागेका हूणहरू हँगेरीमा पुग्दा मगियार बने भने नेपाल तर्फ आएका मगर, गुरूङ बने। मानिसको बनोट र वर्ण हेरेर तथा बसोबास गरेका ठाउँहरूको नाम जोडेर नै सुरु सुरुको जाति भेद देखा परेको थियो। तर उनीहरूको त्यस्तो भेद भने प्राकृतिक वातावरण र खान-पानका आधारमा नै विकसित भएको थियो। अहिले पनि कतिपय थरहरू बसोबासका भूमिसँगै जोडिएका पाइन्छन्, जसले त्यही पुरानो परम्परालाई दर्शाउँछन्।

मानिसलाई मानव शास्त्रीय दृष्टिबाट हेर्दा- अष्ट्रेली, निग्रेली, मङ्गोली र आर्येली भनेर चार जातिहरूमा बाँडेको पाइन्छ। अष्ट्रेली मानिसको छाला कल्साउँदो र कपालका रौं कालो हुन्छ। निग्रेली पुरै काला हुन्छन् र कपाल घुँघुरिएको हुन्छ। मङ्गोली मानवको वर्ण पहेंलो, रातो र कपाल ठाडा हुन्छन् भने आर्येलीहरूको छाला सेतो र कपाल नरम खालको पाइन्छ। आर्येली र निग्रेलीका आँखा ठूला, फराकिला र गहिरा हुन्छन् भने मङ्गोली र अष्ट्रेलीका आँखा केही चिम्सा र ओंठहरू ठूला मोटा हुन्छन्। यो विभाजनलाई पछि केही विद्वान्हरूले नयाँ ढङ्गले ककेशियाली, मंगोलीयाली, निग्राली, मलयाली र अमेरिकाली भनी बर्गीकरण गरे। पहिले आर्येली मानिसका सेताङ्गीहरूलाई ककेशियाली भनियो। युरोपको कालो सागर र क्यास्पियन सागरको आसपास हुर्किएका मानवहरू त्यहींको पर्वत ककेसशका नामबाट यसरी चिनिएका थिए। आज यो जाति युरोप, पश्चिम एशिया, अफ्रिकाको उत्तरी भागमा रहेको छ। ककेशियन मानव जातिलाई आज भारोपेली (यसलाई आर्य पनि भनिन्छ) सेमेटिक र हेमेटिक भनी बाँडिएको छ। आर्य जातिलाई केही विश्लेषकहरूले खस जाति पनि भन्ने गरेको पाइन्छ तर सबै आर्य खस नभएर अवैदिक आर्य मात्र खस मानिन्छन्। खस भारोपेली जातिमा ग्रीक, ल्याटिन, जर्मन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केल्ट, स्लाव, हिन्दु, पारसी, अफगानी र आर्मेयाली पर्दछन् । सेमेटिक जातिमा, हिब्रू, अरबी, फिनिस, बेविलोनी र सिरियाली पर्दछन् भने हेमेटिक जातिमा, मिश्रका बासिन्दाहरू पर्दछन् । समुच्चामा यी सबै ककेशियाली नै मानिन्छन् । मंगोल जातिलाई तातार पनि भनिन्छ । यस खाले मानवको आदिम पुर्खा पेकिङ मानव हो । यसको आदि थलो भने मध्य एशियाको समतल भूमि मानिन्छ । तर अहिले यो जाति चीन, मंगोलिया, जापान, कोरिया, नेपाल, थाइल्याण्ड र बर्मासम्मै छरिएको छ । युरोपमा तुर्क, मगियार, फिनिस, बुल्गेरीयन आदि यस जातिका मानिस मानिन्छन् । निग्रो शब्दको अर्थ कालो हो र यो स्पेनी शब्द हो । निग्रो जाति कालो वर्णका मानिसलाई चिनाउन प्रयोग गरिएको थियो र अहिले यस जातिलाई बुझाउन हब्सी पनि भनिन्छ । हब्सी शब्द अरबी हो र पहिले पूर्वी अफ्रिकाको एउटा देश हब्श थियो । त्यहींका बासिन्दालाई हब्सी भनिने गरेको भए पनि अहिले समग्र निग्रेली मानव जातिलाई बुझाउँछ । यो जाति दक्षिण अफ्रिका र अष्ट्रेलियामा पाइन्छ । मलयाली मानव जाति म्याडागास्कर, इन्डोनेशिया, फिजी र न्यूजिल्याण्डमा रहन्छन् । मलय वंशका आधारमा यो जातिको पुर्खा जावाली मानवसँग सम्बन्धित मानिएको छ । गहुँगोरो वर्णको खैरै आकृति यिनीहरूको पहिचान बनेको छ । यसका दुई हाँगा मेलिनेशियन र पोलिनेशिय मानिएको छ ।

अमेरिकी जाति भनेको कोलम्बसले अमेरिका पत्ता लगाउँदा त्यहाँ रहेका राता अनुहारका मानिसहरू हुन् र उनीहरूलाई अहिले 'लाल भारती' Red Indian पनि भनिन्छ । 'लालभारती' अमेरिकाको प्राचीन मानव जातिका रूपमा चिनिन्छ । आज अमेरिकी भन्दा प्राय एशिया, यूरोप र अफ्रिकाबाट बसाइ सरेर गएका मानिसलाई लिने गरिन्छ । त्यसो गर्नु भनेको त्यहाँको प्राचिन मानव जाति र समाजलाई भुल्नु हो । यसरी मानव समाजको विकासयात्रामा मानिसको आकृति र बसोबासका आधारमा जातिको उदय हुन पुग्यो र आजको विश्व समाजमा यिनै मानव जातिहरूले आफ्ना विशिष्ठ पहिचानहरू निर्माण गरेका छन् ।

४. समाज बन्नु अघिका कविला समूह : मानव जातिको विकास यात्रामा वंशमूल सँगसँगै वातावरणीय प्रभावद्वारा निर्माण भएका शारिरिक बनोट, अर्थात कद-कपाल, रङ-रगत, हात-खुट्टा र ओठ-मुखका आधारमा मानिसको वर्गीकरण गर्ने गरिएको छ । शरीरको उचाईलाई पर्यावरणले प्रभाव पार्दछ र कपालको बनावट बाटुलो भएकालाई गोल टाउके, लाम्चो भएकालाई घन टाउके र थेप्चो भएकालाई बेल टाउके भनी छुट्याउने गरेको छ । रङ हेर्दा छालाको, रौंको, आँखाको र ओंठको समेत हेर्ने र रगतको ग्रुपद्वारा पनि वंशमूलका सकूल समुह छुट्याइने गरिएको छ । छाला हेर्दा सेतो, पहेंलो, रातो र कालो वर्ण गरी छुट्याउने र आँखाको रङ हेर्दा कालो, निलो र फुस्रो नानीलाई आधार बनाउने गरिन्छ । यस बाहेक रऊँ पनि घुँघुरिलो, सोझो र उनिलो गरी केलाइन्छ र ओंठ हेर्दा निलो, कालो, मोटो, रातो र बाहिरिएको वा भित्र घुसेको अवस्थामा रहे नरहेको हेरिन्छ । कतिपय मानिसको बाक्लो कान र पातलो कान पनि देखा पर्दछ र कतिपयको घाँटी लामो र छोटो पनि पाइएको छ । यी सबै कुराहरूका आधारमा नै मानिसको जातीय मूल अथवा वंश मूल केलाउने गरिन्छ । आजभन्दा धेरै अघि जब मानव जाति प्रारम्भिक ढुङ्गे युगतिर घुम्दै थियो, त्यतिबेलादेखि नै यी विशेषताहरू विकसित हुँदै आएका थिए र यिनैका आधारमा नै आर्य, मङ्गोल र निग्रो जस्ता वंशमूलहरूको पहिचान निर्धारण गरिएको थियो । यसरी वर्गीकरण गर्दा कसैले तीन, कसैले चार र कसैले पाँच किसिमका आदिमानवको कोटी निर्धारण गरेका छन् । मानव समाज बन्नु अघि मानव- प्राणीमा यौन भेद, आयु भेद र रक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सम्बन्धको वंश भेद जस्ता कुराहरू मुख्य थिए । त्यतिखेरको काम विभाजनले अर्थात् श्रमको विभाजनले क्रमश वर्गहरू पैदा गऱ्यो र इलम व्यवसायका आधारमा, वंश परम्परा र कुलका आधारमा सामाजिक रीति-थितिहरू पैदा भए । सामाजिक शक्ति सत्ता बगालको बलियो व्यक्ति वा बूढो व्यक्तिमा रहने चलन देखा पऱ्यो र परिवारको विस्तार सँगै सकूल समाज (गोत्र प्रथा) र अकूल समाज (कुटुम्ब प्रथा) देखा पऱ्यो । सकूल समाज नातेदारीमा आधारित थियो र सुरुमा मातृसत्तात्मक रह्यो । परन्तु पछिका अकुल समाजहरू भने पितृसत्तात्मक बन्दै गए । सुरु-सुरुका यस्ता मानव समूहहरू आमा वा बाबुको वंशनामी भएर परस्परका कुटुम्ब बन्न थाले । खास गरी सगोत्री विवाहमा रोक लागेपछि विगोत्री विवाह परम्परा अघि बढ्नाले अकूल समाज पैदा भयो । गोत्रका सबै आफन्त बने, सँगै बसे र आफ्नो समाजका अभौतिक कल्पनासँग गाँसियो र रहस्यमय बन्दै गयो । प्रकृतिका बारेमा सही ज्ञान प्राप्त नहुँदा अन्ध-विश्वासले ठाउँ पाउँन थाल्यो । गोत्र-चिन्हले पछि टोटेमको रूप लियो ।

एउटा समूह र अर्को समूहका बीच हुने सम्बन्ध सङ्घर्ष र सम्मिलनले जन समाजको नयाँ रूप देखा पऱ्यो । भूगोलको यात्रा, अन्तरजातीय विवाह र बस्तु विनियमले गर्दा मानव समाजमा नयाँ सोच, संस्कार र सदाचारहरू पनि पैदा भए । त्यसकै फलस्वरूप भाषा, रीति, विधि व्यवस्थाहरू विकसित भए । मानिसहरू, बसोबास व्यवसाय र सामाजिक व्यवहारद्वारा नजिकिँदै गए । आफ्नो भौगोलिक क्षेत्रलाई माया गर्ने, खानपिन, रहन-सहनमा एकरूपता हुर्काउने र स्थायी बसोबासका कारण खेतिपाति, पशुपालन र बस्तु विनियम सँगै नगर बस्ती हुर्काउने काम पनि हुन थाल्यो । निश्चित जैविक लक्षणद्वारा पनि उनीहरू चिनिन पुगे । मानिसहरूका त्यस्ता समूहलाई कबिला भनिन थालियो । बगाले जीवनका ती कविलाहरूमा पनि आपसी द्वन्द र संयोजनका श्रृङ्खला बढ्दै अघि गएपछि प्रजातिहरू देखा परे । विभिन्न प्रजातिहरूको सम्मिलन सहजीवन र सामाजिकताद्वारा जातिको निर्माण भयो । यसरी जातिगत समाज बन्नु अघिका मानव समूहलाई गण, कविला, प्रजाति र जनजातिका नामले पुकारिन थाल्यो, जो आज पनि चलन चल्तीमा छ । मानव समाजको निर्माणमा विभिन्न जाति, प्रजाति, कविला र गणहरूको समूह देखा पर्दै आएको भए पनि आजको समाज जैविक धारणाको प्रजातिवादद्वारा होइन, सामाजिक धारणाको राष्ट्रियतावाद र राज्यतहको राष्ट्रवादद्वारा हाँकिएको छ । मानिस क्रमश अन्तर्राष्ट्रिय जाति बन्दै गइरहेको युगमा हामी छौं, त्यसैले मानव समाजको घटकतत्व बनेका गण, कविला, प्रजाति र जातिको अस्तित्व समाज बन्नु अघिका मानव समुह मात्र हुन् भन्ने बुझेर हामी सबै नै राष्ट्रिय भावधारामा अन्तर्राष्ट्रियता तर्फ अघि बढ्नु पर्दछ ।

५. जातिको समरूपता र समान सार : विश्वका जुनसुकै भू-भागमा रहेको भए पनि मानिसका धेरै कुराहरू जैविक, बौद्धिक, सामाजिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा मात्रै हैन राजनैतिक क्षेत्रमा पनि अनेकौं समरूपता र समान सार देख्न पाइन्छ । संसारका सबै मानिसहरूको रक्तकणिका, डिएनए र गुणाणु (जीन) मा पाइने भिन्नता सँग सँगै समरूपता र समान सार पनि रहेको छ । समरूप र समसारका आधारहरूलाई भूगोल र पर्यावरण, खानपीन र जीवनशैलीले धेरै थोरै असर पारेको हुन्छ । त्यति भएर पनि संसार भरिका मानिसको रगत पाँच मूल समूहमा बाँडिन्छ । सबै रक्त समुह परस्परमा लिन दिन सकिन्छ । ओ, ए, बी, एबी र आरएच भनी नामाङ्कन गरिएका यी रक्त समूह छुट्टिनु अघि यी सबै मानिसमा ओ समूह मात्र थियो । विकासवादी सिद्धान्त अनुसार पछि मानिसको जैविक बनौट र गुणमा आएका आकास्मिक परिवर्तन अनुरूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकारका विभाजन एवं विकासहरू देखा परे । प्राग ऐतिहासिक कालका मानिसमा प्राय ओ रक्त समूह थियो । यसले पछि ए र बी गुणमा आकस्मिक परिवर्तनद्वारा आफ्नो गुण विस्तार गऱ्यो । मानव पुर्खा एउटै हुनु र बानरबाट मानिसमा विकास भएको हुनाले पाँच रक्त समूह जस्तै आदि मानवको पाँच वंशमूल कायम हुन सकेको हो भनी विद्वानहरू भन्दछन् । जैविक रूपमा सबै मानिस हात, गोडा, नाक, कान, पाचन प्रणाली र चिन्तन प्रणाली युक्त हुनु, सबैमा क्रमिक विकासको नियम अनुसार सिप, गुण र सामर्थ्यको विकास हुनु, पाचन प्रणाली र प्रजनन प्रणालीको समरूपता रहनु, परिवार बनाउने उत्पादन कार्यमा जुट्ने र जीजीविषाको चाहानाले क्रियाशील रहने गुण पनि समानै हुनाले गर्दा मानिसको सार सामाजिक, चिन्तनशील र विवेकी प्राणी भन्ने निष्कर्षमा अडिएको छ । जुनसुकै जाति प्रजाति र कविला अवस्थामा रहेका मानिसमा पनि यो सार पाइन्छ । बौद्धिक सोचका फरक-फरक स्तर भए पनि संसारका अनेकौं सभ्यतामा- पाषण युगीन समाजदेखि हालसम्मको समाजमा, उत्पादनका औजारको आविष्कार, प्रयोग र परिस्कारको यात्रामा मिल्दा-जुल्दा विशेषताहरू पाइन्छन् । मानव बौद्धिकताको यो सांस्कृतिक समरूपी सार वैदिक, उत्तर वैदिक महर्षी आर्यहरू, चिनीयाँ चिन्तक मंगोलहरू, अफ्रिकी हब्सीहरू, दक्षिण भारतीय द्रविडहरू, युरोपेली नर्डिकहरूका माझ थुप्रै सिर्जना, सोच र संस्कारमा समेत मिलेका कुराहरू भेटिन्छन् । भाषाको सन्दर्भमा पाइने समरूपता जस्तै नै सृष्टिको काल्पनिक सोच, सङ्गीतको उदय कथा र उपभोग्य बस्तुको उत्पादन र वैज्ञानिक उपकरणको आविष्कारमा समेत समरूपता पाइन्छ । कुनै आविष्कार कहीं पहिले भएको पाइए पनि त्यही विचार अर्कै शैलीमा अन्यत्र प्रकट भएको तथ्य कणादको पूर्वीय अणु सिद्धान्त र एप्पिक्युरस एवं डेमोक्राइटसको पाश्चात्य अणु सिद्धान्तको चर्चापरिचर्चा यहिँ निर सम्झनु पर्छ । त्यसैले अन्तरजातिय सम्मिलन मानव जातिको सार बनेको छ । सामाजिक जीवनमा पनि पाषाण युग, परिवार संरचना, मातृप्रधान समाज, पितृ प्रधान समाज, दासमालिक युग, सामन्ती युग र पूँजीवादी युगसम्मको यात्रा पनि केही विशिष्ठ भेदका साथ सामान्यत संसारका सबै मानव जातिको विकास यात्रामा देखा परेका समरूपी गुण हुन् । परिवार प्रथामा साझा पति या पत्नी प्रथा, बहुपति-पत्नी प्रथा, एकपत्नी प्रथा, ठूलो परिवार प्रथा र सानो परिवार प्रथाको विकास क्रम सबै जातिमाझ देख्न पाइन्छ । संयुक्त परिवार प्रथाका विशाल बथानको मुखिया बन्ने जेठो-बाठो मान्य मानिने चलनमा पनि समरूपता पाइन्छ । बस्तु विनियमबाट अघि बढेर मुद्राको प्रचलन सबै समाजले गरिआएको यथार्थ समान छ । नगर सभ्यता तर्फको लम्काई र औद्योगीकरणको यात्रामा समानता, वीरताको प्रशंसा, सौन्दर्यको उपासना र अलौकिक शक्तिसत्ता प्रतिको निरूपाय-आधार पनि सबै जातिमा समान ढङ्गले पाईन्छ । जाति-निष्ठाको सङ्कीर्ण सोच विकासको तह न्यून रहुन्जेल सबैमा रहने र त्यो तह बढ्दै समृद्धितिर जाँदा घट्दै जाने तथ्यमा पनि समानता पाइन्छ । ज्ञानको उज्यालोमा नपुग्दा अज्ञानको अँध्येरोमा हराउनु स्वाभाविकै हो । त्यसैले मानव जाति बीच विभेद मात्र देख्नु र समरूपता एवं समान सारका कुराहरू नदेख्नु बिल्कुल गलत दृष्टि हो ।

६. **संस्कृतिमा पाइने समानता :** सांस्कृतिक क्षेत्रमा पनि जातीय पार्थक्य भन्दा समानताहरू नै पर्याप्त मात्रामा रहेका छन् । सांस्कृतिक समरूपता विश्वव्यापी नै छ । प्रत्येक राष्ट्रमा रहने भिन्नतालाई महादेशको आबद्धताभित्र समान देख्न सकिन्छ । देश र सरकारहरू भिन्न भए पनि हाम्रो विश्वका प्रत्येक महादेशमा मानव जातिको मूल सजातीय छ । एशियाली संस्कृतिको पृथकता वा भारतीय संस्कृतिको विशिष्टता खोज्नु अहङ्कारी सोच हो । विशिष्ठता छ, तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
समानता पनि छँदैछ । त्यसैले एउटा पक्ष देख्दा अर्को नदेख्नु ज्ञानको एकाङ्गीपन मात्र हुनेछ । उदारहणका लागि एशियाली संस्कृति भित्रका समरूपतालाई लिऊँ-पहिलो छ- समानता भाव, परोपकार र विश्ववन्धुत्व । यसमा प्रत्येक एशियाली जातीय सोचको सम्मिलन पाइन्छ । हिन्दू बौद्ध, इसाई र मुस्लिम सम्प्रदाय मात्र होइन, कन्फ्युशियस नानक र ताओमतका अनुयायीमा पनि आफू र अर्कोलाई समान मान्ने, जीवजन्तु र वनस्पतिको रक्षा गर्ने, समाजकल्याणको धारणा राख्ने, दया क्षमा र उपकारको सोच स्वीकार्ने, धनी अथवा गरीब भए पनि शोषण, सङ्घर्ष र प्रतिद्वन्दितालाई निषेध गर्ने, एकता सामुदायिकता र भातृत्वभाव बढाउन, न्याय शान्ति र समृद्धिको चाहाना राख्ने जस्ता समान कुराहरू पाइन्छन् । यी सकारात्मक विशेषता हुन् र सबै जातिमा रहेका छन् । दोस्रो कुरा, समताभावमा युवाले बृद्धको सम्मान गर्ने, नारी पुरुष समानता र परस्पर सम्मान गर्ने, बच्चाप्रति प्रेम भाव राख्ने, सांस्कृतिक स्थलहरू निर्माण गर्ने, गुम्बाहरू, मस्दिजहरू, चर्चहरू र मन्दिरहरू बनाउने परस्पर मिलेर आफ्ना आस्था र आचरण समन्वय गर्ने, सार्वजनिक सम्पत्तिको रक्षा गर्ने, मोक्षकामना राख्ने र मानव कल्याणका लागि प्रार्थना गर्ने, भजन गाउने तथा पूर्व-पुनर्जन्म प्रति विश्वास राख्ने र नराख्ने दुवै धारको सहजीवन स्वीकार्ने, प्रकृतिको रक्षा गर्ने, धर्मशाला, गुठी र चौतारीहरू बनाउने जस्ता समतामूलक पहिचानहरू पनि समान रहेका छन् । तेस्रो समानताको पक्ष लोकगीत गाउने, चाडपर्व मनाउने, ब्रत बस्ने, तुलसी रोप्ने वा धजा गाड्ने, मन्त्र खोप्ने वा वृक्ष रोप्ने चलनमा पनि देख्न सकिन्छ । हलो जोत्ने, खेती गर्ने, श्रम र शिक्षाको समन्वयन गर्ने, बाँडीचुँडी खाने, पैत्रिक सम्पत्तिमा सन्ततीको हक लाग्ने वा स्वेच्छिक दान दातव्य गर्ने चलन पनि मिल्दो छ । यसरी नै फूलबारी बनाउने र सजाउने-सौन्दर्य चेत, फलफूललाई सगुन मान्ने र खाने जस्ता कुराहरू पनि एशियाली मानव मात्रै हैन, विश्व मानव संस्कृतिकै साझा प्रचलन बनेका देखिन्छन् । नेपाली समाजमा पनि माथिका विशेषताहरू पाइन्छन् । त्यसैले भाषा, जाति र संस्कृतिका नाममा झगडै-झगडा देख्ने, धर्मकर्मका नाममा फरकै फरक देख्ने सोच मानव जातिको साझा हितमा छैन । संस्कृतिका यी साझा सामाजिक आधारहरूलाई हामीहरूले राम्ररी ठम्याउन सकेनौं भने बहुजातीय विश्व समाजमा, भूगोलको अष्टेरोपनद्वारा जीवन चर्या कठिन बनेको देशमा, मानव सभ्यताको साझा संस्कृति निर्माण गर्न र त्यसलाई सबल र सर्वप्रिय बनाउन निकै गाह्रो हुन्छ । त्यसैले संस्कृतिका यी राम्रा र समान पक्ष देख्नुपर्छ । सामाजिक आधार खल्बल्याउने काम कुरा गर्नु हुँदैन र कसैले अज्जानमै त्यसो गरिरहेको भए समयमै सच्याउनु जरुरी छ ।

७. **निष्कर्षः** राजनैतिक क्षेत्रमा पनि मानव जाति बीच समरूपता र समान सार अभिव्यक्त भएका छन् । सबैले आफ्नो सामाजिक सत्ता राज्य स्तरमा गठन गर्ने, राज्यसत्तालाई प्रतिनिधित्व प्रणालीमा आधारित बनाउने, सत्ताका अङ्गहरूलाई सामाजिक सुरक्षा न्याय र कल्याण कार्यमा प्रयोग गर्ने जस्ता समरूपता र समाजको वर्गीय संरचना बमोजिम सामाजिक सत्तालाई निश्चित वर्गको साधन बनाउने समान सार अभिव्यक्त भएका छन् । कतै श्रमजीवी वर्गको राज्यसत्ता सञ्चालित छन् र कतै पूँजीजीवी वर्गको राज्यसत्ता सञ्चालित छन् । यसरी मानव जातिको सामाजिक साँस्कृतिक जीवनमा समरूपता र समान सारहरू विभिन्न विकल्पका साथ प्रकट भएका छन् र मानव जाति बहुराष्ट्रिय समाज, राष्ट्रियता र बहुल संस्कृतिहरूमा आबद्ध भएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्व सम्पदाको पाटन नगरः भूकम्प पछिको स्थिति

प्रकाश दर्नाल

प्राग्ऐतिहासिक पृष्ठभूमि :

नेपाल विश्वको मानचित्रमा २६°२२′ देखि ३०°२७′ उत्तरी अक्षांश र २६°२२′ देखि ८०°१२′ पूर्वी देशान्तरमा पर्दछ । यसको भूबनोटमा हिमालय र पहाडको मुख्य प्रभाव पाइन्छ जसको बनोट ७० मिलियन वर्ष अर्थात् सात करोड वर्ष अगाडि भएको थियो । यसैले दक्षिण एसियाको हावापानी, मानव बसोबासदेखि संस्कृतिसम्ममा प्रमुख भूमिका खेलेको छ । आठ मिलियन अर्थात ८० लाख वर्ष अगाडि हिमालयका टाकुरा ती उँचाइमा पुगे, जसले वर्षा पार्ने कार्यलाइ नै परिवर्तन गरी तिनले दक्षिण एसियामा मन्सुन वर्षाको हावापानी सिर्जना गरी सारा अरेबियन सागरका राष्ट्रहरू भारतीय उपमहाद्विप तथा उत्तरी छिमेक तिब्बत र पश्चिम चीनसम्म प्रभाव पारेको छ। मध्य हिमयुग (Middle Pleistocene) मा चुरे पहाडहरू नेपालको दक्षिणी भागमा उत्पत्ति भएको बेलामा काठमाडौँ उपत्यकाको पनि उत्पत्ति भएको थियो । सल्ला, बाँझ, आदि जङ्गलले घेरिएको ताल मानव पुर्खाहरूको घर थियो जो यहाँ (पछिल्लो हिमयुगमा) ताल सुक्दै गएपछि आएका थिए । अहिलेका दक्षिण एसियाली महत्वपूर्ण नदीहरू ब्रम्हपुत्र, सिन्धु र गङ्गा हिमालयबाटै उत्पन्न भएका हुन् । यी हिमालयहरू नै नेपालका प्रमुख नदीहरूको पनि उद्गम स्थल हो ।

नेपालको भौगोलिक र हावापानीको विविधताले गर्दा नै यहाँ विविध जैविकता पाइन्छ जसले हिमयुगको मानवलाई पनि महत्वपूर्ण चुनौती दिएको थियो । काठमाडौँ उपत्यकाको शितोष्ण र मनसुनी हावापानी अघिल्लो हिमनदीको भन्दा केही हल्का भएपनि न्यून घटबढ मापन गरिएको छ । त्यस समयताक मानव पूर्खाहरू नेपालको उपत्यकाको दक्षिणी भेकमा उच्च स्तरको सामाजिक सांस्कृतिक तथा भाषामा विविधता र विषमताको विकासमा लागेका देखिन्छन् । दुर्भाग्यवस नेपाली संस्कृतिको विविधता र प्राग्ऐतिहासिक जैविक सांस्कृतिक संयोजन बारे अन्य दक्षिण एसियाली क्षेत्रमा झै थाहा पाइएको छैन ।

नेपालमा लुम्बिनीको अशोक स्तम्भ खड्ग शमशेर र ए. फुहररले १८९६ मा पत्ता लगाएपछि पुरातत्वको शुरुआत भएको मानिन्छ । त्यस्तै नेपालमा सबभन्दा पहिलो प्राग्ऐतिहासिक अन्वेषण १८९६ मा आ.भि. जोशीले काठमाडौँ उपत्यकामा गरेका थिए । उनले बल्खु र गोदावरीमा अन्वेषण गरी प्राप्त गरेका ढुङ्गे औजारहरू त्यति विश्वस्त खालका थिएनन् ।

टोनी हेगनले १९६० मा नेपालको भौगोलिक अवस्थाको अध्ययन अनुसन्धान गरेका थिए । उनले काठमाडौँ उपत्यका दुई लाख वर्ष अघि ताल थियो भनेका छन् । त्यस्तै निलरतन

लेखक पुरातत्व तथा संस्कृतिशास्त्रका विद्वान् हुनुहुन्छ, darnalp@gmail.com । – सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनर्जी र जनकलाल शर्माले १९६९ मा मकवानपुर, बुढानिलकण्ठ, पनौती तथा दाङबाट नवपाषाणकालिन दुङ्गे औजारहरू पत्ता लागेको उल्लेख गरेका छन् (बनर्जी र शर्मा १९६९, ५३/५८)।

जनकलाल शर्माले चरीकोट, जुगुगाँउ (खोपासी) र लुभुबाट बञ्चरो, चरीकोट, कोट टाँडी-डण्डा, मोरङबाट सेल्ट, चरीकोट र उत्तरी भागबाट चिजेल भेटिएको भनेका छन्। (शर्मा १९८३, १/५) तर धेरै दुङ्गे औजार भेटिए पनि ती कुनै पनि Stratigraphy बाट नभई सतहबाट पाइएकोले, Stratigraphy जस्तो महत्व नभए पनि अध्ययन अनुसन्धानलाई सहयोग पुऱ्याउँछ नै ! डा. स्चेटेन्कोले १९७८ मा चितवन र बुढानिलकण्ठमा अध्ययन गरी दुङ्गे औजारलाई मङ्गोलिया, चीन र सोभियत रुसमा भेटेका औजारसँग तुलना गरेका थिए। नेपाल र अमेरिकाका वैज्ञानिक टोलीले १९८० मा तिनाउ खोलामा सर्वेक्षण गर्दा भेटेका शिवापिथेकसको दाँत ९० देखि ९५ लाख वर्ष पुरानो मानिन्छ (शाह र श्रेष्ठ, १९९२, ६९)। यो तथ्यले नेपाल मानव विकासको महत्वपूर्ण क्रीडा भूमि भएको स्पष्ट पार्छ।

गुद्रुन कोर्भिनसलाई नेपालको प्राग्ऐतिहासिक कालको क्रमबद्ध इतिहास लेखी विश्व सामु चिनाउने श्रेय छ। उनले दाङको गदारी, ब्राकुटी, तुँई उपत्यकाबाट पाषणकालिनदेखि नवपाषाणकालसम्मका दुङ्गे औजार पत्ता लगाइन्। यो संस्कृति भारतको क्यबल संस्कृतिसँग मिल्छ। कमला नदीको चुरे डाँडामा पातु स्थानमा गरेको अध्ययन अनुसन्धानबाट ढूल्ढूला पेवेल्स, कोर्स्क्रापर भेटिएको थियो। यो दक्षिण पूर्वी एशियाको Hoabinhian संस्कृतिसँग मिल्छ। यसरी नेपालमा प्रागऐतिहासिक समयदेखि दुई संस्कृतिको विकास भएको देखिन्छ। त्यसैगरी काठमाडौंको भद्रवासमा कोर्भिनसले १९८४मा को Bos Nomadicus तल्लो बङ्गाराको जिवाश्म र नक्खु खोलाबाट एम.फोर्ट र भी.गुप्ताले डँडाल्नुको जिवास्म १९७९ मा भेटेका थिए। ती दुवै क्रमश पूर्व हिमयुग र पछिल्लो हिमयुगका अवशेष थिए। (मिश्र १९९५, ५८)। त्यस्तै कटुवालदह, फर्पिङ र लोमान्थाङ्गको छोदे गुम्बामा हात्तीको दाँतको जिवाश्म भेटिएको छ।

पाटनको सङ्क्षिप्त इतिहास

उपत्यकाका तीन शहरहरू मध्ये पाटन सहरलाई सबभन्दा पुरानो मानिन्छ। यसलाई युपग्राम, यल, ललितपत्तन, ललितापुरी, मानिङ्गल, पाटन आदि नामले जानिन्छ। अशोकले इ.पू. तेश्रो शताब्दीमा चार स्तूपा राखेको कथन भए पनि त्यसको पुष्टि भएको छैन। पटुको डोको उत्खननबाट पनि किराँतकाल भन्ने प्रमाण देखिएन। तर नायहिटीको गजलक्ष्मी, (दोश्रो शताब्दी), हौगलवहालको मातृका, बंगलामुखीका मातृकाहरू दोश्रो तेश्रो शताब्दीका, भिन्छेबहालका मातृका (चौथो पाँचौ शताब्दीको), सुवालहिटीको वैष्णवी (तेश्रो शताब्दी), चपाटोलको हारती (साताँ आठौं शताब्दी), दुर्गा (दशौं शताब्दी) कुम्भेश्वरको वासुकी, नागराज चौथो शताब्दीका, सूर्य (तेश्रो शताब्दी), विष्णु तेश्रा चौथो शताब्दीको, शिव (बाह्रौं शताब्दी), चामुण्डाको उमामहेश्वर, लुभुको उमामहेश्वर, वराह (तेश्रो शताब्दी), ग्यावुको सन् ९८७ को उमामहेश्वर, सिकुवहि, पुरातत्व बगैचाको उमामहेश्वर चौथो शताब्दीको र सौगलको हरिहर (तेश्रो शताब्दी) तथा चापागाँउका लिच्छवीकालिन ब्रम्हाका मूर्तिहरूको अध्ययन गर्दा यहाँ कलाकौशलको प्रारम्भदेखि धेरै उन्नति भएको देखिन्छ। त्यसै गरी लुभुको महालक्ष्मी,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



पाटन दरबार क्षेत्र भूकम्पअघि

पाटन दरबार क्षेत्र भूकम्पपछि

गोभ्राटेश्वर, सानागाँउको भैरव, सुनागुठीको भृङ्गारेश्वर, थेचोको बालकुमारी ब्रम्हायणी, भैरव, चापागाँउको नारायण, बज्रवाराही, बुङ्गमतीको करुणामय मन्दिर, हयगृव र प्रथमपुर महाबिहार, खोकनाको रुद्रायणी मन्दिर र कार्याविनायक, हरिसिद्धिको हरिसिद्धि मन्दिर र पाटनको बालकुमारी, कुम्भेश्वर, महालक्ष्मी, चण्डेश्वरी, चामुण्डा, पूर्णचण्डी, भीमसेन मन्दिर, हरिशङ्कर, चारनारायण, च्यासिङ्ग देवल, उमामहेश्वर मन्दिर, जगतनारायण, महाबौद्ध, रुद्रवर्णमहाविहार, हिरण्यवर्ण महाविहार तथा अक्षेश्वर महाविहारले पाटन क्षेत्र वास्तुकलामा पनि अग्रणी रहेको देखिन्छ। यसैगरी भारविले निर्माण गरेको ढुङ्गेधारा (हाँडीगाउँ संवत ४९२), कैयन लिच्छवी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
तथा मल्लकालिन चैत्य, विहार, मच्छिन्द्रनाथ तथा मीननाथ मन्दिर, कृष्ण मन्दिर, विश्वनाथ, वहाल वही, जलद्रोणी, पोखरी, पाटी, पौवाहरूले गर्दा पाटनलाई ललितपुर भन्छन् ।

पाटन दरबारको केशवनारायण चोकमा नरेन्द्रदेवको वि.सं. ७००को अभिलेख छ । यसैमा युपग्राम र माप्चोकमा अधिकरणको अधिकार हटाएको कुरा छ । जयस्थिति मल्लको समयमा पाटनमा महापात्रहरूले शासन गर्थे । यक्षमल्लको वि.सं. १५०४ को बालकुमारीको अभिलेखमा तीन प्रधानहरूद्वारा संरक्षण गरिएको ललितपुर भनिएको छ । कान्तिपुरमा रत्नमल्लले शासन गर्दा पाटन महापात्रलाई दबाएका थिए । तर वि.सं. १५८४ मा विष्णुसिंहले जगतपाललाई हटाइ शासक भएपछि उनका छोराहरू नरसिंह, पुरन्दर सिंह र उद्धव सिंहको संयुक्त शासन चल्यो । पछि पुरन्दर सिंहले एकलौटी शासन गरे । यिनीलाई कान्तिपुरका राजा शिवसिंह मल्लले हटाई आफ्ना छोरा हरिहर सिंहलाई नियुक्ती गरे । उनको मृत्युपछि सिद्धिनरसिंह वि.सं. १६७५ मा पाटनको राजा भए । यसरी उपत्यकामा तीनवटा राज्य स्थापना भयो । पाटन दरवारमा ९ चोकहरू भएपनि हाल ३ चोकको अस्तित्व देखिन्छ । पाटन शहरलाई विष्णुको चक्राकार भएको ठानिन्छ । सिद्धिनरसिंह मल्लले तलेजुको मन्दिर निर्माण गरी वि.सं. १७०३ मा भण्डारखाल पोखरी र लौहिटी निर्माण गराए । उनैले सुन्दरी चोकमा तुषाहिटी र वि.सं. १६९३ मा प्रशिद्ध कृष्ण मन्दिर निर्माण गरे । दुङ्गाबाट निर्मित २१ गजूरसहितका शिखर शैलीको यो मन्दिरमा रामायण र महाभारतका चित्र कुँदिएका छन् । कार्तिक नाच पनि उनैले चलाएका थिए । सिद्धिनरसिंह मल्लपछि वि.सं. १७१७ मा श्री निवास मल्ल राजा भए । उनले तलेजु, दिगु तलेजु र मूलचोकको निर्माण गराए । भीमसेनको मन्दिरलाई उनैले हालको भव्यरूप दिएका थिए । उनको पालामा पाटन शहरमा आगलागी भएको थियो । उनले ती सबै स्मारकको जीर्णोद्धार गरी दिए । उनी पछि योगनरेद्र मल्ल वि.सं. १७४१ मा राजा भए । उनले (वि.सं. १७५८) मणिमण्डप निर्माण गराई आफ्नो शालिक पनि राख्न लगाए । केशव


पाटन दरबार क्षेत्र भूकम्पपछि
(चार नारायण मन्दिर भत्केको)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



tan Durbar Square After E.Quake

नारायण चोक पहिले चौक्वाठ दरबार थियो । श्रीनिवास मल्लले कलात्मक सुनौला झ्याल राखी दिएका थिए । विष्णु मल्लले पनि यसलाई सुन्दर बनाएका थिए । पाटन दरवारमा शिखर शैलीको नरसिंह मन्दिर वि.सं. १६५७ मा निर्माण भएको थियो । हरिशङ्कर मन्दिर १७ औँ शताब्दीमा बनेको थियो । विष्णु मल्लले वि.सं.१७९३ मा घण्टा राखी दिएका थिए । त्यस्तै योगनरेन्द्र मल्लकी छोरीले च्यासिङ्ग देवल बनाइ दिएकी थिइन् ।

पाटनको सुन्दरतामा यी स्मारकहरू तथा कला, कौशलताले उत्कृष्ट बनाइ दिएको हुनाले नै UNESCO ले उपत्यकाका सात सम्पदाहरूलाई १ मानी १९७९ मा विश्व सम्पदा सूचीमा समावेश गरेको छ । यसै कारणले गर्दा नै श्रीनिवास मल्लका समकालिन कवि कुनु शर्माले पाटनलाई "के यो स्वर्गको टुक्रा जस्तो छैन ?" भनी कीर्तिपतामा उल्लेख गरेका छन् ।

१९९० सालको भूकम्पमा क्षति भएका पाटनका स्मारकहरू

ब्रम्ह शम्शेरको 'नेपालमा महाभूकम्प' (१९९० साल) पुस्तकमा ८.४ रेक्टर स्केलको नेपालका बिहारहरूलाई भूकम्पले निकै क्षति पुऱ्याएको लेखेका छन् । पाटनमा कृष्ण मन्दिर, हिरण्यमहाविहार, भीमसेन मन्दिर भत्केन तर देगुतलेजु, च्यासिङ्ग देवल, महावौद्ध, विश्वेश्वर मन्दिर (भाइदेगल), कुम्भेश्वर र मच्छिन्द्रनाथ देवल कुनै पाताल, कुनै धेरै नोक्सान र कुनै फेदमात्र बाँकी रहेर भत्केको विवरण पाइन्छ । त्यतिबेलाका तत्कालिन शासक जुद्ध शमशेर राणाले धेरै जसो स्मारकहरूको जीर्णोद्धार गरी दिए पनि भाइ देगल, अदालत र सुन्धारामा भएको नारायण मन्दिर जस्ता केही मन्दिर पुरानै स्वरूप र ढाँचामा नबनाई एक तलामात्र बनाएर छोडिदिएको उदाहरण पाइन्छ ।

इश्मियो र पुरातत्व विभाग मिलेर हाडीगाँउस्थित सत्यनारायण मन्दिरमा गरेको उत्खननूले नेपालको कान्तिपुर उपत्यकाको इतिहास इ.पू. पहिलो शताब्दी पुऱ्याएको छ । (भेराडी १९९७) । त्यस्तै १९९१ मा उनीहरूले पाटन बगैंचामा गरेको उत्खननूले नवौ दशौं शताब्दी देखाएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

GC-0. In Public Domain. Digitization by eGangotri

सञ्जु शाक्यले उपत्यकाका १९९० सालको भूकम्पमा नभत्केका घरहरू एक अनुसन्धान (क्षेत्रःपाटन) भनी उपत्यकाका सम्पदाहरू, नेपाल सम्पदा संघ २०५८ मा प्रकाशित लेख चाखलाग्दो छ। त्यसमा ५० घरको लगत दिइएको छ।

२०७२ सालको भूकम्पले गरेको क्षति र जीर्णोद्धार बारे एक चर्चा

यस पटकको २०७२ वैशाख १२ गतेको गोरखा भूकम्प ७.६ रेक्टर स्केलको थियो। त्यसपछिको १३ र २९ गते तथा लगातार जसो आइरहेका परकम्पनको कारणले हाम्रो धेरै सम्पदाहरू क्षति भएका छन्। तलेजुको माथिल्लो छाना, तलेजु आँगनदेउको माथिल्लो छाना, दिगु तलेजुको गजुर ढल्केको, च्यासिंगदेगलाई टेका दिइएको, हरिशङ्कर पूर्ण ध्वस्त, केशव नारायणलाई क्षति भएको, भीमसेन मन्दिरलाई टेका लगाइएको, स्वथ टोलको राधाकृष्ण मन्दिर पूर्ण ध्वस्त, बहादुर शाह बैठक आंशिक क्षति, आँगनदेउ क्षतिग्रस्त, नारायण मन्दिर टेका लगाएको छ। त्यस्तै गावहालको कृष्ण मन्दिर, सुन्धाराका उमामहेश्वर मन्दिर पूर्ण ध्वस्त भएका छन्। प्रसिद्ध महाबौद्ध पनि धेरै ठाँउमा चिरा परेको छ। त्यस बाहेक बुङ्मतीको करुणामय, हयग्रीव मन्दिर पूर्ण ध्वस्त भएको छ भने रुद्रायणी मन्दिरलाई टेका लगाइएको छ। जगतनारायण मन्दिर र चारै सत्तल ध्वस्त भएका छन्। कुम्भेश्वर महादेव मन्दिरको माथिल्लो छाना २९ गते पछिको परकम्पनले क्षतिग्रस्त भएको छ।

नेपाल भूकम्प जोखिम क्षेत्रमा परेकोले नै यहाँ हरेक सय वर्षको अन्तरालमा भूकम्प आइरहेको घटना क्रमले देखाउँछ। यही भएर नै हाम्रा पुर्खाहरूले हाम्रा घर तथा मन्दिरहरूको निर्माण गर्दा भूकम्प प्रविधि अपनाएका थिए। त्यसो नहुँदो हो त पशुपति मन्दिर १८९०, १९९० र २०७२ मा पनि भत्केन। त्यसैगरी भक्तपुरको न्यातपोल र काठमाडौको तलेजु १९९० मा पनि भत्केन र यसपटक पनि भत्केका छैनन्। भूकम्प जोखिम क्षेत्र भएकोले होला पुर्खाहरूले मन्दिरभन्दा अग्लो घर बनाउन हुँदैन भनेका।

हाम्रा सम्पदा र घरहरू इँटा, माटो, काठ र ढुङ्गाबाट बनेका छन्। बुट्टे इँटा, कलात्मक काठका झ्याल, टुँडाल, तोरण, कुँशल, मेथ, थाम, कार्नेस, आदिले गर्दा स्मारकहरू भक्तका मन मष्तिस्कमा गडेका हुन्छन्। प्रस्तरका मूर्तिहरू नेपालका आस्थाका ढुकढुकी हुन्। पर्यटकहरू यहाँको अनुपम परम्परागत सीप, कला, वास्तुकलाका सम्पदा तथा प्रकृतिमा लोभिएर आएका हुन्छन्। तसर्थ सम्पदाहरूको जीर्णोद्धार र संरक्षण गर्दा पुर्खाले हामीलाई जे छोडेर गएका छन्, हामीले तिनको मौलिक स्वरुपको जगेर्ना गरी अर्को पुस्तालाई हस्तान्तरण गर्नु पर्छ। सम्पदाहरूको जीर्णोद्धार गर्दा मौलिकता अनुरुप संरक्षण गरेमा सार्थक हुन्छ। सम्पदाहरू एकपटक बनाएपछि सधैं दिगो हुन्नन्। तिनीहरूको अनुगमन गरी मर्मत सम्भार गर्ने हो भने पचपन्न झ्याल, टौमडी भैरव मन्दिर जस्तै भूकम्प थेग्ने हुन्छन्। हैन भने इतिहासको पानाबाट विलुप्त हुन सक्छन्। तसर्थ सबै स्मारकहरूको नक्सा, फोटो तथा पुरातात्विक प्रतिवेदन तयार गर्नै पर्छ। यसो भएको खण्डमा राज्यले चाहेको बेलामा सम्पदाहरूको जीर्णोद्धार गरी संरक्षण गर्न सक्छ। जीर्णोद्धार र संरक्षण कार्य भनेको राज्यले गर्ने नियमित काम हो। अब जीर्णोद्धार या संरक्षण गर्दा भूकम्प प्रतिरोध प्रविधि अनिवार्य रूपमा पालना गर्ने नीति बनाउनु पर्छ।

यसले आफ्नो देशको गौरव राख्न आन्तरिक तथा बाह्य पर्यटनको प्रबर्द्धन गरेर समृद्धितर्फ लग्न सक्छ। परम्परागत प्रविधिको निरन्तरता भएमात्र जीर्णोद्धार कार्य सफल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
हुन्छ । नयाँ प्रविधिमा हामी धेरै पछाडि छौं, तर परम्परागत प्रविधिमा हजारौं वर्षदेखि हामी पोख्त छौं । त्यही हेर्न, बुझ्न र जान्न यहाँ मर्मज्ञहरू आउने हुँदा हामीले त्यसलाई छोड्न हुँदैन । हाम्रा सम्पदा हाम्रा गौरव भएकाले त्यसलाई ढिला या चाँडो संरक्षण गर्नु हामी सबै नेपालीको कर्तव्य हो ।

सन्दर्भ ग्रन्थहरू:

- योगी, देवीनाथ, २०१३, देवमाला वंशावली, सुर शम्शेर ज.व.रा. नारायणहिटी ।
- शाक्य, सञ्जु, २०५८-१९९० सालको भूकम्पमा नभत्केका घरहरू एक अनुसन्धान (क्षेत्रः पाटन)- उपत्यकाका सम्पदाहरू, नेपाल सम्पदा संघ, भद्रकाली, काठमाडौं ।
- श्रेष्ठ, ईश्वरमान सिन्या- २०४५/२०४६- ललितपुर दरबार संरक्षित स्मारक क्षेत्रका समस्या र समाधान एक विवेचना- प्राचीन नेपाल सङ्ख्या ११०-११२- पुरातत्व विभाग, काठमाडौं ।
- शमशेर ब्रह्म, १९९१- नेपालको महाभूकम्प (१९९० साल) बबरमहल, काठमाडौं ।
- शर्मा कुनु- (अनु. नरहरि नाथ योगी) २०१८, कीर्तिपताका, जगदम्बा प्रकाशन, पाटन ।
- Bangdel,Lain S. 1982- The Early Sculptures of Nepal – Vikas Publishing House Pvt.Ltd , New Delhi
- Banerjee, N.R. & Sharma, J.L. 1969 – Neolithic tools from Nepal and Sikkim, Ancient Nepal, No. 9. Department of Archaeology, Kathmandu
- Dr. Corvinus, G. 1985, Prehistoric discoveries in Foothills of the Himalayans in Nepal, 1984, - Ancient Nepal, No. 86/88. Department of Archaeology, Kathmandu
- Dr. Corvinus, G. 1985, Report on the work done in the Project of Quaternary and Prehistoric Studies in Nepal, - Ancient Nepal, No. 86/88. Department of Archaeology, Kathmandu
- Darnal P. 2002. Archaeological activities in Nepal since 1893 A.D. to 2002 A.D. Ancient Nepal 150: 39-48.
- Mishra, T.N. 1995- Archaeological Discoveries and Field Activities within 1993/95 – Sixth South Asian Archaeological Congress, Department of Archaeology, Kathmandu
- Sharma, J.L. 1983 – Neolithic tools from Nepal, Ancient Nepal, No. 75. Department of Archaeology, Kathmandu
- Shah, R.B. & Shrestha, R. – 1992 – Fossils from Nepal Himalaya Displayed in Natural Museum, Journal of Natural Museum, vol. 13.no.1-4
- Verardi, Giovanni. 1992, Excavation at Harigaon, Kathmandu. Rome, ISMEO.
- Verardi, Giovanni. 1997, Nepalese and Italian Contribution to the History and Archaeology of Nepal. IsIAO, Rome.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली हिज्जेका समस्या र स्थायी समाधान

डा. माधवप्रसाद पोखरेल

१. नेपाली लेखाइमा लाजमर्दो अशुद्धि

नेपालमा शिक्षा मन्त्री, शिक्षा सचिव, विश्वविद्यालयको कुलपति, उपकुलपति, शिक्षाध्यक्ष, कुलसचिव, सङ्काय अध्यक्ष, विभागीय प्रमुख, प्राध्यापक, शिक्षाधिकारी र शिक्षक हुन अनि प्रज्ञा प्रतिष्ठानका कुलपति, उपकुलपति र प्राज्ञ परिषद् तथा प्रज्ञा सभाका सदस्य हुन चाहिँ हिज्जे शुद्ध लेख्न जान्नु पर्दैन, तर पाँचौं कक्षा पास हुन चाहिँ हिज्जे शुद्ध लेख्न जान्नु पर्छ, जानेन भने नम्बर काटिन्छ।

२. नेपाली लेखाइको ८०० वर्ष लामो इतिहास

अरू भारतीय आर्य भाषा सरह नेपाली भाषा जन्मेको झन्डै १००० वर्ष नाघ्यो। ऐतिहासिक अभिलेखमा नेपाली भाषा लेखिन थालेको कम्तीमा ८०० वर्ष भयो। नेपाली भाषामा साहित्य लेखिन थालेको झन्डै अढाई सय वर्ष भयो। पहिलो नेपाली व्याकरण (ऐटन १८२० ई) लेखिएको पनि झन्डै २०० वर्ष भइसक्यो र नेपाली भाषामै लेखिएको पहिलो व्याकरण (सिंह १९६९, पण्डित १९६९, दीक्षिताचार्य १९६९) प्रकाशित भएको पनि झन्डै १०० वर्ष भइसक्यो। नेपाली विषय विद्यालयमा पढाउन थालेको दरबार हाई स्कूल खुले पछि (१९१० सालदेखि) होला। नेपाली भाषामा नियमित रूपले अखबार (गोरखा पत्र १९५८) प्रकाशित हुन थालेको पनि ११० वर्ष नाघिसक्यो। भाषा र हिज्जेमा सचेत भएर नेपाली भाषाका ग्रन्थ प्रकाशित गर्ने आधिकारिक सरकारी प्रकाशन संस्था गोरखा भाषा प्रकाशिनी समिति (१९७०) खुलेको पनि झन्डै एक शताब्दी भयो।

३. नेपाली शिक्षणको १५० वर्ष लामो इतिहास

त्यस हिसाबले नेपाली विषय पढाउन सुरु भएको झन्डै १५० वर्ष नाघिसकेछ। लोक परम्परामा व्यक्तिगत वा संस्थागत गुरुकुलहरूमा नेपाली विषयको पढाई सुरु भयो होला, तर दरबार हाई स्कुल खुले पछि आधिकारिक संस्थाले नेपाली विषय पढाउन थालेको इतिहास सुरु भयो। दरबार हाई स्कूललाई पछ्याउने मुलुकभरका अनेक विद्यालय र त्रिचन्द्र कलेजलाई पछ्याउने मुलुकभरका अनेक महाविद्यालय अनि त्रिभुवन विश्वविद्यालयलाई पछ्याउने अनेक विश्वविद्यालयमा हजारौं लाखौं गुरुहरूले लाखौं करोडौं विद्यार्थीहरूलाई सिकाइने नेपाली लेखाइमा एकरूपता ल्याउन नसक्नु सारै लाज मर्नु कुरा हो। नेपाली विषय पढाइका प्रभावकारीतामा यस दुर्बलताले सबैभन्दा ठूलो भूमिका खेलेको छ।

लेखक भाषा शास्त्रका शीर्ष विद्वान् एवं साहित्यकार हुनुहुन्छ । – सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. हिज्जेमा एकरूपता ल्याउने एक शताब्दीको प्रयास र अनेकरूपताका कारण

(क) वीरेन्द्रकेसरी : बकार र वकारको समस्या

नेपाली हिज्जेमा एकरूपता ल्याउने प्रयास सबभन्दा पहिले वीरेन्द्रकेसरी अर्ज्याल (१९६५ अघि) ले गरेको देखिन्छ। (हेर्नू : प्रेरणा खरेल) अर्ज्यालको ध्यान नेपाली लेखाईमा वकार र बकारको उच्चारण र लेखाइको बेमेलमा देखिन्छ। यहाँ समस्या वकारको उच्चारण र लेखाइमा नभएर बकारको उच्चारण र लेखाइको बेमेलमा थियो। संस्कृतमा वकारको उच्चारण स्थान दन्तोष्ठ्य थियो। नेपालीमा वकार पनि बकार पनि द्विरोष्ठ्य भएकोले संस्कृतको वकार नेपाली उच्चारणमा दुई किसिमको द्विरोष्ठ्यमै बाँडिएको छः अक्षरको आरम्भमा व्यञ्जन संयोग भएर कुनै व्यञ्जन पछाडि वकार आयो भने, त्यो संस्कृतको दन्तोष्ठ्य वकार नेपालीको द्विरोष्ठ्य वकार (तल थोप्ली .व) मा बदलिन्छ : अन्यत्र संस्कृतको दन्तोष्ठ्य वकार नेपालीमा द्विरोष्ठ्य वकारमा बदलिन्छ। (वारि, बारि, बारी, विश्व, स्वाद, प्वाल)। यसरी संस्कृतको वकार नेपाली बकार र वकारमा फेरिएर सिद्धिन्छ, तर विरेन्द्रकेसरी अर्ज्यालकै समकालीन चक्रपाणि चालिसे, जयपृथिवीबहादुर सिंह, राममणि आदी, हेमराज पण्डित र विश्वमणि दीक्षिताचार्य जस्ता अरू व्याकरणकार र नेपाली भाषाका साधकहरू नेपालीमा चलेका संस्कृत शब्दको उच्चारण जस्तो भए पनि हिज्जे संस्कृतकै जस्तो राख्नु पर्ने अडानमा थिए, त्यसैले विरेन्द्रकेसरीले नेपालीमा व उच्चारण हुन्छ भने तलथोप्ली दिने, व उच्चारण नभएर ब उच्चारण हुन्छ भने पेट नचिर्ने बरु संस्कृतकै वकार जस्तो लेख्ने प्रस्ताव गरे। प्रस्ताव यस्तो गरे पनि

५. त्यसको पूर्ण रूपमा पालन भने विरेन्द्रकेसरी आफैंले पनि गरेको देखिँदैन।

(ख) राममणि : अक्षरान्त विराम चिन्ह (हलन्त) को बहिष्कार

नेपाली हिज्जेलाई सरलीकरण गर्ने दोस्रो प्रयास राममणि आदी (१९६५) ले गरे। राममणि बनारसका प्रेसवाला थिए। उनले के पाए भने, त्यही प्रेसमा हिन्दी भाषाका कृति छाप्न चाहिँ अक्षरान्तको चिन्ह(व्यञ्जनको खुट्टा काट्ने चिन्ह) नचाहिने, तर नेपाली भाषाका कृति छाप्न चाहिँ थुप्रै विराम चिन्ह चाहिने रहेछ। त्यस समस्याबाट मुक्ति खोज्न उनले नेपाली 'हलन्त बहिष्कार' आन्दोलन चलाए। त्यसमा लेखनाथ पौड्याल (१९७१) ले पनि 'परखाल बडे बडे नेपाली कविले खुट्टा काटेका वर्ण भैं लडे' भनेर राममणिको 'हलन्त बहिष्कार' गर्ने प्रस्थानको समर्थन गरे। राममणिले नेपालीमा पनि अक्षरान्त स्थानको व्यञ्जन वर्ण हिन्दी भाषामा भैं हल् वा खुट्टो काट्ने चिन्ह प्रयोग नगरी लेख्न सके नेपाली लेखन र प्रेसवालाहरूलाई पनि सजिलो हुन्थ्यो भन्ने प्रस्ताव अघि सारे। नेपाली लेखाइको सरलीकरणमा राममणिको यस आन्दोलनले पनि केही सघाएको छ, तर राममणिले नेपालीमा अक्षरान्तको विराम चिन्ह नराखी काम चल्दैन भन्ने कुरो चालै पाएनन्।

(क) तँ एउटा लेख [Lek^{h}] लेख् [Lek^{h}]

(ख) तँ 'एउटा' लेख् [Lek^{h}] लेख् [Lek^{h}]

(ग) तिमी एउटा लेख् [Lek^{h}] लेख् [Lek^{h}]

(घ) तिमी 'एउटा' लेख [Lek^{h}] लेख [Lek^{h}]

(ग) हेमराज : नेपालीमा हलन्तको पूर्ण बहिष्कार गर्न नमिल्ने

नेपाली हिज्जेलाई नियमति गर्ने तेस्रा विद्वान् हेमराज पण्डित (१९६९) हुन्। उनले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
राममणिको 'हलन्त बहिष्कार' को प्रस्तावमा संशोधन गर्दै कुरा अघि सारे भने, नेपाली लेख्दा क्रियामा चाहिँ हलन्त बहिष्कार गर्न सकिँदैन, अक्रियामा चाहिँ हलन्त बहिष्कार गरे हुन्छ । यसरी हेमराजले राममणिको हलन्त बहिष्कारका त्रुटि नाम, विशेषण र क्रियामा निकै मात्रामा सुधारे पनि क्रिया विशेषण र निपात (विभक्ति, संयोजक, 'शब्द योगी' वा 'नाम योगी' सर्वनाम, विस्मयार्थक) मा त्यो समस्या उभ्रेकै छ, किनभने यस्ता शब्दको उच्चारण स्वरान्त र व्यञ्जनान्त दुवै खाले पाईन्छ :

(क) सर्वनामः म, तँ, हजूर, मौसुफ, सब

(ख) क्रिया विशेषणः नजिक, वर, पर, तलः अब, तब, आज, तिर, तर्फ, अझ

(ग) निपातः सित, सँग, बाट, सम्म, त, र, तर, जब, नत्र, जुन, कुन, हत, हजुर, हैन

तर यी समूहमा क्रियामा जस्तै हलन्त र अजन्तको व्यतिरेक पाइँदैन ।

राममणिको हलन्त बहिष्कार र चक्रपाणिको उच्चारण अनुसारको हलन्त वा अजन्तको सूत्रमा हेमराजको यो मध्यम पन्थ निकै काम लाग्ने देखिन्छ । खालि यस नियमले संस्कृतका 'जगत्, विद्वान्, राजन्' जस्ता हलन्त भएका शब्दबाट पनि हलन्त बहिष्कार गर्न सके हुन्थ्यो । अहिले नेपाली भाषाको लेखाईमा यस्ता शब्द कसैले खुट्टो काटेर लेख्ने कसैले खुट्टो नकाटी लेख्ने अनि कसैले मन परी गर्ने विधिति रहेको छ ।

(घ) गोभाप्रस, पुष्कर शमसेर र नेकशुले

चन्द्र शमसेरको पालामा खुलेको 'गोभाप्रस' ले जुद्ध शमसेरका पालामा नेपाली भाषामा प्रकाशन समिति भन्ने नाम पायो र राजा महेन्द्रका पालामा त्यसको नाम फेरिएर साझा प्रकाशन भयो । यसरी साझा प्रकाशनको झन्डै १०० वर्षको इतिहासमा जुद्ध शमसेरका पालामा यस संस्थाले 'नेपाली कसरी शुद्ध लेख्ने ? भन्ने पुस्तिका निकाल्यो । नेपाली हिज्जेलाई नियमित गर्ने सबभन्दा सशक्त प्रयास त्यही नै थियो, किन भने राणा शासनमा साइनबोर्ड लेख्न पनि 'गोभाप्रस' सित अनुमति लिनु पर्थ्यो, (जनकलाल शर्मा २०६०) । तारानाथ शर्मा (कुराकानी) को भनाई अनुसार साझा प्रकाशनले २०२५ साल तिर 'नेकशुले' लाई अद्यावधिक गर्न चाहयो, तर त्यति बेलाको पञ्चायती सरकार राणा सरकार जत्तिको शक्तिशाली थिएन । साझा प्रकाशनको त्यस गोष्ठीमा विद्वानहरू बीच सहमति नै हुन सकेन ।

नेपाली हिज्जेलाई नियमित गर्ने चौथो प्रयास गोरखा भाषा प्रकाशिनी समितिले बनाएको 'नेपाली कसरी शुद्ध लेख्ने ? (१९९२) भन्ने पुस्तिका हो । अनि नेपाली हिज्जेलाई नियमित गर्ने त्यो नै पहिलो संस्थागत प्रयास पनि हो । यस प्रयासमा विशेषगरी पुष्कर शमसेरको हात देखिन्छ, किन भने, 'नेकशुले' र पुष्कर शमसेर (२००१) को हिज्जेको नियम झन्डै अक्षरशः मिल्छ । नेपाली हिज्जेलाई नियमित गर्ने त्यो प्रयास नै सबभन्दा सफल भयो ।

नेपाली हिज्जेलाई नियमित गर्ने केही व्यक्तिगत र संस्थागत प्रयास पुष्कर शमसेर (२००१), झर्रोवादी आन्दोलन (२०१३), श्यामप्रसाद शर्मा (२०१६), रूपरेखा पत्रिका (२०१७), रामराज पन्त (२०१८), साझा प्रकाशन (२०२५), शिवराज आचार्य (२०३०), मोहनराज शर्मा (२०३५) मुकुन्द शरण उपाध्याय (२०१७, २०३६) हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई (२०६१), आदिले गरेका छन् ।

(ङ) त्रिवि, पाविके, अनेशिनि, नेराप्रप्र, नेबृश, दाहाल र बालकृष्ण पोखरेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आगन्तुक शब्दहरूको लेखाइमा ऋकार, अनुस्वार, ञकार, णकार, शकार, षकार, क्ष र ज्ञ नलेख्ने, उकार ह्रस्व मात्रै लेख्ने इकार धेरै जसो नेपाली शब्दमा भए जस्तै गर्ने सहमति र प्रस्ताव वल्लभमणि दाहालको नेतृत्वमा त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रको संयोजनमा अधिराज्यभरका अनिवार्य नेपाली पढाउने शिक्षकहरूका राष्ट्रिय अधिवेशन र राष्ट्रिय तथा क्षेत्रीय अभिमुखीकरण कार्यशाला गोष्ठीहरूमा (२०३४-२०४६) पारित भयो । 'अनिवार्य नेपाली शिक्षण निर्देशिका' र 'नेपाली बृहत् शब्द कोश' (२०४०) तिनै सहमतिहरूका दस्तावेज हुन् ।

रासस‌को शैली पुस्तिका र गोरखापत्रको शैली पुस्तिका र पाठ्यक्रम विकास केन्द्र (सानो ठिमी) को शैली पुस्तिका जस्ता केही प्रयास पनि फाटफुट भएका छन् ।

(च) अपर्णा पोखरेल, पदयोगको समस्या र चन्द्रगढी घोषणा पत्र

नेपाली हिज्जेमा भएको पदयोग र पदवियोगको समस्याको समाधानका लागि अपर्णा पोखरेल (२०६४, २०६५) को अनुसन्धान उल्लेखनीय छ। अपर्णाका अनुसन्धानको निष्कर्ष अनुसार शब्द कोशमा फरक प्रविष्टि पाउने र व्याकरणबाट सिद्ध हुने दुईटा शब्द छुट्याउँदा शब्द कोशमा नभेटिने र ब्याकरणबाट सिद्ध नहुने शब्दको अवशेष उभ्रिँदैन भने, त्यस्ता हरेक शब्द छुट्याउनु ठीक छ । यस आधारमा विभक्ति र नामयोगी पनि छुट्याउनु पर्ने देखिन्छ । विभक्ति पनि छुट्याउने प्रस्ताव नेपालीमा सबैभन्दा पहिले मुकुन्दशरण उपाध्याय (२०१७) ले ल्याएका हुन् ।

नेपाली हिज्जेमा एकरूपता ल्याउने पछिल्लो प्रयास भर्रोवादी चूडामणि रेग्मीको जन्म दिनको उपलक्ष्यमा भेला भएका भाषाविद्, शिक्षाविद्, लेखक र साहित्यकारहरूको भेलामा चन्द्रगढीबाट जारी गरेको झापा घोषणा पत्र (२०६६) हो ।

५. नेपाली हिज्जे नियमित गर्ने प्रयास असफल

हिज्जेमा एकरूपता ल्याउन 'गोभाप्रस' बाहेक शसक्त रूपमा अर्को कुनै संस्था प्रभावकारी भएको छैन । यसमा कि त 'गोभाप्रस' को उत्तराधिकारी संस्था 'साझा प्रकाशन' ले, कि त 'भाषानुवाद परिषद्' को उत्तराधिकारी संस्था 'नेपाल प्रज्ञा प्रतिष्ठान' ले, कि त जनस्तरमा नेपाली भाषाका उत्थानमा सबभन्दा ठूलो योगदान गर्ने, 'नेपाली शिक्षा परिषद्' ले, कि त देशको सबैभन्दा ठूलो प्राज्ञिक संस्था 'त्रिभुवन विश्वविद्यालय' ले नेपाली हिज्जेको एकरूपतामा निर्णयात्मक पाइलो चाल्न सक्नुपर्थ्यो, तर यी सबै संस्था र यी संस्थामा आबद्ध भएका र स्वतन्त्र व्याकरणकार, कोशकार, भाषाविद् र विद्वानहरू यस काममा सफल भएका देखिँदैनन् । माथि लेखो गरिएका सबै आधिकारिक संस्था र व्यक्तिका बीचमा सहमति गराउने एउटा संस्थागत प्रयास हुनुपर्‍यो । नेपाली लेखाइको एकरूपता अहिलेको गम्भीर समस्या हो । नेपाली हिज्जेको असफलताका मूल कारण नै विद्वान्हरू बीच असहमति अहिले नेपाली भाषाको हिज्जेमा एकरूपता ल्याउन नसक्नाको मूल कारण नेपाली विषयकै विद्वान्हरूमा सहमति हुन नसकेर हो । यस कुरामा त्रिभुवन विश्वविद्यालय वा प्रज्ञा प्रतिष्ठान जस्तो कुनै एउटा आधिकारिक संस्थाले ती विद्वान्हरू बीचमा सहमतिको टुङ्गो लगाउनु पर्ने खाँचो छ । यसै भेलामा सामेल भएका नेपाली भाषाका वरिष्ठ विद्वान्हरूलाई एउटै अनुच्छेदमा श्रुति लेखन गर्न लगायो भने विद्वान्हरूका बीचमा नेपाली लेखाइमा अनेकरूपता भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रष्टसँग देख्न सकिन्छ। यसै समस्याले गर्दा नेपाली विषयकै एउटा वरिष्ठ प्राध्यापकले लेखेक लेखोटको हिज्जे अर्को जुनसुकै तहको नेपाली शिक्षक, सम्पादक, पत्रकार, टाइपिस्ट प्रुफरिडरले समेत फेरि दिने भाँडभैलो नेपाली लेखाईका सांस्कृतिक साम्राज्यमा कायम छ यस्तो बिथिति कायम भए पनि नेपाली व्याकरणका वरिष्ठ र शब्द शुद्धिका नियन्ताहरू नेपाल लेखाइमा एकरूपता ल्याउने अचुक उपायमा सहमति नगरेर आ-आफ्नै हिज्जेका नियम हो कि बेनियममा रमाइरहेका छन्। (कार्यशाला प्रश्न- १)

संस्कृत शब्दको हिज्जे नै नियमवादीहरूका लागि सबभन्दा ठूलो असाध्य हाँक

(क) **उपमहाद्वीपको संस्कृत शिक्षणमा उच्चारण नसिकाउने परम्परा दोषी**

नेपालीका ती पहिलो चरणका व्याकरणहरूले उच्चारण जस्तो गरे पनि संस्कृ शब्दलाई संस्कृतकै हिज्जे अनुसार लेख्नुपर्छ भन्ने नियम बनाउने पनि गम्भीर कारण थियो पाश्चात्य जगतमा ध्वनि विज्ञानको जन्म नै लन्दनको गुरुकुलका भाषा वैज्ञानिकहरूले वैदिव प्रातिशाख्यहरूको अध्ययन गरेपछि भएको (फर्थ १९३४ ई) भए पनि, भारतीय उपमहाद्वीपक संस्कृत विद्यालय र विश्वविद्यालयहरूमा संस्कृतको मानक उच्चारण अहिलेसम्म कतै पनि सिकाइँदैन। तिनीहरू संस्कृत पनि आ-आफ्नै मातृभाषाका वर्णमाला प्रयोग गरेर उच्चारण गर्छन्, त्यसैले 'असमका पण्डितले दिएको उपदेश नलिनू' भन्ने एउटा उखानै चलेको छ असमिया भाषाका वक्ताले सकारको उच्चारण हकार गर्छन्, त्यसैले उनीहरूले 'शतायु भव (सय वर्ष बाँच !) भन्ने आसिक दिन चाहे भने, नचाहँदा नचाहँदै पनि 'हतायु भव' (ठहरै मर) भन्ने आसिक दिन पुग्छन्।

(ख) **विद्यार्थीलाई बोल्नु नेपालीमा लेख्नु संस्कृतमा पर्ने समस्या**

विरेन्द्रकेसरी अर्ज्याल, राममणि आदी र सोमनाथ सिग्द्याल जस्ता नेपाली व्याकरणक प्रणेताहरू आधारभुत रूपमा वाराणसीको गुरुकुलका उत्पादन भएकाले (र नेपालका संस्कृत विद्यालय र विश्व विद्यालय पनि त्यसै गुरुकुलको विस्तार भएकाले) नेपालीका संस्कृत पण्डितहरू पनि संस्कृत शब्दको उच्चारण नेपाली वर्ण व्याकरण अनुसार गर्न बानी परेका छन्। उनीहरूको त्यही कमजोरी अनुसार उनीहरू नेपालीमा लेखिने संस्कृत शब्दको हिज्जे समेत उच्चारण नेपाली गरे पनि संस्कृतकै जस्तो राख्नु पर्ने वकालत गर्न पुग्छन्। विद्यार्थीहरूलाई नियमका आधारमा नेपाली हिज्जे सिकाउन नसकिने सबभन्दा गम्भीर समस्या यसै कारणले बनेको छ।

नेपालीका ती प्रथम चरणका व्याकरणकारहरू संस्कृतका यी वर्ण ('ई, ऊ, ऋ, अं, अः च, छ, ज, झ, ट, ठ, ड, ढ, ण, य, व, श, ष') र व्यञ्जन संयोग ('क्ष, ज्ञ') हरू नेपाली भाषामा नभए पनि नेपाली लेखनमा अनिवार्य रूपले राख्नै पर्ने वकालत गर्छन्। नेपाली भाषाका विद्यार्थी, गुरु र लेखकहरूलाई नेपाली हिज्जेका गोरखधन्दामा अड्काउने र अल्मल्याउने मूल कारण तिनै आदि गुरुहरूको संस्कृतको मानक उच्चारणको कमजोरी हो। आज पनि तथाकथित नेपाली वर्णमालामा संस्कृत पण्डितहरूले पनि शुद्ध उच्चारण गर्न नसक्ने तिनै संस्कृत भाषाका वर्ण र व्यञ्जन वर्ण संयोगहरू पढाउने परिपाटि वा रूढि नेपाली पठन पाठन र लेखनमा छँदै छ। यस समस्याले गर्दा नेपाली विद्यार्थीहरूले बोल्दा संस्कृत शब्द बोल्नुपर्ने तर लेख्दा भने नेपालीमा लेख्नु पर्ने भइरहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. नेपाली हिज्जे सिकाउने दुईवटा विकल्प, नियमवाद र अभ्यासवाद

उच्चारण नेपालीको जस्तो गरे पनि संस्कृत शब्दले हिज्जे संस्कृतकै जस्तो लेख्ने प्रस्ताव (अभ्यासवादी प्रस्ताव) नै सिमित नियमहरूका आधारमा नेपाली हिज्जेलाई सरलीकरण र एकरूपीकरण गर्ने (नियमवादी प्रस्ताव) नेपाली भाषाको शिक्षणमा प्रचलित प्रस्तावको विरुद्ध तेर्सिएको सबभन्दा कठिन र असाध्य तघारो हो। नेपाली हिज्जेलाई नियमित र सरलीकरण गर्न खोज्ने बाटामा यी दुईटा प्रस्ताव नै परस्पर विरोधी छन्। यी दुइटै परस्पर विरोधी प्रस्तावलाई मानेर नेपाली लेखनलाई सरल र नियमित बनाउनै सकिँदैन, तर नेपाली हिज्जे सिकाउने अहिलेसम्मका परम्पराको ढिप्पी भने त्यही छ। नेपाली हिज्जेलाई व्यवस्थित गर्न कि अभ्यासवादलाई छोडेर नियमवाद रोज्नु पर्छ, कि त नियमवादलाई छोडेर अभ्यासवाद रोज्नु पर्छ।

(क) सबै तत्सम र आगन्तुक शब्द नेपाली वर्ण मात्र प्रयोग गरेर लेख्ने (नियमवादी मार्ग)

(ख) स्रोत भाषाकै वर्ण प्रयोग गरेर लेख्ने (अभ्यासवादी मार्ग)

(अ) संस्कृत र आगन्तुक शब्द स्रोत भाषाकै हिज्जे अनुसार लेख्ने (अभ्यासवादी मार्ग)

(आ) संस्कृत शब्द मात्र स्रोत भाषाको हिज्जे अनुसार लेख्ने।

नियमवादलाई रोजेर खालि नियमहरूका आधारमा मात्र नेपाली लेखाईलाई व्यवस्थित गर्ने हो भने, नेपालीमा प्रयोग हुने सबै संस्कृत र आगन्तुक शब्दलाई नेपाली वर्णको उच्चारण अनुसार लेख्ने पारिपाटि बसाल्नु पर्छ। यसो गर्दा नेपालीको लेखाईबाट इकार र उकारका ह्रस्व दीर्घको फरक छुट्याउने प्रथा, विसर्ग लेख्ने प्रथा, अनुस्वार लेख्ने प्रथा र ऋ, ञ, ण, व (तल थोप्ली .व होइन) श, ष, क्ष, ज्ञ' हटाउनु पर्छ। नेपाली हिज्जेबाट यी वर्णहरूलाई स्वात्तै हटाउन सके नेपाली हिज्जेलाई नेपाली वर्ण विन्यास भन्न सकिन्थ्यो र नेपाली वर्णको पठन, पाठन र लेखन सजिलो र वैज्ञानिक हुन्थ्यो, तर यस गोष्ठीले पनि त्यति क्रान्तिकारी निर्णय गर्न सक्ला भन्ने विश्वास पटक्कै गर्न सकिँदैन।

यस समस्याको गहिराईमा पसेर समाधान खोज्न नेपाल र भारतका संस्कृत विश्व विद्यालयहरूमा प्रतिशाख्यहरूको अध्ययन, अध्यापन र अभ्यास गराएर संस्कृत भाषाको मानक उच्चारण ठम्याएर पढाउने परिपाटिको थालनी गर्न पहल गर्नु पर्ला। त्यो नहोउञ्जेल भारतीय उपमहाद्वीपको संस्कृत उच्चारणमा एकरूपता पनि नहुने भयो र त्यस्तो एकरूपता नभएसम्म संस्कृत शब्दको शुद्ध उच्चारण गर्न नसक्नेहरूले नेपाली भाषामा प्रयोग भएका संस्कृत शब्दको वर्णात्मक लेखन गर्ने समस्या तेर्स्याई राख्ने सम्भावना छ। संस्कृतको मानक उच्चारण पढाउन थाल्नु पऱ्यो।

उच्चारण नेपालीको जस्तो गरे पनि संस्कृतकै जस्तो हिज्जे कायम राख्ने बाटो रोज्ने हो भने, सीमित नियमहरूको आधारमा संस्कृत भाषाका नेपालीमा प्रचलित सबै शब्दहरू जस्ताको तस्तै शुद्ध बनाउन त पाणिनिलाई जिउँताए पनि असम्भव छ। त्यस अवस्थामा नियमवादलाई नरोजेर अभ्यासवादलाई नरोजी सुख छैन। नियमबाट नेपाली भाषाको प्रचलित हिज्जे सिकाउन सकिन्छ भन्ने भ्रमलाई आजैदेखि सिध्याउनु पर्छ र जुन विधिबाट अङ्ग्रेजीको हिज्जे सिकाइन्छ, त्यसै अभ्यास विधिबाट नेपाली भाषाको हिज्जे पनि विद्यार्थी र शिक्षकलाई आत्म विश्वास हुने गरी सिकाउन सकिन्छ। त्यसो भयो भने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(क) संस्कृत, आगन्तुक र नेपाली शब्द सबैको हिज्जेलाई एकनासको व्यवहार पुग्छ,

(ख) पहिलो कक्षामै नेपाली भाषा शुद्ध लेख्न सिक्न फलानो फलानो शब्द संस्कृत, आगन्तु र नेपाली ठेट शब्द हो भनेर विद्यार्थीले चिनिराख्नु पर्दैन ।

(ग) नेपाली भाषामा प्रयोग हुने संस्कृत शब्द शुद्धसित लेख्न पहिलो कक्षादेखिकै विद्यार्थी पहिल्यै पाणिनीय संस्कृतको पण्डित हुनुपर्दैन

(घ) (शहीद, शाह, राणा र श्रीपेच जस्ता) आगन्तुक शब्दको शुद्ध हिज्जे लेख्न सिः त्यस्ता शब्दका नानाभाँती समाज भाषा वैज्ञानिक लगतको जानकारी राखिरहनु प पर्दैन ।

(ङ) नेपाली भाषा शुद्धसित सिक्न र सिकाउन शब्दको (क्षतिपूरक दीर्घीभवन जस्तो ऐतिहासिक वर्ण विज्ञानको नियम पनि पहिलो कक्षादेखि नै जान्नु पर्दैन ।

(च) नेपाली भाषा ठीकसित लेख्न पहिलो कक्षादेखिकै विद्यार्थीले नेपाली भाषाको शब्द व जानिरहनु पर्दैन ।

(छ) कुन शब्द धेरै प्रचलित भएर तद्भव तुल्य भएको हो, कुन शब्द थोरै प्रचलित हो भ कुरो पहिलो कक्षादेखि नै नेपाली सिक्ता र सिकाउँदा छुट्याउन सक्नु पर्दैन ।

(ज) अव्यय, विभक्ति र निपात सबै ह्रस्व नभएर किन, 'लाई' र 'हरू' चाहिँ दीर्घ लेख्ने भ जान्नु पर्दैन,

(झ) 'मङ्सीर' र 'दीघो' वा 'दीगो' शब्द किन त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विका केन्द्रको शिक्षण निर्देशिका अनुसार क्षतिपूरक दीर्घीभवन भएर दीर्घ लेख्नु पर्ने अनि कि 'नेपाली बृहत् शब्द कोश' र हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराईको कोश अनुसार ह्रस्व लेख्ने भन्ने अलमलमा पहिलो कक्षादेखि कै विद्यार्थीले परिरहनु पर्दैन ।

(ञ) 'उन्नाइस', 'सत्ताइस' र 'अट्ठाइस' जस्ता सङ्ख्या वाचक शब्दको इकार किन अनेशि अनुसार दीर्घ लेख्नु पर्ने अनि नेबृश अनुसार ह्रस्व लेख्नु पर्ने भन्ने कुरामा पहिलो कक्षादेखिकै विद्यार्थीले अल्मलिनु पर्दैन ।

(ट) आगन्तुक शब्दको हिज्जे 'नेपाली नियम' (?) लाग्छ भने पनि किन नेबृशमा 'जीत' शब्द दीर्घ भयो भन्ने अल्मलमा पहिलो कक्षादेखिकै विद्यार्थीले पर्नुपर्दैन ।

(ठ) कुन सिद्धान्तका आधारमा नेबृशका अनेक संस्करणको हिज्जेमा परिवर्तन भइरहेको ह भन्ने प्रश्न गारो हुने थिएन ।

(ड) किन एउटा नेपाली भाषाका विद्वान्ले लेखेको हिज्जे नेपाली भाषाको अर्को विद्वान् मात्र नभएर टाइपिस्ट, प्रुफरिडर र सम्पादक आदि जो सुकैले पनि बदलिदिन्छन् भन्ने भाँडभैलाको रसरङ्ग देखिराख्नु पर्ने थिएन ।

(ढ) किन एउटै लेखकले एउटै पदावलीमा भएका शब्दहरू कहिले पदयोग गर्छ कहिले पद वियोग गर्छ, कहिले बीचको शब्दलाई देब्रे तिरको शब्दसित जोड्छ, कहिले दाहिनेतिरको शब्दसित जोड्छ, शब्द जोड्दा पनि कहिले योजक चिन्ह राख्छ कहिले एउटै डिको मुनी लेख्छ भन्ने समस्यासित प्राथमिक तहको पहिलो कक्षादेखिक शिक्षकले रनभुल्लमा पर्नु पर्ने थिएन ।

सन १९९२ मा भारतीय संविधानको आठौं अनुसूचीमा गाभिए पछि नेपाली भाष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्राष्ट्रिय भाषा भएको छ। अब राजनीतिक सीमा वारि वा पारिको नेपाली भाषा लेखाइमा पनि एकरूपता ल्याउनु पर्ने खाँचो छ। त्यसका लागि दुवै देशका आधिकारिक निकायहरू जोडेर नेपाल र भारतका नेपाली भाषाका मर्मज्ञहरूका बीचमा सघन अन्तरक्रिया गर्ने एउटा अन्तरराष्ट्रिय गोष्ठीको खाँचो छ। वर्णहरूको नियम हुँदैन, सवर्णहरूको मात्र नियम हुन्छ, त्यसैले नेपाली हिज्जेको समस्यालाई वर्ण विन्यासको समस्या नभनेर हिज्जेको समस्या भन्नु पर्छ। वर्ण विन्यास भन्ने पदावलीलाई आजैदेखि अन्त्य गर्नु पर्छ।

७. सन्दर्भ सूची

- हेमाङ्गराज अधिकारी र बद्रीबिशाल भट्टराई, सं. २०६१. प्रयोगात्मक नेपाली शब्दकोश काठमाडौं : विद्यार्थी पुस्तक भण्डार,
- शिवराज आचार्य, २०३०, हाम्रो वर्णोच्चारण शिक्षा, काठमाडौं : स्वाध्यायशाला
- उपाध्यक्ष्य, मुकुन्दशरण. २०१७ वरदान (धार्मिक उपन्यास) वृदावन : सर्वेश्वर प्रेस
- उपाध्याय, मुकुन्दशरण. २०२७. नेपाली भाषाको लेखाई छपाई, गण्डकी साप्ताहिक
- खरेल केसी, प्रेरणा, २०५८ वीरेन्द्रकेसरी अर्यालका व्याकरणको समीक्षा, काठमाडौं : लक्ष्मण खराल,
- नेपाल, शैलेन्दु प्रकाशन, २०५०, राममणि आ.दी : व्यक्ति र कृति, काठमाडौं : सिर्जना प्रकाशन
- नेपाली कसरी शुद्ध लेख्ने ? काठमाडौं : नेभाप्रस.
- पौडेल, लेखनाथ १९७१ ऋतुविचार, काठमाडौं नेभाप्रस
- दाहाल, बल्लभमणि र अरू, २०३९, अनिवार्य नेपाली शिक्षण निर्देशन, लिथो, काठमाडौं, त्रिवि, पाविके
- दीक्षिताचार्य, विश्वमणि, १९६९, नेपाली व्याकरण बोध, बम्बई : वेंकटेश्वर प्रेस
- पण्डित हेमराज, १९६९ चन्द्रिका गोराखा भाषा व्याकारण, काठमाडौं : ढोकाटोल प्रेस
- पन्त, रामराज (२०१८) भाषा विज्ञानको इतिहास, काठमाडौं : लेखक
- पोखरेल, अपर्णा, २०६५, नेपाली भाषामा पदयोगी र पदवियोगको समस्या, काठमाडौं : कमल दीक्षित
- पोखरेल, बालकृष्ण. सं. २०४० नेपाली बृहत् शब्दकोश, काठमाडौं, नेराप्रप्र
- पोखरेल, माधवप्रसाद र सुमन ढकाल, सं. २०६० जनकलाल शर्माका सस्मरण, काठमाडौं : साझा प्रकाशन
- पोखरेल शैलजा, नेपाली बृहत् शब्दकोशका वर्णविन्यासको समीक्षा, ललितपुर : जगदम्बा प्रकाशन
- शमसेर, पुष्कर (२००१) नेपाली सजिलो व्याकरण, काठमाडौं, नेभाप्रस
- शर्मा, मोहनराज (२०३५) शब्दरचना र वर्णविन्यास. काठमाडौं, त्रिवि, पाविके
- सिंह, जयपृथिवी बहादुर, १९६९, प्राकृत व्याकरण, काठमाडौं : गोरखापत्र छापाखाना
- Ayton, James A 1820. A grammer of the Nepali Language. Calcutta: Philip Peraira
- Firth, J.R. 1934. The word 'phoneme' Papers in lingustics. 1957. London : OUP.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भिन्त्र्याइएका शब्द र चलनचल्तीमा अशुद्ध शब्द

डा. महेशराज पन्त

भारतमा मुसलमानी शासन आएपछि अरबी, फारसी र तुर्की भाषाका शब्द नव्य भारतीय भाषाहरूमा चल्न थाले। त्यसैले क्रमश विदेशी भाषाका शब्द नव्य भारतीय भाषाका अभिन्न अङ्ग बन्न गए। परिणामस्वरूप 'काजी', 'सरदार', 'सूबेदार', 'अदालत', 'दीवानी', 'फौजदारी' जस्ता शब्द हाम्रा भाषामा भिजे। त्यति मात्र होइन, लोकभाषा नभए पनि विद्वद्भाषाको रूपमा प्रतिष्ठित संस्कृतमा सुद्धा त्यस्ता विदेशी शब्दलाई संस्कृतको रङ्ग दिई भिन्त्र्याएको दृष्टान्तको रूपमा 'सुल्तान'लाई 'सुरत्राण' र 'तुर्क'लाई 'तुरुष्क' बनाएकोतर्फ औंल्याउन सकिन्छ अझ अगाडि जाने हो भने, ग्रीक भाषाका शब्द हाम्रो ज्योतिषशास्त्रमा चलेका देखिन्छन् उदाहरणको लागि, संस्कृतको 'हेलि' शब्द ग्रीक भाषाको तत्सम र 'केन्द्र'चाँहि तद्भव शब्द हो। भारतमा मुसलमानी शासन हुँदा मुसलमानी भाषाका शब्द त्यहाँका आधुनिक भाषामा चले जस्तै, यूरोपियनहरूको प्रवेश भएपछि यूरोपियन भाषाका शब्द कहिले तत्सम र कहिले तद्भवको रूपमा ती भाषामा चल्न थाले। उदाहरणको लागि, 'साबुन', 'आल्मारी', 'इस्त्री', 'अजिटन', 'कर्नेल', 'जर्नेल', 'कम्पनी', 'मास्टर' जस्ता शब्द ती भाषामा भित्रिए। कहिले कहिले त्यही भाषाको शब्द चलाउँदा चलाउँदै पनि अर्थ स्पष्ट पार्न पोर्चुगीज भाषामा 'रोटी' बुझाउने 'पाउ' शब्दमा त्यसको पर्याय 'रोटी' पनि जोडी 'पाउरोटी' जस्ता शब्द चलनचल्तीमा आए। यसै गरी अङ्ग्रेजी शासनकालमा थुप्रै अङ्ग्रेजी शब्द नव्य भारतीय भाषाहरूमा भित्रिए।

नेपालमा मुसलमानले र अङ्ग्रेजले शासन नगरे पनि छिमेकी भारतसँगको सम्पर्कले त्यस्ता शब्द हाम्रा भाषामा प्रशस्त भित्रिएका छन्। भारतको मुटुमा मुसलमानी शासन चल्दा नेपालको मुटुमा नेवारराज्य चलिरहेको थियो। मुसलमानी भेषभूषा जस्तै, मुसलमानी भाषाका शब्द पनि क्रमशः नेवारी भाषाका अविभाज्य अङ्ग भएर यहाँ घुस्न थाले (गौतमवज्र बज्राचार्य 'नेवारी भाषामा फारसी अरबी आदि मुसलमानी भाषाको प्रभाव', 'पूर्णिमा' १ पूर्णाङ्क, २०२१ ३३-४६ पृ.)। गोरखा राज्यको विस्तार हुँदै गएपछि मुसलमानी शब्द नेपाली भाषामा भित्रिने क्रम झन् बढ्दै गयो (टङ्कमणि नेपाल आदि, 'नेपाली भाषामा प्रयुक्त अरबेली र फारसेली आगन्तुक शब्दहरूको अध्ययन', अप्रकाशित प्रतिवेदन, २०३८)।

'विजेताको चाल-चलनको विजितहरू वा विजित मनोवृत्ति भएकाहरू नक्कल गर्छन्' (भोलानाथ पौडेल र धनवज्र बज्राचार्यद्वारा सम्पादित 'गल्लीमा फ्याँकिएका कसिङ्गर', जगदम्बा-प्रकाशन, ललितपुर, २०१८ मा 'उपोद्घात', १२१ पृ.) भनी नयराज पन्त (वि.सं. १९७०-२०५९) ले भने जस्तै, राजाका उत्तराधिकारीलाई बुझाउन 'युवराज' शब्द प्राचीन

लेखक इतिहासकार तथा अनुसन्धाता विद्वान् हुनुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालदेखि चलेर आएको भए पनि त्यही अर्थ बुझाउने, अरबी भाषाको 'वलीअहद' शब्द हाम्रो भाषामा चल्न लाग्यो। विदेशी भाषाको शब्द नेपाली भाषामा ठीकसँग उच्चारण गर्न नसक्दा 'पति परलोक भएकी राजमाता'लाई बुझाउने अङ्ग्रेजी शब्द 'डाउअज क्वीन्'को 'टावर महारानी' भए जस्तै 'वलीअहद'को 'वलेट महाराज' हुन पुग्यो।

भारतमा अङ्ग्रेजी शासन चल्दै गएपछि भने खोला फर्कन लाग्यो। खुलाएर भन्दा, पहिले लोकभाषामा विदेशी शब्द भित्रिन्थे भने अब विदेशी शब्दलाई आधुनिक भाषाहरूको उपजीव्य भाषा संस्कृतबाट शब्दनिर्माण गर्ने परम्परा चल्यो। यसैले, भारत स्वतन्त्र भएपछि अङ्ग्रेजी शासनसँगै आएको अङ्ग्रेजी भाषाको ठाउँमा भारतीय भाषालाई राजकीय भाषा बनाउने लहर चल्यो र त्यसको नजीकको उम्मेदवार संस्कृतबहुल हिन्दीले अङ्ग्रेजीको ठाउँ लिने सम्भावना बढ्यो। अनि शासनमा चलेका अङ्ग्रेजी शब्दको ठाउँमा हिन्दी र अरू भारतीय भाषामा पनि त्यस्ता शब्दको उपयोग गर्ने उद्देश्यले अङ्ग्रेजी ढङ्गले संस्कृत पढेका रघुवीर (वि.सं. १९५९-२०२०) को मातहतमा संस्कृतभाषामा शब्द रच्ने प्रक्रिया चल्यो। यसको परिणाम डेढ लाख शब्द भएको अङ्ग्रेजी-हिन्दी कोष निस्कियो (रघुवीर, 'अ कम्प्रिहेन्सिभ् इङ्ग्लिश्-हिन्डी डिक्शन्अरि अफ गभ्अर्न्मेन्टल् यान्ड् एड्युकेशनल् वर्डज् यान्ड् फ्रेज्इज्', इन्टर्न्याश्अन्अल अक्याड्इम्इ अफ इन्डिअन कल्चर, नयाँ दिल्ली, ई.सं. १९७३)। तर संस्कृतभाषाको व्याकरणमा रघुवीरको र उनका सहयोगीहरूको पैठ नभएकोले होला, त्यस कोषमा संस्कृतव्याकरणबाट सिद्ध नहुने शब्द परेकाले संस्कृत व्याकरणमा पैठ भएकालाई त्यस कोषले सन्तुष्ट पार्न सकेन (महेशराज पन्त, 'अन् स्यान्स्क्रिट् एडयुकेशन्', काठमाडौँ, ई.सं. १९७९, १०७-१०८ पृ.)। संस्कृतको अधकल्चो ज्ञानले गर्दा 'पञ्चवर्षीय' योजना जस्ता अशुद्ध शब्द भारतमा चले र त्यस्ता शब्द हाम्रो भाषामा पनि चल्न थाले। व्याकरणका सूत्र उद्धृत गरी 'पूरा भइसकेको योजनालाई 'पञ्चवर्षीण' 'पञ्चवार्षिक' वा 'पञ्चवर्ष' योजना भनी लेख्नुपर्दछ। पूरा हुन बाँकी योजनालाई 'पाञ्चवर्षिक', 'पञ्चवर्षीण', 'पञ्चवर्ष' योजना भनी लेख्नुपर्दछ' ('हाम्रो उद्देश्य र कार्यप्रणाली', खिलशर्म-राजीवलोचन जोशी स्मारक प्रतिष्ठान, काठमाडौँ, २०५९, ५८ पृ.) भनी नयराज पन्तले लेखेको कुराको सम्झना हुन्छ।

पाश्चात्य भाषाका शब्दलाई संस्कृतमा भाषान्तर गर्न संस्कृतको जुन तहको ज्ञान चाहिन्थ्यो, त्यो तहको ज्ञान भएका मानिसको हातबाट शब्द बनाउने काम नभएकोले शब्दको निकै बिजोग भएको छ। उदाहरणको लागि, हाम्रा भाषामा अत्यन्त प्रयोगमा आउने 'नागरिक' वा 'नागरिकता' शब्द नै लिऊँ। ग्रीसमा नगरराज्य भएकाले 'शहर' बुझाउने 'पोलिस्' शब्दले 'मुलुकको बासिन्दा' पनि बुझाउँथ्यो। 'पोलिस्'को ल्याटिन उल्था 'सिभिस्' र 'सिभिस्'को अङ्ग्रेजी उल्था 'सिटिजन्' भएकोले ती शब्दले 'मुलुकको बासिन्दा' बुझाउँछ। 'सिटिजन्' शब्दको शाब्दिक अर्थ गर्ने हो भने, यसको अर्थ 'शहरको बासिन्दा' हुन्छ भन्ने माथि लेखिएका कुराबाट स्पष्ट भइसकेको छ। यसो भए पनि, 'सिटिजन्'को संस्कृत बनाउँदा हाम्रा संस्कृतज्ञहरूले संस्कृतवाङ्मयमा चल्दै आएको 'पौर' र 'जानपद' शब्द नसम्झी 'सिटिजन्'को ठयाक्क अर्थ गर्ने कोशिश गरी 'नागरिक' शब्द चलाइदिए। तर 'नागरिक' शब्द चलाउँदा संस्कृत व्याकरणबाट त्यो शब्द बन्दै बन्दैन, 'नागर' वा 'नागरक' मात्र बन्छ भन्ने हेक्कासम्म पनि राख्न तिनीहरूले सकेनन्। त्यसमाथि, 'नागर'ले बढीमा 'शहरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बासिन्दा' मात्र बुझाउने हुनाले 'मुलुकभरको बासिन्दा' बुझाउन त्यसले सक्दैन। त्यसैले, 'जानपद' शब्द मात्र 'सिटिजन्'को पर्याय हुन सक्छ। मध्यकालको यूरोपको शासनपद्धति बुझाउन 'फ्यूडलिज्म्' शब्द अङ्रेजीमा चलेको छ। त्यो शब्द ल्याटिनमा 'बिर्ता'को अर्थमा चलेको 'फेओदम्'को तद्भव हो। 'फ्यूडल्' शब्दले मूलतः 'राजाबाट पाएको बिर्ता भोग गरी राजाको काममा खटिने मानिस' र 'फ्यूडलिज्म्' शब्दले त्यससम्बन्धी व्यवस्था बुझाउँछ। यसैले, वि.सं. १९०८ मा छापिएको, मोनियर मोनियर-विलियम्ज (वि.सं. १८७६-१९५५)को अङ्रेजी–संस्कृतकोषमा 'पूर्वकाले क्षेत्राधिकारविषये यो नियमस् तत्सम्बन्धी -न्धिनी -न्धि(न्) अर् क्षेत्रस्वामिक्षेत्राधिकारि-णोर् मध्ये यः स समयस् तद्विषयकः -का-कं' अर्थात् 'प्राचीन कालमा खेतको अधिकारको विषयमा जुन नियम थियो त्यससम्बन्धी, अथवा खेतका मालिक र खेतका अधिकारीको बीचमा जुन सम्झौता हुन्छ, त्यससम्बन्धी' भनी 'फ्यूडल्' शब्दको अर्थ लामो गरी दिइएको छ ('अ डिक्शन्अरि अफ इङ्लिश् यान्ड् स्यान्स्क्रिट्', अक्स्फोर्ड यूनिभरसिटि प्रेस, लन्डन, ई.सं. १८५१ मा 'फडल्' शब्द)।

तर अहिलेका, अङ्रेजी भाषाका शब्दका अर्थ हाम्रा भाषामा दिइएका कोषमा भने 'फ्यूडल्' शब्दको अर्थ 'सामन्त' र 'फ्यूडलिज्म्' शब्दको अर्थ 'सामन्तवाद' गरिएको छ। तर यस अर्थमा मूलतः एउटा तात्त्विक भेद छ। कुरा के भने, 'सामन्त' शब्दको मूल अर्थ 'कुनै राजाले अर्को राज्य जित्दा जितिएको राज्यका राजालाई थमौती गरी आफ्नो अधीनमा राखिएको, जित्ने राजालाई सिर्तो अर्थात् तिरो तिरी आफ्नो राज्यको भोग गरिआएको रजौटा' भन्ने हुन्छ। जस्तो कि, नेपालका शाह राजाहरूका रजौटा मुस्ताङ, बझाङ, जाजरकोट आदिका राजा नेपालका राजाका सामन्त कहिन्थे। 'फ्यूडल्' पनि हुन त ठूला राजाको अधीनकै हुन्, तर तिनी कुलक्रमागत होइनन्, तिनी त राजाद्वारा नियुक्त अधिकारी हुन्। यस कारण 'फ्यूडल्'को अर्थमा आजभोलि चलेको 'सामन्त' शब्दले ठीक अर्थ बुझाउन सक्दैन अर्थात् 'सामन्त'मा 'फ्यूडल्'को अभिधा छैन। यस्तो अवस्थामा कि हामीले विदेशी शब्द नै हाम्रो भाषामा भित्र्याउनुपर्थ्यो, कि संस्कृतवाङ्मयको आलोडन गरेर ठीक शब्दको चयन गर्न सक्नुपर्थ्यो, तर आफ्नो भाषाको शब्द भनी ठीक अर्थ नबुझाउने शब्द चलाउन हुँदैनथ्यो। पाश्चात्य शासनप्रणाली आएपछि 'कन्स्टिट्युशन्' शब्द पनि हाम्रा भाषामा भित्रियो। अनि त्यही 'कन्स्टिट्युशन्' शब्दलाई संस्कृतको चोगा पहिऱ्याई 'संविधान' भन्ने शब्द चलाइयो। 'संविधान' शब्द अङ्रेजी कन्स्टिट्युशन्'को शब्दशः जस्तो उल्था भएकोले 'कन्स्टिट्युशन्' शब्दको तात्पर्य बुझाउने शब्दको खोजी गर्दै जाँदा 'वैनयिक शास्त्र' हुनुपर्ने ठहर नयराज पन्तले गरे (महेशराज पन्त, 'भारतीय संविधानको नयराज पन्तले संस्कृत गद्यमा गरेको उल्था', 'पूर्णिमा' १२८ पूर्णाङ्क, २०६५, ३४८ पृ.)।

वि.सं. १८२८ देखि पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१, राज्यकाल वि.सं. १७९९-१८३१)को प्रशस्तिमा जोडिएर आएको 'बहादुर शमशेर जङ्ग' भन्ने पदवी दिल्लीका बादशाह द्वितीय शाह आलम (वि.सं. १७८५-१८६३, राज्यकाल वि.सं. १८१७-१८६३)ले उनलाई 'गोरखाको जमीनदार' भनी दिइएको प्रमाण फेला परेपछि देशाभिमानी राजा महेन्द्र (वि.सं. १९७७-२०२८, राज्यकाल वि.सं. २०११-२०२८)ले झण्डै २०० वर्षअघि १० पुस्तादेखि प्रशस्तिमा रहँदै आएको खिताब आफ्नो प्रशस्तिबाट वि.सं. २०१९ मा हटाए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(बाबुराम आचार्य, 'श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी' दोस्रो आवृत्ति, साझा प्रकाशन, ललितपुर, २०६१, ४८६-४९१ पृ.)। त्यसै क्रममा आफ्ना बाबु श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११, राज्यकाल वि.सं. १९६८-२०११)को प्रशस्तिमा भन्दा केही फरक पारी उनले 'अतिरथी' जस्ता शब्द जोडे। 'रथीभन्दा ठूला' भन्ने अर्थमा व्याकरणअनुसार 'अतिरथ' हुनुपर्नेमा अज्ञानवश 'अतिरथी' लेखिन गयो। त्यसै गरी, महेन्द्रले आफ्नो प्रशस्तिमा 'विविध विरुदावलीविराजमानमानोन्नत'पछि, 'परमनेपालप्रतापभास्कर'को अगाडि थपेको 'महेन्द्रमाला'को सम्बन्ध अगाडि र पछाडिका शब्दसँग मिलाउन सकिँदैन। महेन्द्रको प्रशस्तिको संशोधन र सेनामा चलेका अङ्ग्रेजी शब्दको संस्कृतीकरण चूडानाथ भट्टराय (वि.सं. १९७५-२०५३)ले गरेका हुन् भन्ने प्रचार छ। 'हामीले अमरसिंह र बलभद्रलाई विदा दिएपछि सेनामा अङ्ग्रेजी भाषा प्रवेश गरायौं तर धेरै पछि परम सेनाधिपति श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवबाट सेनामा सबै नेपाली र संस्कृत शब्दकै व्यवहार गराइ बक्सेर देशको सार्वभौमिक स्वतन्त्रतालाई चाहिने आफ्नोपन निगाहा भएर व्यक्तित्वको परिचय बक्स्यो' (चूडानाथ भट्टराय, 'हाम्रो परीक्षा–एक परिशीलन', 'हिमानी' ३ वर्ष १ अङ्क, २०२३, ४१-४२ पृ.) भनी महेन्द्रले गरेको यस कामको तारीफ उनले गरेकाले पनि संस्कृतीकरण उनकै हातबाट भएको अनुमान हुन्छ। संस्कृतका विद्वान् भनी कहलिएका भए पनि संस्कृतमा उनको त्यति अधिकार नभएको भन्ने कुरा उनकै लेखाइबाट सिद्ध गर्न सकिने हुनाले त्यस संस्कृतीकरणमा यस्तो गल्ती भएको हुनुपर्छ।

हाम्रा लेखाइमा चलेका अशुद्ध शब्दको विषयमा पहिले पहिले पनि धेरैले लेखिसकेका छन्। भाववाचक 'सौहार्द' शब्दमा फेरि भाववाचक 'ता' प्रत्यय जोडी 'सौहार्दता' जस्ता शब्दको प्रयोग गरेको अशुद्ध भयो भनी चूडानाथ भट्टरायले लेखेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ। तर त्यो लेख कहाँ छापिएको थियो भन्नेचाहिँ अहिले सम्झन सकिएन। २२ वर्षभन्दा अगाडि यस्तै विषयमा फणीन्द्र नेपाल (वि.सं. २०१५ मा जन्म)ले लेखेको लेखमा 'कान्तिपुर' दैनिकका कटिङको सूचीकरणको प्रसङ्गमा हालै आँखा पऱ्यो ('चलनचल्तीका केही अशुद्ध शब्दहरू', २०५२।६।२१।७, ख पृ.)। यस्तै विषयमा शरच्चन्द्र वस्ती (वि.सं. २०१३ मा जन्म)ले लेखेको 'नेपाली कसरी लेख्ने ?' पुस्तक यसै साल प्रकाशित भयो (ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लि., ललितपुर)। हाम्रो लेखाइमा चलेका अशुद्ध शब्दको वर्णक्रमले फेहरिस्त नै तयार गरी त्यसको शुद्ध रूप दिने प्रशंसनीय काम त्यस पुस्तकमा भएको छ।

तर शरच्चन्द्र वस्तीले मिहिनेत गरी तयार गरेको त्यस शब्दसूचीमा सबै शब्द नसमेटिएका मात्र होइनन्, उनले शुद्ध ठानेका, वास्तवमा अशुद्ध शब्द पनि त्यहाँ बाँकी छन्। ती सबै कुरा यस सानो लेखमा समेट्न सम्भव नभएकोले यस लेखको अन्त्यमा यस विषयमा केही कुरा मात्र लेखी चित्त बुझाउनुपरेको छ। 'अधेग्रो जाने' अर्थमा प्रयोग हुने 'गर्भपतन' शब्द भ्रूणहत्या किंवा 'गर्भपात'को अर्थमा हाम्रा लेखाइमा चलिरहेका छन्– 'अझै पनि परिवारको दबाबमा गर्भपतन' ('अन्नपूर्ण पोस्ट्', २०७४।७।९।५, ८ पृ.), 'गर्भपतनको औषधि जथाभाबी बिक्री' ('कान्तिपुर', २०७४।९।२४।२, ४ पृ.), 'गर्भपतन गराउनेमा किशोरी अधिक' ('नेपाल समाचारपत्र', २०७४।९।२४।२, ६ पृ.)। 'विस्तारो विग्रहो व्यासः स च शब्दस्य विस्तरः' ('अमरकोष' ३।२।२२) अर्थात् 'अरू किसिमका 'फैलावट'को अर्थमा 'विस्तार, विग्रह र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यास' शब्द हुन्छन्, 'शब्दको फैलावट' भन्ने अर्थमा चाहिँ 'विस्तर' शब्द हुन्छ' भन्ने नियम छ। तर 'शब्दको फैलावट'मा पनि हाम्रा लेखकहरूले त्यस्तो अर्थ नबुझाउने 'विस्तार' शब्दको प्रयोग गरिरहेका छन्– 'करोडौँ जनताको चाहना दबाएर लाखौँ जनताको लासमाथि उभ्याइएको भारतको राष्ट्रिय एकता र अखण्डता आजै पनि धरापमै छ भनेर भारतीय लेखक राजीव मल्होत्राले 'ब्रेकिङ इन्डिया' पुस्तकमा सविस्तार वर्णन गरेका छन्' (युवराज गौतम 'पृथ्वीनारायणको गल्ती के ?', 'नागरिक', २०७४।९।२८।६, ७ पृ.)। 'गर्नु' अर्थ भएको भाववाचक 'करण' शब्द लेख्दा लेख्दै पनि क्रियापदमा पनि 'गर्' नै लेख्ने अशुद्ध चलन हाम्रा लेखाइमा जहीँ तहीँ देखिन्छ– 'यस्तै उपाय अवलम्बन गरेर उनले नेपाल देशको एकीकरण गरे' (ज्ञानमणि नेपाल, 'पृथ्वीनारायणलाई सम्मान किन ?', 'कान्तिपुर', २०७४।९।२७।५ ७ पृ.), 'पृथ्वीनारायणले एकीकरण नगरेको भए नेपालको अस्तित्व रहने थिएन' (युवराज गौतम, 'पृथ्वीनारायणको गल्ती के', 'नागरिक', २०७४।९।२८।६, ७ पृ.), 'राज्य विस्तारीकरण गरिएको भए विजित राज्य भाइ-छोराहरूलाई बाँडेर उनीहरू नै राजा हुन्थे होलान्, तर यस्तो गरिएन' र 'गोरखा राज्य विस्तारीकरण गर्न खोजिएको हो' (बुद्धिनारायण श्रेष्ठ, 'कसरी हेर्ने पृथ्वीनारायण शाहलाई ?', 'नागरिक', २०७४।९।२७।५, ७ पृ.)

पहिलो वाक्यमा '... उनले नेपाल देशलाई एक पारे', दोस्रो वाक्यमा 'पृथ्वीनारायणले एक नपारेको भए नेपालको अस्तित्व रहने थिएन', तेस्रो वाक्यमा 'राज्यको विस्तार गरिएको भए ... र चौथो वाक्यमा 'गोरखा राज्य विस्तार गर्न खोजिएको हो' भनी लेखिएको भए वाक्य बढी राम्रो हुन्थ्यो।'भूतपूर्व' अर्थात् 'पहिले भएको, अहिले बहालवाला नभएको' भन्ने अर्थमा आजभोलि 'पूर्व' शब्द चलनचल्तीमा आएको छ– 'उक्त पर्व मनाउन एक पूर्वसुब्बा र एक पूर्वलप्टन हुनु कि के हुन्, एउटा साथी लिएर त्यहीँ बस्न आइपुगे' (जगमान गुरुङ, 'नेपाली राष्ट्रियताको विकास', 'अन्नपूर्ण पोस्ट्', २०७४।९।२७।५, ७ पृ.)। यसै गरी, 'भूतपूर्व राजा'लाई 'पूर्वराजा' शब्द पनि प्रयोगमा खूब आउँछ। तर यस शब्दले विवक्षित अर्थ बुझाउन सक्दैन भनी भनिरहनु नपर्ला। 'तत्कालीन', 'समकालीन' जस्ता शब्द अशुद्ध र 'तात्कालिक', 'सामानकालिक' जस्ता शब्द शुद्ध भए पनि प्राचीन कालदेखि नै त्यस्ता अशुद्ध रूप व्यवहारमा चलिरहेछन्। त्यसैले 'अपभ्रंशा एवैत इति प्रामाणिकाः' अर्थात् 'यी रूप अपभ्रंश नै हुन् भनी प्रमाणको आधारमा बोल्नेहरू भन्छन्' भनी 'सिद्धान्तकौमुदी'का कर्ता भट्टोजि दीक्षित भन्छन् (भोलानाथ पौडेल र धनवज्र वज्राचार्य, 'व्याकरण-संशोधन' ५ संख्या, २०१६, १३-१६ पृ.)। त्यही 'तत्कालीन' शब्दलाई 'नेपाली कसरी लेख्ने ?'का कर्ताले पनि शुद्ध मानेकाले (११६ पृ.) जगमान गुरुङ (वि.सं. २००३ मा जन्म)ले 'तत्कालीन' लेखेकोमा आश्चर्य छैन–

'तत्कालीन संस्कृति मन्त्री पृथ्वीसुब्बा गुरुङले मन्त्रिपरिषद्मा उक्त राष्ट्रिय गान प्रस्तुत गरेका थिए' (जगमान गुरुङ, 'नेपाली राष्ट्रियताको विकास', 'अन्नपूर्ण पोस्ट्', २०७४।९।२७।५ ७ पृ.)। यस प्रसङ्गमा २७ वर्षभन्दा पनि अगाडि उठेको एउटा विवादको सम्झना आयो। कुरा के भने, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले 'समकालीन साहित्य' नामले पत्रिका प्रकाशन गर्ने निधो गरेछ। यस विषयमा सभा बस्दा 'समकालीन' शब्द व्याकरणबाट बन्दैन, यस कारण यसको सट्टा अर्को शब्द राखौँ भनी प्राज्ञ नयराज पन्तले भन्दा हिन्दीमा पनि यो शब्द चलेको छ भनी अरू प्राज्ञहरूले विरोध गरेपछि उनी त्यो सभा छोडी फर्केका थिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'संसत्सम्बन्धी' भन्दा 'सांसद' र 'विद्युत्सम्बन्धी' भन्दा 'वैद्युत' हुनुपर्नेमा 'संसदीय' र 'विद्युतीय' शब्द चलेका छन्– 'माओवादीको एजेन्डा स्वीकार गर्दै संसदीय पद्धतिमा विश्वास गर्ने दलहरूले समेत राष्ट्रियता कमजोर बनाउने खेलमा साथ दिए' (युवराज गौतम, 'पृथ्वीनारायणको गल्ती के ?', 'नागरिक', २०७४।९।२८।६, ७ पृ.)। 'विद्युतीय' शब्दको प्रयोग त 'नेपाली कसरी लेख्ने ?'का कर्ताले नै गरेकाले (१३८ पृ.) अरूलाई के भन्नु।

'आधार लिइएको', 'शासन गरिएको', 'उल्था गरिएको', 'सम्बन्ध भएको' र 'वितरण गरिएको' भन्ने अर्थमा क्रमशः 'आधृत', 'शिष्ट', 'अनूदित', 'सम्बद्ध' र 'वितीर्ण' हुनुपर्नेमा 'आधारित', 'शासित', 'अनुवादित', 'सम्बन्धित' र 'वितरित' चलेका छन्–

'विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोष जस्ता महत्वपूर्ण संस्थाको अध्ययन र तथ्याङ्कमा आधारित छ विश्लेषण' (युवराज गौतम, 'पृथ्वीनारायणको गल्ती के ?', 'नागरिक', २०७४।९।२८।६, ७ पृ.)। यो तर्क पनि तथ्यमा आधारित छैन (आहुति, 'पृथ्वीनारायण कसरी राष्ट्रनिर्माता ?' 'नागरिक', २०७४।९।२९।७, ख पृ.)। 'देश हुनका निम्ति राज्यसत्ता र शासित जनता भूभाग भए पुग्छ' (उही)। 'संग्रौलाद्वारा अनुवादित भारतीय लेखक सत्यजित राय (रे)को पुस्तक 'सत्यजित रायका कथा'को लोकार्पण समारोहमा वाग्लेले यस्तो तुलना गरेका थिए' ('राय र पाण्डेका कृति एकसाथ', 'कान्तिपुर', २०७४।९।२९।७, ९ पृ.)। 'उनीहरूले धर्मप्रचारको निहुँमा राष्ट्रिय सुरक्षासँग सम्बन्धित गुप्त सूचना सङ्ग्रह गरिरहेको चाल पाएपछि नेपालबाट धपाइएका इतिहासकार सूर्यविक्रम ज्ञवाली र बाबुराम आचार्यको तर्क छ' ('पृथ्वीनारायणको गल्ती के ?', 'नागरिक', २०७४।९।२८।६, ७ पृ.)। 'नेपाली कसरी लेख्ने ?'का रचयिताले 'आधारित' (६९ पृ.), 'अनुशासित' (१०४ पृ.) र 'वितरित' (१३८ पृ.) सही शब्द मानेको देख्दा अचम्म लाग्छ।

'समर्थ'को अर्थमा 'क्षम' शब्द र 'असमर्थ'को अर्थमा 'अक्षम' शब्द हुनुपर्नेमा आजभोलि 'सक्षम' र 'असक्षम' शब्द चलेका छन्– 'समग्रतामा पृथ्वीनारायण शाह त्यति बेलाका एक सक्षम हिन्दू पहाडिया खस-आर्य अहङ्कारवादी राजा थिए' (आहुति, 'पृथ्वीनारायण कसरी राष्ट्रनिर्माता ?', 'नागरिक', २०७४।९।२९।७, ख पृ.)। अरूको त के कुरा गर्नु, दरबारबाट छापिएको मेरो आफ्नै लेखमा 'क्षम' शब्द 'सक्षम' भई छापिएको सम्झना यस प्रसङ्गमा हुन्छ ('रमझम', 'श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहमा इतिहासको चेतना', २०४१, २४ पृ.)। परसवर्ण गर्नैपर्नेमा परसवर्ण नगर्ने, विकल्पले परसवर्ण हुने शब्दमा चाहिँ परसवर्ण गर्ने चलन अहिले चलेको छ। त्यही चलनको समर्थन शरच्चन्द्र वस्तीको यस पुस्तकमा पनि भएको छ। खुलाएर भन्दा, 'अङ्कुश', 'आशङ्का', 'निष्कलङ्क' र 'शꣳ' नलेखी 'अंकुश' (१०३ पृ.), 'आशंका' (१०६ पृ.), 'निष्कलंक' (१२१ पृ.) र 'शंख' (१४१ पृ.) सही रूप मानी त्यहाँ राखिएका छन्। त्यसै गरी, खुट्टा काटेर लेखिने 'उपनिषद्', 'ऋत्विक्', 'नाशवान्' र 'मन्त्रिपरिषद्'को सट्टा 'उपनिषद' (१०८ पृ.), 'ऋत्विक' (१०८ पृ.), 'नाशवान' (१२० पृ.) र 'मन्त्रिपरिषद' (१३२ पृ.) सही ठानिएका छन्। 'त'मा द्वित्व हुने 'पाश्चात्त्य' र 'बोधिसत्त्व'को ठाउँमा 'पाश्चात्य' (१२४ पृ.) र 'बोधिसत्व' (१३० पृ.) शुद्ध मानिएका छन्। व्याकरणबाट सिद्ध नहुने 'पूर्वीय' शब्द (१२५ पृ.) सही ठहऱ्याइएको छ। 'जागर्ति' र 'जाग्रत्' हुनुपर्नेमा 'जागृति' र 'जाग्रत' शुद्ध ठानिएको छ (११४ पृ.)। ६ माघ २०७४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषिक विमर्शको शीतल समीर

शरदचन्द्र वसि

'हाम्रा भाषा/भित्र्याइएका शब्द र चलनचल्तीका अशुद्ध शब्द' प्रकाशित डा. महेशरा पन्तको लेख पढ्न पाउँदा मन आनन्दित भयो। शब्दको अर्थ, मर्म र व्यक्तित्व पर्गेल्न सब विद्वान्हरूले सार्वजनिक रूपमा खबरदारी नगरिदिएकै कारण शब्दको अपमान र अज्ञभ गर्नुलाई नै आफ्नो जीवनको सार्थकता ठान्ने 'सरकारी भाषाशास्त्री' हरूको कर्कश कोलाहल हाम्रो भाषिक पर्यावरण प्रदूषित हुन पुगेको छ। यो उकुसमुकुसका बीच, 'विद्वान्' शब्दल सार्थकता प्रदान गरेका डा. पन्तको लेखले स्वच्छ-शीतल समीर प्रवाहित गरेको अनुभू भएको छ। यस्तो समीर निरन्तर प्रवाहित भइरहोस्!

हाम्रो भाषामा चलेका, चलाइएका जेजति शब्द पत्रेर तिनको रूप र अर्थबारे जेजस कुरा लेखकले औंल्याउनुभएको छ, तिनमा विमति व्यक्त गर्नुपर्ने ठाउँ छैन। गुरुकुलीय शिक्ष गहन विद्वत्ता र परिच्छेद-समर्थ पाण्डित्यको दुर्लभ समष्टि झल्किएको छ त्यस लेखमा लेखको पूर्वार्द्धमा विदेशी शब्दलाई संस्कृतको चोगा पहिऱ्याई बनाइएका 'संविधान', 'सामन वा 'नागरिक', 'पञ्चवर्षीय' जस्ता शब्दले कसरी वाञ्छित अर्थ दिदैनन् वा ती शब्दै बन्दैन भन्ने स्पष्ट पार्ने सन्दर्भमा उहाँले गरेका दुई टिप्पणी विशेष मननीय छन्: क. पाश्चात्य भाषाव शब्दलाई संस्कृतमा भाषान्तर गर्न संस्कृतको जुन तहको ज्ञान चाहिन्थ्यो, त्यो तहको ज्ञा भएका मानिसको हातबाट शब्द बनाउने काम नभएकोले शब्दको निकै बिजोग भएको छ। ख कि हामीले विदेशी शब्द नै हाम्रो भाषामा भित्र्याउनुपर्थ्यो, कि संस्कृतवाङ्मयको आलोड गरेर ठीक शब्दको चयन गर्न सक्नुपर्थ्यो, तर आफ्नो भाषाको शब्द भनी ठीक अर्थ नबुझाउ शब्द चलाउन हुँदैनथ्यो। यी यस्ता टिप्पणी हुन्, जसको प्रकाशमा हामी नेपाली भाषालाई निः चहकिलो पार्न सक्छौं।

लेखको उत्तरार्द्धमा, यसै वर्ष साउनमा प्रकाशित मैले लेखेको पुस्तक 'नेपाली कस लेख्ने?' को चर्चा गर्दै त्यसमा 'हाम्रो लेखाइमा चलेका अशुद्ध शब्दको वर्णक्रमले फेहरिस्त तयार गरी त्यसको शुद्ध रूप दिने प्रशंसनीय काम' भएको मन्तव्य व्यक्त गरिएको छ। साथै शब्दसूचीमा 'उनले शुद्ध ठानेका, वास्तवमा अशुद्ध शब्द' पनि रहेको बताउँदै, त्यसमा रहेक 'आधारित', 'अनुशासित', 'वितरित', 'तत्कालीन', 'जागृति', 'जाग्रत', 'नाशवान', 'मन्त्रिपरिषद 'पूर्वीय' जस्ता कतिपय शब्दलाई लिएर यी शब्द सिद्ध हुँदैनन्शुद्ध होइनन् भनिएको छ र, पुस्तकका रचयिताले यिनलाई सही शब्द भनेको देख्ता अचम्म लाग्छ' भन्दै '(यिनले पनि शुद्ध मानेकाले जगमान गुरुङ (प्रभृति) ले 'तत्कालीन' (आदि) लेखेकोमा आश्चर्य छैन' भन टिप्पणी गरिएको छ। आफ्नो पुस्तकले डा. पन्त जस्ता उद्भट विद्वान्को यत्रो विश्वास हासि गर्न सकेकोमा मलाई सन्तोष लागेको छ। यही मेसोमा, उहाँले चर्चा गरेका उक्त शब्दहरूक सन्दर्भ पत्रेर आफूलाई लागेका केही कुरा संक्षेपमा भन्न उत्प्रेरित भएको छु।

लेखक साहित्यकार हुनुहुन्छ। - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा. पन्तले भनेझैं उक्त शब्दहरूको शुद्ध रूप क्रमशः 'आधृत', 'अनुशिष्ट', 'वितीर्ण', 'तात्कालिक', 'जागर्ति', 'जाग्रत्', 'नाशवान्', 'मन्त्रिपरिषद्' नै हो । 'पूर्वीय' अशुद्ध हो, 'पौरस्त्य' शुद्ध हो । कुनै शङ्कै छैन । संस्कृत पढेको र व्याकरणमा यत्किञ्चित् गति भएका कारण मलाई यति हेक्का नरहने कुरै भएन । यदाकदा संस्कृतमा लेख्नुपर्दा यस्तै लेख्छु, अशुद्ध लेख्ने कुरै आएन । नेपालीमा यिनको तत्सम रूप यही हो, यसमा पनि कुनै द्विविधा छैन । यस रूपमा यिनको जति प्रयोग गरे पनि हुन्छ ।

तर, कुरा यति मात्र छैन । नेपालीमा यी शब्दले आफ्नो रूप बदलिसकेका छन् । बदलिएको रूपमा स्थापित एवं शिष्टपरम्परा र प्रचलनबाट अनुमोदित पनि भइसकेका छन् । धेरैलाई यस्ता शब्द (आधारित, अनुशासित, वितरित, तत्कालीन, जागृति, जाग्रत, नाशवान, मन्त्रिपरिषद, पूर्वीय आदि) संस्कृतबाट आएका तत्सम शब्द हुन् भन्ने लाग्छ, जुन भ्रम हो । अब यी नेपाली शब्द हुन् । यिनलाई 'संस्कृत' होइन, 'संस्कृतवत्' संज्ञासम्म दिन सकिएला । पारिभाषिक रूपमा 'तद्भव' भन्न सकिन्छ र 'अपभ्रंश' पनि । 'अपभ्रंश एवैत इति प्रामाणिकाः अर्थात् 'यी रूप अपभ्रंश नै हुन् भनी प्रमाणको आधारमा बोल्नेहरू भन्छन्' भन्ने डा. पन्तद्वारा उद्धृत भट्टोजिदीक्षितीय भनाइ यहाँ सान्दर्भिक हुन आउँछ । यस्ता शब्द नेपालीमा असङ्ख्य छन् र हामी ढुक्कै चलाइरहेकै छौं । जस्तै, 'तन्त्र' बाट 'तान्त्रिक' त बन्छ, तर 'गणतन्त्र' बाट 'गणतान्त्रिक', 'प्रजातन्त्र' बाट 'प्रजातान्त्रिक' अथवा 'लोकतन्त्र' बाट 'लोकतान्त्रिक' शब्द बन्छ र यस्ता शब्दलाई नेपालीमा तद्भव मानेर स्वीकार्नु समीचीन हुने दीक्षा मैले चार दशक अघि भाषाविज्ञ महानन्द सापकोटाबाट प्राप्त गरेको हुँ । २०३३ साल चैतको उत्तरार्द्ध र त्यसपछिका केही महिना भारतको वाराणसीमा उहाँसँग मेरो सङ्गत भएको थियो । 'नेपाली शब्द परिचय' छपाउन त्यहाँ पुगुभएको रहेछ र प्रूफरीडिङ आदिमा मसँग सहयोग माग्नुभयो । म लागिपरें । त्यस क्रममा शब्दबारे प्रशस्त छलफल चल्थ्यो। 'उपर्युक्त' शब्द शुद्ध हो र 'उपरोक्त' अशुद्ध, त्यसैले 'उपरोक्त' लाई बहिष्कार गर्नुपर्छ भन्थे सबै विद्वान्हरू । म पनि त्यही पक्षमा थिएँ, किनभने संस्कृत व्याकरण अनुसार 'उपरोक्त' अशुद्ध नै थियो । छलफलका क्रममा पाणिनीय सूत्रको आधार लिएर म बढ्तै चम्केपछि उहाँले सम्झाउँदै भन्नुभयो,- "भाषा भनेको लोकव्यवहारबाट बन्दै जाने हो । 'उपरोक्त' शब्दलाई लोकले मानिसक्यो । जनजिब्रोले स्वीकारिसक्यो । त्यसैले यसलाई पनि मान्यता दिनुपर्छ ।" मैले 'कसरी' भनेर सोध्दा उहाँले भन्नुभयो, सजिलै छ । 'उपर्युक्त' लाई संस्कृतबाट आएको तत्सम भन्ने, 'उपरोक्त'लाई त्यसको तद्भव ।" नेपाली भाषालाई बुझ्न र यसको गाँठो फुकाउन त्यो सूत्र मेरा लागि मार्गदर्शक बनेको छ ।

संस्कृतबाट जन्मे पनि नेपाली भाषाको स्वभाव भनौं वा बानीबेहोरा, गति भनौं वा मार्ग अलिअलि फरक छ । मानिसकै सन्तानको झैं । त्यसैले, समास भए पनि हेर्दा लामो देखियो, असजिलो लाग्यो भने यसले डिको जोड्दैन । संस्कृतका हलन्त शब्द (खास गरी नाम र विशेषण) मा हलन्त छोड्दै गएको छ । 'नाशवान' मात्र होइन शक्तिमान, बलवान, बुद्धिमान, हनुमान, भगवान आदि लेख्न रुचाउँछ । 'महान्' लाई 'महान' मात्र लेख्तैन, त्यसमा संस्कृतकै प्रत्यय 'ता' थपेर 'महानता' पनि बनाउँछ । 'विद्युत्' र 'संसद्' को खुट्टो काट्न छोडेर उल्टै 'ईय' थप्छ र 'विद्युतीय', 'संसदीय' बनाउँछ । मलाई लाग्छ, हामीले यिनलाई पनि तद्भवको कोटिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
राखेर स्वीकार्नु नै उचित हुन्छ। संस्कृतमा अशुद्ध, नेपालीमा शुद्ध। हामी नेपाली भाषाको कुरा गर्दैछौं नि त!

मेरो अभिप्राय बिगारिएका, भत्काइएका सबै शब्दलाई नेपालीमा सही मानेर स्वीकार्नुपर्छ, अशुद्धि र अराजकताका निम्ति चोरबाटो खोलिदिनुपर्छ भन्ने कदापि होइन। बृहत्तर लोकव्यवहारबाट स्वीकृत एवं शिष्टपरम्पराबाट अनुमोदित शब्दलाई स्वीकार्नुपर्छ- अलिकति उदारता, पर्याप्त विवेक र प्रशस्त संवेदनशीलताको भाव लिएर, भन्ने मात्र मेरो आशय भनौं वा आग्रह हो। विकल्प र निपातको आलोकमा पर्यवलोकन गर्दा मैले पढेका पाणिनिको सरणि पनि यस्तै थियो जस्तो लाग्छ।

डा. पन्तले निकै सूक्ष्म र गहिरा कुरा उठाउनुभएको छ। त्यस स्तरका कुरा र विमर्श चल्नैपर्छ। तर, आजको भाषिक विमर्श त्यतिमा सीमित रहनुहुँदैन। किनभने, आज हाम्रो भाषा अज्ञान वा असावधानीवश गरिएका त्रुटिबाट 'असंस्कृत' अवस्थातर्फ अभिमुख भएको मात्र होइन, सुनियोजित तवरमा भइरहेका साङ्घातिक प्रहारहरूबाट क्षतविक्षत नै भइरहेको छ। कहीं 'चाइल्ड् फ्रेन्ड्ली' लाई 'बाल मैत्री' भन्ने जस्ता हास्यास्पद अनुवादको आघातबाट रन्थनिएको छ त कहीं 'मराउमाथि कात्रो' भनेझैं 'अपाङ्ग' (नेत्रप्रान्त) लाई 'विकलाङ्ग' को अर्थमा प्रयोग गर्दा पनि नपुगेर 'अपाङ्गता भएको' भन्न विवश बनाइएको छ। नेपालीमा एउटा पातलो स र एक-एकवटा ह्रस्व इ-उ भए पुग्छ, श-ष-ई-ऊ चाहिदैनन् भन्ने पण्डितम्मन्यहरूको विप्रलापबाट प्रताडित छ। अनि, राज्यशक्तिको आडमा शुद्ध शब्दहरूको बलात् अङ्गभङ्ग गरिने, वर्णमालाबाट वर्णहरू हटाइने, छँदाखाँदाका संयुक्त अक्षर फुटाइने ('विद्या' लाई 'विद्या' मात्र होइन, 'अङ्क' लाई समेत 'अङ्क' बनाइने) जस्ता आततायी व्यवहारबाट युद्धस्तरमा आक्रान्त छ। यस अवस्थामा डा. पन्त जस्ता विद्वान्हरूको भाषिक संवेदनशीलताले भरिपूर्ण वैचारिक विमर्शले नै नेपाली भाषालाई सङ्कटमग्न हुनबाट जोगिन सघाउनेछ। नेपाली भाषाप्रेमी हामी सबैले यसको स्वागत गर्नुपर्छ। जय होस्!

(१३ माघ २०७४)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिम नेपालमा विकसित नौ बहिनी भवानी परम्परा : एक अध्ययन

हरिप्रसाद खराल

१. **पृष्ठभूमिः** हामी नेपाली पूर्वीय दर्शनको दक्षिण एशियाली भूखण्डमा सनातन धर्म भनिने हिन्दू धर्म दर्शनका अनुयायी हौं । हिन्दू धर्म-दर्शन विश्वको सर्वप्राचीन दर्शन हो । यस दर्शनका मुख्य दुई प्रमुख स्तम्भ निगम (वेद) र आगम (तन्त्र) हुन् । निगम विधामा चार-वेद, चार-उपवेद, असङ्ख्य-उपनिषद्, स्मृति, उपस्मृति, महापुराण, पुराण, उपपुराण, निबन्धग्रन्थ आदिको विशालतम भण्डार रहेको छ भने आगम विधामा विष्णुक्रान्तका चौंसठ्ठी (६४), रथक्रान्तका चौंसठ्ठी (६४) र विश्वक्रान्त वा गजक्रान्तका चौंसठ्ठी (६४) नै ग्रन्थहरूको विशालतम भण्डार रहेको कुरा तान्त्रिक साहित्यका महान् सर्जक महामहोपाध्याय गोपीनाथ कविराज, 'सर जोन उडरूफ', 'आर्थर आभन्लोन' र अन्य तन्त्रशास्त्रका ज्ञाताहरूले पनि सप्रमाण उल्लेख गरेका छन् ।

हामी पूर्वीय हिन्दु धर्म दर्शनका अनुयायीहरू वैदिक, सनातनी, बौद्ध, जैन आदि विविध शाखा, उपशाखामा रहे पनि; वैष्णव, शैव, शाक्त, गाणपत्य, सौर्य मध्ये जुनसुकैका अनुयायी भए पनि हामी मुख्यतः प्रकृति पूजक हौं, बहुदेववादी हौं । हाम्रो देश 'मानिसहरू भन्दा बढी देवताहरू र घरहरू भन्दा बढी मन्दिरहरू भएको देश हो' भनी विश्वसमुदायमा परिचित छ । हाम्रो देशका मूर्ति, गुम्बा, मन्दिर, स्तूप, बहाल, विहार, दरबार, घर, धारा, पाटी, पौवा, पुरातात्त्विक वस्तु, पंक्षी, मानिस आदि विभिन्न पक्ष र क्षेत्रका जीवित वा निर्जीव वस्तुहरू प्रायः सबै ईश्वरीय रूपमा रहेका छन् । हाम्रो धर्मको मूल ग्रन्थ ऋग्वेदले- 'मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव, अतिथिदेवो भव' भनी आमालाई देवीको रूपमा, बुबालाई परमेश्वरका रूपमा, गुरु (शिक्षक) लाई ईश्वरको रूपमा र अतिथिलाई पनि परमेश्वरकै रूपमा स्वीकारेको छ । यसका साथै हामी कुमारी-कन्यालाई देवीको रूपमा, कुमारलाई देवताको रूपमा, भाञ्जा, ज्वाइँ, भिनाजु, पुसाजु (फुपाजु) लाई परमेश्वरका रूपमा, श्रीमान्लाई पतिपरमेश्वरका रूपमा र श्रीमतीलाई गृहलक्ष्मी देवीका रूपमा स्वीकारेका छौं । यसका साथै भाइलाई भाइटीकामा ईश्वरको रूप मानी हिन्दू नारीहरूले पूजा गर्दछन् । हामी वर, पिपल, स्वामी, तुलसी, कुश, दुबो, बेलपत्र आदि बृक्षहरूलाई ईश्वरका प्रतीकको रूपमा सद्भावपूर्ण पूजा आराधना गर्दछौं । गाई, काग, कुकुर, नाग, सर्प, भ्यागुताहरूलाई पनि ईश्वरकै रूपमा पूजा गर्ने हाम्रो शास्त्रीय विधान छ । यहाँ जति द्रुङ्गा छन् ती सबै ईश्वरका रूपमा छन् । हामी नेपालीको निम्ति हावा, पानी, माटो, जल, स्थल र नभ र त्यसमा अवस्थित समग्र बस्तु नै ईश्वरका प्रतिमूर्ति हुन् । हामी किताब, कापी र कलमलाई सरस्वतीको रूपमा पूजा गर्दछौं, आदर गर्दछौं र सम्मान गर्दछौं । हाम्रा दृश्य, अदृश्य, प्राप्त, अप्राप्त सबै ईश्वरीय रूप हुन्, वस्तु हुन् र विश्वास एवं मान्यता हुन् ।

लेखक साहित्यकार हुनुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri

नेपाल पवित्र भूमि हो। यसलाई सप्तकोशी, सप्तगण्डकी, सप्तकर्णाली, सप्तमतृ
सप्तमाई, सप्तभेरी र सप्तकाली गरी ४९ पवित्र नदीहरूले सिंचन गरी पवित्र पारेका छन्। य
पवित्र राष्ट्रमा- कौशिक विश्वामित्रले-कोशीको किनारमा, नारायण ऋषिले-नारायणीको तीरम
वशिष्ठ ऋषिले-देवघाटमा, वाल्मीकि ऋषिले-त्रिवेणी (भैंसालोटन)मा, माण्डव्य ऋषि
माडी (पाल्पा)मा, पराशर ऋषिले-कुण्डाखोला (हुम्ला)मा, उतथ्य ऋषिले-उत्थ (हुम्ला)म
जैमीनि ऋषिले-म्याग्दी र जुम्लामा, वैशम्पायन ऋषि र याज्ञवल्क्य ऋषिले पुरञ्चौर (पोखरा
जनकपुर मटिहानी)मा, यास्क ऋषिले-यारी (हुम्ला)मा, शक्तिले-देवघाटमा, पराशर ऋषिले
दमौलीमा, सुकदेव र व्यास ऋषिले दमौलीमा, 'ने' मुनिले विष्णुमती र वागमतीको दोभान त
सिन्धुलीमा तपस्या गरी मानवीय धर्मको संरक्षक, परिपालक, उद्धारकर्ता र कल्याणकर्ता म
(ज्ञान) प्राप्त गरे/देखे। यहीं कौशिक विश्वामित्रले-ऋग्वेदमा, मेधातिथि ऋषिले-युजर्वेद
र हिरण्यगर्भले-सामवेदमा विशिष्टता हासिल गरे। यहीं दार्शनिक राजा जनकले आफ्नो दर्श
फैलाए, यहीं सिद्धार्थ गौतम बुद्धले शान्तिको शङ्खघोष गरे, यहीं सतीसावित्री सीताले ज
लिइन्, यहीं जन्म लिएर भृकुटीले यो देशको परिचय गराइन्, बलबाहु (अरनिको) यहीं जन
विश्वका कलासम्राट घोषित भए। यहींका वीर र वीरङ्गनाहरू आफ्नो बहादुरीले विश्वला
थर्कमान पारे। आज विश्वबाट शान्ति, अमनचयन, प्राकृतिक मनमोहकता, एकता, प्रे
सद्भाव, 'वसुधैव कुटुम्बकम्' कैयौं मानवीय मूल्य र मान्यताको निम्ति लाखौंको सङ्ख्या
मानिसहरू यही पवित्र भूमिमा आइरहेका छन्। यो सबै यही इतिहासको, यही दर्शनव
प्रकाशको प्रतिफल हो भन्दा अत्युक्ति नहोला।

२. सामाजिक जन-जीवनमा देवी-देवताको प्रभाव

पश्चिम नेपालको दैवीपरम्पराले यहाँको सामाजिक जनजीवनका हरेक पक्षलाई गम्भी
प्रभाव पारेको छ। एक हिसाबले भन्नुपर्दा देवी-देवताहरूले मानिसको व्यक्तिगत जीवनम
महत्त्वपूर्ण प्रभाव पारेको जनविश्वास छ। देवीदेवता मानव जातिमा आश्रित रहन्छन् र मान
जाति तिनीहरूका कृपा र आशीर्वादमा बाँचेको छ। देवी-देवताहरू मानव जातिसँग व्यवह
गर्दछन्। मानिसले देवतासँग गर्ने अपेक्षा र देवताले पार्ने प्रभावका सम्बन्धमा निम्नानुसार चर्च
गर्न सकिन्छ (खड्का, २०७२: ७६)।

२.१. **घर-परिवारको सुरक्षा:** भक्तहरूले घरका मानिसहरूको सुरक्षा आफूले पूजा ग
देवताहरूले गरून् भन्ने चाहन्छन्। यसका लागि उनीहरू देवताको नियमित पूजा गर्दछन्
आफ्नो घरमा रहँदा, परदेशमा जाँदा, आफ्नो परिवारका सबै सदस्यहरू सकुशल रहुन् भन्
चाहना राखिएको हुन्छ (खड्का, २०७२: ७६)।

२.२. **पशुधनको रक्षा:** खेती-पातीका साथै दुग्धपदार्थका लागि पालिएका गाईवस्तुहरूक
रक्षा देवताहरूले गरून् भन्ने सबैको चाहना हुन्छ। उनीहरू पशुलाई विभिन्न रोगहरूबा
र बालीनालीलाई प्राकृतिक प्रकोपबाट जोगाइदिन देवीदेवतासँग अनुरोध गर्दछन् (खड्का
२०७६: ७७)।

२.३. **बाधा-व्यवधानको निराकरण:** मानिसहरू देवी-देवताहरूसँग कुनै अवस्थामा रोकिएको
कामबाट पार लगाइदिन अनुरोध गर्दछन्। नोकरी प्राप्ति, व्यापार, विवाह आदिमा सफलताक
लागि मानिसहरूले देवतासँग आशीर्वाद माग्दछन् भने कतिपयले सन्तानप्राप्तिका लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवताहरूलाई गुहार्दछन् । दैनिक जीवनमा आइपर्ने बाधा-व्यवधानलाई पन्छाउनका लागि पनि उनीहरू देवताको शरणमा पर्दछन् (खड्का, २०७२: ७७) ।

२.४ **अन्यायबाट मुक्तिः** आफूलाई कसैले अन्याय गरेमा अन्याय गर्ने व्यक्तिको विरूद्धमा पीडित व्यक्ति देवी-देवताको शरणमा जान्छन् । स्थानीय भाषामा यसलाई ढुवाउनु अथवा फिराद हाल्नु भनिन्छ । यसमा धेरै केही गर्नु पर्दैन । पीडित व्यक्ति गएर रूँदै अथवा आफूलाई परेको समस्या देवताको थान अगाडि भन्दछन् । केहीले दुङ्गा कुटेजस्तो गर्दछन् । कसैको घरमा चोरी हारी भएमा त्यो व्यक्ति देवतासँग उजुर गर्न जान्छ । कतिपय अवस्थामा चोर्ने अथवा दुःख दिने व्यक्तिलाई देवताले सजाय दिन्छन् । कतिपय अवस्थामा चोरिएको सामान पनि फर्किआएको सुनिन्छ । त्यसै भएर देवताको डरले अरूलाई दुःख दिने तथा सामान चोरी गर्ने जस्ता घटना कम हुन्छन् (खड्का, २०७२: ७७) ।

२.५. **निरोगिता र उपचारको कामनाः** मानिसहरू गाउँघरतिर बिरामी भइराख्छन् । गाउँमा अस्पताल र डाक्टरको उपलब्धता धेरै कम छ । तत्काल बिरामी परियो भने धामीको शरणमा नपरी हुँदैन । जनतामा के विश्वास छ भने स्थानीय भूत-प्रेतले पनि दुःख दिइराख्छन् । ती भूतहरूले बिरामी गराउँछन् भने धारणा पनि प्रबल नै छ । शारीरिक अस्वस्थता भएमा धामीले नै औषधि गर्न सल्लाह दिन्छन् । कुनै भूत-प्रेतले समातेको भए तिनलाई भगाई धामीले निको पार्दछन् भन्ने जनविश्वास रहेको देखिन्छ (खड्का, २०६२:७७) ।

२.६. **राक्षसहरूको भयबाट मुक्तिः** अधिकांश मानिसहरूको मान्यता अनुसार आसपासमा जतासुकै राक्षसहरू रहेका हुन्छन् । तिनीहरूले बेला-बेलामा मानिसलाई आक्रमण गरिरहेका हुन्छन् । राक्षसले जुनसुकै समयमा पनि ज्यान लिनसक्ने खतरा रहिरहन्छ । राक्षसको खतराबाट देवताले रक्षा गर्दछन् भन्ने धारणा बलियो रहेको छ । कतिपय किंबदन्तीमा राक्षस र देवताको लडाइँ परेका कथाहरू छन् । कुनै मानिसलाई राक्षसले अदृश्य रूपमा समातेको भए पनि देवताले फुकफाक गरेर भगाइदिन्छन् भन्ने जनविश्वास छ (खड्का, २०७२: ७८) ।

२.७. **भविष्य ज्ञानको अपेक्षाः** मानिसले देवतालाई भविष्यवक्ताको रूपमा मान्ने गरेका छन् । भविष्यमा के हुने हो, कुन काम गर्दा सफल अथवा असफल भइन्छ भन्ने जस्ता कुराहरू देवताले बताइदिन्छन् । यहाँसम्म कि कुन काम कुन साइतमा गर्ने भन्ने कुरा समेत देवतालाई सोधेर मात्र सुरु गरिन्छ । कतिपय मानिसहरूले आफ्नो भविष्यका बारेमा सोधपुछ गरी जानकारी लिन्छन् (खड्का, २०७२: ७८) ।

२.८. **वर्षा र पानीको मागः** मानिसहरू खेतीपातीमा निर्भर हुन्छन् । खेतीपाती सम्बन्धी कार्यका लागि वर्षातको आवश्यकता पर्दछ । कहिलेकाहीं मौसम सुक्खा भएमा र अनिकाल पर्ने भएमा मानिसहरू देवी-देवताहरूको शरणमा जान्छन् । कुमाउँतिर मानिसहरू पानीका लागि चण्डालको मष्टा मन्दिरमा पूजा गर्दछन् । पूजा गरेपछि पानी परेको घटनाका उदाहरणहरू थुप्रै छन् (खड्का, २०७२: ७८)

२.९. **रोगव्याधिबाट रक्षाः** गाउँमा बेला-बेलामा देखापर्ने विभिन्न सङ्क्रामक रोग-व्याधिहरूबाट टाढा रहन पनि मानिसहरू देवताको आशीर्वाद पाउन सक्रिय हुन्छन् । कतिपय शक्तिशाली देवताको प्रभाव क्षेत्रभित्र रोग-व्याधि प्रवेश गर्न समेत नसक्ने मान्यता छ । त्यसका लागि गृहस्थीहरूले आफ्ना देवताको नियमित पूजा गर्दछन् (खड्का, २०७२: ७८) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

Digitized by eGangotri

२.१०. बाँदो हाल्ने (भकिल गर्ने): मानिसहरूले आफूलाई कुनै किसिमको अप्ठ्यारो पर्दा आफ्ना कुलदेवतालाई संझेर पछि पूजा गर्ने छु भनी कबोल गर्दछन् । यसरी भाकल गर्ने मानिसले दियो बालेर देवतको नाम लिई केही पैसा अथवा चावल र पैसा कपडामा बेरेर आफ्ना कुलदेवतालाई छुट्याएर राखिदिन्छन् र के पनि कबुल गर्दछन् भने काम सम्पन्न भए पछि पूजा गर्नेछु । काम सकिए पछि पूजागर्न भने अनिवार्य रूपमा जानै पर्छ । नत्र यसबाट देवता रिसाए नकारात्मक असर पर्छ भन्ने सामाजिक मान्यता रहेका छ (खड्का, २०७२: ७९) ।

२.११. हतियारको प्राप्तिः पहिले पहिले शत्रुसँग लडाइँ गर्नुपर्ने भएकोले मानिसहरू आफ्ना देवी-देवताहरूसँग पञ्चहतियारको माग गर्दथे । तीर, कमान, बाँछै, भुतिया (भाला) तथा कटार पञ्चहतियार कहलाइन्छन् । यी हतियारहरू देवी-देवताको अनुग्रहबाट प्राप्त हुन्छन् भन्ने लोकविश्वास छ (खड्का, २०७२: ७९) ।

३. मष्टपरम्परा

नेपालको मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका प्रायः पहाडी जिल्लामा मष्टपरम्परा व्यापक रूपमा छ तापनि नेपालका सबै स्थान, भारतका कुमाउँ, गढवाल आदि र विदेशतिर पनि मष्टपरम्परा (नाम, रूप र प्रक्रिया फरक भए पनि) छ । भेरी, सेती महाकाली, कर्णाली आदिका पाखा-पखेरा र उपत्यकाहरूमा 'मष्ट' को मान्यता र प्रभुत्व जुन सर्वोपरि छ त्यसको संक्षिप्त भूमिका स्वरूप यो लेख प्रस्तुत छ । वास्तवमा 'मष्ट' एक ग्रामीण देवताको नाम हो । मष्टको कुनै मूर्ति हुँदैन । मष्टको प्रतिनिधित्व धामीले गर्दछ । धामी जन-समाजमा अघि-पछि एक साधारण मान्छे भए पनि, उसमा मष्ट देवता चढ्दा ऊ एक अवतारी दैवी पुरुषको रूप धारण गर्दछ र मष्टकै प्रतिनिधित्व गरेर पतुर्न (बोल्न, बक्न) थाल्छ। त्यसबेला गाउँ-घरमा मानिसहरू मष्ट देवता चढेको धामीमा अगाध श्रद्धा र विश्वास राख्छन् (जोशी, २०२९: ३९) । यस सन्दर्भमा कर्णाली अञ्चललाई नै उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ । यस अञ्चलमा पाँच जिल्लाहरू छन्- १. जुम्ला २. डोल्पा ३. कालीकोट ४. मुगु ५. हुम्ला । यी जिल्लाहरूका जुनसुकै भेकमा पनि ग्रामीण देवताहरूको क्रममा सर्वेसर्वा तत्व चाहिं 'मष्ट' भएको छ । मष्टलाई 'मैथो' पनि भनिन्छ । मष्टलाई 'गोसाइँ' (विशेषतः मष्टदेवता चढेका धामीलाई) भनिन्छ (जोशी, २०२९: ३९) ।

मष्टस्थानलाई टाढैबाट पहिचान दिने आलन (ध्वजापताका) हुन् । मष्टपरम्परा रहेका मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका विशेषतः पहाडी जिल्ला (रुकुम, रोल्पा, प्यूठान, सल्यान, डोल्पा, जुम्ला, कालीकोट, मुगु, हुम्ला, जाजरकोट, बाजुरा, बझाङ, दार्चुला, बैतडी आदि) का जुन सुकै गाउँमा पुग्न खोजे पनि टाढैबाट यी गाउँहरू अवलोकन गर्दा सबभन्दा पहिले हामीहरूको दृष्टि त्यहाँ फर्फराइरहेका उच्च आलनहरूमा पर्न जान्छ । यहाँ 'आलन' शब्दले लामो काठको लिङ्गाको टुप्पोमा सजाइएका ध्वजापताकाहरूलाई जनाउँदछ । आलनको अर्को पर्याय शब्द 'नेजा' हो । यस किसिमको ध्वजा-पताकामा कहीं झण्डा झैं चारकुने र बीचमा रातो धर्को (तूल कपडाको तूला चौका) पनि हुन्छ, कहीं भने तीनकुने अनि यसको बीचमा गुणन चिह्नको तूलो चौका, कहीं-कहीं ध्वजा-पतकाको साथमा चमर र साना-साना घण्टाहरू पनि हुन्छन् । यस किसिमका आलनहरू फर्फराइरहेको देखिंदा कर्णाली अञ्चललाई नै 'आलनको अञ्चल' मानेमा अत्युक्ति हुनेछैन । वास्तवमा यस अञ्चलका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitized by eGangotri

गाउँ-घरको शोभा यस किसिमको आलनले नै बढाएको छ। यसको महत्त्व चाहिं अलग्ग छँदै छ। यस सन्दर्भमा जुल्ला खलङ्गास्थित श्री चन्दननाथ र श्रीभैरवनाथका ५२ हाते आलनहरू विशेष उल्लेखनीय छन् (जोशी, २०२९: ४२)।

विशेषतः 'आलन' गाउँमा देवी-देवताहरू साधना गरी राखेको घरमा फरफराइराखेको हुन्छ। त्यसैले जुन घरमा मष्टको अथवा मष्ट सरह अन्य ग्रामीण देवताको माडू (थान, स्थान, थलो, मन्दिर) स्थापना गरिएको हुन्छ, त्यसमा आलनसहितको लिङ्गो गाडिएकै हुन्छ, अनि गाउँका माझमा र आसपासमा पनि गाउँथलो (घरथान) छ भने त्यहीं पनि आलनसहितको लिङ्गो गाडिएकै हुन्छ। अझ गाउँको शिरानमा अथवा गाउँ-घरको हाराहारीको वन-जङ्गलको छेउमा रहेको मष्ट अथवा अन्य ग्रामीण देवताको वनथान (वनथलो) मा पनि आलनसहितको लिङ्गो गाडिएको हुन्छ। यहाँ थान (थलो) को अर्थ देवताको वासस्थान हो। प्रायः मष्ट देवताका दुई थान (थला)हरू हुन्छन्। १. एउटा वन-जङ्गलमा हुने वनथान (वनथलो), यहाँ हुने थान चाहिं मूल थान हुन्छ। २. घरथान (गाउँथलो), यो चाहिं वनथानकै शाखाको रूपमा सुविधाको निमित्त गाउँ-घरमा रहेको हुन्छ। यो पछिल्लो थान (थलो) छुट्टै पनि बन्नसक्छ, अथवा मान्छे बसेकै घरमा पनि रहनसक्छ। वनथान (थलो) चाहिं सुनसान ठाउँमा अलग रहेको हुन्छ। यस किसिमको मष्टको वनथान अलि उच्च परेको ठाउँमा अथवा एकान्त परेको ठाउँमा बनेको हुन्छ। यस थानको वरिपरि धूपीका रुखहरू र ढुङ्गाका चौघेरा हुन्छन्। थान एउटा सानो घरकै रूपमा देखापर्दछ। अक्सर यस्ता थानमा काठको छाना (दुइपाखे छाना) हुन्छ। थान भित्रको भाग खुल्ला र चौडा हुन्छ र त्यहाँ एउटा गुप्ती कोठा (मष्टको आगम) पनि हुन्छ। यसलाई 'गबीर' भन्दछन्। थानमा ठूल-ठूला बुट्टेदार काठका थामहरू हुन्छन्। यहाँ मष्टदेवलाई चढाइएका काठका ठूल-ठूला मूर्ति, ढुङ्गाका साना-साना मूर्ति, घण्टा, शङ्ख, रुद्राक्ष, चमर, त्रिशूल, ध्वजा-पताका, दियो आदि हुन्छन्। कुनै कुनै वनथानमा मूलद्वार पनि हुन्छ। आलनसहितको लिङ्गो चाहिं थलोको मुण्डा छानाको मध्यभागमा गगनचुम्बी गजूर झैं गाडिएको हुन्छ। यो लिङ्गो मष्ट रहेको गुप्ती कोठासँग जोडिएको हुन्छ। यस्तो वनथान चाहिं एकतले नै हुन्छ। मष्टको घरथान (गाउँथलो) भने एकतले अथवा दुई तले पनि हुन सक्दछ। यस थानमा पनि वनथानमा झैं नै आलनसहितको लिङ्गो गाडिएको हुन्छ। यस थानको देउचल (भित्री भाग) पनि खुला हुन्छ र भित्र भागको पनि एक छेउमा 'गबीर'. (गुप्ती कोठा) हुन्छ। गाउँका माझ अथवा छेउमा रहेका अन्य ग्रामीण साना-साना देवी-देवताहरूको थान भने सानो भएकोले चारकुने देवल जस्तो हुन्छ। यसको भित्री भागमा देवी-देवता रहेका हुन्छन्। यस्ता देवलमा पनि कुनै-कुनैमा आलनसहितको लिङ्गो गाडिएको हुन्छ, तर मष्टको थानमाझैं अनिवार्यतः गाडिएको हुनैपर्छ भन्ने कुनै नियम छैन। फेरि प्रायः गाउँघरको प्रत्येक घरमा पनि साना-साना खोपाहरूमा आफूहरूले मान्ने मष्ट र अन्य देवी-देवता पनि स्थापना गरिराखिएको हुन्छ, तर यसरी पूजिने थानहरूमा पनि लिङ्गोको सम्बन्ध हुनैपर्छ भन्ने कुनै नियम देखिंदैन। मूलतः धामीले पतुर्ने प्रचलित ठूल-ठूला वनथान र घरथान मानिएका ठाउँहरूमा नै आलनसहितका १५ देखि २० अथवा ३०/४० हातसम्मका लिङ्गाहरू ठड्याइएका पाइन्छन्। प्रायशः धामीले नपतुर्ने ठाउँमा आलनसहितको लिङ्गो गाडिएको हुँदैन। लिङ्गाको काठ प्रायः पावै सल्ला अथवा लेखाली सल्लाको हुन्छ र सो सुरिलो हुन्छ। यो लिङ्गोलाई 'लुगू' पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitized by eGangotri

भन्दछन् (जोशी, २०२९: ४४)। वास्तवमा यी वनथानमा अथवा घरथानमा पुजिने म
अथवा अन्य देवी-देवताहरूका मूर्ति स्थापना गरिएको हुँदैन। माथि उल्लेख भएका काठ, दु
र फलामका पाताका मूर्तिहरू भक्तजनहरूले मष्टको नाममा अथवा अन्य देवी-देवताहरू
नाममा जस (फल) पाउनको निम्ति चढाइएका मूर्तिहरू मात्र हुन्। यहाँ त मुख्यतया लिङ्गो
प्रतीक हुन्छ अथवा लिङ्गोको मूल फेदको वरिपरि थुप्राइएका प्राकृतिक बनोटका चुच्चे ढुङ्गाह
अथवा गबीरभित्रको खोपामा स्थापना गरिएका शिलाहरू प्रतीक हुन्छन् (जोशी, २०२
४४)। फेरि यस किसिमका वनथान र घरथानमा प्रत्येक दिन पूजा-आजा भइरहने पनि होइन
विशेषतः पूर्वकालहरूमा अथवा गाउँघरका मानिसहरूले धमेलो गर्न आएका दिनमा (मष्ट
धामी हेराउन आएको बेलामा) यहाँ धूमधामले पूजा-आजा हुन्छ। यस बेला यहाँ गोबर
शुद्ध र चोखो पार्न सफा सुघरसँग लिपपोत गरी सिंगार पटार गरिएको हुन्छ, मष्टको नाम
सन्दूकभित्र संकलित भएका मूर्ति (सामान्य मूर्ति), गहना, हात-हतियार, लुगाफाटा आदि प
सफा-सुग्घर गरी सजाइन्छन्। अघिपछि चाहिं यहाँ केही विशेष सजावट हुँदैन, न नित्य कर्म
रूपमा पूजा आजा नै हुन्छ (जोशी, २०२९: ४४)।

३.१: **मष्टको उत्पत्तिः** मष्टको उत्पत्तिको विषयमा ठाउँ अनुसार फरक-फरक कुरा प्रचलि
रहेको पाइन्छ। कसैले कैलाश वा मानसरोवरमा यिनको उत्पत्ति भएको हो भन्दछन् भ
कसैले खप्तडमा यी उत्पन्न भएका हुन् भन्दछन्। कसैले यिनलाई महाराष्ट्र वा राजस्थानबा
आएका देवता मान्दछन् भने कसैले डोटी प्रदेशका पहाडी खोंजबाट उत्पन्न भएका मान्दछन्
अझ कसैले भगवान् शंकरका पुत्र त कसैले पाण्डवका सन्तान मान्दछन्। जसले जे भने प
यिनलाई सबैले मट्टया अर्थात् रैथाने देवता मान्दछन् (पन्त, २०७१: २२)।

मानसरोवरमा भगवान् शङ्करको वीर्य पतन भएकोमा सो वीर्य ज्वालाका रूप
बलिरहेका बखत कैलाशको जाडोले थर्थर कामेका अप्सराहरूले कसैले बालेको आगो ठा
ताप्ता ती अप्सराहरूमा गर्भ रहन गयो। त्यस प्रकारको गर्भबाट एउटी अप्सराले शिवक
अवतार मानिने देवता जन्माइन् भने अर्कीले देवी-भगवतीको अवतार मानिने मालिक
कालिका, दुर्गा आदिलाई जन्म दिइन्। तेस्रीले चाहिँ शिव र शक्तिका प्रमुख गण बने
लोककल्याणमा समर्पित हुने प्रस्तुत मष्टदेवता जन्माइन् (पन्त, २०७१: १२-२३)।

भगवान् शङ्करले दशैदिशाका समस्त जीवजन्तुको पालनपोषण तथा संरक्षण ग
जिम्मेवारी दिई खटाएका गणहरूमध्येका गणहरूले लोककल्याणका कार्य ज्यादै प्रभावका
तवरले पूरा गरेकाले तिनलाई स्थानीय बासिन्दाहरूले मष्ट नाम दिएर देवताका रूपमा स्थापि
गरी पुज्न थालेका कारण शैव सम्प्रदाय बनेर यी देवता प्रकट भएका हुन् पनि भनिन्छ (पन्त
२०७१: २३)। त्यस्तै सत्यमोहन जोशीले भन्दछन् मष्टको उत्पत्ति कुन बेला भयो र कहाँबा
भयो भन्ने कुरामा एकरूपता कायम गर्न मष्टले चर्चेका सबै इलाकाहरूमा विशेष तवरले
सर्वेक्षण गर्नु आवश्यक छ। किनभने कर्णाली अञ्चलमा मात्र होइन, यस अञ्चल बाहेक
अरू पश्चिमाञ्चल र भेकहरूमा पनि मष्टको अस्तित्व र प्रचलन कायम भएको विदित हुन्छ
(जोशी, २०३९: ४६)। साधारणतया मष्टको उत्पत्तिको चोसो खोज्दै गएमा दरिलो जन-कथन
अनुसार वर्तमान कर्णाली अञ्चलको दक्षिण भागमा रहेको अर्थात् सेती अञ्चलको बझाङ्ग
मष्टको आदि थलो देखा पर्दछ। पछि यही ठाउँबाट मष्टका अनेक हाँगाहरू चारैतिर फैलिए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गएको पत्ता लाग्दछ । यस सन्दर्भमा सिंजाखोला उपत्यकामा अझै निकै प्रचलित भइरहेको 'बान्ना फुटे, ढँणार छुटे' भन्ने आहान ऐतिहासिक देखिन आउँछ । यस आहानको भावार्थ -'बान्नीबाट मष्ट फुटे र ढँणारबाट छुटेर गए' भन्ने हो (जोशी, २०२९: ४६) ।

अब यही आहानको पृष्ठभूमिलाई केलाएर हेरौं । वर्तमान सेती अञ्चल बभ्राङ्ग जिल्ला (उहिले बभ्राङ्ग राज्य) पर्दछ । यही बभ्राङ्गमा बान्नीकोट (बभ्राङ्ग राज्य भएकोले) भन्ने ठाउँ छ । 'बान्नी' त्यही ठाउँको दर्राको नाम हो । ढणार (सजिलो उच्चरण ढँडार) पनि बभ्राङ्गकै एउटा गाउँको नाम हो (जोशी, २०२९: ४६) ।

सिंजा उपत्यकामा लुट्कु गाउँ विकास समितिका वयोवृद्ध पं. केदारनाथ न्यौपानेका कथनानुसार 'बभ्राङ्ग राजाका एक जना पुर्खा बद्री नारायणधाम गएका थिए । उनी तीर्थधाम गरी त्यहाँबाट फर्कंदा एउटा नीलो रंगको कलेवर शिला (ढुङ्गो) उनको साथ लागी आएछ । उनले त्यो ढुङ्गा बाटोमा फाले, तर भोलिपल्ट पनि त्यो ढुङ्गो उनकै झोलामा देखापऱ्यो । उनले त्यो ढुङ्गो दुई-तीन पल्ट बाटामा फाल्दा पनि उनकै साथ लागेर झोलामा देखापऱ्यो । पछि आफ्नो घर बभ्राङ्गमा आइपुगेपछि, उनलाई एउटा सपना भएछ । त्यस सपनामा ढुङ्गाले भन्यो रे-'मलाई किन फाल्दछस् ? म त मष्टको रूपमा आएको हूँ, तँलाई रोजेर । तँलाई राज्य दिलाउँछु । किन फाल्छस् मलाई ?' (जोशी, २०२९: ४६) । त्यसपछि त्यो सपना देख्नेले त्यस ढुङ्गालाई फाल्ने साहस गर्न सकेन । उसले त्यो ढुङ्गाप्रति श्रद्धा र आस्था राख्यो । उसले त्यो ढुङ्गालाई दैवी शक्तिको रूपमा स्थापना गऱ्यो । तद्उपरान्त एक-दुई पुस्तापछि उसका वंशलाई राज्यप्राप्ति भयो भन्ने कथन छ (जोशी, २०२९: ४६) । यसै कथाको पृष्ठभूमिमा अद्यापि गाउँ-घरमा बूढापाका मानिसहरू भन्दछन्- "हाम्रा मूल मष्ट बद्रीनारायणस्थानको गरूड शिला (ढुङ्गा) बाट फाटेर आएका हुन्, त्यहाँ दर्शन गर्न जाने मानिसको थैलोमा बसेर आएका हुन्" (जोशी, २०२९: २६) ।

यस सन्दर्भमा सिंजा लुटकू ग्रामनिवासी श्रीलक्ष्मण पाध्याको घरमा सुरक्षित एक अज्ञात कविको कविता जुन प्राप्त भएको छ, त्यसबाट मष्टको उत्पत्ति र भोगबारे केही कुरा थाहा हुन आउँछ । जस्तैः-*"पानीको इनेरा भाप फुलिगयो जाई, इन्द्रका पुत्रले मष्टो बोलायो ।*

सुनका भड्यारा फोरी मर्त्यलोक आयो, कहाँ रोज्यो ठाउँ गोसाइँ कहाँ रोज्यो भोग ।
वाराणसी ठाउँ गोसाइँ ढँडार भोग, कानाकुश नजापुर मष्टो छ नाम ।"

यस कवितामा 'सुनका भड्यारा फोरी मर्त्यलोक आयो' 'ढँडार भोग' आदि उल्लेखले मष्टको जन्म र मष्टले भोग गरेको ठाउँको सङ्केत स्पष्ट हुन्छ (जोशी, २०२९: ४६-४८) । अनि, बभ्राङ्गको बान्नीकोटमा सर्वप्रथम स्थापना भएकोले त्यस मष्टको नाम नै 'बान्नीमष्ट' भयो । त्यही बेलादेखि मष्टको पूजाआजा शुरू भयो । यसको प्रचार चारैतिर हुन थाल्यो । सबैले मष्टलाई प्रत्यक्ष देवता मान्न थाले । मष्ट सर्वेसर्वा तत्त्वको प्रतीक बन्यो (जोशी, २०२९: ४८) ।

३.२. मष्टका प्रकार (विविध मतका आधारमा)

पश्चिम नेपालका मानिसहरूले मष्टलाई आफ्नो कुलायन देवता (कुलद्यौता) अत्यन्तै श्रद्धाका साथ मान्दछन् । लेखकहरू- योगी नरहरिनाथ, पूर्णप्रसाद नेपाल 'यात्री,' डा. प्रयागराज शर्मा, विहारीकृष्ण श्रेष्ठ, रत्नाकर देवकोटा, देवीचन्द्र श्रेष्ठ, प्रदीप रिमाल, विष्णुप्रसाद खत्री, जयराज पन्त, श्यामबहादुर खड्का, कुलचन्द्र कोइराला, सत्यमोहन जोशी आदि समेतका कृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र लेख रचनामा विभिन्न विषयवस्तुहरूको अध्ययनमा आधारित मष्टका विभिन्न प्रकार यहाँ उल्लेख गरिएको छ। यद्यपि मष्टका प्रकार कति छन् भन्ने कुरामा मतैक्यता पाइँदैन। शक्तिको सर्वोच्च रूप हुने भएकोले एउटै हुन् कि भन्ने कुरामा पण्डितकार बढी नजिक छ। विविध लेखकहरूले प्रस्तुत गरेका मष्टको नाम र थान (थलो) को फेहरिस्ता प्रस्तुत गरिन्छ १. ढँडार मष्ट (आदिमष्ट) (बभ्राङ्ग), २. कवा मष्ट (हुम्ला र मुगु), ३. बूडु मष्ट (जुम्ल ४. थार्पा मष्ट (जुम्ला र मुगु), ५. गुरो मष्ट (अष्टमदेव) (मुगु र हुम्ला), ६. खापर म (जुम्ला, मुगु, डोटी, अछाम, सान्नी), ७. दाड्या मष्ट (जाजरकोट, दैलेख, डोटी, अछ रास्कोट), ८. दुद्या मष्ट (जाजरकोट, दैलेख, डोटी, अछाम, रास्कोट), ९. विनायक म (जाजरकोट समेतका जिल्ला), १०. विजुली डाँडो मष्ट (जुम्ला, डोल्पा र कालीकोट ११. कालशिलो मष्ट (जुम्ला, कालीकोट, अछाम), १२. बाबिरो मष्ट (जुम्ला), १३. सु गाउँ मष्ट (जुम्ला), १४. लाँकुडो मष्ट (डोल्पा र कालीकोट), १५. उखाडी मष्ट (गड्ड सिद्ध) (जुम्ला), १६. रूम (रोम) मष्ट, १७. छल मष्ट (डोल्पा), १८. राउतकोट्या म (अज्ञात), १९. कफाल्ना मष्ट (जाजरकोट), २०. पुईक मष्ट (जाजरकोट), २१. बाम म (जुम्ला र मुगु), २२. बाँटपाल मष्ट (हुम्ला), २३. रामपाल मष्ट (हुम्ला), २४. लडीव मष्ट, २५. सोलुपाल मष्ट, २६. क्षेत्रफल मष्ट, २७. वनपाल मष्ट, २८. लोहासुर मष्ट, २ दूवेशिला मष्ट, (हुम्ला), ३०. हगुरो मष्ट, ३१. सीमताडी मष्ट, ३२. भ्वानी मष्ट (जाजरकोट ३३. सुम्लेगुरो मष्ट, ३४. भूर्इगरो मष्ट, ३५. ह्याङ्ग्रया मष्ट (जुम्ला), ३६. राँगामालचु मष्ट, ३७. दयाशिला मष्ट, ३८. भूवाँर मष्ट (जुम्ला), ३९. कैलाश (अमस्तदेव) मष्ट (हुम्ल ४०. **लामा-विष्णु मष्ट**, ४१. जगन्नाथ मष्ट (जुम्ला), ४२. कुडाचा मष्ट (जुम्ला), ४ कालीकोट (रास्कोट) मष्ट, ४४. हिङ्गाल मष्ट (जाजरकोट), ४५. लड्या मष्ट (डोटी), ४ लट्या मष्ट (डोटी), ४७. भैरो (भैरव) मष्ट (बाजुरा), ४८. सिद्ध मष्ट, ४९. तेडी मष्ट, ५ गच्चु मष्ट (जुम्ला), ५१. कालदुङ्गी मष्ट (जुम्ला), ५२. ढुंडीढुस्की मष्ट, ५३. सार्की मष्ट (हुम्ला), ५४. उब्ज्या मष्ट (जाजरकोट), ५५. धूरगाँ (गाउँ) मष्ट (जाजरकोट ५६. ठिङ्गाल मष्ट (जाजरकोट), ५७. बान्नी मष्ट, ५८. शम्भु मष्ट, ५९. भुईफुटा म (जाजरकोट), ६०. धूपीरूख्या मष्ट, ६१. बाँजकोट्या मष्ट, ६२. धौलपुच्या मष्ट (जुम्ल कालीकोट), ६३. भात्याखोल्या मष्ट, ६४. पन्त्या मष्ट, ६५. सहाबै मष्ट, ६६. कुलद्रयो म ६७. महाद्रयो मष्ट, ६८. राहद्रयो मष्ट, ६९. सक्तिद्यो मष्ट (हुम्ला), ७०. लाटोद्यो मष्ट, ७ चुनद्यो मष्ट, ७२. कुलसैनी मष्ट, ७३. लाटो बाहुन मष्ट, ७४. मशालो मष्ट, ७५. ध्याल्या मष्ट, ७६. रुमाल मष्ट (सेती अञ्चल), ७७. टाट्ढी मष्ट, सेती, ७८. मण्डली मष्ट (सेती ७९. सड्या मष्ट (सेती), ८०. मुण्डा मष्ट (सेती), ८१. रुद्र मष्ट ८२. कैली मष्ट (सेती ८३. काला मष्ट (सेती), ८४. खप्पर (खप्तड) मष्ट (सेती), ८५. गन्याय मष्ट (सेती), ८ लोखाली (डी) मष्ट (भेरी), ८७. लिउडी मष्ट (जुम्ला), ८८. काफल मष्ट (जुम्ला), ८ सीम मष्ट (जुम्ला, कालीकोट), ९०. डुसापानी मष्ट (जुम्ला, कालीकोट), ९१. डढी शीत मष्ट (जुम्ला, कालीकोट), ९२. कुर्मी मष्ट (जुम्ला, कालीकोट), ९३. रमाल मष्ट (जुम्ल कालीकोट), ९४. वाइफालो मष्ट (हुम्ला), ९५. रामफाल मष्ट (हुम्ला), ९६. महारुद्र द्यौत (जुम्ला, हुम्ला), ९७. बाँसकोट्या मष्ट, ९८. पुआँल्या मष्ट, ९९. क्यूँडा मष्ट, १००. साइ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मष्ट, १०१. धुरापानी मष्ट, १०२. बडाबाडा मष्ट, १०३. तलिकोट्या मष्ट, १०४. श्वेता मष्ट, १०५. पँचालो मष्ट (कालीकोट (सानी-सिकु)), १०६. रूपा मष्ट (जुम्ला), १०७. कालामष्ट (कालीकोट (कालीकोट कुलायन)), १०८. स्थानु मष्ट (कालीकोट) (रासकोट दर स्युना) समेत जम्मा १०८ ओटा मष्ट अथवा द्यौता (देवकोटा, २०७०: १३३-१३४)। उपर्युक्त नामका मष्टहरू सामान्य रूपमा मष्टको गणनाभित्र परे तापनि यिनीहरूमध्ये कोही मष्ट, कोही देवता, कोही क्षेत्रपाल, कोही प्रसिद्ध भूत-भवाँर र कोही प्रसिद्ध पुड्यानाभित्र पनि पर्दछन् (देवकोटा, २०७०: १३४)। श्यामबहादुर खड्काले 'खड्का सन्देश' नामक पत्रिकाको लेख "कुलदेवता मष्टो" शीर्षकमा- नेपालमा मष्टका सम्बन्धमा विभिन्न लेखकहरूले कलम चलाएता पनि विस्तृत अध्ययन तथा अुनसन्धान हुन बाँकी छ। मष्टका कसैले १२ भेद दिए भने कसैले १८ प्रकारका मष्टको उल्लेख गरेर नाम समेत दिए। कसैले त ८४ प्रकारका मष्टहरू भएको उल्लेख गरे भने कसैले मरूत नै मष्ट हुन् भनी दिए। विभिन्न लेखकहरूले उल्लेख गरेका मष्टका विभिन्न प्रकार र नामहरूमा कुनै सत्यता छैन। शुरूमा कुनै लेखकले विभिन्न नाम दिएर मष्टका प्रकार उल्लेख गरेर बाहिर प्रकाशमा ल्याए। अन्य लेखकहरूले त्यसमा विस्तृत अनुसन्धान नै नगरी त्यसैलाई अनुशरण गर्दै आए भनेका छन् (खड्का, २०७२: ८)।

ठाउँ अनुसार मष्ट देवताको हाँगाबिँगा छरिँदै गएपछि बाह्र वटा शाखामा मष्ट विभाजित भएको पाइन्छ। जसलाई पश्चिमनेपालको लोक-भाषामा बाह्र भाइ मष्ट भनिन्छ। बाह्र भाइ मष्टका नामहरू प्रायः जसो त्यही ठाउँको नामबाट उठान भएको पाइन्छ। बाह्र भाइ मष्टका नामावली भने भिन्दाभिन्दै पाइन्छन्। जुम्ला सिञ्जा, पाण्डु सेरामा प्रचलित बाह्र मष्टका नाम यसप्रकार छन्- आदि मष्ट, खापर मष्ट, बाबिरो मष्ट, काला मष्ट, रुमाल मष्ट, ढँडार मष्ट, थार्पा मष्ट, बान्नी मष्ट, कावा मष्ट, मण्डली मष्ट, डाढे मष्ट र दाह्रे मष्ट (गुरूङ, २०७३: १-२)।

यहाँनेर मष्टका बाह्र भाइहरूको नामावली प्रस्तुत गर्दा यसमा एकरूपता ल्याउन ज्यादै कठिन पर्दछ। प्रत्येक गाउँमा जान्ने बूढा-पाकाहरू आफ्नै तरिकाले बाह्र भाइ मष्टका नामहरू बताउँदछन्। तिनीहरूले यसरी नाम बताउँदा कहिलेकाँही बाह्र पुग्दैन, कहिलेकाहीं बाह्रभन्दा बढी पनि देखा पर्दछ। फेरि त्यस नामावलीमा आफ्नै गाउँका विशेषता दर्शाएर मष्टको नाम भन्ने गरेको पनि पाइन्छ। साथै एउटै मष्ट विभिन्न नामले पनि देखा पर्दछ (जोशी, २०२९: ५५)। उदाहरणको निमित्त यहाँ दुई थरी नामावलीहरू प्रस्तुत गरिएका छन्, जस अनुसार सिंजा पाण्डुसेराका बूढापाकाका भनाइमा - १. ढँडार मष्ट २. कवा मष्ट ३. कालोसिल्टो मष्ट ४. धवलपुरा मष्ट ५. दूधेसिल्टो मष्ट ६. दाढे मष्ट ७. लरिचाल मष्ट ८. थार्प मष्ट ९. बुडू मष्ट १०. कैलाश मष्ट ११. लाँखुरो मष्ट १२. सुकिलोहस मष्ट (जोशी, २०२९: ५६)। सिंजा लुटकूका बूढापाकाका भनाइमा- १. बान्नी मष्ट २. ढँणार मष्ट ३. क्यूँडाला मष्ट ४. डाढे मष्ट ५. लाटो मष्ट ६. बुडू मष्ट ७. कवा मष्ट ८. थार्प मष्ट ९. बाबिरो मष्ट १०. बाँओ मष्ट ११. बाँसकोट मष्ट १२. साइँन मष्ट (जोशी, २०२९: ५६)। उक्त नामहरूका अतिरिक्त यी नामहरू पनि देखा पर्दछन् - १. सीम मष्ट २. सुंनार गाउँ मष्ट ३. पुवाँले मष्ट ४. उखाडी मष्ट ५. तलीकोटे मष्ट ६. बाँसकोटे मष्ट ७. बा मष्ट ८. लिउडी मष्ट ९. काफल मष्ट १०. रमाल मष्ट ११. धुरापानी मष्ट १२. गुरु मष्ट १३. विजयी मष्ट इत्यादि (जोशी, २०२९: ५६)।

३.३. कुलदेवताका रूपमा मष्टः खस-ब्राह्मणहरू सबैका कुलदेवताको रूपमा पूजिने मष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवश्य पनि कुनै वैदिक देवताको अपभ्रंश रूप हुनुपर्ने कुरामा शङ्का छैन । हामी कहाँब
आयौं ? कहिले आयौं ? हाम्रो आदिथलो कुन हो ? इत्यादि विषयमा आजसम्म हु
लागेको छैन (रिसाल, २०६०: १८) । मष्टको खोजीका अनुक्रममा सुदूरपश्चिमाञ्चल
मध्यपश्चिमाञ्चल अर्थात् कर्णाली प्रदेश, अझ खास गरी महाकाली, सेती र भेरी अञ्च
अझ तोकेरै भन्नुपर्दा 'दैलेख' जिल्लामा थुप्रै थुप्रै प्रमाणहरू पाइएका छन् । मष्टको पूजास्था
मेला, धामी बस्ने, बलि दिने, बलि नदिने आदि विषयमा केही तथ्यहरू फेलापरेको
यहाँ पहिले मष्टका १२ भेद दिइन्छ । खस-ब्राह्मणहरूले परम्परागत रूपमा मान्दै आएक
कुलदेवता, कुलायन हुन्- मष्ट । यसरी मानिने मष्टहरूमा प्रसिद्ध बाह्र सूर्य पनि हुन सक्छ
(रिमाल, २०६०: १८) । ती बाह्र सूर्यको नाम - १. धाता २. अर्यमा ३. मित्र ४. वरुण ५
इन्द्र ६. विवस्वान् ७. पूषा ८. पर्जन्य ९. अंशुमान १०. भग ११. त्वष्टा १२. विष्णु (चतुर्वेद
२-२८) । परन्तु कुलेदेवताको रूपमा भन्दा मष्टलाई आर्य ब्राम्हण र खस दुवैमा आ-आफ
गोत्र-देवसमेत मानेको पाइन्छ । गोत्र अनुसार 'मष्ट' का नाम यस प्रकारका छन् - १. आदि म
- वशिष्ठ गोत्रीका कुलदेवता ।, २. खापड मष्ट - कौशिक गोत्रीका कुलदेवता ।, ३. टेढी म
- भारद्वाज गोत्रीका कुलदेवता । ४. क्षेत्रपाल मष्ट - कौडिन्य गोत्रीका कुलदेवता ।, ५. धौल
वा धवला मष्ट - गर्गगोत्रीका कुलदेवता ।, ६. बाबिरा मष्ट - उपमन्यु गोत्रीका कुलदेवता । ७
काला मष्ट - आत्रेय गोत्रीका कुलदेवता । ८. द्वुसासैनी मष्ट - काश्यप गोत्रीका कुलदेवता
९. लटे मष्ट - माण्डव्य गोत्रीका कुलदेवता । १०. रुमाल मष्ट - वत्स गोत्रीका कुलदेवता
११. दाह्रे मष्ट - धनञ्जय गोत्रीका कुलदेवता । १२. मण्डली मष्ट - धृतकौशिक गोत्रीक
कुलदेवता । (रिसाल, २०६०: १९) । परन्तु तन्त्रप्रधान समाजमा- आध्यात्मिक प्रशास
सिद्धको हातमा हुन्छ । सिद्ध सबैका राजा हुन् । मष्टलाई 'सिद्ध र भैरव' दुबैको रूपमा पूज
गरिन्छ भनेको पनि पाईन्छ । (रिमाल, २०६०: १९) ।

३.४. **मष्टका नाता-गोता:** मष्टका नाता-गोता वा सम्बन्ध भएकाहरूको चर्चा गर्नु प्रासङ्गिक
होला । मष्ट देवतालाई ब्रह्मचारी मानिन्छ । यिनका पत्नी छैनन् । मष्ट व्यक्तिगत सुखभोगभन्द
लोककल्याणलाई महत्त्व दिने र हरपल जनहितका कार्यमा संलग्न रहने देवता हुन् भनिन्छ
(पन्त, २०६४: २५) । मष्ट ब्रह्मचारी भएकाले सन्तति हुने कुरै भएन, तर पनि 'लाँखुरे' देवता
यिनका भतिजा मानिन्छन् (पन्त, २०६४: २६) ।

३.४.१. **मष्टका मामा:** मष्टको लहरमा महादेव, विष्णु र तेडीका धामीलाई समेत मामालाई
दिइने सम्मान दिएर विशेष उपचारका साथ स्वागत गरिन्छ । कहीं-कहीं तेडीलाई पनि मष्टका
भाइ मान्ने चलन छ । डोटी जिल्लाको गिरिचौरमा तेडीलाई मष्टका मामा भनिन्छ भने
गडसेरामा तेडीलाई भाइ भनिन्छ । (पन्त, २०६४: २६) ।

३.४.२. **मष्टका भाञ्जा:** मष्टका दिदी वा बहिनी भए पनि अविवाहित भएर आ-आफ्ना
थानमा बसेको कुराको वर्णन पाइन्छ । कुन चाहिँ दिदी वा बहिनीले विवाह गरी गृहस्थी जीवन
बिताएको हो, कोसित विवाह गरेको हो र के कति सन्तान प्राप्त भएका हुन् भन्ने बारे कतै
उल्लेख पाइँदैन तर क्षेत्रपाल तथा भैरवलाई यिनका भाञ्जा मानेर पूजा गर्ने र भाञ्जा भनिन्छ
तिनलाई सेतो बोको बलि दिने चलन पनि विवेच्य क्षेत्रमा प्रचलित छ । मष्टलाई नै क्षेत्रपाल
भन्ने र भैरवलाई मष्टकै भाइ मान्ने गरेको पनि कुनै-कुनै ठाउँमा पाइन्छ । कहीं कहीं भैरवलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मष्टका गणको रूपमा पनि लिइन्छ (पन्त, २०६४: २६)।

३.४.३. **मष्टकी भाञ्जी:** वसन्तमाला नामकी स्थानीय देवीलाई मष्टकी भाञ्जी भनिन्छ। यिनी मष्टकी कुन चाहिं दिदी वा बहिनीबाट जन्मेकी हुन् र यिनका पिता को हुन् भन्ने स्पष्ट छैन। रक्तबलि ग्रहण नगर्ने र कोरा पूजा वा सात्त्विक भोग लिने यिनी कुनै-कुनै मष्टको पूजाका साथमा मात्र पुजिन्छिन्। यिनको शक्ति भगवती दुर्गाको जस्तै रहेको विश्वास गरिन्छ (पन्त, २०६४: २६)।

३.४.४. **मष्टका इष्टमित्र:** इष्टमित्र तथा नाता-गोता ज्यादै व्यापक भएका स्थानीय देवता हुन् मष्ट। नजिक र टाढाको साइनो लाग्ने यिनका सम्बन्धी देवी-देवताहरू अनेक छन् भनिन्छ। विशेषतः ऐक्वार, डाणाबाग, झलल्या, बन्थडी, लाटो, कलङ्की, निमौने, नान्ने, असङ्खी, बेताल र सिद्ध जस्ता स्थानीय देवी-देवतासित यिनको नजिकको नाता लाग्दछ भन्ने जनश्रुति छ। साँगुरो-अप्ठेरो पर्दा मष्टले यिनलाई सहयोग गर्दछन् र आफूलाई परे यीबाट मद्धत लिई लोकहितका कार्य गर्दछन् भनिन्छ (पन्त, २०६४: २६-२७)।

३.४.५. **मष्टका सेवक:** स्थानीय नदी-नाला, बाटो-घाटो, भीर-भञ्ज्याङ्ग, खोला-खोल्सा, खेत-गरा, वन-जङ्गल र भीर-पाखामा बस्ने सहायक देवी-देवताहरूलाई मष्टका सेवक मानिन्छ। यिनलाई मष्टका वान् (बाहन) अर्थात् गण वा मष्टसित पारिवारिक सम्बन्ध भएका गणदेवता भनिन्छ (पन्त, २०६४: २७)

३.४.६. **मष्टको बाहन:** भगवती दुर्गाको प्रमुख सेनापति वा मुख्य सहायक यी देवताको बाहन मूलतः बाघ नै हो। यिनलाई कुलदेवता मान्नेहरूले सपनामा बाघ देखेमा यिनको दर्शन पाएको विश्वास गर्दछन् र गाउँबस्तीमा बाघ देखियो वा त्यसको आतङ्क फैलियो भने यी देवता रिसाए भन्दै चलनचल्तीका उपचारको अवलम्बन गर्दछन् (पन्त, २०६४: २७)।

३.५. **मष्टसँग सम्बन्धित् देवताहरू:** महालिङ्ग देवता, छडाखेती देवता, नानन देवता, लाँकुडा देवता, कालसैन देवता, लवसैन देवता, लाँगा देवता, बाँठपाला देवता, धौलदेउ (देवता), डाँडाबाघ (देवता), लाटा हित वा लाटा देवता, धौलापुरा देवता, खापर (देवता), तिलकोटी (कैलाश) देवता, बाँझकोटी देवता, खाँडो बेताल आदि मष्टसँग सम्बन्धित देवताहरू हुन्।

३.६. **मष्टको दैवी शक्ति:** मानिसहरूको विश्वास अनुसार देवताहरू अद्भूत दैवीशक्तिका हुन्छन्। यिनीहरूले चाहेमा आकाशबाट तुरून्त पानी पार्न सक्दछन्, परिरहेको पानीलाई रोक्न सक्दछन्। देवताको शरणमा गएमा कुनै बिरामी परेको व्यक्ति निको हुनसक्छ। आफ्ना भक्तलाई अकाल मृत्युबाट जोगाउन सक्छन्। तर दैवीशक्ति रिसाए भने कुनै व्यक्तिको धन-सम्पत्ति नष्ट गरिदिन सक्छन् र कुनै व्यक्तिको मृत्यु गराउन पनि सक्छन् (खड्का, २०७२: ८०)।

४. नौ बहिनी भवानी

पश्चिम नेपालमा नौ बहिनी भवानी र बाह्र भाइ मष्टको व्यापकता रहेको कुरा उल्लेख भइसक्यो। नौ बहिनी भवानी र बाह्र भाइ मष्टका नाम र सङ्ख्यामा विद्वान्हरूको मतैक्यता पाउन सकिदैन। मष्ट कसैले एक, कसैले दुई, कसैले तीन, कसैले चार, कसैले बाह्र, कसैले सोह्र, कसैले चौंसठ्ठी, कसैले चौरासी र कसैले एक सय आठसम्मको नामोल्लेख गरेका छन्। त्यस्तै भवानीका बारेमा पनि नौ बहिनी र सोह्र बहिनी भवानीको नाम र सङ्ख्यामा धेरैजसो विद्वानहरू बाँडिएका छन्। यहाँ ती दुबै थरीमा प्रतिनिधि विद्वान्को मत प्रस्तुत गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitized by eGangotri

संस्कृतिविद् सत्यमोहन जोशीले आफ्नो कार्यालय लोक-संस्कृति मष्टका आलनह लेखमा बाह्र भाइ मष्ट र नौ बहिनी भवानी/भुवानी भनेका छन् । जोशीले आफ्नो लेख भुवानी/भवानीका नामावली पनि पृथक् पृथक् (त्यहींका बासिन्दा र जानीफकारहरू भनाइका आधारमा) पेश गरेका छन् । जस्तै एकाथरीको भनाइ अनुसारः- १. मालिका कनकासुन्दरी ३. त्रिपुरा-सुन्दरी ४. जालपा ५. कालिका ६. खेसमालिनी ७. ठिंग्याल ८. दुलेल्नी ९. विन्द्रवासिनी (विन्ध्यवासिनी) (जोशी, २०२९: ५६) अर्काथरीको भन अनुसारः- १. भुवानी २. कालिका ३. मालिका ४. खेसमालिनी ५. ठिंग्याल्नी ६. पुगेल ७. हिमालिनी ८. कनकासुन्दरी ९. त्रिपुरासुन्दरी (जोशी, २०२९: ५६) । यी बाहेक भुरुचु मालिका, पुँगेल्नी, सुरन्दा, अलकानन्दा आदि नामहरू पनि देखापर्दछन् (जोशी, २०२ ५६) । त्यस्तै मष्ट र भवानीका सम्बन्धमा झण्डै तीसवर्षदेखि अध्ययन गरी 'मष्टोः संस्कृ परम्परा', 'बझाङ्गः किंवदन्ती र इतिहास' जस्ता पुस्तक एवं विभिन्न कार्यपत्रहरू र लेखहरूव लेखक श्यामबहादुर खड्काका अनुसार सोह्र बहिनी भवानीको नाम यस प्रकार छ । जस - १. लखमादेवी २. पुन्युगिरिदेवी ३. निगालदेवी ४. दुर्गादेवी ५. सुर्मादेवी ६. जालपादेव ७. कालिकादेवी ८. खनारीदेवी ९. मालिकादेवी १०. त्रिपुरासुन्दरी (रणशैनीदेवी) ११ उग्रतारा १२. नन्दादेवी १३. कनकसुन्दरी (कनकासुन्दरी) १४. भुवनेश्वरी १५. वागेश्वरी १६ शैलेश्वरी (खड्का, २०७२) ।

४.१. **भवानीको उत्पत्तिः** पश्चिम नेपालमा देवी-देवताको उत्पत्तिको सम्बन्धमा विभिन्न किसिमका धारणाहरू रहेका छन् । यस सम्बन्धमा निश्चित कुनै मत छैन । देवीचन्द्र जैसीको सुर्मादेवीको इतिहासमा एक भाइ मष्ट र सोह्र बहिनी देवीहरूको उत्पत्तिका सम्बन्धमा चर्चा गरिएको छ । उक्त कृतिमा संकलित फाग अनुसार एक भाइ मष्ट र सोह्र बहिनी देवीहरू हिउँको पहाडको पानीमा छायाँ देखिने ठाउँ मालमुनि उत्पन्न भए भन्ने उल्लेख छ । त्यो ठाउँ कहाँ हो भन्ने सम्बन्धमा फाग र किंवदन्तीहरू उपलब्ध छैनन् (खड्का, २०७२: ३५) । त्यस्तै यसै लेखको ३.१ मा मष्टको उत्पत्ति शीर्षकभित्र पनि संक्षिप्त चर्चा भएकै छ ।

४.२ **भवानीका प्रकारः** भवानीका विषयमा विभिन्न विद्वान्हरूले तयार पारेका केही चार्ट (सूची) यसै लेखको शीर्षक ४ मा नौ बहिनी भवानीमा उल्लेख भइसकेको छ । तर नौ वा सोह्र बहिनीको नामोल्लेख मात्र भयो ती मध्ये केहीको संक्षिप्त परिचय यहाँ प्रस्तुत गर्नु प्रासङ्गिनै होला । जस्तैः-

४.२.१. **निगालदेवी/निगालसैनी भगवती (डेमाण्डू)ः** बैतडीगढीको हाराहारी पूर्वतिर उँचो भू-भाग काठमाते नजिकै सतपाली अझै देमाण्डू भनेर बढी चिनिने ठाउँमा एउटा स्थानीय पहाडी कलायुक्त मन्दिर छ । यो मन्दिर भित्र निगालसेनी भगवतीको उद्गमस्थल मानी शक्तिपीठको रूपमा धुमधामसँग पूजा हुन्छ । यहाँ पूजा गर्ने भट्ट पुजारी र द्यौकाहरू धामी हुन्छन् । यहाँ भाद्र शुक्लपूर्णिमाका दिनमा विशेष पूजा हुन्छ र ठूलो जात्रा लाग्दछ । त्यस्तै चैत्र र शारदीय नवरात्रमा शक्तिपीठको रूपमा पूजा, पाठ, होम, यज्ञ हुन्छ र ६४ राँगाको बलि दिन जरूरी मानिन्छ । राँगा नपाएमा कुभिण्डो भए पनि बलि दिनु पर्दछ । आफ्नो चाहना पूरा गर्न भगवतीलाई बोका, राँगा चढाउने भाकल गरेर पूजा गरी आफ्नो अभीष्टसिद्ध गर्दछन् (खत्री, २०६०: ६०) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.२.२.**दुर्गादेवीः** मष्टका सोह्र बहिनी मध्ये दुर्गादेवी सबभन्दा जेठी हुन् । देवीका सबै बहिनीहरूलाई सोह्र बहिनी दुर्गा भनिन्छ । दुर्गाको मुख्य स्थान बभ्राङ्गको थलीका बीचमा छ । उक्त स्थान वा मन्दिरमा वर्षेनी भाद्र २० गते दुर्गादेवीको पूजा-आजा हुन्छ र मेला लाग्दछ । मन्दिरमा पुग्नका लागि निकै तलबाट सिंढी बनाएर मन्दिरसम्म पुऱ्याइएको छ । यस क्षेत्रमा जुत्ता लगाएर प्रवेश गर्न निषेध छ । वैदिक ग्रन्थहरू र पौराणिक ग्रन्थहरूमा दुर्गाको नाम ठाउँ-ठाउँमा पाइन्छ । दुर्गा धेरै ठाउँमा देव-दानवहरूको लडाइमा देवताहरूको पक्ष लिएर लडेको पाइन्छ । दुर्गाका विभिन्नरूपहरू समेत उल्लेख भएका छन् (खड्का, २०५८: ८९-९०) ।

४.२.३. **सुर्मादेवीः** सुर्मादेवीको प्रमुख बासस्थान पश्चिम-उत्तर बभ्राङ्गको चौगाउँको सुर्मासरोवर भन्ने ठाउँमा छ । सुर्मादेवीको पूजा खासगरी चैनपुरको देवीस्थान र रिठापाटाको सेलाखेतमा हुन्छ । सुर्मादेवी पनि मष्टाकी सोह्र बहिनी मध्ये एक बहिनी हुन् (खड्का, २०५८: ९०) । सुर्मादेवीको जात्रा सुर्मासरोवरमा प्रत्येक वर्षको भाद्रपूर्णिमामा हुन्छ । सुर्मासरोवर जान चाहने व्यक्तिले जानुभन्दा केही दिन अगाडि देखिनै शुद्धतामा बढी ध्यान पुऱ्याउनु पर्दछ (खड्का, २०५८: ९३) । सुर्मादेवीको मन्दिरमा कुनै पनि बलि चढ्दैन र कुनै चिजको बलि दिनु वर्जित छ । अरू देवीहरूका मन्दिरमा प्रायः बलि दिने गरिएको भए तापनि सुर्मादेवीले रगतको भोग लिँदिंनन् । उनको शुद्धपूजा मात्र हुन्छ (खड्का, २०५८: ९३) ।

४.२.४ **जालपादेवीः** बभ्राङ्गको जालपादेवी मन्दिर रिठापाटाको देवलमा छ र उक्त ठाउँलाई देवल नै भनिन्छ । जालपादेवीको मन्दिर भएको कारणले नै उक्त ठाउँलाई पहिलेदेखि नै देवल भनिएको हो । उक्त ठाउँको तात्कालीन नाम बालीचौखुडी थियो भन्ने कुरा बूढापाकाहरूले बताउँछन् र देवभाषामा उक्त ठाउँलाई गैरीडोटी पनि भनिन्छ (खड्का, २०५८: ९८) । सुर्मादेवीको इतिहासमा जालपादेवीलाई मष्टकी सोह्र बहिनीहरूमध्ये एक बहिनी मानिएको छ । अरू बहिनीहरू जस्तै उनको विवाह पनि महालिङ्गसँग भएको र बभ्राङ्गमा आइसकेपछि उनले सो ठाउँ रोजेकी हुन् भन्ने उल्लेख गरिएको छ (खड्का, २०५८: ९९) जालपादेवी आफ्ना गणहरू सहित देव-दानवहरूको लडाइँ भएको ठाउँ छोडेर जालन्धर आई बसोबास गरेको र त्यसपछि कर्णालीको तटमा रहेको रासकोटको सानीमा आई बसोबास गरेको भन्ने उल्लेख छ (खड्का, २०५८: १००) । हालसम्म जानकारीमा आएअनुसार जालपादेवीको अछाममा पनि पूजा गरिन्छ र त्यहाँ मन्दिर समेत छ । नुवाकोटको त्रिशूलीमा पनि जालपादेवीको मन्दिर छ । धनकुटको छिन्ताडमा पनि जालपादेवीको मन्दिर छ । यसरी देशका विभिन्न भागहरूमा जालपादेवीको पूजा-आजा हुने गरेको छ र यिनको उत्पत्तिको सम्बन्धमा विभिन्न किंवदन्तीहरू प्रचलित छन् । बभ्राङ्गमा भएकी जालपादेवी, अछाममा भएकी जालपादेवी, नुवाकोटमा भएकी जालपादेवी र धनकुटामा भएकी जालपादेवी एउटै हुन् वा अलग-अलग हुन्, त्यो यकिन हुन सकेको छैन (खड्का, २०५८: १००) । बभ्राङ्गको जालपादेवीको मन्दिरमा नवरात्रिभरि र चैतेदशैंमा पूजा-आजा हुन्छ । चैतेदशैंको दिनमा ठूलो मेला लाग्दछ जसलाई चैतोली भनिन्छ । मन्दिरनेर सल्लाको काँकर ठड्याइन्छ । उक्त काँकर (लिङ्गो) प्रत्येक साल पालैपालो गरी चार दिशाबाट ल्याउने परम्परा छ (खड्का, २०५८: १०१)

४.२.५. **कालिकादेवीः** जालपादेवीका मन्दिरपरिसरभित्र जालपादेवीको मन्दिरसँगै दुई-तीन फिटको दूरीमा पश्चिमपट्टि भित्तामा कालिकाको मन्दिर छ । जालपादेवीको मन्दिरमा पूजा

CC-0. Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएपछि कालिकादेवीको मन्दिरमा पूजा गरिन्छ। मष्टका सोह्र बहिनी देवीहरूमा कालिकालाई पनि एक बहिनी मानिएको छ (खड्का, २०५८: १०२)। कालिकाको मन्दिरमा कालो आलन (देवताको मन्दिरमा चढाइने निगालामा गाँसिएको झण्डाजस्तो ध्वजा) मात्रै चढाइन्छ। कालिकालाई काली पनि भनिन्छ। विचार गरेर हेर्दा कालीको कुनै अलग रूप नभई जालपाले आवश्यकतानुसार धारणा गर्ने गरेको एउटा अर्को रूपमात्र हो कि भनी मान्नुपर्ने अवस्था पनि आउँछ। महिषासुरको बध गर्न भगवतीले कालिकाको रूप धारण गर्नुपरेको कुरा विभिन्न पुराणहरूमा उल्लेख भएको पाइन्छ (खड्का, २०५८: १०२)। नेपाल राष्ट्रभित्र कालिकाका मन्दिरहरू विभिन्न ठाउँमा छन्। कालिकालाई ठाउँ अनुसार विभिन्न नामले पुकारिएको छ। अन्य देवी-देवताहरूको तुलनामा कालिकाका मन्दिर अथवा स्थानहरू बढी ठाउँमा पाइएका छन्। कालिकाप्रति आस्था राख्ने विभिन्न व्यक्तिले उनको स्थापना गरेका हुन् र ती सबै कालिकाका एउटै रूप हुन्। मानिसहरूमा शक्तिपूजाको प्रचलन बढी भएको र कालिकाको कोपबाट बाँच्न वा आफ्नो मनोकाङ्क्षा छोटो अवधिमै पूरा गर्न आफ्नो पायक पर्ने स्थानमा मन्दिर बनाई पूजा गर्ने चलन चलेको हो। कालिकालाई विभिन्न मसानी, भैरव र बलि खाने देवताहरूको प्रमुख मान्नेहरूको पनि प्रशस्त छन् (खड्का, २०५८: १०२-१०३)

४.२.६. खनारीदेवी: खनारीदेवीलाई स्थानीय बोलचालको भाषामा खँदारीदेवी पनि भन्दछन्। यिनको मन्दिर रिठापाटास्थित खोल्सिङ्गाको खोलाको मुखनेरको खेतमा रहेको छ। खनारीदेवी मष्टका सोह्र बहिनीहरूमध्ये एक हुन् (खड्का, २०७२: १६९)। खनारीदेवीको चर्चा-परिचर्चा कहीं कतै नदेखिए तापनि स्थानीयरूपमा यिनी अत्यन्तै शक्तिशाली र भक्तहरूको मनोकाङ्क्षा पूरा गर्ने देवीको रूपमा मानिन्छिन्। यिनले आफ्ना भक्तहरू तथा आश्रितहरूका धनधान्य र पशुधनको रक्षा गर्दछिन्। स्थानीय व्यक्तिहरू यिनलाई पाकेको नयाँ अन्न, पहिलो बेत ब्याएको गाईको दूध चढाउँछन्। यी देवीले गाउँलाई रोगव्याधी र दैवीप्रकोपबाट टाढा राख्छिन् भन्ने बलियो जनविश्वास रहेको छ (खड्का, २०७२: १७०)। खनारीदेवी आफ्ना आश्रितहरूको रक्षाका लागि जहाँसुकै पुग्छिन् र आश्रितहरूको मनोकाङ्क्षा पूरा गरिदिन्छिन् भन्ने जनविश्वास रहेको छ। महानवमी र चैतेदशैंमा यी देवीको पूजाआजा हुन्छ। अरूबेला शनिबार र मङ्गलबार यिनको पूजा गर्ने परम्परा छ। चैतेदशैंमा देवलमा ठूलो लिङ्गो (काँकर) ठड्याइन्छ। देवलबाट यिनी छुट्टिएर आएकी हुँदा त्यहाँको परम्पराअनुसार लिङ्गो ठड्याउने परम्परा रहेको हो (खड्का, २०७२: १७०)।

४.२.७. मालिकादेवी: बाजुरा जिल्लाको मार्तडीसँगैको १४-१५ हजार फीटभन्दा बढी उचाइमा रहेको पहाडलाई मालिका पर्वत भनिएको छ। यसलाई मल्लागिरि पनि भन्ने गरेको कुरा स्वस्थानीव्रतकथामा उल्लेख छ। उक्त कथामा उल्लेख भए अनुसार शिव, सतीदेवीको मृत शरीर लिई पृथ्वीमा घुम्दै जाँदा त्यहाँ देब्रे कान पतन भएको थियो। स्थानीय व्यक्तिहरूले यिनलाई मष्टका सोह्र बहिनीहरूमध्ये एक मानेका छन्। पहाडतर्फ आइसकेपछि आ-आफ्नो बसोबास रोज्ने क्रममा मालिकाले यो ठाउँ रोजिन् भन्ने भनाइ छ (खड्का, २०७२: १५५)। देवीका १५० पीठहरूमध्ये मालिका भगवतीको स्थान एउटा प्रमुख पीठ हो। मालिका जाने बाटोमा रहेको त्रिवेणीमा नुहाएपछि यात्रुहरू मालिकाको दर्शन गर्न जान्छन्। यसरी दर्शन गर्दा सम्पूर्ण पाप काटिन्छ भन्ने जनविश्वास रहेको छ। श्रावण चतुर्दशीका दिन बिहान त्रिवेणीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मालिकाको छत्र नुहाउँछन् । छत्र नुहाउँदा यात्रीहरू समेत त्यहीँ नुहाउँछन् र छत्रको पानी आफ्नो जिउमा परेमा पुण्य हुन्छ भन्ने जन-विश्वास रहेको छ (खड्का, २०७२: १५६) । मालिकाको पूजा श्रावण पूर्णिमामा हुन्छ । मालिका देवीले आफ्ना भक्तहरूको मनको इच्छा पूरा गरिदिन्छिन् भन्ने बलियो विश्वास र मान्यता रहेको छ (खड्का, २०७२: १५६) ।

४.२.८. **त्रिपुरासुन्दरी (रणशैनी)**: त्रिपुरासुन्दरी बैतडी गढीबाट दक्षिणतिर पूजारा गाउँ, थापाबस्तीमा छ । यहाँ हरेक सङ्क्रान्ति, पूर्णिमा, औंसी, आषाढशुक्लअष्टमी र नवमी, चैत्र र आश्विन महिनाको नवरात्रमा विशेष पूजा हुन्छ । नवरात्रमा मन्दिरभित्र (मुख्य मन्दिर बाहिर) बलि दिने चलन छ । आश्विनको नवरात्री र दशमीमा भगवतीको भणार यात्रा हुन्छ (खड्का, २०७२: २४६) । भगवतीको उत्पत्तिबारे एउटा यस्तो कथा छ, मौनी थरका एक व्यक्तिले एक ऋणे (असी माना) जौं किनेर घर लैजाँदै गर्दा मौनीलाई दिशाले च्याँपेछ । भारी बिसाएर ती व्यक्ति दिशा बस्न गएछन् । फर्केर आउँदा त्यो भारी उठ्न मानेन छ, पछि सपना हुँदा तिमी अशुद्ध भएकोले म नउठेको हुँ, म यहीँ बस्छु भनिछन्, अनि त्यो जौ त्यहीँ शिलामा परिणत भएछ (खड्का, २०७२: २४७) । स्थानीय व्यक्तिहरूले यिनलाई मष्टका सोह्र बहिनीहरूमध्ये कै एक मान्दछन् । यो मन्दिर स्थानीय कलात्मक शैलीमा दोपाखे, पत्थरले बनेको छ । यसको गर्भगृहमा त्रिपुरा-सुन्दरी-रणशैनी भगवतीको नाममा स्वप्रष्फुटित शिला छ । गर्भगृहमा पुजारीबाहेक अरूको प्रवेश निषेध छ (खत्री, २०६०: ५८) ।

४.२.९. **उग्रताराः** मष्टकी सोह्र बहिनीहरूमध्ये कै एक मानिने भगवती उग्रताराको मन्दिर डडेलधुराको सदरमुकाम अमरगढीदेखि उत्तर-पूर्व पाँच किलो मिटर पर पखेरा नजिकै पर्दछ । यी दशमहाविद्यामध्येकी एक हुन् । यो मन्दिरभित्र एउटा गब्यूर छ । त्यो गब्यूरभित्र एउटा भगाकारको पूज्य शिला छ । त्यहाँ गब्यूर भित्र पुजारी गई तान्त्रिक विधिले पूजा गर्दछन् । त्यहाँ अरू जान पाइँदैन । मन्दिर भित्र गब्यूरको बाहिरी ढोकानेर कालिका पीठ छ । सर्वसाधारण सबैले त्यहाँ पूजा गर्दछन् । त्यहाँ नित्य-नैमित्तिक पूजा बाहेक भाद्रशुक्लपूर्णिमा र कार्तिकशुक्लपूर्णिमाको दिन विशेष पूजा गरिन्छ (खत्री,२०६०: ४१) । यी उग्रतारा भगवतीले शक्ति-सामर्थ्य बढाइदिने र भाकल गरेमा चिताएको कुरा पुऱ्याइ दिन्छिन् भन्ने जनविश्वास रहिआएको छ (खत्री, २०६०: ४३) ।

४.२.१०. **नन्दादेवीः** मष्टका सोह्र बहिनीहरूमध्येकै एक मानिने नन्दादेवीको पूजा-आजा गढवाल तथा कुमाउँक्षेत्रतिर बढी हुन्छ । उक्त क्षेत्रमा कृष्णजन्माष्टमीदेखि लिएर नन्दाष्टमीसम्म गाउँ-गाउँमा दुर्गालाई नन्दाका रूपमा पूजा गरिन्छ र ठाउँ-ठाउँमा मेला लाग्दछ । कुमाउँक्षेत्रतिर नन्दाको विवाह भगवान् शिवसँग भएको थियो भन्ने मान्यता छ (खड्का, २०७२: १५३) ।

४.२.११. **कनकसुन्दरी/कनकासुन्दरी**

मष्टका सोह्र बहिनीहरूमध्ये कै एक मानिने कनकासुन्दरी (जुम्ला) गाउँको गढी पहाडको थुम्कोमा यो मन्दिर छ । मन्दिर विहार आकारको छ । चार कुनामा चार मन्दिर छन्, बीचमा कनकासुन्दरी भगवतीको मन्दिर छ । मुख्य मन्दिरको अगाडि २ सिंहमूर्ति छन् र तिनलाई स्थानीयले आफै उत्पन्न भएको मान्दछन् । यहाँ घण्टा पनि निकै चढाइएका छन् । पूर्वपट्टि जाल्पादेवीको पत्थर प्रतिमा, पश्चिमपट्टि महाकालीको प्रतिमा, उत्तरपट्टि सूर्यनारायणको प्रतिमा र दक्षिणपट्टि मन्दिर मात्र छ (भट्टराई, २०७१: २२) । यी देवी रहेको पहाडमा सुन पाइने हुँदा कनकासुन्दरी नाम रहेको बुझिन्छ (भट्टराई, २०७१: २३) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.२.१२. भुवनेश्वरी (पाटेश्वरी) भगवतीः सल्यानको हेवल्ला गाउँ खैरावाडमा भुवनेश्वरी (पाटेश्वरी) भगवतीको मन्दिर छ। भूमिबाट आफै उत्पन्न भएकी हुनाले भुवनेश्वरी भनिए पनि सरकारी कागजहरूमा पाटेश्वरी कालिका भन्ने पनि भेटिन्छ (भट्टराई, २०७१: २११)। यी भुवनेश्वरी देवी पनि मष्टका सोह्र बहिनीहरूमध्ये कै एक हुन्। यस मन्दिरमा गुह्येश्वरी आकारकी भगवती छन्। त्यहाँ एक मौलो छ र पर्व-पर्वमा बलि चढाउने चलन पनि छ। मन्दिरभित्र त्रिशूल र अन्य घण्टाहरू पनि भक्तहरूले चढाएका छन्। सहस्रबाहु भएकी भगवतीको मूर्ति पनि एक योगीले यहाँ स्थापना गरेका छन् (भट्टराई, २०७१: २११)।

४.२.१३. वागेश्वरी (नेपालगञ्ज) बाँकेः सतीदेवीको जिब्रो पतन भएको हुनाले वागेश्वरी भन्न थालिएको हो भन्ने जन-धारणा छ। नवरात्री, चैतेदशैं, शिवरात्रि, छठ र तीजमा पनि यहाँ मेला लाग्दछ। देशभित्र र भारतबाट समेत दर्शनार्थी भक्तहरू यहाँ आउँदछन्। यस मन्दिरमा वर्षमा एकपटक सरकारी पूजा र वर्षमा दुईपटक महायज्ञ पनि सम्पन्न हुन्छन्। भक्तहरूबाटै सङ्कलित रकमबाट खिचडी पकाएर दर्शनार्थीहरूलाई खुवाउने चलन पनि छ। देवी अति नै साक्षात् छन् (भट्टराई, २०७१: २७७-२७८)। मष्टकी सोह्र बहिनीहरूमध्येकै एक मानिने वागेश्वरी क्षेत्रमा सिद्धेश्वर योगीले भगवतीको तपस्या गरेका थिए। खाल्डो खनी सिद्धेश्वरले समाधि लिएका थिए। वागेश्वरी भगवती साक्षात् छन्। भक्तहरूका सबै मनोकाङ्क्षा पूरा गर्छिन् भन्ने बलियो जनविश्वास छ (भट्टराई, २०७१: २७८)। यसै ठाउँमा जुँगाभएका शिवको मूर्ति देख्न पाईन्छ।

४.२.१४. शैलेश्वरी भगवतीः शैलेश्वरी भगवतीको मन्दिर डोटी शिलगढी बजारको बीचको खुला र उच्च भू-भागमा ठूलो शक्तिपीठका रूपमा रहेको छ। पहाडी क्षेत्रमा यो मन्दिर खुला पटाङ्गीनी भएको र सुन्दर वास्तुकलाले युक्त छ। मन्दिरको भित्रीभागमा गब्यूर (गर्भगृह) छ। जहाँ मूल मुख्य शिलादेवी तथा देवताहरू स्थापित छन्। त्यसको बाहिर होमकुण्ड, देवभण्डार सहितको पूजापाठ गर्ने खुलामण्डप छ। गब्यूरमा अन्दाजी ६ ईन्च लामो १२ ईन्च गोलाई भएको दिव्य कालो पत्थरशिला जमिनबाट स्वप्रस्फुटित रूपमा दर्शनीय छ। यो अति पवित्र सिद्धिदायिनी गुप्त, स्वयंभूः ज्योतिर्लिङ्ग दिव्यशिला अर्धनारेश्वरको रूपमा पूज्य छ। दशमहाविद्यामा भूवनेश्वरीको रूपमा यी आराध्यदेवी छन्। यहाँको नित्य र पर्वपूजा अविच्छिन्न रूपले चलेको छ (खत्री, २०६०: ३६-३७)। यस बाहेक यहाँ हरेक १२ वर्षमा लक्षहोम र १४४ वर्षमा कोटीहोम गर्ने परम्परा छ (खत्री, २०६०: ३७)। हिमालय पुत्री पार्वती र किराँतेश्वर महादेवको विवाह बैशाख शुक्लअक्षयतृतीयाका दिन सु-सम्पन्न भएपछि वनविहार क्रीडा गर्दै मधुचन्द्रिका (हनिमुन) मा रमाउँदै घुम्दै यो मनमोहक चन्दन वनमा पुगेछन्। त्यहाँ सुन्दर वनको रमणीय छटा र मधुचन्द्रिकाको आनन्दमस्तीमा वर्षौं वितेको पत्तै भएन छ। ताराकासुर दैत्यको अत्याचारले असह्य भई ब्रह्मा, विष्णु, इन्द्र सहितका देवताहरूले खोज्दै हिड्दा शिव-पार्वती रतिक्रिडामा रमाइरहेको भेट्टाएछन्। त्यो थाहा पाई देवताहरूको लाजले शिव-पार्वती शिला रूपमा परिणत भई ती शिला नै यहाँ अर्धनारेश्वरशैलेश्वरी शक्तिपीठको रूपमा पूज्य भयो र अद्यापि पूज्य छ (खत्री, २०६०: ३८) शैलेश्वरी भगवती मष्टकै सोह्र बहिनीहरू मध्ये कै एक भएको जनविश्वास पश्चिमाञ्चल क्षेत्रमा व्यापक रूपमा छ। शैलेश्वरी सिद्धिदात्री हुनाले त्यहाँ पूजा गर्दा सबैको कल्याण हुन्छ। सद्बुद्धि, सिद्धि र स्मृति प्राप्त भई कार्यमा सफलता हुन्छ भन्ने जनविश्वास छ (खत्री, २०६०: ३९)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.३. **चतुःषष्टियोगिनी (चौसट्ठीयोगिनी)**: चौसट्ठीयोगिनीको नाम निम्नलिखित क्रमानुसार छ। जस्तै १. दिव्ययोगा २. महायोगा ३. सिद्धयोगा ४. महेश्वरी ५. पिशाचिनी ६. डाकिनी ७. कालरात्री ८. निशाचरी ९. कंकाली १०. रोद्रवेताली ११. हुंकारी १२. भुवनेश्वरी १३. ऊर्ध्वकेशी १४. विरूपाक्षी १५. शुष्काङ्गी १६. नरभोजिनी १७. फट्कारी १८. वीरभद्रा १९. धूम्राक्षी २०. कलहप्रिया २१. रक्ताक्षी २२. घोरा राक्षसी २३. विश्वरूपा २४. भयंकरी २५. कामाक्षी २६. उग्रचामुण्डा २७. भीषणा २८. त्रिपुरान्तका २९. वीरकौमारिका ३०. चण्डी ३१. वाराही ३२. मुण्डधारिणी ३३. भैरवी ३४. हस्तिनी ३५. क्रोधादुर्मुखी ३६. प्रेतवाहिनी ३७. खट्वाङ्गदीर्घलम्बोष्ठी ३८. मालती ३९. मन्त्रयोगिनी ४०. अस्थिनी ४१. चक्रिणी ४२. ग्राहा ४३. कङ्काली ४४. भुवनेश्वरी ४५. कण्टकी ४६. काटकी ४७. शुभ्रा ४८. क्रीयादूती ४९. करालिनी ५०. शङ्खिनी ५१. पद्मिनी ५२. क्षीरा ५३. असन्धा ५४. प्रहारिणी ५५. लक्ष्मी ५६. कामुकी ५७. लोला ५८. काकदृष्टि ५९. अधामुखी ६०. धूर्जटी ६१. मालिनी ६२. घोरा ६३. कपाली ६४. विषभोजिनी यस प्रकार चौंसट्ठी उत्तम सिद्धिदात्री योगिनीहरू कहिएका छन् (कल्याण, ई. १९८७: ३७)।

४.४. **षोडशमातृकाः** सोह्र मातृकाहरूको महत्त्व पूर्वीयदर्शनमा निकै महत्त्वपूर्ण रहेको छ। ती हुन्- १. गौरी २. पद्मा ३. शची ४. मेधा ५. सावित्री ६. विजया ७. जया ८. देवसेना ९. स्वधा १०. स्वाहा ११. माताहरू १२. लोकमाताहरू १३. धृती १४. पुष्टी १५. तुष्टी तथा आफ्ना १६. कुलदेवता (कल्याण, १९८७: ३७)।

५. लामा-विष्णु

मष्ट सम्प्रदायमा मष्टका अनेक नाताकुटुम्ब पनि हुन्छन्। यस सन्दर्भमा गाउँ-घरमा पूजिने ग्रामीण देव-देवताहरू यसरी देखा पर्दछन् जस्तो कि मष्टका मामाको रूपमा महाद्यौ, मष्टकी बहिनीको रूपमा भुवानी, मष्टका मामाका रूपमा लामा-विष्णु आदि छन्। लामा-विष्णुलाई 'मामा' नाता जोडेको घटनालाई प्रस्तुत गरौं - एक चोटि सिंजाखोला उपत्यकाका बोताँ गाउँका घोडामौला भन्ने ठाउँका भूतहरूले बाह्र भाइ मष्टहरूलाई पिञ्जडामा थुनेछन्। त्यस बेला मुगुको दाउराघारमा तीखो जूर (पत्थर) बाट पैदा भएका लामाजुले अवतार लिएका थिए। उनले मुगालीहरूलाई (मुगु जिल्लाका भोटेहरूलाई) स्थानीय भूत-प्रेतबाट बचाइदिएका थिए। यिनै लामाजुले त्यहाँ आई पिंजडा फोडी मष्टहरूलाई छुटकारा गरिदिए। त्यसबेला लामाजुले मष्टसँग सोधे 'तिमीहरूको भीत (शक्ति) के कति छ ?' मष्टले बाखाको रूप धारण गरी आफ्नो शक्ति देखाउन थाले। त्यसबेला लामाजुले बाघको रूप धारण गरी देखाए। बाखारूप लिने मष्टहरू सब डराए र उनीहरूले लामाजुसँग नाता जोड्दै उनलाई मामा भन्न थाले (जोशी, २०२९: ६०)। एउटै देवतालाई लामाको रूपमा पनि पुज्ने र विष्णुको रूपमा पनि पुज्ने हुनाले यी देवतालाई लामा-विष्णु भनिएको हो (उपाध्याय, २०७२: ८०)। यो चलन खससंस्कृतिको मीयो जस्तै रहेको छ।

६. उपसंहार

हामी प्रकृति पूजक हौं, बहुदेवतावादी हौं, कुलपूजक हौं, कुलदेवता पूजक हौं, पितृपूजक हौं। हामी पशु, पक्षी, जलचर, स्थलचर, नभचर अझ भनौं पञ्चतत्त्व (पृथ्वी, जल, तेज, वायु र आकाश), ग्रह-नक्षत्र, देवी-देवता, पितृ र मानव पूजक हौं। हामीले देवी-देवता र पितृहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृपा, आशीर्वाद र अनुकम्पा विना जीवनमा केही पनि गर्न सक्दैनौं भन्ने मान्यता राख्दछौं । त्यसैले त 'ईश्वरको कृपाविना रुखको पात पनि हल्लिदैन' भन्ने आदर्श मान्यता (वाक्य) जन-जनमा प्रचलित छ । प्रकृति सृजित भनौं या ईश्वर सृजित भनौं ब्रह्माण्डका यावत् पदार्थमा ईश्वरीय अंश छ, संकल्प छ र दृष्टि छ । त्यस्तै पश्चिमनेपालको दैवीपरम्पराले सामाजिक जन-जीवनमा गहिरो प्रभाव पारेको छ अर्थात् देवी-देवताले मानवजीवनमा महत्त्वपूर्ण प्रभाव पारेका छन् । मानव जीवनका यावत् पक्ष, जस्तै-घरपरिवारको सुरक्षा, पशुधनको सुरक्षा, बाधा-ब्यवधानको निराकरण, अन्यायबाट मुक्ति, निरोगिता र उपचारको कामना, राक्षसहरूको भयबाट मुक्ति, भविष्यज्ञानको अपेक्षा, वर्षा र पानीको माग, रोगब्याधीबाट मुक्ति, हतियारको प्राप्ति जस्ता जीवनका हरेक क्षणमा आइपर्ने यावत् वस्तु वा परिस्थितिसँग देवी-देवताहरूको प्रत्यक्ष सहयोगको कामना गर्दछन् । मानव जीवनका हरेकपक्षलाई हरेक क्षण सहयोग गर्ने अथवा संरक्षण प्रदान गर्ने मष्ट र नौ बहिनी भवानी ग्रामीण देवताको कुनै मूर्ति हुँदैन, यी अमूर्त रहन्छन् । ध्वजा, पताका (आलन), वनथान, घरथान, गब्यूर (गुप्तिकोठा), आगम आदि तन्त्रबहुल शब्दहरू (क्रियाहरू) प्रयोग गरिने सर्वेसर्वा तत्त्वको प्रतीक, शक्तिको सर्वोच्च रूप, अद्भूत दैवीशक्तियुक्त रहेको जनविश्वास ती भगवती र मष्टमा छ । ती भवानी र मष्टले चाहेमा- आकाशबाट तत्कालै पानी पार्न सक्दछन्, परिरहेको पानीलाई रोक्न सक्दछन्, कसैको (भक्तको) मृत्यु टार्न सक्दछन्, रातमा सूर्य प्रकाशित गर्न सक्दछन्, मानव/भक्तका यावत् कमी कमजोरी निराकरण गरी दैवीय आनन्द प्रदान गर्न सक्दछन् ।

मष्ट परम्पराबाट विकसित ऐतिहासिक वा धार्मिक तथ्य 'झोलीको देवता' आज-भोलि प्रायः 'भाञ्जा-भाञ्जी' मा प्रयोग हुन थालेको छ । यहाँ प्रयुक्त 'झोलीको देवता' शब्दले अत्यन्तै मान्यता, धर्म, अर्थ, काम र मोक्ष अथवा अभीष्ट फल दिने, अत्यन्त आदरपूर्वक पूजिने, आस्था, विश्वास र श्रद्धाको पुञ्ज भन्ने बुझाउँदछ । मष्ट शिलाको रूपमा झोली (झोला) मा परी/पसी आएका र कयौं पल्ट फाल्दा पनि पुनः आएका र अन्त्यमा झोलाधनीलाई सपनामा निर्देशन दिएकोले पश्चिम नेपालमा मष्टपरम्परा विकसित भएको जनविश्वास छ । हुन त आज भोलि नेपाल भर मात्र नभएर विदेश (विशेषतः भारत) मा पनि मष्ट उपसना कहीं पितृको रूपमा, कहीं कुलको रूपमा, कहीं कुलायनको रूपमा रहेको कुरा सर्वविदितै छ ।

सन्दर्भ ग्रन्थ

१. आत्रेय, विष्णुराज, **लौकिक दर्शनमा मष्टो परम्परा**, २०७०. खस जाति र कुलपूजा, काठमाडौंः बानियाँ बन्धु समाज ।

२. उपाध्याय, वासुदेव, **साँस्कृतिक समन्वयको प्रतीक लामा विष्णुः एक अध्ययन**, २०७२. मलनविन्दु,काठमाडौंःनेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय साँस्कृतिक अध्ययन केन्द्र ।

३. कैदी, प्रेम, पश्चिम नेपालको निभेको ज्योति प्रज्वलित गर्ने मष्टो पुराण, २०७२. **मष्टो संस्कृति र परम्परा**, काठमाडौंः एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि. ।

४. कोइराला, कुलचन्द्र, **शाक्त सम्प्रदाय र शक्तिपीठहरू**, २०६५. काठमाडौंः कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान । खस-बाहुनका कुलदेवता मष्टा, २०७०. **खस जाति र कुलपूजा**, काठमाडौंः बानियाँ बन्धु समाज । **नेपाली खस बाहुनका कुलदेवता मष्टो**, २०७१. काठमाडौंः कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

५. खड्का, श्यामबहादुर, बभ्राङ्गः किंवदन्ती र इतिहास, २०५८. काठमाडौंः एकता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुक्स डिस्ट्रिब्ल्युटर्स प्रा.लि. । मष्टोः संस्कृति र परम्परा, २०७२. काठमाडौंः एकता बुक्स डिस्ट्रिब्ल्युटर्स प्रा.लि. । कुलदेवता मष्टो, २०७२. खड्का सन्देश, काठमाडौंः खड्का-क्षेत्री महासमाज वर्ष-३, अङ्क १५ । मष्टो सम्बन्धी अनुमान र वास्तविकता, २०७३. (कार्यपत्र) काठमाडौंः खड्का क्षेत्री महासमाज (आयोजक) ।

६. खत्री, विष्णुप्रसाद, **सुदूर पश्चिमाञ्चल क्षेत्रका धार्मिक स्थल र शक्तिपीठहरू**, २०६०. काठमाडौंः श्रीमती शान्तिदेवी खत्री ।

७. खनाल, मोहनप्रसाद, मष्ट एक प्राचीन देवता, २०७०. **खस जाति र कुलपूजा**, काठमाडौंः बानियाँ बन्धु समाज ।

८. गुरूङ्ग, जगमान, **मष्ट : एक चिनारी**, २०७३. (कार्यपत्र) काठमाडौंः खड्का-क्षेत्री महासमाज (आयोजक) ।

९. चतुर्वेदी, ज्वालप्रसाद (सं) भगवान सूर्य के १२ स्वरूप और श्रीआदित्य हृदय स्तोत्र, (नेत्रीपनिषद् एवं चाक्षुषोपनिषद्) हरिद्वारः, रणधीर प्रकाशन ।

१०. जोशी, सत्यमोहन, **कर्णाली लोक-संस्कृति र मष्टाका आलनहरू**, २०२९. प्रज्ञा त्रैमासिक वर्ष-२, अङ्क-३, पूर्णाङ्का काठमाडौंः ने.रा.प्र.प्र. ।

११. दाहाल, पेशल, मन्तव्य, २०७२. **मष्टो संस्कृति र परम्परा** काठमाडौंः एकता बुक्स डिस्ट्रिब्ल्युटर्स प्रा.लि. ।

१२. देवकोटा, रत्नाकर, कुलदेवताको रूपमा पुजिने मष्टो र यसका विविध पक्ष, २०७०. खस जाति र कुलपूजा, काठमाडौंः बानियाँ बन्धु समाज ।

१३. पन्त, जयराज, **मष्टापरम्परा र त्यसका गीतहरू**, २०६४. काठमाडौंः वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि. ।

१४. बानियाँ, रामबहादुर, मष्टो परिचय र पोखराका बानियाँहरूको कुलपूजा विधि, २०७०. खस जाति र कुलपूजा काठमाडौंः बानियाँ बन्धु समाज ।

१५. भट्टराई, घटराज, **नेपालका धार्मिक स्थलहरू**, २०७१. (साँस्कृतिक कोश), काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

१६. रावल, रामबहादुर, भूमिका, २०७१. **नेपाली खस बाहुनका कुलदेवता मष्टो**, काठमाडौंः कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

१७. रिजाल वंशावली, २०६०. काठमाडौंः रिजाल वंशावली प्रकाशन समूह ।

१८. विमल, राजेन्द्र, तराईका देवीदेवता र तिनको पूजा विधि २०७३. (कार्यपत्र), काठमाडौंः खड्का क्षेत्री महा-समाज (आयेजक) ।

१९. शक्ति के विभिन्न स्वरूपौंका कल्याण, ई. १९८६. (शक्ति उपासना अङ्क) सङ्ख्या-१, पूर्णसङ्ख्या-७२२, अध्ययन, गोरखपुरः गीताप्रेस ।

२०. शर्मा, प्रयागराज, पश्चिम नेपालको हिमालयमा पूजिने केही देवताहरू तथा त्यस भेकको धार्मिक रूपको एउटा सामान्य चर्चा, २०२८. **कर्णाली प्रदेशः एक बिटो अध्ययन**, हुम्लाः सामाजिक अध्ययन समुदाय ।

२१. श्रीपशुपतिदर्शन, (लघुपरिक्रमा) २०७१. काठमाडौंः श्रीपशुपतिनाथ अर्चना सुव्यवस्था प्रतिष्ठान ।

२२. सुवेदी, राजाराम, खस-आर्यहरूका कुल देवता मष्टा, २०७३. (कार्यपत्र) काठमाडौंः खड्का क्षेत्री महा-समाज (आयोजक) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नव-राष्ट्रवादको विश्व लहर

रमेशनाथ पाण्डे

राष्ट्रवाद, क्षेत्रियवाद र अन्तर्राष्ट्रियवाद पछि फेरिनयाँ चोलामा राष्ट्रवादको प्रभुत्व विश्वमा कायम हुनथालेको छ। अब अन्तर्राष्ट्रिय सम्बन्धलाई नव राष्ट्रवादले प्रभाव पार्न थालेको छ। दोस्रो विश्वयुद्ध र विशेष गरी शीतयुध्दको चरणमा विकासोन्मुख देशहरू, बिशेषगरी साना तर सामरिक भू-स्थापन भएका देशहरू आफ्नो राष्ट्रिय स्वार्थमा अर्थात आत्मकेन्द्रित भै रहेका थिए। तर अमेरिकामा पछिल्लो राष्ट्रपतिको चुनावमा राष्ट्रवादी एजेन्डाले अन्तर्राष्ट्रियवादलाई पराजित गरेपछि अन्तर्राष्ट्रिय सम्बन्धको चरित्र, स्वभाव र प्राथमिकता नै फेरिएको छ। राष्ट्रपति ट्रम्पले आत्मकेन्द्रित सोचमा अमेरिकालाई अग्रसर तुल्याउनु अगि नै चीनमा सि जीन पिङ., रुसमा पुटिन र भारतमा नरेन्द्र मोदीको पहिले आफू भन्ने चिन्तन र कार्य शैली सकृय भै सकेको थियो। ठूला, शक्तिशाली र सम्पन्न देशहरू अन्तर्राष्ट्रियवाद र साना कमजोर तथा विपन्न देशहरू राष्ट्रवाद अर्थात आफनो हितमा केन्द्रित शैलीमा सञ्चालित अन्तर्राष्ट्रिय सम्बन्धको स्वभाव अब के हुन्छ ? यसमा नेपाल जस्तो सङ्क्रमणकालले निरन्तरता पाएको देशले आफ्नो हित कसरी रक्षा गर्ने ? विश्व रङ्गामञ्चमा घटनाहरू तीब्रगतिमा भै रहेका छन्। विश्वको शक्ति सन्तुलनमा गम्भीर झड्का दिने घटनाहरूले भविष्यसूचक दृश्यलाई छिटोछिटो फेर्दै बिगत दुई दशक देखि विद्यमान भूमण्डलीय खाका, यसका प्रमुख पात्रहरू र तिनीहरूको हैसियत सँगै शक्ति राष्ट्रहरूको सामरिक चिन्तन, बिशेष मित्र र सामरिक हिस्सेदारमा हेरफर गर्न थालेको छ। जर्जियामा रुसको नयाँ चाहना र आफ्नो हैसियत माथिको बिश्वासले पूर्ण आकार लिने र त्यसलाई नियन्त्रण गर्ने द्वन्दले सुरु गरेको परिवर्तनको लहरले अन्तर्राष्ट्रिय सम्बन्धका सबै फाँटहरूलाई प्रभावित पारेको थियो। अहिले परिवर्तनको अर्को चरण एसियाबाट सुरु हुन थालेको छ। भारतले भर्खरै आफ्नो गणतन्त्र दिवस समारोहमा पहिलो पटक आसियनका नेताहरूलाई अतिथि बनाएर विश्व समुदाय विशेष गरी चीनलाई दिएको सन्देश महत्वपूर्ण थियो। चीन र भारत बीच एसियाको नेतृत्वकोलागि सङ्घर्ष सुरु भै सकेको पृष्टभूमिमा यसको उल्झाय महत्वपूर्ण छ। यसले एसियामा स्थायित्व ल्याउँछ कि ठूला शक्तिहरू बीचको द्वन्दको अखडा बनाउँछ, विश्व व्यवस्थालाई कस्तो संरचना र दिशा तिर अग्रसर तुल्याउँछ भन्ने कुरा प्रष्ट छैन। तर यसमा कुनै प्रभाव पार्न नसके पनि प्रभाव भोग्न भने बाध्य हुनै पर्ने नेपाल जस्ता साना राष्ट्रहरूकोलागि चिन्ताको भारी निरन्तर गहुँगो भएको छ। यो भारले आफ्नो अस्तित्वलाई नै थिच्न नपावोस् र निर्माण हुन थालेको भविष्यमा पनि आफ्ना आधारभूत स्वार्थहरू सुरक्षित राख्न सकियोस् भनेर अहिलेदेखि नै नेपाल सचेत हुनुपर्छ। यसको लागि आवश्यक क्षमता बनाउन राष्ट्रिय शक्तिहरूको मन मिल्नै पर्छ।

हाम्रो छरछिमेकमा र विश्व शक्तिहरूको सम्बन्धको आधारभूत संरचनामा बहन थालेको मुलभूत परिवर्तनको हावाले थुप्रै झड्काहरू दिइरहेका छन्। ४५ सदस्यीय परमाणु आपूर्ति

लेखक पूर्व परराष्ट्र मन्त्री एवं कुटनीतिविज्ञ हुनुन्छ। -सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समूह (एनएसजी) मा प्रवेश पाए पछि तीस बर्षदेखि भोगी रहेको आणविक नाकाबन्दीबाट भारतले मुक्त पाएको थियो। बिश्व राजनीतिको पारमाणविक शक्ति बन्ने भारतको धेरै पुरानो महत्वाकाङ्क्षा पूरा गर्ने बाटो खुलेको बिश्लेषण पनि गरिएको थियो। तर यसमा चीनको कूटनीतिक र रणनीतिक छेकेबार कायम नै रहेपछि भारतको लागि बाटो सहज भएन। भारतको रणनीतिक दुरदृष्टि (Vision) तथा नयाँ दिल्ली र वासिङ्टन बीचको सामरिक घनिष्टता पनि नयाँ चरणमा प्रवेश गर्न दबाब बढायो। यसरी एसियामा अमेरिकाको लक्ष नजिकिएकोले चीन र भारत बीचको सम्बन्धमा पर्ने असर, जापान समक्ष प्रस्तुत हुने अत्यन्तै सीमित बिकल्प, रुसको भूमण्डलीय हैसियत पुनर्स्थापनाको आकाङ्क्षामा पर्ने प्रभाव नेपालको वर्तमान र भविष्यकालागि महत्वपूर्ण हुनेछ।

विश्वमा आर्थिक शक्ति बन्न अग्रसर भारतकालागि ऊर्जाको बढ्दो आवश्यकता पूरा गर्न भरपर्दो नयाँ श्रोतहरूको खोजी अहिले उच्चतम राष्ट्रिय प्राथमिकता बनेको छ। उसको बिद्युतीय शक्ति बिकासको प्रगति अत्यन्तै मन्द रहेको छ। निरन्तर मूल्य बृद्धि हुँदै गएको तेल र ग्याँसको आपूर्तिमा पनि अनिश्चितता बढ्दै गएकोले भरपर्दो आपूर्ति श्रोत खोज्न ऊ हतारिएको हेा। यसमा सफल हुन सकेन भने विश्व आर्थिक शक्तिहरू मध्येको एक बन्ने उसको सपना पूरा हुनेछैन। एनएसजीमा प्रवेश पाए पछि भारतलाई ऊर्जा उत्पादन गर्न आणबिक भट्टीहरूकालागि आवश्यक युरोनियम विश्व बजारबाट किन्ने बाटो खुलेको थियो। तर भियनामा प्राप्त यो सफलताले राष्ट्रिय राजनीति र बैदेशिक सम्बन्धको रणनीतिमा गम्भीर लपेटाइ भने तत्कालै पर्न थाल्यो। नेहरूकालिक परराष्ट्र नीतिको असंलग्न धार त्यागेर अमेरिकातर्फ संलग्न भएको र भविष्यमा आणबिक परीक्षण गर्ने भारतको सार्बभौम हक समेत गुमाएको आरोप लगाउदै सत्तामा आएको भारतीय जनता पार्टीले राष्ट्रबाद र राष्ट्रिय सम्मान बचाउने नाराबाट अन्तर्राष्ट्रिय नीतिलाई सञ्चालन गरेको छ। भारतको जनस्तरको राजनीतिमा अमेरिका र चीन दुबै बिबादको प्रमुख मुद्दा हुन्। यसले स्वाभाविकरूपमा क्षेत्रीय परिदृश्य तात्दै गएको छ। परिणाममा यो क्षेत्रमा अमेरिकाको प्रभुत्व कायम हुने सम्भाबनालाई असजिलो नजरले हेरिरहेका बाह्य शक्तिहरूको सकृय संलग्नताकोलागि ढोका खुलेको छ। पुराना सम्बन्धहरूको समायोजनको जटिल प्रकृया सुरु भएको छ। यहाँ निर नेपालको हितमा विचारणीय तीन वटा पक्षहरू छन् (१) पाकिस्तान र भारत बीचको सामरिक सन्तुलन बनी रहोस् भन्ने चीनको चाहनामा नयाँ दिल्ली र वासिङ्टन बीचको आणबिक सम्बन्ध र सामरिक हिस्स्दारीको बृद्धिले दक्षिण एसियाको राजनीतिमा गाँठो झन् कस्सिएकै हो। एनएसजीमा भारतलाई प्रवेश गराउन अमेरिकाले लिएको अति सकृय भूमिका र राष्ट्रपति बुसले चिनीयाँ राष्ट्रपतिलाई फेान गरेर भारतको बाटो नछेक्न दिएको चेतावनी देखि नै एसियाको शक्ति सन्तुलनमा तनाबयुक्त नयाँ चरण प्रारम्भ भएको थियो। यसलाई कूटनीतिक निकाश दिने प्रयास अहिले सम्म भएको छैन। २) पाकिस्तानको ऊर्जा आवश्यकता पूरा गर्न आणबिवक सामग्री दिने सम्झौता पछि पुरानो सामरिक गलफत्ती झन् तिखारिएको थियो। यो चरित्रको घटनाक्रमको विकास हुँदै अहिले भारत र अमेरिका एकातिर उभिएका छन् भने चीन र पाकिस्तान अर्कोतिर। एसियामा परिवर्तन हुन थालेको शक्ति सन्तुलनमा अमेरिका र भारतलाई खुला मैदान नदिन बेइजिङ कटिबद्ध भएको भनेर यसलाई बुझ्नु उचित हुनेछ। ३) यदि अत्यन्तै महँगो भए पनि आणविक ऊर्जा विकासको गति तीब्र हुन थाल्यो भने चर्को राजनीतिक मूल्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चुकाएर नेपालको जलश्रोतलाई आपसी हितमा उपयोग गर्ने शीघ्रता भारतले महसुस गर्ने छैन। यसले नेपालसित उसको मोलतोल गर्ने क्षमता बढाउने छ। यसैले जलश्रोतलाई बाढी, पहिरो र विनाशको श्रोतमा सीमित हुन नदिन ऊर्जा विकासमा उपयोग गर्न नेपालले अब हतारिनै पर्ने भएको छ। आर्थिक विकासकोलागि अन्य राष्ट्रिय श्रोत नभएको नेपालले हेक्का राख्नै पर्ने प्रमुख पक्ष यही हो। तर प्रमुख तीन दलहरूको सोचाइ सुध्रिएको छैन। यसले चार दिशा तिर मुन्टो बटारेर बसेको अहिलेको नेपालमा के यो सम्भव होला ?

अब प्रश्न आउँछ सोभियत सङ्घको बिघटन सँगै गुमेको विश्व शक्तिको हैसियत फिर्ता लिन कम्मर कसेको रुस अब कहाँ उभिन्छ ? एसियाको भूराजनीतिक र सामरिक धरातललाई आफ्नो पक्षमा हेरफेर गर्ने अमेरिकाको रणनीतिक लक्ष प्राप्तिको हिस्सेदार बनेको भारत अमेरिकाकै बलमा एनएसजीमा प्रवेश गरेपछि रुसको निधारमा गाँठो पर्न थालेको छ। एक ध्रुवीय विश्व व्यवस्था अब स्विकारणीय नहुने रुस र चीनको सार्वजनिक अडानले निर्माणाधीन बिश्व व्यवस्थाको चरित्र प्रष्ट पारेको छ। सैनिक सामग्रीको आवश्यकताको ८०% रुसबाट आयात गरी रहेको भारत वाशिङ्टनसित सामरिक घनिष्टता बढ्दै गएपछि आणबिक इन्धन र परम्परागत शस्त्रास्त्रकोलागि अमेरिकालाई छान्न बाध्य हुने अवस्था भएको छ। तर पेट्रोलियम पदार्थकोलागि रुसी महासंघ इरानसित हात बढाउनै पर्ने बाध्यताले भारतकोलागि रोजाइ सरल छैन। यहाँ निर अमेरिका सितको सामरिक सम्बन्ध छेकबार बन्ने छ। ऊर्जाको बढ्दो आवश्यकता र घट्दै गएको आपूर्तिको भरपर्दो श्रोतले भारतले यो छेकबार हटाउन खोज्यो भने अमेरिकाले यो क्षेत्रकोलागि नयाँ रणनीति बनाउने छ र यसका लागि नयाँ सहयोगी पनि खोज्नेछ। परिणाममा सम्पूर्ण परिदृश्य फेरिनेछ। अहिले प्राकृतिक श्रोत भण्डारबाट आर्जित शक्तिलाई राष्ट्रवादको प्रतीक तथा आफ्नो प्रभाव क्षेत्र विस्तारको अस्त्रका रूपमा प्रयोग गर्ने हेाड चलेको छ। यसले लोकतन्त्र र मानवीय मूल्यलाई बैदेशिक सम्बन्धको निर्देशक सिद्धान्त मान्ने मान्यतालाई त्यागेर ठूला र मझ्यौला शक्तिहरूको परराष्ट्र नीति आफ्नो भौतिक आवश्यकताको आपूर्तिमा नै केन्द्रित बनाएको छ। भारतीय उप महाद्विपको शक्ति सन्तुलनको भविश्यको अवस्थाले तिब्बतमा बुन्न थालिएको जालो कति चाँडै कति बाक्लो हुन्छ वा यसलाई रोक्ने प्रयास कति बहुमुखी र प्रभावकारी हुन्छ भन्ने प्रश्न पनि छ। यी सबैमा नेपालको सामरिक हित गाँसिएको छ। यसरी अनिश्चिय बढ्दै गएको अवस्थामा राष्ट्रिय एकता नै हाम्रो चिन्तन हुनुपर्छ। नेपालकोलागि गौरवशाली लामो इतिहासको अंशियार भएको हेक्का राख्दै "हामी राष्ट्रवादलाई सर्बोपरि ठान्ने नेपाली हौं" भन्ने राष्ट्रिय एकताको सर्वमान्य आधारलाई नै बलियो पार्नु पर्छ। हामी राष्ट्रिय पहिचान गुमाएर पनि बाँच्न चाहने जाति होइनौ, स्वतन्त्र राष्ट्रको स्वाभिमानी नेपाली हौं भन्ने सोच नै सबैलाई मान्य एउटै सूत्रमा एकताबद्ध बनाउने सर्वशक्तिवान् शक्ति हेा। यही शक्तिले मात्रै विश्व परिस्थिति जता मोडिए पनि हाम्रो राष्ट्रिय स्वार्थलाई सुरक्षित राख्न सक्छ। इतिहासले रोजेको पुस्ता बन्ने अवसर हाम्रो सामुन्ने छ। आत्मसम्मानको पर्यायवाची बनेको नेपालको इतिहासले धिक्कार्ने जोखिम पनि सामुन्ने नै छ। शक्तिशाली देशहरू नव राष्ट्रवाद अपनाएर हिँडन थालेको अवस्थामा नेपालले आफ्नो राष्ट्रिय हितलाई सर्बोपरी मानेर अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्नुपर्छ। अहिलेको परिस्थिति, विशेषगरी बलिया देशहरूको आत्मकेन्द्रित सोचलाई मनन गरेर आफ्नो अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गरियो र यसलाई दक्ष कूटनीति मार्फत सामरिक सोचको रूपमा अगि बढाइयो भने नेपालको हित हुनेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीनारायण शाहः व्यक्तिव र योगदान

शरदचन्द्र सिंखडा

१. उठान

विशेषतः संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा गर्नु पूर्व र पश्चात् हाम्रो देश नेपालको राज्य विस्तार गरी आधुनिक राज्यको जग बसाउन निर्णायक भूमिका निर्वाह गर्ने राजा पृथ्वीनारायण शाहबारे विवादास्पद तर्क वितर्क हुन छाडेका छैनन् । ३०० वर्ष पहिलेका घटनाको तुष बोकेर शाह वंश र खस आर्य जातिप्रति तितो बोली व्यवहार भैरहेको आजको सन्दर्भमा प्रश्न उठ्छ कि के गोरखाको राज्य विस्तार साँच्चिकै जातीय पूर्वाग्रह (racism) बाट उठेको थियो त ? राज्य विस्तारको त्यो घटना फगत राजनीतिक थियो वा हिन्दूकरण थियो ? दक्षिण एसियाको यस क्षेत्रमा त्यसबेला र हालसम्म पनि प्रभाव छोडेको त्यो घटनालाई कसरी बुझ्ने ? यी र यस्ता प्रश्नमा केन्द्रित रहेर यो लेख तयार गरिएको हो ।

२. तत्कालीन सामाजिक परिवेश

कुनै व्यक्ति वा उसले गर्ने कार्य समय, इतिहास र समकालिक कर्ताहरूको मनोवृत्तिसँग कुनै न कुनै हिसाबले जोडिएको हुन्छ । सम्वत् १६१६ देखि १८७३ सम्म यस क्षेत्रमा जे जस्ता घटनाहरू घटित भए, तिनीहरूले त्यस बखतको राजनीतिक नेतृत्वलाई अवश्य प्रभाव परेको थियो ।

कामरूप (आसाम, भुटान र सिक्कम) देखि कर्तपुर (कुमाउँ) बीचमा त्यस ताका झण्डै ६० वटा राज्य रजौटाहरू अस्तित्वमा रहेका थिए । ईश्वीको ११ देखि १३ औं शताब्दीमा कर्णाली क्षेत्रमा फैलिएको खस राज्य यति बलियो बन्यो कि त्यसले नेपाल खाल्डो (कान्तिपुर, भादगाँउ र पाटन) लाई समेत आक्रमण गऱ्यो । १३ औं शताब्दीपछि विस्तारित त्यो राज्यका राजाले आफ्ना छोराहरूलाई राज्य भाग लगाएर बाँडे । त्यस्तो जल्दोबल्दो राज्य २२ टुक्रा हुन पुग्यो र बाइसे राज्य भनेर कहलाउन थाल्यो । उनीहरूद्वारा विजित अरु राज्यहरू पनि ठाडा (स्वायत्त) हुन पुगे ।

गोरखा राज्यको नजिकको नाता पर्ने पाल्पाका राजा मुकुन्द सेन (सम्वत् १५७५ देखि १६१०)ले पनि राज्य विस्तार त गरेका थिए । उनी पनि प्रतापी राजाका रूपमा यस क्षेत्रमा देखा परेका थिए । उनले नेपाल खाल्डोमाथि पनि आक्रमण गरेका थिए । उनको राज्य पनि एक समय पूर्वमा मेचीसम्म नै फैलिएको थियो । खस राज्य जस्तै यो राज्य पनि दिगो हुन सकेन । उनको देहान्त पछि छोराहरू राज्य भाग लगाएर विभाजित राज्यहरूका राजा भए । यस्ता घटनाहरूका कारण राज्य विस्तार रोकिएको मात्र होइन राज्यहरू झन् कमजोर र विजित राज्यहरू स्वायत्त बन्दै गए ।

लेखक गोरखाको इतिहासबारे जानकारी राख्ने मानवशास्त्री हुनुहुन्छ । -सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल खाल्डो पनि यक्ष मल्ल (सम्वत् १४८५ देखि १५३९) का पालामा एउटै राज्य थियो । उनका पालामा पश्चिममा गोरखा, पूर्वमा सिक्किम, उत्तरमा केरुङ र कुती तथा दक्षिणमा मिथिला, बङ्गाल र विहारसम्म राज्य फैलिएको थियो । उनले पनि छोराछोरीलाई राज्य भागबन्डा गरी दिए । यस कार्यबाट मल्ल राज्यको अवनति सुरु भयो । आफ्नै सन्तानहरू बीच पनि अनाहकमा शत्रुता बढ्यो । आफ्ना मातहतका बस्तीहरूमा सामाजिक सुधार र भलाइका कार्यमा विभाजित राज्यहरूको ध्यान गएन । गोरखा राज्यको आक्रमणलाई मल्ल राज्यको पतनको कारण मानिए पनि आफ्नै आन्तरिक कारण प्रमुख रहेको मत पनि प्रबल छ । माथि चर्चा गरिएका तीनै राज्य विस्तारहरूका अभियन्ता राजाहरू सक्षम प्रशासक त थिए तर उनीहरू दूरदर्शीचाहिँ थिएनन् । विस्तार गरिएका राज्यहरूलाई टिकाउन उनीहरूको ध्यान पुगेन । उनीहरूमा शासनमा नौलोपन दिने र व्यावसायिकता ल्याउने सुझबुझ देखिएन । त्यसैले उनीहरूको राज्य विस्तारका अभियानहरू क्षणभङ्गुर रहे ।

तिनताका यस क्षेत्रमा ठकुरी राजाहरू शक्तिशाली र लोकप्रिय बन्दै गएका थिए । उनीहरू लडाइँ र शासनमा बढी इमान्दार र व्यावसायिक देखिन थाले । उनीहरूलाई जनताहरूले बोलाएर आफ्ना राज्यको राजा बनाएका अनेकन उदाहरण छन् । कास्की र लमजुङ राज्यहरू तिनका केही उदाहरणहरू हुन् । ती राज्यहरूमा ठकुरीहरू राजाका रूपमा स्थापित भए । कुलमण्डनले पहिलो पटक शाह पदवी लिए । उनका वंशज गोठमा गाई पालेर बसेका लमजुङ राज्यका राजकुमार द्रव्य शाहले दाजु नरहरि शाहसँग राज्यको हिस्सा मागेनन् । चेपे तरेर पूर्वपट्टि हानिए र उनलाई गोरखाका जनताहरूले राजतिलक लगाए र मानसिंह खड्काका सट्टा गोरखामा शाह राजा स्थापित हुन पुगे । यस घटनालाई लमजुङ राज्यले सहजरूपमा लिएन । लमजुङ र गोरखा राज्यको बीच यति शत्रुता बढ्यो कि आफ्नै दाजु र उनका सिपाहीहरूबाट द्रव्य शाह कैयौं पटक मारिनबाट बचेका थिए । गोरखा राज्यले लमजुङबाट दर्जनौं पटक आक्रमणको सामना गर्नु परेको इतिहासकारहरूले उल्लेख गरेका छन् । पश्चिमपट्टि रहेको आफ्नै वंशबाट शासित लमजुङ राज्यबाट भएका यी शत्रुतापूर्ण व्यवहारहरूले गोरखा राज्यप्रति ठूलो चुनौति खडा गऱ्यो । यसबाट गोरखा राज्य तगनका लागि तीन कार्यहरू नगरिनहुने बाध्यता सिर्जना भयो : १) लडभिडका लागि जहिले पनि तयार लडाकु दस्ता बनाउन पटि गोरखा राज्य लाग्यो । २) गोरखा राज्यले आफ्नो औचित्य प्रमाणित गर्न र विजित राज्यहरूलाई थामी राख्न सामाजिक सुधारका कार्यहरू गर्न पर्ने भयो र ३) आफ्नो राज्यको सबैतिरका छिमेकी राज्यहरूसँग कुटनीतिक सम्बन्ध कायम गरी लमजुङका तुलनामा उच्चस्तरको राजकाज गर्ने बाध्यता सिर्जना भयो । अर्को महत्वपूर्ण वैशिष्ट्य द्रव्य शाहका सन्तातिहरूले पुर्ख्यौली विरासतबाट राज्य पाएका थिएनन् । आफैले आर्जन गरेको राज्यप्रति एकातिर माया बढी हुनु स्वाभाविक थियो भने अर्कातिर राज्यमा कोही असन्तुष्ट हुनासाथ लमजुङ र अन्य छिमेकी राज्यहरूका शरणमा जाने भारदारहरूको प्रवृत्तिले पनि गोरखा राज्यलाई थप चुनौति सिर्जना गरेको थियो । यो चुनौतिको सामना गर्ने क्रममा गोरखा राज्यमा जस्तो गतिशीलता सृजना भयो, त्यसले चाहिँ राज्य विस्तारका क्रममा निर्णायक भूमिका खेलेको सहजै आँकलन गर्न सकिन्छ ।

माथिका प्रसङ्गहरूलाई नजरअन्दाज गरी नेपालमा यसरी इतिहास पढाइएको छ कि केवल पृथ्वीनारायण शाहले मात्र राज्य विस्तार सुरु गरेका थिए । वास्तवमा राज्य विस्तारको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्य त्यसताका यस क्षेत्र र आसपासमा सामान्य घटना थियो र सबै राज्यहरूले यथाशक्ति राज्य विस्तारमा ध्यान दिन्थे । माथि चर्चा गरे जस्तै गोरखा राज्यको स्थापनासँगै राज्य विस्तारको सिलसिला पनि सुरु हुन थालेको थियो । तलको तालिकाले पनि त्यही तथ्यको पुष्टि गर्दछ :

क्र.सं.	राजा	शासन काल	विजित राज्यहरू
१	द्रव्य शाह	सं १६१६-१६२६	लिगलिग, तल्लोकोट, माझकोट, उपल्लो कोट, सिरानचोक र अजिरगढ
२	पूर्ण शाह	सं १६२७-१६६२	बारपाक, सल्यान, खरी, मैदी, धादिङ
३	छत्र शाह	सं १६६२-१६६६	सिम्जुङ
४	राम शाह	सं १६६६-१६९३	लकाङ, मिर्कोट, धुवाँकोट, च्याङ्ली, अठारसय खोला, रुइभोट, बसेरी, चरङ्गे, निभारचोक र फिर्केप
५	डम्बर शाह	सं १६९३-१६९९	-
६	कृष्ण शाह	सं १६९९-१७१५	-
७	रुद्र शाह	सं १७१५-१७२६	मझुवा
८	पृथ्वीपति शाह	सं १७२६-१७७३	लमजुङसँग ११ पटक लडाइँ, मकवानपुर माथि हमला, सल्यान पुनर्विजय, कटुञ्जे विजय
९	नरभूपाल शाह	सं १७७३-१७९९	धुनीवेशी र लामिडाँडा विजय

स्रोतः दिनेशराज पन्त, गोरखाको इतिहास पहिलो भागबाट ढाँचा परिवर्तित ।

पृथ्वीनारायण शाह अगाडिका नौ जना राजाहरूले आफ्नो राज्य विस्तारको कार्य गर्दै आएका थिए भन्ने तथ्य माथिको तालिकाले पनि देखाउछ । नरभूपाल शाहले नुवाकोटमाथि आक्रमण पनि गरेका थिए भने तीन सहर नेपालमाथि विजय गर्ने मनोकाङ्क्षा पनि राखेका थिए । यी तथ्यहरूले देखाउँछन् कि राज्य विस्तारको कार्य पृथ्वीनारायणले मात्र गर्नु भएको होइन । वहाँले नुवाकोट, मकवानपुर, तीन सहर नेपाल र पूर्वमा लिम्बूवान्सम्म राज्य विस्तारचाहिँ गर्नु भयो । विजित राज्यको राजधानी कान्तिपुर हालको काठमाडौंलाई बनाउनु भयो भने विजित राज्य र समुदायहरूलाई आफ्नो रिति, थिति र संस्कृति अनुसार चल्ने स्वायत्तता पनि दिनु भयो । यसरी राज्य विस्तार गर्दा कहीं कतै जातीय गन्ध वहाँको कार्यहरूमा झल्कँदैन । आफ्नो कुल, धर्म, भाषा र संस्कृति नछोड्न वहाँले सबै जातजातिहरूलाई आह्वान पनि गर्नु भएको छ । वहाँको दिव्योपदेशमा पनि त्यसको झल्को पाइन्छ । वहाँले नेवारहरूकी जीवित देवी कुमारीबाट त टीका प्रसाद नै ग्रहण गर्नु भयो । हालसम्म नेपालका राज्य प्रमुखहरूले यो परम्परा धान्दै आएको पाइन्छ ।

अर्को उल्लेखनीय कुरा, अङ्ग्रेजले शासन गरेका भारतका विभिन्न प्रान्तहरूमा बसोबास गरेका नेपाली मूलका जातिहरूको धर्म, भाषा र संस्कृति अक्षुण्ण रहेन । यसको ठीक उल्टो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीनारायणको राजदरबार वसन्तपुरको नगिचै अझ पनि नेवारहरूको भाषा, धर्म र संस्कृति जीवन्त रहेका कसैबाट लुकेको छैन । यसले पुष्टि गर्दछ कि वहाँले साँस्कृतिक उपनिवेश कायम गर्न खोजेकै होइन । यी र यस्ता यथार्थहरूतर्फ आजकल चिन्तन हुने गरेको छैन, कम ध्यान छ ।

कीर्तिपुरको विजयपछि त्यहाँका नेवारहरूको नाक काटेको भन्ने भनाइ सुनिन्छ । इतिहासकार तुलसीराम वैद्यका अनुसार जीत पछि ८/१० जना शासकको नाक काटेको दावी विश्वसनीय लाग्छ । युद्धमा यो स्वाभाविक पनि लाग्दछ । तर वहाँको समग्र नेवार जातिप्रति भने नकारात्मक भावना देखिदैन । राज्य विस्तारपछि देशभरिकै व्यापारिक नाकाहरूमा नेवारहरूलाई बसाल्न र व्यापार गर्न दिएबाट पनि राज्य विस्तार र त्यसको लगत्तै पछि जातीय विभेद भएको होइन भन्ने पुष्टि हुन्छ भने दिव्योपदेशमा "तीनै सहर नेपालका नेवारहरूको नाँच हेऱ्या पनि हुन्छ । ईन्मा ता दियाको पनि आफ्नै देशमा रहन्छ" भनेबाट नेवारप्रतिको वहाँको स्नेह झल्कन्छ । नेवारहरूले कपडा बुन्न जानेकाले देशका विभिन्न भागमा नेवारहरूलाई बसाएबाट पनि विस्तार भएको राज्य जातीय विभेदमा आधारित थिएन भन्ने पुष्टि गर्दछ । अरु त अरु मुसलमान जाति जसको आक्रमणबाट भागेर आएको जाति भनिए पनि गोरखाली हिन्दूहरूले चुरा, सिन्दुर, पोते र सगुनका सामग्रीहरूको व्यापारमा मुसलमानहरूलाई नै अनुमति दिएर देशमा बस्न दिने कार्य पनि त्यस बेलादेखि नै गर्दै आएका छन् । हाल पनि गोरखा दरबार र कालिकाको पूजाका लागि मुसलमान कर्मचारी राखिदै आएको पाइन्छ । यो आजकलको जस्तो पश्चिमको समावेशीकरणको लहरबाट प्रभावित भएर गरिएको अभ्यास थिएन, एक मौलिक सहिष्णुता र सहअस्तित्वको थालनी थियो जो अद्यापि निरन्तर छ ।

त्यसो त राम शाहका पालादेखि नै गोरखामा नेवारी शैलीका भवन निर्माण गर्न नेवारहरू भिकाइएको र उनीहरूका वंशजहरू चौबिस कोठीका नामले अद्यापि पुकारिन्छन् । हालसम्म पनि गोरखाका नेवारहरूलाई राज्य सुदृढीकरणको अभिन्न अङ्गका रूपमा लिइँदै आएको सबैलाई विदितै छ । गोरखाका अन्य जातहरूमा मगर र गुरुङहरू प्रमुख हुन् । उनीहरूलाई पनि विना भेदभाव भारदार र सेनामा सरिक गराउँदै आएको पाइन्छ । आलोचकहरूले जयन्त रानालाई छाला काढी मारेको घटना पटक पटक उल्लेख गरेका छन् । जयन्त राना पहिले गोरखाकै सेना थिए । उनी असन्तुष्ट भै कान्तिपुर आसपास बस्दै आएका थिए । उनलाई जयप्रकाश मल्लले नुवाकोटको सुरक्षाका लागि खटाएका थिए । यो जानकारी पाए पछि पृथ्वीनारायणले "तिमी हाम्रै मान्छे, हामीलाई सहयोग गर" भनी सन्देश पठाउनु भएको थियो । तर जयन्त रानाले "जय प्रकाशको नून खाएकाले नूनको सोझो गर्ने" जवाफ फर्काएका थिए । गोरखा राज्यले नुवाकोट आक्रमण गर्ने निर्णय गरेको र जयन्त विपक्षमा लागेकाले उनी मारिएका हुन् मगर भएकाले उनलाई मारिएको भन्नु त्यति युक्तिसंगत देखिदैन । यसरी हेर्दा राज्य विस्तार जातीय भावनाबाट होइन कि राजनैतिक उद्देश्यबाट अभिप्रेरित भएको सहजै बुझ्न सकिन्छ ।

अर्को महत्वपूर्ण तर इतिहासकारहरूले छुटाएको कुरा राज्य विस्तारसँगै जङ्गललाई मङ्गल गरी गह्रा बिराउने, कुलो खनी सिञ्चाइ गरी उत्पादन बढाउने र यससँग जोडिएको सामाजिक अभियान पनि सँगसँगै लगिएको देखिन्छ । रस्ती रसाउनू (रैतीलाई रिझाउनू) बस्ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बसाउनू भन्ने राजकीय उर्दी गोरखाबाटै चलेको मानिन्छ ।

दोस्रो इतिहासकारहरूले छुटाएको पक्ष राज्य विस्तारमा गोरखनाथको भूमिका हो । मत्स्येन्द्रनाथका चेला गोरखनाथ हालको गोरखामा गई साधना गरेको विभिन्न स्रोतबाट खुलेको कुरा हो । सन् १००० ताका नाथ सम्प्रदाय भारतीय उपमहाद्वीपमा बढी लोकप्रिय भएको हो । त्यतिबेला औलो र जङ्गली जनावरहरूको डरका कारण डाँडाका टुप्पामा मानिसहरूको अधिकांश बस्तीहरू भेटिन्छन् । पशुपालन, शिकार र सङ्ग्रह गरी जीविका चलाउने गोरखाका बासिन्दाहरूलाई हलो बनाई गोरुद्वारा जोत्ने र कुलो बनाई सिञ्चाइ गरी धान रोप्न सिकाएकै गोरखनाथले हो । गोरखनाथ संसारका विभिन्न ठाँउमा भ्रमणमा गएको र धानको बिउ ल्याई पहिलो पटक गोरखामा रोप्न लगाएका हुन् भन्ने तथ्य केही जानकारहरूले प्रस्तुत गरे । त्यसको गुन फिराउन आसपासका बासिन्दाले गोरखनाथलाई साउन महिनामा रोट (चामलको पिठो) पनि चढाउने चलन हालसम्म चल्दै आएको देखिन्छ । यसले पनि माथिको कथनलाई पुष्टि गर्दछ ।

हलो प्रविधिका लागि गोरु आवश्यक पर्ने र गाईका अन्य उपयोगिताहरू पनि हुने भएकाले गाई (गो) को संरक्षण (रक्षा) गर्ने उनकै मत थियो । त्यहाँका सबै जातजातिले ती नाथलाई गोरखनाथ भनेको र उनको सम्प्रदाय अझै गोरखामा देख्न सकिन्छ । "गोरक्षा"बाट अपभ्रंश भएर गोरखा शब्द बनेको मत धेरै विश्वासयोग्य लाग्छ । यी तथ्यहरूको सङ्कलन मैले पाँच वर्ष द्रव्यशाह क्याम्पसमा पढाएर बस्दा गरेको हुँ । यो विकासको मत र प्रक्रिया नै राज्य विस्तारका क्रममा गोरखाली राजाहरूले फैलाएका हुन् । यो अभियान जन जीविकाका लागि कामकाजी (adaptive) भएकाले[1] पहाड र हिमालका बस्ती सबैतिर यसलाई रुचाइएको तथ्य विश्वासयोग्य लाग्दछ ।

गोरखामा यसरी खेतीपाती फस्टाएकाले खानेकुराको सञ्चय हुन गयो । बाँकी समय गोरखाका बासिन्दाहरू राजकाज, युद्धकला र संस्कृतिमा सिर्जनात्मक विकास गर्दै अघि बढ्न सकेको देखिन्छ ।

पृथ्वीनारायणका पिता नरभूपाल पृथ्वीपतिका नाति हुन् । यसरी त्यस भेगमा गोरखा राज्यले कमाएको ख्यातिका कारण नरभूपाललाई खाँचीका राजाले आफ्नी छोरी चन्द्रप्रभा विवाह गरी दिएका हुन् । त्यसको लगत्तै पाल्पाका सेन राजाले आफ्नी छोरी कौशल्यावती, पर्वतका मल्ल राजाकी नातिनी बुद्धिमति र तनहुँका राजकुमारी सुभद्रावतीलाई पनि विहे गरी नरभूपाल शाहलाई दिइयो । यी घटनाहरूले त्यस क्षेत्रमा तिनताका गोरखा राज्यको लोकप्रियता रहेको संकेत गर्दछन् ।

मर्नु अघि विक्षिप्त भए पनि नरभूपालले नुवाकोट राज्यमाथि हमला गरेका थिए भने नेपाल खाल्डो विजय होस् भनी २४ पुरश्चरण पनि गरेका थिए ।[2] धार्मिक भावनाबाट सञ्चालित तिनताकाको समाजमा गोरखाली राज्यले धार्मिक विधिबाट नेपाल विजय गर्ने र राज्यको सुदृढीकरण गर्ने सोच पृथ्वीनारायण शाहको उदय पूर्व नै राखेको देखिन्छ ।

कान्तिपुर, भादगाँउ र पाटन राज्यले पटक पटक गोरखा राज्यको सहयोग मागेका थिए ।

---

१. मानवशास्त्री मार्भिन ह्यारिसको "भारतमा पवित्र गाई" भन्ने लेखमा पनि यस्तै तर्क गरिएको छ ।

२. दिनेशराज पन्त, गोरखाको इतिहास पहिलो भाग, पेज २६४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखाली फौजले नेपाल खाल्डोको राजकाजमा विशिष्ट उद्देश्य राखेर होइन तत्कालिक फाइदाका लागि सहयोग गरेको थियो[3] । यसरी पृथ्वीनारायण नजन्मदै भनौं राजा नहुदै गोरखाको यस क्षेत्रमा बलियो उपस्थिति रहेको देखिन्छ । पृथ्वीनारायणले चाहि राज्य विस्तारको विशिष्ट उद्देश्य राखेर तीन शहरको राजकाजको विरोधाभाषलाई आफ्नो पकडमा लिई ऐन मौकामा त्यसलाई प्रयोग गरेको देखिन्छ । कान्तिपुर र भादगाँउका राजाहरू गोरखाको इमान्दारीका कारण मितेरी साइनोमा विश्वस्त रहेको र कान्तिपुरमाथिको आक्रमण पछि मात्र पृथ्वीनारायणको भित्री उद्देश्यबारे जानकार भएको देखिन्छ ।

गोरखामा विजय हासिल गरेका यी ठकुरी राजाहरूले आफ्नो विजय पश्चात् जितिएका राजाको परिवारबाहेक अरु वंशलाई भने सम्मानपूर्वक बस्न दिएका थिए । मगर, गुरुङ, खड्का लगायतका वंशका व्यक्तिहरू गोरखाका भारदार पनि रहेको तथ्यले पनि यस भनाइलाई पुष्टि गर्दछ । नरभूपालका काजी महेश्वर पन्तले मगरहरूले मलाई रिस गर्छन् भनेको थाहा पाएपछि हामी मगरहरू बढी भएछौं भनी उनीहरू गोरखा राज्य छोडी यत्रतत्र छरिएको दिनेशराज पन्तले उल्लेख गरेका छन् । पछि महेश्वर पन्त देश निकालामा परे । फेरि बाँकी बसेका मगरहरूले पृथ्वीनारायण शाहलाई विशेष अनुरोध गरी उनलाई फिर्ता बोलाइएका थिए हो ।

३. पृथ्वीनारायणको व्यक्तित्व

नरभूपाल शाहका चार रानीमध्ये पृथ्वीनारायण कौशल्यावतीपट्टिबाट जन्मिनु भएको थियो । वहाँको मावली पाल्पा थियो । मावली आउँदाजाँदा पाल्पा राज्यबारे वहाँलाई धेरै जानकारी थियो । खाँचीकी राजकुमारी चन्द्रप्रभा वहाँकी जेठी आमा निःसन्तान हुनुहुन्थ्यो । जेठी आमाले नै वहाँलाई हुर्काउनु भएको थियो । विशेषतः राजपाठबारे शिक्षा वहाँबाटै पाएकाले पृथ्वीको बाल्यकाल निकै विशिष्ट रहेको देखिन्छ । वहाँले युद्धकलामा बाल्यकालदेखि नै तालिम लिनु भएको थियो ।

एक पटक पृथ्वीनारायण शाह दरौंदीमा पौडी खेल्न जानु भएको रहेछ । पौडी खेलेर निस्केपछि वहाँले नजिकैको बारीमा उखु देख्नु भएछ । वहाँले ८/१० ढाँक उखु भाँचेर खानु भएछ । यो घटना केशव द्वारेले देखेका रहेछन् । उनले रानी चन्द्रप्रभालाई चुक्ली लगाएछन् । चन्द्रप्रभाले पृथ्वीनारायणलाई यो निहुँमा धेरै गाली गर्नु भएछ । रैतीका बारीमा गएर नमागीकन राजकुमारले उखु खान हुन्थेन भन्ने जिकिर केशवले गरेका रहेछन् । उनले रानी चन्द्रप्रभालाई सल्लाह दिने र रानीले पनि उनको सल्लाह राम्रो मान्नु हुने रहेछ । यो सब बुझेर पृथ्वीनारायण सुरुमा मौन रहनु भएछ । तर वहाँको मनमा राजकुमारले नाथे ८/१० ढाँक उखु खायो त खायो । रानीलाई कुरा लगाउन त पर्थेन ! भन्ने लागेछ । वहाँले ईख मानेर केशव द्वारेको नालीबेली बुझ्नु भएछ । वहाँलाई यो केशव मान्छे ठिक रहेनछ भन्ने लागेर ऐन मौकामा ठेगान[4] लगाउनु भएछ । यस घटनाबाट पछिसम्म रैतीले श्रद्धाले दिएको खाने र केही निग्रह नदिई नखाने बानी वहाँमा परेको देखिन्छ ।

पृथ्वीनारायण शाह साह्रै जिज्ञासु स्वभावका हुनुहुँदो रहेछ । वहाँमा अभिरुचि भएको

3. दिनेशराज पन्त, गोरखाको इतिहास पहिलो भाग पेज २५८ ।

4. इतिहासकार दिनेशराज पन्तले चाहिं केशव द्वारेलाई बिगार्नु भयो भन्नु भएको छ । त्यसबेला बिगार्नु भयो भन्नाले के बुझिन्थ्यो एकिन चाहि हुन सकेन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्याय र धर्मशास्त्रको पुस्तक उतार्न लगाई शब्द शब्द केलाएर पढ्ने र तिनीहरूको राजकाजमा के तालुक हुन्छ खुट्याउने स्वभाव रहेछ। कुन शब्दको के अर्थ हुन्छ शोधखोज गरी इष्टमित्र, गुरु र पुरोहितसँग परामर्श गर्ने तर खोजीको अन्तर्य अरुलाई थाहा नदिने बानी रहेछ। यो बानी वहाँको जीवनकाल पर्यन्त निरन्तर रह्यो। सबै दृष्टिबाट जाँचेपछि उपयुक्त मानिस छानी परिचालन गरी निर्णय गर्ने र काम फत्ते गराउने कार्यशैलीका कारण वहाँ सफल हुनु भएको रहेछ।

जीवनको अन्तिम वर्षहरूमा नरभूपाल शाह विक्षिप्त प्रायः हुनु भएको इतिहासकारहरूको मत छ। आफ्ना चारजना आमाहरूको परामर्शमा पृथ्वीनारायण शाहले युवराजका हैसियतले विस्तारै राजकाज सम्हाल्दै आउनु भएको थियो। चुस्तदुरुस्त शासन भएन भने विस्तार गरेका राज्यहरू पनि आफ्ना कब्जामा नरहने स्थिति थियो। गोरखाका भारदारहरू बीच त्यस स्थितिमा चरम विभाजन र निराशा देखा पऱ्यो। एकथरि भारदारचाहिँ युवराज पृथ्वीनारायण शाहलाई राजा बनाउने पक्षमा थिए। यसको नेतृत्व महेश्वर पन्तले गरेका थिए। पृथ्वीनारायणलाई यो कुरा पटक्कै मन परेन। वहाँ तीन वर्ष भादगाँउमा बसेर त्यहाँका तीन राज्यका भारदार र उनीहरूले निहित स्वार्थका लागि नाबालकलाई राजा बनाएर जालझेल गरेको प्रत्यक्ष देख्नु भएको थियो। महेश्वर पन्तको नियत के थियो थाहा छैन तर पृथ्वीनारायणले उनलाई देश निकाला गर्ने निर्णय गर्नु भयो[5]। वहाँको यो निर्णय दूरगामी महत्वको थियो। त्यसपछि कुनै भारदारले वहाँलाई नाजायज सल्लाह दिन हिम्मत गरेनन्। दिएका सल्लाहहरू सबै दृष्टिले राज्यका हितमा हुने गर्थे।

पृथ्वीनारायणको विवाह मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग हुने भयो। भाइ भारदार र गुरु पुरोहित सबैको यसमा सहमति थियो। त्यसैले सेनाको टुकडीसहित वहाँ मकवानपुर जानु भयो। केही महिना मकवानपुर नै बस्नु भयो। त्यसपछि वहाँले आफ्ना सहयोगीहरूलाई अब राजकुमारीलाई विदा दिनु होस् भन्न लगाउनुभयो। तर राजकुमारीलाई लैजान नदिएपछि वहाँ र मकवानपुरका भारदारहरू बीच झगडा र तिक्तता उत्पन्न भै वहाँ रित्तै फर्कनु पऱ्यो। यस घटनालाई वहाँले ईख र इज्जतको सवाल बनाउनु भयो। पहाडको एक सानो राज्यको राजकुमार भनेर हेपेको वहाँलाई लाग्यो र मकवानपुर राज्यलाई चुनौति दिएर आउनुभयो। यस घटनापछि वहाँ चन्द्रागिरि गएको र त्यहाँबाट तीन सहर नेपाल देखेर नेपाल विजय गर्ने मनसुवा हुर्काउनु पनि भयो। यदि वहाँको सहजढङ्गले विवाह हुन्थ्यो भने यो स्थिति बन्ने थिएन। मकवानपुरसँग शत्रुताको त्यही जगमा नै मकवानपुरमाथि आक्रमण गरी विजय सम्भव भएको थियो भने त्यही ईखले पृथ्वीनारायणको काशीका राजपूत अहिमान सिंहकी छोरी नरेन्द्रलक्ष्मीसँग विवाह तय हुन पुग्यो। यो वैवाहिक सम्बन्ध पनि गोरखाको राज्य विस्तारका लागि सामरिक महत्वको रहेको पुष्टि हुन्छ। पृथ्वीलाई ससुराली गएको निहुँमा भारत घुम्ने, त्यहाँ भएका परिवर्तन नियाल्ने र आधुनिक हातहतियार किनी गोरखालाई मजबुत

5. नरभूपालको मृत्यु पछि पृथ्वी नारायणले राज्य सम्हाल्नु भयो। एकीकरण अभियान अघि बढाउन मगर भारदारले मात्र पुग्ने भएन। मगर भारदारले महेश्वर पन्तको दुर्नियत नदेखिएकाले गोरखा फिर्ता बोलाउन सुझाए पछि वहाँले पन्तको अवस्था र इच्छा बुझ्न पठाउदा उनी गोरखा फर्कन राजी भएकाले फिर्ता बोलाउनु भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउन यस सम्बन्धले मद्दत पुगेको इतिहासकारहरूको राय छ।

अर्को वहाँको शासनको वैशिष्ट्य हरेक राजकाजका निर्णय आफै प्रत्यक्षरुपमा संलग्न भएर गर्नु भएको देखिन्छ । यसले गर्दा वहाँले कुनै हिसाबले अरुमाथि भर पर्नु परेन। आफै निर्णय प्रक्रियामा सामेल हुँदा यथार्थपरक निर्णय हुन सकेको देखिन्छ। लियोनेल कप्लानले आफ्नो पुस्तकको प्रथम संस्करणमा यस तथ्यलाई पुष्टि गर्ने एउटा घटना उल्लेख गर्नु भएको थियो। त्यो घटनाको भावानुवाद देहाय बमोजिम छ :

तीन सहर नेपाल विजयपछि पूर्वी नेपालको विजय गर्ने पृथ्वीनारायणको इच्छा थियो। त्यसलाई पूरा गर्न वहाँले एक जनालाई जिम्मा दिई सेनासहित पठाउनु भयो। लामो समयपछि पनि न गोरखाली सेनाले लडाइँ गऱ्यो न पूर्व विजय नै गऱ्यो। यो स्थितिले वहाँलाई सन्तोष भएन। वहाँले यथाशीघ्र पूर्व विजय गर्ने चाहना राख्नु भएको थियो। त्यसपछि वहाँ आफै जोगीको भेष गरी चैत महिनामा लिम्बूवान् पुगु भयो। मध्य दिन भएको थियो। वहाँले केही खानु भएको थिएन। एक जना लिम्बू महिलाले के खानुहुन्छ भनी सोधिन्। खिर पकाएर खाने भए दुध र चामल दिने बताइन्। वहाँले उक्त प्रस्ताव सकार्नु भयो। बारीमा चुलो चम्का लगाएर आगो बाली खिर पकाउन लाग्दा आगोको हुर्को ठूलो भई सबै दुध भैमा पोखियो। यो दृश्य देखेर ती लिम्बू महिलाले जोगी रूपका पृथ्वीनारायणलाई तिमी त पृथ्वीनारायण जस्तै रहेछौ भनिछन्। वहाँले कसरी भनेर सोध्नु भएछ। उनले पृथ्वीनारायणले लिम्बूसँग युद्ध गर्न सेना पठाएको डरले सारा लिम्बूहरू भागेर लिम्बूवान् छोडी गएको र महिलाहरूलाई हैरानी भएको भेद खोलिछन्। वहाँले खोजेको उत्तर मिलेछ। त्यसपछि नेपाल फर्केर वहाँले खटाइएको सेनापतिलाई सन्देश पठाउनु भएछ। त्यस सन्देशमा उनीहरूले कमाइ आएको किपट उनीहरूलाई नै दिने, उनीहरूको रीति थितिलाई गोरखाली राजाले मान्ने तर उनीहरूले गोरखाको राजालाई मान्नुपर्ने र त्यसो भए गोरखाली सेनाले उनीहरूसँग लडाइ नगर्ने व्यहोरा उल्लेख थियो। गोरखाली सेनाले निर्देशन बमोजिम लिम्बू महिलाहरूलाई उक्त चिठी पढी सुनाएछन्। लिम्बूहरूलाई त्यही अनुसार खबर भएछ। लिम्बूहरूले गोरखाली राजाको शर्त मान्न राजी भई आफ्नो थातथलोमा फर्केछन्। यसरी विना लडाइ र रक्तपात लिम्बूवान् विजय भएछ।

यस घटनाले के देखाउँछ भने जनताको मन र मर्म आफैले बुझेर निर्णय गर्ने वहाँको जुन तौरतरिका थियो त्यो निकै सही र यथार्थपरक थियो।

पृथ्वीनारायण शाहलाई आफ्नो मावली पाल्पा राज्य टुक्रिएको मर्मको राम्रो ज्ञान थियो। खस राज्य र यक्ष मल्लको राज्यको हविगत पनि थाहा भयो। वहाँले आफै तीन वर्ष भादगाँउ बसेर तीन सहर नेपालको सबै भित्री रहस्य र इतिहास बुझ्नु भएको थियो। यो आधुनिक मानवशास्त्रको लोकचित्रण (Ethnography) जस्तै प्रभावकारी विधि थियो। सबै राज्यहरू र तिनीहरूको कमी कमजोरीबाट शिक्षा लिई वहाँले राज्यको अलगै कोष (treasury) बनाउनु भयो। सेना त मजबुत छँदै थियो।

जहाँसम्म कान्तिपुरको साँस्कृतिक जात्राको अवसर छोपेर आक्रमण गरी विजय पाएको आरोप छ, वहाँले त्यसअघि फर्पिङ र कीर्तिपुर विजय गरिसकेको तीन सहरलाई सबै हिसाबले घेरेको, तीन सहरका भारदारहरू गोप्यरुपमा वहाँसँग भेटघाट गर्न गएको र गोरखा राज्यमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिसिन तयार रहेको स्वीकार मात्र गरेनन्, भित्री राज खोली कसरी जित हाँसिल गर्ने योजना पनि बताएको देखिन्छ। जो गोरखा राज्यको शासन स्वीकार गर्दैनथे उनीहरू मात्र बाँकी थिए। यसो हुनुको कारण गोरखा राज्यको ठूलो सैनिक कौशल र सुशासनबारे जो हल्ला तत्कालीन समाजमा व्याप्त थियो त्यसको प्रभाव थियो। कहिले कुन अवस्थामा आक्रमण गर्दा कम भन्दा कम रक्तपात हुने र विजय सुनिश्चित हुने भन्ने तर्जविज गोरखा राज्यले मिलाएको थियो र इन्द्र जात्राको दिन छानिएको थियो। साँस्कृतिक दृष्टिले उचित नदेखिए पनि युद्धकौशल र रणनीतिका हिसावले त्यो दिन सही नै रहेछ भन्ने त विजयले नै पुष्टि गऱ्यो।

झण्डै बीस वर्षको योजना र युद्धपछि नेपाल विजय त भयो। राजधानी कहाँ राख्ने भन्ने टुङ्गो लगाउनु पर्ने थियो। वहाँले नेपाललाई नै विस्तारित राज्यको राजधानी बनाउने निर्णय गर्नु भयो। वास्तवमा सैनिक सशक्तीकरण वहाँको रहर र बाध्यता दुवै थियो। विजित राज्यलाई टिकाउन वहाँले विभिन्न सन्धि सम्झौता पनि गर्नु भयो। त्यस बखत गोरखा राज्यलाई गरेको सहयोग र असहयोगका आधारमा रैती र बाह्य पक्षसँगको सम्बन्ध तय हुने गरेको थियो। वहाँले हरदम र हरकदम न्यायपूर्ण निर्णय गर्नु भयो। कतिसम्म भने आफ्नै भाइ सूरप्रताप शाहले राज्य विस्तारपछि राज्यको हिस्सा मागे। वहाँले आफ्नै भाइलाई पनि बाँकी छोड्नु भएन। यही निहुँले दाजुभाइका बीच यति मनमुटाव भयो कि वहाँका भाइ भागेर तनहुँका राजा कमरिदत्त सेनका शरणमा बस्नु पऱ्यो। त्यही निहुँमा तनहुँसँग गोरखाको युद्ध समेत भयो। वहाँको मत अनुसार राज्य दुङ्गा जस्तो हो। यसलाई टुक्रा गर्न हुदैन। राज्यलाई शिकार खेलेको बिलो जस्तो गरी बाँढेर लिने होइन[6]। राज्यलाई एक ढिक्का बनाई राख्नु पर्दछ भन्ने भावना वहाँमा थियो। त्यसैले वहाँले आफ्ना सन्तान र भारदारहरूलाई राज्य बाँड्नु भएन। यसले गर्दा नै राज्य एक ढिक्का भैरहन सक्यो। फलस्वरूप माथि चर्चा गरिएका अन्य राज्य विस्तारहरू जस्तो यो राज्य विस्तार क्षणभङ्गुर भएन। दिगो भयो।

पश्चिम खासगरी युरोपमा पनि त्यस ताका राज्यको खाका कोरिदै थियो। यता वहाँले व्यावसायिक सुशासन, सेना, प्रशासन, अदालत र सार्वजनिक कोष सहितको राज्यको मौलिक खाका कोर्नुभयो। जितिएका राज्यहरूको सामाजिक, आर्थिक र साँस्कृतिक संस्थालाई स्वीकार गर्नु भयो। विजित राज्यलाई फूलबारी ठान्नु भयो। स्टिलर भन्नुहुन्छ, "जस्तै निराशाजनक भए पनि जितिएका राज्यका साँस्कृतिक, सामाजिक र आर्थिक संस्थाहरूलाई उनले स्वीकार गरे, सम्मान गरे र तिनीहरूसँग सहकार्य अघि बढाए। (पेज २३)" यसरी हेर्दा हर्क गुरुङलगायतका विद्वान्हरूले लगाएको हिन्दूकरणको आरोप पृथ्वीनारायणलाई ठीक जँच्दैन। वहाँले विजित राज्यलाई "असिल हिन्दुस्थान हो"[7] चाहिँ भन्नु भएको देखिन्छ तर असल हिन्दूस्थान बनाउने हो भन्न खोज्नु भएको लाग्दैन। यसलाई सापेक्षिकढङ्गले माने लगाउनु पर्ने देखिन्छ। तत्कालीन भारतमा सामाजिक र आर्थिकरुपले भाँडभैलो उत्पन्न भएको थियो। मतलव भारत असल हिन्दूस्थान रहन सकेको थिएन। नेपालमाचाहिँ भारतको जस्तो भाँडभैलो नहुने र असल राज्य हुने भन्ने वहाँको विश्वास देखिन्छ। अन्यत्र वहाँले आआफ्ना "कुल धर्म नछोड्नू"[8] पनि भन्नु

6. यसका लागि हेर्नुस् माधवप्रसाद घिमिरेको "राष्ट्र निर्माण" खण्डकाव्य।
7. हेर्नुस् दिव्योपदेश।
8. हेर्नुस् दिव्योपदेश।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको छ। यदि वहाँको राज्य विस्तार हिन्दूकरण थियो भने विना रोकावट आफ्ना कुल धर्म छोडेर हिन्दू धर्म अनुसारको आचरण अपनाउनू भन्नु पर्थ्यो। वहाँले त्यसो भनेको प्रमाण त भेटिन्न।

रैतीलाई समृद्ध बनाउनु वहाँको ध्येय थियो। वहाँ शौखले मात्र राजा बन्नु भएको थिएन। "राजाले ठूलो निञा निसाफ हेर्नु अन्याय मुलुकमा हुन नदिनु"[९] भन्ने वहाँको भनाइले त्यही पुष्टि गर्छ भने वहाँका जीवनकालका निर्णयहरू हेर्दा पनि वहाँले शासनका लागि शासन होइन कि निष्पक्ष र न्यायपूर्ण शासन चलाउन खोजेको गोचर हुन्छ। वहाँले थप भन्नु भएको छ, "अदालथमा पनि ठकुरि जाँचि डिट्टा राष्नु. मगर जाँचि विचारि थापनु. कचहरिपिछे यक् यक् पण्डीत राषी निञासास्त्रबमोजिम अदालथ चलाउनु" यसबाट पनि सबै दृष्टिले राज्यको विकास गर्नु पर्ने वहाँको प्रष्ट दृष्टिकोण देखिन्छ। जितेका राज्यका सामन्त र प्रशासकहरूलाई पनि वहाँले न्यायपूर्ण र पक्षपातरहित शासन र पजनी चलाउन प्रेरित गर्नु भयो। फलस्वरुप जनताको राज्यप्रति विश्वास र श्रद्धा यतिसम्म बढ्यो कि अद्यापि यो देश एक हुनु पर्दछ भन्ने भावना बहुसंख्यक नेपालीहरूमा जारी छ।

४. राज्य विस्तारमा वहाँको योगदान

पृथ्वीनारायण जम्मा ५२ वर्ष बाँच्नु भयो। बीस वर्ष हुर्कदै बित्यो। ३२ वर्षको समयमध्ये पनि १० वर्ष राजकाज सिक्दै बित्यो। वहाँले २५ वर्ष यसरी साधना गर्नुभयो कि वहाँ निर्णयहरू गर्दा पनि विस्तारित राज्यहरूमा पुगु भयो। युद्धहरूमा पनि निडरतापूर्वक आफै सामेल हुनु भयो। विजयपछि पनि पटक पटक भ्रमण गरी त्यहाँको थिति पनि बाँध्नु भयो। वहाँका कुनै दिन र वर्षहरू निरर्थक बनेनन्।

हामी आजकल लोकतन्त्र भन्छौं। वहाँले आफैले त्यस बेला लोकतन्त्रको अभ्यास गर्नुभयो। वहाँ विराज बखेतीलाई काजी बनाउन चाहनुहुन्थ्यो तर जनता कालु पाण्डेलाई कज्याँइ दिए खुसी हुने बुझ्नु भयो। कल्पना गरौं त २०० वर्ष अघि पनि वहाँले बाइसे चौविसे राज्यहरूमा पनि गोरखाका काजी कसलाई बनाए ठीक होला भनी बुझ्न पठाउनु भयो। उनीहरू पनि कालु पाण्डेकै पक्षमा रहेको पाउनु भयो। जनमत अनुसार काजी छान्दा शासन र राजाप्रति जनउभार मात्र बढेन शासनमा जनसहभागिता पनि बढ्यो। वहाँले भारदार, गुरु, पुरोहित र हितैषीहरूसँग हार्दिक वातावरणमा परामर्श लिने शैली अपनाएका कारण जनपरिचालन सहजढङ्गले हुन सक्यो। फलस्वरूप राज्य विस्तारमा सबैको साथ र सहयोग जुट्न सक्यो।

वहाँको अर्को वैशिष्ट्य के कार्यका लागि को उपयुक्त हुन्छ भनेर छनौट गर्ने थियो। वहाँको छनौटको आधार कार्यसम्पादन क्षमता हुन्थ्यो। जात वा अन्य आधार हुन्नथ्यो। यसले गर्दा वहाँका हरेक योजना सफल हुन्थे। सुरुका दिनमा वहाँको तयारी र युद्धकौशल कम देखिए पनि कीर्तिपुरको युद्धमा कालु पाण्डे मारिएपछि र आफ्ना भाइको आँखा फुटेपछि भने वहाँको तयारी र परिपक्वता बढेको देखिन्छ। तीन सहर विजय गर्नु पूर्व वहाँले वरपर सबै राज्यहरू विजय गरी जसरी घेर्नु भयो, खासै ठूलो युद्ध गर्न नपरी तीन राज्यहरूमाथि विजय भएको देखिन्छ। यस विजयले गोरखाली लडाकु दस्ताको मनोबल यति बढ्यो कि गोरखा राज्य

९. हेर्नुस् दिव्योपदेश पेज २३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विस्तारको सिलसिला पृथ्वीनारायण शाहको मृत्युपछि पनि रोकिएन। वास्तवमा पश्चिमतिरका राज्यहरूका शासकहरू शाह राजाहरूका नातेदार थिए। बहादुर शाह र राजेन्द्रलक्ष्मी लगायतका वहाँका वंशज र भारदारहरू यति प्रतिबद्ध भए कि उनीहरूले आफ्नो नातेदारीलाई समेत पर्वाह गरेनन्। राज्यलाई पश्चिममा सतलजसम्म पुऱ्याए। यो क्रमले अङ्ग्रेजका लागि चुनौति सृजना गऱ्यो। अङ्ग्रेजले पनि भर्खर भर्खर भारत कब्जा गरेको थियो। स्टिलर (ई. १९६८) का अनुसार अङ्ग्रेजको नेपालप्रति दृष्टि दिनुको पछाडि देहायका कारण थिए।

क) नेपालमा सुनको खानी छ भन्ने भ्रम
ख) तराईको काठ (timber) र जहाज टाल्न आवश्यक टार (tar) को लोभ
ग) नेपालको तराईबाट निर्यात हुने धानको लोभ र
घ) नेपालमा बेलायती सामानको बजार विस्तार गर्ने आशा।

त्यसका अलावा अङ्ग्रेजको संसारको ठूलो साम्राज्य हौं भन्ने दम्भले पनि कार्य गरेको थियो भने आफ्ना सेनालाई गोरखाली फौजले पटकपटक हराएकोमा उनीहरूलाई बदला साध्नु थियो। यस कारणले उनीहरूले नेपालको राज्यविस्तारलाई रोक्न निहुँ खोजे र नेपाल तथा अङ्ग्रेजको युद्ध भयो। सं. १८७३ को सुगौली सन्धिसँगै राज्य विस्तारको त्यो सिलसिला रोकियो। पछि राणाकालमा नयाँ मुलुक बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता भएपछि नेपालको भौगोलिक सीमा सरहद निर्धारण भयो। त्यसपछि जुद्ध समसेरका पालामा पहिलो पटक विस्तारित राज्यलाई नेपाल भनियो भने पृथ्वीनारायणको राज्य विस्तारलाई नेपालको एकीकरणको निर्णायक चरण ठानिन थाल्यो र यो सत्य पनि हो। पृथ्वीनारायण आफैले राज्य विस्तारलाई एकीकरण भन्नु भएको थिएन। माथि भनिएझै नेपाली राज्यको नौलो ढाँचा वहाँले नै कोर्नु भएको हो। यसबारे समाजशास्त्रीहरूले थप अनुसन्धान गर्न पर्ने र नयाँ पुस्तालाई यथेष्ट हिसाबले जानकारी गराउनु पर्ने आवश्यकता छ।

५. उपसंहार

नेपालमा पृथ्वीनारायणबारे कि बढी प्रशंसा र अन्धभक्ति जाहेर गरिँदै आएको छ भने यसको ठीक विपरीत केही मानिसहरू वहाँको कटु आलोचना गर्दछन्। त्यसैले वहाँको व्यक्तित्व र योगदानबारे सन्तुलित धारणा बनाउन जरुरी देखिन्छ। पृथ्वीनारायणले त्यतिबेला विजित राज्यका सबै जात, जाति, संस्कृति र वर्गका व्यक्ति र समूहहरूलाई समानरूपमा आफ्ना नागरिक र मर्यादित मानव ठानेको देखिन्छ। त्यसैले त वहाँले विजित राज्यलाई सबै जातको फूलबारी ठान्नु भयो। वहाँको त्यसबखतको त्यो नीतिलाई अद्यावधिक गरेर वर्तमान समयमा हामीले झेलिरहेका राष्ट्र निर्माणका समस्याको समाधान गर्न जरुरी छ।

दक्षिण पूर्वी एसियाको यो क्षेत्रमा अरु राज्य विस्तारका घटनाहरू सफल र दिगो हुन सकेनन्। केवल गोरखाको राज्य विस्तार आजसम्म टिकेको छ। यसलाई मूर्त रूप दिन पृथ्वीनारायण शाहले पुऱ्याएको योगदान, सोच र दूरदृष्टि अद्वितीय छ। वहाँको व्यक्तित्व र निर्णय प्रक्रिया पनि न्यायपूर्ण देखिन्छ। वहाँ भन्दा पछिका शासनका क्रममा सबै जात, जाति, धर्म र वर्गहरू राज्यको मुलप्रवाहमा समेटिन कति सके कति सकेनन् त्यो त समीक्षाकै विषय हो। यसको मतलव यो होइन कि पृथ्वीनारायण शाहले थालेका प्रयासहरू त्रुटिपूर्ण थिए। कम्तीमा पृथ्वीनारायणका कार्यबारे हामी जानकार छौं र वहाँप्रति पूर्वाग्रह राख्नु ठीक होइन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महेशचन्द्र रेग्मी लगायतका विद्वान्हरूबाट पनि वहाँको कार्य र निर्णयहरूबाट कसलाई फाइदा पुग्यो र कसलाई घाटा पुग्यो, त्यसको आधारमा राज्य विस्तारबारे व्याख्या विश्लेषण भएका छन् । त्यसभन्दा पनि माथि उठेर हेर्दा आपसमा सधै काटमारमा फसिरहेका रजौटाहरू र त्यसबाट भएका हानीहरूबाट सबैलाई सदाका लागि जो मुक्ति मिल्यो र आधुनिक राज्यको यो रूप हामी सन्ततिहरूलाई प्राप्त भयो, यो पृथ्वीनाराणका कार्यको उज्यालो पक्ष हो । वहाँको कदम त्यसबखतसम्म हिन्दूकरण र साँस्कृतिक उपनिवेश थिएन भन्ने छ ।

पछिल्लो समय हामीहरू पश्चिमी शैलीको राज्यको प्रभावमा बढी आएका छौं । यो गोरखा राज्य विस्तारका क्रममा विकसित राज्यको मौलिक ढाँचा पश्चिमी राज्यभन्दा कति फरक र कति समान छ थप अनुसन्धान र विश्लेषण हुन जरुरी छ भने अर्कातिर हामीले हाम्रा पुर्खाहरूले विकास गरेका राज्य र शासनका अभ्यासहरू छोड्दै गएका छौं । पश्चिमी ढाँचाको राज्य र शासन पनि हामीकहाँ त्यति जाँच्न सकेको छैन । यसले गर्दा हामीमा परनिर्भरता बढ्दै गएको छ । समाज आन्तरिकढङ्गले सबल पनि बनेको छैन । यतातिर पो हाम्रो ध्यान जानु पर्ने हो कि ?

पृथ्वीनारायणका आलोचकहरू आजको सामाजिक जागरणका दृष्टिबाट २५० वर्ष अघिको घटना भन्दै अप व्याख्या विश्लेषण गर्दछन् । अहिलेको ज्ञानको आलोकमा ऐतिहासिक घटनाहरूलाई हेर्नु पनि यथार्थपरक नहुन सक्छ । त्यतिबेलाकै सामाजिक परिवेश र ज्ञानका आलोकमा त्यस समयका परिघटनालाई हेर्न जरुरी छ । उदाहरणका लागि त्यसबेला भारतमा विकसित वैदिक संस्कृति र संस्कृत भाषाको प्रभुत्व तीन सहर नेपालका मल्ल शासकहरूमा पनि थियो जति पृथ्वीनारायणमा थियो । हाल कै उदाहरण लिऊँ न, हाल पश्चिमी संस्कृतिको दबदबा हिन्दू लगायत सबै जातिमा छ भलै त्यसको परिमाण जात-जाति पिच्छे फरक किन नहोस् ।

शिक्षा, बसाइसराइ, विज्ञान र प्रविधिको विकास आदि सामाजिक प्रक्रियाका कारणले अहिले मौजुद सबै जात जाति बीच समानता र साँस्कृतिक लेनदेन बढेको छ । वास्तवमा यो मुलुकलाई सबै जात-जातिको फूलबारी बनाउने पृथ्वीनारायणको मार्गचित्रको सर्वस्वीकार्य विकल्प अहिलेसम्म हामीलाई उपलब्ध छैन । पश्चिममा पनि पुरानै राज्यवाद र संरक्षणवादको पुनर्उदय अमेरिकामा भएको डोनाल्ड ट्रम्पको जीत र बेलायतको युरोपेली संघबाट भैरहेको बहिस्करणले जनाउँछ । यो सन्दर्भलाई पनि मध्यनजर गर्दै सबै मिली विश्वव्यापीकरणको प्रभावबाट सबै जात-जातिको संस्कृतिमा भएको ह्रासबारे सोच्नु र सबैको सामाजिक, आर्थिक र साँस्कृतिक सम्बृद्धि हासिल गर्ने उपयुक्त कार्य गर्नु युगसम्मत हो । अब वर्तमान समय र समस्याहरूमा टेकेर साझा भविष्य निर्माण गर्न कसरी पहल गर्ने, सोच्ने र तदनुरूप कार्य गर्ने भन्ने बारेमा चिन्तन जरूरी छ ।

सन्दर्भ सामग्रीहरू

- कप्लान, लियोनेल (ई.१९७०) । ल्याण्ड एन्ड सोसल चेन्ज इन इष्ट नेपाल । लण्डनः रुटलेज एन्ड केगन पल ।
- गौतम, हिमप्रसाद (सं.२०७२) । सिक्काको अर्को पाटोः जनैजातिको पीडा । अप्रकाशित लेख ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- ह्यारिस, मार्भिन (ई.१९९०) । भारतको पवित्र गाई ? पेज २०१-२०७ । फिलिप ह्विटन र डेभिड हन्टर (सम्पादित) मानवशास्त्र समकालीन दृष्टिकोणहरू (छैठौं संस्करण) । इलिनोइ : स्कट फोरम्यान र लिटल ब्राउन हाइअर एजुकेशन ।
- पन्त, दिनेशराज (सं. २०४१) । गोरखाको इतिहास पहिलो भाग । काठमाडौं: सिर्जना प्रिन्टर्स ।
- पुरातत्व विभाग (सं. २०५४) । दिव्य उपदेश । काठमाडौं : श्री ५ को सरकार, पुरातत्व विभाग ।
- वैद्य, तुलसीराम (सं. २०७४) । जसले नेपालको जग बसाए । कान्तिपुर कोसेली ख । शनिवार असोज ७, २०७४ ।
- रेग्मी, महेशचन्द्र (ई. १९९५) । किङ्स एन्ड पोलिटिकल लिडरर्स अफ द गोरखाली एम्पाएर १७६८-१८१४ । हैदरावाद : ओरियन्ट लङ्म्यान लिमिटेड ।
- स्टिलर, लुडविग एफ. (ई. १९९३) । नेपाल ग्रोथ अफ ए नेशन । काठमाडौं: ह्यूमन रिसोर्जेज डिभेलपमन्ट रिसर्च सेन्टर ।
- स्टिलर, लुडविग एफ. (ई. १९६८) । पृथ्वीनारायण इन द लाइट अफ दिव्य उपदेश । राँचीः क्याथोलिक प्रेस ।

कार्यक्रमको एक झलक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृतिपूजक बोन दर्शनः संक्षिप्त परिचय

विष्णु प्रभात

१. विषय प्रवेश

प्राकृतिक जीव तत्त्वलाई समस्त सृष्टिको आधार मानेर मानिसका व्यवहारको विवेचना गर्ने, पितृ स्मृतिमा भावनात्मक रूपले समर्पित रहने र वनस्पतिसँगै वायु या प्रेतात्माको प्रयोग गरी रोगव्याधिको उपचार गर्ने दृष्टिकोण र पद्धतिको नाम **बोनवाद** हो । बोनवाद मध्य-एसियाली दर्शनहरू मध्ये एउटा विशिष्ट प्राकृतिक भौतिकवादी दर्शन हो (पृ.२१८, विष्णु प्रभात, २०७०) । बोन शब्दको प्रविष्टि बृहद् शब्दकोषमा भने परेको देखिन्न । तर 'झाँक्री' शब्द भने त्यसमा परेको छ (पृ. ५१८, पोखरेल, २०४०) । डोल्पाको पश्चिमी भागमा बस्ने लामो नाक भएका बाहुन, क्षेत्री, ठकुरी तथा कालीगढ जाति - कामी, सार्की, दमाइँ जस्ता नेपाली जातका सदस्यलाई बुझाउन 'मोन' शब्द प्रयोग गरेको पाइन्छ (पृ.३१, तामाङ, २०५१) मोन या मोनपा भनेको सीमानातिर बस्ने 'गैर भोटे मानिस' हुन् । तिब्बती ग्रन्थ 'जामलिङ ग्येशे' मा पनि मोन जातिको बारेमा उल्लेख छ । (पृ.११, बुढामगर, वि.सं. २०४९) परन्तु बोन शब्द मोनबाट नभै पोनबाट बनेको हो । पोन पहिलो पुस्ताको भुइँफुट्टा झाँक्री हो । छार्काभोटका ती झाँक्रीको प्रभाव हिमाल वारी र हिमाल पारी दुवैतिर रहेको थियो । उनको सन्दर्भ पुरनचनको मिथकसँग जोडिन्छ । तिब्बती उच्चारणमा पोन (PON) लाई बोन (Bon) भनिन्छ । सम्भवतः बोन शब्दको प्रयोग यही क्रममा भई आएको हुनुपर्छ ।

बोन दर्शन या धार्मिक विश्वास ? भन्ने प्रश्न प्रायः उठाइन्छ । निश्चय नै मानवीय चिन्तन परम्परामा दर्शनको एउटा शाखा बनेर धार्मिक भावना-अदृश्य शक्ति प्रतिको विश्वास एवम् त्यसको आराधना-उपासना गर्ने कर्मकाण्ड, रही आएका छन् र त्यसलाई हामीले धर्मदर्शन नाम दिएका छौं । दर्शन समग्रता हो, धर्म दर्शन एउटा सानो अंश । अंश र पूर्णमा सम्बन्ध रहेर पनि पृथक अस्तित्त्व निर्माण भएको हुन्छ । बोन विश्वास पनि प्राकृतिक भौतिकवादी दृष्टिकोणका साथै धार्मिक धारणाको एउटा रूप बनेर आएको छ । बोन दर्शनमा प्रकृति पूजा त छ तर त्यो प्राकृत-स्वभाववाद तथा जीववादमा आधारित छ । हुत त बोन शब्दको सामान्य अर्थ धर्म हो भन्ने पनि छन् तर धर्म स्वयम् के हो ? भन्दा अनेक प्रकारका व्याख्या हाम्रा सामु आउँछ । गुण-स्वभावको प्राकृतिक पनलाई धर्म भन्ने पनि छन् र अगोचर शक्ति सत्ता स्वीकारेर गरिने त्यसको पूजा प्रार्थना आदिलाई धर्म भन्ने पनि छन् । बोन दर्शनको सन्दर्भमा पनि मत-भिन्नताहरू पाइन्छन् । वास्तवमा जिज्ञासा, अनुमान, तर्क र तथ्यद्वारा दर्शन अर्थात् तत्त्वबोधी दृष्टिकोण निर्माण हुन्छ । भावबोधी दृष्टिकोणले धर्मशास्त्र बनाउँछ भने तत्त्वबोधी दृष्टिकोणले कर्मशास्त्रका रूपमा विज्ञानलाई बढाउँछ । विज्ञानले सत्यको आधार वस्तुगत

---

* लेखक संस्थाको उपाध्यक्ष एवं प्राज्ञ हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
यथार्थलाई मान्दछ । यथार्थ र भावनाको कहिल्यै मेल हुँदैन । धर्म दर्शनले तर्कका सहारामा भावनालाई पुष्टि गर्ने प्रयास गर्छ र नसके पछि रहस्यको रहमा फाल हाल्छ । ईश्वर र मनुष्यलाई दुई प्रतिध्रुवमा राखेर दर्शनको ज्ञानात्मकतालाई आ-आफ्ना पक्षमा तानेर सन्देह निरूपण गर्न खोज्नु दर्शन र धर्मका निजी विशेषता हुन् ।

बोन दर्शनलाई अर्को शब्दमा **झाँक्रीवाद** भन्ने गरिएको छ । झाँक्रीवाद प्रकृतिपूजक धार्मिक विश्वासको रूपमा प्रचलित एक मत हो- जसले मानिस मृत्यु पछि पनि प्रेत बनेर अदृश्य रूपमा यसै धरतिमा रहन्छ र त्यो झाँक्रीको देहमा प्रवेश गरी बोल्छ भन्ने धारणा राख्दछ । यसलाई **प्रेतवाद** अर्थात् लोक विश्वासको रूपमा रहेको प्रेतात्मासम्बन्धी मत मानिन्छ । जसले आफ्ना पितृलाई ईष्ट आत्माको रूपमा हेर्दछ र उनलाई खुसी पारेमा सबै काम बन्दछ भन्ने धारणा राख्दछ । यो भूत, प्रेत, झाँक्री हुन्छ भन्ने तान्त्रिक विचार हो- जो मानव जातिको आदिम सोच थियो र प्रायः संसारका सबै संस्कृतिमा पाइन्छ (पृ. १०६, विष्णु प्रभात, वि.सं. २०७३) झाँक्रीवादलाई तिब्बतमा बोनवाद भनिन्छ, जुन लामायानी बौद्धधर्मका रूपमा रहेको छ । तिब्बतमा बोनधर्मको स्थान त्यसले नै लिन पुगेको छ (पृ.९ ए.जे. कावाकिता, वि.सं.२०४७) ।

'नेपाल हिमालयमा जन्मेको अर्को देशज धर्म झाँक्री धर्म हो । झाँक्री पुरोहित भएको यो धर्म एक किसिमको 'शामन धर्म' भए जस्तो लाग्दछ' भन्दै कावाकिता भन्दछन्- 'झाँक्री धर्ममा न कुनै देवता हुन्छन् न त कुनै पुजिने मूर्ति हुन्छ, न यसको कुनै जटिल धर्म विधि नै छ (पृ.८६ कावाकिता, पूर्ववत्) जी गोररको भनाइमा झाँक्री धर्म गुरुङ जातिका बीचबाट उत्पन्न भएको धर्म हो, औ सिक्किमका लेप्चाहरूको धर्म पनि नेपालबाट गएको झाँक्रीधर्मले नै प्रभावित भएको छ (पृ २१६, जी गोरर, हिमालयन भिलेज (इ.सं. १९३८) बाट उदृत, जे. कावाकिता पूर्ववत्) जिसेप तुच्चीका अनुसार भने - 'झाँक्री धर्म र बोन धर्म एउटै हुन् र बोनधर्म थकाली र भोटे (पोपा) हरूमा प्रचलित छ ।'

बोन दर्शनलाई **शामानिज्म** (Shamanism) भनिएको पाइन्छ । शामानिज्मले दैवी शक्तिको रूपमा प्रकृतिलाई लिन्छ । फादर कामिल बुल्केले यसलाई 'शामनी धर्म' भनेका छन् (पृ. ६१९, अङ्ग्रेजी हिन्दी कोश, सन् १९९४, दिल्ली : एस चन्द एन्ड कम्पनी) जसको तात्पर्य प्राकृतिक धर्म भन्ने हुन्छ । पाठकले शामन अर्थात् झाँक्रीलाई दैवी शक्ति प्रयोग गरेर रोग निको पार्ने या भविष्यको कुरा बताउने धार्मिक व्यक्ति भनेका छन् (पृ.१२२०, शङ्कर्राज पाठक, वि.सं. २०६३) । यसरी बोन, झाँक्री, शामनी जस्ता शब्दहरू समानार्थी प्रयोगमा आएको पाइन्छ । त्यसैले बोनवाद या बोन दर्शनको सन्दर्भ र सम्बन्ध झाँक्रीवादसम्म विस्तार भएको स्वीकार गर्नु स्वाभाविक हुन्छ ।

२. बोन धारणाको उत्पत्ति

प्राकृतिक शक्तिको प्रतीक अथवा मानस बिम्बको रूपमा वनदेवी अथवा झाँक्री (वनैया) नामक काल्पनिक पात्र ठड्याएर सम्पूर्ण जगत्को सृष्टि, पालन र संहारको नियम, विधि र उर्जा उनैसँग रहेको विश्वास गर्ने दृष्टिकोण झाँक्रीवाद हो । यसैलाई बोन दर्शनको रूपमा समेत हेरिन्छ । सम्पूर्ण जीव चराचरको उन्नति अधोगति वनदेवी (झाँक्री) ले नै गर्दछिन् या हेर्दछिन् भन्ने मान्यताले गर्दा वनको शक्ति स्विकार्ने बोनधारणाको उत्पत्ति भयो । वनैया अर्थात् झाँक्री

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारी रूपकि शक्ति हुन् र उनी जङ्गल र ओडारमा बस्छिन् भन्ने सोंचाइ हुर्कियो । वनदेवीका रूपमा उनले संसार चलाउँछिन् भनी कतिपयले उनलाई 'संसारी माई' भनेको पनि पाइन्छ । मातृशक्ति प्रतिको भक्तिका रूपमा उनलाई पैतृक हंस वा आत्मा मान्ने सोंच पैदा भयो । तन्त्र प्रधान समाजमा आमा-बूढीआमा सर्वेसर्वा थिइन् । उनले मरणोपरान्त पनि वायु रूपमा या प्रेतात्मा बनेर झाँक्री या लामा-धामीको देहमा प्रवेश गरी सत्यको जानकारी गराउँछिन् भन्ने मत बोनवादको छ । बोनवाद या झाँक्रीवाद समानार्थी भएर हाम्रो संस्कृति-दर्शनमा प्रयोग भएको छ । अङ्ग्रेजी भाषाको Shamanism मा रहेको Shama (सामा) र ism (इज्म) मध्ये अघिल्लो रुसी साइबेरियन भाषाबाट र पछिल्लो अङ्ग्रेजीबाट मिलाएर 'सामानिज्म' शब्द बनाएको कुरा डेबिड वाटर बताउँछन् (पृष्ठ १२३, वाटर डेविड, सन् १९७५) पश्चिम नेपालको रोल्पातिर भने झाँक्रीलाई 'रामा' (Rama) भनेको पाइन्छ । मध्य नेपालका मगरहरू झाँक्रीलाई 'ल्हामा' भन्दछन् (पृ. ३९, श्रीस मगर, वि.सं. २०६८) डोल्पातिर 'ल्हा' को अर्थ सहारा एवम् 'मा' भनेको देवीमाता भन्ने अर्थमा महामाता जसले सम्पूर्ण जगत्लाई सहारा दिन्छिन् र हामी सबैको कल्याण गर्दछिन् भन्ने धारणा रहेको पाइन्छ । नेपाली समाजमा प्रायः सबैतिर गुरौ, तान्त्रिक वैद्य, लामा, धामी, जान्नेमान्छे, बिजुवा, देउ, झाङ्री आदि नामबाट झाँक्री हल्लने व्यक्तिलाई जनाउने गरेको पाइन्छ र यिनले दुःख बिमार हटाउन फूकफाक गर्ने, जडीबूटी र जन्तर दिने तथा शुभाशुभ बताउने पनि गर्दछन् ।

झाँक्रीवाद अथवा बोनवादलाई देहात्मवाद, जीववाद र प्रकृतिवाद भनेर पनि उल्लेख गरिएको, चर्चा चलाइएको र व्याख्यान दिएको पाइन्छ । जडात्मवाद या देहात्मवाद (Animinism) को धारणाले प्रकृतिलाई सचेतन ठान्दछ र सबै जड पदार्थमा र जीव जगतमा अदृष्य आत्मा रहेको ठान्दछ । यही सोचका साधक धामी-झाँक्री (Shamans) हुन् । (पृ. ८४, चैतन्य सुब्बा, वि.सं. २०६८) प्रकृति, पितृ हंस र देहपूजक दृष्टिकोणमा झाँक्रीवाद खडा छ (पृ. १४१ प्रतिभा पुन, वि.सं. २०७१) हंस भनेको होस या चेतना हो, जसलाई आध्यात्मिक प्रत्ययवादीहरूले आत्मा-अन्तरआत्मा र परमआत्मा भन्दै आए । बोन्पाहरूले हंसलाई जीवनको सत्त्व माने । सत्त्व नै हंस हो, हंस उडेपछि सत्त्व जान्छ । सत्त्व जानु भनेको सातो जानु हो । सातो गएपछि मानिस विरामी पर्छ । उसलाई निको पार्न सातो अर्थात् सत्त्व बोलाउनु पर्दछ । सत्त्व बोलाउने कर्म तान्त्रिक हो र त्यसका रूपहरूमा भिन्नता पाइन्छ ।

तन्त्र परम्परा लिखित र मौखिक धारामा रहेका छन् । सामान्य चर्चा गर्दा लिखित तन्त्र परम्परामा सप्ततन्त्रको उल्लेख पाइन्छ : जसमा- शाक्य, शैव, सौर्य, गाणपत्य, बौद्ध, जैन र वैष्णव मुख्य छन् । यिनका सयौँ भेद- छन् तर अहिले हामी अलिखित परम्परामा रहेको बोनतन्त्र अथवा झाँक्री-तन्त्रका बारेमा विमर्श गर्दैछौँ । नेपाली समाजमा रहेका आर्येत्तर जातिका श्रुति परम्परा, जातीय संस्कार, उपचार पद्दति, पितृपूजा, जात्रा पर्व आदिमा अँगालिने मान्यता, विधि र विश्वासका बान्की केलाएर हेर्न सकेको खण्डमा नै बोन परम्पराको साङ्गोपाङ्ग अध्ययन गर्न सकिनेछ (पृ. १३, लामिछाने, वि.सं. २०६३) ।

बोन या झाँक्री धर्मको प्रवर्तक भनी कसैको नाम प्रामाणिक ढङ्गले पाइँदैन । तर पनि सेतो बोन पक्षधरहरूले बोन्पा शेराबको नाम लिन्छन् । उनी प्राचीन शेरिब राज्यका धर्म गुरू थिए । बोनधर्म ग्रन्थको रूपमा भने 'घोसेन' र 'बोनताछुं' नामक रचनाको उल्लेख पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि तिनको उपलब्धता भने तिब्बती भाषामा मात्रै रहेको बताइन्छ (पृ. १३०, क्षेत्री, वि.सं. २०४४) । बोन ग्रन्थमा प्रकृतिका विरुद्ध काम गर्ने- तिब्बतीलाई 'राक्षस' भनिएको पनि पाइन्छ । प्रारम्भमा बोन दर्शनलाई पोन भनिन्थ्यो भन्ने कुरा विषय प्रवेशमा परेको त छ तर पोनहरू के थिए ? पोनहरू प्रकृति पूजक थिए । उनीहरू छार्काभोटबाट रुकुम, रोल्पा, मुस्ताङ मनाङ, म्याग्दी र बाग्लुङतिर छरिएका थिए । केहीले हालको तिब्बततिर पनि आफ्ना सन्देशहरू फैलाउँदै गए । श्रङ चङ गम्पोसँग भृकुटीको विवाह भएर उनी तिब्बत जाँदा पनि केही झाँक्रीहरू सँगै गएको र तिनीहरू सम्भवतः तिब्बतबाट मङ्गोलिया र रूससम्म पुगे भन्ने कुरा विद्वान् मदनमणि दीक्षितले पनि उल्लेख गर्नुभएको छ । (ग्रेगेरी गाब्रियल मस्कारिनेक, रात्रिका निर्देश, (२०६९), मदनमणि दीक्षितको भूमिका, काठमाडौं : अक्सफोर्ड प्रकाशन) तिब्बतीहरूले 'पोन' लाई नै 'बोन' उच्चारण गरी व्याख्या गर्न थाले । तिब्बतमा छैठौं र सातौं शदीको पूर्वार्द्धसम्म प्रकृति पूजक बोन दर्शनको बोलबाला नै रह्यो । उत्तरार्धतिर भृकुटीको तिब्बत प्रवेश र आठौं शदीसँगै पद्मसम्भवको आक्रामक व्यवहारले बोनदर्शनलाई किनारतिर धकेल्दै लामायानी बौद्धतन्त्रले प्रभुत्व जमायो । त्यस क्रममा केही तिब्बती बोन्पाहरू नेपाल भित्रिए । विशेषगरी मुस्ताङ हुँदै उनीहरू मध्य पहाडी बस्तितिर समेत आफ्ना विचार फैलाउन थाले । फलस्वरूप तान्त्रिक बोन दर्शनले धार्मिक भावनालाई समेत अँगाल्दै प्रकृति पूजालाई अज्ञात शक्तितर्फ विस्तार गऱ्यो । तिब्बततिर भने बोन शेराबपछि शेराब मिबोले बोन धर्म दर्शनलाई समृद्ध पारे । उनी श्रङ चङ गम्पो कालका धर्मगुरु थिए । लामायानी बौद्धधर्मको प्रभावस्वरूप बोनवाद सेतो र कालो अर्थात् 'असल' र 'खराब' धारामा बाँडियो । सेतो बोनलाई 'आस्तिक' र कालोलाई 'नास्तिक' मानियो । यिनलाई भोकर एवम् भोनाक पनि भनिन्छ, जसको अर्थ पशु बलि दिन नपर्ने र पशु बलि दिनुपर्ने सम्प्रदाय भन्ने हुन्छ । कालो बोन भनिएकाहरू मूर्तिपूजा विरोधी थिए र झाँक्री धर्मका परिपालक यही धारालाई मानिन्छ । यिनीहरू मुख्य गरी पितृपूजक छन् । यस धारका बोन्पाहरूले मूर्तिपूजा गर्दैनन् । सेता बोन लामा धर्मसँग निकटस्थ भएर अघि बढे ।

३. बोन दर्शनको तत्त्व मीमांसा

बोन्पाहरू प्रकृतिलाई मुख्य एवम् सर्वेसर्वा तत्त्व मान्दथे । प्रकृतिमा पृथ्वी, जल, वायु र अग्नि आदि तत्त्व छन् । प्राकृतिक नियम सबैका लागि समान छ । प्राणी वनस्पति समान छन् । तिनीहरू समान ढङ्गले प्रजनक छन् - जन्मन्छन् हुर्कन्छन्, बाँच्छन्, मर्छन् । एकले अर्कालाई दुःख कष्ट दिनु प्रकृति विरोधी कार्य हो । जगत्को सृष्टि जलबाट भयो र संसारीमाइले 'ल्हु' बाट मानव सृष्टि गरिन् । 'ल्हु' भनेको वनझाँक्री हुन् आदिम देवी हुन् र महामाता हुन् । सम्पूर्ण पदार्थ, जीवन र मनकी रक्षक उनै हुन् । 'ल्हु' को दायाँ आँखा चन्द्रमा, बायाँ आँखा सूर्य हुन् । यिनैले सम्पूर्ण ग्रह रासी थामेकी छन् । बोन मिथक अनुसार संसार तीन शक्तिमा अडिएको छ- ज्ञान, वस्तु र व्यवस्था । ज्ञान हेर्ने - सेङ्ल्हा ओदकर, वस्तु हेर्ने साङपो बुम्खी र व्यवस्था हेर्ने धर्मगुरु मानिन्छन् । तर ती सबै 'ल्हु' को अधिनमा छन् । प्रकृति बोन्पाको दृष्टिमा तीन भुवनमा बाँडिएको छ - आकाश, पृथ्वी र पाताल । यी तीनवटै भुवन लौकिक छन्, प्राकृतिक छन् र आ-आफ्ना स्वभावमा नियमित छन् । यी तीन भूवन जोड्ने वृक्ष-वनस्पति, जलवायु र अग्नि तत्त्व हुन् । यही तत्त्वले मनुष्यलाई चाहेका कुराहरू दिन्छ । त्यसैले वनको बिम्ब कल्पवृक्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाइयो । कल्पवृक्ष तीन वटै भूवनको साझा सम्पदा हो । यसलाई पछि हिन्दू सनातनीहरूले समेत स्वीकार गरे । वनदेवी या झाँक्री ठूलाठूला रुखमा बस्दछिन् र वायु रूपमा घुम्छिन् । उनले धरतीलाई उज्यालो पार्छिन् । उनका दुई आँखा नियमित छन् र तेस्रो आँखा अनियमित तत्त्व बनेर रहेको छ । नेपालकी कुमारी पनि तीन आँखा भएकी देवी हुन् । त्यसो त तीन आँखे देवता ठोबो र हजार आँखे तान्त्रिक देवता कुन्साङ घ्यावा घ्याम्चा पनि चर्चित छन् । शैवमार्गीहरू शीवलाई त्रिनेत्र भएका देवता मान्दछन् र भैरव तथा महाकाल पनि त्रिनेत्र युक्त तान्त्रिक देवता हुन् ।

प्रकृतिको तात्पर्य आदिपदार्थ रह्यो जुन पूर्णतः भौतिक छ । शाङ्ख्य दर्शनले प्रकृतिसँगै पुरुषको कुरा गर्दछ तर बोन दर्शनले त्यसो गर्दैन । पदार्थ र चेतनाको सम्बन्धमा बोन दर्शन तन्त्रसँग मिल्दो जुल्दो छ । तन्त्रवादले नारी सिद्धान्त या प्रकृतिलाई मूल सत्य तत्त्व मान्दछ र विश्व उत्पत्तिको कारण मान्दछ (पृ. १८३ चट्टोपध्याय, ई. १९८२) । प्रकृतिका दुई मुख्य तत्त्व यिन (स्त्री) याङ (पुरुष) मिलेर सृष्टि अघि बढ्छ भन्ने धारणा ताओवादमा पनि पाइन्छ । त्यसले यिन तत्त्व प्रधान हुने दृष्टिकोण राख्दथ्यो, जुन तन्त्रवादसँग मिल्दथ्यो । तर पछि कन्फ्युसियसले भने पुरुष प्रधानतालाई जोड दिए । हामी कहाँ प्रचलित शाङ्ख्य दर्शनले प्रकृतिसम्बन्धी सोच पनि तन्त्रवादबाट लिएको हो । किनकी शाङ्ख्य भन्दा तन्त्रवादी चिन्तन पुरानो हो (पृ. ३१७, चट्टोपाध्याय, पूर्ववत्) । बोन दर्शन पनि तन्त्रवादी रहेको हुँदा मातृशक्तिलाई महत्त्व दिँदै आयो । यहाँ सम्मकी ऋग्वेदमा देखिने देवीहरू, सरस्वती, उषा, अदिती, ईला आदि पनि मातृत्वबाहक देखा पर्दछन् । काली, चण्डी, उमा, विजया तान्त्रिक लडाकू देखा पर्दछन् । भौतिक जगत्लाई प्राथमिकतामा राख्ने सोच बोन दर्शनमा जुन रही आयो त्यसलाई लोकायत मान्दै (लोकेषु आयत :) तन्त्रवादले अँगाल्यो र तन्त्रवाद बुद्धकालमा समेत प्रभावशाली रह्यो । गीताले उल्लेख गरेको 'आसुरी मत' यही लोकायतिक तन्त्रवाद थियो । जसले बोनवादका अनेक विचारलाई आफूमा समाहित गरेको थियो । यद्यपि तन्त्रवाद पछि गएर विभिन्न धार्मिक सम्प्रदाय अनुकूल विखण्डित भयो । प्रारम्भमा भने त्यो प्राकृतिक भौतिकवादी नै थियो ।

प्राकृतिक भौतिकवाद, तन्त्रवाद र साङ्ख्य दर्शन श्रृङ्खलाबद्ध विकासका क्रममा हुर्केका चिन्तन हुन् । आद्य भौतिकवाद पशुपालक पितृप्रधानताको अङ्ग भएर पनि प्राकृतिक भौतिकवादी हुन सकेन । किनकी प्राकृतिक भौतिकवाद मातृप्रधान जीवन पद्धतिको उपज थियो । मातृत्व प्रधान समाजले महामाताको धारणालाई जोगायो जुन बोन दर्शनको देन थियो । त्यही सोचमा पछि आमालाई देवीको रूपमा हेर्ने धारणा धेरै जातिमा फैलियो । नेपाली समाजमा मात्रा घटीबढी भए पनि शाक्त, शैव, हिन्दु, बौद्ध, जैन, सिख, इस्लाम, ईसाइ आदि सम्प्रदायमा बोन तन्त्रको प्रभाव प्रस्टै देख्न सकिन्छ (पृ. १००, विष्णु प्रभात, वि.सं. २०६८) । त्यसैकारण पछिल्लो समय ब्रह्मवादी वेदान्ती दर्शनका प्रचारकहरूले प्रकृतिवादमाथि नै प्रहार गरे । याज्ञवल्क्य, शङ्कर, निम्बार्क, आदिले जगत अर्थात् प्रकृतिलाई झूटो भने र उनीहरूको मुख्य सूत्र नै 'ब्रह्म सत्यं जगत मिथ्या' थियो । ईश्वरीय लीलावश जगत् चलेको कथा भन्दै उनीहरूले दुनियाँलाई भ्रान्तिमा भुलाए । अनिश्वरवादी कपिललाई ईश्वरकै अवतार बताए । जवकी कपिल प्राकृतिक भौतिकवादी तान्त्रिक ऋषि थिए । उनले आफ्नी आमा देवहुतिद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
प्रवर्तित विचारलाई समृद्ध पार्दै शाङ्ख्य दर्शनको रूपमा व्यापक बनाएका थिए ।

४. बोन दर्शनको ज्ञान मीमांसा

बोध अर्थात् ज्ञान बोध्यवस्तुमा आधारित हुन्छ, त्यसैले हाम्रो चेतना प्रकृतिको सहज अनुभव हो भन्दै "ज्ञान-ज्ञेय स्वभावश्च नियमात् सह वेद्यते : !" भन्ने धारणा प्रकृतिवादी ज्ञानशास्त्रमा छ । वास्तविक सत्य प्रमाण हुन्छ र त्यसले स्थापित सत्यको समेत विकल्प खोज्छ । यही क्रममा आभास र यथार्थको विभेद छर्लङ्ग हुन्छ । 'शरीरे भावादिति' अर्थात् 'जहाँ शरीर त्यहाँ चेतना' भन्ने तार्किक कथनले ज्ञानलाई देहसँग जोड्दछ । देहात्मवादी दृष्टिकोणको रूपमा पदार्थ र चेतनाको सम्बन्ध अविभाज्य रहेको सत्यलाई बोन दर्शनको ज्ञान शास्त्रले अघि सार्दछ । संसारको अस्तित्त्व आत्मामा हैन आत्माको अस्तित्त्व संसारमा छ भन्दै वायु रूपी आत्मालाई भौतिक पदार्थको एउटा रूप मान्दछ । प्राकृतिक भौतिकवादी दृष्टिकोणको प्रभाव ऋग्वेदका ऋचाहरूमा पनि देखिन्छन् । महर्षि आत्रेयले चरक संहितामा पदार्थ विज्ञानको जुन चर्चा गरेका छन् त्यसमा उनले संसारका नौ पदार्थमा आत्मा, मन, काल र दिशालाई पनि सामेल गरेका छन् । उनका अनुसार यी सबै प्राकृतिक द्रव्य (पदार्थ) हुन् र व्यवहारिक जीवनका कर्मसँग जोडिने सबै विचारहरू भौतिक जगत्का उपज हुन् (पृ.८ र १०, महर्षी आत्रेय, चरक संहिता, अनुवादक : देवराज पौडेल, वि.सं. २०४२) 'जहाँ शरीर त्यहाँ चेतना' भन्ने तर्क पद्धतिलाई हामी पुरानो तर्कशास्त्र - न्यायको 'जहाँ आगो त्यहाँ धुवाँ' सँग तुलना गर्न सक्दछौं । प्रारम्भिक बोन दर्शनको ज्ञान शास्त्रीय हेराइलाई लोकायतिकहरूले अँगाले । शरीर विनाको प्राण, प्रयत्न र प्रज्ञा सम्भव छैन भन्ने बोनदर्शनको ज्ञानशास्त्रीय हेराई धेरै अर्थमा निकै महत्त्वपूर्ण छ । किनभने प्रज्ञाको परिधिमा चेतना, करुणा, सम्झना र वासनाका कुरा पनि पर्दछन् र ती सबै मानिसका स्वाभाविक एवम् प्राकृतिक गुणहरू नै हुन् । भौतिक जगत्कै विशिष्ट आधारमा ती खडा हुन्छन् । त्यसैले चेतनशीलता शरीरी ज्ञान हो भन्ने दृष्टिकोण बोन परम्पराको ज्ञान शास्त्रीय अवधारणामा विशेष महत्त्वको मानिन्छ । ब्रह्म, आत्मबोध र चेतना जे भने पनि त्यसलाई देह या प्रकृतिबाट अलग्याउन सकिँदैन भन्ने विचार देहात्मवादी विचार नै हो । "ब्रह्माण्डे ये गुणा : सन्ति ते तिष्ठन्ति कलेवरे !" अर्थात् ब्रह्माण्डमा जे जति भौतिक बौद्धिक गुणहरू छन् ती सबै मानव शरीरमा रहन्छन् भन्ने कुरा देहात्मवादी या जडात्मवादी कथन नै मानिन्छ । प्रकृतिको अनुभव, रोगको उपचार र जीवनको भविष्यवाणीलाई बोन-ज्ञानशास्त्रका तीन पक्ष मानिन्छ । यिनलाई अघि बढाउँदा तन्त्र साधना, सामाजिक संस्कार र चित्त नियन्त्रण गर्न एकाग्रता पैदा गर्ने ध्यान र योग अँगालिन्छ । परलोकको धारणा अशुद्ध ज्ञानको उपज भएकाले त्यसलाई जगत्को अर्थात् प्रकृतिको शुद्धता बोध गराएर हटाउनुपर्दछ भन्ने मान्यता बोन ज्ञानको दिक्दर्शन हो । त्यसै गरी बोन परम्परामा ज्ञान प्राप्तिका विधि पनि तीनवटै रहेका छन् - भुइँफुट्टा, गुरु ज्ञान र पितृ ज्ञान । पहिलो वनझाँक्रीले छोपेर दिने ज्ञान हो, दोस्रो लामा गुरुहरूबाट दीक्षित भएर पाइने ज्ञान हो र तेस्रो आफ्नै कुलवंशका पितापुर्खाबाट सिकेको ज्ञान हो । यी तीन तरिका मध्ये भुइँफुट्टा झाँक्रीलाई विशेष महत्त्व दिइन्छ ।

बोन दर्शनको ज्ञान परम्परामा चार आधारभूत सद्गुण अर्थात् परोपकार, सदाचार, मर्यादा र ज्ञानका अतिरिक्त सप्तसंवेगलाई द्वितीय स्रोत मानिन्छ । जीवन र जीवको अनुभव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र अनुभूतिका रूपमा संसारीमाईले प्रकृतिबाट स्वतः उत्पन्न चार आधारभूत सद्गुण र सप्तसंवेग सृष्टि गरिन् । वीरभाँक्रीले ती कुराहरू लामालाई सिकाइन् र लामाले दुनियाँलाई बताए-बुझाए । सप्तसंवेगमा आनन्द, इच्छा, प्रेम, घृणा, खुसी, दुःख र रीस रहेका छन् । यी सबै प्राकृतिक स्वभाव हुन् र देहाश्रित छन् । जीवहरूको गुण धर्म बनेर यी व्यक्त हुन्छन् । त्यसैले यी स्वभावमा पशु र मनुष्य उस्तै उस्तै हुन पुग्दछन् ।

भाँक्रीका मन्त्रहरू स्वयम् भौतिक जगत्का ज्ञान हुन् । तार्किकता अन्तःप्रज्ञाको उपज होइन, त्यो त जीवनका अनन्त अनुभवबाट उब्जने जिज्ञासाको समाधानका लागि खोजिने विकल्पहरू हुन् । तिनीहरू आफ्नो समयका ज्ञान, तर्क र साधन प्रयोग गर्दै मानिसलाई प्रभावमा राख्ने सूत्र बनेका छन् । भाँक्री मन्त्रहरूमा नाथ सम्प्रदायको प्रशस्त प्रभाव छ । त्यसले के देखाउँछ भने मानव ज्ञानको पारस्परिक अन्तरनिर्भरता । यद्यपि नाथ सम्प्रदायको तान्त्रिक सोच बोन या भाँक्रीतन्त्रभन्दा पछाडिको हो । जाजरकोटतिर प्रचलित भाँक्री मन्त्रमा त झन् महादेव, राम-लक्ष्मण, कालीगङ्गा, सिञ्जापति राजा, वायु, पितृ, धरती, आकाश, ब्रह्माण्डकै आख्यान-व्याख्यान समावेश गरिएको पाइन्छ । ज्ञानको क्षेत्रमा भाँक्रीले आफूलाई सर्वज्ञाता देखाउनका निम्ति ती ओखा (मिथक) बतुर्छन् स्याउला पतुर्छन् र हराएका हंसको खोजी गर्दै आफ्ना भक्तको उद्धार गर्दछन् । उनीहरूको ज्ञान समयको प्रवाहमा बदलिएर, स्थान विशेषमा मिसिएर, भूत प्रेत बोक्सीका कथामा रूमल्लिएर ज्यादै अनौठो बन्न पुग्छ । जसरी भाँक्री हल्लनेले विचित्र तालमा आफ्नो कथन, बथन र पहिरन प्रस्तुत गर्दछ । झन्डै त्यस्तै अनौठो अपत्यारिलो र अति विश्वासको भाँक्रीगाथा नेपाली ज्ञान परम्परामा अझै नाचिरहेको छ ।

५. बोन दर्शनको आचारशास्त्र

पितृसम्मानलाई आफ्नो आचार शास्त्रीय मीयो बनाउने भाँक्रीवादले महामाताको धारणामा देउती बज्यै र उनका सेवक मष्टोलाई कल्याणकारी शक्ति मान्दछ । मष्टो शिवको प्राचीन रूप मानिन्छ र ऊ पनि उपचारक, भविष्य द्रष्टा र लौकिक हुन्छ । प्राचीन मोनहरू अर्थात् खस, ब्राह्मण र क्षत्रीहरू मष्टोपूजक रहिआएका छन् । मष्टो पूजामा पृथ्वीलाई स्त्री मानेर आकाश तत्त्व स्वरूप लिङ्गो गाड्ने र त्यसलाई पुरुष बिम्ब मान्ने धारणा रहेको हुँदा त्यो स्वत : प्रकृतिवादी देखा पर्दछ । मष्टो पूजा भाँक्रीले नै गर्दछन् र त्यसमा रहेको आकासलाई बाबु र पृथिवीलाई आमा मान्ने सोंचसँग बोन दर्शनको संस्कार जोडिन्छ । प्राचीन लोकचिन्तन बनेर रहेको बोन दर्शनले प्रकृतिलाई आद्यपदार्थ मान्दछ । यही धारणा पछि साङ्ख्यले अँगाल्यो । बाली सप्रोस् भनेर गरिने पूजा, रोगव्याधी नलागोस् भनेर गरिने पूजा र पितृ खुसी पार्न गरिने पूजालाई सिमेभूमेपूजा, क्षमापूजा र वायु पूजा भनिन्छ । यी पूजाहरू प्रायः पूर्णिमा अथवा पञ्चमीमा गरिन्छन् । पूजा गर्दा होस् या जोखना हेर्दा बोन आचार विधिको एउटा मुख्य औजार थुर्मी हुन्छ । थुर्मीलाई फुर्वा भनेको पनि पाइन्छ । त्यसमा गाड्नेपट्टि केही तिखो र टुप्पापट्टि त्रिशुलको जस्तै तीन चुच्चा अथवा एउटै टुप्पालाई मठारेर त्रिकोण कोरिएको हुन्छ । त्रिकोण योनी बिम्ब मानिन्छ । केही तल गोलाकार खण्ड-ग्याडममा धागो र रङ्गी बिरङ्गी कपडाका धजाहरू बाँधिएका हुन्छन् । बोन्बोले साधना गर्दा थुर्मी गाडेर देउती बोलाउने गर्दछन् । लामायानीहरू थुर्मी गाड्दैनन् । उनीहरू तोर्मा या थोर्मा बनाएर आसन दिन्छन् । तोर्मा उवा, चामल वा गहुँको पिठो मुछेर बनाइन्छ र रातो रङ्गले सिँगारिन्छ । भाँक्रीहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिरन प्रायः उस्तै हुन्छ, केही ठाउँगाउँको भिन्नता बाहेक उनीहरूले स्वस्थ या रिठ्ठाको माला लगाउँछन् र कोही कोहीले कम्मरमा घुँघुरा या घण्टी बाँध्दछन् जो झाँकी आउँदा स्वतः बज्ने गर्दछ। टाउकामा फेटासँगै या विशेष खाले टोपीमा मयुरका प्वाँख, चराका रङ्गीन पखेटा, दुम्सीका काँडा, बाघ या बँदेलका दाह्रा र निधारमा सिन्दूर लगाएको देखिन्छ। खानपिनमा उनीहरू शाकाहारी हुन्छन् र गृहस्थीलेझैँ विवाह गर्दैनन्। गृहस्थ बोन्पाहरूले भने विहे गर्छन्। उनीहरूका सन्तानहरूमध्ये माइलो छोरा गुम्बामा चढाएर लामा बनाउने र माइली छोरी झुमा या आनी बन्न पठाउने चलन छ।

बोन आचार शास्त्रमा ढ्याङ्ग्रो-गजो, थुर्मी र भुर्मीलाई झाँक्रीका साधन मानिन्छ। भुर्मी भनेको लामा बसाल्दा उसँग कुरा सोध्ने मानिस हो, उसैलाई साक्षी राखेर झाँक्रीले थुर्मी गाड्ने, गजोले ढ्याङ्ग्रो ठटाई 'देउ' उतार्ने, बतुर्ने-पतुर्ने र जोखना केलाउने गर्दछ। यी सबै कर्मकाण्डहरू आचार विधिका रूपमा रहेका छन् तर तान्त्रिक छन्। झाँक्री बसाल्ने काम पहिले पहिले प्रायः रातमा गरिन्थ्यो तर आजभोलि बार, तिथि हेरी दिनमै समेत गरिन्छ। तान्त्रिक पूजा योनि र लिङ्गमा समेत गर्ने परम्परा गुहेश्वरी-पशुपति, कामाक्षा-भैरवजस्ता हिन्दु-शैव सनातनी देवी देवताको पूजामा पनि देखिन्छ। मगर जातिको ज्ञानकी देवी मानिएकी आलम देवीको पूजा एउटा रुखको फेदमा रहेको प्वालमा गरिन्छ। त्यो स्वयम् तान्त्रिक भावमा रहेको छ। तान्त्रिक भाव प्राकृतिक स्वभावको उदात्तीकरण मात्र हो। त्यसो त प्राचीन समयमा नरनारीको साझा यौन उत्सव नै आयोजना गरिन्थ्यो। जसलाई दक्षिण एसियामा **'शनी महोत्सव'** भनिन्थ्यो र उत्तर एसियामा **'छि महोत्सव'** भनी आयोजना गरिन्थ्यो। यी दुवै तान्त्रिक उत्सवमा मनपरेका युवा-युवतीबीच स्वच्छन्द सामूहिक सम्भोग हुने गर्दथ्यो। वास्तवमा ध्यान र योगको धारणा एवम् साधना पद्धति बोन दर्शनको विषय थियो। मण्डला, मुद्रा र मङ्गल चिन्ह बोन विश्वासका बिम्बहरू थिए। तिनीहरू निकै पहिलेदेखि प्रचलनमा थिए। पछि पद्मसम्भवले बढाएको लामायानले त्यसलाई अँगालेको थियो। **'ओम् मणि पद्मे हुम्'** जप्नुअघि बोन परम्पराको सूत्र- **'ओम् मन्त्रीमय शाले दुम्'** जपिन्थ्यो र मानेमा पनि त्यही लेखिन्थ्यो। बोन परम्पराबाट प्रभावित भएर नै पद्मसम्भवले **'ओम् मणिपद्मे हुम्!'** भन्ने मन्त्रसूत्र फैलाएका थिए। तिब्बतमा सातौँ शदीको उत्तरार्धपछि बोन विश्वासको विनाश हुँदै गएको भए पनि नेपालमा अहिलेसम्म नै कायम छ। खासगरी डोल्पा-मुस्ताङ क्षेत्र आज पनि बोन दर्शनको मुख्य भूमि रहेको छ।

बोन धर्ममा पहिले-पहिले पशुबलिका अतिरिक्त नरबलि समेत दिने चलन थियो। सो काम लामायानी बौद्धप्रभावमा निषेध गरियो। रोगीको उपचार र सिमेभूमे पूजाको अधिकार झाँक्रीलाई तथा मृतकलाई मोक्ष दिने काम लामालाई भनी पद्मसम्भवले थिति बसालेको बताइन्छ (रवीन्द्र तामाङ, तामाङ चाडपर्व र पूजाहरू, वि.सं. २०५६, काठमाडौँ : तामाङ समाज अनुसन्धान तथा विकास केन्द्र, पृ. ९१) बोन धर्ममा पशुबलि दिने चलन छ तर लामा धर्ममा भने त्यसलाई निषेध गरिन्छ (पृ. २०७, जे. कावाकिता, नेपाल हिमालयका जनजातिहरू, वि.सं.२०४०, च्वसापासा, काठमाडौँ)। अन्ततः रिम्पोछे पद्मसम्मभवले तन्त्रवादी परम्पराको बोनधर्मलाई सुधारेर बौद्ध तान्त्रिक लामायान स्थापित गरे (पृ. ११६, नारायणप्रसाद क्षेत्री, मुस्ताङ दिग्दर्शन, वि.सं. २०४४ काठमाडौँ : साझा प्रकाशन)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोन आचारशास्त्रले पशुपन्छी बलिदिने- बध गर्ने, पुरानो चलन त्यागेको बताए पनि सेतो बोन धाराले मात्र त्यसो गरेको पाइन्छ। लामालाई माछामासु, जाँड, रक्सी, लसुन, प्याज नखानू, स्वास्नी मान्छेको संसर्ग-सङ्गत नगर्नु, चुक्ली नलगाउनु, नढाँट्नु, नचोर्नु, सानालाई नहेप्नु ठूलादेखि नडराउनु र सबैको कल्याण गर्नु भन्दै संसारकै हित सोच्नू भन्ने उपदेश दिँदै सोही बमोजिम आचरण गर्ने कुरा बोन आचारशस्त्रीय धारणा हुन्। जसलाई पछि बौद्ध लामाहरूले समेत अङ्गीकार गरेको देखिन्छ। कालो बोन परम्पराको आचरणमा भने लुलु गाईको दूध नखाने, बोक्साबोक्सी, मसान र भूतप्रेतलाई तान्त्रिक उपायहरूद्वारा नियन्त्रण गरेर समाजलाई सुरक्षित राख्ने, खेतीपाती गर्ने चलन छ। यस धाराका केही लामाले एकातर्फ मात्र छाला मोडिएको ढ्याङ्ग्रो प्रयोग गर्दछन्। जाँड रक्सी र मासु पनि पितृ र देवी दुवैलाई चढाउँछन्। आफू पनि खान्छन्। तिब्बतमा पद्मसम्भवले सांस्कृतिक प्रभुत्व हात पारेपछि बोनमार्गी माथि व्यापक दमन भयो। उनीहरूका धार्मिक ग्रन्थहरू खोजी खोजी जलाइयो। कैयौँलाई मारियो र देश निकाला गरियो। ढ्याङ्ग्रोमा समेत दुवैतिर छाला मोड्न नपाउने नियम बनाइयो र 'कमसल बोन', 'आधा ढयाङ्ग्रे' भन्दै निन्दा गरियो। त्यसपछि तिब्बतबाट आएको बोन्पाको एकतर्फी ढयाङ्ग्रो हुन्छ र त्यस अघिका बोन मार्गीको ढयाङ्ग्रो दुवैतर्फ छाला मोडिएको हुन्छ। नेपाली बोन परम्परामा दुवै किसिमका ढ्याङ्ग्रा प्रचलित छन्। सेतो बोनलाई अहिंसावादी - सदाचारी भन्दै बौद्ध लामा-यानीले आफू जस्तै मान्दछन् भने कालो बोनलाई हिंसावादी भनी 'खराब' बताउँछन्। प्रकृति पूजाको रीतलाई नेपाली बोनमार्गीहरूले आफ्नो पैत्रिक थलोका रूपमा, पितृ बस्ने पर्वत ठानेर या मानेर पहाडका चुलीको पूजा-अर्चना गर्ने गरी आएका छन्। लिम्बूहरू कुम्भकर्ण हिमाल पुज्छन् र नेवारहरू अन्नपूर्ण पुज्छन्। थारुहरू देवचुली-बड्चुली पुज्छन् र मगरहरू धौलागिरी पुज्दछन्। तामाङहरू गौरीशङ्कर हिमाल पुज्छन् र थकालीहरू नीलगिरि पुज्छन्। खसहरू भने कैलाश पुज्छन्। यस अतिरिक्त राईहरू हलेसी गुफा पुज्छन्, शेर्पाहरू गोसाईकुण्ड (ताल) पुज्छन्। सूर्य पुज्ने चलन सबैतिर पाइन्छ। प्रकृतिपूजाकै आचारविधिमा नदी पुज्ने, वृक्ष पुज्ने र जनावर पुज्नेसम्मका कर्मकाण्डहरू बोन परम्पराको प्रभावबाट पैदा भए। बोन धर्मको तीर्थस्थल मानिएको घ्याङ्री मोर्छे हिमाललाई लामायानीहरूले आफनो तीर्थ बनाउँदा ठूलै द्वन्द्व भएको कुरा प्राचीन आख्यानमा पाइन्छ।

६. बोनवादको धर्मदर्शन

संस्कृतिको एउटा मुख्य तत्त्व दर्शन हो भने त्यसको एउटा हाँगो धर्म बन्न पुगेको छ। त्यसैले धार्मिक दृष्टिकोण र पद्धतिलाई धर्म दर्शन भन्ने गरिएको हो। धर्म प्राकृतिक स्वभाव पनि हो, सामाजिक संस्कारको साझा भावना पनि हो। लौकिक-अलौकिक विश्वास र भावनामा अडिएका धारणा बनेर रहेको धर्ममा अरु कुराहरूका अतिरिक्त मानव कल्याणलाई महत्त्व दिने परोपकारी सोच पनि रहेको हुन्छ। त्यही नै धर्म दर्शनको एउटा महत्त्वपूर्ण साझा चरित्र पनि हो। दुःखीप्रति दया र करुणाको कुरा, दान परोपकारको कुरा र समाजकल्याणको कुरा सबै धर्मले गरे जस्तै बोन धर्मदर्शनमा पनि यो रहेको छ। अरु धार्मिक धारणामा जस्तै कतिपय विसङ्गति बोन धर्ममा पनि रही आएका पाइन्छन्। बोन विश्वास अनुसार मन, वचन र बुद्धिविवेक लगाएर बोनदेवताको पूजा गरेमा रोग लाग्दैन, दुःख भाग्छ र शान्ति एवम् आनन्द प्राप्त हुन्छ। बोन धर्म छार्का भोट (डोल्पा) बाट फैलिएको सङ्केत गर्दै त्यहाँ त्यो जीवन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
रहेको कुरा जापानी भिक्षु कावागुचीले पनि उल्लेख गरेको पाईन्छ ।

बोन धर्म दर्शनको मुख्य पात्र झाँक्री हो । झाँक्री तीन प्रकारका हुन्छन्- साङ्रीता, नारु र मिछेन । पहिलो तराई मधेसतिर डुल्ने सभ्य झाँक्री हो । दोस्रो भोटतिर डुल्ने वनझाँक्री हो । तेस्रो पहाडमा रमाउने तान्त्रिक झाँक्री हो । यिनै तीन झाँक्रीका मिथकमा बोन धर्मको तीन प्रकार रहेको पाइन्छ । सन्तवीर लामाको व्याख्या भन्दा अलग खोजराज गोलेले नौ प्रकारका बोनको चर्चा गर्दछन् । उनका अनुसार- बुनसुर, म्हुनसुर, ल्हा, पे, ह्राडसिङ, ह्री, चावाई ह्यूल र लोप्सार नामका नौ प्रकारका बोन अर्थात् झाँक्रीहरू छन् (पृ. ७९, अमृत योञ्जन, तामाङ संस्कृति कोश, वि.सं. २०६९) । यसरी दुवैको जोड्दा १२ प्रंकारका झाँक्री (बोन) देखा पर्न पुगे । परन्तु यी धारणा अनुरूपका बोन्पाहरू खोजकै विषय बनेको छ । केही लामाहरूले भने बाह्र राशी र बाह्र महिनाको भोग बाह्रैवटा झाँक्रीले गर्छन् भन्ने धारणा राखेको पनि पाइन्छ । परन्तु यो सोचलाई अन्य लामाहरू या बोनधर्म ग्रन्थले पुष्टि गरेको जानकारी मैले पाएको छैन । केही स्वदेशी तथा विदेशी लेखकले बोनधर्म दर्शन या झाँक्रीवादको जन्मथलो रुकुमको हुकामकोटको योमा खार्पु र पेमा खार्पु ओडार बताउँछन् । उनीहरूका अनुसार त्यहाँबाट पुरनचन नामका एक पुरुष शिकारी पैदा भए । उनले गुप्त ढङ्गले अनेक कर्म गर्दै जाँदा उनलाई 'पोन' भनियो । पोनका सन्तान पुन भन्ने गरिन्छ । पुन मगरजातिको एउटा थर हो (वाटर डेविट ई. पूर्ववत् तथा बमकुमारी बूढाको कथन) पुनको पुख्र्यौंली हंस राजासँग जोडिन्छ र हंस राजा थकालीका पनि पुर्खा मान्छिन् । कारवाकेलीको कथामा पनि यो प्रसङ्ग पाइन्छ (पृ. १६, दलबहादुर पुन, कारबाकेली, २०६७, काठमाडौं : कारवाकेली अनुसन्धान समिति) वास्तवमा बोन दर्शन अनुसार हंस राजा भनेको वायु रूपका पितृ र उनकी रानी भनेको हिमाली प्रकृति थियो । त्यसैलाई पुरनचन र हिमाली नाम दिइयो । चनको अर्थ शिकारी मात्र नभई राजा पनि हुन्छ । पुरनचन र हिमालीको सन्तान कारवाकेली घुमन्तु जीवनमा रमायो । ऊ एउटा सिद्ध झाँक्री बनेर डोल्पा, रुकुम, मुस्ताङ, म्याग्दी र बाग्लुङका बस्ती चहार्दै गर्दा डासिन डोल्मा भनिने वनदेवीको प्रेममा फस्यो र गृहस्थी रच्न पुग्यो । डोल्माले कृषि कर्म सिकाइन् । पशु मारेर हिँड्नुभन्दा तिनीहरूलाई रत्याएर पाल्न सिकाइन् । विस्तारै विस्तारै उनीहरूका तीन सन्तान पैदा भए । तिनैलाई कर्म अनुसार मोन, पोन र बोन भनियो । मोन दक्षिणतर्फ गयो र बोन उत्तर तर्फ गयो । पोन पुर्खाको मायाले पखेरामा खेती गर्दै गाई बाख्रा, भेंडा र घोडा स्याहारेर बस्यो । यो कथाबारे आज आएर सोच्दा एक जना लामाबाट सुनेको मिथक मात्र नभएर कृषि र पशुपालनको फलामे युग प्रारम्भ हुँदाको कुराभैं लाग्छ किनभने पुरनचनले शिकार खेल्न छाडेर फलामका भाँडा बनाएको प्रसङ्ग पनि यसमा रहेको छ र बाग्लुङमा फलाम खानीको प्रयोग धेरै अघि देखि हुँदै आएको यथार्थ पनि हामीसँगै छ ।

बोन धर्म दर्शनमा केवल दुष्टात्मा र इष्टात्माको प्रसङ्ग आउँछ-पितृसँग जोडेर । अन्यथा स्वर्ग नर्क भन्ने कुरै छैन । अर्को लोकको अदृष्य शक्ति पनि छैन, जे छ यसै लोकको छ, यही धरतीको छ र आफ्नै कुल-कुटुम्ब इष्टभित्रको छ । दया र करुणा, प्रेम र परोपकार सदाचार र मर्यादाको प्रसङ्ग छ । त्यसैले बोनवाद जीववादी छ । बोनधर्म दर्शन प्राकृतिक स्वभाववादी छ । बोन धर्म दर्शनको प्रचार प्रसार बुद्धधर्म दर्शनभन्दा निकै पहिलेदेखि हुँदै आएको थियो । नेपाल र तिब्बत यसका मुख्य भूमि थिए । नेपाली विद्वान् बुद्धभद्र शाक्य चीन गएर बौद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थहरूको व्यवस्थित अनुवाद गर्न थालेको ईसाको चौथो शदी हो । त्यस अघि त्यहाँ बोन धर्म नै प्रभुत्वमा थियो । बुद्ध भद्रले चीनका विभिन्न शहरमा इ.स. ४०९ देखि ४२९ सम्म रहँदा थुप्रै बौद्ध ग्रन्थ अनुवाद गरेका थिए र त्यसबाट चीन र तिब्बतमा बुद्ध धर्म दर्शनको प्रभाव व्यापक बनेको थियो (पृ. ४८-५२, मानन्धर, २०७३) परम्परागत बोन धर्मले ल्हु (आदिम देवी) र ल्हा (बोन देवता) भनी उल्लेख गरेको पाईए पनि यथार्थमा बोन दर्शनले कुनै ईश्वरको अस्तित्त्व स्वीकार गर्दैन । सेतो बोन र कालो बोनको सन्दर्भमा बोन झाँक्री र सोन झाँक्रीको कुरा पनि प्रसङ्गवश आउँछ (पृ. ५२४ पोखरेल, वि.सं. २०५५) नेपाली जनजिब्रोले भने सुनझाँक्रीको कथा सुनाउँछ । यथार्थमा त्यो सोनशब्द श्वानको अर्थमा प्रयोग भएको बुझिन्छ । किनकी श्वान संसर्गी सिद्ध भनेर कुक्कुरिप्पालाई सम्झने गरिन्छ । तिनी मध्यतराईका थिए र मिलारेप्पासँग डारी गएको किंवदन्ती छ । मिलारेप्पा एघारौँ शदीतिरका एक तान्त्रिक सिद्ध थिए भने बोन्बो शेरब छैटौँ सदीतिरको प्राचीन सेरिब राज्यका तान्त्रिक नायक थिए ।

७. विभिन्न जाति-प्रजातिमा बोन दर्शनको प्रभाव

बोन दर्शनलाई जीवात्मवादी तान्त्रिक दृष्टिकोण मानिन्छ र यसको धार्मिक धारणा प्राकृतिक भौतिकवादी, सामाजिक उपकारवादी तथा मातृपरक पुर्खा पुज्ने किसिमको छ । इष्ट र दुष्ट आत्मा (हंस) हावामा घुम्दै आफ्ना सन्तान र संसारलाई हेरिरहेका हुन्छन् । त्यस्तो अगोचर दैवीशक्ति प्राकृतिक रूपमा हाम्रै वरीपरीका वनजङ्गल, गुफा, ओडार र पर्वतका चुलीमा बस्दछ । लामा वा धामीमा झाँक आएर 'देऊ' चढेपछि ती झाँक्रीमा उत्रिन्छन् । थुर्मी गाडेर धूप धूवाँर गरी भुर्मीले बतुर्न लगाउँदा विरामीलाई पतुर्दै उसले आफ्नै किसिमको भाषामा मन्त्र फलाक्छ, कुराहरू बताउँछ । विरामीलाई जराबुटा, खरानी-बेसार, नुनपानी र सुनपानी खुवाउँछ । अनौठा तानेमाने गरेर सञ्चो पनि बनाउँछ । यस्तै तान्त्रिक कर्मकाण्डको प्रभावमा बोन विश्वास नेपालका सबै जाति-प्रजातिबीच फैलिएको छ । सबैभन्दा अनौठो त के छ भने आफूलाई वैदिक आर्य भनेर हिन्दु सनातनी कर्मकाण्ड गर्ने ब्राह्मण जाति पनि बोन दर्शनको तान्त्रिक प्रभावबाट मुक्त छैन ।

हुन त निघण्टु अनुसार ब्रह्म भनेको अन्न हो र सायण भाष्य अनुसार ब्राह्मण भनेको अन्न प्रवर्तक र प्रबर्धक जाति हो । **'ब्राह्मण : अन्नस्य परिवृद्धस्य कर्मणा'**- अर्थात् जसले अन्न उत्पादकको कर्म या व्यवसाय गर्छ अथवा त्यस्तो कर्म-लाई प्रोत्साहन दिन्छ ती ब्राह्मण हुन् । 'ब्राह्मणाः अन्नस्य प्रेरयित्रीम्' पनि भनिएको छ । तैत्तरीय उपनिषद्मा भनिएको छ- 'अन्नं हि भूतानां ज्येष्ठम् तस्माद् सर्वौषध मुच्यते' । भृगु ऋषिले त झन् 'अन्न नै ब्रह्म हो' भनेका छन् । उनको तर्क सुनेर पिता वरुण सन्तुष्ट हुँदैनन् र पटक पटक प्रश्न सोध्दै ब्रह्मका अन्य रूप- मनस्, विज्ञान र आनन्दसम्म पुऱ्याउँछन् । याज्ञवल्क्यले भने अन्न ब्रह्म भन्ने दृष्टिकोणलाई मान्दैनन्, खण्डन गर्छन् । परन्तु भृगुको तर्कमा प्रकृतिवाद बोल्छ । बोन विश्वास व्यक्त हुन्छ । उनी भन्दछन्- 'प्रकृतिले अन्न दिन्छ, अन्नले जीवन दिन्छ र जीवनले चेतना जागृत गर्दछ ।' भृगुको अन्न महिमाबाट हठयोगी बुद्धसमेत प्रभावित भएर मध्यम मार्गीतिर लागेका थिए र सुजाताले दिएको खिर खाएर प्रबोधन प्राप्त गरेका थिए ।

ब्राह्मणहरूका विभिन्न संस्कारहरू मध्ये मृत्यु संस्कारमा सबै भन्दा बढी- प्रेतात्मा लाई पितृमा बदल्न, तान्त्रिक कर्म काण्ड गरिन्छ । दशकर्म विधि गर्दा झाँक्री उपस्थित नभए पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
त्यो अवैदिक कर्म नै हो- जसमा वायु या प्रेतात्माको पूजा गरिन्छ । क्षत्रीहरूमा पनि लगभग उस्तै रीत प्रचलित छ । खस जातिलाई केही लेखकहरूले त किरात थिए भनेर पनि लेखेका छन् । (धर्मरत्न यमी, नेपालका कुरा, वि.सं. २०१४, पृ.४) तर खसभन्दा मगरहरू किराती हुन सक्ने सम्भावना अधिक छ किनभने मगरहरूको प्रारम्भिक धर्म प्रकृतिपूजक बोन दर्शनमा आश्रित छ । उनीहरूका देवीदेवताको कुनै मठमन्दिर छैनन् र पुराना केही गुम्बाहरू पनि लामायानी बौद्ध सम्प्रदायद्वारा धेरैअघि कब्जा गरिसकेको अवस्था छ । हाल विभिन्न नाममा खडा रहेका केही मन्दिरहरू प्राचीन बोन धर्मसँग सम्बन्धित रहेकाले तिनीहरूमा तान्त्रिक विधिमै पूजा अर्चना गर्ने गरिन्छ । खाँडाचक्र देवी बोन परम्पराकी तान्त्रिक देवी- अर्थात् झाँक्री हुन् । मगर जातिले बस्तीको बाहिर या नजिकै वन जोगाएर विशेष थुम्को बनाएर 'थपना' खडा गर्छन् र त्यसैलाई संसारीमाई या वनदेवीको बासस्थल मान्दछन् । मगरहरूले गर्ने पितृपूजामा बराजु, पारिङ्गे, मण्डली र भूयाँर मुख्य छन् । यी सबैको तान्त्रिक पद्धतिमा लामाको सल्लाह अनुसार पूजा-अर्चना, भोग-प्रसाद लगाइन्छ, बलि पनि चढाइन्छ । प्रारम्भिक बोन कर्मकाण्डमा पशुपन्छीको भोगलाई बलि नभनेर आफूले खाने अन्न, फलफूलको एक हिस्सा-पितृभाग या बिलोलाई नै बलि मानिन्थ्यो । पछि अरुहरूको प्रभावबाट मात्रै बलिको अर्थ पशुपन्छी, भेडा बाख्रा र मान्छेसम्मकै हत्या गरी रगत चढाउने भन्ने हुन गएको हो ।

लिम्बूहरू झाँक्रीलाई येवा र झाँक्रीनीलाई येमा भन्दछन् । पितृ सम्झनामा ए बा ! ए मा ! भनेको र आश्चर्य व्यक्त गर्दा पनि यी शब्द उच्चारण गर्ने गरेको पाइन्छ । नेवारहरू पनि यो बा, यो मा भनी पितृशोक पर्दा कल्लाउँछन् । बोन परम्पराबाट प्रभावित यी कुराहरू स्वभावतः प्राकृतिक विशेषता हुन् । लिम्बू चलन माङ्बाद्वारा सम्पन्न गरिन्छ । माङ्बालाई लिम्बू झाँक्री भन्न सकिन्छ । उनले भूत, प्रेत, दुष्टात्मा र पिचास धप्पाउने गर्दछन् । बूढासुब्बाको मिथक नै झाँक्रीतन्त्रसँग सम्बन्धित छ । युमा सामाङ्, संसारी माई र ताम्फुङ वनदेवी हुन् । धामी-झाँक्रीका तानाबाना, तन्तर-मन्तर, जन्तर-बुटी हाम्रो ग्रामीण समाजको उपचार पद्धतिकै एउटा हिस्सा बनेर रहेको छ ।

कुमालहरू वायु पूजा गर्छन् र त्यसैमा मृतात्मालाई शान्त पार्ने संस्कार सजाउँछन् । प्रायः वनको कुनै ठूलो रुखमुनी पूजा गर्ने उनीहरूको चलन बोनपरम्पराकै अवशेष लाग्दछ । किनभने यस कर्मकाण्डमा झाँक्रीद्वारा सम्पन्न गराइने तान्त्रिक विधि अँगालिएको हुन्छ । माई सन्तुष्ट भएमा जीउसन्तुष्ट हुन्छ र बिउ बाली राम्रो हुन्छ भन्ने धारणा कुमाल जातिमा पनि रहेको छ । पूजास्थल खुलै हुन्छ र ढुङ्गाका चपेटाद्वारा कुटी बनाएर त्यसैमा धूप धुवाँर, अक्षता पाती गरिन्छ, प्रसाद चढाइन्छ । धजा बाँधेर थपना सिँगारिन्छ । वृक्ष पूजाको बोन संस्कार र पर्वत पूजाको परम्परा मिसाएर 'झाङ्री' पूजा सकिन्छ । कुमालहरू झाँक्री लाई झाङ्री भन्दछन् र वायुलाई मरी भन्दछन् ।

गुरुङहरूको त धार्मिक अनुष्ठान नै झाँक्री पूजाका रूपमा हुने कुरा कावाकिताले उल्लेख गरेका छन् । धरतीले थापेर आकाशले छोपेर मानिसको सृष्टि भयो भन्ने तमु चिन्तनभित्र प्रकृतिपूजक बोन दर्शनको आकाशलाई बाबु र धरतीलाई आमा मान्ने सोच रहेको झलक मिल्दछ । बोन्पाहरूको गाउँ प्रवेश गर्ने ढोका र बाहिरिने तगारोमा विशेष द्वार बनाएर तिनीहरूको तोरणमा यौन प्रतीक राखिन्थ्यो । यौन कर्मका चित्र मूर्ति राखेर ढोका,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बार्दली, टुँडालहरू बनाउँदा प्राकृतिक बिघ्नबाधा, लागो, भूत, मसान, बोक्सी, प्रेत, किचकन्या कसैले हानी गर्न सक्दैनन् र चट्याङ पनि पर्दैन भन्ने लोकधारणा छ । यही बोन विश्वासका कारण कैयौ हिन्दू तथा बौद्ध मन्दिर र गुम्बाहरूमा समेत शुभसूचक प्रतीक, यौन कलाकारिता र संभोगरत जनावरका मूर्ति तथा चित्र राखिएको देखिन्छ । टुँडालहरूमा तान्त्रिक मूर्ति तथा चित्र राखिएको देखिन्छ । तान्त्रिक भावको यो शिश्नपूजक संस्कृति ऋग्वेद कालभन्दा अगाडिदेखि चलिआएको प्राकृतिक जीववादी दर्शनको प्रभावसँगसँगै तान्त्रिक बोनधर्मको कामकला बन्यो । गाउँको प्रवेशद्वार अर्थात् 'कनी' थकालीहरूको पनि हुन्छ तर उनीहरूका तोरणमा तान्त्रिक कलाको रूपमा प्रचलित यौन कलाकारिता भने राखिएको हुँदैन । गुरुङ- जसलाई आजभोलि तमु भन्न थालिएको छ- जातीय संस्कार परम्परामा लामा या धामी-झाँक्रीको प्रयोग गरिन्छ । बोन परम्परामै पनि भोटे लामा, शेर्पा लामा, गुरुङ लामा, तामाङ लामा, मगर लामा, क्षेत्री धामी आदि रूपहरूका झाँक्री देखिन्छन् । गुरूङ पुरेतमा पज्यु, ल्हेंब्री र लम भनिने झाँक्री (Shaman) बोन (Pon) र ल्हामा (Lhama) पर्दछन् । प्रकृतिपूजक झाँक्री र बोनपछि लामायानी शेर्पा-लामा बुद्धमार्गी देखा पर्दछन् । लामाको दुवैतिर बज्ने द्यङ्ग्रो हुन्छ भने झाँक्री र बोनको एकपाखे भन्ने धारणा गुरूङहरू माझ पाइन्छ । चुच्चे टोपी- ह्वाल्बो, लामाको शिरपोष हुन्छ र त्यसमा डाँफेका प्वाँख जडिएको हुन्छ । उनीहरू रथ र विरथ भनिने हिमाली बुटी प्रयोग गर्दछन्, जसबाट रातो र सेतो रस निस्कन्छ । रातो रस भाले रजबर्धक र सेतो पोथी रजबर्धक हुन्छ भन्ने लोक धारणा छ र यो पनि प्रकृतिपरक नै देखिन्छ । जोखना लुङ अर्थात् 'आखत हेर्ने ढुङ्गो' उतिबेलाको चिनो लमजुङमा रहेको कुरा संस्कृतिविद् जगमान गुरूङले उल्लेख गर्नु भएको छ । उहाँको धारणामा गुरुङहरूको जीवन दर्शनले बोनवादको टेवा लिएको मानिन्छ । वास्तवमा भन्ने हो भने "प्रकृति र जीववादमा आधारित बोनमत र बौद्धदर्शनको पृष्ठभूमिमा नै गुरुङ जातिको दर्शन विकास भएको छ" (पृ. १३८, गुरुङ, वि.सं. २०६८) ।

तामाङ जाति पनि बोन जीवन दर्शनबाट अत्यधिक प्रभावित रही आएको नेपाली जाति हो । पछिल्लो समय बुद्धदर्शनको धार्मिक हाँगो-लामायानबाट प्रभावित भएको भए पनि तामाङ जाति पुरानो प्रकृतिपूजक बोनधर्म दर्शनबाट निकै प्रभावित छ । बोनधर्मको प्रभाव रहेको तामाङ जातिमा झाँक्रीले मेला नभर्ने कुनै मन्दिर गुफा ताल वा कुन्ड छैनन् भने पनि हुन्छ । प्रायः जसो प्रकृतिका अनुपम कन्दरा, गुफा, ताल र चुलीहरूलाई बोन धर्मावलम्वीहरूले धार्मिक आस्थाको केन्द्र मान्ने गरेका छन् (पृ. ४४ रुद्रसिंह तामाङ, वि.सं. २०६०) गोसाई थानको भैरव कुण्ड, बनेपाको महादेव पोखरी, ललितपुरको कुम्भेश्वर र काठमाडौंको बूढानीलकण्ठ स्थानलाई नेपाली बोन मतावलम्बी मानिसहरूले आफ्नो पवित्र तीर्थ स्थल मान्दछन् ।

तामाङ मिथकअनुसार वनदेवी र बाँदरको विहे भएर जन्मेका सन्तानबाट सबै देवी देवता, मनुष्य र अन्य जीव जन्तुको सृष्टि भयो । 'बोन' शब्दले प्राकृतिक धर्म विशेषलाई अर्थात् झाँक्रीतन्त्रलाई जनाउँछ (पृ. ७९, योञ्जन, वि.सं. २०६९) । बोन धर्मदर्शन अनुसार दुष्टात्माहरू चार किसिमका छन्- सिन्द्रे, सोन्द्रे, नोपा र ल्हान्द्रे । पहिलो मृतक व्यक्तिको अनिष्ट प्रेतात्मा हो । दोस्रो जीवित मान्छेको डाहा हो । तेस्रो बिरामी गराउने रोग हो र चौथो बाटो ढुकेर आक्रमण गर्ने दुष्टात्मा हो । यी दुष्टात्मा वनमा, चट्टानमा, जहाँसुकै र बाटोघाटोमा बस्दछन् । वायु रूपी प्रेत लुङ्दा हो र लुङदा शब्दको अर्थ नै हावा हुन्छ । तीव्र गतिको हावालाई ल्हाक्पा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
भनिन्छ । ल्हाक्पा अनिष्ट तत्त्व हो । आधी हुरीको रूपमा दुनियालाई दुःख दिन्छ । कसलाई कुन दुष्टात्माले सताएको हो भनेर खुट्याउन झाँक्री बसालिन्छ । झाँक्री ल्हामामा झाँक चढेर 'देऊ' बोलेपछि जोखना हेरिन्छ । जोखना दुई प्रकारका छन्- सोन्जीकोर्बा र शित्सीकोर्बा । पहिलोले जीवित मान्छेको भविष्य भन्छ र दोस्रोले मृत्यु भएको मानिसको यात्रा वृत्तान्त भन्छ । शित्सीकोर्बा मरेका मान्छेको हंस हेर्ने जोखना हो । तामाङ लामाहरूको के धारणा छ भने वन झाँक्रीले आफूलाई मनपरेको मान्छे छोपेर लैजान्छ र बोनधर्मका शिक्षादीक्षा, मन्त्र र तन्त्र सिकाएर फिर्ता पठाउँछ । तामाङहरू वनझाँक्रीकै पूजा गर्ने गर्दछन् । बोन विश्वासमा उर्मा र खेखोद स्त्री र पुरुष झाँक्री हुन् र ती दुवै कैलासमा बस्दछन् । चौरासी सिद्ध मध्येका एक मिलारेप्पाले पनि खेखोद्को महिमा गाएका छन् । उर्मा नै शैवहरूको उमा भएको सम्भावना तामाङ मिथकले दर्शाउँछ । यी सब कुराहरूले के देखाउँछ भने नेपाली चिन्तन र संस्कृतिमा सर्वत्र अन्तरजातीय सांस्कृतिक समन्वय, दार्शनिक सहजीवन र मानवीय सम्मिलन रहेको छ ।

थकाली जातिको ठूलो हिस्सा बोनधर्म मान्ने रहेको छ । मुस्ताङ्मा बोन धर्मको प्रचार छैठौं शदीभन्दा अघि नै सर्वप्रथम छार्का भोटबाट प्रवेश गरेको थियो र पछि आठौं शताब्दीमा तिब्बतबाट पुन प्रवेश भएको थियो । लामो ऐतिहासिक कालसम्म बोन विश्वासमा रमाएको समाज भएको हुँदा थकाली जातिका प्रायः सबै थरी चनहरूले बोनधर्मी गुम्बाहरू बनाउने र बोन विद्याका रूपमा विभिन्न ग्रन्थ तयार गर्ने काम पनि गरेका छन् । लुब्राग गुम्बा मुख्य भए पनि मुस्ताङ राजाको दरवारभित्र रहेको पूजाकोठी, झारकोटको छुल्टिम गुम्बा, ठिनी चराङ घमि र घागरजुङ्का गुम्बाहरू प्रारम्भमा बोन सम्प्रदायका गुम्बा थिए र त्यहाँ बोन दर्शनका ग्रन्थहरू सङ्ग्रहित थिए । पछि पद्मसम्भवले आफ्ना शिष्यहरूद्वारा हस्तक्षेप गरेपछि ती सबै लामायानी गुम्बामा बदलिएका थिए । थकालीहरू झाँक्रीलाई ढोम या ट्होम भन्दछन् र उनीहरूबाट आफ्ना संस्कार कर्मकाण्ड र पूजा अनुष्ठान सम्पन्न गर्दछन् ।

ल्होमीहरू पनि बोन धर्मावलम्बी हुन् । उनीहरू आफ्ना संस्कार कर्ममा पशुपन्छीको भोग दिन्छन् । प्रकृतिपूजक ल्होमी जातिले वायु, जल, जमिन, कुलपितृ र वनदेवीको पूजा अर्चना गर्दछन् । यी कर्महरू बोन धर्म दर्शनकै अन्तर्गत पर्दछन् । टुनामुनाप्रतिको विश्वास, झाँक्रीसँग शक्ति माग्ने संस्कार, बाली सप्रोस् भनेर गरिने आइतेपूजा, रोग नलागोस् भनेर गरिने तिङ्गोर पूजा प्रकृतिपूजक बोन विश्वासमै अडिएका छन् । कतिपय बोनपाहरू लामायानी भएपछि पद्मसम्भवको मार्गमा अघि बढे । काठमाडौंको दक्षिणकाली निकट रहेको फर्पिङ गुम्बा, डोल्पाबाट मुस्ताङ आउँदा बाटोमा पर्ने भुम्बु- गुम्बा तथा लुम्ब्राग गुम्बा जस्ता ठाउँहरू बोन तीर्थ मानिन्छन् । त्यसो त थकालीहरूको झाँक्रीदेव भिन्न-भिन्न देखा पर्दछन् । तुलाचनको कृषि देव-छ्युरिङ धेल्मो, भट्टचनको रोगरक्षक ह्यापा राङजुङ झाँक्रीदेव, शेरचनको पहाडदेव घाङ्लासिन्की कार्वा, गौचनको वायुदेव ल्हाङ्पा नुर्बु छन् । थकाली धर्म ग्रन्थ ह्बलाई कसैकसैले ह्रप भनेको पनि पाइन्छ । भनिन्छ त्यो पनि बोनवादमा आश्रित छ । त्यसले कुनै देवताको उल्लेख गर्दैन र मूर्तिपूजक पनि छैन । परन्तु कतिपय गुम्बामा आजभोलि विभिन्न मूर्ति स्थापना गरिएको पाइन्छ ।

निष्कर्ष

प्रकृतिपूजक बोन दर्शनलाई झाँक्रीवाद पनि भनिन्छ । झाँक्रीवाद मानव जातिको आदिम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
चेतनामा फक्रेको एउटा त्यस्तो फूल हो, जसमा जातीय चिनारीभन्दा वैचारिक अबोधपनको सुगन्ध पाइन्छ। यसले जीवनका समस्यालाई मातृ अनुकम्पाद्वारा जान्ने र समाधान गर्ने धारणा राख्दछ। निर्जीव वस्तुलाई पनि सजीव ठान्ने झाँक्रीवादले मृतात्मालाई वायुरूपी हंस मान्छ र त्यो आफ्नै बस्ती वरिपरि प्रकृतिका कन्दरा र जङ्गलमा रमाउँछ भन्ने विश्वास राख्दछ। प्रकृतिवादको तार्किकतामा स्वभाववाद र त्यसैको मान्यता अँगालेर बोनवाद देखा पर्दछ। दर्शनको स्तरमा व्यवस्थित दृष्टिकोण केही दुर्बल रहेको भए पनि त्यसको जन्म र विकास नेपाल र तिब्बतमा भयो। झाँक्रीवादको रूपमा हेर्दा विश्व मानव सभ्यता र संस्कृतिमा यसैलाई shamanism (शामानिज्म) नामबाट जानिन्छ र यो नै संसारको पहिलो 'धर्म' बन्न पुग्यो। त्यसैले एसिया, युरोप, अफ्रिका, अमेरिका र अस्ट्रेलियामा समेत झाँक्रीतन्त्रका विभिन्न रूप, प्रयोग र विश्वासहरू देख्न सकिन्छ। नेपाली समाजमा यो प्रारम्भिक भौतिकवादी चिन्तन बनेर विस्तार भएको छ। तन्त्र मन्त्र र यन्त्रको एकत्वमा उभिएको बोनवाद अथवा झाँक्रीवादको प्रभावमा नेपालका हिमाली, पहाडी र तराई-मधेसका सबै जनता धेरथोर मात्रामा परेकै देखिन्छन्। त्यसैले यस विषयमा थप खोज-अनुसन्धान र विवेचनाको आवश्यकता छ। यो विमर्श त बुधजनको जिज्ञासा जागृत होस् भनी गरिएको झिनो प्रयास मात्र हो।

सन्दर्भ ग्रन्थ

- आत्रेय, महर्षी, (अनु. देवराज पौडेल, २०४२), **चरक संहिता**, काठमाडौँ : पाठयक्रम विकास केन्द्र।
- कावाकिता,ए.जे., (२०४७), **नेपाल हिमालयका जनजातिहरू**, काठमाडौँ : च्वसापासा।
- गोरर, जी (ई.सं. १९३८), हिमालय भिलेज, उद्धृत कावाकिता।
- तामाङ, परशुराम, (२०५१), **तामाङ जाति**, काठमाडौँ : नेराप्रप्र।
- डेविड, वाटर (सन् १९७५), साइबेरियन सामानिष्टिक ट्रेडिसन एमोङ द खाम मगर अफ नेपाल, काठमाडौँ : सिनास जर्नल, भोल्युम टु।
- गुरुङ, जगमान, (२०६८), 'गुरुङ् संस्कृतिमा दार्शनिक दृष्टिकोण', **दर्शनावली-१**, काठमाडौँः ने.प्र.प्र.।
- चट्टोपाध्या, देवीप्रसाद (ई १९८२), **लोकायत**, नयाँ दिल्ली : एस.जी. बसानी।
- तामाङ, रुद्रसिद्ध, (२०६०), **तामाङ संस्कार र संस्कृति**, ललितपुर : आजउरा प्रतिष्ठान।
- पाठक, शङ्कर्राज, (२०६३), **अङ्ग्रेजी नेपाली बृहत् कोश**, काठमाडौँः पद्मराज स्मृति प्रतिष्ठान।
- प्रभात, विष्णु (प्र. सम्पा.), (२०७०), **प्रज्ञा दर्शन कोश**, काठमाडौँ : ने.प्र.प्र.।
- पोखरेल, बालकृष्ण (प्र. सम्पा.), (२०४०), **बृहत् नेपाली शब्दकोश**, काठमाडौँः नेराप्रप्र।
- पोखरेल, बालकृष्ण, (२०५५), **खसजातिको इतिहास**, विराटनगर : उदात्त अनुसन्धान अड्डा।
- प्रभात, विष्णु, (२०६८), **समाज, संस्कृति र नैतिकता**, काठमाडौँ : कल्पवृक्ष प्रकाशन।
- ....., (२०७३), **प्रज्ञा संस्कृति कोश**, काठमाडौँ : नेप्रप्र।
- पुन, दलबहादुर (२०६७), कारबाकेली, काठमाडौँ : कारवाकेली अनुसन्धान केन्द्र।
- पुन, प्रतिभा (२०७१), मगर जातिमा प्रचलित झाँक्री वाद, ज्ञानविन्दु, अङ्क ८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
- बुढामगर हर्षबहादुर, (वि.सं. २०४९), **किरातको वंश र मगरहरू**, काठमाडौँः उन्नती बोहोरा।
- बुल्के, फादर, (सन् १९९४), अङ्ग्रेजी हिन्दी कोश, नई दिल्ली।
- मानन्धर, विजय कुमार, (२०७३), प्राचीन चीनमा नेपाली बौद्ध विद्वान्, ज्ञानविन्दु, अङ्क १०, काठमाडौँ।
- मगर, मीन, (२०६८), **मगर पुजारी रहेका प्रसिद्ध स्थल**, काठमाडौँः आजउरा प्रतिष्ठान।
- योञ्जन, अमृत (२०६९), **तामाङ संस्कृति कोश**, काठमाडौँः ज्यो तेन्वा।
- लामिछाने, माधवप्रसाद, (२०७३) **नेपाली समाजमा तन्त्र परम्परा**, काठमाडौँः नेप्रप्र।
- सुब्वा, चैतन्य, (२०६८), "किरात दर्शन : प्राचीन ज्ञानको आधुनिक चर्चा", **दर्शनावली-१**, काठमाडौँ : ने.प्र.प्र.।
- क्षत्री, नारायण प्रसाद (२०४४), **मुस्ताङ दिग्दर्शन**, ललितपुर : साझा प्रकाशन।
- चट्टोपाध्याय, देवीप्रसाद, लोकायत (इ.सं. १९८२), नयाँदिल्ली : एस.जी. बसानी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राज्ञिक मार्क्सवाद

अरूण गुप्तो

मिसेल फुकोको भनाइ छ, मार्क्स र मार्क्सवाद नबुझेले इतिहास बुझ्दैन । तर, आज यो लेखमा म अमेरिकी प्राज्ञिक मार्क्सवादी परम्पराको मात्रै चर्चा गर्छु किनभने नेपाली विश्वविद्यालयको अंग्रेजी विभागमा अमेरिकी प्राज्ञिक अध्ययन परम्पराको प्रभाव छ । छोटकरीमा नव-वामपन्थ, नव-मार्क्सवाद, उत्तर-मार्क्सवादबारे पनि केही चर्चा गर्छु र आफ्ना धारणा पनि उल्लेख गर्नेछु ।

सन् १९९० तिर त्रिभुवन विश्वविद्यालयको केन्द्रीय अंग्रेजी विभागमा साहित्यिक सिद्धान्तको प्रवेश भएपछि मैले मार्क्सवाद पढ्न र बुझ्न थालें । राजनीतिशास्त्र र समाजशास्त्र विभागहरूमा मार्क्सवाद पढ्नु स्वाभाविक थियो । अंग्रेजी विभागमा मार्क्सवादी समालोचना सिद्धान्तको रूपमा प्रवेश हुनु नौलो थियो । पछि सन् २००५ मा इन्स्टिच्युट अफ एडभान्स कम्युनिकेसन, एजुकेसन एन्ड रिसर्चमा 'सिद्धान्त र परिवेश' भन्ने विषय पढाउन थालेपछि मार्क्सवादबारे थप बुझ्ने मौका पाएँ । पछि गायत्री स्पिभाक नेपाल आएपछि भने मार्क्सवाद बुझ्नै पऱ्यो । उनी भन्थिन्- 'जर्मन भाषामै नपढे पनि राम्रो अनुवाद पढ ।'

विश्वविद्यालयमा मार्क्स भन्नासाथ पश्चिमी र अझ बढी अमेरिकी विश्वविद्यालयहरू आइहाल्छन् किनभने मार्क्सवादलाई प्राज्ञिक स्वरूपमा व्यापकता दिने अमेरिकी विश्वविद्यालयहरू हुन् । मार्क्सवादको व्यापक छलफल र प्रयोग त युरोपदेखि एसियासम्म थियो । मार्क्सवादकै जगमा टेकेर क्रान्ति र सत्ता परिवर्तन पनि भए । यो लेखको उद्देश्य भने मार्क्सवादको इतिहास चर्चा गर्नु नभएर विश्वविद्यालयमा मार्क्सवादको उपस्थितिबारे चर्चा गर्नु हो । त्यसमा अमेरिकीहरूको देन छ । मार्क्सवादलाई अमेरिकाका उच्च शिक्षण संस्थामा प्रसिद्ध गराउनुमा फ्रेडरिक जेमिसनको ठूलो हात छ । उनले लेखेका मार्क्सवाद र संरचनावादको सैद्धान्तिक एकरूपता मलाई खुब मन पर्थ्यो । उनी अमेरिकी साहित्य समालोचक एवं मार्क्सवादी राजनीतिक सिद्धान्तकार हुन् ।

सन् १९३० को दशकमा अमेरिकी विश्वविद्यालयमा 'मार्क्सवादी समालोचना' र न्युयोर्कका बुद्धिजीवीको बोलवाला थियो । त्यसभन्दा पहिले १९औं शताब्दीको अन्त्यतिर समाजवादी आन्दोलनले तीव्र रूप लिँदै थियो । पछि सन् १९३० को महामन्दीले अमेरिकीहरू ठूलो समस्यामा परे । त्यही बेलामा एफभी क्यालभर्टनको पुस्तक 'लिबरेसन अफ अमेरिकन लिट्रेचर'ले समालोचना परम्परामा राम्रो योगदान गऱ्यो । उनीपछि ग्रेनभिल हिक्सको नाम आउँछ । हाम्रो विभागमा भिन्सेन्ट लिचका किताबहरू थिए । त्यही पढेर हुर्केको विद्यार्थी अमेरिका पुगेपछि क्यालभर्टन खोज्दा मेरो प्राध्यापक छक्क परेका थिए । सगरमाथाको कुरा नगर्ने कस्तो नेपाली हो भन्ने सोचे होलान् ।

मार्क्सवादी समालोचना पछि कोलम्बिया विश्वविद्यालय र फ्र्याङ्कफर्ट स्कुलको प्रसंग

लेखकले विश्वविद्यालयमा मार्क्स भनी तयार गर्नु भएको यो रचनालाई हामीले नयाँ शिर्षक दिएका छौं । उहाँ त्रि.वि.को अङ्ग्रेजी विभागमा प्राध्यापक हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
रमाइलो छ । हिटलरको शासनको बेला, कोलम्बिया विश्वविद्यालयमा सन् १९३० को दशकको मध्यतिर फ्र्याङ्कफर्ट स्कुलको पुनर्स्थापना भयो । फ्र्याङ्कफर्ट स्कुल जर्मनीमा सन् १९३० को सुरुतिर विकास भएको वैचारिक स्कुल हो । यसका सिद्धान्तकारहरू होरखाइमर, एडोर्नो, बेनामिन, ह्याबरमास आदि हुन् । उनीहरूले पश्चिमी पुँजीवाद र लेनिनवादी मार्क्सवादको बीचबाट समाजलाई अगाडि बढाउन सकिन्छ भन्ने मान्यता राख्थे । हिटलरको शासन आएपछि यी विचारकहरूले जर्मनी छोडे । केही भागेर अमेरिका पुगे र त्यहाँ सो स्कुलको पुनर्स्थापना गरे ।

त्यो आलोचनात्मक सिद्धान्त सम्बन्धी प्रकाशनको बेला थियो तर पनि धेरै जर्मन दृष्टिकोण भएकाले सन् १९३० को दशकमा होरखाइमरजस्ता विद्वानले पनि प्रभाव पार्न सकेनन् । ४० को दशकतिर अमेरिकी साहित्य र समालोचनातिर केन्द्रित भएपछि फ्र्याङ्कफर्ट स्कुलको प्रभाव राम्ररी बढ्यो । अमेरिकी बिचारकहरूले मार्क्सवादलाई प्राज्ञिक विशेषण थपेर न्वारन गरेको त्यसपछि मात्र हो ।

मार्क्सवाद र मार्क्सवादी समालोचनालाई ठूलो चुनौती न्यु क्रिटिसिज्म -नव आलोचना)ले दियो । नव आलोचना पाठ केन्द्रित समालोचना सिद्धान्त हो । सन् १९३० देखि ६० को दशकसम्म यो सिद्धान्त अमेरिकामा साहित्यिक आन्दोलनका रूपमा फैलिएको थियो । यसले पाठमा मात्रै सीमित भएर समालोचना गर्नुपर्नेमा जोड दिन्छ । सन् १९४० दशकको सुरुतिर ऐलेन टेट र जोन क्रो यान्समहरूले यो आन्दोलन सुरु गरेका थिए । पछि यो बेलायतमा पनि प्रसिद्ध भयो ।

यान्सम र टेटजस्ता न्यु क्रिटिक्सहरू औद्योगिक पुँजीवादका आलोचक त थिए तर पनि उनीहरूलाई मार्क्सवाद मन पर्दैनथ्यो । टेटले 'रियाक्सनरी एसेज् अन पोयट्री एन्ड आइडियाज्'को भूमिकामा राजनीति र कविता मिलाउन नहुने लेखेका छन् । उनको विचारमा यस्तो गर्नु 'आध्यात्मिक नरभक्षिता हो ।' मार्क्सवाद अथवा कुनै वादको अध्ययन हुनुपछाडिको कारण यस्ता विचारहरूको लडाइँबाट बौद्धिक विकास कसरी हुन्छ भन्ने थाहा पाउनु पनि हो । अमेरिकी विश्वविद्यालयहरूमा विचारहरूको न्वारन यसरी नै हुन्थ्यो र अहिले पनि हुन्छ । हामीले भने गर्न बाँकी छ ।

सन् १९५० र ७० को दशकको अमेरिकी प्राज्ञिक कथा पनि रमाइलो छ । बिट्स जेनेरेसन, मौलिक अधिकारका लागि सक्रियता, नववामपन्थ, युद्धविरोधी प्रतिवाद, अश्वेत राष्ट्रवाद, हिप्पीवाद, नारीवादजस्ता विचार र आन्दोलनको इतिहास सुन्दा टाइम मोसनमा अमेरिका पुगे हुन्थ्यो जस्तो लाग्छ ।

'नव-वामपन्थ' त सन् १९६० को दशकमा विश्वविद्यालयका विद्यार्थीको समूह थियो । लिग फर इन्टरनेसनल डेमोक्रेसी (एलआईडी) र स्टुडेन्ट्स फर अ डेमोक्रेटिक पार्टी (एसडीएस) नै नव-वामपन्थ आन्दोलनको पछाडि थियो । मिचिगान विश्वविद्यालयको त्यो बेलाको इतिहास रमाइलो छ । नव-वामपन्थलाई पार्टी र चुनावी राजनीति अति नै खेदजनक लाग्थ्यो । चुनावी राजनीति नै प्रजातन्त्रको मेरुदण्ड होइन ।

नव-वामपन्थ सन् १९६० देखि ७० को दशकसम्म व्यापक परिवर्तनका लागि चलेको आन्दोलन हो जसमा अश्वेतदेखि समलिङ्गी, गर्भपतनदेखि लैङ्गिक विषय आदिमा उदारवादी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिवर्तनको माग गरिएको थियो। नव-वामपन्थी अमेरिकी साम्राज्यवादी युद्धको विरोधी थिए।

कोलम्बिया विश्वविद्यालयका प्राध्यापक भिन्सेन्ट लिच लेख्छन्, 'नव-वामपन्थ रोमान्टिक निहिलिस्ट हुन थाल्यो भन्ने आलोचना भयो।' इर्भिन होले लेखे,- 'नववामपन्थले क्यास्ट्रो र हो ची मिन्हजस्ता तेस्रो विश्वका निरङ्कुश शासकको समर्थन गर्न थाल्यो।' नव-वामपन्थको अस्तित्वको समाप्तिपछि, एडोर्नो, बेनामिन, बाख्तिन, ग्राम्सी आदि अमेरिकी विश्वविद्यालयमा प्रसिद्ध भए। नयाँ युरोपेली मार्क्सवादको प्रसिद्धिका लागि जेमिसनको हात छ किनभने उनले धेरै किताब लेखे। नव-मार्क्सवाद मार्क्सवादको संशोधन गर्ने लेखन र चिन्तनलाई भनिन्छ।

माथि उल्लिखित नव-मार्क्सवादीहरूका धेरै योगदान पछिल्लो उत्तर-मार्क्सवादको विकासमा छ। अनेक नव-इतिहासवादी र उत्तर-औपनिवेशिक समालोचनाले मार्क्सवादलाई कट्टरताबाट सांस्कृतिक अध्ययन र समालोचनातिर लगे। उत्तर-औपनिवेशिक सिद्धान्त युरोपेली उपनिवेशवादको विरोधमा आएको हो। उत्तर-औपनिवेशिक समालोचनाले औपनिवेशिक साहित्य र संस्कृतिको पुनर्परीक्षण गर्छ। उत्तर-औपनिवेशिकतावादीको विचारमा युरोपले बाँकी विश्वलाई सभ्यता प्रदान गरेको नभई आफैं युरोपबाहिर गएर सभ्यता सिकेको हो।

कोलम्बिया विश्वविद्यालय नै यस्ता विचारको थलो थियो र अझ पनि छ। गायत्री स्पिभाक यही परम्पराको उत्तर-मार्क्सवादी हुन्। अरू प्रसिद्ध उत्तर-मार्क्सवादीहरू सान्ताल मुफ, अर्नेस्टो ल्याक्लो, एतियन बालिबर, स्लाभोज जिजेक र जेमिसन हुन्। स्टेफन ग्रिनब्लाट र एडवर्ड सइदजस्ता लेखक हामीले खुब पढ्यौं। त्रि.वि.को केन्द्रीय अङ्ग्रेजी विभागमा अहिले पनि यिनीहरूको कृति पढाइन्छ।

स्पिभाक आइएसरमा आउँछिन्। उनको योगदान मार्क्सवादी-नारीवाद र विनिर्माणलाई अनुबन्धन गर्नु हो। नत्र 'ऐल स्कुल'मा विनिर्माण अतिवाद उन्मुख भइरहेको थियो। उनले विनिर्माणका विचार भित्र्याउँदै मार्क्सवादलाई पनि अति आदर्शबादी बन्नबाट बचाइन्। मेरा वरिपरिका नबुझ्ने 'विद्वान्'हरू पनि स्पिभाकको महत्त्व बुझ्छन्। उनी आएपछि यी अदृश्य हुन्छन्। मलाई अचम्म लाग्छ। यी सिद्धान्तविरोधी आडम्बरहरू हुन् जसलाई संरचनात्मवाद अथवा मार्क्सवादी समालोचनामा पाँच मिनेट बोल्न भने चुप लाग्छन् तर साहित्यिक र सांस्कृतिक सिद्धान्त र समालोचनालाई गाली गर्न चुनावी घोषणापत्र पढेजस्तो चिच्याउँछन्। मेरी विद्यार्थी विभूषणा भन्छिन्, 'साहित्यको सिद्धान्तलाई कट्टरताबाट बचाउने त साहित्यिक सिद्धान्तहरू नै हुन्।' यो भनेको के हो भने हाम्रोमा साहित्यिक सिद्धान्तलाई धेरै कठोर र नबुझ्ने भनिन्छ तर यसलाई बुझ्ने बनाउन साहित्यिक सिद्धान्तकै प्रमुख भूमिका रहन्छ।

सन् १९७० तिर नव-वामपन्थका विचार र बर्मिङ्घम स्कुलको 'सेन्टर फर कन्टेम्परी कल्चरल स्टडिज'बाट नव-इतिहासवादको विकास भयो। नव-इतिहासवादले इतिहासको मार्क्सवादी व्याख्याको पुनर्परीक्षण गर्छ। आर्थिक सम्बन्धहरूले इतिहास निर्माण गर्छ भन्ने मार्क्सवादी सिद्धान्तको यिनीहरू आलोचना गर्छन्। उनीहरूको विचारमा इतिहास र साहित्य उस्तैउस्तै हुन्। दुवै काल्पनिक धरातलमा निर्माण भएको ठान्छन्। स्टेफन ग्रिनब्लाटजस्ता नव-इतिहासवादी मार्क्सवादलाई कडा सिद्धान्त ठान्थे, उनीहरूले साहित्य र संस्कृतिसँग जोडेर नरम बनाए। नव-इतिहासवाद अमेरिकी विश्वविद्यालयमा ७० को दशकतिर प्रचण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा आयो । तर पनि एउटा प्रश्न राखूँ– किन निरंकुशताको समयमा राष्ट्रगीत धेरै निर्माण गरिन्छ ? अथवा बेलायतमा सुक्खा परेको बेलामा किट्सले शरदलाई 'तुवाँलो र परिपक्वताको ऋतु' किन भने ? यस्ता नव-इतिहासवादी व्याख्याका लागि अभिलेखनात्मक समालोचना गर्नुपर्छ । नव-इतिहासवादी अनुसन्धान पुस्तकालय र घरमा बसेर हुँदैन । यो एक प्रकारको अनुसन्धानात्मक समय यात्रा हो ।

सांस्कृतिक अध्ययन अथवा कल्चरल स्टडिजको जन्म अमेरिकी प्राज्ञिक मार्क्सवादको देन हो । यो साहित्य समालोचनालाई समाज र संस्कृतिसँग जोडेको परम्परा हो । सन् १९७० को दशकदेखि यसले प्रसिद्धि पाएको हो । यो विधामा मिसेल फुको र ग्राम्सीका सिद्धान्तहरूको योगदान धेरै छ । नव-इतिहासवादीहरूले सांस्कृतिक अध्ययनको विकासमा पद्धतीय योगदान गरेका छन् । अमेरिकी अध्ययनले त्यही सांस्कृतिक अध्ययनलाई अति राम्री आत्मसात् गरेको छ । कल्चरल स्टडिज, नव-इतिहासवाद, उत्तर-औपनिवेशिकता उत्तर-मार्क्सवादी सिद्धान्त हुन् जसले नव-मार्क्सवादी गुरुहरूबाट विषयवस्तु र तरिका लिएका छन् । जेमिसन, सइद, स्पिभाकजस्ता धेरै प्राज्ञको चर्चा यही लर्कोमा गर्न सकिन्छ ।

जेमिसन त्रिविको केन्द्रीय अंग्रेजी विभागको निम्तोमा ९० को दशकको मध्यतिर नेपाल आएका थिए । उनको मार्क्सवादी विचार पश्चिम केन्द्रित छ । उनले उपभोक्तावादी पुँजीवाद र उत्तर-औद्योगिक अथवा पछिल्लो-पुँजीवादी समाजको अध्ययन गर्छन् । त्यसैले उनलाई उत्तर-आधुनिकतावादी मार्क्सवादी भन्न सकिन्छ । अमेरिकी अथवा पश्चिमी अङ्ग्रेजी प्राज्ञिक शब्दकोशमा नव-मार्क्सवादी र उत्तर-मार्क्सवादीलाई एउटै समूहमा राख्न हुन्न । हुन त साधारण सन्दर्भमा मार्क्सपछिका युरोपेली मार्क्सवादीहरू र नव-मार्क्सवादीको प्रभाव उत्तर-मार्क्सवादी स्पिभाकमा धेरै परेको छ र उनको उत्तर-औपनिवेशिक कृतिमा त्यो प्रभाव देखिन्छ । तर, दुवै मार्क्सवादीहरू अविच्छिन्न छन् ।

हामीकहाँ मार्क्सवादलाई कोरा ढंगले बुझ्ने चलन छ । मार्क्सवादलाई समयक्रमसँग बुझ्न जरुरी छ । विश्वविद्यालयमा मार्क्सवादलाई समाज र संस्कृतिसँग जोडेर लिइन्छ । त्यसरी जोडेर अध्ययन गर्दा नै मार्क्सवादका नयाँ-नयाँ रूपको विकास भएको हो र प्राज्ञिक मार्क्सवाद पनि यसै श्रृङ्खलामा देखा परेको हो । मार्क्सवादका यी नयाँ रूपबारे चर्चा गर्नासाथ मार्क्सवाद बिगारेको आरोप लगाइन्छ । त्यो संकुचन हो । हामीलाई फराकिलो हुन आवश्यक छ । यसै क्रममा म एउटा प्रसंग सम्झन्छु ।

मेरा एउटा विद्यार्थी छन्, नाम भन्दिनँ किनभने उनको अनुमति लिएको छैन । माओवादी विद्रोहको बेला उनले एउटा चिनियाँ उपन्यासमा थेसिस लेख्छु भने । मैले नव र उत्तर-मार्क्सवादीको किताबको सूची दिएँ । भर्खरै रुकुम र रोल्पाबाट त्रिभुवन विश्वविद्यालय आएका विद्रोहीले भने, 'सर म जेमिसन, स्पिभाक र इगलटन जस्तालाई पढ्दिनँ ।' मैले सोधेँ, 'किन ...? ' उनको तीव्र जवाफ थियो,- 'यिनीहरू बिग्रिएका मार्क्सवादी हुन् ।' त्यति भनेपछि म त कहाँ छोड्छु ? मैले उनलाई एउटा किताब दिएँ । पछि एउटा 'बिग्रिएको' राम्रो थेसिस पनि लेखे र एउटा केटीको प्रेममा पनि परे । यो मेरो जित थियो, बिग्रेको मार्क्सवाद र प्रेमको जित । यस्ता विद्यार्थी बनाउन पाए, म पनि चुनाव जित्छु ।

विश्वविद्यालयको मार्क्सवाद चुनावी संस्थाले निर्धारित गर्दैन । न त कुनै कम्युनिस्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पार्टीले । प्राज्ञिक बोधले मार्क्सवाद अथवा कुनै वादलाई विमर्शात्मक बनाउँछ । विश्वविद्यालयमा सिद्धान्तले निष्पक्षता ल्याउँछ ।

सबाल्टर्न स्टडिजको कुरा नगरी मार्क्सवाद र विश्वविद्यालयको कथा अधुरो हुन्छ । रणजित गुहाको नेतृत्वमा रहेको प्राज्ञिक वर्गले यसको विकासमा ठूलो योगदान गरेका छन् । सबाल्टर्नको दृष्टिकोणबाट भारतको इतिहास लेख्ने विद्वान्हरूलाई बुझ्ने तीनवटा तथ्य छन्– भारतीय स्वतन्त्रतामा सबाल्टर्नको भूमिकाको अध्ययन, यस्तो भूमिकाको अध्ययन गर्दा विभिन्न सामाजिक तथ्य, लैंगिक, राष्ट्रियता, वातावरणजस्ता विषयका पनि अध्ययन र स्पिभाक (उनी सबाल्टर्न समूहकी होइनन्)को 'सबाल्टर्न' शब्दको विनिर्माणवादी व्याख्या ।

एन्जो ट्राभर्सोले कार्नेल विश्वविद्यालयमा सन् २०१३ मा 'लेफ्ट मेलान्कोलिया' शीर्षकको कोर्स पढाएका थिए र पछि सन् २०१६ मा 'लेफ्ट-विंग मेलान्कोलिया मार्कीसिज्म, हिस्ट्री एन्ड मेमोरी' नामको किताब पनि प्रकाशनमा ल्याए । वामपन्थी संवादको विशद पुँजीवादी प्रभुत्वलाई चुनौती दिन नसकेको कथा लेखेका छन् उनले । हालको समस्या पश्चिमी एसिया र उत्तरी अफ्रिकाका आन्दोलनहरू हुन् । निरंकुश शासक त विलीन भए तर अर्का प्रतिस्थापन भएका छन् । यी आन्दोलन विकारमा परिवर्तित भए । यी वामपन्थी क्रान्ति नभए पनि क्रान्ति त थिए । क्रान्तिले कहिलेकाहीं विषाद पनि ल्याउँछ । ट्राभर्सोको विचारमा कम्युनिज्मको असफलतामा नारीवादी आदर्श समाजको कल्पना पनि थाकेको थियो । नारीवादी युटोपियाको पतनले प्रतिगामी पहिचान राजनीति जन्मायो । यसले फेरि शिक्षण संस्थामा नारीवादको ठाउँमा वुमन स्टडिज ल्यायो जसले जाति र लिङ्गलाई दमनको कारण हुन् भन्ने तथ्यलाई पन्छाएर अतिभौतिक चिन्तनतिर लग्यो । यो अमेरिकी र पश्चिमी अवस्था हो, ट्राभर्सो भन्छन् ।

उनले दुई किसिमका पराजयबारे चर्चा गरेका छन्– वीरतापूर्वक लडेको क्रान्तिको युद्धमा हारले पनि महिमा ल्याउँछ तर अर्कोतिर निर्वासित क्रान्तिकारीले हारे पनि आफ्नो साथीहरू बीच प्रेम पाउँछ । सोभियत संघको विखण्डन पछिको वामपन्थी हार पूर्वी युरोपको जातिसंहारमा परिणत भयो । क्रान्तिकारी आदर्शले केही गर्न सकेन भन्दाभन्दै २०औं शताब्दीको पनि अन्त्य भयो । राम्रा र नराम्रा विषय अब स्मृतिमा मात्रै छन् । क्रान्तिकारीलाई न हारको गौरव छ न त मित्रहरूको प्रेम छ । बितेको शताब्दीको सम्झनामात्र छ । यही हो मेलान्कोलिया ।

मलाई भने मार्क्सवाद र स्मृतिबारे पढाउन मन छ । स्मृति र राष्ट्रियता पनि विश्वविद्यालयमा पढाउन आवश्यक विषयवस्तु हुन् । ट्राभर्सोको चिन्ता वास्तविक हो तर मलाई थाहा छ सिद्धान्तका कुरा विश्वविद्यालयबाट भाग्दैन । हाइडेगरले भनेका थिए, सिद्धान्त मन पर्दैन भने विश्वविद्यालयमा प्रवेश दिनुहुन्न ।

विश्वविद्यालय बाहिरको मार्क्सवादको चर्चा गर्दा किट्सको 'अजिम्यान्डियास' कविताको सम्झना आउँछ 'मैले एउटा पुरातन देशको यात्रीलाई भेटेँउसले भन्यो, 'दुइटा विशाल मुढो विहीन, मरुभूमिमा उभिएको पाषाण खुट्टा देखें' मेरा विचारहरू मूर्तिमा परिवर्तित हुन्छन् । बालुवा र धुलोमा परिणत गरिन्छ । तर, विश्वविद्यालयहरूले चर्किएका अङ्गप्रत्यङ्गहरूलाई टिप्दै हरेक 'वाद'को अध्ययन गरेका हुन्छन् । ट्राभर्सोले जे भने पनि चिन्ता गर्नु पर्दैन । विश्वविद्यालयको अध्ययनशील मन हुन्छ । हरेक प्रसङ्ग सम्झनाका कथा बनेको हुन्छ । कक्षाकोठादेखि अखबारका लेखहरूसम्म । अन्त्यमा फेरि एउटा कविताको सानो खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवाद गर्छु । यी पंक्तिहरू कलरिजको 'द राइम अफ त एन्सिएन्ट मारिनर'का हुन् - 'त्यो बेलादेखि, अनिश्चित प्रहारमा, वेदना फर्किन्छ, र जबसम्म अप्रिय कथा भन्दिनँ, यो मुटमा जलन हुन्छ !' मार्क्सवादको कथा अप्रिय त छँदैछैन तर अप्रिय बनाइएको छ । 'पुँजी'को पहिलो भागमा कार्ल मार्क्सले सेक्सपियरको 'मच अ डु अबाउट नथिंग' नाटकका पात्र डोग्बेरीको भनाइ उद्धृत गर्छन्- 'रूपवान् मानव हुनु, भाग्यको कोसेली हो तर पठन र लेखन प्रकृतिबाट आउँछ ।' यही प्रकृतिको तथ्य विश्वविद्यालयले समेटेको छ, मार्क्सवाद होस् वा विनिर्माणवाद ।

मार्क्सवादको पुरातन शास्त्रीय विचारहरूको बोलवाला छैन जसमा आर्थिक पक्ष सबैभन्दा मुख्य निर्धारक हुन्थ्यो जसअनुसार समाज र संस्थाको आधार आर्थिक हो भन्ने बुझिन्छ । इतिहासको चरित्र सामाजिक समूहहरूबीच लगातारको संघर्ष हो । अतिरिक्त मूल्य निर्माण गर्ने मजदुरलाई फाइदा नहुनु र यही अतिरिक्त मूल्य भएको वस्तुलाई कमोडिफाई गर्नु मार्क्सवादको गहन खोज हो । तर पनि मार्क्सवादबाट मार्क्सवादहरू हुनुको पछाडिका घटनाहरूको चर्चा भईरहेको छ, गरिदो छ । त्यसो गर्नु मार्क्स र मार्क्सवादलाई प्रणाम गर्नु हो । मार्क्सले डिनर खाँदा, परिवारले प्रार्थना गर्दा, कुनै एकजनालाई सेक्सपियरको पंक्ति पढ्न भन्थे ।

हार्दिक श्रद्धाञ्जली

जन्मः
१९८३।९।३

देहावसानः
२०७४।१०।२२

यस केन्द्रका कार्यसमितिका सदस्य श्री मदनराज थापाकी आमा तथा जनकवि केशरी धर्मराज सावित्री थापा प्रतिष्ठानकी संरक्षिका **सावित्री थापा**को ९१ वर्षको उमेरमा भएको दुःखद निधनमा दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र गहिरो शोक व्यक्त गर्दछ । यस दुःखद घडीमा मदनराज थापा र परिवारजनप्रति हार्दिक समवेदना ज्ञापन गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दछौं ।

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र
काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिपुलेक सीमा मामिला र त्रि-देशीय विन्दु

बुद्धिनारायण श्रेष्ठ

भारत र चीनले नेपालको लिपुलेक सीमाक्षेत्रबाट आपसी ब्यापार अभिवृद्धि गर्ने सम्झौता गरेपछि नेपालभर हल्लीखल्ली मच्चिएको थियो। त्यसपछि सार्वभौम नेपालको भूमि लिपुलेक मिचिएकोबारे सयौं लेख प्रकाशित भइसके। कतिले त कविता पनि कोरे। राजनीतिक पार्टी भातृसंगठनका युवाहरूले लिपुलेक जाऔं भन्ने कार्यक्रम गरी टिङ्करको सीमा खम्बा न. १ मा नेपालको राष्ट्रिय झन्डा फहराइ फर्के। दुवै देशका खर्राट कूटनीतिज्ञका अन्तर्वार्ता पनि प्रकाशित भए। रेडियो तथा टेलिभिजनमा पचासौं आइटम प्रकाशित भए।

यसै प्रसङ्गमा तत्कालीन व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको बैठकले छिमेकी मुलुक भारत र चीनले नेपाललाई बेवास्ता गर्दै नेपाली भूमि लिपुलेकबाट आफूखुशी व्यापारिक नाका खोल्न गरेको सम्झौता सच्याउन दुई देशलाई कूटनीतिक दबाब दिन सरकारलाई निर्देशन दिएको थियो। व्यवस्थापिका संसदको बैठकले लिपुलेकको यथार्थ के हो ? सरकारले अहिलेसम्म के गरिरहेको छ ? संसदमार्फत जनताले जान्न पाउने अधिकार छ भन्दै सभामुखले तत्काल धारणा राख्न सरकारलाई रुलिङ गरेका थिए। सरकारले लिपुलेकका सम्बन्धमा दुवै छिमेकी मुलुकसँग कूटनीतिक माध्यमबाट आफ्नो अडान र धारणा राखिसकेको छ र संवाद जारी छ भन्यो। छिमेकी मित्रराष्ट्रस'ग सीमालगायत संवेदनशील विषयको समाधान कूटनीतिक माध्यमबाटै गर्नुपर्छ भन्नेमा सरकारको दृढ मान्यता रहेको र त्यसैअनुरूप सरकारले काम गरिरहेको छ भनी तत्कालीन परराष्ट्रमन्त्रीले सदनलाई जानकारी गराएका थिए।

सुगौली सन्धिको काली नदी र लिपुलेक

सुगौली सन्धिको धारा-५ ले नेपालको पश्चिमी सिमाना 'काली नदी' हो भन्ने इङ्गित गरेको छ। यस धारामा नेपालका राजा, उनका उत्तराधिकारी वा वारिसहरूले काली नदी पश्चिमको सम्पूर्ण दावी तथा त्यसतर्फका बासिन्दासितको सम्बन्ध परित्याग गर्नेछन् भन्ने शब्दावली उल्लेख गरिएको छ। अहिले आएर यहाँ दिग्भ्रमित भएको छ अनि अन्योल सिर्जना गरिएको छ- सुगौली सन्धिले औंल्याएको काली नदी कुन हो ? कालीको शिर कतातिर हो ? कालीको मुहान कहाँ छ ? कालीको उद्गम कहाँबाट भएको छ ? लिपुलेक कतातिर पर्छ ?

सन्धिको अनुसूचीमा नक्सा सम्लग्न गरिएको भए भ्रम उत्पन्न गर्न गराउनसक्ने स्थिति

नोटः लेखक श्रेष्ठ सीमाविद् एवं 'नेपालको सीमाना' नामक पुस्तकमा मदनपुरस्कार प्राप्त व्यक्तित्व हुनुहुन्छ। -सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
नै आउँदैनथ्यो । तर अनुसूची उल्लेख गरिएको छैन । यद्यपि सन्धिका साथमा केही सहयोगी सामग्री/कागजात रहेको हुनसक्छ । तर दुर्भाग्य, हस्ताक्षर गर्ने नेपालसँग सन्धिको प्रति नै छैन । सन्धिमा काउन्टर हस्ताक्षर गर्ने बृटिशकालीन भारतसँग निश्चय नै हुनुपर्ने हो । तर सन्धिको मूल प्रति भएको तत्कालीन बृटिश सरकारको विरासतका रूपमा रहेको देश भारत तैंचुप मैंचुप अवस्थामा रहेको छ । कतै सुगौली सन्धिका साथ पूरक कागजातका रूपमा रहेका केही दस्तावेज पनि भएकोले र ती भारतको प्रतिकूल भएकोले मूल सन्धि गर्ने देश र स्वतन्त्र भारतले यस सम्बन्धी चासो नदेखाएको पो हो कि भनी शङ्काको फाइदा उठाउने ठाउँ रहेको छ । यस परिप्रेक्षमा लिपुलेकसमेतको नेपालको पश्चिमी सीमाको निर्क्यौल छिमेकी मुलुकसँग गर्न नेपालले सुगौली सन्धिको मूल प्रति रहेको स्थानबाट त्यसको छाँयाप्रति उपलब्ध गर्न कूटनीतिक, राजनीतिक र प्रशासनिक पहल गर्नु सान्दर्भिक हुन आएको छ ।

सन्धिको मूल प्रति पाउन सकिए फूलमाथि सुगन्ध भनेजस्तै हुने थियो । तर सक्कल प्रति पत्ता लगाउन नसकिए तापनि बृटिश सर्भे अफ इन्डियाले सुगौली सन्धिताका प्रकाशित गरेको नक्साले पनि त्यत्तिकै मात्रामा काम गर्न सक्छ । यस्ता नक्सालाई सुगौली सन्धिका सहयोगी सामग्रीका रूपमा लिन सकिन्छ । १ फेब्रुरी १८२७ मा जलविज्ञानविज्ञ जेम्स होर्सूट सर्गले बनाएको नक्सा ब्रिटिश पार्लियामेन्टको कानुनअनुसार प्रकाशित भएको कुरा उल्लेख गरिएको छ । यस्तै २४ अप्रिल १८५६ मा भारतको सर्भेयर जनरल कार्यालयबाट प्रकाशित नक्सा पुछारको नोट नं. ३ मा 'नेपालस्थित ब्रिटिश राजदूतद्वारा बेलायतको विदेश मन्त्रालयबाट प्राप्त देवनागरीलिपिको जंगबहादुरको नेपालको हाते नक्साको विवरणहरू समेत सम्लग्न गरी कम्पाइल गरेर यो नक्सा तयार गरिएको छ' भनी उल्लेख गरिएको छ । स्मरणीय छ, यी नक्साहरूमा लिम्पियाधुराबाट उद्गम भएको नदीलाई 'काली नदी' भनी स्पष्टसँग अङ्कन गरिएको छ । यसबाट कालीको शिर लिम्पियाधुरा हो भन्ने बुझिन्छ । लिम्पियाधुराको सीमा भएपछि लिपुलेक स्वतः नेपालको हो भन्ने ठहरिन्छ ।

नेपाल र भारतको नक्सा

यति हुँदाहुदै पनि अज्ञानतावस अथवा पुराना नक्सा दस्तावेजको अध्ययनविना नेपालले लिपुलेकलाई नपाल-भारत-चीनको सीमा मानी सन् १९७६ देखि नक्सा प्रकाशित गर्दै आएको देखिन्छ । यसै नक्सा हालसम्म प्रचलनमा आएको पाइन्छ । यसमा नेपालको अज्ञानताबारे विभिन्न व्यक्तिका आ-आफ्नै धारणा हुनसक्छ ।

तर भारतले लिम्पियाधुरा त के, लिपुलेकलाई पनि सीमा नमानी लिपुलेकभन्दा ६ किलोमिटर दक्षिण टिङ्कर भंज्याङलाई त्रि-देशीय विन्दुका रूपमा मानी निकै दसाव्दी अघिदेखि नक्सा प्रकाशित गर्दै आइरहेको छ । यो नक्सामा सुगौली सन्धिमा उल्लेख भएका विवरणविपरित अन्तर्राष्ट्रिय सीमारेखा कोरिएको छ । सुगौली सन्धिमा नेपालको पश्चिमी सीमारेखा काली नदी (पानी सीमा) भनी तोकिएको छ । तर यस्ता भारतीय नक्सामा जमिन सीमा मानी डाँडाको धारैधार सीमारेखा कोरिएको छ । स्मरणीय छ नेपालको उत्तर-पश्चिम सीमामा एक टुक्रा पनि जमिनको भाग पर्न सक्दैन । तर छिमेकीले नयाँ नक्साहरूद्वारा एक आपसमा विरोधाभाष विवरण उजागर गर्दै दिग्भ्रमित पारिरहेको छ । नेपालले बनाएको नक्सालाई भारतले मान्यता दिएको छैन भने भारतले प्रकाशित गरेको नक्सालाई नेपालले बेवास्ता गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
छ । उल्लेखनीय कुरा के छ भने सुगौली सन्धिताकाका बृटिशकालीन नक्साहरूले माथि उल्लिखित दुबै नक्सालाई असान्दर्भिक मानेको छ ।

ती दुबै नक्सा आ-आफ्नै पारामा किन नाचे ? यस सम्बन्धमा नेपाल, भारत र चीनको सीमान्त भूमि भेटिने/छुट्टिने त्रि-देशीय विन्दु अहिलेसम्म स्थापना हुन नसक्नुनै जड कुरो हो । त्रि-विन्दु विधिवत स्थापना भएको भोलिपल्टदेखि ती दुवै नक्साका विवरण सच्याउनुपर्ने खण्ड आइपर्छ । अनि लिपुलेकको हल्लीखल्ली भारत र नेपाल दुबै देशमा अन्त्य हुन्छ ।

त्रि-देशीय विन्दु स्थापना

अब कुरो रहयो त्रि-देशीय विन्दु कसले कसरी र के आधारमा खडा गर्ने ? त्रि-देशीय विन्दु स्थापना गर्ने सम्बन्धमा नेपाल र भारतको मात्र चासोको कुरा होइन । यसमा चीन पनि त्यतिकै मात्रामा सम्लग्न हुनुपर्छ । यसैले चीनलाइ पनि चासो गराइनु पर्छ । नेपाल र भारत मिली त्रि-देशीय विन्दु कायम गर्दा चीनले मान्यता दिएन भने त्यो बेकाम हुन्छ । नेपाल र चीनबीच सन् १९६१-६२ को सीमाङ्क सिलसिलामा त्रि-विन्दु स्थापना गर्न भारतको सम्लग्नताका लागि अनुरोध गर्दा चीनसँगको सीमायुद्धका मामिलामा अल्झेकोले भारत उपस्थित हुन सकेन । यसरी नेपालको पश्चिमी त्रि-विन्दु कायम हुन नसकेका कारण पूर्वी त्रि-विन्दु पनि स्थापना गरिएन । ताप्लेजुङ-सिक्किम-तिब्बत मिलन हुने भिन्सासङ चुलीमा रहेको निर्विवाद त्रि-विन्दुभन्दा १४ किलोमिटर यतै मात्र सीमाखम्बा न. ७९ गाडिएको छ । यसले दार्चुलाको टिङ्करमा रहेको सीमाखम्बा न. १ भन्दा निकै पर पश्चिमी त्रि-विन्दु हुनुपर्ने सङ्केत दिएको छ ।

नेपाल र भारतबीच जमिनमा रेखाङ्कन गर्दा पुराना नक्सा दस्तावेजलाई आधार प्रमाणका रूपमा लिइने छ भनी दुवै देश निर्णयमा पुगेका थिए । यसैगरी नदीको सीमाङ्कन गर्दा 'स्थिर सीमा सिद्धान्त' अपनाइने छ भन्ने पनि निर्णय गरिएको थियो । यसै निर्णयअनुसार सन् १९८१ देखि सीमांकन कार्य अहिले पनि चलिरहेको छ । यसले सीमाङ्कन कार्यमा तत्कालीन ऐतिहासिक नक्सा अपरिहार्य रहेको बुझिन्छ । यिनै सिद्धान्त र निर्णयअनुसार अमेरिकाको लाइब्रेरी अफ कङ्ग्रेस, बेलायतको ब्रिटिश म्युजियम लाइब्रेरी, नेशनल लाइब्रेरी अफ चाइना आदि देशमा रहेका सुगौली सन्धिताकाको नक्सामा कालीको उद्गम लिम्पियाधुरा अङ्कित गरिएकोले महाकाली नदीको शिर लिम्पियाधुरामा त्रि-देशीय विन्दु स्थापना गर्नुपर्ने हुन्छ ।

भारत-चीन सम्बन्ध र नेपाल

सन् १९६२ मा भारत-चीन सीमा युद्ध हुनुअघि 'चिनी-भारती भाइ-भाइ' थिए भने युद्धताका 'चिनी-भारती शत्रु-शत्रु' र युद्धपश्चात् 'चिनी-भारती बाइ-बाइ' भएका कारण त्रिदेशीय विन्दु कायम गर्न भारतले उपस्थित हुन उत्सुकता नदेखाएको हुनसक्छ । तर अब समयले कोल्टे फेरेको छ । साढे पाँच दशकपछि 'चिनी-भारती साथ-साथ' भए । कहिले हातेमालो गरेर अगाडि बढ्छन् भने चीनको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' मा चीन भारतलाई फकाउन चाहन्छ । तर भारत टाढिन खोजिरहेको छ । यिनै कारणले नेपाल ती दुवै देशको प्यारो भएकोछ । ती दुवै देशले नेपाललाई आफूतिर तान्दैछन् ।

खासगरी नेपालमा विनाशकारी भूकम्प गएको बेला भारतले सबभन्दा पहिले उद्धारकर्मी र सामग्री पठाएर नेपालको मनजित्ने प्रयास गऱ्यो । नेपालमा नयाँ संविधान बनेकोमा चीनले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वागत गऱ्यो । नेपालले ओबरमा हस्ताक्षर गरेकोले सच्चा मित्र पायौं भनी चीनले नेपालप्रति आभार जनायो । संविधान जारी गर्दाको समय भारत बेखुश भए तापनि केही पछि नेपालका प्रमुख दलहरूले गरेको प्रयासलाई भारतले प्रशंसा र स्वागत गऱ्यो । यस्तो अनुकूल परिस्थितिमा नेपालले बुद्धिमत्तापूर्वक त्रि-विन्दु निर्धारण गर्न रणनीतिक पाइला चाल्नसक्नु पर्छ । त्रि-देशीय विन्दु खडा गर्न नेपाल सफल भए भारत र चीनको सामिप्यता अझ अरु नजिक हुनेछ भने ती दुवै छिमेकी मुलुकको नेपालप्रति असल नियत रहेछ भन्ने प्रमाणित हुन पुग्छ । तथापि नेपालले एउटा 'पुरानो आहानचाहिँ जहिल्यै पनि मनन गरेर पाइला चाल्नुपर्छ । त्यो आहान हो- 'दुई हात्ती आपसमा झगडा गरे घाँस माडिन्छ । आपसमा मायापिर्ती गरे पनि घाँसै माडिन्छ ।' यस भनाइको सन्दर्भमा दुई उदाहरण पेश हुन सक्छन् । सन् १९६२ मा भारत र चीनबीच छोटो तर डरलाग्दो सीमा युद्ध हुँदा नेपालको कालापानी क्षेत्रको घाँस माडियो । सन् २०१५ मा ती दुई देशबीच व्यापारिक मायापिर्ती प्रगाढ हुँदा नेपालको सार्वभौमिकता रहेको लिपुलेकको घाँसै माडियो । सन् १९६२ मा भारत-चीन सीमायुद्ध हुँदा भारतको हार भई चिनियाँ फौज रोकिएपछि त्यस फौजलाई अरु अघि बढ्न नदिने सामरिक महत्वपूर्ण स्थान कहाँ छ भनी भारतीय फौजले खोजि गऱ्यो । अनि नेपालको लिम्पियाधुरादेखि कालापानी लिपुलेक भञ्ज्याङ संवेदनशील क्षेत्र देखेर कब्जा गरी बसे । अहिल्यै पनि नेपालको संप्रभुता भएको ती क्षेत्रमा भारतीय अर्ध-सैनिक बल रहेका छन् । दुई वर्षअघि ती दुई देशले लिपुलेकको छोटो मार्गबाट व्यापार वाणिज्यको क्रियाकलाप अभिवृद्धि गर्न आपसी संझौता गर्दा लिपुलेकमाथि नेपालको सार्वभौमिकतामा आघात पारे । यसैले पृथ्वीनारायण शाहले नेपाल दुई ढुङ्गाबीचको तरुल भनेका होलान् । नेपालको घाँस नमाडिन अब तरुलले ती दुई ढुङ्गासँग सामन्जस्यता अपनाउँदा तरुल चिरिप्प नहुने प्रकारको कूटनीतिक सामिप्यता अपनाउन जरुरी भएको कुरा हृदयङ्गम गर्नुपर्छ ।

लिपुलेकको आवाज बेइजिङसम्म

लिपुलेक विवादको हल्लीखल्ली नेपालमा मच्चिँदा काठमाडौंस्थित चिनियाँ र भारतीय राजदूतको ध्यान खिचिएको थियो । यसैगरी बेइजिङ र दिल्लीमा रहेका नेपाली राजदूतहरूले शान्त कूटनीति परिचालन गर्ने प्रयास गरेका थिए । नेपालको लिपुलेकबारे उठेको आवाज बेइजिङसम्म पनि पुगेको थियो । लिपुलेक सम्बन्धमा नेपालले ऐतिहासिक प्रमाणहरू उपलब्ध गराउँछ भने भारतसँग गरिएको सम्झौतामा सुधार गर्न सकिने आशय चीनले प्रकट गरेको थियो । चीनका दक्षिण एसियाली विज्ञले भनेका थिए- 'यदि लिपुलेक विवादित क्षेत्र हो भने चीनले निश्चय नै भारतसँगको सम्झौता पुनरावलोकन गर्नेछ । चीनको नेपाललाई चोट पुऱ्याउने मनसाय छैन ।'

बेइजिङ इन्टरनेशनल स्टडिज युनिभर्सिटीको प्रोफेसर सु लिआङ्ले भनेका थिए- 'लिपुलेकसम्बन्धी चीन-भारत सम्झौताप्रति नेपालको चासो एकदमै स्वाभाविक छ । नेपालको भौगोलिक अखण्डतालाई अस्वीकार गरेर चीनले लिपुलेकमा भारतको नियन्त्रणलाई मान्यता दिन सक्दैन ।' यसै सिलसिलामा चीनको दक्षिण एसिया सम्बन्धमा बेइजिङका अगुवा प्रोफेसर वाङ होङवेइले साइनो-इन्डिया रिलेसन्स पुस्तकमा भारतीय पक्षले यी नाकामा आफ्नो वर्चस्व देखाउन सम्झौताको भाषा मिलाउन कति कसरत गरेको थियो भन्नेबारे सबिस्तार चर्चा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका छन् । यसभन्दा पनि महत्वपूर्ण कुरा चिनियाँ वाणिज्य उपमन्त्री छाङले तत्कालीन प्रधानमन्त्री सुशील कोइरालासँगको २०७२ साउन ८ को भेटपछि प्रधानमन्त्री निवास परिसरमा सञ्चारकर्मीलाई भनेका थिए- विवादित लिपुलेक सम्झौता चीन, भारत र नेपालबीचको त्रिपक्षीय छलफलबाट हल गर्न चीन तयार रहेको छ ।

लिपुलेकको बल नेपालको कोर्टमा

यस परिप्रेक्षमा लिपुलेक विवादको 'बल' नेपालको 'कोर्ट' मा आइपुगेको थियो । नेपालले लिपुलेक मात्र होइन, कालापानी लिम्पियाधुरा अतिक्रमित क्षेत्रको विवाद सौहार्दपूर्ण तरिकाले समाधान गर्न कूटनीतिक पहल गर्नु आवश्यक छ । चीनले प्रमाण खोजेको प्रसङ्गमा नेपालले सुगौली सन्धि र सन्धिताका बृटिशकालीन भारतले बनाएको नक्सा आधार प्रमाणका रूपमा चीनसमक्ष विधिवत प्रस्तुत गर्नुपर्छ । यसको प्रति भारतलाई पनि उपलब्ध गराउनुपर्छ । भौगोलिक हिसाबले नेपालको अवस्थिति भारत र चीनको बीचमा रहेको छ । यसैले बीचमा रहेको नेपालले उत्तर र दक्षिणमा रहेको चीन र भारतको 'साथमा साथ र हातमा हात' मिलाई तीन देशबीचको शून्य अङ्क भएको त्रि-देशीय खम्बा शान्ति र सुसम्बन्धको स्मारकका रूपमा स्थापना गर्नुपर्छ । अनि लिपुलेक नेपालको संप्रभुताभित्र रहेको तथ्यलाई प्रमाणित गर्नुपर्छ ।

श्रद्धाञ्जली

जन्मः
२००६।१०।१५

स्वर्गारोहणः
२०७४।७।३०

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रका सल्लाहकार एवं साहित्यकार श्री तुलसी न्यौपानेज्यूकी धर्मपत्नी **कमला न्यौपाने**को दुखद निधन भएकाले उहाँप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं । साथै दिवङ्गत कमला न्यौपानेको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं ।

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोशीको कहर कि छिमेकीको ?

प्रा.डा. सुरेन्द्र केसी

१. विषय प्रवेश

नेपालको अधिकांश हिस्सा पहाड पर्वत र हिमालले बनेको भएतापनि त्यसको काखमा तराई नै छ। यस भूगोलमा कम्तीमा ६००० साना-ठुला नदीनाला, खोला-खोल्सी रहेका छन्। यी मध्ये ७६% को उद्गम क्षेत्र नेपाल हो भने बाँकी तिव्वत तर्फबाट जन्मेर आएका नदी नालाहरू हुन्। त्यसै गरी हाम्रा नदीहरूमध्ये १६० किलोमिटर भन्दा लामा १०० भन्दा बढी छन् भने २४ नदी ५०० किलोमिटर लामा छन्। अनि ११ किलोमिटर भन्दा लामा नदी करीब १००० छन्। त्यसैले विज्ञहरू नेपाललाई "जलश्रोतको धनि देश" पनि भन्दछन्। किनभने हामीसँग ८३ हजार मेघावाट विद्युत् निकाल्न सक्ने क्षमता छ। जो ब्राजिल पछिको दोस्रो हो तर विडम्वना ! हाम्रो देश १६ घण्टासम्मको विद्युत् कटौती व्यहोर्न विवश हुनुपर्‍यो। किनभने विद्युत् उत्पादन अहिलेपनि ७०० मेघावाट भन्दा माथि जान सकिरहेको छैन। नतः त्यत्तिकै विशालतम भूभाग र स्रोतसाधनयुक्त छिमेकीहरूबाट नै हामीले सुछिमेकिपनको सुवास पाउन सकेका छौं। प्रस्तुत आलेख यिनै दुई तत्वले दिएका कथा-चासो- हस्तक्षेप र संबद्ध पीडा विषयमा केन्द्रित रहेको छ।

२. कहरको जड

नेपालको सबैभन्दा ठूलो र लामो नदी सप्तकोशी हो भने सबभन्दा गहिरो चाहिँ नारायणी अर्थात् अगण्डकी हो। अर्कोतर्फ नेपालका साविक ७५ जिल्ला मध्ये २६ जिल्लाको सिमाना भारतसँग जोडिएको छ भने यसमध्ये पनि १२१३ किलोमिटर सीमा जमिनको सीमारेखा छ। ५९५ कि.मि. सीमा चाहिँ नदी सीमारेखा छ। झण्डै १५० नदीनाला नेपालबाट भारततर्फ बगेका छन्। ६० ओटा साना-ठुला नदीले हाम्रा २ देश बीचको सीमारेखाको काम गर्दछन्।

यी नदीहरू नेपालको सीमारेखा पार गर्दै भारत लाग्छन्। ज्ञातव्य छ, हाम्रो भारतसँगको कूल सीमारेखा १८०८ किलोमिटर रहेको छ। अघि पनि भनियो, यस मध्ये २६ जिल्लाहरू भारतको सीमानासँग जोडिएका छन्। दुःखद के रहेको छ भने यी मध्ये पनि २१ जिल्लामा ५४ स्थानमा हाम्रा दुई देश बीच विभिन्न स्तर र प्रकृतिको सीमागत किचपिच र अतिक्रमण भएका छन् भने ६० स्थानमा डुवान हस्तक्षेप रही आएको छ। यस किचपिच र हस्तक्षेपले नेपाल र नेपालीलाई जे पीडा र सन्त्रास थोपरेको छ, ती पूर्णतः नेपालको पूर्वी सीमाना मेची नदीदेखि पश्चिम सिमाना महाकालीसम्म नै विस्तारित छन्। अर्कोतर्फ, हाम्रा छिमेकिहरूको खास गरी दक्षिणी छिमेकीको हामीलाई हेप्ने, ठेल्ने र पेल्ने हेपाहा नीतिको शिकार पनि वर्षौंदेखि हामी नै हुँदै आइरहेको पीडा पनि हामीलाई छ। जसले विभिन्न ठाउँमा त्यसप्रकारले हेप्ने र ठेल्ने-पेल्ने

लेखक केसी प्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा कार्यरत हुनुहुन्छ। -सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र गर्दैन, अन्तर्राष्ट्रिय कानुन र अभ्यास समेतलाई उपेक्षा गर्दै सीमावर्ती क्षेत्रमा एकतर्फी संरचनाहरू बनाउने र दशगजा मिच्ने प्रवृत्तिबाट पनि हामी त्यत्तिकै आजित भईआएका छौं। पछिल्लोपटक पूर्वपश्चिम सीमाङ्कन सन्दर्भमा वरगत क्षेत्रमा मात्र नेपालतर्फको ५० हजार वर्गकिमि जमिन भारततर्फ गाभिन पुगेको समाचारले सिंगो नेपाल र नेपाली आहात भई तीव्र प्रतिक्रिया उत्पन्न भइरहेको स्थितिमा यो आलेख तयार भइरहेको अवस्था छ।

३. विषय विस्तार

यस्तो खालि भारतले एकतर्फी रूपमा वा सहमतिमै नेपाल-भारत सीमा रेखामा खडा गरिएको समस्याका सन्दर्भमा मात्र नभई विश्वव्यापी सन्दर्भमा पनि हो भनेर बुझ्नुपर्ने हुन्छ। तोकेर भन्दा त्यस विधिबाट भारतले चाहिँ मूलतः विभिन्न बहानामा नेपालको सीमा रेखा नजिकै बाँध तथा तटबन्धको अतिरिक्त एकतर्फी र अन्तर्राष्ट्रिय नियम, कानुन, परम्परा र अभ्यास सबैको घोर उलङ्घन गर्दै सडक र रेल्वेलाइनहरू पनि निरन्तर बनाउँदै आएको र यी प्रश्नहरू उठ्दा विभिन्न बहानाबाजी र तर्कावलीहरू तेर्स्याउँदै आइरहेको सम्पूर्ण जनमानसले नै बुझी भोगिरहेको स्थिति छ। किनभने नेपालले साल सालै बाढीको प्रकोप व्यहोर्नु र लाखौं-करोडौं होइन खर्बौंको क्षति व्यहोर्नु परेको छ भने मानवीय क्षति पनि त्यत्ति नै छ।

४. कहरको विगत र पछिल्लो पीडा :

पृष्ठभूमि हेर्दा २०११, २०३२, २०४६, २०५० २०५९ सालमा नेपालले ठूलठूला बाढी पहिरो र डुबान व्यहोर्नु पऱ्यो। त्यसैगरी २०६५ र २०७३ मा त्यत्रै विनाशकारी बाढीहरू नेपाल र नेपालीले व्यहोर्नु पऱ्यो। यस वर्ष २०७४ को साउन २७ देखि ३० गतेसम्म त नेपालको तराई क्षेत्रले शतककै सबैभन्दा भीषण पानी र बाढीले थोपरेको डुबान व्यहोर्नु पऱ्यो। जो देशको २६ जिल्लालाई आफ्नो चपेटामा पार्ने क्षमता बोकेर आयो। २०७४ सालको बाढी कै कुरा गर्दा गृह मन्त्रालयको उक्त विवरण अनुसार २१००० सर्वसाधारण विस्थापित हुन पुगे भने ३ हजार ७२७ पूर्वाधार संरचनामा गम्भिर क्षति पुगेको छ। यस परिप्रेक्ष्यमा अध्येताहरूले यस प्रकारका बाढीहरूमा डुबानबाट प्रतिवर्ष सरदर ३५० नेपालीहरूको ज्यान जाने गरेको निष्कर्ष झिक्ने गरेका छन्। उता गत साउन २७ देखि ३० गतेसम्म परेको (२०७४) अविरल वर्षाले उत्पन्न गरेको भीषण बाढीबाट प्रभावित ३५ जिल्लामध्ये १८ जिल्लामा परेको डरलाग्दो बाढीमा भएको क्षति आँकलनका लागि राष्ट्रिय योजना आयोगले गरेको अध्ययनले उक्त बाढीमा जम्मा ६० अर्व ७१ करोड ६६ लाख बराबरको भौतिक क्षति भइ १७ लाख मानिस प्रत्यक्ष प्रभावित भए भने सोको पुनःस्थापनामा ७३ अर्ब २४ करोड ४८ लाख लाग्ने अनुमान कार्तिक २७ गते (२०७४) आयोगद्वारा प्रधानमन्त्रीलाई बुझाइएको प्रतिवेदनमा उल्लेख गरिएबाट पछिल्लो बाढी नेपाल र नेपालीको लागि कत्तिको भयावह रह्यो भन्ने स्वतसिद्ध नै छ।

ई. १९८३ देखि २००४ को २२ वर्षको अवधिमा ४,८६,४७८ परिवार सङ्ख्या बाढी र पहिरोबाट प्रभावित भएको एउटा अर्को अध्ययनले पनि देखाएको छ। थप गम्भिरता कहाँ बढेर गएको छ भने छिमेकी भारतले एकतर्फी रूपमा झन्डै डेढ दर्जन संरचनाहरू सीमावर्ती क्षेत्रमा खडा गरिसकेको अवस्था छ भने सीमाक्षेत्रमा कूल १,८०८ किलोमिटर लामो र १० फिट अग्लो पूर्वपश्चिम सीमामार्ग बनाउँदा आवश्यक र अनिवार्य कलभर्ट तथा निकास नराख्ने मात्र होइन चाहिने ढुङ्गा गिटी, बालुवा जस्ता निर्माण सामग्रीहरू पनि नेपाल तिरैबाट दोहन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
गरी लान सफल भएबाट हामी डुबान मात्र होइन उजाड बन्दै गएको हुँदा सरोकारवाला आम नेपाली जागरुक र सचेत हुनु आवश्यक छ। सरकार संवेदनशील हुन नसक्नु डरलाग्दो खेदको विषय बनेको छ। त्यसरी पढ्नुपर्ने यी पक्षहरू केवल सन्धि-सम्झौता, संयुक्त विज्ञप्ति र समझदारीहरूको हदमा मात्र सीमित नभई समुचित बाँध, तटबन्ध, व्यारेज, तटबाँध, जोर्तिबाँध, जलबन्धन, छांद र ठोक्कर आदि के हुन् ? कसरी बन्छन् र तिनको प्राविधिक पक्ष कसरी बनाइन्छ ? साथै, यस सम्बन्धी अन्तर्राष्ट्रिय परम्परा, कानुन, अभ्यास एवं सन्धि-सम्झौताहरू कहाँ कसरी भएका छन् र तिनले गरीराखेको कानुनी व्यवस्था समेत के छ ? यावत विषयमा आम नागरिक तथा बौद्धिक वर्गले पनि न्यूनतम सूचना र जानकारी लिनु अनिवार्य विषय बनेर गएको छ। किनभने यस प्रश्नको अतिरिक्त भू-परिवेष्ठित राष्ट्रले पाउनुपर्ने हक-अधिकार त्यसैगरी, अग्लो-तटीय र अग्लो-तटीय राष्ट्रले पाउनुपर्ने अधिकार अनि, पर्यावरणीय कर्तव्य र दायित्व जस्ता विषयहरूमा पनि अब कसैले पनि अनभिज्ञता प्रकट गरी मिनाहा पाउने अवस्था रहेन। त्यसको विपरित यी विषयहरू अब प्रत्येक नागरिक र राष्ट्र कै सामाजिक दायित्व भित्र कै विषय वस्तु बनिसके।

हाम्रो मुलुकको सन्दर्भमा त यी प्रश्नहरू अझ बढी ज्वलन्त बनेर आएका छन् किनभने हामी ती सबै प्रकोपहरूबाट पटक-पटक आक्रान्त र पीडित बन्दै आएका छौं। हामीलाई पटक पटक नाकाबन्दीको डण्डा परेको छ भने त्यही डण्डा बाढीले पनि हान्दै आएको छ। दुःखका साथ भन्नुपरेको छ- हामीले यस्तो भोग्न विवश हुनपर्नाको कारक स्वयं हामी कहिल्यै पनि छैनौं। छिमेकीलाई रिस उठ्दा हामीले नाकाबन्दी खानुपर्ने ! अनि उसैले निर्माण गरेका संरचनाको कारण हामी डुबेर मर्नु पर्ने ! के यो कुनै सामान्य र क्षम्य कुरा हो ? के यस सम्बन्धमा बनेका अन्तर्राष्ट्रिय नियम, कानुन, सन्धि-सम्झौता र अभ्यासहरू औपचारिकता वा शोभा मात्र हुन् ? यसको परिपालन साना मुलुकले मात्र गर्नुपर्ने ? ठूलाले जे गरे पनि हुने ? निश्चय नै यी प्रश्नहरू ज्वलन्त र गम्भिर छन्। जसलाई कुनैपनि देशवासीले अपेक्षा गर्ने स्थिति नै रहन जाँदैन।

५. सन्धि-सम्झौता र डुवानको जोखिम

भारतले नेपालको सीमा नजिकै विना सम्झौता एकलौटी रूपमा बाँध निर्माण गरेबाट उल्लेख्य असर परिरहेको छ। ती मध्ये केही बाँधहरू सीमा क्षेत्रमै निर्माण गरिएका छन् भने केही ५/१० किलोमिटर टाढा रहेका छन्। यस सम्बन्धी कुनै सन्धि-सम्झौतामा किटानी उल्लेख नभएतापनि सामान्यतः दुई देशबीचको सीमारेखाबाट ८ किलोमिटर दुरीको क्षेत्रभित्र एकतर्फी रूपमा सीमावर्ती बाँध निर्माण गर्नु अन्तर्राष्ट्रिय मान्यता विपरित काम हो किनभने यस्तो काम अक्सर दुबै देशको सहमति र आपसी हितलाई ध्यानमा राखेर नै गर्ने प्रचलन छ।

नेपालका सीमाविद् बुद्धिनारायण श्रेष्ठले उल्लेख गरेअनुसार हालसम्म भारतले नेपालसँग जोडिएका त्यस प्रकारका व्यारेज, बाँध, तटबाँध, जोर्तिबाँध र तटबन्धहरू २१ को सङ्ख्यामा निर्माण गरिसकेको अवस्था छ। ती मध्ये पञ्चेश्वर र पूर्णागिरी निर्माणाधीन र कोशी उच्च विचाराधीन अवस्थामा रहेको भए पनि बाँकी बनिसकेका र तिनले निरन्तर नेपाल र नेपालीलाई त्राहिमाम् र उठिबास लगाइरहेको पीडाले हामीलाई पोलि-गालिरहेको अवस्था छ। कहाँसम्म भने हाम्रा २ देशबीच हस्ताक्षरित तथा कृयान्वित केही सन्धि-सम्झौताहरू समेत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पनि हाम्रा लागि वरदान होइन अभिशाप नै बनेर खडा भए !

सवैमा विदितै छ, त्यसप्रकार हस्ताक्षरित महत्वपूर्ण सन्धि-सम्झौताहरूमा कोशी, गण्डक र एकीकृत महाकाली सन्धिहरू नै हुन् । तदनुरूप कोशी सम्झौता अनुसार निर्मित बाँधको अब आयु नै सकिँदै गरेको अवस्था छ भने गण्डक पनि हामीहरूबीच निकै नै विवादित-आलोचित रहँदै आएको छ । उता महाकाली सन्धि अनुसार बन्नुपर्ने पञ्चेश्वर परियोजना त अहिलेपनि निर्माण प्रक्रिया मै छिर्न सकिरहेको छैन । यसरी नै यसको झन्डै ५० वर्ष अघि नै हस्ताक्षरित चन्द्र शमशेरकै पालामा वृटिश-भारत द्वारा हस्ताक्षरित तथा निर्मित शारदा बाँधका सन्दर्भमा उसले दिनुपर्ने ४०९३.८८ एकड भूमिको सट्टाभर्ना आजसम्म पनि हुन नसकेको कुरा उद्घृत अधिकारीको लेखमा पनि परेको पाइन्छ । स्वभावतः यस बाँधको पनि आयु सकिइसक्यो । भारतले निर्माण गरेको टनकपुर बाँध यसैको विकल्पका लागि निर्माण गरिएको पनि स्पष्टै छ । यो टनकपुर बाँध पनि भारतले एकतर्फी रूपमा नै निर्माण गरेको हो । र, यो पनि अन्तर्राष्ट्रिय मूल्य मान्यता विपरित नै थियो किनभने माथि पनि उल्लेख गरियो । उक्त मूल्य-मान्यता अनुसार सीमा नदीमा दुबै देशको सहमतिमा मात्र यस्तो संरचना निर्माण गर्नुपर्ने आम प्रचलन हुन्छ । यी सबै अवगालहरूको निरूपण कै लागि २०५२ सालमा एकिकृत महाकाली सन्धि सम्पन्न भएको हो ।

समस्या के पर्‍यो भने चाहे त्यो कोशी सम्झौता होस् वा गण्डक त्यसैगरी महाकाली लगायतका अन्य सन्धि-सम्झौताहरू नै किन नहोउन् ती सबै नेपाली बौद्धिक र जनमानसमा अति नै निन्दित तथा आलोचित हुँदै आए । एक प्रकारको आम सहमति कहाँ बन्यो भने यिनले पूर्णतः आफ्नो पक्षको स्वार्थ र प्राथमिकता मात्र हेरे हाम्रा स्वार्थ लाई चाहि पूर्णतः उपेक्षा गरे । तिनको साँचो चाबी मात्र भारतसँग रहेन सँगसँगै बिजुली पानीको उपभोगमा पनि नेपाल र नेपाली अत्यधिक ठगिए । त्यति मात्र भएन खडेरीमा पूरा पानी उता गयो भने वर्षातमा ती सब यता खनिए । अनि सुक्खायाममा पानीको अभाव अनि वर्षा याममा बाढीको बहाव हाम्रो नियति बनेर खडा हुने गर्‍यो । पटक पटकका बाढी र डुबान यसका साक्ष्य हुन भने हालैको कोशी कहर त्यसको पछिल्लो पीडा हो ।

गण्डक सम्झौता प्रथम जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालाका पालामा (२०१६) हस्ताक्षर भयो भने कोशी सम्झौतामा हस्ताक्षर गर्ने चाहिँ उनैका दाजु तथा नेपाली काङ्ग्रेसका नेता प्रधानमन्त्री मातृकाप्रसाद कोइराला (२०११) । संयोग नै भन्नुपर्‍यो, महाकाली सम्झौता पनि सोही दलका दोस्रो पिँढीका नेता तथा हाल कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको पाला (२०५२) मा हस्ताक्षर भयो । दुर्भाग्य के हुन पुग्यो भने अघिल्ला यी सम्झौताहरू नेपाल र नेपालीको हितमा नभएको मात्र नभई हाम्रो सार्वभौमिकतामाथि हस्तक्षेप गर्ने आधार समेत बन्न पुगे । सँगसँगै नेपालीहरू बाढी र डुबानको सन्त्रास र विस्थापनका शिकार समेत बन्न पुगे । त्यसैले यस्ता पीडाजन्य सन्धि सम्झौताहरू न पुनरावलोकन हुनुपर्नेमा गत भाद्र ७-११ सम्मको ५ दिवशीय भारतको राजकीय भ्रमणमा निस्केका प्रधानमन्त्री देउवाले आफ्नो समेत हस्ताक्षरमा जारी संयुक्त बिज्ञप्तिको बुँदा नं. २८ मा यी सबै सन्धि-सम्झौता र विज्ञप्तिभन्दा पनि खतरनाक परिणाम ल्याउन सक्ने "कोशी उच्च बाँध र सुनकोशी स्टोरेज कम डाइभर्सन" सम्बन्धी विस्तृत परियोजना (DPR) को कामलाई तीव्रता दिने सम्बन्धमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
भएको सहमतिले पुनः नेपाल र नेपालीलाई थप पीडा दिने काम भएको छ।

६. प्रस्तावित कोशी उच्च बाँध र विभिन्न तटबन्धहरू

तलको तालिकाले भारतले आफ्नो तर्फको सुरक्षाको लागि एकतर्फी रूपमा बनाइसकेका केही बाँध र तटबन्धहरू प्रस्तुत छन्।

क्र.सं.	संरचनाको नाम	जिल्ला
१	लक्ष्मणपुर बाँध	बाँके
२	महलिसागर बाँध	कपिलवस्तु
३	रसियावाल -खुर्दलोटन जोर्तितटबन्ध	रुपन्देही
४	टनकपुर बाँध	कञ्चनपुर
५	शारदा बाँध	कञ्चनपुर
६	कैलाशपुरी बाँध	बर्दिया-कैलाली
७	कोइलाबास बाँध	दाङ
८	डण्डा-फरेना तटबन्ध	रुपन्देही
९	लाल बकैया तटबन्ध	रौतहट
१०	वैरगनिया चक्र-तटबन्ध	रौतहट
११	बागमती तटबन्ध	रौतहट-सर्लाही
१२	कमला तटबन्ध	धनुषा-सिराहा
१३	खाँडो तटबन्ध	सप्तरी
१४	कुनौली तटबाँध	सप्तरी
१५	लुना तटबन्ध	मोरङ

माथिल्लो प्रसङ्गमा कोशी, गण्डक र शारदा बाँधहरू सम्झौता अन्तर्गत नै सम्पन्न भएको बारे उल्लेख भएकै छ। जसलाई जोडदा यी बाँध तटबन्धहरूको संख्या १८ हुने छ भने पञ्चेश्वर र पूर्णागिरी बाँधको प्रकृया निकै उक्लिइसकेको अवस्था छ। अनि कोशी उच्च बाँध बारे प्रधानमन्त्रीले यसै पटक हरियो सङ्केत दिइसकेको ४६ बुँदे संयुक्त विज्ञप्तिको बुँदा नं. २८ मा परेको सम्बन्धि विषयबारे पनि माथि नै उल्लेख गरियो। जसले भारतको नेपालमाथिको विशेषसम्बन्ध कालिक २००७ साले दशकलाई मात्र पुनर्जीवित गर्दैन उसको हस्तक्षेपलाई पनि सक्रिय पार्दछ।

जलाशययुक्त २६९ मिटर अग्लो यो उच्च बाँध संसारकै दोस्रो अग्लो बाँध हुनेछ। हालसम्मको त्यस्तो सबैभन्दा अग्लो बाँध "रोगुन बाँध" मात्र हो जो सोभियतकालमा बनेको ३१५ मिटर अग्लो छ। विज्ञहरू भन्छन् यस प्रस्तावित बाँधले पूर्वको एउटा विमानस्थलसँगै १९ वटा पूल र ११ जिल्लाका ८० गाउँको १९६ वर्ग किलोमिटर जमिन डुवानमा पर्छ। तिनीहरू भन्छन्- यस जलाशयमा १३ अर्ब ४५ करोड लिटर पानी जम्मा हुन्छ भने खर्च (२०६६ को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आँकलन) २ अर्ब अमेरिकी डलर उठ्छ। साथै यस बाँधको लम्बाई २ किलोमिटर लामो हुने हुँदा उक्त सम्पूर्ण क्षेत्र जलमग्न भएबाट झण्डै १५ हज्जार घरधुरी र ७५ हज्जार जनता विस्तापित हुनपुग्ने विज्ञहरूको सामान्य आँकलन रहेको पाइन्छ।

७. समस्या समाधानका उपायहरू

यहाँ कुनै विवाद र भ्रम आवश्यक किन छैन भने हाम्रा शासकहरूको सत्ता स्वार्थ र विदेशीहरूसँग टिक्न वा बोल्न नसक्ने वा नचाहने मनोविज्ञान नै विदेशीहरूले हामीलाई हेप्ने र ठेल्ने -पेल्ने कारण हो। यसै कारण तिनीहरूले एकतर्फी रूपमा त्यतिका संरचनाहरूले निर्माण गरेको परिणाम आज देश भोग्दै छ। निश्चय नै त्यो मात्र कारण होइन तर यो नै निर्णायक र मुख्य हो भन्नेमा चाहिँ कसैले पनि कञ्जुस्याई गर्नुपर्ने कारण रहेन। तर प्रश्न छ, अब गर्ने के वा अबको बाटो कता ? यसमा कोही तटबन्धको उचाई कम गर्ने, सौहार्दपूर्ण वार्ता गर्ने, अन्तर्राष्ट्रिय कानुनको सहारा लिनेदेखि अनधिकृत संरचनाहरू भत्काउने सम्मका सुझाव दिइने गरिन्छ।

तर यति मात्र कारणले नतः यो डुबान र बाढी- पहिरोको समस्या आएको छ न यतिबाट यिनको निराकरण नै सम्भव छ। यथार्थतः हाम्रो देशको प्रकृति, बनजङ्गल, बसाईसराई, शहरीकरण र चुरेदोहन जस्ता विषयहरूमा जुन संवेदनहीनता र नीतिहीनता हावी हुँदै आयो त्यसले नै आजको अवस्था उत्पन्न भएको छ। यस बाहेक मुलुकले कतिपय राष्ट्रिय मुद्दामा एक मतोमा बोल्ने राजनीतिक परिपाटी र संस्कार बनाउनुको सट्टा मुलुकको विदेश नीति, सामाजिक सद्भाव, भूअखण्डता र सार्वभौमिकता जस्ता अति नै संवेदनशील विषयहरूमा समेत हाम्रो मतैक्यता हुन नसक्दा पनि आज हामीले विदेशी थिचोमिचो, हस्तक्षेप र दलन सहनु परिरहेको छ। फलस्वरूप हाम्रो राष्ट्रिय क्षमतामा ह्रास आएको छ। हालैको बाढीका सन्दर्भमा हाम्रा एक वहालवाला मन्त्रीले "नेपालभन्दा भारततर्फ हुनसक्ने पिर बाधामा चनाखो हुनुपर्ने" अभिव्यक्ति फ्याँके भने उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगीले "नेपालको कारण हामीहरू बाढी पीडित बन्नु परेको" प्रतिकृया दिए। यी भनाइले निश्चय नै सानो मर्म बोक्दैन! आखिर हाम्रा नेताहरूमा किन यस्तो आत्मसमर्पणवादी मनोविज्ञान पसेको छ ? निश्चयनै आश्चर्यजनक लाग्दछ।

त्यसैले यी लगायत कुनैपनि राष्ट्रिय मुद्दामा हामीहरूबीच मतैक्यता, इच्छाशक्ति र विदेशीहरू समक्ष पूर्ण योग्यता, ज्ञान र हैसियतमा प्रस्तुत हुँदै आफ्ना सबै विषयहरू राष्ट्रिय, क्षेत्रीय, एकपक्षीय, बहुपक्षीय र अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत उत्तिकै सशक्त ढङ्गले उठाउँदै दुई पक्षीय वार्ताहरूमा जोड दिनु नै छिमेकीको बढी हस्तक्षेप र अतिक्रमणबाट बच्ने एकमात्र उपाय देखिन्छ। किनभने हालसम्म दुबै देशबीच यस सन्दर्भमा बनेका जतिपनि संयन्त्रहरू छन्। त्यहाँ पनि एकपक्षिय रूपमा छिमेकीले दलन-मलन गर्न खोज्दै उसको अनुकुल नभएको खण्डमा वार्ताहरू टाल्दै आफू भने निरन्तर आफ्नो अभिष्टमा लिप्त रहन नछोडेबाटै हाम्रो आँखा सामु उसले त्यतिका रचना एकतर्फी रूपमा बनाएको स्पष्ट छ।

यसको अर्थ हो हामी या त पूर्ण इच्छा शक्ति र प्रतिबद्धताका साथ कार्य गरिरहेका छैनौ। होइन भने यसमा राजनीतिक इच्छाशक्तिले काम गरेन। त्यसैले यिनको प्रयोग नै हाम्रो यस समस्या समाधानको निर्णायक उपाय हुने स्पष्ट छ। अतः त्यस्तो इच्छा शक्ति र विधि विकास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
गर्ने तर्फ सिङ्गो राष्ट्र जुटोस्, मित्रराष्ट्रसँगको पौठेजोरी वा उग्र विरोध मात्रले हामीलाई कहीँ पुऱ्याउँदैन । निश्चय नै यसको तात्पर्य विदेशसामु आत्मसमर्पण गरौं भन्ने पनि होइन र ।

८. उपसंहार

निष्कर्षमा के भन्न सकिन्छ भने नेपाल-भारत पानी र बाढी प्रकोपग्रस्त मुलुक हुन् । तर यो प्रकोप प्रकृतिजन्यभन्दा पनि मानवजन्य कारणले एकपछि अर्को भयङ्कर र त्रासमूलक बनेर गएको छ । कोशीको मात्र कुरा गर्दापनि त्यसको बाढीबाट २०६५ सालमा नेपालतर्फ प्रभावित जनसङ्ख्या ७० हजार वरिपरि देखियो भने भारतर्फको यो जनसङ्ख्या ३३ लाख देखाइयो । यति हुँदा हुँदै पनि त्यही भारत कोशी उच्च बाँधको कुरा गर्दैछ फेरि । बुझी नसक्नु छ । कोशी बाँध र तटबन्ध समेतले गर्दा प्रतिवर्ष नेपाली तराई डुवानको शिकार भई करोडौं धनजनको क्षति व्यहोर्न र त्रासमा बाँच्न विवश छ भने अर्कोतर्फ त्यही भारत पञ्चेश्वरमा कोशी उच्च बाँधकै जस्तो त्योभन्दा पनि अग्लो बाँध ठड्याउने पट्टि छ । प्रश्न छ, कदाचित यी बाँधहरू भत्किए भने के होला तल्लो तटिय मुलुक र प्रभावित क्षेत्रका जनताको अवस्था ? किनभने यिनले महाकालीको पञ्चेश्वर र कोशीको तराई क्षेत्रमा जुन भीमकाय बाँध हाल्ने भनेका छन् तिनीहरू भूकम्पीय दृष्टिकोणले पनि त्यत्तिनै जोखिम पूर्ण क्षेत्र मानिन्छन् । यस्तोमा ७ रेक्टर स्केल माथिको भूकम्प आयो भने त्यो बाँध तत्काल भत्कने सम्भावना हुन्छ । ठीक छ, प्रविधि विकासको जमानामा त्यसलाई उच्च प्राविधिक ज्ञानको प्रयोगद्वारा परिपक्व बनाइएला तर त्यसको सुनिश्चिता भने कदापि गर्न सकिन्न । अर्कोतर्फ, त्यसले पर्यावरण र चराचरका अन्य प्राणीहरूको बाँच्न पाउने र सर्वसाधारण विस्थापित भएबाट हुन आउने मानवीय सङ्कटको जोखिम पनि त्यतिकै छ किनभने कोशी र गण्डक बनेको ६३ वर्ष व्यतित हुन लाग्दा र कोशी पुल बनेको त्यत्तिनै वर्ष भई उसको आयु खस्किन लाग्दासम्म नतः प्रभावितले क्षतिपूर्ति पाएका छन् न ती संरचनाहरूकै भविष्यतर्फ त्यति सोच्न सकिएको छ । बरु त्यसलाई प्रतिस्थापन गर्ने दुराशयले कपटपूर्ण विधि मार्फत कोशी उच्च बाँधको प्रक्रिया अघि बढाइएको देखिन्छ ।

समग्रमा भारतको सत्तासीन वर्गको नेपाल प्रतिको हेपाहा, ठेलाहा र मिचाहा प्रवृत्ति अनि हाम्रा शासकहरूको तीसँग आवश्यक हिमचिम र सत्ताका लागि लहसिने बानीले आज कोशी हाम्रा लागि कहर बन्यो । छिमेकीको अन्तर्राष्ट्रिय कानुन, अभ्यास र परम्परा नमान्ने बानी दुःखद छ । यि कुरा केही होइनन् भने पनि छिमेकीमा सुछिमेकीपन र संवेदनशीलता हाम्रो पूर्वीय परम्परा र वैशिष्टय हो । दुःखको कुरा छिमेकीले दशगजासम्म दुरुस्त राखी दिएन । उता यसलाई सदैव स्निग्ध राख्ने अन्तर्राष्ट्रिय अभ्यास नै छ किनभने त्यो No Man's Land हो । त्यसैले हाम्रा दुवै मुलुकले यसै No Man's Land को सिद्धान्त र बाँधका बाँध-तटबन्धको हकमा विश्वको प्रचलनमा रहेका सो सम्बन्धि अभ्यासको अनुकरण नै एकमात्र विकल्प हुने स्पष्टै छ । त्यसले नै दुवै देशबीचको सुछिमेकी पनि र मैत्रीभावलाई पनि कसिलो बनाउने छ ।

सन्दर्भ सामग्री

१. पुस्तक

- बुद्धिनारायण श्रेष्ठ, भारत-नेपाल सीमावर्ती बाँध, २०६६ काठमाण्डौः भूमिचित्र कं. प्रा. लि.
- केशवलाल श्रेष्ठ, **महाकाली सन्धि र राष्ट्रिय हितको सवाल,** २०५३ (दोस्रो संस्करण)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थान अनुल्लेखितः सुमित्रा श्रेष्ठ
- निनु चापगाई (संपा.), **टनकपुर राष्ट्रिय हित कि राष्ट्रघात ?** २०४९ काठमाण्डौः लोक प्रकाशन
- ऋषिराज लुम्साली, महाकाली नदीबाट प्राप्त उपलब्धिको रक्षा गर्दै थप उपलब्धिको लागि संघर्ष गरौं, २०५३ काठमाण्डौः प्रकाशक स्वयम्
- रतन भण्डारी, अतिक्रमणको चपेटामा लिम्पियाधुरा-लिपुलेक ऐतिहासिक अभिलेख सङ्ग्रह, २०७३ काठमाण्डौः लेखक स्वयम्
- सुरेन्द्र केसी, **नेपालको कुटनीतिक इतिहास**, २०६१ (तेस्रो संस्करण) काठमाण्डौः पैरवी प्रकाशन
- हिरण्यलाल श्रेष्ठ, **पानी अतिक्रमण र पानी कुटनीतिक**, २०७३ कञ्चनपुरः शुक्लाफाँट सामुदायिक पुस्तकालय एवं संग्रहालय

२. **लेख**
- अरुण कुमार सुवेदी, 'कोशी उच्च बाँधबाट यसरी फाइदा हुन्छ,' नयाँ पत्रिका (दै.), ०७४ भाद्र २८
- रत्नसंसार श्रेष्ठ, 'यसकारण कोशी बाँध राष्ट्रिय कलंक,' नागरिक (दै.), २०७४ भदौ २७
- विष्णु शर्मा नेपाल, 'उच्च बाँधमा भारतसँग सहकार्य,' ऐ., (दै.) ०७४ भदो १८
- गोपाल शिवाकोटी, 'कोशी उच्च बाँध र नेपालको हित,' गोरखापत्र (दै.), २०७४ भदौ २१
- अनुपमा महत विडारी र रमेश सुनाम, 'बाढीले ल्याउने थप विपत्ति,' नागरिक (दै.), ०७४ भदौ ५
- कुन्दन अर्याल, 'देशमा ताल र कोशीको चाबि,' ऐ २०७४ साउन ३२
- दीर्घराज प्रसाई, 'हरे ! देश डुबाउने खेलमा सही ?' ऐ., (दै.) २०७४ भदौ २०
- झलक सुवेदी, 'बाढी, वर्ग र बजार,' नया पत्रिका (दै.), २०७४ भदौ १
- सागर कुमार राई, 'नेपाल-भारत बाँध सम्झौता, भारतको दादागिरी नेपालको लाचारी,' ऐ. (दै.), ऐ.
- बुद्धिनारायण श्रेष्ठ, 'भ्रमणमा डुबानको कुरानै डुब्यो,' नागरिक (दै.), २०७४ भदौ १८,
- बुद्धिनारायण श्रेष्ठ, 'तराइमा डुबानको संत्रास,' ऐ. (दै.), २०७४ असार २८
- रतन भण्डारी, 'सप्तकोशी उच्च बाँधः भारतको विहारलाई जोगाउने नेपललाई डुवाउने योजना हो,' रातो खबर (सा.), २०७४ भदौ २८
- रतन भण्डारी, 'समाधान होइन, उच्च बाँध,' अन्नपूर्ण (दै.), ०७४ भौद ३०
- रामकृष्ण तिवारी, 'विपद व्यवस्थापन व्यवहारिक उपाय,' अन्नपूर्ण (दै.) ०७४, भाद्र २९

३. **पत्रपत्रिका**
- अन्नपूर्ण (दै.), २०७४ कार्तिक २८
- राजधानी (दै.) २०७४ माघ ७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाघभैरव मन्दिरको ऐतिहासिक सन्दर्भ

तर्कना शर्मा

१. विषय परिचय

बाघभैरव मन्दिर कीर्तिपुर नगरपालिका वाड नं. १ मा रहेको छ। प्राचीन महत्त्वको बाघभैरव मन्दिर शिवदेव तृतीय (११९९-११२६ ई.सं.) का समयमा बनेको पाइन्छ । बाघभैरव मन्दिर कीर्तिपुरको उच्च भागमा रहेको छ । यस मन्दिरभित्र बाघको मूर्ति रहेको छ । कीर्तिपुरबासीहरूले यस देवतालाई आजुद्यो अर्थात् आराध्य देवता मान्दछन् । बाघभैरव मन्दिर परिसरमा प्राचीन समयमा बनेका अन्य मठ, मन्दिर र देवीदेवताका मूर्तिहरू पनि छन् । यी मन्दिर र मूर्तिहरूको स्थापना एकै समयमा नभएर शिवदेव तृतीय (११९९-११२६ ई.सं.) देखि हालसम्म पनि निर्माण भइरहेको छ। मन्दिरभित्र गणेश, रामचन्द्र, सीता, भवानी शङ्कर, इन्द्रायाणी देवी, बसाहा, वासुकी नाग, धरतीमाता, विश्वकर्मा, जलद्रोणी, भगीरथा, हनुमान, नारायण आदि देवीदेवताका मूर्तिहरू रहेका छन् । लिच्छवीकालको अन्त्यतिर स्थापना भएको बाघभैरव मन्दिरले नेपाली इतिहासको लामो कालखण्डको प्रतिनिधित्व गर्दछ । मन्दिर परिसरमा रहका अन्य मठमन्दिर, देवीदेवताका मूर्तिहरू, मन्दिरमा प्रयोग भएका निर्माण सामग्री, टुँडाल आदिको पुरातात्त्विक अध्ययनबाट प्राचीन समयका धर्म, संस्कृति, चालचलन, रहनसहन मानवीय क्रियाकलापहरू र इतिहासकै बारेमा अध्ययन अनुसन्धान गर्न सकिन्छ । बाघभैरवको मुख्य मन्दिर शिखर शैलीमा निर्माण गरिएको छ । यसमा रहेका झ्याल, ढोका खामा, चौकोस आदिले प्राचीन समयको स्मरण गराउँदछन् । बेला बेलामा मन्दिरको पुनः निर्माणका क्रममा भने बाहिरी केही भागमा आधुनिक निर्माण सामग्री सिमेन्ट, चुन, रड आदिको प्रयोग गरिएको छ ।

बाघभैरव मन्दिर नेपाली इतिहासको लामो कालखण्डसँग जोडिएको छ । लिच्छवीकालदेखि शाहकालसम्म यहाँका मठमन्दिरहरूको निर्माण र मूर्तिहरूको पदस्थापना तथा पूजाअर्चना हुँदै आएको पाइन्छ। इन्द्रायणी जात्रामा पहिले-पहिले राजा स्वयम् उपस्थित हुने प्रचलन रहेको भएपनि हाल हनुमानढोकाबाट राजाको तरबार ल्याएर पूजा गरी पुनः हनुमानढोका नै लैजाने प्रचलन रहेको छ । सरकारले यहाँको गथु प्याखं जात्राका लागि एकमुष्ठ एक लाख रूपैँया अनुदान पनि दिँदै आएको पुरातत्त्व विभागको भनाइ छ । नेपाल एकीकरणका सिलसिलामा राजा पृथ्वीनारायण शाहले तीन पटकको प्रयासमा कीर्तिपुर कब्जा गर्न सफल भएका थिए । दुई पटक पराजित गोर्खाली फौजका खुँडा, खुकुरी लगायतका अन्य हातहतियार मन्दिरको माथिल्लो भागमा सजाएर राखिएको छ । तसर्थ, बाघभैरव मन्दिर ऐतिहासिक दस्ताबेज हो । यस अध्ययनमा बाघभैरव मन्दिरको परिचय, मन्दिर परिसरमा रहेका अन्य मठमन्दिरहरू, ती मठमन्दिरभित्र प्रतिस्थापित मूर्तिहरू र तीसँग जोडिएका चाडपर्व

लेखक सांस्कृतिक अध्येता हुनुहुन्छ, Tarkanasharma04@gmail.com – सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदिका बारेमा अध्ययन गरिएको छ।

२. मन्दिरको परिचय

बाघभैरवको मुख्य मन्दिर

बाघभैरव मन्दिर कीर्तिपुर मध्य भागमा रहेको छ । गोपाल राजवंशावलीमा उल्लेख भएअनुसार मन्दिर शिवदेव तृतीय (१०९९-११२६ ई.सं.) का पालामा बनेको पाइन्छ । यो मन्दिर ३०/५० मिटर क्षेत्रफलमा फैलिएको छ । यसको उचाइ समुद्री सतहदेखि १४०५ मिटर रहेको छ । काठमाडौंका अन्य भैरव तथा भीमसेन मन्दिरमा जस्तै यो मन्दिर पनि वर्गाकार नभई लाम्चो चारकुने आकारमा निर्माण गरिएको छ। मन्दिरभित्र लिच्छवीकालको अन्त्यमा स्थापना भएको बाघको मूर्ति रहेको छ। यो मूर्ति माटाले बनेको र चाँदीले मोडिएको छ। कीर्तिपुरबासीहरूले यस देवतालाई आजुद्यो अर्थात् आराध्य देवता मान्दछन् । त्यसो त नेवार समुदायमा कुनै पनि मुख्य देवतालाई आजुद्यो भन्ने चलन छ । आजुको अर्थ बाजे हो । यो बाजेका पालाको भन्ने अर्थ लाग्छ । अझ बाघभैरवलाई त अजाजु भन्ने गरेको पनि पाइन्छ । बाघभैरव मन्दिरभित्र प्राचीन समयमा बनेका अन्य देवीदेवताका मठ, मन्दिरहरू र मूर्तिहरू तथा देवलहरू रहेका छन् । यस मन्दिर हाताभित्र मनविनायक, रामचन्द्र मन्दिर, भवानी शङ्कर मन्दिर, शिव (यमलेश्वर) मन्दिर, इन्द्रायणी मन्दिर जस्ता विभिन्न देवीदेवताका मन्दिरहरू रहेका छन् । त्यस्तै तुलसी देवल, गणेश देवल, शिव, बसाहा, धरतीमाता, विश्वकर्मा, जलद्रोणी, भगीरथा, वासुकी नाग, हनुमान, जलशयन नारायण तथा भक्तका मूर्तिहरू छन् । शिखर शैलीमा निर्माण गरिएका यहाँका मन्दिरहरूमा काठ, ढुङ्गा, माटो, रड, सिमेन्ट, चुन आदि निर्माण सामाग्रीहरूको प्रयोग गरिएको छ । मन्दिरका टुँडालमा काष्ठकलाको उत्कृष्ट नमुना देख्न सकिन्छ । मन्दिरको चारैतिरका झ्याल, ढोका र टुँडाल विभिन्न देवीदेवताका मूर्तिले सुशोभित छ।

मन्दिर परिसरमा प्रवेश गर्ने ढोकाको पूर्वी र पश्चिमी स्थानमा फल्चा अर्थात् पाटी बनाइएको छ । पूर्वपट्टीको पाटीलाई दफा फल्चा र पश्चिम पट्टीको पाटीलाई गरूडनारायण फल्चा भन्निछ । यहाँ हिँउद, वर्षा बाह्रैमास केटाकेटी, युवा, युवतीहरू र वृद्ध, वृद्धा सुस्ताउने गर्दछन् । यस ठाउँमा विशेष गरी साँझपख स्थानीयवासिन्दाले भजन कीर्तन गरिरहेको देख्न सकिन्छ । मन्दिर परिसलाई ईंटाको गाह्रो लगाएर चारैतिरबाट घेरिएको छ । मन्दिर हाताभित्रै भजनकीर्तन मण्डली पनि रहेको छ । बिहान तथा साँझको समयमा राम, शिव, कृष्ण, बुद्ध आदिका प्रार्थनात्मक भजनहरू गाएर रमाइलो गर्दछन् । विभिन्न मन्दिर तथा मूर्तिहरू र देवल, स्मारकहरूको पहिचानका लागि नेवारी र अङ्ग्रेजी भाषामा सूचना टाँसिएको छ।

त्यसो त यो मन्दिर नेपाल एकिकरणको स्मरण गराउने ऐतिहासिक थलो पनि हो । नेपाल एकिकरणका अभियन्ता पृथ्वीनारायण शाहले कीर्तिपुरमाथि विजय प्राप्त गर्न तीन पटकसम्म आक्रमण गर्नुपरेको थियो । कीर्तिपुर माथिको पहिलो आक्रमण (ने.सं. ८८०) मा काजी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालु पाँडे मारिएका थिए । दोस्रो आक्रमण (ने.सं. ८८४) मा पृथ्वीनारयण शाहका भाइ सुरप्रताप शाहको आँखा फुटेको थियो । तेस्रो पटक (ने.सं ८८६) मा पुनः आक्रमण गरे यस पटक ६ महिनासम्म लागेको नाकाबन्दीका कारण कीर्तिपुरका राजाले आत्मसमर्पण गर्न बाध्य भए । कीर्तिपुर-गोर्खालीको युद्धमा लुटिएका गोर्खालीका हतियारहरू खुँडा, खुकुरी मन्दिरको माथिल्लो भागमा राखिएको छ ।

यस मन्दिरमा नित्य पूजाका लागि कीर्तिपुर, काठमाडौँ, भक्तपुर, ललितपुर र देशका विभिन्न स्थानबाट भक्तजनहरू आउने गर्छन् । नित्य पूजा नेवार भित्रकै द्योपाल, कुसुले (स्रोतः हरि गोविन्द मर्हजन) थरका मानिसहरूले पालैपालो सञ्चालन गर्छन् । यो मन्दिरमा नित्य पूजाका लागि महिला, पुरुष जोसुकै पनि पुजारीका रूपमा रहन पाउने व्यवस्था छ । बाघभैरव जात्रा, गाइजात्रा जस्ता विभिन्न जात्रा तथा विशेष पूजाआजाका समयमा भने बज्राचार्यहरूद्वारा पूजा सञ्चालन गरिन्छ । बाघभैरव कीर्तिपुरको मुख्य देवता मानिएकाले अन्य पूजा गर्दा यस मन्दिरमा छुट्टै पूजा पठाउने चलन छ । दैनिक पूजाआजा स्थानीय आयस्रोतबाट सञ्चालन गरेतापनि विशेष जात्रा, पर्वका समयमा सरकारले एकमुष्ठ रूपमा रकम उपलब्ध गराउने व्यवस्था छ । हाल गुठी संस्थानको स्वामित्वमा नित्य पूजाको व्यवस्था मिलाइएको छ । बाघभैरव मन्दिरलाई श्री बाघभैरव मन्दिर गुठी व्यवस्थापन समितिले रेखदेख गरिरहेको छ ।

२. बाघभैरवको कथा :

प्राचीन समयमा कीर्तिपुर घना जङ्गलले घेरिएको ठाउँ थियो । जङ्गलले घेरिएको यस थुम्काका वासिन्दाहरूले खेती किसानी गरेर जीविका चालाउँथे । यहाँका वासिन्दाले धान, मकै, गहुँ, तथा अन्य तरकारीबारी र पशुपालन गर्दथे । पशुपतिनाथमा बजेको घन्टको आवाज सुनिने स्थानसम्म जोत्नुहुँदैन भन्ने किंवदन्ती अनुसार काठमाडौँ उपत्यकामा खनेर नै बाली लगाउने चलन थियो । मानिसहरू काँध-काँधमा कोदाली बोकेर खेतमा पुग्थे । काम गर्न सक्ने मानिसहरू खेतमा जान्थे । कोही घर रूँघेर बस्थे भने कोही गाइ, बाखा, भैँडाहरू चराउन जङ्गल जान्थे । घना जङ्गल भएकाले जङ्गली जनावरको बिगबिगी थियो । जङ्गलमा गाई, बाखा चराउन जानेहरूले वस्तुभाउकै हेरविचार गर्थे । वस्तुभाउ चराउनका लागि अन्य ठाउँमा खुला चौर नभएका कारण जङ्गल नलगी धरै थिएन । एकदिनको कुरा हो, एउटा ग्वालाले भेंडा लिएर जङ्गल गयो । भेंडाहरू चर्दाचर्दै घना जङ्गलको मध्यभागतिर पुगिसकेका थिए । केटो पनि भेंडाको पछिपछि पहाडको टुप्पोमा पुग्यो । भेंडाहरू चर्दै थिए । यता केटाको मनमा खेल्ने विचार आयो । उसले ढुङ्गा, माटा, घाँसपात बटुल्यो । नजिकैको ढिस्कोबाट माटो ल्यायो । त्यो माटो भिजाएर माटाका विभिन्न आकृतिहरू बनाउन थाल्यो । बनाउँदै जाँदा ग्वालाले माटाको बाघ बनायो । केटाले बाघका आँखा, कान, नाक, टाउको खुट्टा सबै बनाउँदै गयो । उसले आफू बसेको वरपर हेऱ्यो । बाघको जिब्रो बनाउन भने केही पाएन । उसले बनाउँदै गरेको माटाको बाघलाई भुईंमा राखेर सनपाट खोज्न बारीतिर लाग्यो ।

केटाले बाघको जिब्रो बनाउनका लागि सनपाट खोजेर केही समयमा नै फर्क्यो तर त्यहाँको विभत्स दृश्यले केटाको जिउ लगलग काम्न लाग्यो । ऊ फर्केर आउँदा त त्यो माटाको बाघ साँच्चिकैको बाघ बनेर सबै भेंडा खाइसकेको थियो । रूखका बुट्यान र घाँसमा पल्टेका

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भेंडा देखेपछि केटाले हतारिदै बाघलाई सोध्यो- "भेंडा कसले खायो ?" जवाफमा बाघले भेंडाको रगतले लत्पतिएको रातो मुख आँ गरेर देखायो। आफ्ना भेंडालाई त्यसरी खाइदिएको बाघप्रति केटालाई खुब रिस उठ्यो। उसले बाघलाई तेरो मुख सर्धै त्यस्तै होस् भनी सराप दियो। केटाले सराप दिएकाले बाघभैरवमा रहेको बाघको मुख अहिलेसम्म पनि आँ नै छ। यसरी केटाको सराप लागेर बाघले सिद्धी प्राप्त गरेकाले त्यो ठाउँ बाघभैरवका नामले प्रसिद्ध छ। (शुक्रराज श्रेष्ठको अनुसन्धानमा केटीहरू भनेर उल्लेख गरिएको छ तर कुनै स्रोत दिइएको छैन। यस अध्ययनका क्रममा हरि महर्जन नामका स्थानीय वासिन्दाले केटा भनेकाले केटा नै उल्लेख गरिएको छ। उक्त केटाको मूर्ति बाघभैरव परिसरमा रहेको गणेश मन्दिरभित्र रहेको स्थानीयको भनाइ छ। केटीहरू मेलापात जाने र केटाहरू गोठालो जाने प्राचीन समयको परम्परा पनि पाइन्छ।)

४. बाघभैरव परिसरका मन्दिर र देवताहरू

४.१ मन विनायक : मन विनायक मन्दिर कीर्तिपुरमा रहेको बाघभैरव मन्दिर परिसरमा रहेको छ। यो मन्दिरको ऐतिहासिक सन्दर्भ पाटनमा रहेको अग्नि मठको अनन्त अग्निसँग जोडिएको छ। बाघ भैरवको सिधा दृष्टिबाट पाटनमा रहेको अग्नि मठको अनन्त अग्निलाई बचाउन मन्दिरको स्थापना गरिएको थियो। कीर्तिपुरका अभिलेखमध्ये सबैभन्दा पुरानो शिलापत्र यस सानो मन्दिरभित्र टाँसिएको छ (श्रेष्ठ, २०५७ : ४२)। मुख्य मूर्ति सात टाउको भएको नागको फणायुक्त रहेको छ। यस मूर्तिलाई मन विनायक भनी उल्लेख गरिएको छ। उक्त मूर्ति ने.सं. ६२३ मा बनेको अभिलेखमा उल्लेख भएपनि ढोका माथिको अभिलेखअनुसार ने.सं. ७५० मा स्थापना गरिएको भन्ने पाइन्छ। उक्त मूर्ति पद्मशासनमा रहेको छ। जम्मा ६ हात भएको र चार हातमा अभय, माला, लड्डु, र मूला छ। यो दुई हात भाँचिएको अवस्थामा रहेको छ। यस गणेशलाई कार्यविनायक पनि भनिन्छ। स्थानीय बासिन्दाले यक्ष तली (भोग) नलिने भएकाले हिमत्वं गनेद्य अर्थात् रगत नखाने गणेश भन्ने गर्दछन्। बाघभैरव मन्दिरमा पूजाआजा गर्ने भक्तजनले मन विनायकको पनि दर्शन गर्दछन्। यहाँ दैनिक पूजाआजा सामान्य रूपमा सम्पन्न भएको पाइन्छ।

४.२ रामचन्द्र मन्दिर : रामचन्द्र मन्दिर बाघभैरव मन्दिरको दक्षिणपट्टि पश्चिमाभिमुख गरेर बनाइएको छ। अभिलेखअनुसार यो मन्दिर ई.सं. १९४० मा बनेको पाइन्छ। मन्दिरभित्र राम, सीता, लक्ष्मण र हनुमानका मूर्तिहरू स्थापना गरिएका छन्। यहाँ रामनवमीका दिन विशेष पूजा



मन्दिरको परिसरमा रहेको पुरानो शिलालेख

दैनिक पूजा गरिन्छ।

शिखर शैलीमा बनाइएको छ। आधारमा

लेखअनुसार यो मन्दिरको स्थापना ने.सं.

रहेको छ। मन्दिरको तीनतिर फल्यास डोर

न्दिरको अग्रभागमा मन्दिर निर्माताहरूको

रको मूर्ति वि.सं. २०४१ सालमा चोरी

को पूजाका लागि पाँच रोपनी जग्गा गुठी

अस्तित्वमा रहेको देखिँदैन (नेपालको

दिन विशेष पूजाआजा गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



मन्दिरमा रहेको काष्ठकुला

४.४ शिव मन्दिर (यमलेश्वर) : यमलेश्वर मन्दिर भवानी शंकरको मन्दिरको दक्षिणीभागमा अवस्थित छ । चारैतर्फ खुल्ला ढोका राखि सानो दुई तले पेगोडा शैलीमा यो मन्दिरको बनाइएको छ । यस मन्दिरको स्थापना कसले गऱ्यो भन्ने कुरा थाहा हुन सकेको छैन । मन्दिरको मर्मत कार्य भने ई.सं. १९०३ (कतै १८०३ उल्लेख) मा जाइफल नाम गरेका व्यक्तिले गरेका भन्ने अभिलेखमा पाइन्छ । प्राचीन समयको मन्दिर भत्केपछि वि.सं. २०५७ मा स्थानीय वासिन्दा र पुरातत्व विभागको पहलमा पर्सिवल ल्याण्डको पुस्तकका आधारमा वास्तविक स्वरूप निर्माण गरिएको पाइन्छ। ओल्डफिल्डले सन् १८५३ तिर गरेको स्केचमा यो मन्दिर भत्केको अवस्थामा चित्रण गरेका छन् (श्रेष्ठ, २०५७ :४४) । यस मन्दिरको गर्भगृहमा चर्तुमुखी शिवलिङ्गको स्थापना गरिएको छ। यस मन्दिरका गुठी संस्थानको व्यवस्थापनमा दैनिक पूजाआजा गरिन्छ ।

४.५ श्रीधर विष्णु मन्दिर : श्रीधर मन्दिर विश्वकर्मा मन्दिरभन्दा दक्षिणतर्फ ढुङ्गैढुङ्गाद्वारा निर्माण गरिएको छ । शिखर शैलीमा रहेको मन्दिरमा भगवान् विष्णुको प्रतिमा रहेको छ । एक तह पेटी उठाएर तीनतिर फल्यास डोर र पश्चिमपट्टि मूल ढोका बनाइएको छ । मन्दिरको मूल ढोका पश्चिमाभिमुख छ । मन्दिरमा रहेको अभिलेखअनुसार मन्दिरको स्थापना ने.सं. ७७८ मा भएको उल्लेख छ । मन्दिरको स्थापना कसले गऱ्यो भन्ने थाहा नभए पनि यो मन्दिर मल्लकालमा बनेको पाइन्छ । श्रीधर मन्दिरमा रामनवमीका दिन विशेष पूजाआजा गरिन्छ । काठमाडौं उपत्यकामा प्रताप मल्लको पालादेखि भीमसेनको पूजा गर्ने चलन चल्यो । त्यसभन्दा अघि श्रीधर विष्णुको पूजा गर्ने चलन रहेको पाइन्छ भने लिच्छविकालमा सूर्यको पूजा गर्न चलन थियो ।

४.६ नारायण मन्दिर : यमलेश्वर मन्दिरको दक्षिणी भागमा नारायण मन्दिर रहको छ । यो मन्दिर पेगोडा शैलीमा निर्माण गरिएको छ । दुई तह माथि उठाएर मन्दिर बनाइएको छ । मन्दिरका रहेको अभिलेख अनुसार इ.सं. १८०३ मा जीर्णोद्धार गर्दा रणबहादुर शाहकी धाइआमा हस्तिकाले स्थापना गरेको पाइन्छ । तसर्थ, यो शाहकालीन मन्दिर हो । मन्दिरको गर्भगृहमा सरस्वती, नारायण, लक्ष्मीका मूर्तिहरू लस्करै स्थापना गरिएका छन् । पुरातत्त्व विभागका अनुसार ई.सं. १९८४ जनवरी २८ मा सरस्वतीको मूर्ति चोरी भएकाले अर्को मूर्ति प्रतिस्थापना गरिएको थियो । यस मन्दिरलाई वि.सं. २००९ सालमा हालको स्वरूप निर्माण गरिएको थियो । मन्दिरमा रहेका गजुर र प्रवेशद्वार भने प्राचीन समयका शेष अवयव हुन् ।

४.७ गणेश मन्दिर : गणेश मन्दिर कीर्तिपुरको सर्वप्राचीन मन्दिर मानिन्छ । यस मन्दिरको स्थापना ने.सं. ८२४ (ई.सं. १७०४) मा भएको शिलापत्रमा उल्लेख छ। मन्दिर एक तह पेटी माथि दुई तले पेगोडा शैलीमा निर्माण गरिएको छ। यो मन्दिर उत्तराभिमुख छ। यस मन्दिरभित्र शिवपार्वती, उर्द्धलिङ्गशिव र सप्त मातृकाका मूर्तिहरू रहेका छन् । यस मन्दिरको स्थापना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
हुँदा सहप्रजा हुती यज्ञ गरेको कुरा पुरातत्त्व विभागको अभिलेखमा उल्लेख छ । मन्दिरभित्र गणेशको मूर्ति स्थापना भएको छ। गणेशको मूर्ति खिइसकेको र अबिरले छोपिएको अवस्थामा रहेको पाइन्छ ।

४.८ इन्द्रायणी मन्दिर : यस मन्दिरमा इन्द्रायणी देवीका अतिरिक्त अन्य मातृकागणहरूको मूर्ति रहेका छन् । मन्दिरको गर्भगृहमा इन्द्रायणी देवी, गणेश र मातृकाका मूर्तिहरू छन् । पूर्ण कदको इन्द्रायणी मूर्ति र अन्य मूर्तिहरू तामाको मखुन्डोमा रहेका थिए । वि.सं. २०२४ सालमा इन्द्रायणीको मूर्ति र अन्य मुखाकृतिहरू चोरी भएपछि त्यसको बदलामा अर्कै इन्द्रयाणीको मूर्ति र अन्य मुखाकृतिहरू पुज्ने गरेको जानकार बताउँछन् । इन्द्रायणी देवीको मुख्य जात्रा मंसिर महिनामा गरिन्छ । यो जात्रा मार्गशुक्ल अष्टमीदेखि ३ दिनसम्म मनाइन्छ । कीर्तिपुरमा इन्द्रायणी, नगाउँमा बालकुमारी र अन्य पाँच ठाउँमा विष्णुदेवीको जात्रा गर्ने भएकाले यसलाई सात गाउँको जात्रा पनि भनिन्छ । बिहान देउढोकाबाट सुरू भएर साँझ कीर्तिपुर स्थित बाघभैरव परिसर पुगेपछि जात्रा समापन हुन्छ ।

४.९ धरतीमाता : धरतीमाताको मूर्ति बाघभैरव मन्दिर परिसरको आग्नेय कोणमा रहेको छ । यसको स्थापना वि.सं. २०३६ सालमा भएको पाइन्छ । धरतीमाताको मूर्ति एउटी महिलाले समुद्रमाथि बच्चा जन्माइरहेको अवस्थामा छ । महिलाको तीनतिर ब्रह्मा, विष्णु र महेश्वरका सानासाना मूर्तिहरू रहेका छन् । यो मूर्ति स्थानीय नामुद झारफुक गर्ने व्यक्ति जीतानन्द जोशीले प्रतिष्ठापन गरेका हुन् । यस मूर्तिको तान्त्रिक अर्थ खोज्दा उनले ठाडो जवाफ दिएको, उक्त पुस्तक मूर्तिकै तल गाडिएको छ भने भन्ने जानकारी अनुसन्धातकर्ता शुक्रसागर श्रेष्ठले आफ्नो पुस्तक (कीर्तिपुरको सांस्कृतिक र पुरातात्त्विक इतिहास, पृ. ४६) मा उल्लेख गरेका छन् । हाल पूजा सामाग्रीको जथाभावी प्रयोगका कारण मूर्ति पूरा देख्न नसकिने अवस्थामा छ ।

४.१० तुलसी देवल : तुलसी देवल बाघभैरव मन्दिरको अगाडि बाटोदेखि पश्चिमपट्टि रहेको छ । मन्दिरका रहेको अभिलेखअनुसार यसको निर्माण ने.सं. ७९६ (ई.सं.१६७६) रहेको छ। यही आधारमा मन्दिर मल्लकालमा निर्माण भएको पाइन्छ । यो देवल १.५/१.५/१.५ को आयतनमा उठाइएको छ । उक्त मन्दिरमा गरूडनारायण, भवानी शङ्कर, वंशगोपाल र माधवेश्वरको मूर्ति स्थापना गरिएको छ । हाल यी मूर्तिहरूलाई उमामहेश्वर, गरूनारायण, श्रीधर, सरस्वती र रूक्मिणी पनि भनिन्छ । यी मूर्तिहरू मल्लकालका उत्कृष्ट नमुना हुन् । यसमा तुलसी रोप्ने स्थान पनि भएकाले यसलाई तुलसी देवल भनिन्छ ।

५. बाघभैरव मन्दिरसँग सम्बन्धित विभिन्न जात्रा तथा पर्व

बाघभैरव मन्दिर परिसरमा मनविनायक, रामचन्द्र मन्दिर, भवानी शङ्कर मन्दिर, शिव मन्दिर, श्रीधर विष्णु मन्दिर, नारायण मन्दिर, गणेश मन्दिर, इन्द्रायणी देवीको मन्दिर, धरतीमाता र तुलसीदेवल जस्ता विभिन्न मन्दिरहरू रहेका छन् । ती मन्दिरभित्र राम, सीता, लक्ष्मण, हनुमान, शिवलिङ्ग, शिव, पार्वती, सरस्वती, नारायण, श्रीधर विष्णु, उमामहेश्वर, गरूडनारायण, रूक्मिणी, अष्टमातृका (ब्रह्मायणी, माहेश्वरी, कुमारी, वैष्णवी, वाराही, इन्द्रायणी, चामुण्डा, महालक्ष्मी) आदि लगायतका मूर्तिहरू रहेको छन् । तसर्थ बाघभैरव मन्दिरमा यी देवतासँग सम्बन्धित इन्द्रायणीजात्रा, गाइजात्रा, बाघभैरव जात्रा, रामनवमी पर्व, शिवरात्री जस्ता पर्वहरू मनाएको पाइन्छ, जसको अध्ययन निम्नानुसार रहेको छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.१ बाघभैरव जात्रा

बाघभैरव जात्रा बाघभैरव मन्दिरमा मनाइने प्रमुख जात्रा हो। यस जात्रालाई बाघभैरवको उत्पत्ति स्वरूपका रूपमा मनाउने चलन छ। जात्रा भाद्र १ गते सिंह संक्रान्तिका दिन मनाइन्छ। यसलाई सौरमास अनुसार चलेको एकमात्र जात्रा मानिन्छ। यस दिन बिहानैदेखि बाघभैरव मन्दिरमा श्रद्धालु भक्तजनहरूको भीड हुन्छ। बाघभैरवको मकुन्डोलाई पोखरीमा नुहाएर सफा बनाइन्छ। यसरी सफा गरिसकेपछि मकुन्डोलाई विभिन्न सजावटका सामग्री र रङ प्रयोग गरी सिँगारिन्छ। बाघभैरवको मकुन्डोलाई खटमा राखेर बाजागाजा र नाचगानसहित नगर परिक्रमा गराइन्छ। बाघभैरव मन्दिरमा पुगी जात्राको समापन गरिन्छ। मन्दिरमा १०८ पटक घुमेमा मनले चिताएको पूरा हुने जनविश्वास रहिआएको छ। यस जात्रामा कीर्तिपुर, नगाउँ, पाँगा लगायत काठमाडौँ उपत्यकाका अन्य ठाउँहरूबाट भक्तजनहरू आउने गर्दछन्। यस दिन कीर्तिपुरका विभिन्न टोलटोलमा लाखेनाच पनि देखाइन्छ।



बाघभैरव मन्दिर परिसरमा रहेको इन्द्रायणीको खट

५.२ इन्द्रायणी जात्रा

इन्द्रायणी जात्रा इन्द्रायणी देवीको प्रार्थना गरी मनाइन्छ। इन्द्रायणी देवी कीर्तिपुरमा सबैभन्दा मानिएकी देवी हुन्। किंवदन्तीअनुसार परापूर्वकालमा राक्षस र सहरबासी बीच हरेक दिन राक्षसको आहाराका लागि एक जना जानु पर्ने सम्झौता भएको थियो। एकदिन एक जना बुढीको एक्लो छोराको पालो आयो। बूढीले छोरालाई जान नदिई आफैँ गइन्। बाटामा जाँदा इन्द्रायणी देवीको प्रार्थना गर्दै गइन्। यही प्रार्थनाका कारण बूढीले राक्षसलाई मारी सहरबासीलाई खुसी दिइन्। कीर्तिपुर सहरकी रक्षाकी देवीका रूपमा इन्द्रायणी देवीको जात्रा गर्ने प्रचलन हालसम्म पनि छ। उक्त राक्षस अर्थात् लाखेलाई खुवाउने चलन कीर्तिपुरमा अहिलेसम्म पनि छ। यसलाई लाखेपाःच्चं वनेगु भनिन्छ। उक्त व्यक्ति जात्राको अघिल्लो दिन बेलुका इन्द्रायणी स्थानको उत्तरस्थित चौरमा गई बस्छ र भोलिपल्ट इन्द्रायणीको खट ल्याउँदा उक्त व्यक्तिलाई पनि सिन्दुर जात्रा गरी फर्काउने चलन छ। हरेक वर्ष मार्ग शुक्ल अष्टमीदेखि तीन दिनसम्म यो जात्रा मनाइन्छ। दशमीका दिन भने इन्द्रायणी देवीको खट जात्रा गरिन्छ। यस जात्राको पहिलो दिन छोयला भू गरिन्छ (छोयला भू भनेको आगोमा पोलेको मासु हो)। पहिलो दिन आगोमा पोलेको मासु खाएर भोज गरिन्छ। भात भने खाइँदैन। यसै दिन गुठी संस्थाहरूको भेला गरेर आय व्यय विवरण पेश गरी पालो हस्तान्तरण गर्ने परम्परा छ। यस दिन गुठीको पालो हस्तान्तरण गर्ने भएकाले देवता एउटाबाट अर्कोमा जाने मानिन्छ। तसर्थ झ्याल ढोका लगाएर भिनाभि भिनाभि भनी कराइन्छ। अरूको गुठीको देवता देखेमा मृत्युसम्म हुने लोकविश्वास रहिआएको छ। जात्राको दोस्रो दिनलाई मू भू : भनिन्छ। मू भू : भनेको मुख्य भोज हो। यस दिन टाढा-टाढाबाट आएको पाहुनाहरूलाई भोज खुवाइन्छ। भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
तेस्रो दिन इन्द्रायणी देवीको जात्रा गर्ने चलन छ। बाघभैरव मन्दिर परिसरमा रहेको इन्द्रायणी देवीको खट (लायकु) लाई अघिल्लै दिन इन्द्रायणी स्थान पुऱ्याएर इन्द्रायणी जात्रा गरिन्छ। इन्द्रायणी जात्राको सुरू अष्टमीको रात्रिमा विष्णुदेवी स्थान बल्खुमा विशेष होम गर्ने चलन छ। होममा सर्प, भँगेरा, माछा, भ्यागुता जोडीलाई होम गरिन्छ तर परेवाको जोडीलाई भने स्वतन्त्र छाडिदिने चलन छ। उक्त होम गरिसकेपछि भने पोडेलाई थकाली बनाई सबै जातले भोज खानुपर्ने हुन्छ। इन्द्रायणी जात्रा कीर्तिपुरसहित अन्य ६ गाउँ नगाउँ, पाँगा, सतुंगल, मच्छेगाउँ, बोसीगाउँ र ल्होखामा पनि निकालिन्छ तर कीर्तिपुरमा इन्द्रायणी, नगाउँमा बालकुमारी र अन्य पाँच गाउँमा विष्णुदेवीको जात्रा गर्ने प्रचलन रहेको छ। बिहान देउढोकाबाट सुरू भएको इन्द्रायणी जात्रा बेलुका बाघभैरव मन्दिर परिसरमा रहेको इन्द्रायणी मन्दिरमा लगी समापन गरिन्छ।

५.३ रामनवमी पर्व

राम नवमी चैत्र महिनाको शुक्ल पक्षको नवमी तिथिका दिन मनाइन्छ। हिन्दू धर्म ग्रन्थ रामायणका अनुसार यस दिनलाई भगवान् विष्णुको सातौँ अवतार श्रीरामको जन्म दिनका रूपमा मनाइन्छ। यस पर्वमा चैत्र नवरात्रीका बीचमा पर्ने भएकाले श्रीरामका सार्थ आद्यशक्ति नवदुर्गा देवीको पूजा पनि गरिन्छ। त्रेता युगमा चैत्र शुक्ल नवमीका दिन अयोध्यामा जन्मिएका रामले आसुरी प्रवृत्तिको रावणलाई बध गरी जनकल्याण गरेको सम्झनामा यस दिन भगवान् रामको पूजाआजा गरिन्छ। यस दिन काठमाडौँको बत्तीसपुतलीमा रहेको राममन्दिर, ललितपुरमा रहेको राममन्दिर, जनकपुरमा रहेको रामजानकी मन्दिरमा विशेष पूजा गरिन्छ। बाघभैरव मन्दिर परिसरमा पनि रामचन्द्र मन्दिर रहेकाले रामनवमीका दिन विशेष पूजाआजा गरिन्छ।

५.४ शिवरात्री पर्व

शिवरात्री कालरात्री, मोहरात्री, सुखरात्री र शिवरात्री मध्येको एउटा प्रमुख रात्री हो। शिवरात्री फागुन कृष्ण चतुदर्शीका दिन मनाइन्छ। भगवान् शिवजी उत्पत्ति भएको रातलाई शिवरात्री भनी नामकरण गरिएको हो। तसर्थ यो पर्व भगवान् शिवसँग सम्बन्धित रहेको छ। यस दिन शिव मन्दिरमा पूजा अर्चना गरी व्रत बस्ने चलन छ। यस पर्वका दिन उपवास गरी 'ॐ नम : शिवाय' मन्त्र जप्नाले सर्वसिद्धि प्राप्त हुने धार्मिक विश्वास रहेको छ। यो दिन ब्रह्माले रूद्ररूपी शिवलाई उत्पत्ति गरेको र शिव पार्वतीको बिहे भएको दिन पनि हो। यस दिन काठमाडौँ पशुपति क्षेत्रमा विशेष मेला लाग्ने गर्दछ। बाघभैरव मन्दिर परिसरमा भवानी शंकरको मन्दिर भएकाले अन्यत्रै जस्तै यहाँ पनि भक्तजनहरूले शिवपार्वतीको पूजाअर्चना गर्दछन्। बाघभैरवमा मनाइने मुख्य जात्रा बाघभैरव जात्रा भएतापनि हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूले आफ्ना अन्य चाडपर्वमा यस मन्दिरमा आई विशेष पूजाअर्चना गर्दछन्।

६. बाघभैरवमा गरिने पूजा विधि

बाघभैरव मन्दिरमा सामान्य पूजा र विशेष पूजा गरी दुई किसिमका पूजा गरिन्छ। सामान्य पूजा जुनसुकै भक्तजनले गर्न सक्छन्। यसमा फूल, अबीर, धूपबत्ती, फलफूल, मिठाई र चामल आदि पूजा सामग्री (पूजा ज्वलः) को प्रयोग गरिन्छ। मन्दिरमा पूजा गर्न जानेले देवतासँग आफ्नो सुखशान्ति वा भलाईको कामना गर्दै पूजा गर्छन्। मन्दिरमा गरिने नियमित पूजा भने गुभाजुबाट गरिन्छ। सामान्य पूजा मुख्य बाघका मन्दिर रहेको ठाउँ गर्न दिँइदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
विशेष पूजा भने मुख्य मन्दिरमा गरिन्छ। मुख्य बाघको प्रतिको अगाडि रहेको कचौरामा ५ वटा मझौला आकारका छोयला, जाँड, रक्सी, गेडागुडी, अचार, चिउरा, साग, माछा र मासको बारा लगायतका सामग्री सहित पूजा गरिन्छ। त्यो कचौरा आकारकै मासको बारा माथि छोयला, त्यसमाथि अन्डा, अन्डामाथि माछा राखी माथिबाट जाँडरक्सी राखी कचौर भरिन्छ। गुभाजुमार्फत् विशेष पूजा गराइन्छ। यसरी मन्दिरमा पूजा गर्ने भक्तजनहरूले मन्दिरबाट केही नखाईकन घर फर्कन हुँदैन। मन्दिरमा १०८ वटा बत्ती पनि बालिन्छ। विशेष पूजा आफ्नो जागिर, स्वास्थ्य, घरपरिवार र सुखशान्तिका लागि भाकल गर्नेले गर्ने चलन छ।

७. निष्कर्ष

बाघभैरव मन्दिर कीर्तिपुरमा अवस्थित छ। यस मन्दिरको लिच्छवीकालदेखि शाहकाल हुँदै हालसम्म पनि निर्माण कार्य भैरहेको छ। यो मन्दिर शिखर शैलीमा निर्माण गरिएको ऐतिहासिक सम्पदा हो। यहाँ मुख्य बाघ भैरवको मन्दिर लगायत मनविनायक, रामचन्द्र, भवानी शंकर, श्रीधर विष्णु, नारायण, गणेश, इन्द्रायणी, धरतीमाता र तुलसीदेवल जस्ता मठमन्दिरहरूको रहेका छन्। मन्दिरभित्र बाघको मूर्तिका साथै गणेश, सरस्वती, नारायण, लक्ष्मी, उमामहेश्वर, श्रीधर विष्णु, रूक्मिणी, राम, सीता, लक्ष्मण, अष्टमातृका लगायतका मूर्तिहरू प्रतिस्थापन गरिएको छ। बाघभैरवको कथा नेपाली समाजको धार्मिक परम्पराको उत्कृष्ट नमुना हो।

बाघभैरवको कथाले हाम्रो समाज धार्मिक विश्वासमा रहेको बताउँछ। कथाले सराप लाग्छ भन्ने लोकविश्वासलाई प्रष्ट पारेको छ। केटाको सरापका कारण बाघले सिद्धि प्राप्त गरी देवताको रूपमा पूजिएको बुझिन्छ। केटा र बाघले सिद्धि प्राप्त गर्नुमा कुनै दैविक शक्ति रहेको अनुमान गर्न सकिन्छ। यसले दैविक शक्तिमा विश्वास गर्ने वैदिक परम्परालाई थप प्रष्ट पारेको छ। मन्दिरले लामो कालखण्डको धार्मिक एकता, सांस्कृतिक महत्त्व, उत्कृष्ट काष्ठकला, कलात्मक मन्दिर निर्माण शैली र सामाजिक मेलमिलाप झल्काएको छ। यहाँ पूजाआजाका लागि हिन्दू र बौद्ध धर्मावलम्बीहरूको व्यापक उपस्थिति रहन्छ। पहिले-पहिले राजा र प्रजाको सुमधुर सम्बन्ध रहेको कुरा राजा आफैं गथु प्वाखं जात्रामा उपस्थित हुने प्रचलनबाट बुझिन्छ। नेपाल एकीकरणका सन्दर्भमा राजा पृथ्वीनारायण शाहको फौज दुई पटक असफल हुँदा लुटिएका हातहतियारहरू मन्दिरको अग्रभागमा सजाएर राखिएको छ। यसले नेपाल एकिकरणको ऐतिहासिक सन्दर्भ, युद्ध कौशल र त्यस समयमा प्रयोग हुने हातहतियारको

२०७२ वैशाख १२ गतेको भूकम्पका कारण क्षतविक्षत मुख्य प्रवेशद्वारको फल्चा अर्थात् पाटी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
महत्त्व दर्शाएको छ। विशेष गरी यहाँ हिन्दू र बौद्ध मागीहरूले यहाँ पूजाआजा गर्ने गर्दछन्। बाघभैरवमा रहेको बाघको मूर्तिलाई हिन्दू धर्ममा पूजाका लागि निषेध गरिएका जाँडरक्सी, माछा, अण्डा चढाएर पूजा गरिन्छ भने अन्य मूर्तिहरूमा हिन्दू धर्मअनुसार टीका फलफूल नैवेद्य चढाएर पूजा गरिन्छ। तसर्थ बाघभैरवलाई सांस्कृतिक एकताको केन्द्र मान्न सकिन्छ। यहाँ बाघभैरव जात्रा, इन्द्रायणी जात्रा, रामनवमी र शिवरात्रीमा विशेष मेला लाग्ने लाग्दछ। त्यसो त बाघ भैरवमा नेपालीहरूका चाडपर्व जस्तै बुद्ध जयन्ती, इन्द्रजात्रा, गाईजात्रा, दशैँ, तिहार, आदिमा पनि पूजाअर्चना गरिन्छ।

ऐतिहासिक महत्त्व बोकेको बाघभैरव मन्दिरको संरक्षण स्थानीय बासिन्दा, गुठी संस्थान र नेपाल सरकारबाट हुँदै आएको छ। खुल्ला द्वार रहेका कारण मूर्तिहरू चोरी हुने सम्भावना हालसम्म पनि रहेको छ। भक्तजनहरूले जथाभावी पूजा सामग्रीहरू प्रयोग गरेका कारण बाघभैरवको मूर्ति बाहेक अन्य मूर्तिहरू चिन्न सक्ने अवस्थामा छैनन्। मन्दिरको परिचयका लागि राखिएका बोर्डमा नेवारी र अङ्ग्रेजी भाषाको प्रयोग गरिएको छ। जसले गर्दा नेवारी र अङ्ग्रेजी नजान्नेहरूका लागि समस्या छ। यसमा मानक नेपाली भाषाको प्रयोग उपयुक्त हुन्छ। २०७२ सालमा गएको भूकम्पका कारण क्षति भएका मठमन्दिरको पुनः निर्माण समयमै नहुँदा मन्दिरले आफ्नो सौन्दर्य गुमाउँदै गएको छ। मन्दिर प्रवेशद्वारमा रहेका फल्चा अर्थात् पाटीहरूको स्थिति त हेर्न नसकिने अवस्थामा छ। बाघभैरव मन्दिर एउटा ऐतिहासिक मन्दिर र सांस्कृतिक एकताको केन्द्र भएकाले बेलैमा संरक्षण गर्ने तर्फ ध्यान जानु आवश्यक छ।

सन्दर्भ सामग्री सूची

- एम.ए, ओल्डफिल्ड, **भ्युज अफ नेपाल**, काठमाडौँ : रत्नपुस्तक भण्डार, १८५१।
- जोशी, सत्यमोहन, "केही नेपाली लोक-देउताहरूको भूमिका" नेपाली लोकसंस्कृति संगोष्ठी, (२०३२), पृ.१२७–१३३।
- ढुङ्गाना, शारदा, गण्डकी अञ्चलका लोककथाको लोकतात्त्विक अध्ययन, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, २०७३।
- दिवस, तुलसी, प्रदर्शनकारी धिमाल लोकसंस्कृति, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३५।
- _____, **धिमाल लोक-धर्म र संस्कृति**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३६।
- पर्सिभल, ल्याण्डन, **नेपौल भाग १ र २**, काठमाडौँ, रत्नपुस्तक भण्डार, ई.सं १९७६।
- पराजुली, मोतीलाल, **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू**, काठमाडौँ : साझा प्रकाशन, २०६३।
- रिमाल, प्रदीप, **कर्णाली लोकसंस्कति** (खण्ड ५) साहित्य, सङ्गीत, कला, काठमाडौँ : साझा प्रकाशन, २०५३।
- श्रेष्ठ, शुक्रसागर, **कीर्तिपुरको सांस्कृतिक र पुरातात्विक इतिहास**, काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय , २०५७।
- सुवेदी, हंसपुरे, **नेपाली लोकजीवनः लोकविश्वास**, काठमाडौँः साझा प्रकाशन, २०५५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा प्राविधिक शिक्षाको विकास

प्रा.डा.श्रीरामप्रसाद उपाध्याय

मानव सभ्यताको विकासमा प्राविधिक शिक्षाको महत्वपूर्ण भूमिका रहेको छ । नेपालमा पनि प्राचीन कालदेखि नै प्राविधिक शिक्षाको विकास भएको थियो भन्ने कुराको प्रमाण तत्कालीन उपलब्ध पुरातात्विक वस्तु तथा आलेखहरूबाट प्रमाणित हुन्छ ।

औपचारिक रूपमा राणा शासन कालमा नै प्राविधिक शिक्षाको प्रारम्भ भएको थियो । भारतमा चलिरहेको अंग्रेज विरोधी आन्दोलनको प्रभाव नेपालमा नपरोस् भन्ने उद्देश्यका साथ चन्द्र शमशेरले नेपाली युवाहरूलाई प्राविधिक शिक्षातर्फ उन्मुख गराएका थिए । वीरशमशेरका जेष्ठ पुत्र गेहेन्द्र शमशेर, मुसे थापा र तिर्थप्रसाद जस्ता वैज्ञानिकको उदय र यिनले बनाएका तोप र ६ बुलेटको स्वचालित पिस्तोल बनाएपछि चन्द्र शमशेरको प्राविधिक शिक्षा तर्फको मोह कम हुन गयो । त्यही पनि आन्तरिक तथा बाह्य दबाबको कारण प्राविधिक शिक्षालाई अगाडि बढाउनुको कुनै विकल्प थिएन । प्रथम विश्वयुद्धमा संलग्न सेनाको निम्ति हातहतियार निर्माण तथा जिणोद्धार गर्ने मेकानिक्स तथा कालिगढको आवश्यकता पऱ्यो । त्यसैको परिणाम स्वरूप प्रथम विश्वयुद्ध सकिने बित्तिकै तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेरले १९७५ भाद्र २७ गते तदनुसार १२ सेप्टेम्बर १९१८ मा त्रिभुवन चन्द्र कलेजको स्थापना गरेका थिए । त्यस बखत उक्त कलेज दरबार स्कुलमा सञ्चालित थियो । सुरुका बर्षमा त्यस कलेजमा कला विषय मात्र अध्यापन गरिन्थ्यो । त्रिचन्द्र कलेजको स्थापना भएको २ बर्ष पछि १९७७ सालमा विज्ञानको इन्टरमिडियट अध्ययन अध्यापन प्रारम्भ भयो । यसबाट प्राविधिक शिक्षा विकासको निम्ति दरिलो जग हाल्ने काम भएको थियो । त्यस बखत उच्च शिक्षा निःशुल्क थियो । चन्द्र शमशेरले त्रिभुवन चन्द्र कलेजबाट अध्ययन पूरा गरेका विज्ञान विषयका विद्यार्थीहरूलाई इन्जिनियरिङ्ग र चिकित्सा शास्त्रको उच्च अध्ययन गर्न छात्रवृत्ति दिएर भारतको विभिन्न विश्वविद्यालयमा पढ्न पठाएका थिए । यिनले छात्रवृत्तिको निम्ति गुठीको व्यवस्था पनि गरेका थिए । साथै उनले समाजसेवी तुलसीमेहर र तोयानाथ जोशीलाई छात्रवृत्ति दिएर महात्मा गान्धीको आश्रम गुजरातको साबरमती पठाएका थिए । त्यहाँबाट पढेर आएपछि तुलसीमेहरले चर्खा आन्दोलन चलाएका थिए । यो आन्दोलन चलाए वापत भीमशमशेरले यिनलाई कैद गरेका थिए । यिनलाई चर्खा अभियानमा राजनीति घुसाएको आरोप लगाइएको थियो ।

प्राविधिक शिक्षामा लागेका विद्यार्थीहरूलाई राजनीतिमा लाग्न फुर्सद हुँदैन भन्ने विश्वासका साथ भीमशमशेरले १९८७ साल फागुन १९ गते वसन्तपुर कुमारी चोकमा टेक्निकल स्कुलको स्थापना गरेका थिए । उक्त स्कुलको स्थापना गरेको ११ बर्षपछि १९९८ मा उक्त टेक्निकल स्कुललाई इन्जिनियरिङ्ग स्कुलको रूपमा रुपान्तरित गरियो ।

लेखक वरिष्ठ इतिहासकार, शिक्षाविद् हुनुहुन्छ, ९८४३८२१०३७ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राविधिक शिक्षाको विकासमा जुद्ध शमशेरको योगदान पनि उल्लेखनीय रहेको थियो। १९८९ भाद्र १७ गते भीमशमशेरको मृत्युपछि प्रधानमन्त्री भएका जुद्ध शमशेरले त्यसै बर्ष कृषि स्कुलको स्थापना गरेका थिए। १९९० सालको महाभूकम्पबाट घाइते भएका बिरामीको उपचारको निम्ति निकै ठूलो सङ्ख्यामा चिकित्सकहरूको आवश्यकता पर्न गयो। त्यसै आवश्यकतालाई पूरा गर्न जुद्ध शमशेरले सिभिल मेडिकल स्कुल स्थापना गरेका थिए। यस स्कुलको सुपरिवेक्षण गर्ने जिम्मा वीर अस्पतालका सुपरिटेन्डेन्टलाई दिइएको थियो।

२०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि प्राविधिक शिक्षाको क्षेत्रमा युगान्तकारी परिवर्तन भएको थियो। विज्ञान, इन्जिनियरिङ्ग, चिकित्साशास्त्र, वन तथा कृषि जस्ता प्राविधिक शिक्षामा उल्लेखनीय प्रगती भएको थियो। प्राविधिक शिक्षामा स्नातकदेखि विद्यावारिधिसम्मको अध्ययन अध्यापन हुन थालेको थियो। उच्च शिक्षामा सेमेस्टर प्रणाली र राष्ट्रिय विकास जस्ता कार्यक्रम लागु भएपछि प्राविधिक शिक्षामा समसामयिक परिवर्तन हुँदै गयो। यसको साथै उच्च शिक्षालाई सङ्काय र संस्थानमा विभाजित गरियो। मानविकी तथा सामाजिक शास्त्र, शिक्षा शास्त्र, व्यवस्थापन र कानुन विषयलाई सङ्काय अन्तर्गत राखियो। यसको विपरित विज्ञान तथा प्रविधि, इन्जिनियरिङ्ग, चिकित्साशास्त्र, वनविज्ञान, कृषि तथा पशु विज्ञान जस्ता प्राविधिक विषयलाई संस्थान अन्तर्गत राखेर यी विषयका अध्ययन अध्यापनमा उच्चतम प्रविधिको प्रयोग गर्ने व्यवस्था मिलाइयो।

विज्ञान तथा प्रविधि अध्ययन संस्थानका १३ वटा केन्द्रीय विभाग, २५ वटा आङ्गिक र १०३ वटा सम्बन्धन प्राप्त क्याम्पस रहेका छन्। यसका सबै विभागहरूले स्नातकोत्तरदेखि विद्यावारिधिसम्मका कक्षाहरू सञ्चालन गर्दछन्। केही क्याम्पसहरूमा स्नातक तथा स्नातकोत्तर स्तरको पनि अध्ययन अध्यापन हुने गर्दछ। स्नातक स्तरको बार्षिक कार्यक्रम अन्तर्गत वि.टेक. (फुड), वि.एस्सी.(न्युट्रिसियन एन्ड डाइटेक्स) र वि.एस्सी. टी साइन्स जस्ता विषय राखिएका छन्। स्नातक स्तरको सेमेस्टर प्रणाली अन्तर्गत कम्प्युटर साइन्स एन्ड इन्फर्मेसन टेक्नोलोजी, वि.एस्सी. म्याथम्याटिकल साइन्स र वि.आइ.टी. अर्थात व्याचलर इन इन्फर्मेसन टेक्नोलोजीको अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाइएको छ।

सेमेस्टर प्रणाली अन्तर्गत विज्ञान तथा प्रविधि अध्ययन संस्थानको स्नातकोत्तर तहमा एम.टेक. फुड टेक्नोलोजी, एम.एस्सी. कम्प्युटर साइन्स एन्ड इन्फर्मेसन टेक्नोलोजी, एम.ए.स्सी. म्याथ, एम.एस्सी. माइक्रोबायलोजी, एम.एस्सी. इन्भाइरोमेन्टल साइन्स, एम.ए.स्सी. स्टाटिस्टिक, एम.एस्सी.बायोटेक्नोलोजी, एम.एस्सी. बायोडाइभर्सिटी एन्ड इन्भाइरोमेन्टल मेनेजमेन्ट, एम.एस्सी. फिजिक्स, केमेस्ट्री, जुलोजी, बोटनी, जियोलोजी, हाइड्रोलोजी र म्याट्रोलोजी, एम.एस्सी. इन इञ्जिनियरिङ्ग जियोलोजी, एम.एस्सी. म्याथमेटिकल साइन्स, मास्टर डिग्री इन इन्फर्मेसन टेक्नोलोजी र एम.एस्सी. भिरोलोजी (Virology) विषाणु शास्त्र र एम.फिल. म्याथम्याटिक्सको साथै विद्यावारिधिसम्मको अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाइएको छ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत चिकित्सा शास्त्र अध्ययन संस्थानले पनि प्राविधिक शिक्षाको विकासमा उल्लेखनीय योगदान पुऱ्याएको छ। यसका ७ वटा आङ्गिक र १५ वटा सम्बन्धन प्राप्त क्याम्पस रहेका छन्। यसका ७ वटा आङ्गिक क्याम्पसमा महाराजगंज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
मेडिकल क्याम्पस, नरसिंग क्याम्पस महाराजगञ्ज, आयुर्वेद क्याम्पस कीर्तिपुर, नरसिंग क्याम्पस विराटनगर, नरसिंग क्याम्पस विरगञ्ज, नरसिङ्गा क्याम्पस पोखरा र नरसिङ्गा क्याम्पस नेपालगञ्ज पर्दछ । यसका १५ वटा सम्बन्धन प्राप्त क्याम्पसमा नेशनल मेडिकल कजेल वीरगंज, युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज भैरहवा, जानकी मेडिकल कलेज जनकपुर, पिपुल्स डेण्टल कलेज एन्ड हस्पिटल नयाँबजार काठमाडौं, एम.वि.केडिया डेन्टल कलेज वीरगञ्ज, किष्ट मेडिकल कलेज ललितपुर, चितवन मेडिकल कलेज भरतपुर, नेसनल मोडल कलेज फर एडभान्स लर्निङ्ग लैनचौर काठमाडौं, सुनसरी टेक्नीकल कलेज सुनसरी, गण्डकी मेडिकल कलेज लेखनाथ कास्की, नेचुरल आयुर्वेदिक मेडिकल कलेज वीरगञ्ज, म्याट्रिक्स कलेज वीरगञ्ज, जनमैत्री फाउन्डेसन इन्स्टिच्युट अफ मेडिकल साइन्सेस बालाजु, मनमोहन मेमोरियल इन्स्टिच्युट अफ हेल्थ साइन्सेज, काठमाडौं र नेप्लिज आर्मी इन्स्टिच्युट अफ हेल्थ साइन्सेज भद्रकाली काठमाडौं पर्दछ ।

महाराजगञ्जस्थित चिकित्सा शास्त्र अध्ययन संस्थानको क्याम्पसमा स्नातकदेखि विद्यावारिधि (डि.एम.), एम.सि. एच. (Mch) सम्मको अध्ययन अध्यापन हुने गर्दछ । यसका स्नातक कार्यक्रममा १२ वटा विषय र स्नातकोत्तर स्तरमा ३० वटा कार्यक्रम राखिएका छन् । स्नातकमा एम.वि.वि.एस्, वि.एच.पी., ब्याचलर इन अडियोलोजी स्पिच ल्याङ्ग्वेज प्याथोलोजी देखि ब्याचलर इन आयुर्वेदिक मेडिसिन एन्ड सर्जरी जस्ता विषय राखिएका छन् । यसैगरी स्नातकोत्तर (एम.डी.) अन्तर्गत एनेस्थेसियोलोजी, बायोकेमेस्ट्री, डर्माटोलोजी, फरेन्सिक मेडिसिन जस्ता विषय राखिएका छन् । यसबाहेक विशिष्टीकरण कार्यक्रम अन्तर्गत कार्डियोथेरासिक एन्ड भास्कुलर सर्जली, न्युरो सर्जरी, प्लास्टिक सर्जरी र युरोलोजी एन्ड किड्नी ट्रान्सप्लान्ट सर्जरी जस्ता विषय राखिएका छन् । डि.एम. डिग्री अन्तर्गत कार्डियोलोजी, क्रिटिकल केयर मेडिसिन, इमरजेन्सी मेडिसिन, ग्याष्ट्रो इन्टेरियोलोजी, नेफ्रोलोजी र न्युरोलोजी जस्ता विषय राखिएका छन् । यसैगरी एमफिलमा स्याकोलोजी र विद्याबारिधिमा नर्सिङ्ग, माइक्रोबाइलोजी र पब्लिक हेल्थ जस्ता विषय राखिएका छन् । नर्सिङ्ग विषयमा प्रमाणपत्र तहको पनि पढाइ हुने गर्दछ । कीर्तिपुरस्थित आयुर्वेदिक क्याम्पस स्वायत्त संस्थाको रूपमा सञ्चालित छन् ।

त्रिभुवन विश्वविद्यालय बाहेक देशका विभिन्न प्रतिष्ठान तथा विश्वविद्यालयहरूमा चिकित्साशास्त्र विषयको अध्ययन अध्यापन हुने गर्दछ । यस्ता प्रतिष्ठानहरूमा धरानस्थित वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, काठमाडौंको वीर अस्पतालस्थित चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली अञ्चलको जुम्ला स्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान पर्दछन् ।

प्राविधिक शिक्षाको विकासको निम्ति छुट्टै विश्वविद्यालयको पनि स्थापना गरिएका छन् । यस्तो विश्वविद्यालयमा रामपुरस्थित कृषि तथा वन विश्वविद्यालय पर्दछन् । यसबाहेक काठमाडौं विश्वविद्यालयमा विज्ञान, इञ्जिनियरिङ्ग, चिकित्साशास्त्र जस्ता प्राविधिक विषयको अध्ययन अध्यापन हुने गर्दछ । विराटनगरस्थित पूर्वाञ्चल विश्वविद्यालय, सुर्खेतस्थित मध्यपश्चिमाञ्चल विश्वविद्यालय र कञ्चनपुर स्थित सुदूरपश्चिमाञ्चल विश्वविद्यालयहरूमा विज्ञान, प्रविधि तथा इञ्जिनियरिङ्गको अध्ययन अध्यापन हुने गर्दछ । यस बाहेक प्राविधिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा तथा व्यवसायिक तालिम परिषदले विभिन्न सीपयुक्त प्राविधिक जनशक्ति उत्पादन गर्दै आएको छ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्स्टिच्युट अफ फोरेस्टी, इन्स्टिच्युट अफ एग्रिकल्चर एन्ड एनिमल साइन्सेज र रिसर्ज सेन्टर फर अप्लाइड साइन्स एन्ड टेक्नोलोजी (रिकास्ट) ले पनि विभिन्न स्तरका प्राविधिक जनशक्ति उत्पादन गर्दै आएको छ। यस बाहेक पनि त्रिभुवन विश्वविद्यालयमा अवस्थित सूचना प्रविधि केन्द्रले पनि प्राविधिक शिक्षा विकासमा सूचना प्रवाह गर्ने काम गरेको छ।

नेपाल सरकारले विद्यालय स्तरबाट नै प्राविधिक शिक्षा विकासको निम्ति विद्यालय शिक्षालाई साधारण र प्राविधिक शिक्षा गरी दुई श्रेणीमा विभाजन गरेको छ। विद्यालय क्षेत्र सुधार योजना अन्तर्गत कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षाको आधार मानेर सिभिल, कम्युटर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स इञ्जिनियरिङ्ग तथा कृषि सम्बन्धी प्राविधिक शिक्षा सञ्चालनमा ल्याएको छ। नेपाल सरकारले प्राविधिक शिक्षा लागु गर्ने विद्यालयहरूलाई आर्थिक, प्राविधिक तथा भौतिक सहयोग उपलब्ध गराउँदै आएको छ। अघिल्ला बर्षहरूदेखि नै सेकेन्डरी एजुकेशसन इग्जामिनेसन (SEE) परीक्षामा प्राविधिक विषयका विद्यार्थीहरू सामेल हुँदै आएका छन्।

निष्कर्ष

विश्वव्यापी रूपमा प्राविधिक शिक्षाको महत्व बढ्दै गएको छ। नेपाल सरकारले पनि प्राविधिक शिक्षाको विकासमा प्रशस्त लगानी गरेको छ। त्यही पनि प्राविधिक शिक्षा हासिल गर्न चाहने विद्यार्थीको सङ्ख्या बढ्न सकेको छैन। यसको निम्ति साधारण शिक्षालाई पनि प्राविधिक रूपमा अगाडि बढाउनु पर्ने आवश्यकता छ। शिक्षालाई मनोरञ्जनभन्दा जीवनोपयोगी बनाउनु आवश्यक हुन्छ। यसको निम्ति सबै सरोकारवालाहरूले प्राविधिक शिक्षा प्रतिको आकर्षण बढाउनु पर्ने हुन्छ।

सन्दर्भग्रन्थ

1. Aryal, Krishna Raj (1970) Education for the Development of Nepal Gairidhara, Kathamandu, Shanti Prakashan, Shanti Sadan.
2. T.U. Today (2013/14) Kirtipur, Kathmandu, Nepal.
3. T.U. Today 2074 (2017/018) Kirtipur, Kathmandu, Nepal.

४. शैक्षिक सूचना २०७३ सिंहदरबार शिक्षा मन्त्रालय।

५. उपाध्याय, प्रा.डा. श्रीराम प्रसाद (२०५५) नेपालको समीक्षात्मक इतिहास, पुल्चोक, ललितपुर, साझा प्रकाशन

६. ..... (इ.सं. २०१५) त्रिभुवन विश्वविद्यालयको आकर्षण, भोटाहिटी, काठमाडौं, हाइल्याण्ड प्रकाशन।

७. शर्मा गोपीनाथ (२०५०) नेपालमा शिक्षाको इतिहास, कुपण्डोल, काठमाडौं।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेन सम्बन्धी कथाभित्रको वास्तविकता

रामराज रेग्मी

श्री मद्भागवत चौथो खण्डको चौधौं र पन्ध्रौं अध्यायहरूमा मैत्रेयीले विदुरलाई राजा बेनका बारेमा बताएको कथा वर्तमान दार्शनिक, राजनीतिक र ऐतिहासिक जगत्मा निकै चर्चित छ । यस कथाको उल्लेख विष्णु पुराणमा पनि गरिएको छ। बेन सरस्वती नदीको किनारमा रहेको प्राक् ऐतिहासिक सारस्वत राज्यका शासक हुन् । कथा अनुसार भृगु ऋषिको नेतृत्वमा ऋषिमुनीहरूले राजमाता सुनिथासँग अनुरोध गरी उनका पुत्र बेनलाई राजा बनाए । राजा बेन सत्तासीन भएपछि राज्यमा तहल्का मच्चाउँदै आएका चोर, डाँका र लुटाहाहरू सब थर्कमान भए र सर्पसँग डराएका मुसा जस्तै भएर यत्रतत्र लुके । राजा बेन शक्तिशाली राजाका रूपमा चारैतिर प्रख्यात भए । तर यस कुराले उनको अभिमानको पारो चढ्न थाल्यो र नियन्त्रणविनाको मत्त हात्ती जस्तै कसैलाई नगन्ने भए । उनले ब्राह्मण पुरोहितहरूलाई यज्ञमा हवन कार्य गर्न र बली चढाउन प्रतिवन्ध लगाए । उनले अन्य प्रकारका धार्मिक कार्यहरूमा पनि रोक लगाए । ब्राह्मण जगत्मा खैलाबैला मच्चियो । नेतृत्व तहमा रहेका ऋषिमुनीहरू भेला भई सरसल्लाहमा जुटे । यथार्थमा उनीहरू बेनलाई राजगद्दीमा राख्ने कुरामा इच्छुक थिएनन्, तर त्यस बेलाको परिस्थितिमा तिनीहरूसँग अर्को विकल्प पनि थिएन । बेनलाई संझाई बुझाई आफ्नो चाहना अनुसार डोऱ्याउन सकिने आशा तिनले लिएका थिए । तर परिणाम तिनले सोचे अनुसार भएन । जे होस् एकचोटी फेरि संझाउने र सही बाटोमा डोऱ्याउन प्रयत्न गर्ने निस्कर्ष निकाली तिनीहरू बेनको दरबारतर्फ लागे ।

राजा बेनसँग निकै क्रुद्ध भएका भए पनि उनीसमक्ष रहेका बेला ऋषिहरूले धैर्य धारण गरे र नरम शब्दमा उनलाई नयाँ स्थापित मूल्य मान्यता अनुसार चल्न अनुरोध गरे । उनीहरूले भने कि यदि राजाले धार्मिक क्रियाकलापलाई बिरोध गर्दैनन् र ब्राह्मण पुरोहितहरूको कदर गर्दछन् भने उनी स्वयंको सामर्थ्य र मर्यादामा बृद्धि हुन जान्छ । राजालाई संझाउँदै तिनले के कुरा राखे भने जो व्यक्ति धार्मिक क्रियाकलाप अनुसार चल्छ, उसको भौतिक र मानसिक दुबै क्षेत्रमा प्रगति हुन्छ, उसलाई कुनै प्रकारको बिघ्न बाधाले छुँदैन, उसँग ईश्वर खुशी हुन्छन् र चाहे अनुसारको पुऱ्याई दिन्छन् । उनीहरूले अप्रत्यक्ष रूपमा धम्की दिँदै के पनि भने भने यदि राजाका कारणले फेरि पनि राज्यमा धार्मिक क्रियाकलापहरूमा खलल पर्न गयो र वर्णाश्रम व्यवस्थामा आघात पर्न गयो भने उनको राजकीय सत्ता र सामर्थ्य दुबै खतरामा पर्न सक्छ । जनताले उनी विरुद्ध विद्रोह गर्नेछन् र राज्यलाई बुझाउन पर्ने कर तिर्ने छैनन् । वर्णाश्रम व्यवस्थाको महिमा गाउँदै तिनले के कुरा अघि सारे भने यसले मानिसलाई आ-आफ्ना कर्तव्यको पालना गर्न लगाउँछ र समाजमा अनुशासन कायम गराउँछ । वर्णाश्रम व्यवस्थामा तलमाथि पर्न जाँदा

लेखक इतिहास तथा समाजशास्त्रीय विद्वान हुनुहुन्छ । – सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाजमा अराजकता बढ्न जान्छ। बलीप्रथाको महत्व बुझाउँदै उनीहरूले भने कि यो भनेको ईश्वरलाई खुशी बनाई राख्ने कार्य हो। ईश्वर नै सम्पूर्ण प्राणी जगत्का पालनकर्ता र भाग्य विधाता भएकाले राज्यमा कहीँ पनि उनी बेखुशी हुने प्रकारका गतिविधिहरू गरिनु हुन्न।

ऋषिमुनीहरूले दिएको यस्तो अर्ती उपदेशले राजा बेनमा कुनै प्रभाव परेन। उल्टै ऋषिहरूलाई अर्ती दिँदै उनले भने कि वास्तवमा तपाईंहरू आफैँ भ्रममा हुनुहुन्छ र धार्मिक कार्यका आडमा अधार्मिक गतिविधि सञ्चालन गरिरहनु भएको छ। वास्तविक ईश्वरलाई बेवास्ता गरी तपाईंहरू काल्पनिक वस्तुलाई पूजी रहनु भएको छ। सम्पूर्ण कुरा भौतिक जगत् हो र विश्वास यसैमा गर्नुहोस्। तपाईंहरू आफैँ राजा ईश्वरको अवतार हो भनी भन्नुहुन्छ। यदि त्यसो हो भने राजासँग सरसल्लाह गरी किन चल्नुहुन्न ? किन उसलाई खुशी बनाउने प्रयत्न गर्नुहुन्न ? राजाका यी कुरा सुनेर ऋषिहरूको क्रोधले सीमा नाघ्यो। तिनीहरूले मन्त्र विधिद्वारा धारिलो कुश प्रयोग गरी गला रेटेर तत्कालै उनको हत्या गरे र आफ्ना बाटा लागे। यता राजमाता सुनिथा ऋषिहरूले आफ्नो पुत्रको हत्या गरेकोमा निकै शोकमग्न भइन् र मन्त्रविधिबाट शवलाई सङ्नबाट बचाएर सुरक्षित स्थानमा राखिन्।

बेनको हत्यापछि राज्यमा ब्राह्मण पुरोहितहरूलाई पूजा पाठ गर्ने, बली दिने र धार्मिक कार्यका भरमा आफ्नो बृति चलाउने बाटो खुल्यो। तर जनतामा राजाको अभावले ठूलो सङ्कट उत्पन्न गरायो। हिजो राजा छँदा डरले लुकी छिपी बसेका चोर डाँका र अपराधीहरू अब खुलेआम बाहिर निस्की बस्तीहरूमा लुटपाट मच्चाउन थाले। ऋषिमुनीहरूका कार्यले आफूले दुःख पाउनु परेकोमा जनताले आक्रोश व्यक्त गर्न थाले। यदि जनता असन्तुष्ट भए र विद्रोहमा उत्रे भने अर्को महाआपत आईलाग्छ र ब्राह्मणत्व समेत खतरामा पर्नजान्छ भन्ने सोची ऋषिहरू दरबारमा राजाको शव रहेको ठाउँमा भेला भए। राजा हुनका लागि राजपरिवारको मानिस उपयुक्त हुन्छ भन्ने ठानी तिनले बेनकै शवबाट सन्तान उत्पत्ति गराउने विचार गरे र मन्त्रविधिका साथ तिनको दाहिने हातको मन्थन गरे। मन्थन कार्यबाट कवच धारण गरेको, कम्मरमा तलवार भिरेको र हातमा धनु लिएको एउटा क्षत्रीय राजकुमार ऋषिहरूका सामुन्ने प्रकट भयो र हात जोडी बोल्यो,- "श्रद्धेय ऋषिवर, भन्नुहोस् मैले के कस्तो कर्तव्य पालना गर्नुपर्‍यो ?" ऋषिहरूले भने,- "हे बेनपुत्र, तिमीले यस राज्यमा शासन गर र जे जस्तो काम गर्दा धर्मको बृद्धि हुन्छ, त्यही गर। वेदका निर्देशनहरूको पालना गर र ब्राह्मणहरूको यथोचित सम्मान गर।" (Srila, 2015:1-2)।

यस निर्देशनको पालना गर्दै उनी राजकीय कार्यमा संलग्न भए। उनी 'पृथु' नामका राजाको नामबाट चारैतिर प्रख्यात भए। सबै शत्रुलाई जिती हिमाली उपमहाद्विपका चक्रवर्ती सम्राट भए। जन मानसमा उनी विष्णुका आठौँ अवतार हुन् भन्ने धारणा विकास भयो।

पृथुका पालामा राज्यमा सुख समृद्धि छायो। यस्तैमा एक दिन किसानहरूको एउटा समुह राजा समक्ष गुनासो लिएर आयो। किसानहरूले राजा समक्ष बिन्ति बिसाए,- "महाराज, पृथ्वीमा उर्वरत्व घट्यो। धरतीले राम्रो उत्पादन नदिँदा हामी भोकमरीको मारमा परेका छौँ। हामीलाई यस विपत्तिबाट उद्धार गरिदिनुहोस्।" यो सुनेर पृथु धरतीमाता 'पृथ्वी' सँग निकै क्रुद्ध भए र हातमा धनु लिएर उनीविरुद्ध जाइलागे। पृथ्वीले तुरुन्त गाईको भेष धारण गरिन् र राजाको प्रहारबाट बच्न त्यहाँबाट भागिन्। उनलाई पछ्याउँदै पृथुले भने,- "बसुधा, तिमीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो कर्तव्य निभाइनौ, म तिमीलाई कुनै हालतमा छोड्दिन ।" एकछिन रोकिएर पछि फर्किँदै पृथ्वीले भनिन्,- "यो मेरो गल्ती होइन, महाराज । मानिसहरूले कुनै पनि लगानी नगरी मेरो एकोहोरो दोहन गरेका छन् । समस्या यही हो, अब जे मन लाग्छ गर्नुहोस् ।" गल्ती आफ्नै प्रजाबाट भएको रहेछ भन्ने कुरा पृथुले महसूस गरे । उनले पृथ्वीलाई भने, "उसो भए म आफ्ना प्रजालाई मिहेनत गर्न लगाउँछु । तिमीले उत्पादन देऊ" त्यसपछि राजा पृथुले सारा प्रजाहरूलाई अल्छी नगरी श्रम गर्न उर्दी जारी गरे । राजाको आज्ञा बमोजिम सबै प्रजा मिहेनतसाथ श्रममा जुटे । तिनले उबडखाबड भएको जमिनलाई समथर बनाए । गाई पाले र तिनको मलले पृथ्वीको उर्वरता बढाए । पृथ्वी हराभरा र धनधान्यले भरिपूर्ण भइन् । राज्यबाट अनिकाल सदाका लागि अन्त्य भयो (Padmum, 2010 :1) ।

श्री मद्भागवतमा मैत्रेयीले बताएको राजा बेन र उनका उत्तराधिकारी पृथुको कथावस्तु यही हो । तर अध्ययन अनुसन्धानबाट के जानकारी हुन्छ भने यस कथामा सत्य घटनाका साथमा थुप्रै मिथ्या र फतुर कुराहरू जोडिएका छन् । महाभारत शान्ति पर्वको ५९ औँ अध्यायमा भीष्मले राजा युधिष्ठिरलाई राजाको चरित्र कस्तो हुनुपर्दछ, उसले के गर्न हुन्छ के गर्न हुँदैन आदि कुराको उपदेश दिने सन्दर्भमा यस कथालाई प्रयोग गरेका छन् (शास्त्री पाण्डेय, २०५५:४५७५-७८) । यथार्थ कुरालाई पर्दा हाल्ने भ्रमपूर्ण कथालाई पुराण र महाभारत जस्ता ग्रन्थमा प्रकाशित गरिनुको तात्पर्य के हो भने तिनले प्रचार माध्यमको काम गर्दछन् र जनतामा आफ्ना मूल्य मान्यता थोपर्न सकिन्छ । (चट्टोपाध्याय, १९८४:१८६) चारैतिर राजतन्त्र हावी भएको समयमा त यस्ता कथाले शासक वर्गलाई सचेत बनाउने हतियारकै काम गर्दथे । शासक वर्गका निम्ति राज्यलाई नियन्त्रणमा लिन बल प्रयोग (प्रहरी, फौज, कानून, झ्यालखान) जति उपयोगी हुन्छ, त्यो भन्दा बढी उपयोगी विचारधारात्मक हतियार हुन्छ । पाश्चात्य दार्शनिक ल्पेटोले यस कुरालाई आत्मसात गरी आफ्नो कृति 'जनतन्त्र' मा श्रमिक वर्गलाई नियन्त्रणमा राख्न 'उपयोगी झूटा कुराहरू' प्रयोगमा ल्याउन शासक वर्गलाई सुझाव दिएका थिए । (चट्टोपाध्याय, २०६०:३२) उनले भनेको उपयोगी झूटा कुरा भनेका अन्धविश्वास र धार्मिक आस्थाका सवालहरू हुन् । यी कुराहरूको प्रभावमा परी जनताको चेतना भुत्ते भएपछि जनताका सामु शासक वा भद्रजनका आज्ञा मूक भएर मान्नुभन्दा अर्को विकल्प हुन्न भन्ने कुरा ल्पेटोजस्ता कुलीन वर्गका विद्वानहरूलाई थाहा थियो ।

इतिहासमा कतिपय तथ्य घटनालाई बङ्ग्याएर प्रचार गरिएका थुप्रै उदाहरणहरू भेटिन्छन् । प्रस्तुत बेनको कथा ती मध्येको एउटा हो । कथामा चित्रण गरे जस्तै राजा वेन दुष्ट चरित्रका, निरङ्कुश र अभिमानी राजा होइनन् । उनले मत्त हात्तीजस्तै भएर जे मन लाग्छ, त्यही गरेका होइनन् । बेनमाथि झूटा लान्छनाहरू थोपरेर वास्तविकतामा पर्दा हाल्ने षडयन्त्र गरिएको मात्र हो । यथार्थमा बेनको शासन कालमा जनता सन्तुष्ट थिए भन्ने कुरा उनले अपराधमाथि नियन्त्रण गरी तिनको सुरक्षा गरेको कुराले पुष्टि गर्दछ । राज्यमा उनको अभाव भएका बखत जनतामा असुरक्षाको वातावरण पैदा भएको र जनता आतङ्कित हुन पुगेको कुरा कथामै उल्लेख गरिएको छ । ऋषिहरूले नाहकमा राजालाई मारेकाले दुःख पाउनु परेको भनी स्वयं जनताले आक्रोश पोखेका छन् । बेन र ऋषिहरूबीचको अन्तर्विरोध उनको चरित्र र स्वभावका कारण नभएर दार्शनिक, राजनीतिक र ऐतिहासिक कारणहरूले उत्पन्न भएको देखिन्छ । यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
व्यक्तिगत सवालको विषय नभएर अझ भन्नुपर्दा दुई फरक वर्गीय दृष्टिकोण र फरक विचार बीचको अन्तर्विरोधको सवाल हो ।

दार्शनिक मतभेदको सवालमा राजा बेन र ऋषिहरू फरक वैचारिक धरातलमा उभिएका थिए । कथामा साङ्केतिक रूपमा व्यक्त भए अनुसार राजा बेन भौतिकवादी दृष्टिकोण लोकायत दर्शनका कट्टर अनुयायी भएको देखिन्छ भने ऋषिहरू आध्यात्मिक प्रत्ययवादका पक्षधर देखिन्छन् । कथाको पृष्ठभूमि उपनिषद् काल हुनुपर्छ । त्यतिखेर समाजमा अध्यात्मिक प्रत्ययवादी चिन्तनका साथै वैज्ञानिक भौतिकवादी चिन्तन पनि समानान्तर रूपमा अघि बढेको थियो । प्रत्ययवादीहरूले स्वर्ग र नरक भनेका परलोक हुन् र त्यहाँ गएर पूर्वजुनिको फल भोगिन्छ भनी समाजमा निकै प्रचारप्रसार गरेका थिए । स्वर्ग भनेको आनन्द, मनोरञ्जन र ऐश्वर्यले भरिपूर्ण स्थान हो, जहाँ राम्रो कर्म गर्नेलाई पुरस्कार स्वरूप लगिन्छ र त्यसको विपरीत नरक कष्टै कष्टले भरिएको ठाउँ हो, जहाँ नराम्रो काम गर्नेलाई दण्डस्वरूप लगिन्छ भन्ने भ्रम तिनले फैलाएका थिए । धार्मिक भ्रम खासगरी देवता र पुनर्जन्मप्रतिको आस्थाबाट ब्राह्मण पुरोहित वर्गले आफ्नो स्वार्थ पूर्ति गरिरहेको थियो । त्यतिखेर प्रत्ययवादका विरुद्ध खडा भएको लोकायत दर्शन प्रमाण नभएका काल्पनिक भनाइसँग सहमत थिएन । आत्मा अमर नभएपछि र पुनर्जन्म नहुने भएपछि स्वर्ग र नरकका कुरा कल्पना मात्र हुन् भन्ने त्यस दर्शनको तर्क थियो । लोकायत दर्शनको कुरा के थियो भने स्वर्ग, नरक, ईश्वर यी सबै प्रपञ्च लोभी पुरोहितले अजमाएका मानिसलाई ठग्ने हतियार हुन् । यदि सर्वज्ञ, सर्वशक्तिवान्, करुणावतार ईश्वर हुने भए संसारमा मुट्ठीभर व्यक्ति धनी हुने र जनताको बहुमत हिस्सा दुःख र गरीबीमा तड्पिनु पर्ने थिएन अथवा यदि यस संसारमा उद्धारकर्ता प्रभु हुन्थे भने समाजमा गरीबमाथि चर्को दमन र शोषण हुँदै हुँदैनथ्यो । स्वर्ग, नरक, मोक्ष आदि कुरालाई पण्डित पुरोहितहरूले जीविका गर्न र शासक वर्गलाई खुशी बनाउन रचेका उपाय हुन् अथवा तिनले यजमानको बुद्धि भुट्न फिंजाएका अन्धविश्वास हुन् । यस्तै विचारहरू लोकायत मतले समाजमा समानान्तर रूपमा फैलाएको थियो । ईश्वरलाई खुशि पार्न यज्ञमा पशु बली दिने चलन हिन्दु ऋषिहरूले चलाएका थिए र बली दिएको उक्त पशु स्वर्ग जान्छ भन्ने विश्वास गर्दथे । लोकायत दर्शन यस्तो सोचाइलाई हास्यास्पद ठान्दथ्यो । अध्यात्मिक प्रत्ययवादीहरूले प्रयोगमा ल्याएका यज्ञ (अग्नि होत्रादि कर्म), दानदक्षिणा, गोदान आदि कर्मलाई लोकायत दर्शन मानिसलाई झूटो प्रलोभन देखाएर बुद्धि भुट्ने खेल ठान्दथ्यो । यज्ञमा गरिने अपार धनको व्यय, डढाएर भस्म पारिएको अनाज, दानदक्षिणा र त्यस प्रकारको क्रियाकलापमा खर्चिएको मानवश्रम लाभविनाका कुरा हुन् र यी केही धूर्तले अजमाएका जीविका प्राप्तिका साधन हुन् भन्ने त्यसको ठहर थियो ।

बेन लोकायत दर्शनका अनुयायी भएकाले भौतिक जगत्का क्रियाकलापहरू भन्दा पर अरु कुनै क्रियाकलाप नहुने कुरामा विश्वास गर्दथे । उनी धर्म निरपेक्षताका पक्षपाती थिए र खास धर्मको आडमा जनतामाथि शासन गर्न हुँदैन भन्ने मान्यतामा उभिएका थिए (Mahavidya, 2015 : 2) । बली चढाएर र हवन गरेर देवतालाई तृप्त गर्न सकिन्न भन्ने विश्वासमा उनी अडिग थिए । जब ऋषिहरूले बेनलाई धार्मिक कार्यहरूमा बाधा बिरोध नगरी ब्राह्मणहरूले गर्दै आएका बली एवं हवनादी कार्यमा सहयोग गर्न आग्रह गरे र जब तिनले ईश्वर खुशी हुने कार्य गर्दा स्वयं राजाको मान प्रतिष्ठामा बृद्धि हुन्छ भन्ने कुरा गरे, बेनले उल्टै तिनीहरू भ्रममा परेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र धार्मिक कार्यका आडमा अधार्मिक कार्यहरू गरेको कुराप्रति सचेत गराए। उनले जनतालाई अन्धविश्वासमा लिप्त बनाएर गलत दिशातर्फ नलैजान चेतावनी समेत दिए। राजा बेनले "म ईश्वरको अवतार भएकाले ईश्वरको साटो मलाई पूज!" भन्यो भनी जुन प्रचारबाजी गरिएको छ, त्यो गलत हो। काल्पनिक ईश्वरलाई विश्वास गर्नुको साटो भौतिक जगत्का घटनाप्रति विश्वास गर्नुपर्छ भनी बेनले भनेको कुरालाई यसरी बझ्याएर प्रस्तुत गरिएको हो।

राजनीतिक अन्तर्विरोधको सवालमा राजा बेन गणतन्त्रात्मक शासन पद्धतिको अवसान र राजतन्त्रात्मक शासन पद्धतिको उदय हुँदाका बखत सङ्क्रमणकालीन शासक भएको बुझिन्छ। यो कुरा उनकै उत्तराधिकारी पृथुको शासन कालमा कृषिमा आएको रूपान्तरणले पुष्टि गर्दछ। पृथुकै पालाबाट उबडखाबड भएको धरतीलाई सम्याएर खेतिपाति गरी हराभरा बनाएको र अतिरिक्त उत्पादन लिन थालेको कुरातर्फ कथाले सङ्केत गरेको छ। कृषिको विकाससँगै वर्गहरूको उदय हुने, राजतन्त्रले जरा गाड्ने र सामन्तवाद फस्टाउने कुरा सही हो। सङ्क्रमणकालीन अवस्थामा भएकाले राजा बेनले राजतन्त्रका मर्यादाहरू पालना गरेनन्। उनी निजी सम्पत्ति र शोषण नभएको गणतन्त्रात्मक व्यवस्थाका आदर्शबाट प्रेरित थिए र उनको झुकाव त्यही व्यवस्थाको कार्यान्वयनतर्फ थियो। जनताको चाहना यही भएकाले जनभावनाको कदर गरी उनी गणतन्त्रलाई टिकाउन दरोगरी उभिएका थिए। तर त्यतिखेरका कुलीन वर्गका मानिसहरू भने समाजमा वंशानुगत राजतन्त्रलाई दरिलो बनाउने पक्षमा थिए। बेन मारिँदाका बखत उनी निसन्तान हुँदा ऋषिहरूले मन्त्रविधि मार्फत् उनकै मृत शरीरलाई मन्थन गरी उनकै वंशको व्यक्तिलाई गद्दीनसीन बनाएको भन्ने कथाको प्रसङ्गले यस कुरालाई पुष्टि गर्दछ।

राजा बेन मानिसहरूमा विभेद र असमानता हुनुहुन्न भन्ने पक्षका मानिस थिए। वर्गहरूलाई जातीय साङ्लाले बाँधी समाजमा अति नै ठूलो विभेदको पर्खाल खडा गर्ने वर्णाश्रम व्यवस्था उनलाई मन परेको थिएन। उनले त्यसलाई सकभर व्यवहारमा लागु हुन नदिने प्रयत्न गरेका थिए। जनतालाई जातजातमा विभाजन गर्नु हुँदैन भन्ने मान्यता राखी उनले अन्तर्जातीय विवाह प्रथा लागु गराउने प्रयत्न गरेका थिए। उनी मातृसत्तालाई कमजोर बनाउन हुँदैन भन्ने विचारमा दरो गरी उभिएका थिए। अर्को एक प्रसङ्गमा राजा बेनले राजतन्त्रलाई संस्थागत गर्न खोज्ने नयाँ शक्तिविरुद्ध युद्ध नै लडेको उल्लेख छ। तर त्यतिखेरको सामाजिक परिवेश यति धेरै अघि बढेको थियो कि गणतन्त्रात्मक पद्धतिलाई टिकाइरहन सक्ने अवस्था समाजमा विद्यमान थिएन र यस अर्थमा बेनले हारको सामना गर्नुपऱ्यो (डाँगे, २००९:१८०)।

हिमाली उपमहाद्विपको प्राचीन इतिहासमा अवसान हुन लागेको गणतन्त्रात्मक व्यवस्थाको समर्थन र उदयमान राजतन्त्रको विरोधमा थुप्रै विद्रोहहरू भएका उदाहरणहरू पाइन्छन्। त्यस मध्येको एउटा विद्रोह गौतम बुद्धको हो। बुद्ध जुन गणतन्त्रको आदर्शबाट प्रभावित थिए मगध र कोशलका शासकहरूले त्यसलाई ध्वस्त पारी राजतन्त्रात्मक शासन पद्धतिको विस्तार गर्दै थिए। बुद्धकै सामु तिनले शाक्य, कोलीय आदि गणराज्यहरू ध्वस्त बनाएका थिए। राजतन्त्रात्मक व्यवस्थामा सत्ताधारीहरू कुनै पनि छलकपट र षड्यन्त्रको सहारा लिएर आफ्नो प्रभुत्व बढाउने काममा लिप्त देखिन्थे। उनीहरू सत्ता प्राप्त गर्न नैतिकता र आचरणलाई कुल्चिँदै जे जस्ता खेल खेल्न पनि तयार थिए। त्यस बेला परिस्थिति यति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विकृत अवस्थामा पुगेको थियो कि मगधका राजा बिम्बिसारलाई उनका छोरा अजातशत्रुले भोकभोकै मारेका थिए र कोशलका राजा प्रशन्नजितलाई उनका छोराले सत्ताबाट गलहत्याएका थिए । राजाहरू यसरी निकृष्ट सत्ता स्वार्थमा लागेको, अन्य राज्यको लुटखसोटगरी अकूत धन सम्पत्ति थुपारेको र आफ्नो महत्वाकांक्षा पूरा गर्न शान्ति खलबल्याएको बुद्धलाई कत्ति पनि मन परेको थिएन । उनी गणराज्यको सामुहिक उत्पादन पद्धतिबाट प्रभावित थिए । यही कारण उनले गणतन्त्रात्मक आदर्शका कतिपय कुराहरू लागु गर्दै भिक्षुसङ्घको स्थापना गरेका थिए । उनले वर्ग सङ्घर्षको बाटो नअँगाली मानसिक विकारबाट मानिसलाई मुक्त गराएर व्यक्तिगत सम्पतिप्रतिको आकर्षण घटाउने आदर्शवादी समाधान प्रस्तुत गरेका थिए (रेग्मी, २०६४:६७) ।

राजा बेनको समयमा धार्मिक र राजनीतिक सत्ता सँगसँगै अघि बढेका थिए तापनि राजनीतिक सत्ताभन्दा धार्मिक सत्ता बलियो थियो भन्ने कुरा ऋषिहरूको क्रियाकलापले र तिनको हात माथि परेको कुराले बताउँछ । हिमाली उपमहाद्विपको प्राचीन इतिहासमा राजनीतिक सत्ताभन्दा ब्राह्मण पुरोहितहरूको धार्मिक सत्ता बलियो भएको कुरा परशुरामले २१ पटकसम्म बञ्चराले क्षत्रीय राजाहरूलाई हत्या गरेको कथाले पुष्टि गर्दछ । कुटनीतिका चतुर खेलाडी चाणक्यले नन्द वंशलाई विस्थापित गराई चन्द्रगुप्त मौर्यलाई सत्तासीन गराएको प्रसङ्गले पनि राजनीतिमा आचार्य ब्राह्मणहरूले महत्वपूर्ण भूमिका खेल्ने गरेको प्रमाणित हुन्छ । तत्कालीन परिवेशमा राज्यमा स्थायित्व प्राप्त गर्नाका लागि राजाहरूले ब्राह्मणहरूका मूल्य मान्यतासँग सामन्जस्यता कायम गर्नुपर्दथ्यो । आफूलाई देवताको प्रतिनिधि ठानी जनतामाथि शासन गर्ने क्षत्रीय राजाले ब्राह्मणहरूको देवत्वलाई पनि मान्यता दिनुपर्दथ्यो किनकि ब्राह्मणहरूले पनि आफूलाई ब्रह्मको स्वरूप भनी प्रचारप्रसार गरेका थिए । सत्ता र आधिपत्यका लागि ब्राह्मण र क्षत्रीय वर्गबीच सामन्जस्यता र सन्तुलन कायम हुन आवश्यक थियो । यही सन्तुलन कायम गर्न नसक्दा बेनको हत्या हुन गएको हो (Mahavidya, 2015:2) ।

पूर्वीय जगत्मा शासक वर्गको यस प्रकारको धूर्त्याईलाई पर्दाफास गर्ने काम जुन बेन लगायतका भौतिकवादी दर्शनका अनुयायीहरूले गरे, त्यो कुरा कुलीन वर्गका लागि सह्य भएन । त्यसो भएकाले प्राचीन मूल्य र मान्यतामाथि प्रश्न चिन्ह उठाउने व्यक्तिहरूलाई दमन गर्ने काम गरियो । राज्यमा नास्तिकहरूको बाहुल्य भयो भने राज्य विनाशतर्फ धकेलिन्छ भन्ने अफवाह फैलाएर सर्वसाधारण जनतामा तीप्रति घृणा जगाउने कामको थालनी भयो । यहाँसम्म कि कुनै विषयमा तर्क गर्ने र स्वतन्त्र चिन्तन गर्ने कार्यलाई समेत अपराध मान्न थालियो । महाभारतमा भीष्मले युधिष्ठिरलाई तर्क गर्ने र निरर्थक वादविवाद गर्ने काम कति ठूलो अपराध हो भन्ने कुरा श्याल र ब्राह्मणको नीति कथामार्फत् जानकारी गराउँछन् । कथामा श्यालले ब्राह्मणलाई आफूले पूर्व जुनीमा तर्क गर्ने, व्यर्थको वादविवाद गर्ने र धर्मशास्त्रप्रति शङ्का उठाउने कार्यहरू गरेकाले त्यसको परिणामस्वरूप श्यालको जुनी लिएर दुःख भोग्नु परेको कुरा बताई ब्राह्मणलाई यस्ता गलत कार्यमा नलाग्न उपदेश दिन्छ । रामायणमा आफ्ना भाइ भरतलाई आदर्श राज्य व्यवस्थाबारे अवगत गराउने क्रममा भौतिकवादी मार्ग अनुशरण गर्ने व्यक्ति जतिसुकै ज्ञानगुनले युक्त किन नहोस्, उसलाई कुनै हालतमा पनि आश्रय दिन हुन्न भनी राजा रामले सल्लाह दिन्छन् । (चट्टोपाध्याय, १९८४:१८७-८८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भौतिकवाद र अध्यात्मिक प्रत्ययवादबीचको द्वन्द्व वैचारिक क्षेत्रमा मात्र सीमित नरही त्यो भौतिक आक्रमणको तहमा उक्लिने समेत गर्दथ्यो भन्ने कुराको कटू यथार्थ राजा बेनको हत्या प्रकरण हो। मध्ययुगीन युरोपमा धार्मिक न्यायालय खडा गरिएको थियो र धर्मशास्त्र एवं पादरीका आदेशलाई चुनौती दिने भौतिकवादी वैज्ञानिकहरूलाई शुलीमा झुण्डाएर मारिन्थ्यो। क्रिस्चियन धर्मले भन्दै आएको 'सूर्य घुम्छ, पृथ्वी अटल छ' भन्ने मान्यताका बिरुद्ध 'पृथ्वी घुम्छ' भन्ने विचार प्रस्तुत गरे वापत ग्यालेलियोले फाँसीको सजाय भोग्नुपऱ्यो। युरोपमा झैं भारतीय उपमहाद्विपमा पनि प्राचीन युगमा भौतिकवादी मतका थुप्रै अनुयायी जिउँदै मारिएका थिए (चट्टोपाध्याय, १९८४: १६४-६५)। ब्राह्मण पुरोहित वर्गको धूर्त्याइँपूर्ण कार्यमा अङ्कुश लगाउने काम जुन भौतिकवादी दर्शनका समर्थक बेनले गरे, त्यो कुरा तिनलाई सह्य भएन र उनीहरू निर्लज्ज भौतिक आक्रमणमा उत्रिए। विचार व्यक्त गर्दा मन्त्रोचारण गरेर कुशको सहारामा हत्या गरेको कुरालाई भौतिकवादी जगतले विश्वास गर्दैन। वास्तवमा त्यस्तो दैवी शक्ति हुँदा पनि हुँदैन। हत्या धारिलो हतियारकै बलमा गरिएको हुनुपर्छ। महाभारतमा यस्तै भौतिक आक्रमणको अर्को नग्न उदाहरण पाइन्छ। लोकायत दर्शनकै प्रणेता चार्वाकलाई राक्षसको रूपमा चित्रण गरेर नपुगी सत्य कुरा बोल्दा उनको हत्या गरिएको छ। हस्तिनापुरको युद्धमा कौरवहरूलाई संहार गरेपछि जब राजा युधिष्ठिर दलबलसहित राजधानी प्रवेश गर्दछन्, त्यतिखेर उनको दरवारमा जम्मा भएका धेरै ब्राह्मणहरूले प्रशंशाका पुल बाँध्दछन्, तर चार्वाकले तपाईंले आफ्ना गुरुजन र बन्धुबान्धवको हत्या गरेर गलत काम गर्नु भएको छ भनी सत्य कुरा बताएर युधिष्ठरलाई लज्जित र नतमस्तक बनाउँछन्। तर त्यसो गरे वापत झूटा स्तुतिगानबाट आफ्नो स्वार्थ सिद्ध गर्न अभ्यस्त ब्राह्मणहरूले तत्कालै राजालाई लज्जित हुनबाट जोगाउन उनको हत्या गर्दछन् (शास्त्री पाण्डेय, २०५५:४५२०-२१)।

जति दमन गरे पनि सही विचार मर्दैन। राजा बेनले वर्गीय उत्पीडन र शोषणमा आधारित राजतन्त्र र त्यसलाई संस्थागत गर्न खोज्ने धार्मिक सत्तालाई परास्त गर्न नसके पनि तिनले अपनाएको धार्मिक अन्धविश्वास र कपोलकल्पित मिथ्या धारणामा आधारित अध्यात्मिक प्रत्ययवाद विरुद्ध जुन सङ्घर्ष गरे त्यो कार्य सराहनीय छ। जति नै भ्रम सृजना गरी वास्तविकतालाई ओझेलमा पार्न खोजे पनि आज सत्य कुराको खोजी हुन थालेको छ। बेनले न्यायका लागि बलिदान दिएका थिए भन्ने कुरा प्रमाणित हुँदै गएको छ।

सन्दर्भ सामग्रीहरू

- चट्टोपाध्याय, देवीप्रसाद, १९८४, भारतीय दर्शनमें क्या जीवित है और कया मृत, पिपुल्स पब्लिसिङ हाउस नई दिल्ली
- डाँगे, श्रीपाद अमृत, २००९, आदिम साम्यवाददेखि दासप्रथासम्मको इतिहास, अनु. गोपीरमण उपाध्याय, पुस्तक सेन्टर, बुटवल
- रेग्मी, रामराज, २०६४, पूर्वीय दर्शनमा भौतिकवाद, संचेतना परिवार, पोखरा
- शास्त्री पाण्डेय, रामनारायणदत्त, २०५५, महाभारत, पञ्चम खण्ड, शान्ति पर्व, गीताप्रेस, गोरखपुर
- Mahavidya, 2015, Kingship in Hinduism, www.mahavidya.com
- Padmum, 2010, King Prithu and the Mother Earth, hindustree-blogspot.com
- Srila, Prabhupad, 2015, The Story of King Vena, vanisource, https//vanisource.org

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चमहाभूत र हाम्रो स्वास्थ्य बीचको सम्बन्ध

प्रा.डा. कृष्णचन्द्र शर्मा

सन्दर्भ

ब्रह्माण्ड र जीवको घनिष्ठ सम्बन्ध छ। ब्रह्माण्डका सबै वस्तुहरू पञ्चतत्वबाट बनेका छन्। कति वस्तुमा आगो, पानी, हावा, पृथ्वी र आकाश यी पाँच तत्त्वमध्ये कुनै तत्त्वको मात्रा बढी हुन्छ भने अर्कोमा अर्को तत्त्व बढी हुन्छ। उदाहरणका लागि गन्हुङ्गो वस्तुमा जस्तै चट्टान, ढुङ्गा, माटो आदिमा पृथ्वी तत्त्व, हलुका माथितिर उड्ने ग्यास जस्तो वस्तुमा वायु तत्त्व, बग्ने तरल पदार्थमा जल तत्त्व, ज्वलनशील वस्तुमा अग्नि तत्त्वको प्रधानता हुन्छ। ब्रह्माण्डका सबै वस्तुहरू र जीवको जीवन पनि यिनै पाँच तत्त्वहरूबाट बनेको छ। फरक मात्रामा मात्र छ। अरू वस्तुहरूमा पाँच तत्त्वमध्ये कुनै एक वा दुइ तत्त्वमात्र रहने वा एक तत्त्वको प्रधानता रहने हुन्छ भने जीवमा पाँच तत्त्वहरूको संयोजन हुन्छ। संसारमा रहेका विविध वस्तुहरू र जीवको जीवनको निर्माणात्मक तत्त्व एउटै भएको हुनाले दर्शनशास्त्रमा र साहित्यका विविध विधामा जीवन र जगत्को घनिष्ठ सम्बन्ध रहेको कुरा पटक पटक उल्लेख गरिँदै आएको छ। आगो (अग्नि/ताप), पानी (जल), हावा (वायु), पृथ्वी र आकाश यी पाँच तत्त्वलाई पञ्चमहाभूत भनिन्छ। संसारका सबै प्राणीहरूका शरीर यिनै पाँच तत्त्वहरूको संयोजनबाट बनेका छन्। मृत्यु उपरान्त शरीरलाई माटोमा पुरेपछि या आगोमा जलाएपछि या पानीमा डुबाएपछि जीव/मानव शरीर यिनै पाँच तत्त्वमा समाहित हुन्छ। जीउँदो रहँदा पनि स्वस्थ र अस्वस्थ हुनुमा यिनै पाँच तत्त्वबीचको समुचित समन्वय हुनु या नहुनु नै मूल कारण हो। हाम्रो स्वास्थ्य यी पाँच तत्त्वहरूसित घनिष्ट रूपमा जोडिएको हुनाले यी तत्त्वहरू हाम्रो स्वास्थ्यसँग कसरी गाँसिएका छन् भन्ने विषयको जानकारी सान्दर्भिक रहेको छ। यस लेखमा पाँच तत्त्वहरू हाम्रो शरीरको बनोटमा कसरी समायोजित भएका छन् र हाम्रो स्वास्थलाई यिनले कसरी प्रभावित गर्छन् भन्ने कुराको चर्चा गरिएको छ।

आकाश र पृथ्वीतत्व

आजभोलि धेरैजसो अस्पतालहरू र नर्सिङ होमको बाहिरपट्टि स्वस्थ व्यक्तिका लागि हुनुपर्ने तौल भनेर कति उचाइ भएका व्यक्तिको कति तौल हुनुपर्ने भनेर तालिका दिएको हुन्छ। दार्शनिक आँखाले हेर्ने हो भने उचाइ, लम्बाइ, चौडाइ अर्थात् फैलिने आयतन लिने ठाउँ भनेको (स्पेस) आकाश हो, शरीरको उचाइ आकाश तत्त्व हो भने शरीरको तौल वा भार भनेको पृथ्वी तत्त्व हो। गुरुत्व (तौल) पृथ्वी तत्त्व हो। यसरी शरीरमा आकाश तत्त्व र पृथ्वी

लेखक त्रि.वि.वि.मा अङ्ग्रेजीका प्राध्यापक तथा CERID को कार्यकारी निर्देशक हुनुहुन्छ। - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
तत्त्वको उचित संयोजन भयो भने मात्र मानिस स्वस्थ्य रहन सक्छ । यसको सन्तुलन बिग्रेमा मानिस अस्वस्थ हुन्छ । बच्चा जन्मिने बित्तिकै डाक्टरहरू बच्चाको तौल लिन्छन् । बच्चाको लम्बाइको अनुपातमा कति भार वा तौल हुँदा बच्चा स्वस्थ मान्ने भन्ने स्वास्थ्य विज्ञानको नियम छ र त्यो नियम पनि आकाश तत्त्व र पृथ्वी तत्त्वको समुचित संयोजनको सिद्धान्तमा आधारित छ । बच्चा बढ्दै जाँदा डाक्टरले स्वास्थ्य परीक्षण गर्दा प्रत्येक पटक बच्चाको तौल लिन्छ र बच्चाको शरीरको बृद्धि र तौलको सन्तुलन हेरिन्छ र त्यसका आधारमा स्वास्थ्य निर्धारित हुन्छ । तौल नपुगेको खण्डमा बच्चालाई पोसिलो खानेकुरामा जोड दिइन्छ, अन्यथा सामान्य आहार खुवाउन भनिन्छ । जीवनभरि डाक्टरकहाँ स्वास्थ्य परीक्षण गर्न जाँदा प्रत्येक पटक तौल र शरीरको उचाइ हेर्ने काम हुन्छ र सोका आधारमा व्यक्ति स्वस्थ्य र अस्वस्थ्य भएको निर्क्योल गरिन्छ । आकाश र पृथ्वी तत्त्व अरू तीन तत्त्वहरूका तुलनामा स्थायी प्रकृतिका छन् । शरीरको बढ्ने कुरा वयस्क उमेर भएपछि स्थिर हुन जान्छ भने तौल बढ्ने कुरा खानपीनका आधारमा हुने हुनाले त्यसलाई पनि अलि समय लाग्छ । अरू तीन तत्त्वहरू : आगो, पानी र वायु यी तत्त्वहरू आकाश र पृथ्वी तत्त्वका तुलनामा बढी चलायमान छन्, अस्थिर छन् । मानिसको जन्मदेखि मृत्युपर्यन्त यी तीन तत्त्वहरू निरन्तर रूपमा आवश्यक मात्रामा जीव/मानवको शरीरमा अनिवार्य रूपमा हुनुपर्छ अन्यथा जीव/मानव शरीर स्वस्थ रहन सक्दैन र मानव जीवन निरन्तर क्रियाशील हुन पनि सक्दैन ।

अग्नि तत्त्व

तातो जीवनको, जिउँदो हुनुको लक्षण हो भने, चिसो मृत्युको लक्षण हो । जिउँदो जीव/मानवको मानक नै शरीर तातो हुनु हो । कुनै मानिस सडकमा लडेको छ भने ऊ जिउँदो या मरेको छ भनेर पत्ता लगाउने प्राथमिक आधार उसको शरीरको तातोपन नाप्ने हो । यदि उसको शरीर पूर्णरूपमा चिसो भएको छ भने हामी त्यसलाई मरेको ठान्दछौं । शरीरका अङ्ग प्रत्यङ्गले काम गर्नका लागि शरीरका सबै भागमा उचित मात्रामा रगत सञ्चालन हुनु पर्दछ । मस्तिष्कले काम गर्ने प्रक्रिया नियमित रक्त सञ्चालनसित जोडिएको छ । रक्त सञ्चालनका लागि शरीरमा तातोपन भइरहनु पर्दछ । शरीरमा उचित तापक्रम व्यवस्थित भयो भने रक्त सञ्चालन ठीक ढङ्गले हुन्छ र शरीर स्वस्थ रहन्छ । शरीरमा तापक्रम आवश्यकताभन्दा बढी भयो, हामी त्यसलाई ज्वरो आएको भन्छौं, त्यो आफैमा रोग होइन तर त्यो शरीर स्वस्थ नभएको लक्षण हो । शरीरले स्वस्थ नभएको कुरा ज्वरो मार्फत देखाउँदो रहेछ । हामीले तत्कालै स्वास्थ परीक्षण गराएर विशेषज्ञको राय बमोजिम औषधि उपचार गराउनु पर्दछ । शरीरमा आवश्यकभन्दा बढी अग्नि भयो भने रगत प्रवाह तीव्र हुन्छ र त्यसलाई उच्च रक्तचाप भनिन्छ । यसले धेरै समस्याहरू निम्त्याउँछ जस्तै छिटो रिस उठ्नु, आवेगमा आइहाल्नु, मुटु रोग लाग्ने एवम् मस्तिष्क पक्षाघातको सम्भावना बढेर जान्छ । शरीरमा आवश्यक अग्नि पुगेन भने पनि शरीरलाई समस्या पर्छ त्यसले गर्दा शरीरमा रगतको प्रवाह कम हुन्छ जसलाई न्यून रक्तचाप भनिन्छ । यसले पनि केही समस्याहरू जन्माउँछ । जस्तै शरीरमा आलस्यपन बढ्ने, टाउको दुख्ने, रिङ्गटा लाग्ने, काम गर्न मन नलाग्ने इत्यादि । शरीरको कुनै अङ्गमा घाउ, चोट पटक लाग्यो भने त्यो अङ्गको तापक्रम अन्य अङ्गको भन्दा बढी हुन्छ त्यसले त्यस अङ्गमा समस्या भयेको सङ्केत गर्दछ । बाल शरीरमा अग्नि/तातोपनाको उचित व्यवस्थापन नभए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
ब्रोन्काइटिस, न्युमोनिया, चिसोको समस्या, रुघाखोकीको समस्या देखापर्दछ । बालक उमेर र युवा उमेरमा शरीरमा तापक्रम पर्याप्त हुन्छ भने वृद्ध उमेरमा शरीरमा तापक्रम घट्दै जाँदो रहेछ । शरीरको बाह्य भागमा मात्र होइन शरीरको भित्री भागमा पनि अग्निको ठूलो भूमिका रहेको छ । हामीले खाएको खाना र पानी पचाउने काम पेटमा रहेको तातोले गर्छ यसरी पाचनक्रियाको सीधा सम्बन्ध पेटमा रहेको अग्नि तत्त्वसित जोडिएको छ । यसलाई आयुर्वेदले जठराग्नि भनेको छ । शरीरमा अग्नि तत्त्वको उचित व्यवस्थापन भयो भने मात्र शरीरका अङ्ग प्रत्यङ्गमा उचित ढङ्गले रगत प्रवाह हुन्छ र ती अङ्ग प्रत्यङ्गले ठीक ढङ्गले काम गर्छन् । शरीर चलायमान रह्यो भने शरीर स्वस्थ रहन्छ । त्यसका लागि नियमित रूपमा व्यायाम, हिँडडुल, योग गर्नु आवश्यक देखिन्छ ।

वायुतत्व

हाम्रो जीवन वायु तत्त्वमा अडेको छ । शुद्ध वायु पाउन सकियो भने हाम्रो आयु लम्बिन्छ, वायु प्रदूषणमा बाँच्नु पऱ्यो भने आयु छोटिन्छ । रूख बिरुवाले वायुलाई शुद्ध पार्ने काम गर्छन् । त्यसैले मानव बस्तीका वरीपरि रुखविरुवा हुन जरुरी छ । नाकबाट हामी निरन्तर रूपमा वायु भित्र लिने र बाहिर फ्याँक्ने काम गर्छौं, यस्तो श्वास प्रश्वासको प्रक्रियालाई योगशास्त्रको भाषामा प्राणायाम भनिन्छ । मस्तिष्कले काम गर्नका लागि दुई कुरा चाहिन्छ रक्त सञ्चालन र अक्सिजन यदि यीमध्ये कुनै एकको कमी भयो भने मस्तिष्कले काम गर्न सक्दैन । वायुको अभावमा मस्तिष्कको मृत्यु हुन्छ । श्वास प्रश्वासको प्रक्रियालाई समान अवस्थामा राख्न सकियो भने हामी स्वस्थ रहन्छौं । योगशास्त्रले प्राणायामका बारेमा धेरै विधिहरूको चर्चा गरेको पाइन्छ । यी विधिहरू अभ्यास गर्ने हो भने श्वास प्रश्वासको प्रक्रियालाई समान अवस्थामा राख्न सकिन्छ । वायु शुद्ध राख्ने कुरा वातावरणसित सम्बन्धित छ । जङ्गल व्यवस्थित गर्न सकियो भने शुद्ध वायु पाउन सकिन्छ र स्वस्थ जीवन सम्भव छ । वायु शुद्ध लिन सकिएन भने दमको रोग लाग्ने छ, फोक्सोको रोग लाग्ने छ । विकृत वायुले गर्दा चिडचिडापन बढ्ने छ । वातावरण मैत्री संरचना, श्वास प्रश्वास, प्राणायामको अभ्यास, ध्यान, विपश्यनाले वायुतत्त्वलाई सन्तुलित राख्दछ ।

जल तत्त्व

जसरी पृथ्वीको बनोटमा ७१% समुन्द्र या जल २९% जमीन रहेको छ त्यसैगरी जीवको शरीरमा करिब ६६% पानी र ३४% स्थुल वस्तु रहेको छ । शरीरको बनोटमै पानीको मात्रा बढी हुनेहुनाले शरीरलाई पानीको आवश्यकता बढी पर्दछ । शरीरका नशा नशामा बग्ने रगतको प्रवाह यसमा रहेको पानी तत्त्वका कारण मात्र सम्भव भएको हो । आँखाको देख्ने क्षमता यसमा रहेको तरल पदार्थको पर्याप्ततामा मात्र सम्भव हुन्छ यदि यसको पानीको मात्रामा कमी भयो भने आँखाको ज्योतिमा समस्या आउँछ । यदि हामीले प्रतिदिन प्रशस्त पानी पिएनौं भने किड्नीले प्रशस्त पानी पाउँदैन, यदि किड्नीले पर्याप्त पानी पाएन भने किड्नीले राम्ररी काम गर्न सक्दैन । हामी बिमार हुन्छौं । समयमा सावधान भएनौं भने राम्रो पानी पिएनौं भने किड्नी निश्क्रिय हुन सक्छ, यदि दुवै किड्नी निश्क्रिय भयो भने हामी बाँच्न सक्दैनौं । जन्डिस, टाइफाइडजस्ता बिमार फोहोर पानीकै कारण हुन्छन् । पेटका धेरै जसो बिमारीहरू जस्तै झाडा पखाला प्रदूषित पानीले गर्दा हुने गर्छन् । त्यति मात्रै होइन हैजाजस्ता ठूला ठूला महामारीहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
गाउँका गाउँ मानवविहीन हुन पुग्थे । यो फोहोर पानीका माध्यमद्वारा हाम्रो शरीरमा प्रवेश गर्ने खतरानाक किटाणुका कारण हुने गर्छ । सफा पानी पाउनका लागि पानीका मुहान सफा हुनुपर्छ । मुहानका वरपर दिसा पिसाब गर्ने चर्पीहरू हुनु हुँदैन । वर्षा ऋतुमा भलको पानी मिसिनु हुँदैन । ढलका पाइप र खाने पानीका पाइप एक साथ लैजानु खानेपानी प्रदूषणको मूल कारण बन्दो रहेछ । काठमाडौँको पानी सप्लाइको एउटा मुख्य समस्या यही नै हो । शहरहरूमा बाँडिने पानी राम्ररी फिल्टर गरेर किटाणुरहित पारेर सप्लाई गर्नुपर्छ । विज्ञान र प्रविधिको विकासले पानी सफाइ गर्ने पद्धति विकास गऱ्यो जसलाई पहिला विकसित मुलुकहरूले त्यसपछि अरू मुलुकहरूले पनि थोरधेर अनुशरण गरे र जसले गर्दा मानव समाजले ठूला ठूला हैजाजस्ता महामारीलाई रोक्न सफल भयो । विकसित देशमा जनताले लगभग शुद्ध पानी खान पाउँछन् । पानीका कारण रोग लाग्ने खतरा एकदम कम छ तर हाम्रो जस्तो देशमा पानीको शुद्धताका विषयमा व्यक्ति आफैले पहल गर्नुपर्छ । सरकार यस विषयमा मौन रहन्छ । प्रत्येक वर्ष काठमाडौँमा हैजाका बिमारीहरू अस्पताल भर्ना भएका खबर सुनिन्छ । बासस्थानको वरीपरी प्रशस्त रुख रोप्ने हो भने, वायु प्रदूषण रोक्न सकिन्छ, स्वस्थ रहन आवश्यक अक्सिजन पाउन सकिन्छ, पानीका मुहान बचाउन सकिन्छ । यसका लागि हाम्रा बस्ती बसाइ वातावरण मैत्री बनाउनु पर्छ । खुला आकाशमा नियमित योग र अन्य शारीरिक अभ्यास गर्ने बानी बसाल्ने हो भने शरीरको अनावश्यक गुरुत्व या तौल अर्को शब्दमा पृथ्वी तत्त्व घटाउन सकिन्छ आवश्यक शुद्ध वायु पाउन सकिन्छ । शरीरलाई आवश्यक तापक्रम उत्पन्न गर्न सकिन्छ जसले शरीरलाई सक्रिय राख्न सहयोग पुऱ्याउँछ । अनावश्यक अति भोजन र आवश्यकताभन्दा निकै कम अति अल्प भोजन दुवै आचरण स्वास्थका लागि हानिकारक छन् । हिन्दु र बुद्ध दर्शन अनुसार पञ्चतत्त्व नै सबै वनस्पति र जीवहरूको निर्माणात्मक आधार तत्त्व भएकाले यिनीहरू बीचको सम्बन्ध समजातीय सम्बन्ध भयो । कोही मालिक र कोही सेवकको सम्बन्ध भएन । क्रिश्चियन मिथक अनुसार, बाइबलको पहिलो अध्यायमा भनिएको छ : ईश्वरले छ दिनमा ब्रह्माण्ड सूर्य, चन्द्र, तारा, समुद्र र यसमा रहेका अन्य सबै तत्त्वहरू, आकाशमा उड्ने, जमिनमा हिँड्ने र पानीमा तैरिने जीवहरू बनाए र अन्त्यमा मानवको सृष्टि गरेर सम्पूर्ण वस्तुहरू र जीवहरू मानवलाई सुम्पियो । यस मिथकबाट ईश्वरले मानवलाई मालिकका रूपमा र अन्य सबै वस्तु र जीवहरूलाई उसका सेवकको रूपमा सृष्टि गऱ्यो भन्ने अर्थ लाग्छ । यसरी हिन्दु, बौद्ध र क्रिस्चियन चिन्तन प्रणालीमा मानिस र जगत्का विविध वस्तु एवम् जीवहरूबीचको सम्बन्धको धरातल पञ्चतत्त्व र जीवबीचको सम्बन्ध नै देखा पर्दछ ।

निष्कर्ष :

मानवको स्वास्थ बुझ्नका लागि मानव र पञ्चतत्त्वबीचको घनिष्ट सम्बन्ध बुझ्न जरुरी छ । पञ्चतत्त्वको मात्रात्मक सन्तुलन शरीरमा कायम राख्न सकियो भने मानव शरीर स्वस्थ रहन्छ, अन्यथा हामी बिमार भएर अस्पतालको बिछ्यौनामा धेरै समय बिताउनु पर्ने छ । त्यसैले पञ्चमहाभूतको सन्तुलन सम्बन्ध र सक्रियता भौतिक जीवनको अस्तित्वका निम्ति मात्र आवश्यक नभएर बौद्धिक जीवनका निम्ति पनि उत्तिकै आवश्यक र महत्त्वपूर्ण विषय बन्न पुगेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिर्सिए जस्तो लाग्दछ

हरिहर अर्याल

झिकेर पेटका तन्तु, बिसाउने स्वयं म हुँ
निकाली स्तनको धारा, पिलाउने स्वयं म हुँ
बिरामीमा, ज्वरो आई नसुत्दा साथ साथमा
पानी पट्टी दिने तिम्रा माथमा जननी म हुँ ।१।

मेरो शिशु कहाँ जान्छ, झ्यालबाट म हेर्दथें
परे बिघ्न कुनै त्यस्तो ज्वालामुखी म बन्दथें
ढाक्थें आकाश घुम्टोले, छातीभित्र लुकाउँथे
रक्षार्थ शिशुको आफै आफ्नै ज्यान फुटाउँथे ।२।

कैले होला ठुलो भन्दै, कल्पनामा म डुब्दथें
संसारी रसिला खाना, औषधी म खुवाउँथे
नबनोस् मुख तिम्रो त्यो अँध्यारो पर भैरहोस्
सोच्दथें विश्व बात्सल्य तिमीलाई सधै मिलोस् ।३।

चपाई मुखका गास, धुल्याई एक सासमा
खुवाएँ, आफुले खाएँ सिता टिपी मझेरीमा
पछारी घाँसका भारी, डिठ्ठाका गोठ गोठमा
पारें दुई मुठी दूध तिम्रो निश्छल ओठमा ।४।

हलो छोडेर पाखामा, बाबाले काँधमा लिई
विद्यालय पुऱ्याएथें रोजै पढाउने भई
कल्पवृक्ष म रोपेथें, काँडा वृक्ष सुकाउँदै
लगानी शिशुमा हुन्थ्यो, दुःख पीडा लुकाउँदै ।५।

तिमी शहरमा पढ्दा, हामी बेसी रुँदै झऱ्यौं
गाउँको घर औ खेत, राजिनामा पनि गऱ्यौं
सुन पानी हुने मुन्द्री,कानको पनि बेचियो
शान मान तथा चैन, तिम्रै छायाँ छ सोचियो ।६।

तिम्रो विदेशको यात्रा, पढाइ धन दौलत
मृगतृष्णा हुँदै जान्थ्यो, बाध्यता अझ सङ्गत
छातीको हार भै बस्दा, सुखथ्यो दुःखमा पनि
लाग्यो विदेशको हावा, छेकेन आँसुले पनि ।७।

रोपी गौरव छातीमा, बाटो हेरेर नै बस्यौं
बुझेर आड लठ्ठीको त्यही लठ्ठी कुरी बस्यौं

कवि तथा यस केन्द्रका संस्थापक हरिहर फ्रान्समा कार्यरत हुनुहुन्छ । – सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिमी यै मासुको थुप्रो, हाम्रै रगतको कण
तिम्रै बसी भरोसामा, गर्‍यौं कति मिठा प्रण ।८।

आज त्यै शिशुको अत्तो-पत्तो छैन कतै कुनै
ज्वारभाटा बनी थाल्छन् मनमा आज उर्लिनै
मेरा राजा भयौ कस्तो, सोचेर मन पोल्दछ
तर आज तिमीभित्र, विदेशीपन बोल्दछ ।९।

दागबत्ती विना बाबु मरेका घाटमा जले
रोपेथ्यौं प्रेमको अम्बा काउसो, विष पो फले
तिमी खेल्ने पखेरा यी ढाकिए सव झारले
घर आकाश ओढ्दैछ, पापी भूकम्प मारले ।१०।

भन सम्पत्ति ए मेरा ! वक्षका प्रिय सन्तती,
बिर्सिई बाबु-आमा नै, के खोज्छौं अरु उन्नति ?
उदार वक्षमा, मेरो शिव ब्रहमाण्ड जाग्दछ
माटो नै विर्सिए जस्ता मान्छे आश्चर्य लाग्दछ ।११।

तिमी रम त्यही देश, रोजी प्रगतिको पथ
तुच्छ स्वार्थ स्वयं तिम्रो नरोक्ला र मनोरथ ?
मैले गरुँ र के आशा ? सर्वस्व धुलिएपछि
लाग्छ यैं आउला खोज्दै बाटोमा लुटिएपछि ।१२।

श्रद्धाञ्जली

जन्मः
२०१३।४।१७

स्वर्गारोहणः
२०७४।१०।१९

दण्डपाणि अर्याल स्मृतिकेन्द्रका आजीवन सदस्य **ईश्वर अर्याल**को २०७४।१०।१९ का दिन पिताको मृत्युको सातौं दिनको संस्कार गर्दागर्दै हृदयघातका कारण हुन गएको आकस्मिक निधनको घटनाले परिवारजनलाई पर्न गएको अकल्पनीय शोकप्रति हार्दिक समवेदना अभिव्यक्त गर्दछौं । साथै स्वर्गीय ईश्वर अर्यालको आत्माले शान्ति प्राप्त गर्न सकोस् भनी कामना गर्दछौं ।

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नरभूपाल शाह र नकथली गुम्बा

डा. जगमान गुरूङ

रसुवाको नकथली गुम्बा ने नकथलीको नाउँबाट प्रसिद्ध छ । नकथली गुम्बामा लागेको ने विशेषण उल्लेखनीय छ । तिब्बती भाषामा तीर्थलाई ने (तिः गूनस्) भनिन्छ । अतः रसुवाको नकथली गुम्बा केवल एउटा सामान्य गुम्बा मात्र नभएर तीर्थस्थलको रूपमा प्रसिद्ध रहेको स्पष्ट हुन्छ । यो गुम्बा-डुग्प कग्यु सम्प्रदायको गुम्बा हो । तिब्बती लामा बौद्ध धर्मका चार सम्प्रदाय निङ्मा, कग्यु, सक्य र गेलुकमा कग्यु सम्प्रदाय आफ्नो मन्त्रचर्या र सिद्धिको लागि प्रसिद्ध छ । कग्यु सम्प्रदायका पनि विभिन्न उप सम्प्रदायहरू छन् । त्यसमध्ये डुग्प-कग्यु पनि एउटा हो । कग्यु सम्प्रदायले आफूलाई बुद्धवचन (तिःबूक) को परम्परा (तिःर्गुद्) मा आधारित मत मान्दछ । अतः यस सम्प्रदायलाई कग्यु (तिः बूकर्गुद्) सम्प्रदाय र यस सम्प्रदायका अनुयायीहरूलाई कग्युपा (तिः बूक-र्गुद्-प) अथवा बुद्धवचनपरम्पराअनुयायी भनिएको हो । कग्यु सम्प्रदायका प्रवर्तक मार्पा छ्योएकि लो डोए (ई. १०१२-९६) हुन् । मार्पा छ्योएकि लो डोएले भारतको विक्रमशील महाविहारका महासिद्ध नाडपाद (तिः नारोपा) सँग चक्रसम्वरतन्त्र अध्ययन गरेका थिए । तिब्बतमा संस्कृत भाषा पढिसकेपछि मार्पा नेपाल आए । नेपालमा तीनवर्ष बसेर यिनले नेपाली पण्डितहरूसँग तन्त्रशास्त्रको अध्ययन गरे । त्यसपछि नारोपाको दर्शन गर्न पैण्डपाटिकनामक एकजना नेपाली पण्डितसँग मार्पा भारत गए । त्यसपछि पनि दुई पटक नेपाल आएर मार्पाले नेपाली पण्डितहरूबाट ज्ञान प्राप्त गरेका थिए (ज्ञवाली, २०१९ : २७१) ।

मार्पाका गुरु नारोपा काश्मीरी ब्राह्मण हुन् । नारोपाका गुरु तिलोपा हुन् । तिलोपाको जन्म बङ्गालको चटगाउँमा भएको थियो । तिलोपा र नारोपाको गणना ८४ सिद्धमा हुन्छ । स्वयं तिलोपा र नारोपा नेपाल आएर तन्त्र- साधना गरेको विश्वास गरिन्छ । पशुपतिमा आर्यघाटदेखि उत्तरतिर सूर्यघाटमा वाग्मतीको दायाँ किनारा कैलाशको फेदमा अवस्थित एउटा गुफालाई तिलोपा र अर्को एउटा गुफालाई नारोपाले तन्त्रसाधना गरेको गुफा मानिन्छ (ज्ञवाली, त्यहीः २५७) । नारोपाका नेपाली चेलाहरू पनि थिए । नारोपाका नेपाली चेलाहरूमा फर्पिङका वागीश्वरकीर्ति प्रमुख थिए । वागीश्वरकीर्ति गुह्यसमाजतन्त्रका विशेषज्ञ थिए । यसका साथै वागीश्वरकीर्ति भारतको विक्रमशील महाविहारको पश्चिम द्वारका द्वारपण्डित पनि भएका थिए (ज्ञवाली, त्यहीः २७०) ।

मार्पापछि यिनका चेला मिलरेपा (ई. १०४०-११२३) को समयमा यिनको योगचर्याले गर्दा कग्यु सम्प्रदायको महिमा अझ धेरै बढ्यो । मिलरेपा स्वयं नेपाल आएका थिए । भक्तपुरबाट नगरकोट जाने बाटोमा अवस्थित लामा पाँगो अथवा ल्हासा पागुको गुफालाई मिलरेपाले तपस्या गरेको गुफा मानिन्छ । मिलरेपाले रचेको दोहामा उनले नेपाली रुवाले

लेखक संस्कृतिविद्का रूपमा स्थ्यातिप्राप्त हुनुहुन्छ - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
तगेको बडो सुबिस्ताको आढनेल आफ्नो आङ ढाकेको उल्लेख छ (शर्मा, त्यही : २७१)।

कग्यु सम्प्रदायको गुरु परम्परा (तिः बूल-रब्) मा तिलोपा, नारोपा, मार्पा र मिलरेपाको नाम आउँछ। कग्यु सम्प्रदायले चक्रसम्वर (तिः बूदे-मूछोग्- 'खोर-लो) लाई इष्टदेवता (तिः यि-दम्) मान्दछ। यसैगरी ज्ञानडाकिनी वज्रवाराही (तिः ये-शेस्-क्यि-मूख'-ग्रो-म-र्दो-र्जे-फग्-मो) लाई डाकिनी र श्रीज्ञानचतुर्बाहु महाकाल (तिः दूपल-ये-शेस्-मूगोन्-पो-फ्यग्-बूशि-प) लाई धर्मपाल (तिः छोस्-क्योङ्) मान्दछ। चक्रसम्वरतन्त्र (तिः बूदे-मूछोग्-'खोर-लोहि-र्युद्) कग्यु सम्प्रदायको आधारभूत ग्रन्थ हो। चक्रसम्वरतन्त्रमा इन्द्रियहरूको विषय ग्रहण गर्ने आसक्तिलाई त्यागेर स्वभाव अथवा चित्तलाई शुद्ध राखी शून्यताको अटल ज्ञानमा चित्तलाई स्थिर गराउने तत्वज्ञानको विवेचना गरिएको छ। चक्रसम्वरतन्त्रमा प्रतिपादित यस दार्शनिक सिद्धान्तले पातञ्जलयोगदर्शनमा प्रतिपादित "योगश्चित्तवृत्तिनिरोधः" अर्थात् चित्तवृत्तिको निरोध नै योग हो' भन्ने दार्शनिक सिद्धान्तसँग सामञ्जस्य राख्दछ। कग्यु सम्प्रदायका दाम्पो कग्यु, ढि गोङ कग्यु, डुग्प कग्यु, कर्म कग्यु आदि उप सम्प्रदायहरू छन्।

ङवाङ नमग्याल (ई.१५३४-१६५१) को समयदेखि कग्यु सम्प्रदायले भूटानमा राम्रो उन्नति गरेको पाइन्छ। ङवाङ नमग्यालले धार्मिक एवं राजनैतिक दुवै पक्षबाट भूटानलाई सुसंगठित गरेपछि छिमेकी मुलुकहरूमा ङवाङ नमग्यालको राम्रो प्रभाव पऱ्यो। नेपाली भाषामा भूटानलाई देवाधर्मा र छोटकरीमा धर्मा मात्र पनि भनिन्छ।

नेपाल उपत्यकाका मल्ल राजाहरूमा देवाधर्माका लामाहरूको गहिरो प्रभाव थियो। यसैगरी गोरखा शाह राजवंशसँग पनि देवाधर्माका लामाहरूको सुमधुर सम्बन्ध थियो र उक्त सम्बन्ध अहिलेसम्म पनि रहिआएको छ। अघि गोरखाका राजा नरभूपाल शाहलाई पुत्र लाभ नहुँदा देवाधर्माका लामाले तान्त्रिकविधिद्वारा मार निवारण ग्रहशान्ति महापूजा (तिः बूर्य-बूशि) गरेपछि बृहत् नेपाल राष्ट्रका एकीकरणकर्ता पृथ्वीनारायण शाहको जन्म भएको विश्वास गरिन्छ। पृथ्वीनारायण शाहको जन्मसम्बन्धमा भाषावंशावलीको कथन यस प्रकार छ–

नरभूपाल शाहबाट मेरो दुवै रानीबाट सन्तान भएनन्, निःसन्तान भयौं भनी राजाबाट बहुतै फिक्री मानिरह्याका रहेछन्' एकदिन राजा पैदा हुने रानीलाई रात्रिमा देवाधर्मामा ठूला महानुभाव लामा छन्, तिनलाई ल्याई उपाय गऱ्या तिमीलाई सन्तान हुन्याछन् भन्न्या स्वप्न देखिछन् र सो विस्तार महाराजसँग बिन्ति पार्दा गुरु पुरोहित मन्त्री भाइभारादारलाई राखी हाम्रा महारानीलाई यस्ता बेहोराको स्वप्न भएछ, यसमा कसो गर्न्या हो भनी हुकूम हुँदा देवाधर्माका लामालाई झिकाई उपाय गर्नुपर्छ भन्या सल्लाह ठहरी... लालमोहर दिई सर्दारलाई खटाई देवाधर्मामा पठाया र सो सर्दारका साथ लागी देवाधर्माका लामा गोर्खामा गया ...

ताहाँपछि लामाले उपाय गर्न लाग्या। केही दिनपछि महारानीलाई गर्भ रह्यो र लामाले बिदा माग्दा अहिले तपाईंले बिदा माग्नु हुँदैन भनी बुझाई बिदा नदिई लामा गोर्खामा रहेकै थिया।

महारानीलाई गर्भ रह्याको ७ महिना भयाको थियो। यसै बखतमा छोरो जन्म्या। पृथ्वीनारायण शाह भन्न्या नाउँ रह्यो। लामालाई पराक्रम भयाका समर्थवान् रह्याछन् भनी बडो आदर भाउ गरी मानी बिदा गराई लामा देवाधर्मा गया (पन्त, २०४३: ५७६-७७)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नरभूपाल शाहले देवाधर्माका ल्होपा लामालाई वि.सं. १७९८ मा रसुवाको नकथली गुम्बा कुशबिर्ता दिएकाले भाषा वंशावलीको उपर्युक्त कथनमा सत्यता देखिन्छ । ल्होपा लामालाई नकथली गुम्बा कुशबिर्ता दिई गरिदिएको तामापत्रमा धन र जियाले सेवा गर्नू भनेको छ। यसवापत अघि क्षोड लामालाई दिएको सबै जजमान; थूंवन, गोलजुङ, चिलतिं र पाजुङको दुई खेत घुंवा एवं गदलां गाउँ ल्होपा लामालाई दिएको छ। यति गाउँले जो लामाले अह्राएको छ, सो काम गर्नू भनेको छ (बज्राचार्य र श्रेष्ठ, २०३७ : ४३-४४; पन्त, २०४५: ८०१) ।

नरभूपाल शाहले ल्होपा लामालाई रसुवाको नकथली गुम्बा बिर्ता दिँदा कुशबिर्ताको रूपमा दिएको छ। साधारणतः पण्डित ब्राह्मणहरूलाई बिर्ता दिँदा सङ्कल्प गरी कुशबिर्ताको रूपमा दिने चलन थियो । यसरी कुशबिर्ता पाएका ब्राह्मणलाई आफ्नो कुशबिर्तामा सर्वाङ्क माफ गरिदिएको हुन्थ्यो र उक्त ब्राह्मणले विद्यार्थीहरूलाई निःशुल्क रूपमा विद्यादान गरी जप, पूजा, पाठ र यज्ञादिद्वारा राजाको जय मनाई राज्यमा सुख, शान्ति कायम गराउँदथ्यो । यसरी कुशविर्ताको सम्बन्ध विद्याको अभ्यास र ज्ञानको अनुष्ठानसँग रहेको देखिन्छ। लामा शब्दको अर्थ अनुत्तरज्ञानवादी हो । अतः लामाहरू पनि विद्याको अभ्यास र ज्ञानको अनुष्ठान गर्ने वर्गमा पर्दछन् । तिब्बती भाषाको बूल-म शब्दबाट लामा शब्द बनेको छ। बौद्ध धर्म (तिः सूङस्-र्ग्यस्-बूस्तन्-प) ले देखाएको बाटोलाई अनुत्तरमार्ग (तिः बूल-न-मेद्-पहि-लम्) र त्यस अनुत्तरमार्गको अनुसरण गरेर पाएको ज्ञानलाई अनुत्तरज्ञान (तिः बूल-न-मेद्-पहि-ये-शेस्) भनिन्छ । जुन बाटोभन्दा माथि अर्को बाटो हुँदैन, त्यस सर्वोच्च बाटोलाई अनुत्तरमार्ग (तिः बूल-न-मेद्-पहि-लम्) र जुन ज्ञानभन्दा माथि अर्को ज्ञान हुँदैन, त्यस सर्वोच्चज्ञानलाई अनुत्तरज्ञान (तिः बूल-न-मेद्-पहि-ये-शेस्) भनिन्छ । तिब्बती शब्द बूल-न-मेद्-प (सं: अनुत्तर) को छोटकरी रूप बूल-मेद् हो र त्यही बूल-मेद् शब्दबाट बूल-म शब्द बनेको छ र त्यसैको नेपाली रूप लामा हो। यसरी बूल-म अथवा लामा शब्दको अनुत्तर वा सर्वोच्चज्ञानवादी भन्ने अर्थ स्पष्ट हुन्छ। त्यसकारण विद्याको अभ्यास र ज्ञानको अनुष्ठानद्वारा प्रसिद्धि कमाएका ल्होपा लामालाई नरभूपाल शाहले ब्राह्मणसरह मानमर्यादा गरेर रसुवाको नकथली गुम्बा कुशबिर्ता दिएको देखिन्छ।

गीर्वाणयुद्धविक्रम शाहको वि.सं. १८५८ को लालमोहरअनुसार अघि उनका जिज्युबाज्ये पृथ्वीनारायण शाहले देवाधर्माका धर्माराजालाई पुंडि गुम्बा, बालथली गुम्बा, नागच्या गुम्बा, लिस्याखु गुम्बा, चरिकोट गुम्बा र छुमाने गुम्बा गरी छ वटा गुम्बा बकस दिएको देखिन्छ (नेपाल, २०४५:१३६) । यसैगरी पृथ्वीनारायण शाहले नकथली गुम्बाका लामालाई भोटको बाटोबाट आउँदा जाँदा आफ्नो साथमा ल्याएका मालसामानको भन्सार माफ गरिदिएका थिए (नेपाल, २०४०:२०३) । गीर्वाणयुद्धविक्रम शाहले पनि अघिको रीत थामेर देवाधर्माका लामालाई उपर्युक्त छवटा गुम्बा बकस दिएका थिए (नेपाल, २०४५:१३६) । त्यसपछि वि.सं. १८७३ मा नकथली गुम्बामा बस्ने देवाधर्माका लामालाई थुंवन्, गोलजुङ्, चिलिमे, घुम्बा र गदलाङ् गाउँको पुरोहित्याईं र गुम्बाका लामा काठमाडौं आउँदा जाँदा उपर्युक्त गाउँले लामाको भारी बोकेर ल्याउन लान पर्ने सुविधा थामिदिएका थिए । तिब्बती भाषा र लिपिमा नकथली गुम्बाको इतिवृत्त लेखिएको 'ब्रुग्-न'-ग-थलिहि-र्चिस्-स्प्रोद्-क्यि-देब्-ख्र नामक विवरणीपत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइएको छ । उक्त विवरणीपत्रमा नकथली गुम्बा र गोरखा शाह राजवंश एवं देवाधर्माका लामाहरूबीचको सम्बन्धलाई प्रकाश पारिएको छ (दुङ्गेल, १९८९: १६९-१८८) ।

देवाधर्माका लामाहरूले रसुवाको नकथली गुम्बाका अतिरिक्त स्वयम्भू, किन्डोल, हागु, कल्यारि आदि स्थानमा पनि बिर्ता पाएका थिए । स्वयम्भूमा स्वयम्भूमहाचैत्यसँगै पश्चिमपट्टि स्थित गुम्बा देवाधर्माका लामाहरूसँग सम्बद्ध छ । यस गुम्बालाई नेपाली भाषामा देवाधर्मा गुम्बा र तिब्बती भाषामा मर्मे ल्हखाङ भनिन्छ । यस गुम्बामा एउटा विशाल अखण्डित दीप प्रज्वलित गराई राखेको छ । अतः यस गुम्बालाई मर्मे ल्ह खाङ (धर्मदीप देवालय) भनिएको हो । यस गुम्बाको मर्मे ल्ह खाङ नामकरणबारे अर्को पनि एउटा मत छ । यस गुम्बामा त्रिकाल बुद्धत्रय दीपङ्कर, शाक्यमुनि र मैत्रेयलाई स्थापना गरिएको छ । दीपङ्कर बुद्धचाहिँ शाक्यमुनि बुद्धको अघिल्लो कल्पका गुरु हुन् । दीपङ्कर बुद्धलाई तिब्बती भाषामा मर-मे मूजद् भनिन्छ । अतः वर्तमान बुद्ध शाक्यमुनिको अघिल्लो कल्पका गुरु दीपङ्कर बुद्ध (तिः मर-मे-मजद्) लाई प्रमुख देवताको रूपमा स्थापना गरिएकोले यस गुम्बालाई मर्मे ल्ह खाङ भनेको हो' भन्ने विश्वास छ ।

हुन ता देवाधर्माका लामा स्वयं ङ्वाङ नमग्याल नेपाल आएर स्वयम्भूमा बसी शिक्षादीक्षा प्राप्त गरेको विश्वास गरिन्छ तापनि स्वयम्भूको यो देवाधर्मा गुम्बा (मर्मे ल्ह खाङ) भने रणबहादुर शाहको पालामा बनेको मानिएको छ । रणबहादुर शाहको पालामा देवाधर्माको लामा आएर अघि नरभूपाल शाहले आफ्ना जिज्युबाज्येलाई गरिदिएको लालमोहर तामापत्र देखाएर आफ्ना जिज्युबाज्ये देवाधर्माका लामाले गरेको तान्त्रिक विधिबाट पृथ्वीनारायण शाहको जन्म भएको कुरा बिन्ती गर्दा रणबहादुर शाह खुशी भई देवाधर्माका लामालाई २० खेत र पहाडतर्फ १५।२० गाउँ बकस दिएको र त्यही जग्गा र गाउँको आयस्ताबाट देवाधर्माका लामाले उक्त गुम्बा बनाएको विश्वास गरिन्छ (शाक्य, १०९८: २६७-२६८) । चिनियाँ-तिब्बती ज्योतिषशास्त्र अनुसार अग्नि-स्त्री-गोरुवर्ष (वि.सं. १८७३) मा लेखिएको देवाधर्मा गुम्बा (मर्मे ल्ह खाङ) को वृत्तान्तपत्र (तिः द्कर-छग्) पाइएको छ । नकथली गुम्बाको विवरणीपत्र (तिः देव-ख) मा जस्तै मर्मे ल्ह खाङको उक्त वृत्तान्तपत्रमा पनि गोरखा शाह राजवंश र देवाधर्माका लामाहरूको सम्बन्धको बारेमा उल्लेख गरिएको छ । मर्मे ल्ह खाङको उक्त वृत्तान्तपत्रको विवरण र नेपाल परराष्ट्र मन्त्रालयको देवाधर्मा लेखिएको पोकामा भएको द्रव्य शाहदेखि गीर्वाणयुद्धविक्रम शाहसम्मको वृत्तान्त भएको वि.सं. १८७४ को पत्रको विवरण मिल्दोजुल्दो छ । मर्मे ल्ह खाङको उक्त वृत्तान्तपत्रमा अघि गोरखाका राजा द्रव्य शाहको भाइभाइको बीचमा झगडा हुँदा देवाधर्माका लामाले मारनिवारण ग्रहशान्ति महापूजा (तिः ब्र्ग्र्य-ब्शि) गरेपछि उक्त झगडा शान्त भएको उल्लेख छ । यसका अतिरिक्त अरू ऐतिहासिक सामग्रीबाट पनि द्रव्य शाह र देवाधर्माका लामाहरूबीच सम्बन्ध रहेको पुष्टि हुन्छ (ज्ञवाली, १९९२: ३९-४०) । यसैगरी राम शाहका भाइहरूको बीचमा झगडा हुँदा र राम शाहलाई पुत्रलाभ नहुँदा पनि देवाधर्माका लामा दमछ्यो पे कर गोरखा आई मारनिवारण ग्रहशान्ति महापूजा (तिः ब्र्ग्र्य-ब्शि) गरेपछि राम शाहका भाइहरूको झगडा शान्त भएको र राम शाहका डम्बर शाहसहित तीन भाइ छोरा जन्मेको उल्लेख छ (गुरुङ, २०५९:७) । नरभूपाल शाहलाई पुत्रलाभ नहुँदा पनि देवाधर्माका लामाले मारनिवारण ग्रहशान्ति महापूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(तिः ब्र्ग्र्य-ब्र्शि) गरेपछि पृथ्वीनारायण शाह जन्मेको कुरा यस अघि नै उल्लेख भइसकेको छ।

यसरी देवाधर्माका लामाहरूको मन्त्रसिद्धिबाट गोरखा शाह राजवंशका भाइभाइको झगडा शान्त भई मुलुकमा शान्ति स्थापना भएको र पुत्रलाभ भई राजवंशपरम्परा अविच्छिन्न रूपमा चलेर आएको पाइन्छ। अतः देवाधर्माका लामाहरूप्रति गोरखा शाह राजवंशका राजाहरूको अटल विश्वास र मानमर्यादा रहिआएको छ। देवाधर्माका लामाहरूले पनि गोरखा शाह राजवंशका राजाहरूबाट गुम्बा एवं खेत बिर्तासहित पुरोहित्याईं र अन्य सुविधाहरू पाई आएका थिए।

नेपाल-भोट युद्धताका वि.सं. १९१२ मा देवाधर्माका लामाहरूको नेपालको बिर्ता रैकरमा परिणत भएर सरकार दाखिला भएको थियो। त्यसपछि वि.सं. १९१९ मा देवाधर्माका लामा क्याम् गुमलाई नेपालमा बसेर पूजाआजा गरी सरकारको जय मनाउनको लागि स्वयम्भू, नकथली, किन्डोल, हागु आदि स्थानको बिर्ता थामिदिएको थियो (ढुङ्गेल, २०४३:१२-१३)। देवाधर्माका लामाहरूले नेपालका विविध स्थानमा स्थित गुम्बाहरूमा गरिआएको धर्मकर्म र यिनीहरूले खाईपाई आएको सुविधा अहिले पनि कायम छ। गोरखामा शाह वंशको राज्य स्थापना गर्ने द्रव्य शाह, विभिन्न थितिहरू बाँधेर गोरखालाई बलियो राज्यको रूपमा परिणत गर्ने राम शाह र बृहत् नेपाल राष्ट्रको एकीकरणकर्ता पृथ्वीनारायण शाहसँग अत्यन्त नजिकको सम्बन्ध रहेकाले नेपाल राष्ट्रको निर्माणमा देवाधर्माका लामाहरूको अग्रणी भूमिका रहेको पाइन्छ। यसरी देवाधर्माका डुग्प कग्यु सम्प्रदायका लामाहरूको मन्त्रसिद्धि र गोरखा शाह राजवंशका राजाहरूसँग नजिकको सम्बन्ध भएकोले यी लामाहरूको मन्त्र-साधनाको थलो रसुवाको नकथली गुम्बाले एउटा तीर्थस्थलको रूपमा प्रसिद्धि पाएको देखिन्छ।

सन्दर्भ सामग्री (नेपाली-हिन्दी लेखहरू)

१. गुरुङ, जगमान, २०५९. "**ब्र्ग्र्य-ब्र्शिः मार निवारण ग्रहशान्ति महापूजा**", राजधानी दैनिक, साउन १३, सोमबार, पृ. ७।

२. ढुङ्गेल, रमेश, १९८९. "**नेपाल-भूटान ऐतिहासिक-सांस्कृतिक सम्बन्ध**", Contributions to Nepalese Studies, Vol. 16, No.2, Pp. 169-188.

३. ....., २०४३. "**नेपाल-भूटान सम्बन्धलाई प्रकाश पार्ने थप सामग्री**", आर्थिक नेपाल, पूर्णाङ्क २१, पृ. ९-१३।

४. नेपाल, ज्ञानमणि, २०४५. **नेपाल-भोट-चीन सम्बन्धका केही सांस्कृतिक पक्ष**, काठमाडौंः ने.रा.प्र. प्र.।

५. पन्त, दिनेशराज, २०४३. **गोरखाको इतिहास** (दोस्रो भाग), काठमाडौंः लेखक स्वयं।

६. ....., २०४५. गोरखाको इतिहास (तेश्रो भाग), काठमाडौंः लेखक स्वयं।

७. बज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर, २०३७. **शाहकालका अभिलेख, पहिलो भाग**, काठमाडौंः ने.ए.अ.केन्द्र, त्रि.वि.।

८. ज्ञवाली, सूर्यविक्रम, २०१९. **नेपाल उपत्यकाको मध्यकालीन इतिहास**, काठमाडौंः रोयल नेपाल एकेडेमी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो देशका लागि उचित मार्गचित्र

डा. सुरेशराज शर्मा

हाम्रो देशमा यातायात विकास, औद्योगिक विकास र कृषि विकास पर्याप्त मात्रामा हुन सकेको छैन । 'ब्यालेन्स अफ पेमेन्ट' असन्तुलित हुन पुगेको छ । आयात र निर्यातबीच सन्तुलन छैन । युवा बेरोजगारी बढेको छ र प्रतिभा पलायन भएको छ । कुनै सीप नसिकेका झन्डै ५० लाख युवाहरू रोजगारीका लागि बिदेसिएका छन् । सुविधासम्पन्न व्यक्तिहरू बढी लाभान्वित हुँदैछन् भने सुविधा कम भएका ठाउँ र व्यक्तिहरूचाहिँ अपहेलित भइरहेका छन् । शैक्षिक गुणस्तरकै कुरा गर्दा पनि शिक्षा गुणस्तरीय हुन सकेको छैन । विद्यार्थीहरूको सफलताको प्रतिशत कम छ । सफल भएकाहरूमध्ये पनि रोजगारी पाउनेहरूको सङ्ख्या थोरै छ । यस्तो अवस्थालाई हामीले छिटै सुधार गर्नुपर्नेछ । यसका लागि सरकारले खेल्ने भूमिका महत्त्वपूर्ण हुन्छ ।

विकास हुन नसक्नुको मूल कारण ऊर्जा आपूर्ति रहिआएको छ । हामीले लत्ताकपडा, यातायातका साधन, मेसिन-औजार, औषधि आदिको आयात धेरै गरेका छौं । निर्यात गरेर प्राप्त भएको आम्दानीले आयात गर्न पुगेको छैन । व्यापार सन्तुलनका लागि ऊन, जुट, टिम्बर, चिया, कफी, चिनी र जडिबुटीहरूको उत्पादन प्रचुर मात्रामा गराएर निर्यात गर्नैपर्ने हुन्छ । आगामी ५-६ वर्षभित्र करिब ५ हजार मेगावाट विद्युत नेपालमै उत्पादन हुने निश्चितजस्तै छ । ऊर्जाको स्थिति भरपर्दो भएपछि त्यसले यातायात र औद्योगिक विकासमा अहम् भूमिका प्रदान गर्दछ र व्यापारघाटा कम हुँदै जान्छ ।

ऊर्जा आपूर्ति बढ्नेबित्तिकै इन्जिनियरिङ, जीवप्रविधि र व्यवस्थापन विधाका स्नातकहरूका लागि आकर्षक अवसर देशभित्रै प्राप्त हुन्छ । त्यो अवसर आउनै लागेकाले अब आफ्नो देश आफैं बनाउँछौं, परनिर्भरताबाट धेरै हदसम्म मुक्त हुन सक्छौं, आवश्यक परेको खण्डमा दैनिक १५-१६ घण्टा पनि काम गर्छौं र देशको मुहार बदल्छौं भन्ने प्रतिबद्धता चाहिएको छ । अब नेपालमा जनशक्तिको आधार निकै सुध्रिसकेको छ । योग्य व्यक्तिहरूको जमात पनि तयार छ । आफूसँग मिहिनेत गर्ने अठोट छ र राष्ट्रलाई समृद्ध बनाउने प्रतिबद्धता पनि छ भने गर्न सकिन्छ, हुन सक्छ ।

तपाईंहरूले ६-७ घण्टा मिहिनेत गर्नुभयो भने आफ्नो परिवार पाल्न पुग्छ । अर्को ६-७ घण्टाको मिहिनेतले समाज र देशलाई उठाउन सहयोग गर्छ । त्यति मिहिनेत गर्न तपाईंहरूसित शक्ति छ र योग्यता पनि छ । अठोट गर्नोस् र र परिश्रम पनि गर्नोस् । त्यस्तै अठोट र परिश्रमले जर्मनी, जापान, अस्ट्रेलिया, चीन, कोरिया जस्ता देशहरू अहिले समृद्ध बनेका हुन् भन्ने कुरा नबिर्सनोस् ।

यसै प्रसङ्गमा म 'युनाइटेड वी राइज, डिभाइडेड वी फल' भन्ने उक्ति स्मरण गर्न चाहन्छु । यस्तो अठोट र सन्देश देशवासीलाई वचनले होइन, कर्मले दिन सक्नुहोस् । यस्तै अठोट

लेखक शिक्षाविद् तथा काठमाडौं विश्वविद्यालयका पूर्व उप-कुलपति हुनुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजनीतिक दलका नेताहरूले पनि गरिदिनोस् भन्ने पनि आग्रह गर्दछु। विगत २५-२६ वर्षभित्र यही अठोटले गर्दा नै काठमाडौँ विश्वविद्यालयलाई यहाँ ल्याइपुऱ्याउन सकिएको हुनाले मैले यसो भनेको हुँ।

अहिले काठमाडौँ विश्वविद्यालयले उत्पादन गरेका जनशक्तिमध्ये करिब ४३ प्रतिशत महिला र २० भन्दा बढी देशका करिब ७% विदेशी छन्। महिला सशक्तीकरणका लागि र नेपालको शिक्षण संस्थालाई अन्तर्राष्ट्रिय पहिचान दिनका लागि काठमाडौँ विश्वविद्यालयले खेलेको यो भूमिका यस्तै अठोटका कारणबाट सम्भव भएको हो। यहाँका उत्पादनहरू विदेशका प्रोफेसनल काउन्सिलको परीक्षा पनि पास गरेर संसारको जुनसुकै ठाउँमा सहजै रोजगारी पाउन सक्ने हैसियतका छन्। नेपाली तागतबाट नै यो सम्भव भएको हो।

काठमाडौँ विश्वविद्यालय अहिले २६ वर्षको भएको छ। यस संस्थाको यात्रा निकै कठिन थियो, तर काम गर्दै जाँदा राम्रै प्रतिफल पनि प्राप्त हुँदै गयो। यस संस्थाबाट चिकित्साशास्त्र, इन्जिनियरिङ, एप्लाइड साइन्स, व्यवस्थापन, सोसल साइन्स आदिजस्ता विधाहरूमा करिब २६ हजार विद्यार्थीहरू दीक्षित भइसकेका छन्। यहाँका स्नातकहरूले उत्तीर्ण भएको ३ महिनाभित्र रोजगारी पाएका छन्। यो तथ्यले नेपालको शिक्षा पनि विश्वव्यापी प्रतिस्पर्द्धामा प्रवेश गर्दैछ भन्ने देखाएको छ।

हामी अहिले विश्वव्यापी अर्थतन्त्रको युगमा आइपुगेका छौं। विश्वमा प्रविधि-विकासको दर तीव्र गतिले बढिरहेको छ। त्यसलाई आत्मसात नगर्ने हो भने हामी माथि उठ्न सक्तैनौं। मुलुकको प्रविधिलाई माथि उठाउने पहिलो जिम्मेवारी विश्वविद्यालयले नै बहन गर्नुपर्छ। यस्तो अवस्थामा हाम्रा विश्वविद्यालयहरू विश्वको च्याङ्किडमा ५०० अथवा १००० को त के कुरा, ४००० भित्र पनि पुगेका छैनन्। काठमाडौँ विश्वविद्यालय मात्रै ५००० को हाराहारीमा पुगेको छ। अब यस्तो अवस्थामा बस्नु हुँदैन। आगामी २५ वर्षभित्र कमसेकम ५ वटा विश्वविद्यालयलाई विश्वको च्याङ्किडमा सके ५००, नभए पनि १००० भित्र पुऱ्याउने प्रयास हामीले गर्नैपर्छ। यसका लागि सरकारले पनि प्रतिबद्धता देखाउनुपर्छ। अर्कातिर प्राविधिक र व्यावसायिक जनशक्तिको स्तर पनि बढाउनुपर्ने अवस्था छ। यसका लागि विद्यार्थीले नै नेतृत्व गर्नुपर्छ।

ऊर्जा, कृषि, पर्यटन, स्वास्थ्य आदि क्षेत्रको विकास गर्न प्रकृतिले हामीलाई पर्याप्त स्रोत दिएको छ। त्यसका लागि अरूसित झुक्नुपर्दैन, माग्नुपर्दैन र डराउनु पनि पर्दैन।

तपाईंहरू त्यसैलाई पछ्याउन खोज्नुहोस्, जसले गरेर देखाए र विकासको शिखरसम्म पुगे। त्यस्ता उदाहरण हामा लागि मार्गदर्शक हुन्छन्। अस्ट्रेलिया र न्युजिल्यान्ड जस्ता कृषि र वन पैदावार मात्र प्राकृतिक स्रोत भएका मुलुकहरू तिनीहरूकै उपयोग गरेर विकसित भएका हुन्। हाम्रो नेपाल कृषिप्रधान देश भएकाले अब हामी पनि कृषि क्षेत्रको विकासतर्फ नै लागौं। आत्मनिर्भर बन्नका लागि जीवप्रविधिलाई कृषि विकासमा लगाइहालौं। त्यसैमा भविष्य छ भन्ने सम्झौं।

जेसुकै गर्न पनि पूर्वाधार बलियो हुनैपर्छ। हामीले सूचना-प्रविधिको प्रयोग गरी आफूलाई विकासको परिणाम निकाल्नपट्टि लगाउनैपर्छ। १०-२० जना नेता योग्य भए भने तिनीहरूले मुलुक बनाउन सक्छन् भनिन्छ, २०-३० हजार सक्षम प्राविधिकले त झन् देशलाई जुरुक्कै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
उठाउन सक्छन् । हामीसँग योग्यता छ, परिश्रम गर्ने बानी छ र देशको विकास गर्ने अठोट पनि छ भने हामीलाई काम गर्न कसले रोक्ने ? शासनयन्त्र सञ्चालन गर्ने सरकारले र राजनीतिक नेताले पनि कसरी रोक्ने ? विगतका दिनमा हामीलाई अगाडि बढ्न कसैले रोकेनन्, बरू सघाएका छन् । स्वास्थ्य क्षेत्रमा बलियो जनशक्ति तयार गर्ने हाम्रो प्रयास राम्रो रहेको छ । अझै धेरै काम गर्न सकिए आफ्नो मुलुकमा मात्र नभई दक्षिण एसियाली क्षेत्रमा नै पकड जमाउने सम्भावना छ । यो सम्भावनालाई पनि बुझ्नुहोस् । ऊर्जा, सक्षमता र स्थीर सरकारले देशलाई उठाउन सक्छन्, उठाउनु पनि परेको छ । देशमा नयाँ संविधान बनिसकेको छ र सबै तहको निर्वाचन पनि सम्पन्न भइसकेको छ । अब देशमा स्थीर र भरपर्दो सरकार बन्न सक्छ । त्यसपछि धेरै कुराहरू ठीक बाटोमा आउन सक्छन् । देशमा साँच्चैको विकास गर्नका लागि ऊर्जाको आधारलाई भरपर्दो बनाउनैपर्छ, यातायात व्यवस्थालाई सक्षम बनाई आर्थिक रूपमा सबलीकरण गराउनैपर्छ, प्रविधिको हस्तान्तरण र जानकारी समयमै हुनुपर्छ भन्ने कुरामा ध्यान राख्नैपर्छ, प्रतिस्पर्द्धा गर्नैपर्छ र ठीक समयमा ठीक निर्णय गर्ने बानी बसाल्नैपर्छ । समयअनुसार आफूलाई नढाल्ने र यथास्थितिमै रमाउने मान्छेहरू सफल हुन सक्तैनन् ।

हामीले परनिर्भरताबाट आत्मनिर्भरतातिर मुलुकलाई लैजानैपर्छ । कस्तो प्रविधि उपयुक्त र लाभदायी हुन्छ, कुन-कुन कुरामा हाम्रो दृष्टि पुग्नैपर्छ, यी विषयहरूमा अनुसन्धान पनि गर्नैपर्छ । यस्ता कामहरू गर्ने सही बाटो भनेको युवाहरूलाई सशक्तीकरण गराउनु हो । यसका लागि हामीले युवाहरूलाई राम्ररी तालिम दिनैपर्छ । अनि मात्र उनीहरू आफ्नो क्षमताको राम्ररी उपयोग गर्न सक्छन् । दक्ष युवा पुस्तालाई उचित मेहनताना दिने र खुसी राख्ने हो भने युवा पुस्ताले देशमा चमत्कार गर्न सक्छ । देशको विकास उनीहरूबाटै सम्भव छ ।

युवाहरूलाई म भन्न चाहन्छु – सिर्जनशील र ऊर्जावान् बन्नुहोस् । 'चुम्दछ ईश्वर काम सुनौला गरिरहेका हात' भन्ने महाकवि लक्ष्मीप्रसाद देवकोटाको भनाइको मर्मले आफ्नो मनलाई सधैँ सिञ्चित गराइराख्नुहोस् । त्यसैबाट तपाईंहरूसँगसँगै देश पनि आत्मनिर्भर बन्नेछ । आत्मनिर्भर भएपछि हामी विश्व-प्रतिस्पर्द्धामा जान सक्छौँ । यही हाम्रो देशका लागि उचित मार्गचित्र हो ।

कार्यक्रमको एक झलक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवत्वका रूपमा सगरमाथालगायत हिमशिखर : हिमालमाथि भयावह भविष्यवाणी

डा.गोपाल पोखरेल विवश

पृष्ठभूमि

नेपाल हिमशृङ्खला-हिमशैल, हिमताल, हिमनदी, हिमशिलाबाट सिंगारिएको विश्वभूगोलको एक सुन्दर देश हो । हिमशिखरहरूको मिश्रित रूप नै हिमालयहरू हुन् । हिमालयहरू हाम्रा गौरव र गर्वका विषय हुन् भने आगामी सन्ततिको सुरक्षाको लागि बचाँउनु हाम्रो उच्चतम कर्म पनि हो । साँच्चि नै नेपाललाई हिमालयको खानी हिमचुलीको देश भनी सम्बोधन गर्नु सान्दर्भिक नै ठहर्छ किनकि विश्वमा उभिएका ८००० मिटरभन्दा अग्ला १४ हिमालयमध्ये ८ वटा नेपालमै जीवन्त छन् । यसमा विश्वको मुकुटको रूपमा सर्वोच्च शिर जसलाई झयामोलोङ्मा, जोमोमालुङ्मो, चोमोलुङ्मा, चुमोलुङ्मा, सगरमाथा तथा पछिल्लो नाम माउन्ट एभरेस्ट आदि नामबाट चिनिन्छ ।

लाखौंलाख वर्षदेखि पङ्तिबद्ध भई ठिङ्ङ उभिएका सदाबहार हाम्रा हिमालयहरू विश्वकै उच्च प्राकृतिक सम्पदा हुन् जसलाई हामी देवत्वका रूपमा पनि आत्मसात् गर्दछौं । विश्वमै प्राकृतिक उपहार मानिने यी धरोहरहरूको जीवन्तरूप चिरकालसम्म पनि यस्तै रहिरहन सक्छ ? विश्वव्यापी बढ्दो तामक्रम तथा परिवर्तन्मुख जलवायुले हिमालयको प्रारूपमाथि कस्तो प्रहार गर्ला र भविष्यलाई छिन्नभिन्न नै बनाउला ? यसको प्रत्युत्तर भयावह बनेर आइरहेको छ ।

सगरमाथा लगायत हिमालहरू देवत्वका प्रतीक

नेपालका शान सगरमाथालगायत विशेष उत्तरी प्राकृतिक सिमानाका रूपमा बग्रेल्ती रहेका उच्च हिमचुचुराहरू धेरै कथ्य, अनुश्रुति, मिथक, विम्बहरूसँग जोडिएका छन् । अनादिकालदेखि यिनीहरूको उद्भव, प्रारूपलगायत विविध पक्षमा भारी गीत-सङ्गीत, कथा, कविता, चुट्किला आदि विधाहरू सिर्जना गरिएका छन् र देवीदेवताका प्रतीक एक पावन भूस्वर्गको रूपमा मानिन्छन् ।

धार्मिक परिवेशमा हेर्दा प्राचीनकालदेखि नै नेपालको उत्तरी खण्डमा प्रचलित सर्वोच्च शिखरको नाम चोमोलुङ्मा/चुमोलुङ्मा हो जसको तिब्बती-चिनियाँ भाषामा अर्थ हुन्छ "पृथ्वीकी आदरणीय पूज्य माता" । यता, दक्षिणतिर नेपाली भूभागमा भने पहिलेदेखि नै "सगरमाथा" भनी गौरीदेवी, आकाशकी देवी, शक्तिकी प्रतीकको रूपमा पूजा-उपासना हुँदै आएको देखिन्छ ।

लेखकः प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभाका सदस्य एवं त्रि.वि. पाटन क्याम्पसमा संस्कृति विषयका प्राध्यापकका रूपमा कार्यरत हुनुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वोच्च शिखर सगरमाथासहित विभिन्न नामबाट सम्बोधन भइरहेको बेला सगरमाथालाई विस्थापित गर्दै यसको ठाउँमा प्रायोजित नाम थोपरियो । यो थियो ब्रिटिशकालिक भारतका सर्भे विशेषज्ञ सर जर्ज एभरेस्टको नाममा राखिएको "माउन्ट एभरेस्ट" । आफ्नो परम्परागत भाषा-संस्कृतिको नाम हुँदाहुँदै विदेशी नाम राखिएपछि यस नाममा धेरैले आपत्ति जनाउँदै देवत्वको रूपमा देवढुङ्गा, भैरवथान, गौरीशङ्कर, चिङ्गोपारि आदि कुनै पनि नाममा सम्बोधन गर्नुपर्ने कुरा उठाए । नेपालबाहिर भने प्रचार-प्रसारमा एभरेस्टको नामले नै तीव्रता पाउन थाल्यो । उता, चिनियाँहरूले यस सर्वोच्च शिखर सगरमाथालाई "चीन-नेपाल मैत्री शिखर" मान्दै "चोमोलोङ्मा" नाम राख्ने प्रस्ताव गरिरहेको बेला राजा महेन्द्रको चीन भ्रमणको अवसरमा इतिहासकार बाबुराम आचार्यबाट सर्वोच्च शिखरलाई "सगरमाथा" नै भनी सम्बोधन हुनुपर्ने प्रस्ताव प्रस्तुत भयो । उक्त प्रस्तावलाई राजा महेन्द्रको उपस्थितिमा चिनियाँ चेयरम्यान माओ (Mao Zedong) र राष्ट्रपति लिउ शाओछी (Liu shaoji) ले समर्थन जनाएका थिए । चीनले नेपालको आफ्नो तर्फको नाम नै छैन भनिरहेको बेला "सगरमाथा" नाममा सहमति हुनु अत्यन्त गर्वको विषय र यो अविस्मरणीय ऐतिहासिक क्षण थियो ।

समग्रमा नेपालमा हिमालयहरूलाई निम्नरूपमा हेरिएको छ :

- देवदेवीका उद्भव भूमि नै हिमालयहरू ।
- हिमालयहरू देवदेवीका अवतार ।
- हिमचुचुराहरूको आ-आफ्नो परम्पराअनुसार मावसभ्यतासँगसँगै पूजा-उपासना हुँदै आएको ।
- हिमाल आरोहणको लागि प्रस्थानगर्नुपूर्व हिमालमाथि पाइलाहरू टेक्नु पर्ने हुँदा सफलताको कामना गर्दै पूजा गर्ने परम्परा ।

सगरमाथालगायत आरोहण एक साहसी तर जोखिमपूर्ण पर्यटन :

अति नै जोखिमपूर्ण अवस्था पार गर्दै बढ्नु पर्ने हुँदा विश्वभरका कुनै पनि उच्च हिमशिखर आरोहण वा पदयात्रालाई साहसिक पर्यटनको खेल (Sport tourism) पनि भन्ने गरिएको छ । पर्वतारोहणमा रुची राख्नेको लागि सम्भवतः जीवनको एक लक्ष्य विश्वको सर्वोच्च शिखरलगायत उच्च शिखरहरू आरोहण गर्नु हुन्छ । सर्वोच्च शिखर यही हो भनी इ. १८५२ मा निश्चित भएपछि विश्वमा नेपालको परिचय बढ्दै गयो । मे २९, १९५३ मा न्यूजिल्याण्डका एडमण्ड हिलारी र नेपालका तेञ्जिङ नोर्गे शेर्पाले सर्वप्रथम विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गरेपछि त विश्वका आरोहीहरूको ध्यान नेपालका हिमालयहरूमाथि पर्न थाल्यो । यस क्रममा आजसम्ममा सगरमाथा आरोहण गरी कीर्तिमान कायम राख्ने होडमा सपाङ्ग, अपाङ्ग, बालिग नै नभएका, युवा, बृद्ध तथा कसैकसैले पटक-पटक अक्सिजनविना, कसैले २१ पटकसम्म त कोही दृष्टि गुमाएका, कृत्रिम हात-खुट्टा भएका करीब छ महादेशबाट गरी ५००० भन्दा बढीले सगरमाथामाथि झण्डा फहराएका छन् । मे १६, १९७५ मा पहिलो महिला आरोही जापानकी जुन्को ताबे तथा नेपाली पहिलो महिला पासाङ ल्हामु शेर्पाले अप्रिल २३, १९९३ मा सगरमाथा आरोहण गरी विश्वकीर्तिमान कायम गर्न सफल भएका थिए । सगरमाथासँगसँगै विश्वका अग्ला हिमशिखरहरू जस्तो : कञ्चनजङ्गा, मकालु, आमादब्लम, ल्होत्से, नुप्त्से, पुमोरी, चोयु, नुम्बुर, गौरीशङ्कर, लाङटाङ, गणेश, मनासलु, अन्नपूर्ण (१,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
२, ३, ४) माछापुच्छ्रे, तिलिचो, निलगिरि, टुकुचे, धौलागिरि आदि आरोहण गर्न लालायित हुनेको सङ्ख्या पनि आज यसैगरी बढिरहेको देख्न सकिन्छ।

हिमाल आरोहणको ताँती हेर्दा सजिलै छ कि जस्तो भान हुन्छ। तर विभिन्न क्याम्प पार गर्दै चढाइ गर्दा मात्र होइन ओर्लिदा पनि उत्तिकै ज्यान जोखिममा नपर्ला भन्न सकिन्न। हिउँ-चट्टानमा लड्नु, खाल्डोमा पर्नु, चिप्लिनु, पुरिनु तथा शरीरमा कुनै पनि अङ्गलाई हिउँले खानुबाट जोगाउन सक्नु सहज मानिदैन। आरोहणको लागि त दृढ सङ्कल्प, आँट, साहस, आत्मबल भएको व्यक्तिले मात्र मार्गचित्र कोर्न सक्छ। आरोहणको क्रममा सयौं अङ्गभङ्ग, सयौंको मृत्यु भएको छ। नेपालमा गएको इ. २०१५ को महाभूकम्पबाटसमेत १६ जना शेर्पासहित अन्य २२ गरी ३८ जनाको आरोहणको क्रममा नै मृत्यु भएको थियो।

आरोहण क्रमका नेपाली हिमशिखरहरू



हिमालयहरूमाथि भयावह भविष्यवाणी

आज जलवायु परिवर्तनसाथ विश्वव्यापी तामक्रम बृद्धि एउटा अनौठो घटना बनेर देखापरिरहेको छ। सम्बद्ध वैज्ञानिक, वातावरणविद्, भूगर्भशास्त्री, भूगोलवेत्ता, भौतिकशास्त्री

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा समाजशास्त्री आदिलाई जलवायु परिवर्तनसम्बन्धी विषयले छोएको छ । जलवायु परिवर्तन सम्बन्धी निकायले प्रस्तुत गरेका प्रतिवेदन सशक्त ढङ्गले कार्यान्वयनमा आउन नसक्नु दुःखद पक्ष मान्न सकिन्छ । यो कुराचाहिं तीतो सत्य छ कि तापक्रम बृद्धिमा बढी जिम्मेवार भने मानव क्रियाकलाप नै देखिन्छ । कोइला, पेट्रोल, प्राकृतिक ग्याँस, सिमेन्ट कारखाना, वनविनाश, वायुमण्डलमा बढ्दो कार्वनडाइअक्साइड छोडिनु आदि विशेष तापक्रम बृद्धिका कारकतत्व मानिन्छन् । यसमा विकसित राष्ट्रहरूलाई नै ५०% जिम्मेवार मानिएको छ ।

जलवायु परिवर्तनसम्बन्धी कार्य गर्ने अन्तरसरकारी निकाय (Intergovernmental Panel on Climate Change=IPCC) को प्रतिवेदन अनुसार 1990-2100 बीचमा 1.4 देखि छ-8°c तथा यो शताब्दीको अन्त्यसम्ममा 1.8 देखि 4°c सम्म तापक्रम बृद्धि हुनसक्ने बताइएको छ । पृथ्वीको वातावरणीय प्रणालीमा परेको असरको परिणाम कहीं अत्याधिक वर्षा हुने र पानीको स्रोत बढ्ने तथा कहीं पानी कम भई सुख्खाक्षेत्र बढी प्रभावी हुने एवं 30 देखि 40cm सामुद्रिक सतह बढ्न सक्ने भनिएको छ । North Pole/South Poles मा हिउँ पग्लिएर 10-20cm सतह बढ्न सक्ने औंल्याइएको छ । सामुद्रिक सतह बढ्नाले सतहमुनिका द्वीप तथा तटवर्ती क्षेत्रहरू डुब्ने र बाढीबाट प्रभावित हुने छन् । भनिन्छ, अबको पचास वर्षमा हिमशिखर-तालहरू पग्लिने छन् र तालको पानी बाहिर निस्कने छ । हिमालयहरू नाङ्गा पहाडमा परिणत हुनेछन् । पानीको पोखरी नै सुक्ने छ, जसबाट वातावरणीय, मानवीय तथा आर्थिक-सामाजिक भयावह सङ्कट खडा हुनेछ । यो महासङ्कट विश्वव्यापी हुनेछ । यद्यपि विशेष अफ्रिका महादेश अर्थात् उत्तर अफ्रिकाको Nile नदीको डेल्टाक्षेत्र र पश्चिम अफ्रिका बढी प्रभावी हुने बताइन्छ । विशेष एसियामा हिउँ पग्लिदा खोला-नदी-महासागरको बहाव बढ्न गई ठूलो विपत पैदा गर्ने छ । ताजा पानी पिउनबाट नै लाखौं-लाख मानिस वञ्चित हुने र घरबारविहीन अवस्थामा पुग्ने छन् । भनिन्छ, मानवसमुदायले कहिल्यै पनि नदेखेको र नभोगेको डरलाग्दो, अवस्थाको सामना गर्नु पर्ने छ । ५० सालपछि हिमटाकुराको सम्भावित दृश्य कस्तो होला ?

निष्कर्ष

नेपाल अनुपम प्राकृतिक सौन्दर्यले सिंगारिएको विश्वभूगोलको अदभुत भूस्वर्ग हो । विश्वकै प्राकृतिक सम्पदाको उच्चतम र आश्चर्यजनक नमूना पनि नेपाल नै हो । यहाँको धर्म-संस्कृतिको तादात्म्यता प्रकृतिसंग गाँसिएको छ । नेपाली सभ्यताको थालनीसँगसगै यहाँका प्राकृतिक छहरा-पहरा, नदी-किनारा-दोभान एवं हिमटाकुराहरूमा धार्मिक-सांस्कृतिक साझा आस्था समन्वयात्मक तर जीवन्तरूपमा प्रकट भइरहेको देख्न सकिन्छ । कुनै पनि नामका नेपालीका गर्वका धरोहर हिमालयहरूलाई देवत्वका प्रतीक मान्दै यिनीहरूमाथि नै समर्पित भएर सिर्जनाहरू निर्माण हुने क्रम आजसम्म पनि रहिरहेकै छ । आज विश्वकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहसी नागरिकले जीवनको एक अभीष्टका रूपमा उच्च हिमशिखरहरूमा झण्डा फहराउँदै विश्वकीर्तिमान कायम गरिरहेको सुन्दर वर्तमान घडीमा कुनै पनि हिमाल चीरकालसम्म यही अवस्थामा रहिरहोस् भनी कामना गर्नु स्वाभाविक हो । यद्यपि विश्वव्यापी रूपमा बढ्दो तामक्रम तथा जलवायु परिवर्तनले निकट भविष्य मानवजातिको लागि नसोचिएको दुःखद हुने सम्बद्ध विज्ञहरूको जिकिर आइरहेको छ। के हिमालयलगायत समुच्चा प्राकृतिक सम्पदालाई संरक्षण गर्ने भागीरथ प्रयास सफल होला ? पृथ्वी बचाउ अभियानमा सहयोग गरौं ।

सन्दर्भ-सामग्री

- Biwash, Gopal Pokharel (2015), Mount Everent: Mother of Earthly Pleasure and Adventure, Solidarity and Peace, Kathmandu: Nepal AAPSO.
- Burrard, Sidney (1931), Mount Everest and Its Tibetan Names, Survey of India, Professional Paper, No. 26.
- EI-Henawi Essam (2007), Climate Change: Science and Politics, Development and Socio-Economic Progress, 31st year, No. 94, Cairo: AAPSO.
- Jones, Mike (1979), Canoeing Down Everest, Sahibabad: U.P. (India).
- O' Connor, Bill (1990), Adventure Treks Nepal, Wiltshire: The Crowood Press.
- Satyal, Yajna Raj (2000), Tourism Scene in Nepal, New Delhi: Adroit Publishers.
- Sherpa, Ang Tshering (2013), The State of Adventure Tourism in Nepal: Challenges and Opportunities for Conservation, Hamro Sampada, Vol. 13, No. 7, Kathmandu: Hamro Sampada Media.
- Singh, Gyan (1961), Lure of Everest, Delhi: Ministry of Information and Broadcasting.
- W.H. Murray (1953), The Story of Everest, London: J.M.Dent and Sons Ltd.
- श्रेष्ठ, बुद्धिनारायण (२०७४), सगरमाथाको चढाइ, पोखरेल दर्पण, काठमाडौं: पोखरेल राष्ट्रिय प्रतिष्ठान ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"योग सन्देश"ले दिएका सन्देशको विवेचना

राजेन्द्र सुवेदी

१. विषय प्रवेश

तेस्रो अन्तर्राष्ट्रिय योग दिवस (सन् २०१७) का उपलक्ष्यमा नेपाल स्थित भारतीय राजदूतावासको सक्रियतामा प्रकाशित **योग सन्देश** नामक सङ्ग्रहको प्रकाशनले निकै प्रभावकारी भूमिका खेलेको देखिन्छ। यस कृतिले योगका सन्दर्भमा एक विशिष्ट ग्रन्थको रूप नै प्राप्त गरेको छ। यस कृतिमा समावेश भएका रचनाहरूको सङ्क्षिप्त समीक्षण गर्ने क्रममा यो कृतिपरक विवेचना तयार भएको छ। यस ग्रन्थमा रहेका सामग्रीलाई निम्न क्रममा समीक्षण गर्ने प्रयत्न गरिएको छ।

साधनाद्वारा मनस्थितिलाई साध्य तथा लक्ष्यमा संयोजित गर्ने योगका अनेक विधि यहाँ विषयवस्तु र तिनले निर्धारण गरेका संवेदनाका स्थितिलाई पनि उपस्थापन गरिएको हुन्छ। यस सन्दर्भलाई पनि उपस्थापन गरेर विवेचना गर्नु यहाँ विचारणीय विषय बनेको छ। ऋग्वेदमा रथमा अश्वयोजन गर्ने विधिलाई सम्बोधन गर्ने विषयका क्रममा निर्माण भएको यो शब्द क्रमशः मनोयोग तथा भौतिक योगमा उपस्थापन बन्दै आएको पाइन्छ। पूर्वीय सन्दर्भमा योगको विषयलाई विशिष्ट स्थितिमा विषयको संवेदना बहन गर्ने विषयका रूपमा उपस्थापन हुँदै आएको छ। योग पूर्वीय सभ्यताका सन्दर्भमा मानवमा विकसित बन्दै आएको ज्ञानतत्त्व र तिनको प्रेरणाबाट प्रतिष्ठा आर्जन गर्दै आएको विषय बनेको छ। क्रमशः योगले आर्यहरूका बिचमा साध्य विषय बन्दै गएर जीवनका परिशोधक तत्त्वको विशेष अवस्था प्राप्त गर्दै गएको देखिन्छ। योगको मूल तत्त्वलाई पतञ्जलिको मतमा अष्टाङ्ग मध्येका योगको चित्तवृत्ति निरोधक तत्त्वहरूको आविष्कार भएको स्थापित सिद्ध हुने अवस्था देखाइएको छ। यसै विषयमा केन्द्रित रही योगका बारेमा गरिएका चिन्तनको अवस्थाका विविध कोणलाई केन्द्र बनाएर लेखिएका रचनाहरूको सङ्गृहीत कृति योग सन्देश शीर्षकमा प्रकाशित ग्रन्थको रूपमा पाठक सम्मुख आएको छ। यसै कृतिको संक्षिप्त समीक्षण कार्यमा यो लेखन केन्द्रित रहेको छ।

दक्षिण एशियाली उपमहाद्वीपका विभिन्न मुलुकहरूमा योगका अनेक स्थिति र विधिहरूको विद्यमानता छ। यस क्षेत्रका देशहरूमा योगका आ-आफ्नै विधि र शैलीहरू स्थापित बनेका छन्। योगका विविध क्षेत्र र दिशाहरू जीवन शैली र अभ्यासहरू विभिन्न आचार व्यवहारमा

लेखक त्रि.वि. नेपाली केन्द्रीय विभागका पूर्व प्रमुख हुनुहुन्छ, rsubedi09@gmail.com - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्थित बनेका छन् । समुचित भोजन, विधि, व्यवहार, रहनसहन, बसउठ, समुचित काम कारोबारहरू, समुचित शह्रया, आसन र जागरणजस्ता आचार तथा गतिविधिका आधारमा योगको अनुकार्य गरिन्छ । यस प्रकारको अनुशासनमा रहन सकेमा योग स्वयंकै प्रभावमा दुःखहरू विनाश हुन्छन् । अर्थात् योगका कारण नै जीवन संयमित, सुखी र सार्थक हुन सक्ने विषयका दृष्टिले उपस्थित हुन्छ । यस सन्दर्भलाई श्रीकृष्णले गीतामा अर्जुनलाई गरेको निर्देशले नै सिद्ध गरेको छ । उदाहरणका निम्ति : "युक्ताहार विहारस्य युक्तचेष्टास्म कर्मसु । युक्तस्वप्नावबोधस्य योगो भवति दुःख हा ।" भन्ने पङ्क्तिले माथिका सन्दर्भलाई साक्ष्य गरेको छ ।

तेस्रो अन्तर्राष्ट्रिय योग दिवसको सन्दर्भमा २०७४ अर्थात् सन् २०१७ को सन्दर्भमा नेपाल स्थित भारतीय दूतावासको प्रयासमा प्रकाशित **योग सन्देश** नामक कृतिको प्रकाशन भएको पाइन्छ । यस सङ्ग्रहमा योग विषयमा केन्द्रित सामग्रीको समायोजन भएर प्रकाशमा आएको सन्दर्भ निकै नै प्रभावकारी र जीवनका निम्ति सार्थक सामग्रीको प्रकाशन भएका कारण योगको अध्ययन, अनुसन्धान तथा योगाभ्यासीहरूका निम्ति पनि निकै महत्त्वपूर्ण सहयोग मिलको सन्दर्भ यहाँ विवेचनाको विषय बनेको छ । यसै विषयतर्फ प्रस्तुत लेखनलाई केन्द्रित गराउनु पनि सान्दर्भिक बन्दछ ।

योग सन्देश नामक कृति जम्मा चारओटा भाषामा लेखिएका रचना लिएर प्रकाशित भएको कृति हो । यसमा कविता, निबन्ध, लेख समालोचना तथा चित्रहरू प्रकाशमा आएका छन् । ती चारओटा भाषामा रचित समीक्षा समालोचनालाई जम्मा ५ ओटा खण्डको सीमामा राखेर व्यवस्थापन गर्न प्रयत्न गरिएको छ । अङ्ग्रेजीमा सृजित जम्मा त्रिचालिसओटा रचनाहरू यसको पहिलो खण्डमा रहेका छन् । त्यस्तै हिन्दीमा रचित जम्मा अठारओटा रचनाहरू दोस्रो खण्डमा समावेश भएका छन् । त्यसरी नै नेपालीमा रचित जम्मा १५ओटा तेस्रो खण्डमा रहेका छन् । संस्कृत भाषामा रचित दुईओटा मात्र निबन्धहरू ग्रन्थको चौथो खण्डमा समावेश भएका छन् । यिनका अतिरिक्त पाँचौं खण्डमा प्रतियोगितामा सामेल भएर पुरस्कृत बनेका तिनओटा निबन्ध कृति समावेश भएका छन् र परिशिष्टमा केही चित्रकला पनि समावेश भएका छन् । त्यस खण्डमा जम्मा तीनओटा चित्र समावेश भएका छन् । यी समग्र रचानहरूमध्ये योग विषयमा केन्द्रित प्रतियोगितात्मक कार्यक्रममा आह्वान गरिएका र प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थानमा पुरस्कृत बनेका तिनी मध्ये एक मात्र अङ्ग्रेजी र बाँकी द्वितीय र तृतीय बनेका अङ्ग्रेजी, हिन्दी र नेपालीमा एक एक रचना समावेश भएका छन् । त्यसरी नै यहाँ चित्रकलाका क्षेत्रमा पनि प्रथम, द्वितीय र तृतीय भएका चित्रहरू पनि समावेश भएका छन् । यसरी रचनाहरू प्रस्तुत गरिएको सामयिक तथा सङ्ग्रहीत ग्रन्थहरूमा योगोपयोगी सामाग्रीहरू व्यवस्थित सङ्गृहीत बनेका छन् ।

यस कृतिका अङ्ग्रेजी खण्डमा रहेका सामग्रीहरू निम्नानुसार पर्दछन् :

२. अङ्ग्रेजीमा लिखित सामग्रीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
(१) डा. मुरली मनोहर जोशीको "Yoga and Globalisation" ले योगको विश्वव्यापीकरण र यसको उपादेयताको चर्चा गरको छ।

(२) स्वामी प्रभुपादको "Yoga Ladder & Bhakti Yoga" शीर्षकको रचनामा योग यमदेखि समाधिसम्मका आठओटा सोपान क्रमको विषयलाई व्याख्या गर्ने काम भएको छ।

(३) श्री चिन्मयीको रचना "Who is fit for Yoga" शीर्षकमा सृजना गरिएको रचनामा कस्तो व्यक्ति योग साधनाका निम्ति उपयुक्त हुन्छ त भन्ने अभिमत प्रकटमा ल्याइएको छ।

(४) ग्रन्थको चौथो रचना महायोगी पाइलट बाबाको "Yoga for Super Consciusness" शीर्षकमा रचित छ र यसले मानवीय उच्च अहम्को परिमार्जन र परिष्कारका निम्ति योग उपयोगिताको विषय बन्छ भन्ने संवेदना यसमा अभिव्यञ्जन गरिएको छ।

(५) पाचौँ रचना श्रीरविशङ्करको "Meditation The Path to Divine" विशिष्ट तथा दैवी तहसम्मको गन्तव्यको मार्ग चिन्तन अर्थात् योग नै एक मात्र पक्ष हो भन्ने सन्दर्भ यस रचनामा स्थापित गरिएको छ।

(६) सद्गुरु जग्गि वासुदेवद्वारा लिखित "The Only Way Out is in" नामक रचनामा सर्जकले लक्ष्य प्राप्तिको एकै मात्र मार्ग योगलाई ठम्याउन प्रयत्न गरिएको छ।

(७) कृतिको सातौँ रचना डा. प्रणव पाण्डेय रहेका छन्। उनका "The Become Work-Efficient is Yoga" मानवको दैनिक कार्यको तदारुकताले गर्ने योगदानका विषयमा गहन छलफल गरेको स्थिति पनि देखिन्छ।

त्यसरी नै योगको गम्भीर उपादेयतालाई ग्रन्थको यसै खण्डका अन्य लेखहरूमा पनि विवेचना गरिएको छ।

(८) आठौँ रचनाका लेखक डा, एच. आर्. नगेन्द्र रहेका छन् र उनको "Yoga for Youth" शीर्षकको लेख यहाँ समावेश भएको छ। यसमा मानवको कर्म कौशलताको निम्ति योगको विशिष्ट योगदान रहन्छ भन्ने निष्कर्ष निकालिएको छ।

(९) योगाचार्य वि.एन. सरस्वतीद्वारा लिखित रचना "Yga in 21st Century" नामक लेख समावेश भएको छ। यस लेखमा २१ सौँ शताब्दीका निम्ति योगको उपादेयतालाई गम्भीरतापूर्वक विवेचना गरिएको छ।

(१०) डा. रूप ज्योतिको "Vipassana for All" शीर्षकको लेख समावेश भएको छ। यस लेखमा ध्यानका दृष्टिले विपस्यनाको उपादेयता विशिष्ट रहेको छ भन्ने निष्कर्ष रहेको छ।

(११) डा. तिखे साम गनपतका यस रचनाको शीर्षक "You for Orphan Children" रहेको छ। यस लेखमा अभिभावक विहीन बालकका निम्ति आवश्यक पर्ने र तिनलाई सबल बनाउन अभ्यासका आधारमा उमेर अनुसारको योगको आवश्यकता हुने र योगले बालको स्वास्थ्य पनि सबल बनाउने सन्दर्भ प्रस्तुत गरिएको छ।

(१२) त्यसरी नै डाक्टर दामोदर ज्ञवालीका "Yoga in Shri Gita and Shri bhagawat Puran" शीर्षकको रचना पनि निकै महत्त्वपूर्ण रहेको छ। यस लेखले गीता तथा भागवत पुराणका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
आधारमा जीवनका निम्ति योग निकै विशिष्ट सन्दर्भ योगका विषयमा गरिएका स्थितिलाई विवेचना गरिएको छ।

(१३) यस खण्डको तेह्रौं रचनाको लेखक गुर्नामको "Shikhism and Yoga" शीर्षकमा समावेश भएको छ। यस रचनामा शिख दर्शनमा रहेको योगसम्बन्धी चिन्तनलाई विशिष्ट ढङ्गले प्रकट गरिएको छ।

(१४) चौधौं रचनका लेखक महेशचन्द्र शर्माको रचना "Yoga Shashtra Shrimad Bhagavat Gita" शीर्षकमा प्रकाशित भएको छ। यस रचनामा पनि योगको सन्दर्भ सहज र स्वाभाविक स्थितिमा प्रस्तुत गरिएको छ। यसले जीवनलाई योगले दिएको मार्ग दर्शनलाई प्रस्तुत भएको छ।

(१५) ग्रन्थको पन्ध्रौं रचनाका स्रष्टा मलय सिन्हाको "Yoga : A Tool for Holistic Health" शीर्षकमा प्रकाशित भएको स्थिति छ। यस रचनामा योगसाधनाका माध्यमबाट स्वास्थ्यको सुधारमा महत्त्वपूर्ण काम हुने निष्कर्ष निकालिएको स्थिति देखिन्छ।

(१६) ग्रन्थको सोह्रौं रचना योगमाता केइको ऐकावा नामबाट प्रकाशनमा आएको छ। यस लेखको शीर्षक "The Himalayan Yoga" रहेको छ र यसले नेपालको पर्यावरणको र तथा हिमालयको आवहवासँग अनुकूल हुने सन्दर्भलाई प्रस्तुत गरेको छ।

(१७) सत्रौं क्रममा रहेको रचनाको स्रष्टा सावित्री ऐमा रहेकी छन्। यस रचनाको शीर्षक "Yoga for Body, Mind and Spirit" रहेको छ। स्वस्थ शरीर र स्वस्थ मानसिकताको परिणाम नै प्राज्ञिक तथा आदर्श चिन्तन विकास हुन सक्ने सम्भावना रहेको कुरा प्रकटमा आएको छ।

(१८) कृतिको अठारौं रचनाका लेखक आनन्द पौडेल रहेका छन् र उनको रचनाको शीर्षक "Psychotherapy and Shrimat Bhagavat Gita" मा तयार भएको छ। यस रचनामा गीताले साधकको मानसिक तहलाई श्रीमद्भागवत गीताले व्यायामिक तथा परिशोधनको काम गरिदिन्छ भन्ने सन्दर्भ प्रकटमा ल्याएको सन्दर्भ उपस्थापन गरिदिएको अवस्था छ।

(१९) उन्नाइसौं रचनाका लेखक डाक्टर सुनिल सापको रहेका छन् र उनको रचनाको शीर्षक "Yoga : The Royal Path" प्रकाशमा आएको छ। योगको मुख्य मार्गको यात्राबाट जीवनका निम्ति कायिक र मानसिक दुवै स्वास्थ्यको संदवेनालाई परिमार्जन गर्न सकिने सम्भावना रहेको देखाइएको छ।

(२०) यस कृतिको बिसौं लेख डाक्टर सगुन तिवारीद्वारा "Hypertension and Yoga Chikitsa" शीर्षकमा लेखिएको छ। मान्छेको स्वास्थ्यमा आउने उच्च रक्तचापको नकारत्मक प्रभाव र त्यसको उपचारको रूपमा योगले खेल्ने भूमिका यस रचनामा प्रस्तुत भएको छ।

यस्तै गरी योग चिकित्साको विषयका सन्दर्भमा यसका अनेक पक्षहरू यहाँ व्यवस्थित रहेका देखिन्छन्। तिनका स्थितिलाई निरूपण गर्ने प्रयत्न भएको देखिन्छ। यसलाई अझ पनि विवेचनाको सन्दर्भ पनि उल्लेख गर्न सकिन्छ :

(२१) कृतिको एक्काइसौं रचनका लेखकमा डा. दीपा पाण्डेयको "Truth About cancer"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
शीर्षकमा प्रकाशनमा आएको स्थिति देखिन्छ । यसमा योगाभ्यासको आधारमा र भोजन तथा अनुशासनका आधारमा क्यान्सरको अवस्था पनि यस लेखले सिद्ध भएको देखाइएको छ ।

(२२) बाइसौँ सन्दर्भमा रहेको रचनाका स्रष्टा सनातन महाकुडको "Miracles of Kapalbhati" शीर्षकमा प्रकाशनमा आएको छ । यसले कपालभाती प्राणायाम विधिले समाज र जीवनमा रहेका स्वास्थ्यमा पार्न सकारात्मक चामत्कारिक परिणामलाई व्याख्या गर्ने काम भएको स्थिति देखिन्छ ।

(२३) कृतिको तेइसौँ रचनाका लेखक डाक्टर राजु अधिकारीबाट तयार भएको देखिन्छ । यस रचनाको शीर्षक "Internal transformation and Meditation" शीर्षकमा प्रकाशित भएको छ । यसले मान्छेका मानसिक तहको रूपान्तरण र चिन्तन पनि यहाँ उपस्थापन भएको सन्दर्भ यस रचनामा प्रतिपादन गरिएको छ ।

(२४) सङ्ग्रहका स्रष्टा मोहन गिरीद्वारा यसरी योगकै विषयमा गरिएको विविधताको संवेदनालाई समेटिएको "Yoga : Yama Niyam" शीर्षकमा प्रकाशित भएको देखिन्छ । यसको निरूपण गर्दा पतञ्जलिको योग साधनाको सन्दर्भमा चिन्तन केन्द्रित गरेको देखन्छ ।

(२५) कृतिको पच्चिसौँ रचना रञ्जना शर्माको "City Life and Yoga" प्रकाशित भएको छ । नागर जीवनका सन्दर्भ र सहरिया वातावरणका चापमा रहेका विभिन्न तनावहरूको स्थिति पनि यसबाट सन्तुलित स्थितिको संवेदनालाई उपयोगको विषय बनाइएको छ ।

(२६) छब्बिसौँ रचनाका स्रष्टा विशालकुमार मिश्र "Legacy of Ashtanga Yoga in modren World" शीर्षकको रचना लिएर देखिएका छन् । आजको विश्वमा स्वास्थ्य र शान्ति तथा मानसिक संवेदनाको सन्तुलन राख्ने क्षमता पनि यहाँ प्रस्तुत गरिएको छ ।

(२७) सत्ताइसौँ रचनका स्रष्टा आदर्श भट्टराई हुन् र उनको रचनाको शीर्षक "The Quintesence of Debi Mahatmya" रहेको छ । यस रचनामा देवी महात्यको महिमाको उत्कर्ष प्रस्तुत गरिएको छ ।

(२८) ग्रन्थको अट्ठाइसौँ रचनाका लेखक श्रीराम पाण्डे रहेका छन् र उनको रचनाको शीर्षक "Low Back Pain and Yogic Manegement" रहेको छ । यस लेखमा योगको नियमित तथा व्यवस्थित साधनाका आधारमा मान्छेको ढाडको तल्लो भाग दुख्ने पीडा निको हुन्छ भन्ने कुरा सिद्ध गरिएको छ ।

(२९) रविकान्त तिवारीको "The Scintific Deliberation of Pranayama" शीर्षकको लेख यहाँ रहेको छ । यस रचनामा सचेततापूर्वक प्राणायामको वैज्ञानिक विधिद्वारा अवलम्बन गरिने सन्दर्भलाई यस रचनामा व्याख्या गरिएको छ ।

(३०) तीसौँ रचनाका लेखक सुमन भुर्तेल रहेका छन् र उनको "Stress management and Yoga" रहेको स्थिति देखिन्छ । यस लेखमा मानवको मानसिक तनावको स्थितिलाई योगका माध्यमबाट व्यवस्थापन गर्न सकिने निष्कर्ष दिइएको छ ।

(३१) तीसौँ रचनको लेखक भरत गिरीद्वारा लिखित रचनाको शीर्षक "Imperishable Yoga

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Voyage" रहेको छ। योग आफैमा जीवनको सफल यात्राको साधन र माध्यम हो भन्ने निष्कर्ष यस लेखले स्थापना गरेको देखिन्छ।

(३२) बत्तिसौँ रचनाका स्रष्टा पूजा मिश्रको "Holy Mother's Yoga" शीर्षकको रचना यहाँ समावेश भएको छ। यस लेखमा व्यावहारिक जीवनको आधार स्रोत नै योग हो भन्ने निष्कर्ष निकालिएको छ।

(३३) तेत्तिसौँ रचनाका लेखक गणेशप्रसाद बराल रहेका छन् र यसले योगका आधारमा स्नायविक सन्तुलन गर्ने सन्दर्भलाई प्रस्तुत गरेका छन्। "Kundalini Yoga : tha Yogic Voyage" शीर्षकका यस रचनामा जीवनको आन्तरिक तथा स्नायविक तत्त्वका रूपमा स्विकारिएको सन्दर्भ यस रचनाले सिद्ध गरेको छ।

(३४) ग्रन्थको चौतिसौँ रचनाका स्रष्टा अमृता घिमिरे हुन्। उनको रचनाको शीर्षक "Yogic Manegement for Diabetes Mellitus" शीर्षकको लेखमा योगका माध्यमबाट मधुमेहको नियन्त्रण गर्न सकिने निष्कर्ष निकाल्ने काम भएको छ।

(३५) यस ग्रन्थमा समावेविष्ट पैतिसौँ रचनाका स्रष्टा रामदेव पण्डित रहेका छन्। उनको रचनाको शीर्षक "Yoga : The Super Mind, Body Medicine" शीर्षकमा प्रकाशित भएको छ। यस रचनाले मानवको विशिष्ट चिन्तन तथा मस्तिष्क र शारीरिक उपचारको काम योगबाट पनि सम्पन्न हुने सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ।

(३६) सङ्ग्रहको छत्तिसौँ रचनाका संयुक्त लेखनबाट तयार भएको छ। यसका लेखकद्वय डा. सुनिलकुमार पौडेल र चेतना ए.एम् ले "Yoga Therapy in Chronic Low Back Pain" तयार गरेका छन् र यस लेखमा योगको व्यायामका माध्यमबाट ढाडको तल्लो भाग दुख्ने र पुरानो भइसकेको रोगको निदान हुन सक्ने निष्कर्ष निकालिएको छ।

(३७) रामनिश वत्सको यो लघु रचना "Yoga for Migraine and Headache" शीर्षकको लेखमा योगका आधारमा माइग्रेन्स रोग नियन्त्रण गर्न सकिने सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ।

(३८) एकराज गजुरेलद्वारा लिखित "Healing by Hand Yoga Mudras" शीर्षकमा प्रकाशित भएको पाइन्छ। यस रचनामा हस्तमुद्राका आधारमा गरिने योगका कारण प्राप्त हुने लाभको चर्चा गरिएको स्थिति देखिन्छ।

(३९) अनन्त अर्यालको अर्को रचना "Pranayam and Pallution" शीर्षकमा प्रकाशित भएको छ। यसमा प्राणायका माध्यमबाट प्रदूषणको दुष्प्रभावबाट जोगिन सक्ने निष्कर्ष निकालिएको छ।

(४०) डाक्टर के.के. द्विवेदीद्वारा रचित "Yoga and Health Today" शीर्षकको लेख यहाँ समावेश भएको छ। यसमा आजको सन्दर्भमा स्वास्थ्यका निम्ति योगको विशेष महत्त्व रहेको निष्कर्ष निकालिएको छ।

(४१) डाक्टर मधुमिता साइकियाद्वारा सृजित रचना "Yoga in Nath Sampradaya" शीर्षकमा प्रकाशित भएको छ। यस लेखले नाथ सम्प्रदायमा योगको स्थान र विशिष्टता के कसरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
उपस्थापन गरिन्छ र यसको साधनाको महत्त्वको सन्दर्भलाई यहाँ सन्दर्भित बन्ने कुरा प्रस्तुत गरिएको छ।

(४२) डाक्टर भगवान् भुयाँद्वारा रचित "Yoga and Ayurbeda" शीर्षकमा प्रकाशित भएको छ। यस रचनामा आयुर्वेद र योग जीवनका निम्ति रहने उपयोगिता सान्दर्भिक रहने विषय यहाँ प्रकट गरिएको छ।

(४३) यस समूहको अन्तिम लेखक हरिप्रसाद पौडेलको रचना "Yoga for Professionals" शीर्षकमा प्रकाशित भएको छ। यस रचनाका माध्यमबाट व्यावसायिकताका निम्ति योगको उपयोगिता विशेष रहने कुरा सन्दर्भित बनेको देखिन्छ।

३. **हिन्दीका माध्यमबाट योगको महिमा चर्चा** : हिन्दीका माध्यमबाट पनि यहाँ योगको विवेचना भएको छ। यसरी नै हिन्दी रचना खण्डमा जम्मा १९ ओटा रचना समावेश भएका छन्। तिनमा पनि योग र जीवनमा यसले खेल्ने सकारात्मक भूमकालाई विषय बनाएको छ। यहाँ तिनको संक्षिप्त समीक्षण गर्ने काम भएको छ। यहाँ जम्मा चौधओटा लेख रचना र बाँकी पाँचओटा रचना कवितमा प्रस्तुत भएका छन्। यहाँ पहिले गद्यमा रचित लेखरचनाको समीक्षा गरिएको छ। उदाहरणका निम्ति :

(१) पं. श्रीराम शर्माद्वारा रचित "**योगः कर्मसु कौशलम्**" शीर्षकमा प्रकाशित भएको छ। यस रचनामा मानवलाई योगले कुशल कर्मशील बनाउँछ भन्ने निष्कर्ष निकालेको छ।

(२) नेपालकेशरी डाक्टर मुनि मणिभद्रद्वारा सृजना गरिएको "**जैन धर्म में योग की अवधारणा**" शीर्षकमा प्रकाशित छ। यस रचनामा जैन धर्म तथा सम्प्रदायमा योगले खेलेको भूमिकालाई यहाँ प्रकटमा ल्याइएको स्थिति छ।

(३) डाक्टर मोहम्मद हनीफ खान शास्त्रीको रचना "**इस्लाम और योग**" शीर्षकमा प्रस्तुत गरिएको छ। यस रचनामा इस्लामिक दर्शनसँग पनि योगको त्यत्तिकै गहन सम्बन्ध र जीवनमा योगले खेल्ने सकारात्मक भूमिकाको विषयमा यहाँ सबल विचार प्रस्तुत गरिएको छ।

(४) सेलिना प्राचीद्वारा लिखित "क्यों कहलाए श्रीकृष्ण योगी योगेश्वर ?" शीर्षकमा प्रकाशित रचना हो। यस कृतिका आधारमा कृष्णले साधना गरेको योग र त्यस योगको प्रभावका कारण नै उनी योगेश्वरका रूपमा स्थापित भएको सन्दर्भ यहाँ प्रकट गरिएको छ।

(५) आचार्य राधाकान्त शास्त्रको रचना यहाँ पाचौँ लेखका रूपमा "**योग परिचय**" शीर्षकमा प्रकाशित भएको छ। यस रचनामा योगको आरम्भ र विकास तथा योगका प्रकार र तिनको महत्त्व तथा तिनको उपादेयता र यसका मौलिक प्राप्तिहरूको विषयमा प्रकाश पारिएको छ।

(६) डाक्टर अजय देवकुलियारको "**योगका महत्त्व और लाभ**" शीर्षकमा प्रकाशित भएको छ र यस लेखमार्फत लेखकले मानव जीवनमा योगको उपयोगिता र त्यसको फाइदाका विषयमा प्रकाश पार्ने काम भएको छ। मानवको मानसिक तनावबाट मुक्ति र शारीरिक रोगबाट मुक्ति हुने कुरा यस रचनाले प्रतिपादन गरेको देखिन्छ।

(७) डाक्टर विवेक गौतमको "**योगका इतिहास और आधार**" शीर्षकमा तयार गरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
लेखमा योगको ऐतिहासिक महत्त्व र यसका लाभहरूको विषयमा निकै गम्भीर संस्कारको स्थितिलाई प्रस्तुत गर्ने काम भएको देखिन्छ।

(८) यस समूहको आठौँ लेख प्रकाशप्रसाद उपाध्यायद्वारा रचित "योगासन...क्यों और कब ?" शीर्षकमा तयार भएको छ। योगासनको विषयको परिचय र योगको प्रयोग कहिले, किन कसरी गर्ने भन्ने विषयमा यस लेखमा विशिष्ट चर्चा गरिएको सन्दर्भ प्रतिपादन गरिएको स्थिति देखिन्छ।

(९) डाक्टर वीणा सिन्हाको "**योग एक, मार्ग अनेक**" शीर्षकको लेख यहाँ प्रकाशित भएको छ। योगका अनेक आयाम र तिनको प्राप्तिका निम्ति गरिने प्रयासका अनेक मार्गहरूको परिचय प्रस्तुत गर्ने काम यस रचनामा भएको छ। मन्त्र, हठ, राज, ज्ञान, भक्ति, कर्म, लय र ध्यानजस्ता लगायतका पक्षहरूका विविध आयाम र तिनका विधिको विवेचना यसमा भएको छ।

(१०) ऋतज त्रिपाठीद्वारा लिखित "**निष्काम कर्मयोग**" शीर्षकको रचनामा योगका अनेक प्रकारका योगको परिचय दिइएको छ। यस रचनामा कर्म योगको पनि निष्काम पक्षको मात्र प्रथमिकताका साथ विवेचना गरिएको छ र कर्मशीलताप्रतिको समर्पण र यसबाट जीवनमा आउने त्याग र अपेक्षाशून्य कर्मशीलताको प्राप्ति पहिल्याउन प्रयत्न गरिएको छ।

(११) योगमाता श्रद्धा गिरीद्वारा लिखित "**योग एक महाविज्ञान**" शीर्षकमा लिखित रचनाका आधारमा योगका प्रकार तिनका विषेताको निरूपण गर्ने काम भएको छ। योगको प्राप्ति र जीवनमा योगले दिने प्रभावको वैशिष्ट्य पनि यहाँ प्रतिपादन गरिएको छ।

(१२) डिल्लीराम संग्रौलाद्वारा लिखित "**योग एक रहस्यमयी शक्ति**" शीर्षकको लेख पनि निकै उपयोगी किसिमको रहेको छ। यस लेखमा जीवनको वैज्ञानिक लाभ प्राप्त गर्ने एक अद्भुत तर रहस्यमय शक्ति निहित भएको विषयका रूपमा योगको योगदान प्रस्तुत गर्ने काम भएको छ।

(१३) यसै समूहमा पर्ने अर्का लेखक कुमार सच्चिदानन्दको "स्थूल से सूक्ष्म को जोडने का माध्यम है योग" यहाँ समावेश भएको छ। सन्त र योगी महात्माहरूको त्याग तथा साधनाका आधारमा उद्घाटन भएको योगको प्राप्तिलाई निरूपण गर्ने क्रममा यो रचना तयार भएको छ। बाह्यबाट अन्तरतिरको यात्रा, स्थूलबाट सूक्ष्मतातर्फको यात्रामा प्रेरणा प्रदान गर्ने काम योगबाट सिद्ध हुन्छ भन्ने निष्कर्ष यस रचनाले निकालेको छ।

(१४) विनोदकुमार विश्वकर्मा 'विमल' को सृजना "**योग एक विहङ्गम दृष्टि**" शीर्षकमा यहाँ समावेश भएको छ। यस रचनाका माध्यमबाट लेखकले योगको सामान्य परिचय तथा योगबाट प्राप्त हुने लाभका विषयमा पनि संक्षिप्त परिचयात्मक चर्चा प्रस्तुत गर्ने काम भएको छ।

यसरी हिन्दी भाषाका गद्यात्मक रचनाका माध्यमबाट पनि योगको परिचय, इतिहास तथा यसका प्राप्तिको निरूपण गर्ने काम पनि भएको छ। यसरी नै प्राप्तिको निरूपण गर्ने सन्दर्भमा हिन्दीका पद्य रचनाका माध्यमबाट पनि योगको विवेचना भएको स्थिति देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दीका पद्य रचनामा योग चर्चा :

कृति सृजना तथा प्रतियोगितात्मक रचनाका आधारमा पनि योगको परिचर्चा भएको छ। त्यस्ता रचनाहरूमा पनि केही विशेषता प्रतिपादन भएको स्थिति देखिन्छ। यसरी पद्यमा रहेका रचनाहरू पनि यहाँ प्रस्तुत भएको पाइन्छ।

(१) कवितात्मक संवेग र अभिव्यक्ति शिल्पको सन्धानमा सृजित संजीता वर्माको कविता फलयोग शीर्षकमा प्रकाशित भएको छ। यसमा कविता तथा गेयात्मक लयमा लेखिएका भजन भावको कवितामा मानव मनोयोगको संवेदना प्रस्तुत गर्न प्रयत्न गरिएको छ।

(२) योग साधनामा समर्पित मनीषा मिश्राद्वारा सृजित **"योगमाया"** शीर्षकको भक्ति सङ्गीतात्मक लयमा सृजित कविता समावेश भएको छ। यस कवितामा योगमाया र योगको श्लेषात्मक बिम्बका रूपमा योगको गुणगान गरिएको स्थिति देखिन्छ।

(३) डाक्टर रघुवीर शर्माको रचना कवितात्मक शिल्पमा प्रस्तुत भएको छ। कविता **"अन्तर्राष्ट्रिय योग दिवस"** शीर्षकमा रचित योगको महिमा प्रतिपादन गरिएको यस विषयको संवेदना पनि यहाँ प्रतिपादन भएको स्थिति देखिन्छ।

(४) विनोद यादवद्वारा लिखित "प्रभुदर्शन" नामक रचनाको भावमा ईश्वरप्रतिको समर्पण भाव प्रकट गरिएको छ। यस रचनामा ईश्वरमा आफ्नो भाव संयोगको सन्दर्भलाई विषयको केन्द्र बनाएकर कविताको स्वरूप प्रदान गरिएको छ।

(५) विजयपाल बघेलद्वारा लिखित कविता "वृक्ष लगाओ तब फल खाओ" शीर्षकमा समावेश भएको छ। यस कवितामा पर्यावरणीय विम्ब चिन्तनको केन्द्रका रूपमा रचनालाई गेयात्मक संवेगका दृष्टिले उच्च र गम्भीर भावको समन्वय गर्ने काम भएको छ।

४. नेपाली समूहमा योगको सार्थक सन्दर्भ

योगका सन्दर्भमा केन्द्रित रचनाको समायोजन गर्ने स्रष्टाहरूको सृजना यहाँ नेपाली भाषामा पनि यहाँ उपस्थापन भएको स्थिति पनि उपस्थापन गरेको देखिन्छ। योगले जीवनका स्थितिलाई प्रस्तुत गर्ने काम भएको स्थिति देखिन्छ। यस क्रममा जम्मा चौधओटा गद्य सामग्री पनि समावेश भएका छन्। तिनमा योगले जीवनमा पार्ने सकारात्मक पक्षलाई सङ्केत गर्ने सन्दर्भहरू पनि यहाँ प्रस्तुत भएका छन्।

(१) प्रा.डा. कुलप्रसाद कोइरालाद्वारा लेखिएको **"पातञ्जल योग सूत्रको धारणाको व्याख्या"** शीर्षकको रचना यहाँ समावेश भएको छ। यस रचनामा महर्षि पतञ्जलिबाट प्रतिपादित योगसूत्रका आधारमा प्रस्तुत भएका विविध योगका आयामहरू यहाँ व्याख्या भएका छन्।

(२) प्रा.डा. नरेशमान वज्राचार्यद्वारा लिखित **"बज्रयानी योग : संक्षिप्त परिचय"** शीर्षकमा तयार भएको प्रस्तुत रचनाले पनि योगलाई नै विषय बनाएको छ। योगका वज्रयानी विधिमा पर्ने चाण्डाली, उत्क्रान्ति, बाल्यार्चन, श्मसान, महायोग, विन्दुजस्ता छओटा योगका पक्षहरू र यहाँ पनि प्रतिपादन भएका छन्। षडङ्ग योग, हठ योग, क्रियातन्त्रजस्ता विधिको स्थितिको परिचय यहाँ प्रतिपादन भएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
(३) मा. डा. सलाउद्दीन अख्तर सिदीकीद्वारा "**योग र इस्लाम**" लेखमा योग र इस्लामका सन्दर्भहरूको संयोजन गर्ने पक्ष पनि यस रचनामा प्रस्तुत भएको देखिन्छ । जीवनको सहज लक्ष्य रहेका स्थितिलाई सार्वजनिक पक्ष पनि उपस्थापन गरिएको सन्दर्भ यहाँ प्रस्तुत भएको पाइन्छ ।

(४) प्रा. डा. दुर्गाप्रसाद अर्यालद्वारा लिखित "**योगको सान्दर्भिकता**" शीर्षकमा प्रकाशित हुने अवसर पाएको स्थिति पनि यहाँ प्रकट भएको पाइन्छ । जीवनका विषय र सन्दर्भलाई उपादेयताका स्थितिहरू प्रस्तुत भएको पनि प्रतिपादन भएको देखाइएको छ ।

(५) मधुसूदन सुवेदीद्वारा सृजना भएको "योग नै मानवको स्वस्थ रहने माध्यम हो" शीर्षकमा रचित यस कृति समावेश भएको स्थिति देखिन्छ । यस रचनामा योगले मानव जीवनको भौतिक र मानसिक स्वास्थ्यको सुधार र सन्तुलनको पक्ष यहाँ प्रस्तुत गरेको पाइन्छ ।

(६) इ. शालिग्राम सिंहको सृजना "**हठ योग केही पक्ष**" शीर्षकमा प्रस्तुत भएको सन्दर्भ पनि यहाँ प्रकट गर्ने पक्ष यहँ उपस्थापन भएको देखिन्छ । जटिल साधनाका सन्दर्भलाई विषय बनाएर गरिएको हठयोगको चर्चाले निकै गहन भूमिका सन्दर्भ पनि यहाँ प्रकट भएको देखिन्छ ।

(७) नारायण भट्टराईको "**संसिद्धिको मूल मन्त्र : योग**" शीर्षकको रचना पनि यहाँ समावेश भएको छ । दर्शनको गहन तहको उद्घाटन गरिने विषयका रूपमा लिइने विषय नै योग हो र यसलाई सिद्धिको साधनाका तहमा रहने सन्दर्भ यहाँ प्रस्तुत गरिएको देखिन्छ ।

(८) डा. टि.पि. धमलाको "**नाथसम्प्रदायको योगपद्धतिको परिचय**" शीर्षकमा प्रकाशित भएको पाइन्छ । यस रचनामा नाथ सम्प्रदायमा योगको महत्त्व विशिष्ट रूपमा अवलम्बन गरिने सन्दर्भलाई यस लेखले विवेचना गरेको छ । जीवनमा योगले खेल्ने भूमिकालाई नाथसम्प्रदायमा आफ्नै किसिमले प्रदान गरिएको सन्दर्भ पनि यहाँ स्थिति प्रकट भएको छ ।

(९) युगनाथ शर्मा पौडेलको "**योग नै जीवनकको पूर्णता**" शीर्षकमा प्रकाशित भएको छ । यस रचनामा गीताकै कालदेखि योगको विशिष्टताको स्थिति पनि यहाँ प्रस्तुत गरिएको छ । यस आधारमा प्रस्तुत लेखको पनि आफैमा महत्त्वपूर्ण विषयका रूपमा लिइएको छ ।

(१०) राजकुमार सिन्धीद्वारा रचित "**योगको महत्त्व बढ्दै**" शीर्षकको रचना पनि यहाँ समावेश भएको छ । योगको इतिहास र यसले मानव जीवनमा पारेको प्रभावलाई विशिष्टता प्रदान गरेको पक्ष पनि यहाँ प्रकट भएको देखाइएको छ । यस लेखमा योगले जीवनलाई स्वस्थ र तन्दुरुस्त तथा क्रियाशील बनाउँछ भन्ने निष्कर्ष पनि प्रतिपादन गरेको छ ।

(११) मोहनकुमार तामाङद्वारा रचित "**गुरु पद्मसम्भव र योग**" शीर्षकको यस रचनाले गुरु पद्मसम्भवको सन्दर्भलाई योगसँग संयोजन गरेर विवेचना गरिएको यस लेखमा योगको महत्तालाई ग्राह्य विषय ठानिएको सन्दर्भ यहाँ प्रकटमा ल्याइएको पाइन्छ ।

(१२) यस कृतिमा रहेका अर्का लेखक प्रेमशाली घिमिरेको "**योगको महत्त्व र अन्तर्राष्ट्रिय योग दिवसको सन्देश**" शीर्षकमा यो रचना प्रकाशमा आएको छ । यस लेखका माध्यमबाट विश्वस्तरमा योगले पार्न सक्ने प्रभावलाई यहाँ विषयका सन्देशका दृष्टिहरू र अन्तर्राष्ट्रिय योग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

दिवस र विश्वस्तरमा यौगिक महत्ता स्थापित भएको विषयलाई यहाँ स्थान रहेको देखाइएको छ।

(१३) सफला प्रधानको रचनाको शीर्षक **"यौगिक प्राणायाम विधिद्वारा मुटुको स्वस्थ्य रक्षा"** रहेको छ। यस रचनाका माध्यमबाट मानव मुटुको स्वास्थ्यको उपचार विधि योगकै माध्यमबाट सम्भव हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ। यस स्थितिको साक्ष्यका रूपमा प्रधानका रचनाले सिद्ध गरेको छ।

(१४) केदारनाथ भण्डारीको योग केन्द्रित रचनाको **"जीवन सत्यको खोज नै योग हो"** शीर्षकमा प्रकाशित भएको छ। योगको ऐतिहासिक परम्परा, वर्तमान समयमा योगले जीवनको सत्य र सही अर्थ अन्वेषण गर्न मदत गरेको पक्षलाई निरूपण गर्न यस लेखले प्रेरणा गरेको छ।

(१५) मुकुन्दप्रसाद उपाध्यायको **"ॐ कार र योग"** शीर्षकमा यहाँ समावेश भएको छ। यस रचनाले योगको आदि सम्बन्ध रहेको "ॐ" बीजाक्षरको तात्पर्य ग्रहण गर्ने स्थिति यहाँ प्रस्तुत गरिएको छ। यस लेखका माध्यमबाट योग चरमोत्कर्षमा जोडिन आउने सम्बन्ध यस रचनाले प्रतिपादन गरेको स्थिति यहाँ पाइन्छ।

५. संस्कृत भाषामा रचित यौगिक सामग्री

यस समूहमा जम्मा २ ओटा मात्र रचना यस लेख यहाँ समावेश भएका छन्। त्यस्ता लेखमा योगको महत्तालाई विशिष्ट स्थान दिइएको पाइन्छ। यस्ता रचनाको स्थिति पनि संक्षिप्त चर्चा गरिनु सान्दर्भिक देखिन्छ। तिनलाई निम्नानुसार समीक्षण गर्ने प्रयत्न गरिएको छ।

(१) यस समूहको पहिलो रचनाका लेखक दिवाकर मिश्र हुन् र उनको रचनाको शीर्षक "मानवजीवने अष्टाङ्गयोगावधारणा" शीर्षकमा रहेको छ। यस रचनामा अष्टाङ्ग योगको प्रकार र तिनको विशिष्टता यहाँ पनि प्रतिष्ठापित भएको देखाइएको छ। यहाँ योगको उपादेयतालाई पनि यहाँ प्रस्तुत गरिएको छ।

(२) यस रचनाको उत्तम पहाडी हुन् र उनको रचनाको शीर्षकद्वारा सृजना गरिएको रचना "योगदर्शने क्रियायोग" रहेको छ। यस रचनामा योग दर्शनको परिधिमा रहेको क्रिया योगको स्थिति पनि यहाँ विशष्ट विषषका सन्दर्भमा विवेचना भएको पाइन्छ। यसरी दुई मात्र रचना संस्कृत भाषामा तयार भएका भए पनि निकै प्रभावकारी रहेको स्थिति देखिन्छ।

६. प्रतियोगितामा पुरस्कृत रचना

यस समूहमा योग दिवसका सन्दर्भमा आयोजना गरिएका प्रतियोगितामा सहमार्ग मानिएका रचनाहरू अङ्ग्रेजीमा लिखित निबन्ध प्रथम भएको, जिन्दीमा रचित निबन्ध माध्यमबाट द्वितीय र नेपाली भाषामा लेखिएको निबन्धले तृतीय स्थान पाएको परिणाम उल्लेख भएबाट प्रस्तुत भएको अवस्था देखिन्छ। यस्ता रचनाहरू निम्नानुसार समावेश भएका छन्।

(१) प्रतियोगितामा पुरस्कृत रचना खण्डमध्ये अङ्ग्रेजी भाषामा लेखिएको अनुस्का लालको "YOGA-A ROAD TO SUCCESS IN MODERN LIFE" शीर्षकको यस रचनामा मान्छेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सफलताको उत्कर्षमा पुग्ने उपयुक्त मार्ग हो भन्ने निष्कर्षमा पुगेर प्रस्तुत रचना समाप्त भएको छ।

(२) यस समूहमा रहेको र हिन्दी भाषामा लेखिएको अर्को प्रतियोगितात्मक निबन्ध रचनामा पुरस्कृत बन्ने इशिका शर्माको "योग : आधुनिक युग में सफलता का मार्ग" शीर्षकमा हिन्दी भाषामा तयार भएको छ। यस लेखमा पनि योगका माध्यमबाट नै योग सिद्ध गर्न प्रयत्न गरिएको छ।

(३) निरज कुमार मिश्रद्वारा लिखित र प्रतियोगितामा तेस्रो स्थान प्राप्त गर्न सफल रचना "योग नयाँ संसारमा सफलताको बाटो" शीर्षकमा प्रकाशित भएको छ। यस लेखले पनि वर्तमान संसारमा मान्छेको भौतिक तथा मानसिक स्वास्थ्यको सफलताको मार्ग तय गर्नका निम्ति उपयुक्त मार्ग हो भन्ने सन्दर्भ यस रचनाले प्रस्तुत गरेको छ।

७. समीक्षान्त

योग दिवसका सन्दर्भमा प्रकाशित यस ग्रन्थमा रहेका रचनाहरू आजको विश्वमा योगको उपादेता, मान्छेको भौतिक र बौद्धिक तथा शारीरिक र मानसिक तनावबाट पाउन सकिने मुक्तका निम्ति योग विशिष्ट साधन बन्न सक्ने सन्दर्भलाई यहाँ सन्तुलित र सहज रूपमा समायोजन गर्ने र तिनका प्राप्तिलाई राम्ररी विवेचना गर्ने काम भएको स्थिति प्रदर्शित भएको देखिएको छ। यस प्रकारको ग्रन्थले जीवलाई सही मार्ग निर्देश गर्ने र अनुशासित तथा स्वस्थ जीवन बाँच्न मदत गर्ने कुरा सबै रचनाले आफ्नो हैसियतका आधारमा प्रतिष्ठा प्रदान गरेको सन्दर्भमा पुगेर आफ्नो उत्कर्षता प्राप्त गरेका छन् भन्ने सन्दर्भ सिद्ध हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य मानव र विशेष मानव

अभय शर्मा

युनेस्कोले हरेक वर्षको नोभेम्बर महिनाको तेस्रो बिहिबारलाई विश्व दर्शन दिवसको रूपमा मनाउने घोषणा गरेको छ। नेपालमा पहिलो पटक इ.सं. २००५ मा विश्व दर्शन दिवस मनाइएको थियो (दर्शनशास्त्र मञ्च नेपालले) । त्यसपछि त्रिचन्द्र क्याम्पसको मनोविज्ञान तथा दर्शनशास्त्र विभागले मनायो । नेपाल प्रज्ञा-प्रतिष्ठानमा दर्शन विभाग बनेपछि दर्शन विभागले हरेकवर्ष विश्व दर्शन दिवस यूनेस्को, दर्शन अध्ययन केन्द्र, त्रि-चन्द्र क्याम्पस मनोविज्ञान तथा दर्शनशास्त्र विभाग आदिसँग सहकार्यमा मनाउँदै आएको छ । यसवर्ष नेपाल प्रज्ञाप्रतिष्ठानको दर्शन विभाग र युनेस्को नेपालको सहकार्यमा वि.सं. २०७४ कार्तिक ३० गते विश्व दर्शन दिवस नेपालमा मनाइँयो ।

नेपालको सन्दर्भमा भनिन्छ नेपालमा दार्शनिक कुरा गर्ने समूह ठूलो छ । तर अकादेमिक रूपमा जति कार्य हुनुपर्ने हो त्यो भइरहेको छैन । त्रि.वि.मा दर्शनशास्त्रमा एम.ए. खोल्ने कुरा गफमा नै सीमित छ जसको अर्थ हो हाम्रो विश्व विद्यालयले दर्शनशास्त्र विषय मानिसलाई अत्यावश्यक विषयको रूपमा नबुझी अनुत्पादक विषयको रूपमा बुझ्दछ । तर मानिसको धैर्यता, सहनशीलता, सुख, शान्ति र समृद्धिको लागि पढ्न र पढाउनु पर्ने विषयका रूपमा बुझ्ने कहिले होला ? विचा रमणीय छ ।

दार्शनिक कसलाई भन्ने ?

सामान्य अर्थमा हामी सबै मानिस दार्शनिक हौं, किन कि हामी कुनै न कुनै रूपमा दर्शनका आधारमा नै जीवन जीउँछौं । जीवन र जगत्को बारेमा चिन्तन गर्दछौं । तर यति भनेर हामी सबै मानिसलाई दार्शनिकको रूपमा स्वीकार गर्न सक्दैनौं किन कि विशिष्ट अर्थमा दार्शनिक शब्दले जीवन र जगत्प्रति निश्चित र सुव्यवस्थित विचार भएको मानिसलाई बुझाउँदछ । त्यस्तै दार्शनिक भन्नाले गहिरोसँग विषय वस्तुलाई सोच्नेदेखि लिएर कठिन परिस्थितिमा विचलित नहुनेसम्म मान्न सकिन्छ । दार्शनिकहरूले प्रकृति र समाजका सामान्य नियमहरूको बारेमा बताउनुपर्छ । अझ प्रष्ट्याउने हो भने दार्शनिक भन्नाले विचारशील व्यक्ति, शान्त तार्किक व्यक्ति जो दर्शनशास्त्रको अध्ययन गर्दछ, दार्शनिक चेतको कारणबाट पूर्वाग्रह, धर्म र संकुचित दृष्टिकोणबाट आफूलाई स्वतन्त्र राख्दछ, जीवन-जगत् जन्म-मृत्यु अस्तित्व र सार्थकताको बारेमा चिन्तन मनन गर्दछ, कुनै पनि मुद्दा (विषय) को बहुपक्षबाट हेर्दछ, मानव समूदायले मानि आएको आधारभूत मान्यता र आदर्शहरूलाई पनि चुनौति दिन डराउँदैन, विवेकबाट चल्दछ, उत्तर प्राप्त नभएसम्म किन भनेर प्रश्न गरि खोजिरहन्छ ।

लेखक दर्शन अध्ययन केन्द्रसँग आवद्ध हुनुहन्छ, nepal.philosopher@gmail.com । – सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वमा दार्शनिकहरूको सङ्ख्या कम नै छ त्यसमा अझै महिला दार्शनिकहरूको सङ्ख्या कम छ। दर्शनशास्त्र पढ्ने महिलाहरू कम छन्। विश्वका महिला दार्शनिकहरूको कुरा गर्दा उनीहरू भन्दछन्- पुरुष दार्शनिकहरूबाट डोमिनेट भैरहेको, विभेद भएको। विश्वको स्तरीय दार्शनिक जर्नलहरूमा सिर्फ चार प्रतिशत मात्र महिला दार्शनिकहरूको सहभागिता छ। इत्यादि।

दार्शनिक कसलाई भन्ने ? दार्शनिक पगरी प्राप्त गर्न सजिलो छैन। त्यो नेपालको वा विश्वको सन्दर्भमा पनि सत्य हो। अझ महिलाले दार्शनिकको परिचय भेट्न झनै गाह्रो छ। नेपालका दार्शनिकहरूको कुरा गर्दा जति अध्ययन अनुसन्धान हुनु पर्ने हो त्यो भएको पाउँदैनौ।

नेपालका मौलिक दार्शनिकहरूको बाटो :

नेपालभूमिमा धेरै उच्चस्तरका मौलिक दार्शनिकहरू जन्मिए जस्तो कपिलमुनि, याज्ञवल्क्य, गार्गी, सिद्धार्थ गौतम बुद्ध आदि। हाम्रो यस भूमिमा कुनै न कुनै रूपमा चिन्तन हुँदै आएको छ। व्यवहारमा चिन्तकहरू परम्परावादी, धार्मिक र शास्त्रीय चिन्तकहरू नै छन्। जसबाट मौलिक चिन्तकहरू बाहिर आउन कठिन छ किन कि केही फरक मौलिक यात्रा ज्ञानको क्षेत्रमा लाग्ने मानिसले गर्ने हो भने त्यसको लागि लामो समयको यात्राका लागि तयार हुनुपर्छ।त्यस्तै परिवार, समाजदेखि राष्ट्रसम्मको दबावलाई पनि झेल्न सक्ने हुनुपर्छ। सत्यको खोज जटिल र थकाई लगाउने नै देखिन्छ। समाजमा थोरै सङ्ख्यामा हुने चिन्तकहरू (चिन्तन माथि चिन्तन गर्ने विचार माथि पुन विचार गर्ने अर्थात् चलिरहेको संरचनालाई अझ राम्रो अवस्थामा लिएर जान कोशिस गर्ने मानिसहरू) नै मौलिक विचारहरू निर्माण गर्न सक्दछन्। नयाँ सिद्धान्त दर्शन सिर्जना गर्न नयाँ दाशनिक कृति लेख्न आफ्नै दार्शनिक जन्माउन पर्ने आवश्यकता देखिन्छ।

निष्कर्ष

विश्वमा ठ्याक्कै यति नै मानिस दार्शनिक बन्ने बाटोमा हिँडिरेका छन् वा चिन्तनरत छन् भनेर भन्न सक्ने अवस्था छैन, तर मान्न सकिन्छ ठूलो सङ्ख्या (नब्बे प्रतिशत मानिस) आफ्नो दैनिकी आवश्यकता (गाँस, वास, कपास, स्वास्थ्य, सुरक्षा, यौन इत्यादि) को वरिपरी घुम्दै, अरुले बनाई दिएको विचारका बाटाबाट यात्रा गर्दै मर्दछन् धर्मशास्त्रले, समाजले, शिक्षाले, राष्ट्रले, दर्शनले दिएको बाटो हिँड्दछन्। प्रायः यसबारे प्रश्न गरिँदैन, प्रश्न गर्ने माहोल श्रृजना गरिदैन राज्य त चाहन्छ सकेसम्म व्यवस्थित रूपमा राज्य सञ्चालन गर्ने त्यसको लागि ठूलो समूह चाहिन्छ कुनै पनि कुरा नसोच्ने। आजको हरेक नेपालीले उन्नत विकसित देश नेपालको सपना देख्ने हो भने जो जहाँ छ त्यहींबाट हरेक क्षेत्रमा प्रश्नहरूको वर्षा गर्नुपर्दछ। कुनै पनि विषयको गहिराईमा गएर स्वतन्त्र चिन्तन गर्दै, जसले नेपाललाई उन्नत, समून्नत राष्ट्रको रूपमा उभ्याउने छ किन कि हाम्रो देशमा राजनीतिक परिवर्तन भए पनि सामाजिक, आर्थिक र दार्शनिक क्षेत्रमा जुन परिवर्तनको लागि जागरण हुन पर्ने हो त्यो भैरहेको छैन। बौद्धिक जागरणको लागि प्रश्न गर्दै सामान्य मानवबाट विशेष मानव बन्न अघि बढौं।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुराउ आतङ्क र तीज

राजेन्द्रप्रसाद अर्याल

वि.सं. २०६६ का चाडपर्वहरू अघिल्लो फालमा नै कायम भएका देखिन्थे । त्यसै मेसोमा तीज पर्व भाद्र ७ गते मनाइँदै थियो तापनि नेपाली समाजमा त्यसको प्रभाव भने २/३ महिना पहिलेदेखि नै पर्दै आएको थियो । तीजका गीत बेगरको रेडियो र नृत्य बेगरको टेलिभिजनको कल्पना नै गर्न नसकिने भै सकेको छ। सहरतिर जताजाउ ठूला ठूला स्वरलहरीमा तीजका क्यासेटहरू घन्किरहेका सुनिन्छन् । त्यही मेसोमा गरगहना र लत्ता-कपडाको बिक्रीले बजार गर्माइसकेको पाइन्छ । अर्कोतर्फ तीजको अघिल्लो बेलुका खानु पर्ने दर १५/२० दिन पहिलेदेखि नै सुरु भैसकेको छ । यसै मेसोमा विभिन्न सङ्घ, संस्था र राजनीतिक पार्टीहरू पनि तीजको निहुँमा सङ्गठित हुने दौडमा क्रियाशील देखिन्छन् । २०६६ को श्रावण ३१ गते शनिवार, दुई भिन्न गोरखाली सङ्गठनहरूले गोरखाली दिदीबहिनीहरू समेतलाई जम्मा गराई तीजको दरखाने छुट्टाछुट्टै कार्यक्रम राखेका रहेछन् बालाजुको बाईसधारा पार्कमा । निम्तो प्राप्त भएको हुँदा सीता र म दुवै त्यतातर्फ लाग्यौं ।

बाइसधारा अगाडिकै खुला चौरमा पाल हालेको छ । लाउड स्पिकरले चर्को स्वरमा त्यस ताकाका चर्चित तीजका भड्किला गीतहरूलाई फुकिरहेको छ । त्यसकै स्वरलहरी पछ्याउँदै चेलीहरू छम्छम् नाचिरहेका दृष्य आकर्षक र मनहरण गर्ने प्रकृतिको थियो । उपस्थित महिलाहरू कोभन्दा को कमको शैलीमा सहरिया सिङ्गारपटारभित्र सजिएका देखिन्थे । प्रायः रातम्मे, लालुपातेमय नै थियो वातावरण ।

मैले त्यहाँ धेरै आत्मीय र प्रियजनहरू भेटें । घरगाउँले र साथीभाइहरू प्रशस्त देखें । नाताकुटुम्ब अनि मान्यजनहरू पनि नभएका होइनन् । यसो हेर्दा सबै कुरा थिए त्यहाँ तर पनि मैले जन्मैदेखि ब्यहोर्दै आएको तीजभित्रको आत्मीयता र निकटता पाउन सकिन । हृदयमा आनन्दको फसल झुल्न सकेन । अलिनो दर खाइरहेजस्तो लागिरह्यो । प्रिय वस्तुको अभावको अनुभूति भैरहेछ मलाई । नहोस पनि किन ? मेरो दिल रसाउने पृष्ठभूमि थिएन त्यहाँ । मेरो मन हँसाउने डाँडाकाँडा थिएनन् । मूलतः मैले पैले टेकेको माटो थिएन र जन्मदैमा स्पर्श गरेको भूमि थिएन अनि मैले खेलेको धुलो थिएन । समग्रमा भन्नुपर्दा मेरो प्यारो गोरखा थिएन, बन्दनीय जन्मभूमि थिइनन् त्यहाँ ।

बालाजुको तीज कार्यक्रमले प्यारो जन्मभूमिमा ब्यतीत अतीतका तीजका दृष्यहरू गुजुल्टिएर आई पुगे । सुषुप्त अवस्थामा रहेका २०१८।१९ देखि २०२८।२९ सालसम्मका तीजका सरस स्मृतिहरू तरेली बनेर मेरो मानसपटलमा सलबलाउन थाले । हृदयमा ती अद्यापि छचल्किई रहेका छन् ।

मेला-पात, भारा-पर्म र घाँस-दाउरा गर्दा चेलीहरूले गाएका सन्देशमूलक तथा

लेखक दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्रका कोष संस्थापक मध्येका नियात्राकार हालः अमेरिकामा हुनुहुन्छ, aryalrajendra3@gmail.com । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सुख दुःखका तीज गीतले डाँडा-खोला रन्काएको सम्झिरहछु । आँहलेको जस्तो महिनौं अगाडिदेखि दरखाने चलन उतिबेला नभएता पनि गीत भने अगाडिदेखि नै गाउँथे । घर गृहस्थीमा डुबेका चेलीहरूमा तीजले विशेष रौनकता थपेको हुन्थ्यो । लाग्दथ्यो तीज पर्वले उनीहरूमा ऊर्जा थपेको छ ।

तीजको दिन चौतर्फबाट प्रथमतः गोरखा दरबारमा जम्मा हुन्थे । व्यापकै ठूलो भिड हुन्थ्यो । टाढाबाट हेर्दा भन्न सकिन्थ्यो- रातामय हिउँले दरबारको टाकुरा ढपक्कै ढाकिएको छ । लाग्दथ्यो उपस्थित महिलाहरू समग्र गोरखा भएर पूजा-आजा र नाचगानमा रमाइरहेछन् । देवी देवताको दर्शन र नाचगानको आनन्दपछि घाम ढल्ने बेलातिर आफ्नो-आफ्नो गन्तव्यतर्फ सोझिन्थे । म गोरखा पोखरीथोकतर्फ झरेका महिलाहरूको रामरमितामा मग्न हुन्थें ।

दरबारदेखि समूह समूह भै झरेका नारीहरूको प्रायः प्रत्येक समूहमा एउटा फूलको डोली सजिएको हुन्थ्यो । आ-आफ्ना पछ्यौरामा फूलपाती हालेर डोली बनाई दुईतर्फ दुईजनाले समाएका हुन्थे भने एउटीले माझमा रहेर विरुवाको डाली चमर बनाई हम्कन्थिन् । उपस्थित सबै आ-आफ्ना लय र भाकामा गीत गाउँदै ओरालो झरेका देखिन्थे । ती समूहहरू गोरखा बजारको रानीपोखरी अगाडिको महादेव मन्दिरमा एकत्रित हुन्थे । महादेवलाई फूलको डोली अर्पण गरी पूजाआजाका साथसाथै नाचगानमा रमाएका हुन्थे । त्यस अवस्थाको गीतको लय विशेष सुस्त गतिको हुन्थ्यो ।

महादेव मन्दिर परिसरमा झुण्ड भै नाचगान गरेका समूहहरूलाई हेर्न दर्शकहरूको भिड लाग्दथ्यो भने भिडको आकर्षण आफूतर्फ सोझिएको देखेपछि त्यो समूहमा ऊर्जा थपिन जान्थ्यो अनि मच्ची-मच्ची गाउँथे, नाच्थे । पुरुषहरू दर्शक मात्र हुन्थे, हालको जस्तो गायन र नृत्यमा सरिक हुने परम्परा थिएन । यसरी नाच्दै गाउदै गर्दा क्रमशः दिन अझै ढल्दै जान्थ्यो । चेलिबेटीहरू भोको पेट र थाकेको शरीर लिएर गाउँदै वासस्थानतर्फ फर्किन्थे ।

पञ्चायती व्यवस्थाले जरा गाडेकों त्यस अवस्थामा हालको जस्तो प्रत्यक्ष राजनीतिक गीतहरू गाउन सक्ने अवस्था थिएन तापनि सामाजिक चेतना जगाउने गीतहरू प्रशस्तै हुन्थे । कट्टेलडाँडाका चेलीहरू विशेष दक्ष देखिन्थे । प्रायः उनीहरू चेतना जगाउने प्रकृतिका गीतहरू रोज्दथें । सामान्यतया चेलीबेटीहरूले घर माइती गर्दा ब्यहोरेका बुहार्तनहरू, बेदनाहरू, गरीबी र अभावका कुप्रभावहरू गीतमा झल्कन्थे । केही उमेर ढल्किकाहरू धार्मिक आस्था बोकेका गीतमा रमेका पनि देख्न सकिन्थ्यो ।

तीजको प्रसङ्गमा 'दर' भन्ने शब्द बारम्बार प्रयोग भएको हुन्छ र त्यो शब्द श्रवण हुने बित्तिकै मुख रसाउन पुग्छ पनि । आज-भोलि यो दर शब्दसँगै धेरै विकृतिहरू बढ्दैछन् । दर खाने नाममा चन्दा सङ्कलन वा रकम उठाउने प्रतिस्पर्धा चलेका छन् । महङ्गा पाँचतारे होटलहरूमा समेत दरखाने कार्यक्रम आयोजना हुन थालेका छन् । यस्तो भडकिलो परम्पराले तीज अब हुने खानेहरूको मात्र चाडको रूपमा स्थापित हुने खतरा बढेको छ । यसै प्रसङ्गमा हिजो आफूले खाइएको दर सम्झन पुग्छु म । तीजको अघिल्लो राती खाइने मीठा-मीठा परिकार नै दर हुन्थे । घ्युभात, लट्टे, खीर, दही, दूध, केरा लगायतका विभिन्न तरकारीहरू 'दर'का सामल थिए । पाहाडी परिवेशमा मीठाईहरूको त्यस्तो ठूलो चल्ती थिएन । भोलिपल्टै भक्तिपूर्वक ब्रत बस्नु पर्ने हुँदा माछामासु बर्जितजस्तै थियो । सहरमा जस्तो छानीछानी फलफूल पाइँदैनथ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बालाजुको दरखानै कार्यक्रम समाप्तिपछि बासस्थान फर्कने क्रममा बाइसधारा पार्कको मूल प्रवेशद्वार बाहिर एउटा अजङ्गको मत्ता साँढे 'फ्वाँ' 'फूँ'को फुँकार छोडदै वटुवा तथा द्वारबाट भित्रिने र बाहिरिने महिलाहरूलाई तर्साई रहेको रहेछ। महिलाहरू सा'डे नजिक हुँदा भयभित भैं दैडिन्थे। त्यो दृष्यले उही गोरखा दरवारको कुनै एक पुरानो तीजको दृष्य आखाको बिसौनीमा नाच्न आई पुग्यो। त्यस घटनालाई 'गुराउ' आतङ्कको नाममा पनि बुझिन्छ।

त्यस समयमा घाँसदाउरा, खेतीपाती तथा वनजङ्गल व्यहोर्ने व्यक्तिहरूमा गुराउ आतङ्क ब्यापकै थियो। त्यसले लखटेको, बालबाल बच्न सफल भएको, एक्लैदुक्लै वनजङ्गल नजानू भन्नेजस्ता अफवाहहरू समाजमा व्याप्त थिए। मानिसको मन मस्तिष्कमा गुराउ नामक हिंस्रक नरभक्षी जङ्गली जनावरको हाउगुजीले अड्डा जमाएको थियो। देखीजान्ने कोही थिएनन् तथापि समाजको ठूलो हिस्सा आतङ्कमा रुमल्लिएको थियो।

यसै मेसोमा तीज पर्व मनाउन महिलाहरूको भिड लाग्थ्यो गोरखा दरबारमा। सहभागीहरू नाचगानमा मस्त, अनि मुग्ध थिए। एक्कासी एउटा ठूलो आवाज घ्वाररर्र गरी ध्वनित भयो। त्यो आवाज नजिकबाट अनुभव गर्ने कुनै एउटी महिलाले 'लौ गुराउ आयो' भनी चिच्च्याउदै भागिन्। गुराउ शब्दसँग सबै यसैपनि आतङ्कित थिए। एककान दुइकान मैदान भयो। सबैमा कोलाहल मच्चियो। वास्तविकता बुझ्नुभन्दा भागदौड गरी ज्यान जोगाउनमा नै सबै व्यस्त देखिन्थे। वातावरण यति भयावह हुन पुग्यो कि अव्यवस्थित भागदौडमा कसैको ज्यानै पो जान्छ कि भन्ने त्रासले अड्डा जमायो।

कोही हनुमान भञ्ज्याङमा त कोही हटियाथोकमा पुगेर सुस्ताए। कतिपय अन्धविश्वास र कुरीतिमा हुर्किएकाहरूले बेतुकका अर्थ पस्कन पनि पछि परेनन्। पर सरेका र दलित महिलाहरू मन्दिर प्रवेश गर्नाले अनायासै देखिन आएको अनिष्ट र अपशकुन भनी ओकालत गर्दै थिए तिनीहरू। अर्थहीन हल्लामा नै दरबार खाली भयो। 'गुराउ' नामक हाउगुजी देख्ने कोही निस्केन तर हल्ला र आशङ्कामा नै त्यो घटना घट्न पुग्यो। भोको पेटमा रहेका महिलाहरूमा व्यर्थको हल्लाले कोलाहल सिर्जना गऱ्यो।

आफ्नै आँखाले गुराउ देख्ने साक्षी कोही निस्किएनन् तथापि मनभित्र भने सबैलाई एउटै प्रश्नले तर्साइरहेको बुझिन्थ्यो- त्यो घ्वाररर्र आवाज कहाँबाट आयो त ? यो प्रश्न आजपर्यन्त अनुत्तरित नै रहन गएको छ। अनुमान गर्न सकिन्छ- दरवारको कुनै पुरानो कस्सिएको ढोका कसैले बलपूर्वक उघार्दाको ठूलो आवाज वा अन्य कुनै आवाजलाई एउटीले त्रासपूर्वक गुराउ भन्ने बित्तिकै त्यो शब्दसँग मनोबैज्ञानिक रूपमा पहिलेदेखि नै आतङ्कित सहभागी महिलाहरूले भागदौड नै अन्तिम विकल्प हो भन्ने सोचेका हुन सक्छन्।

कार्यक्रमको एक झलक



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आए सलह देशमा

डिल्लीराज अर्याल

ढाकी सर्लक्क आकाश आए सलह देशमा
तिनको चाल हेर्दैछु बसी आफ्नै निवासमा
बसे प्रथम बालीमा बाली बाँकी रहन्न क्यै !
सिध्याउँछन् मिली कोसा, बाला, बोटहरू सबै
निलेर जिन्दगी जम्मै आफूहेरू रमाउँछन्
यौटै बसाइमा स्वाहा बालीनाली बनाउँछन्
तिनका खाद्य-सामग्री जीवजन्तु, वनस्पति
खतरा सबका निम्ति हुन्छन् सदैव ती अति
परी दङ्ग रमायौँ र गुमायौँ यो भने छिन
खतरा ज्यानकै हुन्छ, सकिन्छ जिउने दिन
यस्तो सङ्कटको बेला रोक्ने सोच पऱ्यो हुन
बाल्नैपर्छ यहाँ आगो उपाय सक्छ त्यो हुन !
आगोको ताप, ज्वालाले जब हूल धपाउला
तब कल्याण बालीको, प्राणीको हुन पाउला
त्यसैले मात्र सङ्कष्ट अहिले यो हटाउला
यही उपाय हो बाँच्ने नत्र को पार पाउला ?

छन्दवादी कवि साहित्यचिन्तक हुनुहुन्छ । - सम्पा.


श्रद्धाञ्जली
जन्मः
१९८२।०४।२४
स्वर्गारोहणः
२०७४।१०।१३
यस संस्थाका आजीवन सदस्य एवं सल्लाहकार ज्यो.पं. कीर्तिशेष
सूर्यनाथ अर्यालको मिति २०७४।१०।१३ का दिन भएको देहान्तका खबरले
हामी स्तब्ध भएका छौं । साथै यस दुःखद घडीमा समस्त अर्याल परिवारजनप्रति
हार्दिक समवेदनासहित स्वर्गीय सूर्यनाथप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
दण्डपाणि अर्ज्याल स्मृति केन्द्र,
काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परराष्ट्र नीतिको प्राथमिकता

प्रा.डा. जयराज आचार्य

एकात्मक हिन्दु अधिराज्य नेपाल 'सङ्घीय गणतन्त्र, धर्मनिरपेक्ष' देश भएको छ। अझ यो देश संसदीय गणतन्त्रबाट 'जनगणतन्त्र नेपाल' बन्ने दिशातिर जान पनि सक्छ। यो नेपालको आन्तरिक राजनीतिमा आएको ठूलो परिवर्तन हो। लिच्छवि, मल्ल, शाह र राणा तथा पुनः शाहवंशीय शासनहरू इतिहासको पानामा सीमित हुन पुगे। अब हामी नयाँ नेपाल निर्माण गर्ने कुरा गरिरहेछौं। यस प्रसङ्गमा हाम्रो परराष्ट्र नीतीसम्बन्धी सोच पनि स्पष्ट हुनु आवश्यक छ।

परराष्ट्र नीतिका दुई प्रमुख उद्देश्य भनेको राष्ट्रको सुरक्षा र राष्ट्रिय विकास हुन्। चीन र भारत बीच रहेको र आर्थिक दृष्टिले कमजोर नेपालले आफ्नो राष्ट्रिय सुरक्षाको सवालमा बाहिरी शक्तिहरूको खेलबारे पनि सोच्नैपर्छ। अन्तराष्ट्रिय सम्बन्ध भनेको शक्तिको खेल हो र कुटनीति भनेको एक प्रकारको शीतयुद्ध नै हो। शक्तिशालीहरूले जे मन लाग्यो त्यो गर्छन् र कमजोरहरूले जे गर्छन् त्यो बाध्य भएर गर्छन्। आज हामीहरूले नेपालको राष्ट्रिय सुरक्षाको बारेमा सोच्दा हाम्रो परराष्ट्र नीतिको प्राथमिकताहरू बारे नसोची नहुने अवस्था छ। अबको नेपालको परराष्ट्र नीतिको पहिलो प्राथमिकता भनेको देशको आर्थिक र सामाजिक विकास नै हो। मानिसहरू सोध्छन्,- 'आर्थिक र सामाजिक विकास भनेको त आन्तरिक मामिला वा गृह नीतिको विषय होइन र ? यस कुरालाई परराष्ट्र नीतिसँग किन जोड्न पुगेको ?' हो, आर्थिक र सामाजिक विकास गृह नीतिकै विषय हो। तर, नेपाल जस्तो गरीब देश आर्थिक र सामाजिक दृष्टिले सम्पन्न नभईकन केबल परराष्ट्र सम्बन्धमा मात्र चातुरी देखाएर सुरक्षित रहिरहन सक्तैन। गृह नीति साध्य हो, परराष्ट्र नीति साधन हो।

परराष्ट्र नीति भनेको गृह नीतिकै विकास हो। हाम्रा पुर्खाहरूले हामीलाई राजनीतिक रूपमा एकीकृत नेपाल छोडेर गएका छन्। तर, आर्थिक दृष्टिले विपन्न नेपाल, विखण्डन हुने खतरामा छ। आज एकातिर प्रादेशिक सरकारहरूको सञ्चालनका लागि वर्ल्ड बैंङ्कको आर्थिक सहयोग लिने कुरा सुनिन्छ। अर्कोतिर प्रादेशिक स्वायत्तताको नारा पनि सुनिन्छ। यसको कारणले राजनीतिक असुन्तलन भन्दा पनि आर्थिक असन्तुलन र अविकास नै हो भन्ने हामीले बुझ्नुपर्छ।

आज नेपाललाई सैनिक सुरक्षाभन्दा पनि बढी आर्थिक सुरक्षाको आवश्यकता भएको छ। यसको मतलब, नेपालमा एक सन्तुलित एवम् उत्पादनशील राष्ट्रिय अर्थतन्त्रको विकास आवश्यक छ। साथै राजनीतिक प्रगति पनि यसरी हुनु पर्छ कि त्यसमा सबैको समावेश तथा समृद्धिमा समानुपातिक सहभागिता होस्, सबैले समानुपातिक प्रतिफल पाउन् र प्रत्येक नेपालीले राष्ट्रिय जीवनका सबै पक्षमा आफ्नो हित गाँसिएको अनुभव गरून्। यस प्रकारको आर्थिक-सामाजिक विकास विना देश सुरक्षित हुन सक्तैन। राज्य पुनः संरचनाको अभियान

लेखक कूटनीति शास्त्रका विद्वान् हुनुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
राज्य विखण्डनमा परिणत हुन सक्छ। आज नेपाललाई राष्ट्रिय सुरक्षामा खतरा देश बाहिरबाट होइन, देशभित्रैबाट बढी छ।

आर्थिक सामाजिक विकासलाई यति जोड दिएर सर्वोच्च प्राथमिकतामा राख्नुका दुई/तीन कारण छन्। पहिलो कारण, यो हाम्रो ऐतिहासिक आवश्यकता हो र राष्ट्रिय एकीकरण गर्ने पुर्खाले आफैं गर्न नभ्याएर हामीलाई छोडेको बाँकी काम हो। हो, परराष्ट्र नीतिको प्रमुख उद्देश्य भनेको राष्ट्रको स्वाधिनता हो, त्यो त आधाउधी भए पनि बाँचेकै छ। तर, हामीहरू अझै असुरक्षित नै अनुभव गर्छौं र छिमेकीहरूले हाम्रो देश खालान् कि अथवा अनुचित थिचोमिचो गर्लान् कि भन्ने भय हामीलाई भइरहेको छ। किनकि हामी आर्थिक दृष्टिले पराधीन छौं। नेपालभन्दा तीन गुना सानो भूपरिवेष्टित पहाडी देश स्वीजरल्याण्ड भारतभन्दा ठूला अर्थतन्त्र भएका देशहरूले घेरिएर रहेको छ तर ऊ असुरक्षित अनुभव गर्दैन। किनकि स्वीजरल्याण्ड आफ्ना छिमेकीहरूभन्दा आर्थिक, सामाजिक दृष्टिले बढी विकसित छ। प्रतिव्यक्ति आयका हिसाबले ऊ विश्वकै एक नम्बरमा छ। सानो भए पनि ऊ त नेपाल जस्ता देशको दातृराष्ट्र बनेको छ। दोस्रो कारण, नेपालको राष्ट्रिय एकीकरण गर्दा नै यस अभियानका नेता पृथ्वीनारायण शाहले देशको आर्थिक, सामाजिक विकास भएन भने देश सदा असुरक्षित रहनेछ भनेर देशको आर्थिक विकासका उपायहरू पनि बताएका थिए। तर, ती उपायहरूलाई हामीहरूले अनुशरण गरिरहेका छैनौं। उल्टो, तिनको उपेक्षा गरेर, विदेशीसित सहायता मागेर र विदेशी लगानी ल्याएर देश विकास गर्ने कुरा गरिरहेका छौं। यो विडम्बना हो।

२००७ सालको क्रान्तिपछि नेपालको राष्ट्रिय आवश्यकता भनेको आर्थिक, सामाजिक विकास नै थियो। क्रान्तिपछिका नेताहरूले त्यो कुरा बुझेका पनि थिए। जस्तो कि २०१२ सालमा टङ्कप्रसाद आचार्य मन्त्रिमण्डलले प्रथम पञ्चवर्षीय योजना बनायो र राष्ट्रिय योजना आयोग पनि खडा गऱ्यो। प्रथम निर्वाचित सरकारका प्रधानमन्त्री बीपी कोइरालाको सरकारले प्रथम पञ्चवर्षीय योजनालाई निरन्तरता दिनुका साथै त्यसमा अझ थप योजनाहरू पनि लागु गऱ्यो। त्यस सरकारले राष्ट्रको आन्तरिक आर्थिक, सामाजिक विकासविना राष्ट्र कमजोर रहन्छ भन्ने तथ्यलाई आत्मसात् गरी भूमि सुधार, राजा-रजौटा प्रथा उन्मूलन, बिर्ताप्रथा उन्मूलन, गुठी जग्गाहरू रैकर गर्ने, २,२०० प्राथमिक विद्यालय खोल्ने, त्रिभुवन विश्वविद्यालय स्थापना गर्ने आदि कदमहरू पनि चाल्यो। तर, २०१७ साल पुस १ गते राजा महेन्द्रले संसदीय व्यवस्था भङ्ग गर्दा त्यस आर्थिक, सामाजिक विकासको अभियानमा समेत ब्रेक लाग्यो। राष्ट्रिय सुरक्षाको अत्यावश्यक पूर्वसर्त आर्थिक, सामाजिक विकासको काम थाती नै रह्यो।

तेस्रो कारण, २०४६ सालको जनआन्दोलनले पञ्चायती शासन समाप्त गरेर पुनः बहुदलीय व्यवस्थाको प्रतिष्ठापन गरेपछि ऐतिहासिक रूपमा अवरूद्ध आर्थिक, सामाजिक विकासको प्रक्रियालाई पुनः युद्धस्तरमा चालु गर्नुपर्दथ्यो, त्यो पनि भएन। आर्थिक, सामाजिक विकासको अभियानको अत्यावश्यकतालाई हामीले अझ आत्मसात् गरेको देखिँदैन किनकि त्यो अभियान अझै थालिएको छैन। हामी आर्थिक कुटनीतिको कुरा त गरिरहेछौं तर हाम्रो आर्थिक कूटनीति केबल वैदेशिक सहायता माग, विदेशी लगानीमा विद्युत् र सडक सञ्जाल विकास गर्न र विदेशमा म्यानपावर निर्यात गर्नमा मात्र सिमित रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहिले नेपालमा जसले बढी वैदेशिक सहायता ल्यायो त्यही सर्वश्रेष्ठ राजनीतिज्ञ, कुटनीतिज्ञ र बुद्धिजीवी ठहरिन्छ । तर, हामीले के बुझ्नुपर्छ भने आफ्नो आन्तरिक मानव संशाधन तथा प्राकृतिक सम्पदाको सदुपयोग नगरी, वैदेशिक सहायताले मात्र विकसित भएको देश संसारमा कहीं पनि छैन । आज वैदेशिक व्यापारमा हामीले ठूलो घाटा सहनु परिरहेको छ। त्यस घाटालाई कम गर्न हामीले पर्यटन व्यवसायलाई प्रबर्द्धन गर्ने, जलविद्युत् पैदा गरी त्यसको देशभित्रै सदुपयोग गर्ने, कृषिलाई बढ़ी उत्पादनशील एवम् गुणस्तरीय बनाउने, शिक्षा र स्वास्थ्यलाई समेत वैदेशिक मुद्रा आर्जन गर्न सक्ने व्यवसायका रूपमा विकसित गर्न सकिन्छ। त्यसका लागि हाम्रो राष्ट्रिय नेतृत्वको सोचमा स्पष्ट प्राथमिकताहरू स्थापना हुनु आवश्यक छ। अब हाम्रो राष्ट्रिय सुरक्षा या परराष्ट्र नीतिको दोस्रो प्राथमिकताको चर्चा गरौं । त्यो भनेको हाम्रा दुई ठूला र बलिया छिमेकी भारत र चीनसितको सम्बन्धमा यथार्थपरक एवम् मित्रतापूर्ण सन्तुलन कायम गर्नु हो । त्यसका लागि हामीले हाम्रा दुई ठूला छिमेकीसित रचनात्मक, उत्पादनशील र पारस्परिक लाभको सम्बन्ध स्थापित गर्न सक्नुपर्छ । दुवै छिमेकीहरू तीव्र आर्थिक विकासको गतिमा हिँड्न थालेको तीन दशकभन्दा बढी भयो । तर, त्यही अवधिमा हामी नेपालीहरू तीव्र राजनीतिक अस्थिरता र शसस्त्र द्वन्द्वमा फस्यौं । अहिले नेपाल र भारत प्रबुद्ध समुहले सन् १९५० को विवादास्पद नेपाल-भारत शान्ति तथा मैत्रीसन्धि संशोधन गर्ने लगायतका विषयहरूमा काम गरिरहेको छ। यी विषयहरूलाई नेपालको भारतसितको सम्बन्ध नबिगारिकन कसरी टुङ्याउने भन्ने चुनौती अहिलेको हाम्रो परराष्ट्र नीतिको एउटा प्रमुख चुनौती हो । कतिले त गोर्खा भर्ती केन्द्रहरू बन्द गरिनु पर्ने कुरा पनि उठाएका छन् । त्यो काम सम्पन्न गर्नु अर्को चुनौती हो ।

नेपालको परराष्ट्र नीतिको तेस्रो प्राथमिकता भनेको हामीले संयुक्त राष्ट्रसङ्घमा खेल्ने भूमिका हो । हाल संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा सिपाहीहरू पठाउने देशहरूमा छैटौं देश नेपाल भएको छ । त्यसले नेपाली सेनाका जवानहरूलाई अन्तराष्ट्रिय शान्ति प्रक्रियामा सहभागी भएर विशेष अनुभव हासिल गर्ने अवसर प्रदान गर्नुका साथै राष्ट्रिय आम्दानीमा पनि योगदान गरिरहेको छ । अनमिनलाई स्वीकार गरेर नेपालले संयुक्त राष्ट्रसङ्घको भूमिकालाई आफ्नो आन्तरिक राजनीतिमा समेत स्वीकार गरेको हो । संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा ठूलो मात्रामा भाग लिनुले नेपालको परराष्ट्र नीतिमा सफलताको पक्ष उजागर गर्दछ भने आफ्नै देशमा अनमिनको सक्रियता स्वीकार गर्नुले नेपाल आफ्नो आन्तरिक राजनीतिको समस्या समाधान गर्न आफै असक्षम रहेको कुरा पनि देखाएको छ । राष्ट्र सफल हुन आन्तरिक र परराष्ट्र नीति दुवैमा सफल हुनुपर्छ । संयुक्त राष्ट्र सङ्घमा हाम्रो भूमिका दोहोरो रहेको स्पष्ट छ । एकातिर हामी उसको काममा संलग्न छौं, अर्कोतिर ऊ हाम्रो देशमा समेत आएर काम गरिरहेछ । शान्ति प्रक्रिया बाहेक नेपालको संयुक्त राष्ट्र सङ्घसितको सम्बन्ध भनेको नेपालले संयुक्त राष्ट्र सङ्घमा हस्ताक्षर गरेको मानव अधिकार लगायत विभिन्न विषयका सन्धिहरूको पालना गर्नु पनि हो । जस्तो कि द्वन्द्वकालमा र खास गरी राजा ज्ञानेन्द्रले सत्ताग्रहण गरेपछि संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार आयोग आएर नेपालका पाँच विकास क्षेत्रमा अड्डा जमाएर बसेको थियो । हामी आफ्नो देशमा मानवअधिकारको उल्लङ्घन गरेर अन्यत्र भएका मानवअधिकारको उलङ्घनका घटनाहरूको भर्त्सना गर्दै हिँड्न सक्तैनौं । सारांशमा हाम्रो संयुक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रसङ्घसितको सम्बन्ध भनेको त्यहाँ हाम्रो सक्रिय भूमिकाका साथै हामीले पालना गर्नु पर्ने दायित्व पनि हो । नेपालको परराष्ट्र नीतिको चौथो प्राथमिकता भनेको दक्षिण एसियाका अन्य राष्ट्रहरूसितको सम्बन्धका साथै विश्वका शक्तिशाली राष्ट्रहरू खासगरी संयुक्त राज्य अमेरिका, बेलायत, जापान आदि देशसितको सम्बन्ध पनि हो । हाम्रो छिमेकी राष्ट्र भारतको जनसङ्ख्यामा नेपालमा जस्तै हिन्दुहरूको बाहुल्य छ, यद्यपि दुवै देशमा मुस्लिमको जनसङ्ख्या पनि प्रशस्त छ । हाम्रा अलिपरका छिमेकीहरू पाकिस्तान र बङ्लादेश घोषित मुस्लिम राष्ट्रहरू हुन्, जसको भारतसित सीमा जोडिएको छ । विगत केही वर्ष यता नेपालमा भएका हिंसात्मक, आतङ्ककारी घटनामा पाकिस्तानका आदिवादी, मौलिकतावादी मुस्लिम सङ्गठनहरूको संलग्नता रहेको कुरा भारतले भनिरहेको छ । मुस्लिम मौलिकतावाद अमेरिकी परराष्ट्र नीतिको एउटा प्रमुख चासोका रूपमा पनि रहिआएको सन्दर्भमा र नेपालबाट कतार, युनाइटेड अरब एमिरेट्स, साउदी अरबेरिया लगायत खाडी मुलुकहरूमा काम गर्न जाने श्रमिकहरूको जनसङ्ख्या लगभग तीस लाख रहेको अवस्था छ । यस अवस्थामा उत्पन्न हुने विविध किसिमका परिणामहरूको सम्भावना र भारत, अमेरिका लगायत परम्परागत मित्र राष्ट्रहरूसितको सम्बन्धको यथार्थ बीच सन्तुलन कायम राखिरहनु नेपालका लागि आवश्यक छ । अमेरिकाको प्रशासनले भारत र चीनसित कस्तो सम्बन्ध राख्छ र त्यसले नेपालमा कस्तो प्रभाव पार्छ भन्ने कुरामा हाम्रो ध्यान जानुपर्छ । अफगानिस्तानमा अमेरिका र नेटो फौजले तालिवान विरूद्ध सैनिक कारवाही समेत चलाइरहेको छ र अमेरिकाको पुरानो मित्र पाकिस्तानमाथि पनि अमेरिकाको दबाब परिहेकोछ । आगामी दिनमा आर्थिक र व्यापारिक हितको संरक्षण गर्नुका साथै इस्लामिक मौलिकतावाद र आतङ्कवादी क्रियाकलापसित जुध्न पनि अमेरिकाले भारत र चीन दुवैसित राम्रो सम्बन्ध राख्ने सम्भावना देख्न सकिन्छ । पाकिस्तानलाई पनि उसको पारमाणविक क्षमता र इस्लामिक राष्ट्रहरूसितको विशेष सम्बन्धका कारणले पूरै एक्ल्याउने सम्भावना देखिँदैन । यसरी नेपालले, पाकिस्तान, बङ्गालादेश र अफगानिस्तान जस्ता देशहरूसितको आफ्नो सम्बन्धमा विचार गर्दा विश्वशक्ति राष्ट्रहरू र अन्य दातृराष्ट्रहरूसितको सम्बन्धमा पनि विचार गर्नु पर्ने हुन्छ ।

सार्क भौगोलिक तथा राजनीतिक दृष्टिले भारतकेन्द्रित छ । सार्क सदस्य राष्ट्रहरू भारतका वरिपरि छन् र भौगोलिक, राजनीतिक आर्थिक, सैनिक सबै दृष्टिले भारतभन्दा कमजोर छन् । पाकिस्तानमात्र भारतजस्तै आणविक शक्ति सम्पन्न राष्ट्र छ, तैपनि अन्य दृष्टिले सानै छ । सार्कको प्रभावकारिता नहुनमा भारतको आफ्नो छिमेकीहरूसितको सम्बन्ध र खासगरी पाकिस्तानसितको सम्बन्ध नै कारण रहेको छ । व्यापारिक दृष्टिले पनि भारतको वैदेशिक व्यापारको कुल ५ प्रतिशत व्यापारमात्र उसका सार्क छिमेकीहरूसित हुन्छ । यस दृष्टिले सार्क प्रक्रिया त्यति सफल नहुँदा भारतका साना छिमेकीहरूलाई मात्र होइन कि भारतलाई नै पनि पर्याप्त मात्रमा फाइदा हुन नसकिरहेको स्थिति देखिन्छ ।

असंग्लन आन्दोलनको त्यस्तै अवस्था छ । सामरिक गुटरूमा सामेल नहुने र विकासोन्मुख राष्ट्रहरूको आर्थिक हितलाई प्रवर्द्धन गर्ने उदेश्यले असंलग्न आन्दोलन थालिएको थियो । सोभियत सङ्घको विखण्डन भएपछि र वार्सा सन्धि सङ्गठन ढलेपछि सामरिक गुटमा सामेल नहुने भन्ने कुरा त्यसै गतार्थ भयो । अनि दोस्रो उद्देश्य (विकासोन्मुख मुलुकहरूको आर्थिक हितको प्रबर्द्धन) पनि उति प्रभावकारी भएन । उदाहरणका लागि सार्क सदस्य राष्ट्रहरूलाई नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
लिउँ । भारत-पाकिस्तान दुवै असंग्लन आन्दोलनका सदस्य हुन् तर दुई बीच तीन पटक युद्ध नै भयो र अर्थपूर्ण व्यापारिक आदान-प्रदानसमेत हुन सकिरहेको छैन ।

यी समस्याहरूका बाबजुद नेपाल सार्क र असंग्लन आन्दोलनबाट हट्न सक्तैन । विगतमा नेपालले असंग्लनताको कुरा गर्दा विश्वस्तरमा देखिएको सामरिक गुटहरूमा संलग्न नहुने कुरामात्र गरेन कि भारत र चीनसित समेत कसैको पक्षमा नलाग्ने र समदूरी वा समसामिप्य सम्बन्धको कुरा गऱ्यो । सन् १९६२ को भारत-चीनको सीमायुद्धमा नेपाल कसैको पक्षमा नलाग्नाले दुवै छिमेकीहरूलाई लाभ नै भयो होला । तैपनि यथार्थ के थियो र अझै पनि छ भने नेपाल दैनिक जीवनका धेरैजसो कुरामा भारतमाथि निर्भर छ र हजारौं नेपाली युवा भारतीय सेनामा समेत कार्यरत छन् । यसरी नेपालले आफ्नै राष्ट्रिय र क्षेत्रीय सन्दर्भमा असंलग्नताको व्याख्या गर्दा पनि भारत र चीन दुवै छिमेकीसित यथार्थपरक, सन्तुलित एवम् मैत्रीपूर्ण सम्बन्धको कुरा गर्नुपर्छ न कि समसामिप्य र समदूरीको कुरा । समसामिप्य र समदूरी भनेको स्थिरताबोधक र यान्त्रिक अवधारणा हो । नेपालको भारत र चीनसितको सम्बन्ध यान्त्रिक सन्तुलनको होइन, एक जीवन्त, सिर्जनात्मक, गतिशील सन्तुलन हो । यसलाई हाम्रो भौगोलिक, राजनीतिक, आर्थिक, सामाजिक, भाषिक, साँस्कृतिक र व्यापारिक यथार्थले प्रभावित पारेको हुन्छ ।

आज हामी नेपालीहरू नेपालको नव-निर्माण गर्ने कुरा गरिरहेका छौं । देशको नयाँ संविधान बमोजिम केन्द्र र प्रादेशिक संसदहरूको चुनाव भएको छ । संविधानमा राष्ट्रको हितका लागि अनेकौं अवधारणहरू समाविष्ट छन् । जहाँसम्म परराष्ट्र नीतिको उद्देश्यको कुरा छ, त्यस बारेमा कमसेकम निम्न लिखित कुरामा स्पष्ट हुनु आवश्यक देखिन्छ । नेपालको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको संरक्षण गर्न राष्ट्रको सन्तुलित आर्थिक, सामाजिक विकासद्वारा राष्ट्रिय एकतालाई सबलीकरण गर्ने । त्यसका लागि छिमेकी राष्ट्रहरूसित यथार्थपरक आधारमा पारस्परिक आर्थिक लाभ र हितका लागि सहकार्यको नीतिमा अघि बढ्ने । संयुक्त राष्ट्रसङ्घ र विश्वका सबै शान्तिप्रिय राष्ट्रहरूसित स्वाभिमानपूर्वक सहकार्य गर्दै मानव जातिको सुख, शान्ति र समृद्धिका लागि अघि बढ्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कङ्गारू देशः स्मृतिको सानो पाटो

दीपकबाबु अर्याल

श्रीमती गीता बिगत अढाई महिनादेखि कङ्गारुको सहर अस्ट्रेलियाको सयरमा मस्त थिइन्, उनी उतै भएको बेलामा म पनि आईदिए हुन्थ्यो भन्ने उनको इच्छा थियो । मलाई चाहिँ किन हो कुन्नि यसपालि अस्ट्रेलिया जान त्यतिसारो मन रमाइरहेको थिएन, उतैबाट भिसा आवेदन लगाएपछि मेरो नाइनास्ती अर्थहीन भयो, जान्न भन्नै पाइन ! यात्राको लागि टिकटको इन्तजामतिर लागें । हतार हतारमा खोज्दै जाँदा टिकट यस्तो परेछ कि ! बैककको ट्रान्जिटको अवधि जम्मा १ घण्टा ५ मिनेट मात्र थियो, टिकट हातमा पर्दैमा लागेको थियो बैककमा जहाज भेट्न म्याराथन नै गर्नपर्ने भयो । ७ जुलाई २०१७ को मध्यान्ह टिआईएबाट बैकक तर्फ उडे । जति जहाजले उचाई नाप्दै थियो उति मनभने तरङ्गित बन्दै जान थाल्यो, छोरीलाई एक्लै छाडेर हिँडेको कुराले मन नमिठोसँग अमिलिदै थियो, भाइ बुहारीको जिम्मा लगाएर आएकोले मनलाई जसोतसो थम्थम्याएँ । मन न हो किन थम्थमिन्थ्यो र ? अनायास बैककको छोटो ट्रान्जिटको कुरा मनभित्र नाच्न थालिहाल्यो "**अच्छा सोचो अच्छाई होगा, बुरा सोचो तो बुरा हि होगा**" भन्ने हिन्दुस्तानी भनाइ बास्तवमा नै झेल्नु परिहाल्यो । जहाज स्वर्णभूमि विमानस्थल तर्फ सोझिन्छ भनेको त बैककलाई चक्कर मार्न पो थाल्यो ! अब परेन फसाद ? ठन्डराम भएर जहाजमा नै बेचैन हुनुभन्दा अरु के नै विकल्प थियो र ? मेरो बेचैनीको कसलाई के वास्ता ? झन्डै २५ मिनेट जति आकाशबाट नै बैककलाई एक फन्के रोटी पकाएर बल्ल जहाज अवतरण गर्‌यो । मलाई हतार भएकाले हतार गर्दै हाते झोला भिरेर अन्य यात्रुसँग क्षमा माग्दै उनीहरूलाई उछिन्दै बाहिर निस्किदों भएँ । निस्कने बित्तिकै बाटामै भेटिएको कम्प्युटरबाट आफू जाने गेट फोर सि पत्ता लगाएँ र कुदुदै माथि भरेङ चढेको त लामै लाइनमा पो फसियो, सुरक्षा जाँचको लाइन रहेछ, जुत्ता समेत फुकालेर चेकजाँच हुने ! यो लाइन छिचल्दा मेरो जहाजले डाँडा काटने भो भन्ने सोच्दै थिएँ मेरो सोचाई विपरीत लाइन फटाफट अगाडि बढ्यो । सुरक्षा जाँचबाट निस्किएर यसो बाँयापिट्ट हेरेको निकै पर फोर डि देखें, डि पछि सि नै होला भनी ठम्याउँदै त्यतै लम्कें ! जति डि नजिक पुग्दैछु सुनसान बढदै पो छ ? त्यो डि त अन्तिम गेट पो रहेछ । सोधेर पनि पार लागेन र कुदुदै फर्केर अघि आएकै बाटातिर फोर सि त सुरक्षा जाँचबाट निस्कने बित्तिकैको बायाँतिरको ढोकाबाट छिर्न पर्ने रहेछ । बल्ल गेट भेट्टाएँ । आफै जान्ने भई अरुलाई नसोध्दा दुख पाएको रहेँछु । नेपालका साथीहरूले अस्ट्रेलिया बस्ने आफ्ना आफन्तहरूलाई पठाएका कोसेलीहरू लगेजमा नअटाएर अटेसमटेस हातेब्यागमा पनि राखेको थिएँ, श्रीमतीले सिड्नीमा जाडो छ बाक्लै कपडाहरू बोक्नु है भनेर उर्दी लगाएकीले शरीरमा बाक्लै ज्याकेट थियो । सि र डी को चक्करमा म्याराथुन गर्दा बाक्लो

लेखक संस्थाका कार्यसमितिका सदस्य हुनुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
लुगा र गह्रुङ्गो कोसेलीको भारीले पसिनै पसिना भएँ । आफू जाने गेटको विश्राम कक्षमा पुगेर झोला बिसाएर ज्याकेट खोल्न के खोजेको थिएँ गेट खोलेको एनाउन्स गरिहाल्यो, पसिना ओभाउन पनि पाएन, फेरि झोला काँधमाथि राखेर बाफिएको शरीरै लिएर जहाजभित्र हुत्तिएँ । जहाज भित्र हाते झोला थन्क्याएर ज्याकेट खोल्दाको अनुभूति साँच्चिकै आनन्ददायी र अविस्मरणीय थियो ।

नेपालबाट बैंकक उडदा नै भरपेट खाना खाइसकेकाले भोक त खासै थिएन तर पनि भाते ज्यान भएर होला ? खान पाए थाकेको शरीरलाई विश्राम दिन पाइन्थ्यो जस्तो भने लाग्दै थियो । बाहिर जोडदार पानी परिरहेकाले जहाज उडाउन अलमल हुन थाल्यो, मलाई पनि ठिकै भयो । बाहिर पानीको थोपा हेर्दाहेर्दै भुसुक्कै निदाएछु । छेउमा बसेका मित्रले बजाएको च्यापुम च्यापुम आवाजले बिउँझिएछु । कहिले बिउँझिएला र यसलाई खान दिउँला भनेझै गरेर बसेका हवाई सुन्दरीहरूले मेरो अगाडि खानेकुरा ल्याएर तेस्याई हाले । प्रेमपूर्वक खाना खाइयो । अब कचल्टिएको निद्रा पुऱ्याउन पऱ्यो भनेर यसो कोल्टिएको मात्र थिएँ छेउका साथीले कुहिनाले घोचेटन पो थाले । कस्ता बैगुनी रहेछन् भने उनलाई छुन पनि नपाउने ? अलक्क सुत्न पर्ने भयो । जहाजमा अलक्क कसरी सुत्ने ? जहाजमा थकाइ मार्ने चाहना मृगतृष्णामा परिणत भयो । गुनासो कोसँग पो राख्नु थियो र ? जसोतसो रात कट्यो । स्थानीय समय अनुसार ८ तारिकको बिहान ८ बजे जहाजले सिङ्गी विमानस्थलमा अवतरण गऱ्यो । रातभरि कुहिनाले हान्ने साथी यतिबेला भने निरीह जस्तो देखिएर मेरो पछिपछि पो लाग्न थाले, भन्दै थिए मेरो यो यात्रा पहिलो हो त्यसैले यहाँ के गर्नुपर्छ केहीपनि थाहा छैन । अध्यागमनको कुरामा मलाई सहयोग गरिदेऊ न है । हुन त मेरो पनि अस्ट्रेलियाको यात्रा पहिलो नै थियो तथापि ती मित्रले मलाई बुझक्कड देखेर पछि लागेकामा मनमनै मख्ख चाहिँ पर्दै थिएँ । एक मनले लाग्दैथियो रातभर कुहिनाले ठोकिस् ! यसलाई केहीपनि सहयोग गर्दिनँ । तर नेपाली मन किन मान्थ्यो र ? जहाजमा सँगै बसेको मित्रसँग हुन नसकेको चिनापर्ची अध्यागमनको हिँडाइमा हुन थाल्यो, उनी इराकी रहेछन्, इराकको लडाँइ झगडाले शरणार्थी भएर जर्मन छिरेका रहेछन् केटी साथी एक वर्षदेखि अस्ट्रेलियामा पढदै रहिछन् उनैलाई भेटन आएका थिए खुर्सिद । हामी सँगसँगै कुरा गर्दै अध्यागमनबाट सहजै बाहिरियौँ, मेरो भन्दा उनको लगेज अगाडि आएकाले उनी बाहिर निस्कन हतारिए विदाईमा अङ्कमाल गऱ्यौं । उनको अनुहार हेर्दै अगि जहाजमा कुहिनाले घुच्चाउने यिनै हुन् त भन्ने बनायो । सायद युद्धले उनीभित्र भएको मानवीयता सबै बिर्सिएछन् क्यारे ? पलभरमानै बेरिएको मायाजाललाई फुकाउँदै दरिलो हात मिलाएर विदा भयौं । मेरो लगेज यतिञ्जेलसम्म पनि आइपुगेको थिएन डरलाग्दा कुकुरहरूले झोलाको चेकजाँच गर्दै थिए, हातैभरि टाटु खोपेका पुलिस त्यहीमाथि डरलाग्दा कुकुरको चेकजाँचले मन ढक्क बनाएको थियो, मनमनै डरले अड्डा जमाइसकेको थियो, धन्न मेरो लगेज ती डरलाग्दा मानिस र प्राणीबाट पार भयो । खुसी हुँदै ट्रलीमा लगेज हालेर बाहिर निस्किएँ, गेटमै भाञ्जा विपिन अधिकारी मेरो स्वागतका लागि मुस्कुराइरहेका थिए, आँखा तन्काएँ गीता अलि पर हल्का मस्किँदै मतिरै आउँदै थिइन् ।

विपिनको मोटरमा सामान कोचेर त्यहाँबाट हुइँकियौं, हामी कहाँ जाँदै छौं भनेर पनि सोधिन, किनकी गीता झन्डै अढाई महिनादेखि यतै थिइन् उनी अभ्यस्त भइसकेकी थिइन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
भने विपिन त यहाँकै नागरिक भई सकेका थिए । उनीहरूसँग भेट भएपछि यहाँ बसुन्जेल मेरो ज्यानलाई उनीहरूकै नाममा बकसपत्र गरिदिन उचित लाग्यो, त्यसै गरेँ । जहाँ लगे पनि जे खानदिए पनि उनीहरूकै जिम्मामा परेँ । बाटामा देखिएका नवीनतम कुराहरूको व्याख्या गर्दै विपिन मोटर चलाउँदै थिए भने गीता बीचबीचमा अधुरा भएका कुरालाई रफ्फु भर्दै थिइन् । झन्डै आधा घण्टाको यात्रापछि मोटर रोकियो, उनीहरू दुवै भएर सामान ओराल्न थाले, गीता भन्दै थिइन् हामी गिलफोर्ड आइपुग्यौं, यो रीता दिदीको (गीताकी दिदी) घर हो अब हामी सिड्नी बसुन्जेलको आश्रयस्थल यही हो । म पनि मोटरबाट ओर्लिएर उनीहरूको पछि लागेँ । आज जुलाई ९, अघिल्लो दिनको जहाजको अनिँदोले ज्यान लठ्ठिरहेकै थियो, अब निस्कन पर्छ भन्दै बिहानै श्रीमती कराउन थालिन्, अल्छी मान्दैमान्दै तयार भएर बाहिर निस्किएँ । एउटा महिला गाडीभित्र बसेर मलाई हातको इसाराले बोलाए जस्तो गर्दै थिइन्, दायाँबायाँ हेरें कोही छैनन् । हैन यो विरानो ठाउँमा मलाई बोलाउने कुन लडकी होलिन् ? म टोलाएको देखेर ती महिला गाडीबाट आधा शरीर बाहिर निकालेर आइज भन्दै हातले इसारा गरी रहिन् ! नौलो ठाउँमा के भाउँतो लाग्न लाग्यो भन्ने सोच्दै थिएँ, गीता आइपुगिन् र हास्दै जाऊँ भन्दै त्यही मोटर भएतिर लागिन् । मोटर नजिक पुगेपछि बल्ल चिनें, अघिदेखि इशाराले बोलाउने त कहाँको नचिनेको लडकी हुनु आफ्नै लडकी बहिनी सरिता (गीताकी साइली बहिनी) पो रहिछन्, मज्जाले हाँसियो । उनको गाडीमा बसें तर कहाँ जाने थाहा छैन । उनीसँगै भलाकुसारी गर्दै अगाडि लागियो, झन्डै आधा घण्टा गाडी हुइँकाइन् र एउटा चिटिक्क परेको घरभित्रै मोटर हुल्दै भनिन् भिनाजु यो मेरो घर हो वेस्टभिल्ला । अब खाना खाने अनि घुम्न निस्कने । मलाई जता गयो उतै नौलो जे हेरे त्यही नयाँ थियो, लुरुक्क मोटरबाट निस्किएँ ।

नेपालमा छँदा जति पुछेपनि सफा नहुने भुई पनि मरीमरी पुछिरहेको हुन्थी सरिता, उसलाई कर्मले धुलो धुँवा केही नभएको ठाउँमा पुऱ्याएको थियो यहाँ पनि किन पुछन छोडथी होला र ? टलक्क टल्किएको भुइँ र टल्किएको भान्छामा बसेर अस्ट्रेलियन स्वादको दाल भात खाइयो । सालीको हात मिठो हो कि दाल भात नै मिठो हो कुन्नि ? गोर्खाली पहिचान अनुसारकै मज्जाले खाइयो । आज कहाँ घुम्ने भिनाजु ? सरिताले सोधी । मलाई जता लगे पनि नौलो त हो । मसँग कुनै त्यस्तो आग्रह थिएन, तिमीले जता लग्छौ उतै जाने भन्दिएँ । त्यसो भए निस्किऊँ भन्दै अगाडि लागिन्, गीता र मपनि उनको पछि लाग्यौं । घरभित्र नै हुलेको मोटरमा घरभित्रैबाट चढ्यौ ।

पलभरमा नै चाक्लो बाटोमा मोटर हुइँक्याउँदै भन्दै थिई यो फ्रि वे हो यहाँ स्पिडको लिमिट छैन जति कुँदाए पनि हुन्छ भन्दै गाडीलाई जोडले कुँदाउन थाली । अघिसम्म रोमाञ्चित भइरहेको मन अवचाहिँ कता कता डर पो लाग्न थाल्यो, कतै यी नानीले मोटर लगेर खाल्टोमा हाल्ने त होइन भन्ने त्रास मनभित्र पैदा भइरहेको थियो, मैले १२-१५ वर्ष अगाडि नेपालकी सरिता गाडी हुइँकाउँदै छे भन्ने लागेर डराएको थिएँ । तर समयसँगै बदलिएकी थिइन् उनी । हठी स्वभावकी भएपनि सँधै अनुहारमा भय र त्रास बोकेर हिँडने उनी आज एक निर्भीक, आत्मविश्वासी अनि फरासिलीमा परिणत भएकी थिइन् । उनको आत्मविश्वास अनि कुनैपनि विषयलाई विचारोत्तेजक वर्णन गर्न सक्ने क्षमतामा भएको विकास साँच्चै नै तारिफ योग्य थियो । मोटरलाई दायाँबायाँ कोल्टाउँदै कहिले आफूले विगतमा काम गर्ने ठाउँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
अनि कहिले यस ठाउँको सुन्दरता देखाउँदै निरन्तर बगेमा गाडी कुदाई रहिन् । बीच बीचमा आइरहेको फोनको घण्टीलाई खै कुन्नि कसरी व्यवस्थापन गर्थी मज्जाले कुरा गरेको मात्र देखिरहेको थिएँ ? फोन कसरी रिसिभ गरेकी होली मलाई अचम्म लाग्दै थियो । सोधौ भिनाजु त साह्रै ल्वाँठे रहेछ भन्छे कि भन्ने डरले अरु अरु नै कुरा गरिरहें । अनायास पछाडिबाट गीता चिच्चाउन थाली मैले त जुत्ता नै लगाएनछु भन्दै मोजा मात्र लगाएको खुट्टा देखाउन थाली । अब हाँस्ने कि रुने ? लामो समयपछि श्रीमान्सँग भेट भएर होकि के हो ? उनी त विन्दास भइछन् वा घर भित्रै रोकेको मोटरमा चढदा जुत्ता लगाउन नै मेसो पाइनन् ? धन्न सहज बजार अनि सपिङ गर्न रुचाउने स्वभावकी बहिनी परेकीले तुरुन्तै कटम्बो भन्ने ठाउँको सफिङ मल अगाडि लगेर मोटर रोकी र जुत्ता पनि किन्दिई हाली ।

मोटरको रफ्तार अधिकै गतिमा हुइँक्याउँदै, एउटा पहाडको भन्ज्याङमा रोकिन् । हामी सिङ्नीबाट झन्डै ८० कि.मी.को यात्रा गरिसकेका रहेछौं । आजकी पथपदर्शक सरिता अगिअगि र हामी पछिपछि लाग्दा भयौं । ब्लु माउन्टेन भन्ने ठाउँमा आएका छौं यहाँबाट देखिएका जङ्गलहरू ११,४०० किलोमिटर स्क्वायर क्षेत्रफलमा फैलिएको छ । यस उच्च पहाडमा यो मनोरम दृष्य हेर्नका लागि आन्तरिक र बाह्य गरेर वार्षिक ५० लाख मानिसहरू आउँछन् भने झन्डै १० लाख मानिसहरू त वार्षिक रूपमा यहाँ नै रात्री बास बस्ने गरी आउने तथ्याङ्क थाहा पायौं । बिहान हिडँने बेलामा मौसम हेरिएन, बर्वाद भयो मौसम त खत्तम पो रहेछ ! घरीघरी मलिनो घामको किरण देखिन्थ्यो तर बेजोडको सिरेटोको अगाडि मलिन सूर्य किरणले के नै न्यानो दिन्थ्यो र ? घाम लागेको बेलामा फटाफट फोटो खिचिहालौं भन्दै सरिता हातमा मोवाइल लिएर हामीलाई ब्याकग्राएन्डमा ब्लु जङ्गललाई पारेर फोटो खिचिदिन्थी । पलभरमा नै सूर्यनारायण विलिन भए अनि हुस्सुमय भइ हाल्यो । बेरस भयो भन्दै सरिता एक्लै फतफताउदै थिई, मलाई भने त्यति बेरस लागेको थिएन अन्य प्राकृतिक सौन्दर्यमा पनि म हराउन सक्ने थिएँ । सरिता अलिक अगाडि बढेर कार्ड घुसारेको देखेको थिएँ उसले त सुन्दर संसारको (scenic world) सुन्दर रेलवेय, सुन्दर केवलवेय, सुन्दर स्काईवेय र सुन्दर हिडनेबाटोको टिकट किनेकी रहिछन् हामी उनैको पछिपछि लाग्दै यो प्राकृतिक मनोरम भित्र मानव निर्मित कृतिम भौतिक साधनहरूको सयर गर्न थाल्यौं । आजको दिनको प्रकृतिले हामीलाई यति नराम्ररी ठग्यो कि प्रकृतिको स्वाद लिनु भन्दा पनि जाडोले नराम्रोसँग झ्याँक्यो । हामी भन्दा पनि सरितालाई नरमाइलो लाग्यो होला, किनकी उनले ब्यू माउण्टेनको मनमोहक सौन्दर्यभित्र दिदी भिनाजुलाई हुल्दिन्छु भन्ने ठानेकी थिई होली तर जाडोले दिदी भिनाजुको ओठ चाम्सिएको देखेर मनमनै टिठिई होली ? घरीघरी उघ्रिएको बेला मौका छोपिछोपी ब्ल्यु माउन्टेनलाई अँगालेर केही स्नाप फोटाहरू खिच्यौं । फर्कन पर्ने गन्तब्य टाढै भएकाले अव फर्कन पर्छ भन्दै अगाडि लागिन् सरिता उनले गाडीको हिटर खोलेर बाफिँदा पो अचम्मै आनन्द भयो ।

अस्ट्रेलियाका धेरै नौला कुराहरू मध्येको एक त्यहाँ कडा काठहरू नहुने रहेछ, त्यहाँ अग्ला अग्ला देखिने मसलाका (eucalyptus) का रुखहरू प्रशस्तै देख्न पाइन्थ्यो । ब्लु माउन्टेनको क्षेत्रमा पनि सवै यस्तै मसलाका रुखहरूको घना जङ्गल नै रहेछ जुन रुखहरूमा प्रशस्त मात्रामा तेल हुने रहेछ । रुखहरूबाट सूक्ष्म रूपमा तेलका थोपाहरू निस्किरहेको हुने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन त्यहाँको वातावरणमा घुलित हुने र बालुवा मिश्रित घुलीको कणहरू बातावरणमा मिसिन आइपुग्दा प्रकाशमा निलो रे किरण पैदा हुने रहेछ जुन नियमित र स्थायी प्रकृतिको नै हुने भयो, त्यसैलाई ब्ल्यु माउन्टेन भनिने रहेछ। सिड्नी आइपुग्ने सम्भव भएसम्मका पर्यटकहरू आई यस क्षेत्रको विचरण गर्दा रहेछन् त्यसैले त यहाँ प्रशस्तै भिआइपी होटलहरू खोलिएका पनि देखिए। फर्किदा रिचमन्ड भन्ने ठाउँ हुँदै आयौं, यो ठाउँ बसोबासको लागि अत्यन्त राम्रो ठाउँ हो भन्दै थिइन् सरिता। केही अगाडि बढेर "उइनमिली" एक मेक्सिकन रेस्टुरेन्टमा मोटर रोकिन र भनिन् भोक लाग्यो जाऊँ केही खान ! उनी नै अगाडि लागिन् र काउन्टरमा कार्ड तेर्स्याइ हालिन्, मलाई चाहिँ कताकता लाज लागिरहेको थियो, जहाँ पनि उनले नै कार्ड तेर्स्याएको देख्दा हामी दिदी भिनाजु नकच्चरो भएर बहिनीको कार्डमा ऐस गरिरहेका छौं जस्तो लाग्दै थियो। मनले चाहँदा चाहँदै पनि नौलो परिबेश हत्तपत्त भाषा पनि नबुझिने अनि आफ्नो देशको रेस्टुरेन्टहरूमा गयो यसो मेनु ओल्टाइपल्टाई गर्‍यो अनि लास्टमा मम र चाउमिन अर्डर गर्न बानी परेकोले होकि के हो खानका आइटमहरू पनि चिन्न समस्यै हुने भएकाले नै अगाडि सर्न अपठ्यारो भएको थियो। परिस्थितिले चुइँया नै बनायो क्यारे ? लौ जे भए पनि भइयो ! भन्दै भोको पेटमा आहारा भर्न थाल्यौं। ब्ल्यु माउन्टेनमा सयर गर्दा कठ्याङ्ग्रिएको शरीरमा यहाँको तातो कफीको स्वादमा मेक्सिकन खानाले निकैनै स्फुर्ति दियो। रेस्टुरेन्टमा पस्दा नै लगभग दिनले डाँडो काटिसकेको थियो झन त्यहाँको खाइपिईले त्यही झमक्क साँझ परिहाल्यो। हामी जोइपोइ त टुरिस्ट पर्‍यौं, जहाँ पुग्यो त्यही गन्तब्य हुन सक्थ्यो तर सरिता हतारिन थालिन्, भोलिको काम र पढाइको व्यवस्थापन गर्नुपर्ने उनलाई वास्तवमा नै चटारो थियो।

हामीलाई गिलफोर्ड छोडेर उनी वेस्टभिल्ला जानपर्ने, अबको हाम्रो ड्राइभिङ झण्डै एक घण्टाको थियो। सरिताले गुगलबाट लोकेसन सेट गरिन् तर गुगलले अन्टसन्ट घुमाउरो बाटो देखाइदियो। ढिलो हुँदैथियो झन आधा घण्टा बढी लाग्ने बाटो देखाइदियो। उनले मोटर घुमाइन् र पुरानै फ्रि वेयतिर मोटर सोझ्याइन, सायद सरिता अलि निस्फ्रिक्री भइछन् क्यारे हल्का मुस्कुराइन् हामीले पनि बुझदो न सुध्दो उनको मुस्कुराहटमा साथ दियौं। आजको दिनभरको यात्रामा घर, गाउँ, इष्टमित्र सवैको मनग्य राम्रा नराम्रा कुरा गरिसेकेकाले लगभग कुरा गर्ने विषय सिद्धिसकेको थियो तर बाटो कटाउन पर्ने भएकोले केही विषयमा कुरा गर्न आवश्यक थियो त्यसैले मैले नयाँ विषय सुरु गरें, अब नेपाल कहिले आउँछौ त सरिता ? अनि अब तिमीहरू यतै बस्ने कि नेपालतिरै फर्किन्छौं भन्दै दुवै प्रश्न एकै पटक उनीतिर तेर्स्याए। पहिलो प्रश्नमा त उनी सहज नै बनिन् र भनिन् खै भिनाजु अहिले कुनै योजना बनाएको छैन भर्खर मात्र पढाइ सिध्याए, नयाँ कामको लागि बोलाएको छ त्यहाँ मैले मेरो आफ्नो काम देखाई विश्वास दिलाउनुपर्छ त्यो नै मेरो लागि अलि च्यालेन्ज छ, त्यसैले छिटै त आइँदैन कि ! उनको जवाफ स्वाभाविक थियो, प्रत्येक अस्ट्रलियन माइग्रेटहरूको यस्तै यस्तै भोगाई। पहिला सानो कामबाट जीविकोपार्जन अनि विस्तारै काम गर्दै शैक्षिक उपार्जन अनि पिआर अनि शैक्षिकस्तर अनुसारको नयाँ कामसँगै दाम पनि। सायद सरिता अब कामसँगै दामको चरणमा प्रवेश गरेकी अवस्थामा थिइन् क्यारे ? मेरो दोस्रो प्रश्नमा भने उनी अलिक आवेगमा आए जसरी भनिन् किन जाने नेपाल ? त्यहाँ के छ ? त्यहाँ योग्यता अनुसार काम पाइन्छ ? त्यहाँ कामको इज्यत छ ? त्यहाँ सामाजिक सुरक्षा छ ? त्यहाँ जनताले तिरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
करले विकास निर्माण भएको छ ? त्यहाँ विवेकशील नेताहरू छन् ? .. आदि आदि । उनका यस्ता प्रश्नहरूको मसँग कुनै जवाफ थिएन, म केवल उनलाई तिमीलाई पहिचान दिएको धर्ती, तिमीलाई शिक्षा दिएको धर्ती, तिमीलाई यहाँसम्म आउन सक्षम बनाएको माटो भनेर उनलाई आश्वस्त पार्न चाहेँ, तर उनी मान्नेवाला थिइनन् भन्दै गइन् म ब्याचलर गरेको एक शिक्षित युवती तर मेरो दिनचर्याहरू नपढेकी मेरी आमा र ममा केही फरक थिएन । मेरा ब्याचलरका सर्टिफिकेटहरू बोकेर काठमाडौं र चितवनका गल्लीगल्लीमा भौंतारिदाँ मैले काम त के अपमान भन्दा केही पाइन्, सर्टिफिकेट बोकेर हिडँदा हिडँदा हातको पसिनाले त्यहाँ लेखिएको प्राप्ताङ पनि मेटिएको छ । म बेरोजगार ब्याचलर गरेकी महिला विवाहित भएपछि श्रीमानको गोजीबाट पकेट खर्च जोहो गर्नुपर्थ्यो, अब फेरि त्यही गर्न नेपाल जाने हो म भिनाजु ? उनका प्रतिक्रियाहरूसँग मेरो केही विमति थिएन, म एकदमै शब्दविहीन भएँ । मोटर घच्याक्क रोकियो झस्याङ्गै बनायो, हामी त गिलफोर्ड आइसकेका रहेछौं । सरिता रिसाएर बीचबाटो मा नै झार्दिन लागिछ क्यारे भनेको त झर्ने ठाउँमा नै आइपुगेका रहेछौं ! सवैजना एकहलको मेलो हास्यौं र बाई भन्दै त्यहाँबाट विदा भयौं ।

भोक खासै नभएपनि, रीता दिदी हामीलाई पर्खिरहनुभएकोले उहाँसँगै हल्काफुल्का खाना खायौं । दिउँसोको घुमाइको केही समीक्षा गरेर विस्तारातिर लाग्यौं । दिउँसो खासै शारीरिक परिश्रम पनि नभएर हो वा कुन्नि निदाउनै सकिन घरीघरी सरिताले नेपाल किन जाने भनेर गरेकी प्रतिप्रश्नमात्र मानसपटलमा दौडिरह्यो हुन पनि उनको प्रतिक्रियामा अमिल्दो के नै थियो र ? बास्तविकता त्यही नै होनि । मन सरर दौडिएर नेपालतिर आयो, मेरा छिमेकी एकजोडी नेपाल सरकारमा अधिकृत जागिर खान्छन दुवैजना शिक्षित र सुसंस्कृत पनि छन् कार्यालय लाग्ने र छुटने समय दुवैजनाको एकै छ । कार्यालय सकेर घरतिर फर्कदा श्रीमती घरायसी सामान किन्नतिर लाग्छिन भने श्रीमान् चोकमा बसेर राजनीतिक समीक्षा गर्न तम्सिन्छन्, घरमा गएर श्रीमती हान्निएर किचेनतिर लाग्छिन अनि श्रीमान भने थकाई लाग्यो चिया बनाउन प्रिय भन्दै सोफामा गएर पल्टन्छन् । श्रीमती सोफामा गएर पल्टने अनि श्रीमान्ले चिया बनाएर दिने कदाचित पनि हुने गरेको छैन भनेर श्रीमती अधिकृतले यदाकता सँगै मोटर कुर्दा ठट्टा है सर भन्दै सुनाउने गर्थिन् । दुवै पढेका र नेपाल सरकारको अधिकृतको घरमा त महिला र पुरुषमा यतिविघ्न विभेध छ भने जुन घरका महिला कामकाजी छैनन् अनि पढेलेखेका पनि छैनन् भने त्यो घरको महिलाको अवस्था कस्तो होला ? दुई अधिकृतहरू प्रतिनिधि पात्रहरू मात्र हुन्, यहाँ सवैको घरमा यही रीत छ । अस्ट्रेलियामा बसेर आफ्नो सीप अनुसारको मनग्य कमाई गरेर निस्फिक्री रूपमा कार्ड घुसारेर खर्च गर्न सक्षम महिलाहरू नेपाल किन आउने ?

सिड्नी पुगेकै दिन साझमा ओपेरा हाससमा **भिभेड लाइट फेस्टिभ** हेरेर फर्किदा रातको झन्डै ११ बजेको थियो सामूहिक अपार्टमेन्ट तर आफ्नो आफ्नो अलग ग्यारेजमा मोटर राख्दै गर्दा गाँजाको गन्ध मजैले आयो । हैन यो सिड्नीमा कहाँबाट गाँजाको गन्ध ? आयो भनेर फुत्तै मुखबाट निस्किहाल्यो । रीता दिदीले सम्झाउनु भयो सँगैको घरमा लेवनानीहरू बस्छन् उनीहरू यसरी नै खान्छन् । घरमाथि चढें । रीता दिदीको छोरी प्रीति (छुडकु) यतिञ्जेलसम्म कामबाट आएकी थिइनन् मेरो मनमा अगिको गाँजाको गन्ध र छोरी कामबाट नआइपुगेकीले मनभित्र चिसो पस्यो । झन्डै रातको १२ बजेतिर छुडकु मुस्कुराउँदै घरभित्र आइन्, मेरो चिसो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
मन पलभरमा नै ताती भई हाल्यो । नेपालमा छुडकुकै उमेरको हाम्रो छोरी साँझको ८ बजेसम्म कलेज वा कामबाट घर नआउँदा हामी अभिभावक चरिफाल हुन थाल्छौं किनकी राजधानी काठमाडौंको सुरक्षासँग आस्वस्त हुन पटक्कै सकिँदैन ? जब कि सिड्नीमा सँगैको घरबाट गाँजाको गन्ध आइरहँदा पनि यहाँ कोही कसैले असुरक्षाको महसुस गरेका छैनन, त्यसैले अस्ट्रेलियामा स्थायी सेटल भइसकेका महिलाहरू सुरक्षाको कत्तिपनि विश्वास गर्न नसकिने नेपाल किन आउने ?

जनताबाट उठाएको करबाट सङ्कलित रकमबाट तलबभत्ता खाएर जनताको सेवा गर्नका लागि बसेका कर्मचारीहरू जनताकै काम गर्नका लागि दस्तुर माग्छन्, जनताको करको पैसाबाट राजनीतिक नेताहरू विदेशका महङ्गा अस्पतालहरूमा औषधोपचार गर्छन् अनि त्यहाँ के को लागि कर तिर्न आउने ? नेपालमा न काम नै छ ? न कामको इज्यत नै छ ? आदि आदि सरिताले भनेको कुरा सोच्दासोच्दै कतिखेर कुन्नि भुसुक्क निदाएँछु बिहान झिसमिसेमा कटमेरो आँखा बोकेर मेलवर्नतिर लागियो ।

मेलवर्नमा जम्मा ३ दिन घुमें, फर्कने दिनको अघिल्लो साँझ हामीलाई भेटन मित्र टेकनाथ भट्टराईका छोरा सम्भव भट्टराई आइपुगे, हामी बसेको ठाउँबाट झन्डै डेढ घण्टा ड्राइभ गर्नुपर्ने जिलोन भन्ने ठाउमा बस्दा रहेछन् उनी । उनलाई भेटेर उनी र हामी सवै रमायौं । नेपालमा मेरो केही सामानहरू लैदिनुस् न है अङ्कल भनेर मेरो अनुमति मागे ! मैले मेरो आफ्नो सामान छोडेर भएपनि उनको सामान ल्याइदिनपर्ने सम्बन्धमा हुनुहुन्छ भट्टराईजीका दम्पती मैले स्विकृति नदिने प्रश्नै आएन । उनले झोलाबाट मोबाइलको बट्टा जस्तो खोल निकाले, मैले हठात बोलिहाले बुवाको लागि मोवाइल किन्दियौ कि क्या हो ? होइन अङ्कल बुवा अब बुढो पनि हुनुभयो डाइभिङ गर्नुहुन्छ । मोवाइल उठाउदै ड्राइभिङ गर्नु अत्यन्त खतरनाक हो त्यसैले यो ब्ल्युतुथ बुवालाई हो अङ्कल । मैले सन्देशलाई सोधें यसले के काम गर्छ ? उसले ब्ल्युतुथ र ड्राइभिङको कनेक्सन बारे राम्ररी बुझाई दिए । मैले ती भाग्यमानी टेकनाथ भट्टराईको कोसेलीलाई जतनसाथ झोलामा थन्क्याएँ, भट्टराईजी भाग्यमानी यस अर्थमा थिए कि, विदेशमा काम गर्दै पढदै गरेको पुत्रले झन्डै ७ सय डलरको सामग्री आफ्नो पिताश्रीको सुरक्षाको खातिर पठाईदिदै थियो । यदि उसले यो ब्ल्युतुथ नकिनेको भए सायद उसलाई युनिभर्सिटीमा धेरै भरथेग हुन्थ्यो होला ? सन्देशलाई देखेर मन विभोर भयो भने कताकता नरमाइलो पनि लाग्यो ।

कङ्गारु सहरको पहिलो घुमाइमा सरिताले ब्ल्यु माउन्टेन घुमाउन लग्दा मोवाइलमा कुरा गरेको देख्दा अचम्मित भएको थिएँ जसको जवाफ अहिले सन्देशबाट पाएँ, मैले उनलाई धेरै धन्यवाद दिएँ । आज मेलवर्नबाट ट्रेनमा सिड्नी फर्कदै छौं, भोलि नेपाल फर्कने भएकाले सिड्नीमा कसैलाई पनि भेट्ने समय हुँदैन होला ? सरितालाई चाहिँ भेटन मन लागेको थियो, त्यो पनि सम्भव नहोला जस्तो छ, उसलाई भेटेर उसले विदेशमा बसेर विकास गरेको आत्मविश्वासलाई नमन गर्दै नेपाल आउन चाहिँ बिर्सन हुन्न है भन्ने इच्छा थियो त्यो अधुरै रहला जस्तो भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखामा प्रचलित सिलोक

ऋषिराम खनाल

मूलसार :

संस्कृत शब्द "श्लोक"को तद्भव शब्द सिलोक हो । यो लयात्मक दृष्टिले शार्दूलविक्रीडित, शिखरिणी, वसन्ततिलका आदि छन्दोबद्ध कविताको निकट जस्तो देखिन्छ तापनि यसमा छन्दको व्यवस्थित योजना भने हुँदैन । लोक कविहरूले विवाह उत्सव वा मेला पर्वहरूमा मनोरञ्जनका रूपमा गाउने सिलोक अलिखित साहित्य नै हो र यो मुखमुखै पुस्तान्तरण हुँदै जान्छ । सिलोक कमपठित वा निरक्षर बाहुन क्षेत्री समाजमा बढी प्रचलित भएको पाइन्छ । सामाजिक जीवनका विविध पाटाहरूको उत्खनन् गर्दै कृषि पशुपालन, खानपिन, उठबस, रहनसहन आदि जस्ता तत्क्षणको विषयवस्तुलाई कला र गलाका साथ प्रस्तुत गर्नु यसको मौलिक विशेषता हो ।

मुख्य शब्दावली :

ठुवा, दोहरी, सिलोके, घरबेटी, भातकौरे, दुना, टपरी, बौतो खोरी, भतेर, पिडी, जगिया, फुलौरा, जन्तीबाख्रो, करुवा, कसार, करुवाको टुटी, भुजुरी सखर, थुर्मी, टुकी, लालटेन, महिन्टोल, कात्ती, झुसिला हात, हकुवाको भात, गोठ, च्युरी, रतुवा, भतुवा ।

१. परिचय

पिङ्गल सूत्रका नियममा आधारित विभिन्न शास्त्रीय छन्दमा रचिएका फुटकर पद्यहरू सिलोकका रूपमा मध्य र पूर्वी पहाडी क्षेत्रका बाहुन-छेत्री समुदायमा प्रचलित छन् (बन्धु, २०५८ : १९३) । सिलोक लय हालेर गाइन सकिने शास्त्रीय वा लोक छन्दमा विरचित कलात्मक मिठो रचना हो (सुवेदी, २०६० : ९२) । सिलोक प्रायः गाउँघरका, निरक्षर गोठाला -खेताला जन साधारणबाट मुखाग्र रचना र वाचन भएको सुनिन्छ । नेपाली समाजमा परापूर्व कालदेखि चल्दै आएको बिवाह संस्कारमा सिलोक भन्ने परम्परा ज्यादै पुरानो हो । सिलोकमा पाइने विषय वस्तुमा रामायण, कृष्ण चरित्रका प्रसङ्ग, लीला र आध्यात्मिक बेदान्ती ज्ञान हुन् (पराजुली, २०६४ : ३५७) । जन्ती र घरबेटी बीच शास्त्रार्थदेखि समसामयिक विषय वस्तु र जन्तीका तथा घरबेटीका कमिकमजोरीलाई ठट्याउलो पाराले सिलोकमा एक अर्कोलाई व्यङ्ग्य गर्ने गरिन्छ । तर त्यो परम्परा वर्तमानमा देखिँदैन । एक दिने विवाह, आधुनिक बाजागाजाको पहुँच, माइकको राम्रो व्यवस्थापन र किसिम किसिमका वैवाहिक लोक गीतहरूले विवाहमा सिलोक भन्ने संस्कृतिलाई बिस्थापित नै गरिदियो । विवाहमा सिलोक भन्दा विशेष गरी आफ्नो गाउँ घरको चालचलन, खेतीपाती, चाडपर्व, बिहेबारी, भोजभतेर लाउने खानेका अतिरिक्त गाई भैंसी र कामकुरोको वर्णन गर्छन् । सिलोकबाटै आफ्नो कुराहरू राख्ने अर्काको कुरा सुन्ने र जवाफ दिने कार्य गरिन्छ । जसलाई सिलोके दोहरी वा ठुवा पनि भनिन्छ । यो

लेखक गोर्खाको द्रव्यशाह क्याम्पसमा उपप्राध्यापक हुनुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
चलन जात्रा, पर्व विवाह, ब्रतवन्ध तथा पूजाआजामा बढी प्रचलित भए पनि विवाहमा यसको महत्त्व बढी देखिन्थ्यो । सिलोक जित्नकै लागि सिलोकेलाई खोजी खोजी जन्त लैजाने चलन थियो ।

२. सिलोकको ऐतिहासिक परम्परा

सिलोकमा वर्ण र मात्राको खास नियमन नभई लय र गेयतामा नै यसको कलात्मकता देखिन्छ । सिलोकको परम्परा पश्चिम पहाडी क्षेत्रबाट सुरु भएको मानिन्छ । यो संस्कृति गोरखामा व्यापक रहेकाले यसको आदि थलो गोरखा नै हो भन्ने प्रशस्त आधारहरू रहेका छन् । लोक साहित्यका अध्येता प्रा.डा. चूडामणि बन्धुकै भनाइमा पनि पूर्वी र मध्य पहाड़ी क्षेत्र भन्नाले गोरखा प्रमुख रूपमा रहन्छ । सिलोकको आदि थलो यही हो भनेर खुट्टयाएर भन्न नसके तापनि मध्य पहाडी संस्कृति र जनजीवनलाई प्रतिविम्बित गरेको हुँदा यो विधाको सुरुवात बुढीगण्डकी आसपासको क्षेत्रलाई नै मान्नु पर्ने हुन्छ ।

यस्ता सिलोक भन्नेहरू गाउँटोलमा प्रशस्तै हुन्थे । त्यसकारण भन्न सकिन्छ हाम्रा गाउँघर पहाडका भुप्राभुप्रीहरूले आसु कवि नजन्माएको होइन । तर मुद्रण र प्रकाशनका अभावमा त्यस्ता व्यक्तित्वका सिर्जना उनीहरू सँगसँगै मरेर गए । विशेष गरी सिलोकलाई विवाहको उत्सवमा प्रतिष्ठाको रूपमा लिने गरिन्थ्यो, सिलोकेहरूलाई खोजीखोजी जन्त लैजाने र घरबेटीलाई जितेमा आफ्नो इज्जत देख्ने प्रचलन भएको हुँदा पनि सिलोकको महत्व व्यापक मात्रामा थियो भन्न सकिन्छ ।

जन्त जाँदा जन्ती घरबेटी सबैलाई टपरीमा भात, भातमाथि पाकेको फर्सिको पहेलो तरकारी त्यस सँग मस्यौरा जत्रा मासको फुरौला, एउटा दुनामा पिँडालु वा मेवाको भुजुरी पारेको अचार, बोहतामा मासको वा छाँटाको दाल, एउटा दुनामा एकचम्चा चिनी वा सखर र बोहतामै हराउने गरी एक थुर्मी घिउ, साथमा गोरस नामधारी दुध वा दहीको उपस्थिति हुन्छ त्यो भान्सामा । खेतबारी वा गरामा छाप्रो बनाएर सेता धोतीपाटा फेरेका नाङ्गा मुडुला बाहुन तथा राता र पहेंला धोतीमा रंगिएकी बाहुनी बजैहरू भान्सामा हुन्थे । जन्तीहरू हार मिलेर दुलाहालाई बीचमा पर्ने गरी बस्थे । जनैधारीहरू नाङ्गा मुडुला भएर सेतो धोती फेरेर अलि छुट्टै बस्ने गर्दथे । बारीका पाटामा ठुलाठुला डल्ला भएको हुँदा सजिलो सँग बस्न र टपरी राख्न पनि पाउँदैनथे । टपरीबाट दाल चुहिएर जमिन भिज्दथ्यो । दुलाहा नउठी उठ्न नपाइने भएकाले कसैले धेरैबेर कुर्नु पर्ने त कसैले खाना पनि नसकि उठ्नु पर्ने बाध्यता खाना खाँदै गरेका जन्तीलाई हुन्थ्यो । टुकी, लालटेन वा महिन्टोलको पिलपिले उज्यालोमा ती कर्म सम्पन्न गर्नु पर्ने हुन्थ्यो । यदी जन्तीप्रति कुनै कमीकमजोरी भएमा त्यही विषय वस्तु बन्न पुग्थ्यो सिलोकमा पनि । जब जन्तीहरू खानाका लागि बस्छन् घरबेटीका तर्फबाट सिलोकको अड्को थापिन्थ्योः

आए जन्ती मैला कात्ती, बसे जन्ती गिद्दको छाँट,
हरिया टपरीमा सुकिला भात, नहाल जन्तीले भुसिला हात ।

घरबेटीका तर्फबाट खानाखाने बेलामा यसरी अत्तो थापे पछि जन्तीहरूले अत्तो नफुकाइकन भात खान पाउँदैन थिए । जन्तीका तर्फबाट उक्त अत्तोलाई यसरी फुकाइन्थ्यो :

आयौं जन्ती सुकिला मुकिला, बस्यौं जन्ती मलुवाको छाँट,
ध्वाँसे टपरीमा हकुवाको भात, कसरी हालौं यति राम्रा हात ।

यसरी अत्तो फुकाए पछि मात्र खानपिनको सुरुवात हुने गर्थ्यो । (अधिकारी, २०५७:५८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
खानपिनको कार्यक्रम पछि जागियाको छउमा पिंडीको डिलमा बसेर बल्ल सिलोक जम्ने गर्थ्यो ।

३. सिलोकका प्रकार

३.१ प्रस्तुतिका आधारमा २ प्रकारले वर्गीकरण गरिन्छ

३.१.१ ऋतु कालिन

३.१.२ बाह्रमासे

३.२ संरचनाका आधारमा तीन प्रकारले वर्गीकरण गरिन्छ

३.२.१ अन्ताक्षरी

३.२.२ प्रश्नोत्तरी

३.२.३ खुल्ला

३.३ विषयवस्तुका आधारमा प्रायः चार प्रकारले वर्गीकरण गर्ने गरिन्छ

३.३.१ पौराणिक

३.३.२ सामाजिक चेतनामूलक

३.३.३ व्यङ्ग्य बिनोदी

३.३.४ खेतीपाती, पशुपालन खानपान तथा दैनिक जीवनसँग सम्बन्धित सिलोक

३.१ प्रस्तुतिका आधारमा :

सिलोक बाह्रै महिना गाइने एक प्रकारको लोक कविता हो । यो विवाह विशेषमा मात्र नभई विभिन्न पर्व, घाँसदाउरा, मेलापात,जात्रामात्रा जुनसुकै समय जहाँ पनि गाइने लोकाभिव्यक्ति हो । महिला पुरुष सबैको साझा मनोरञ्जन वा दुखः सुखको अभिव्यक्तिको रूपमा रहेको सिलोकलाई प्रस्तुतिका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

३.१.१ ऋतु कालीन सिलोक :

सामाजिक जीवनमा समय समय आउने उत्सव चाडपर्वको महत्वपूर्ण भूमिका रहेको हुन्छ। यिनै पर्व विशेष तथा कर्म विशेष गाइने सिलोकहरूलाई ऋतुकालीन सिलोक मानिन्छ । यसरी सिलोकहरू चाडपर्वका विशेषमा पर्व सिलोक तथा कामकाजका समयमा कर्म सिलोकहरू गुञ्जने गर्छन् । पर्व विशेष सिलोकहरू प्रायः विवाह उत्सवमा गाइने गरिन्छ । विवाहको मुख्य आकर्षण भनेकै सिलोकको ठुवा (दोहरी) भएकाले सिलोक विनाको विवाहको कुनै रङ्ग हुँदैनथ्यो भनिन्छ । यसका अतिरिक्त हाम्रा दैनिक जीवनका हरेक कर्ममा सिलोक भन्ने परम्परा नै रहेको हुँदा ऋतुकालीन सिलोकको विशेष महत्व रहन्थ्यो ।

सिलोक खास गरी विवाहको अवसरमा बेहुली पट्टिको जग्गेमा वा अन्य चाड पर्वमा गाउने गरिन्छ । विवाहमा गाइने सिलोक दोहरी वा ठुवाको रूपमा भन्ने गरिन्छ । गोरखाको देउराली बक्राङ, बुङ्कोट, छोप्राक, ताक्लुङ, हंशपुर, मिरकोट, अम्राङ, आरुपोखरी, तान्द्राङ तथा गण्डकी पारि धादिङका विभिन्न गाउँहरूमा जन्ती जाने क्रममा यो ऋतुकालिन सिलोक भन्ने गरिथ्यो । विषय वस्तुका दृष्टिबाट यो सिलोकलाई कुनै बन्देज हुँदैन । किनकि शास्त्रार्थदेखि खानपान घाँसदाउरा र मेलापतासम्मका विषयमा यस्ता सिलोक छिरोलिन्छन् ।

जन्तीको स्वागत सम्मान र खानपान सम्बन्धी हुने जुवारी सिलोक

जन्ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. Nepal Public Domain. Digitization by eGangotri

गोर्खाको छिपिटलिदेखि खुसीमै जन्ती बनी आईयौ,
भैंसीको घिउ हो कि च्युरीघिउ हो खानै पऱ्यो खाइयो,
सुत्नालाई त गोठमा सुते अरे सुत्ने कसोरी हरे,
ताक्लुङ्मा अब जन्ती भैकन अहँ, आइन्न आइन्न रे।

घरबेटी

खारेको घिउ हो कि च्युरी घिउ हो, जानेन गोर्खालीले,
घ्युको पारख गर्छ वास्तव महाँ, दै दूध र घ्यू खानेले,
यस्तालाई पराल गोठ दिइयो, पक्का बुझी गोरु नै,
हाम्रा ताक्लुङ्मा नफर्क अब भो घम्रेर जाऊ छिटै। (पं. नेत्रमणि आचार्य)

कट्टेल डाडाँबाट बनौतीमा जन्त जाँदा सिलोकेहरूद्वारा भनिएको सिलोकको एक अंशः

हे बाजेहरू हो तपाईहरूको बनौती गाउँ मै महा,
कालो माटो थियो त्यस बखतमा घाँस ता प्रशस्तै जहाँ,
गोठमा हेर्न गए त गाईभैंसी लैना प्रशस्तै थिए,
दुध दही घिउको बइन कति गरुँ खाना प्रशस्तै दिए।
भान्साको वर्णन कहाँतक गरुँ, सागसब्जी ठिकै दिए,
नुनको कमी भो कि किन हो, दाल त अलिनै थिए
दहीको वर्णन कहाँतक गरुँ, ठहर त सेतै थियो,
घिउखाँउ भन्ने मन गयो त्यस बखत, घिउ त दुनैले लियो।
(देवीप्रसाद कट्टेल, गोनपा-८, कट्टेल डाँडा)

बिहेमा दुलही अन्माउन ढिला गरेका कारण जन्तीको घुर्की र घरबेटीको विनय यसरी प्रस्तुत गरिन्छ :

जन्ती

अबेला भयो दुलही द्यौन द्यौन, किन गर्नु ढिला ? नदी हुन्न हुन्न,
दिदैनौं भने हामी फर्केर गइयो, विहै भै गयो तिमीनै पाल भै गो।

घरबेटी

लगन भो, लगन भो, लगन भो, लगन भो, लगन भन्नुनै उन्नतिको सुमन हो,
दिदै छौं कुमारी लिनु होस् स्याहारी, दया गर्नु होला हजुर्कै कमारी (पं. नेत्रमणि आचार्य)

३.१.२ बाह्रमासे सिलोक :

जहिले पनि जुनसुकै अवस्था वा सन्दर्भमा गाइने सिलोक बाह्रमासे सिलोक हुन्। यस्ता सिलोकहरू खेतीपाती, जात्रामात्रा, पूजापाठ र अन्य पर्व विशेष गाइने गरिन्छ।

तरा बा जब कइ बिहा हुन गयो तेस्कॉ पहिल्यै गई,
भत्कौरु भई हिँड्दथे ती दहीको, ठेको ठडौंरो लिई।
तोरी माथि बसाउँथे सबजना चिप्लेटी खेलाउन,
यस्तै छौ भनी था छ नानी, मुखले पर्दैन धाक्लाउन।
भात खानु कृष्णभोग चटनी अरु थोक तरकारी हिउँदे सिमी,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सिलोक भन्न तिमी त मापाका रहेछौ,कहाँ बस्ने भाई तिमी ?

दै भयो अमिलो, हालु त गुलियो, छैन उखु पेलेको,
भए हालौं गुलियो नभए नहालौं चाहिदैन तिम्रो खुँदो। (पराजुली, २०६५:३५९)

भाइः केतुकी फेदमा त्यो हलुकी माटो, काला उखुका जरा,
माइतीमा बसेर हुँदैन दिदी हो, जाओ आ-आफ्नै घर।

दिदीः अलि साना थियौ कठै मेरी भायौं, झोलुङ्गोममा रोइ रह्यौं,
अली ठुलो भयौं कठै मेरो भायौं, घर देखाउँदा भयौं।
बाबाको घरमा यी चञ्चला श्री, यिनै दाजुभाइलाई,
भोगिन्छ थकाइ यी बिन्द्रन् बनमा संझि रोए आमालाई।
छोरी हुँ म पनि तिम्रै गृहमा कुल्ची पवित्रै हुने,
बात गर्छौं रिसका घुम्दै ओरिपरी सुन्दै मेरो मन रुने।
पात टिप्न भनेर गएँथे बनमा आँधी आयो लौं ठुलो,
आमा बाबालाई सम्झी सम्झी रुँदा, लाग्यो आँसुको कुलो।
दाजुभाउजू भेटौंला निम्तो मेटौं भन्ने इरादा गरी,
लर्कामला फरिया लगाउँला भरिया लाग्दैन मनमा रति।
भोक पियास लाग्यो छैनन् कठै भन्ने खाजा कठिनै पऱ्यो,
बाबाको पनि धर्म ज्ञान बुझी सके आँसु जमिनमै झऱ्यो।
(योगमाया खनाल वर्ष ८७, देउराली-७, गोरखा)

३.२. संरचनाका आधारमा सिलोक

सिलोक छन्द शास्त्रको शास्त्रीय नियममा बाँधिदैन। त्यसकारण यसको शास्त्रीय संरचना देखिँदैन तर पनि प्रस्तुतिका आधारमा यसका केही संरचनाहरू भने अवश्य भेटिन्छ। त्यसकारण संरचनाका आधारमा सिलोकलाई चार प्रकारले वर्गीकरण गरिन्छ।

३.२.१ अन्ताक्षरी सिलोक

सिलोकमा दोहोरो प्रतिस्पर्धा गर्ने शैलीमध्ये अन्ताक्षरीलाई रोचक शैलीमा लिने गरिन्छ। एउटा पक्षबाट सिलोक भन्ने क्रममा जुन अक्षेरमा लगेर टुङ्ग्याँउछ सोही अक्षरबाट अर्को पक्षले वा ठुवाको प्रतिस्पर्धीले सिलोक उठाउनु पर्छ। यसरी सिलोक भन्दा प्रतिस्पर्धीले टुङ्ग्याएको अक्षरबाट सिलोक उठाउनुका साथ साथै उसको प्रश्नलाई पनि हेक्का गर्नु पर्छ। त्यसकारण यो शैली जटिल तथा बौद्धिकतापूर्ण पनि मानिन्छ।

निबद्ध एकै पतिमा बधुजन,
बधू हजारौं पतिले हुने लिन,
चलेन पत्नी ब्रतको प्रथा किन ?
तँलाइ मालुम छ कि यो कुरा मन ? (कविशिरोमणि लेखनाथ पौड्याल)

यसमा पहिलो सिलोकेले न अक्षमा विश्राम गरेकाले अब जवाफ दिने सिलोकेले पनि न अक्षरबाटै उठाउनु पर्छ।

नजा नजा जङ्गलमा नजा नजा,
म भित्र छु बाहिर छैन क्यै मजा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फर्केर आईकन छात्तीमै बस,
पराईमा भो दिन हुन्न औजस ।

यसमा 'स' मा आएर विश्राम भएकाले सोही वर्णबाट सिलोकको उठान गर्नु पर्छ । जस्तै :

सबै बोकुन् चुच्चे खनिकन पहाड बाहुबलले,
गुडाउनन् दैलामा मटर घुर्घुर पारि सवले,
चलुन उइँटा चर्खा हिउँद वर्षमा घरघर,
हवस हाम्रो राम्रो प्रजातन्त्र हितकर । (पं. नेत्रमणि आचार्य, गोनापा हिलेपोखरी)

राम जो हुन् प्रभु हुन अनन्त अधिनाथ चौधै भुवनका धनि,
लक्ष्मी हुन् त जगदम्बिका उनकी पत्नी सीताजी पनि ।
सर्वश्व सर्वनास गराउन यहाँ सीता तिमीले हर्‍यौं,
साँचा हुन् यी कुरा अवश्य महि नै आफ्ना बहुतै नास गर्‍यौं ।

यस सिलोक "र"मा आएर बसेकोले अब उठाउनेले "र" बाटै उठाउनु पर्छ ।

रामूमा चित्त दिएर मर्नु बढिया मानेर सीता तहाँ,
झुन्डिने मतलव गरी खडा भइन् पक्रेर हाँगा महाँ,
राक्षसका बीचमा बसी जीउन ठिक, मर्नै निको मर्दछु,
चुल्ठो लामो छ झुण्डिन यहाँ डोरी यही गर्दछु ।

यसमा "छ" मा आएर सिलोक बसेको हुँदा प्रतिस्पर्धीले "छ" बाट सिलोक उठाउनु पर्छ ।

छोरा त तिमीलाई छैनन् हे नृपत्ते, साँचो बताए तर,
छोराको मुखसम्म हेर्दछौ भने, एउटा प्रतिज्ञा गर ।
त्यही बालक यज्ञको बलि गरी, दिन्छौ भने पुत्र त,
होला दिन्छु कबुल यो गर तिमी, हुँदैन है नत्र त । (सं. बमबहादुर खनाल, गोनपा-१३ देउराली)

एवं रीतले यो अन्तक्षरीको सिलोक चल्दै जाने क्रममा प्रतिस्पर्धीहरूले अप्ठेरो अक्षरमा लगेर सिलोक बसाउने, एउटै अक्षरमा मात्र लगेर सिलोक बसाएर अत्याउने जस्ता सिलोकी तिकडम अपनाउने गर्छन् ।

३.२.२ प्रश्नोत्तरी सिलोक

जन्ती जाँदा भत्कौरेलाई जिस्काउने परम्परा रहेको पाइन्छ । जन्तीको खबर लिएर यति जना आएका छौं, यति जनाले सिकार खाँदैनन्, यति जना स्वयम्पाक्य छन्, लगनको समय तथा अन्य विविध जानकारी लिएर जन्ती पुगु भन्दा एकाध घण्टा अगाडिनै दुलहीको घरमा ५/७ जनाको फुर्तिलो टोली पुग्छ । त्यसलाई जिस्क्याउन करुवाको टुटीभित्र ठेडी कोचेर पानी खान दिने, कसारको भित्र गुच्चा तथा बेल वा ढुङ्गो राखेर खान दिने, जगेमा बिच्छ्याइएको दरी वा सत्रञ्जामुनि तोरी वा कोदो राखेर चिप्ल्याउने जस्ता रोमाञ्चक गतिविधि गरिन्छ । यसै गरी घरबेटीले भत्कौरेलाई विभिन्न प्रकारले प्रश्न गरेर अत्याउने पनि गरिन्छ । सोही सन्दर्भमा विभिन्न सिलोकी सवाल जवाफ पनि हुने गर्छ :

प्रश्नः आउन त आयौ कति खबर ल्यायौ ?
बोल्दै नबोली रोटी कसार भ्यायौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कति छन् त जन्ती नि अगाडि को छ ?
कति छन् अग्ला कति छन् होचा ?

जवाफः टाढाको बाटो थाकेर आइयो,
भोक तिर्खा लाग्दा रोटी कसार खाइयो ।
पाँचसय जन्ती दर्जीको रमाना
होचा अग्ला छैनन् कुचो झैं समान ।

प्रश्नः कति बाट्यौं दाम्ला नाम्ला कतिबाट्यौं कुचा ?
कति आयौं बुढापाका कति आयौं फुच्चा ?

जवाफः धेरै बाट्यौं दाम्लानाम्ला धेरै बाट्यौं कुचा,
धेरै ल्यायौं बुढापाका थोरै ल्यायौं फुच्चा ।

प्रश्नः कहाँफुल्छ लाली गुराँस कहाँफुल्छ जाई,
कहाँमा जन्मे राम र लक्ष्मण कहाँ जन्मिन् सीतामाई ?

जवाफः लेकमा फुल्छ त्यो लाली गुराँस बेसीमा फुल्छ जाई,
अयोध्यामा जन्मे राम र लक्ष्मण जनकपुरमा सीतामाई ।
(सं. भीमप्रसाद खनाल, गोनपा १३ सिमलथुम्की)

प्रश्नः ए बाबु तिम्रो घर हो त कहाँ?
जन्म भयो तिम्रो कति साल महा ?
जन्म भए पछि के चिज पियौ ?
तिम्रो बाबु जन्मँदा तिमी कत्रो थियौं ?

जवाफः घर हो मेरो कट्टेल डाँडा महा,
जन्म भो मेरो ९४ साल महा,
जन्म भए पछि आमा दुध पिएँ,
हाम्रो बाबु जन्मदा अर्को चोला थिएँ । (देवी प्रसाद कट्टेल, गोनपा ८, कट्टेल डाडाँ)

२.२.३ खुला :

जन्ती र घरबेटीको सिलोके बीच घम्साघम्सी हुँदा त्यहाँ कुनै विषयवस्तुमा सीमित हुनुभन्दा पनि छिरोलिएको पाइन्छ । धर्म शास्त्रदेखि दैनिक खेतीपाती, खानपिनका कुराहरूदेखि आर्थिक हैसियतका कुराहरूसम्म, खेतबारीका कुराहरूदेखि गाइभैंसी तथा गोरुखसीका कुराहरूसम्म एकले अर्कोको उछित्तो काड्नसम्म पछि पर्दैनन् । त्यतिमात्र नभएर दैनिक जीवमा आवश्यक पर्ने सामाजिक व्यवहारलाई पनि विषयवस्तु बनाउने गरिन्छ ।

दैनिक जीवनमा जानीराख्नु पर्ने सामाजिक व्यवहारका केही सिलोकहरू :

गोरु कस्तो छान्ने भन्ने बारेमा :

गुरे कान शरीर पूर्ण वयको बाक्लो न ता पातलो,
उँचो शीर मिहिन पोत रङ्गाको छड्क्याइलो क्यै ठूलो,
लामो पुच्छर पातलो खुरामिही एउटै सरी देखिने,
किन्नु पर्दछ गोरु रूप गुनको देख्दै मनै लोभिने ।

कस्तो गोरु नकिन्ने ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिन्आँखे भुमरे र रूपविहीनको कात्रे मजेत्रे अनि,
शीरकट्टा नतमस्तके अति ढिलो, आङ भाँचदै जोतने ।
ओदाने र चिहानी किन्न नहुने जिब्रो छ रातो भने,
यस्ले पिर्छ अवश्य मालिक पनि पाटे भए सन्कने ।

(संकलक : स्व.भीमप्रसाद खनाल, गोनपा १३ देउराली) ।

एक अर्कालाई अड्को पड्को पार्दै आफूले बाजी मार्नका लागि जन्ती र घरबेटी बीच सिलोकमा रोचक दोहरी पनि हुन्छ । त्यस्तै प्रकारको रोचक सिलोक :

अड्को

पैले हामी जन्मन गयौं दाजु नजन्मिकन
त्यस्का दुई दिनमा त दाजु जन्मनु भयो पिता नजन्मि कन,
त्यस्का तिन दिनमा त पिता जन्मनु भयो ऐले रहन्छन् स्वर्गमा
यो अर्थ भन पण्डिता जन हो माता रहिछन् गर्भमा ।

अर्थः

पैला हामी त बिज रोपन गयौं जोतेर बारी महा,
त्यस्का दुई दिनमा त निस्कन गयो उम्रेर टुसा जहाँ ।
उस्को तिन दिनमा त पिताजी सरी भै छाता सरी स्वर्गमा
पिँडालु हुन गो समुच्च रूपमा गानु रह्यो गर्भमा ।

(संकलक : बम बहादुर खनाल, गोनपा १३ सिमलथुम्की)

सिलोकमा प्रतिस्पर्धा हुँदै गए पछि एक अर्काको हुर्मत लिन पनि बाँकी राख्दैनन् सिलोकेहरू। उनीहरूलाई कुनै विषयगत सीमाले छेक्दैन । तर त्यो केबल सिलोक भनुन्जेलसम्मका लागि मात्र हुन्छ । यस्तै एउटा सिलोक :

ठोट्नेको शीरमा डडेलो लाएथे उडी गएछन् मुढा,
सिलोकको जुवारी सिलोकले तिरौंला जोरी नखोज कल्चुँडा,
घर माथि देवीथान सिलोकले खायो कान जितुँला भन्ने नठान,
मेरो बैशमहाँ उखेल्छु तेरा कान सिलोकले घोच्का नहान । (सुवेदीः२०६०:१०५)
ए भाइ रतुवा तँ मेरो भतुवा चडेर बोल्छस् अति,
हिर्काउँला मुखमा झुण्डाउँला रुखमा लडाउँला पातै कसी ।

३.२.४ लहरी सिलोक :

यो पौराणिक वा अन्य महत्वपूर्ण कृति वा ग्रन्थका आधारमा प्रतिस्पर्धा गर्ने सिलोक हो । यसमा पहिलो सिलोकेले जुन सिलोक भन्छन् उनका प्रतिद्वन्द्वीले पनि त्यस पछिको क्रमश आउने अर्को सिलोक भन्नु पर्ने हुन्छ । प्रतिस्पर्धीले त्यस पछिको क्रमश.. सिलोक भन्न नसकेमा उ पराजित भएको मानिन्छ । यसमा रामायण, महाभारत, देवीभागवत तथा अन्य ग्रन्थका सिलोकहरूलाई सिलोकेहरूले कन्ठस्थ पार्नु पर्ने हुन्छ । पहिलो सिलोकेले कहाँबाट कुन सिलोक भन्छ दोस्रो सिलोके त्यो सिलोक पछि कुन सिलोक छ ? त्यसका लागि आफू तयार हुन सक्नु पर्छ ।त्यसको जवाफमा फेरि अर्कोले त्यस पछिको सिलोक भन्दै जानु पर्ने भएकाले यसलाई लहरी सिलोक भन्ने गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.३ विषयवस्तुका आधारमा

सिलोकमा विषयवस्तुको विविधता पाइन्छ । विषेष गरेर सामाजिक सन्दर्भ,स्थानीय आवहवा, प्रकृति पशुपंक्षी, वनस्पती, लोकविश्वास, व्यङ्ग्य हाँसपरिहास, लोकानुभव तथा सामाजिक लोक जीवनका विविध पक्षहरूलाई आफ्नै तरिकाले प्रस्तुत गरिन्छ । तथापि यी छिरोलिएका विविधतापूर्ण विषयवस्तुलाई एकीकृत वर्गीकरण गर्दा पौराणिक, सामाजिक चेतनामूलक, व्याङ्ग्य बिनोदी, खेतीपाती, पशुपालन खानपान तथा दैनिक जीवनसँग सम्बन्धित सिलोकहरू बढी प्रचलनमा रहेको पाइन्छ ।

सिलोकको महत्व विषयवस्तुको विविधतामा पाइन्छ । विवाहको एउटै सन्दर्भमामात्र नभएर सिलोक त्यतिबेलाको मनोरञ्जनको साधन समेत भएकाले जुनसुकै चाड पर्व विशेष पनि सिलोक भन्ने परम्परा रहेको मानिन्छ । हालका दिनमा आएर मनोरञ्जनका विविध नवीन साधनहरू आएकाले सो को अस्तित्व समेत सङ्कटमा परेको छ । अधिल्लो पुस्ताले भरपुर मनोरञ्जन लिएको यो विधा यति छिटो नै लोपोन्मुख हुनुले यसले समसामयिकतालाई दरोसँग समात्न नसकेको हुनु पर्छ । लोक साहित्य लोकसंस्कृतिको बारेमा चर्चा परिचर्चा भए पनि सिलोकका बारेमा हालसम्म पनि खोज अध्ययन हुन सकिरहेको छैन । गोरखा जिल्लाको मौलिक सम्पत्तिको रूपमा परिचित यस विधालाई जोगाइ राख्नका लागि धेरै कामहरू गर्नु पर्ने देखिन्छ ।

विषयवस्तुको विविधता अन्तरगत पनि पौराणिक विषयवस्तुका सिलोक बढी लोकप्रिय भएको देखिन्छ ।

३.३.१ पौराणिक विषयवस्तुमा आधारित सिलोक :

अराध्येदेव राम, कृष्ण तथा शिव विष्णु आदिलाई आस्थाको आधार बनाई उनीहरूको महिमा गानमा सिलोक भन्नेहरू गाउँगाउँ तथा टोलटोलमा आफ्नो गला र कलाबाट विश्राम लिए पनि सिलोकेहरू गाउँगाउँ र टोलटोल एवं वस्ती वस्तीमा आफ्ना पुराना कथा संझिएर बसेको पाइन्छ । रामायण, महाभारत, देवी भागवत, कृष्णचरित्र, विष्णु पुराण लगायत विभिन्न धार्मिक ग्रन्थहरूलाई आधार बनाएर त्यहाँका सिलोकहरूलाई मुखाग्र भन्न सक्ने क्षमताका धनी देउराली निवासी रामचन्द्र पन्त, बम बहादुर खनाल, फौद बहादुर खनाल, स्व. भीमप्रसाद खनालको नाम अग्रपङ्क्तिमा आउँछ । यसै गरी गोनपा कट्टेल डाँडाका भीमप्रसाद कट्टेल प्रमुख रहेका छन् ।

भोकी मैली निन्याउरी न त कपाल, कोरेकी सव्केश् उसै,
लट्टामात्र गर्‍याकि खालि भुइँमा, रुँदै बस्याकी यसै,
राम्-राम्-राम् यतिमात्र बोलि रहँदी, देख्या र साना भई,
पात्का अन्तरमा लुक्या ती हनुमान, रुख्का उपरमा गई । (भानुभक्त रामायण)

३.३.२ सामाजिक/राजनीतिक चेतनामूलक

समाजलाई अशिक्षा, अन्धकार, अन्यायबाट मुक्त गर्नका लागि वा समाज परिवर्तनका लागि सामाजिक जागरणमूलक सिलोकको भूमिका त्यतिबेलाको समयमा निकै प्रचलित थियो ।

नेपाल हाम्रो सुन देशवासी हो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बैशाखको न्याउली झैं रुँदो छ यो ।
आएन देशमा सुशासन किन ?
तँलाई मालुम छ कि यो कुरा मन ।

नजा नजा संघीयतामा कसै नजा,
यो देश टुक्राउँदा हुन्छ के मजा,
भन्दा पनि नेताहरू गए किन ?
तँलाई मालुम छ कि यो कुरा मन ?

दक्षिणको छिमेकी नजात्ति सोच्छ,
काखमा राखेर छुरा हान्न खोज्छ ।
नाकाबन्द गरी के पायौ ? भन,
तँलाई मालुम छ कि यो कुरा मन ?

३.३.३ व्यङ्ग्य बिनोदी,

सिलोक प्रायः बिहेमा भन्ने गरिन्छ । बिहेमा सिलोक भन्दा अर्को पक्षका बुद्धि र प्रतिभा जाँच्ने काम हुन्छ र अर्को पक्षले पनि सिलोकमै उत्तर दिन्छन् । यस क्रममा दुलहीका घर आँगनमा जन्ती पुग्न लागे पछि दुलाहापट्टिबाट पयुँका हाँगाहरू बोकेका भतखरु अघि लाग्छन् । त्यस पछि भने एक किसिमको लोक कवि गोष्ठि नै हुन थाल्छ (पराजुली,२०६५:३५६) । यसरी सिलोक भन्दा विषयबस्तुको विविधता वा जीवन जगतका सबै यावत अनुभव अनुभूतिहरू पनि समेट्न सकिने भएकाले यसको आकर्षण मनोरञ्जनका क्षेत्रमा बढी पाइन्छ ।

पशुपालन तथा कृषि व्यवशायसँग सम्बन्धित सिलोक

गोरु किन्न गा को गापे र पाँडे,
पराल्नी खाँदैन यस्का बाउको साँढे,
रोगी त गोरु झन रैछ आँडे,
छब्बीस पैसा खाल्टैमा गाडे ।

अम्बलीहरूलाई व्याङ्ग्य गरिएको सिलोक

जुठो खान्छ नमानी फिक्री सबको खाँचो गरी कामको,
रोगै हर्छ न ता न पेट भरने, खर्चै गरी दामको ।
टन्टा धेरै सहन्छ पोलिकन हात्, यस्ले न ता स्वर्ग भो,
गाँजा सुर्ति, तमाखु, कक्कड चुरोट, खाने बडो मूर्ख हो ।
(स.कविराज नरनाथ आचार्य, नेपाली लोकपद्य : परिचय र विवेचना)

महिला हिंसा सम्बन्धी सिलोक :

ए आमा मत जान्न पापी घरमा, के हुन्छ नानी तँलाई,
चोली खोली दिने, दुधै अठ्याई दिने, निन्द्रामा व्युँझाइ मलाई ।
यस्तै हो सहनु कतै नकहनु, संसारमा चल्ने रीति,
तेरा बाबु असी वर्ष भए पनि, यस्तै छ उनको थिति ।

सिलोकमा व्यङ्ग्यको महत्व ज्यादै भएको पाइन्छ । सिलोकका पारखीहरूका लागि यो पनि व्यङ्ग्य र घोचपेच महत्वपूर्ण कलाको रूपमा लिने गरिन्छ । हाम्रा दैनिक जीवनका दुःखसुखलाई, होचो अर्गेलोलाई, शुभ अशुभलाई व्यङ्ग्यको माध्यमबाट प्रस्तुत गरी मनोरञ्जन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
लिने प्रवृत्ति सिलोकहरूमा पाइन्छ ।

३.३.४ खेतीपाती, पशुपालन खानपान तथा दैनिक जीवनसँग सम्बन्धित सिलोक :

लोक साहित्यले लोकको विम्ब प्रस्तुत गर्छ । समाजको जीवन आधार भनेकै खेतीपाती, पशुपालन हो । साहित्य समाजको दर्पण भएकाले जीवनका सबै सामाजिक वा वैयक्तिक कार्यकलाप साहित्यका माध्यमबाट पोखिने गर्छ । त्यसैले सिलोक पनि असाक्षर समुदायको सहज अभिव्यक्ति भएकाले यसमा प्राय खेतीपाती पशुपालन, तथा दैनिक जीवनका सुखदुःखका अभिव्यक्तिहरू रहेको हुन्छ । नारी चेनता, उत्पीडन, कुण्ठा र पीडाको सहज अभिव्यक्ति पनि सिलोकमा पाइन्छ ।

जेठैमा सुतेकी असार बिति गयो, साउन विनासै रह्यो ।
काम गर्ने सकिन कठै मेरी आमा, मैयारानी नाम रह्यो ।
घाँस काट्न भनेर गएँकी म थियाँ, चुरी बोटे खेत मुनि,
के दिनमा परेछु कुरौटे घरमा, गए मेरा चेत पनि ।

अम्मल तथा धुम्रपान सम्बन्धी :

प्रातः काल महा उठेर हरिनाम, जप्नु कता हो कता,
थोत्रो मक्कल हातमा लिई सधै, स्वर सुन्छु यता-उता ।
जहाँ मानिस बोल्दछन् उही गई ए भाइ आगो छ कि,
सारै आज तमाखुमा मन गयो भन्छन् तमाखे दुःखी ।
ज्ञानै आज तमाखुले यदी भने विद्या कला व्यर्थ भो,
भोकनास हुन्छ तमाखुले यदि भने, रस् अन्न सब व्यर्थ भो ।
शोकनास हुन्छ तमाखुले यदि भने के दुख पर्ला अब ?
क्यै काम सिद्ध हुँदैन भन्दछु म ता, छोड्द्यौ तमाखु सब ।

जीवन मरण सम्बन्धी :

जस्ले यी घरखेत सम्पत्ति ठुलो आर्जेर जम्मा गरे,
हाम्रा बाबु जिजु कठै अरुहरू कैले न कैले मरे ।
हाम्रो शुन्य छ लै पछिल्तिर अहो, फर्केर हेर्दै कहाँ,
आफूलाई सधैभरि अमर भैं, ठानेर बस्छौ कहाँ ?

दाउपेच तथा छेडछाँडका सिलोकहरूः

ए बाबु कसका छोरा तिमी भयौ ? कण्ठै मिलेको गलो,
हाम्रो घर हिँडजाम, पिडीमा बसौला, जोतौला हाम्रो हलो ।
ए भाइ रतुवा सबैको भतुवा चढेर बोल्छस् अति,
हिर्काम्ला मुखमा भुण्डाउला रुखमा राखौंला पातै कसी ।

गृहणीका सम्बन्धमा :

चोथाले कच्कचे स्त्रिया छ घरमा, जस्को कुरौटे अति,
अल्छी फोहरनी र खन्चुइ सदा, बस्मा गराउने पति,
वास्ता बस्त्र र केशको नगरने, साँझमा नबाल्ने दियो,
यस्ती सुन्दरी साथमा हुनु छ ता, जोगी हुनु बेस् थियो

(सङ्कलनः रामचन्द्र भट्टराई)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनस्पति तथा फलफुल सम्बन्धी :

अम्बा आँप आरु, अनार, अमला केरा उखु जामुनो
चिउरीको फूल ऐसेलु र कटहर ओखर कटुस कागुनो
ज्यामिर कागती सुन्तला र बडहर डुम्री पदेल पाखुरी
मिस्ठान्न नरिवल सुपारी अरु सब भुल्छन् किनारा भरी,

(सङ्कलकः बम बहादुर खनाल, गोनपा-१३, सिमलथुम्की)

यसरी लोकसाहित्य समाजको दर्पण बन्न पुग्दछ । हाम्रो समाज कृषि पशुपालन तथा विविध सामाजिक सन्दर्भसँग जोडिएकाले सिलोकको विषयवस्तु पनि सोही बमोजिम भएको पाइन्छ ।

४. निष्कर्ष :

सिलोक सदाकालिक नेपाली लोककविता हुन् (शर्मा, लुईटेल, २०६३:१४४) । सिलोक बिहेमा मात्र नभई गाउँघरमा पूजाआजा हुँदा, जाग्रम बस्दा, गोठाला जाँदा, घरआँगनमा बसिबियाँलो गर्दा विभिन्न प्रकारका मेलामा रमाइलो गर्दा जुनसुकै बेलामा पनि भन्ने गरिन्छ। दिनदिनको व्यवहार, देखेसुनेको तथा भोगेबुझेको विषय वस्तुलाई अवसर अनुसार व्यक्ति गरिने भएकाले यो श्रुतिमाधुर्य हुन्छ । यो लघु आकारको दुई हरफदेखि चार हरफसम्मका हुने भएकालाई यसलाई मुक्तकको रूपमा पनि हेर्न सकिन्छ । यो प्रगीतात्मक संरचना भएकाले लयात्मक हुन्छ तर छन्दमयताका करणले यो लोकगीत भन्दा केही भिन्न हुन्छ ।

लोकछन्दको हाराहारीमा शास्त्रीय छन्दको अनुकरण गर्ने प्रवृत्तिबाट जन्मेका सिलोकहरूलाई समयको प्रवाहले पछि लगेको भए तापनि ग्रामीण समाजमा अझ पनि यो जीवित नै छ (बन्धु, २०६०:५६) । सिलोक केवल उटपट्याङ खाले मनोरञ्जनको साधन मात्र हैन यसमा त गाउँघर, लेकबेसी, बनपाखाका सुसेली सँग बयली खेल्ने लोककलाकारको स्वतःस्फूर्त भावनामा जीवनमा भोगिएका, देखिएका र सुनिएका प्राकृतिक प्रकोप विपत्ती अप्रत्याशित घटनाहरूको वर्णन गर्दै मन नै कटक्क खाने खालका सिलोकहरूको पनि रचना गरिएको पाइन्छ । लोक कविहरूबाट कथिने र गाइने यस्ता सिलोकमा खास गरी पहाडिया गाउँघरको जीवन प्रतिविम्बित भएको पाइन्छ । यसमा पनि गोरखाको विशेषता झल्कने गाईबस्तुको पालनपोषण, खेतीबाली, सामाजिक सदाचार र सद्भाव झल्कने खालका विषय वस्तुहरू गोरखामा प्रचलित सिलोकमा देखिन्छ । गोरखा नगरपालिकाको कट्टेलडाँडामा तुलनात्मक रूपमा पढेलेखेका बाहुनहरूको वर्चश्व रहेका कारण त्यहाँबाट जन्त जाने तान्द्राङ, अम्राङ, आरुपोखरी, मसेल, छोप्राक, आँपपिपल, देउराली, बक्राङ, बुङ्कोट, बोर्लाङ जस्ता क्षेत्रहरूमा सिलोकको प्रचलन व्यापक भएको बुढापाकाहरू बताउने गर्छन् । गोरखा देउरालीका स्व. भीमप्रसाद खनाल, बम बहादुर खनाल, रामचन्द्र पन्थ, बक्राङका स्व. ठाकुर प्रसाद अर्याल, कट्टेल डाँडाका देवी प्रसाद कट्टेल, हिलेपोखरीका पं. नेत्रमणि आचार्य, लगायत सिलोकेहरूको प्रशंसा हालसम्म पनि सुनिन्छ ।

सन्दर्भ सामग्री :

- अधिकारी विश्व प्रेम, (२०५७), **आँधीखोले लोक संस्कृति र लोक गीत**, स्याङ्जाः विजय कुमार अधिकारी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- थापा, धर्मराज, (२०३५), **लोक संस्कृतिको घेरामा लमजुङ**, ललितपुर : साझा प्रकाशन ।
- पन्थ, कालीभक्त, (२०४३), **हाम्रो साँस्कतिक इतिहास**, काठमाडौं : कालीभक्त पन्थ ।
- पराजुली, कृष्णप्रसाद, (२०६५ दो.), **नेपाली लोकगीतको आलोक**, काठमाडौं, बीणा प्रकाशन प्रा.लि. ।
- बन्धु, चूडामणि, (२०५८), **नेपाली लोक साहित्य**, काठमाडौं : एकता बुक्स ।
- ,, ,, , (२०६०), **नेपाली साहित्यको इतिहास**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
- बराल, ईश्वर र अन्य, (२०५५), **नेपाली साहित्य कोश**, काठमाडौं : एकता बुक्स ।
- शर्मा मोहनराज र खगेन्द्र प्रसाद लुइटेल, (२०६३), **लोकवार्ता विज्ञान र लोक साहित्य**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
- सुबेदी, हंशपुरे, (२०५५), **नेपाली लोक जीवन** : लोक विश्वास, ललितपुर : साझा प्रकाशन ।
- ,, ,, , (२०६०), **नेपाली लोकपद्यः परिचय-विवेचना**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रद्धाञ्जली

जन्मः २०३४।१।१४

स्वर्गारोहणः २०७४।१।०१

दण्डपाणि अर्ज्याल स्मृति केन्द्रका कोष संस्थापक मध्येका हरिहर तथा चन्द्रा अर्यालका कान्छा सुपुत्र यस संस्थाका आजीवन सदस्य **उमेश अर्याल**को ४० वर्षकै अल्पायुमा फ्रान्सको पेरिसमा मिति २०७४।१।४ गते दुःखद् निधन भएकामा दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै दुःखको यस घडीमा अर्याल परिवारप्रति समवेदना व्यक्त गर्दछौं ।

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र
काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपहार आँसुको कथासङ्ग्रहमा अन्तर्वस्तु

अनुपमा रेग्मी

विषय परिचयः कथा विधा थोरैमा धेरै कुरा प्रस्तुत गर्न सक्ने लघुविधा हो । गद्यमा लिखित यस साहित्यिक विधामा कथाकारले आफ्नो रुचि क्षेत्र र रीति क्षेत्रमा रहेर कुनै विषयलाई कथामा प्रस्तुत गर्छन् । कथाकारले कथालेखनका लागि छनौट गरेको विषयभित्र निहित वैचारिकता, सामाजिकता, भौगोलिकता आदि नै कथाका अन्तर्वस्तु हुन् । यसैका आधारमा यहाँ सीता अर्यालकृत उपहार आँसुको कथासङ्ग्रहको अध्ययन प्रस्तुत गरिएको छ ।

विषय विस्तारः सीता अर्याल वि.सं. २०६० देखि नेपाली कथालेखन क्षेत्रमा पुस्तकाकृतिसहित उपस्थित भएकी हुन् । आफ्ना जीवनका अनुभवजन्य अनुभूतिलाई उनी कथाको विषय बनाउँछिन् । हाल संयुक्त राज्य अमेरिकामा बस्दै आएकी अर्यालको प्रस्तुत कथासङ्ग्रह उपहार आँसुको भित्र पनि उनका अनुभूतिहरू विषय बनेका छन् ।

उपहार आँसुको कथासङ्ग्रहका कथामा विषय नौला छैनन् र पात्रगत भोगाइ पनि सायद अमेरिकी जीवनमा बाँचिरहेका नेपालीका लागि नौला होइनन् । डायस्पोरिक नेपाली समाजका विविध पक्षबारे अन्य साहित्यकारले पनि निरन्तर लेखिरहेकै छन् कथामार्फत, कवितामार्फत, संस्मरण र यात्रा निबन्धमार्फत । यसर्थ, नेपालबासी नेपाली पाठकका लागि पनि ती त्यति नौला रहेनन् अब । खासमा भन्नुपर्दा कुनै पनि विषय नौलो अर्थात् एकदमै नसुनेको भन्ने हुँदैन । मानवका भोगाइ र तद्जन्य अनुभूति सार्वजनीन हुन्छन्; फरक तीप्रति भोक्ताले दिने दृष्टिकोण मात्रै । यही भिन्नताले यही फरकपनले साहित्य जन्माउँछ र साहित्यलाई विविधता दिन्छ । त्यसमा फरक पार्ने अर्को तत्त्व हो भाषा र त्यसलाई प्रस्तुत गर्ने शैली । भाषाशैलीका कारण नै वास्तवमा साहित्यलेखनका विशेषता प्रस्तुत हुन्छन् । कथाकारका खास विशेषता यसैद्वारा पहिल्याउन सकिन्छ । प्रस्तुत कथासङ्ग्रहभित्रका कथाले पनि परिचित विषयभित्र अपरिचितता बोकेर आफ्नो छुट्टै अस्तित्व नेपाली कथाको इतिहासभित्र लेखाएका छन् । बीस ओटा कथाका थुँगा उनेर बनाइएको यस मालामा प्रत्येक कथाले फरक अस्तित्व प्रस्तुत गरेको पाइन्छ । प्रथम कथा अविवेकी सन्तानमा पुरुष पात्रलाई पनि नारी झैं कोमल भावयुक्त गराइएको छ । (हुन त पुरुषमा र स्त्रीमा हुने अनुभूति समानै हुन्छन् होला तापनि कथामा पुरुष पात्रलाई त्यति कोमल भावयुक्त देखाएर चित्रण गर्ने परम्परा छैन ।) दिनरात परिश्रम गरेर हुर्काए बढाए पढाएका छोराछोरीहरू अचेल पढ्ने नाममा विदेशतिर हराउने इच्छा गर्छन् । छोराछोरीको भविष्यका लागि बाबुआमाले सन्तानबाट टाढिनुपर्ने कष्ट सहेर उनीहरूको इच्छालाई सहर्ष स्वीकारिदिन्छन् । विदेश पुगेपछि त्यहींको जीवनमा भिजेपछि चटक्क मातापिता बिर्सेका सन्तानप्रतिको प्रेम यसको प्राथमिक विषय हो । वर्तमान उत्तरऔद्योगिक युगमा पढाइका नाममा रोजगारीका

लेखक पद्मकन्या बहुमुखी क्याम्पसका उपप्राध्यापक हुनुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
लागि युरोप र अमेरिका भासिने सन्तानको नवीन यथार्थोद्घाटन कथामार्फत गरिएको छ । कथामा अलि पहिले नै अमेरिकामा घर बनाएर बसेका र आर्थिक सम्पन्नता हासिल गरेकाले नेपालका उच्च मध्यम वर्गलाई समेत 'गरिब' ठान्ने र हेप्ने गरेको घटनालाई यस कथाले प्रस्तुत गरेको छ । उत्सुकता र कलात्मकताले रोचक बनाएको प्रस्तुत कथा सुखान्त छ । कथानकको चरमोत्कर्षमा अन्त्य भएको र आदि, मध्य र अन्त्यको समुचित सन्तुलनले कथा उच्च प्रकारको बनेको छ । वसन्त र पालुवाहरूमा पनि अमेरिकी आप्रवासी युवाको जीवन विषयको रूपमा आएको छ । कथामार्फत लेखक युवाहरूलाई नेपालमा बसेका आफन्तप्रतिको दायित्व नबिर्सन सुझाव दिन्छिन् । नेपालबाट जस्तै अन्य देशबाट गएका युवायुवती प्रेमाकर्षणमा भुलेर कर्तव्याकर्तव्य खुट्याउन नसकी भौतारिन पुगेको अवस्था यसको विषय हो । भावना कथामा अमेरिकीहरूको प्रेम आकर्षणमै हुन्छ जहाँ वासनाको बाहुल्य रहन्छ । हामी नेपालीको जस्तो समाज र परिवारका लागि वैवाहिक सम्बन्धको आवश्यकताबोध रहँदैन । उनीहरू समाज र परिवारका लागि जिम्मेवार रहँदैनन् । जिम्मेवारी शब्द पैसासित मात्र सम्बन्धित हुन्छ, भावनासित हुँदैन तैपनि आफ्नो लोग्ने वा स्वास्नी अरूसित सल्किँदा उनीहरूको पनि मन त्यति नै दुख्छ भन्ने देखाइएको छ । कथामा नारी र पुरुष दुवैका अनुभूतिलाई उत्तिकै सहज र यथार्थमय ढङ्गले प्रस्तुत गरिएको छ । पश्चिमा महिलाहरू हर काममा सक्षम हुनाले स्वनिर्णय स्वतन्त्रतापूर्वक गर्छन् भन्ने देखाउनु यस कथाको उद्देश्य हो । कथामा कथाकारले अमेरिकीहरू सायद यही कुरा बुझ्दैनन् भनेर बुझाउन खोजे जसरी लेखकले मुख वाक्य लेखेकी छन्, "कसैले अलिकति मायासहित मानवीय व्यवहार देखायो भन्दैमा आफूलाई नै अपनाउन चाहेको बुझ्नु के बुद्धिसङ्गत हो त?" फूलमाया र जेनीहरू कथामा "आधुनिक बन्नका लागि त आफ्नो सोचमा परिवर्तन ल्याउनु जरुरी छ" भन्ने सन्देश दिँदै लेखकले केही व्यावहारिक सिद्धान्तका पाटाहरू उजागर गरेकी छन् । उनले नेपालीहरू छिटै अमेरिकी चलनमा हेलिएर आफ्नो संस्कार चटक्कै भुल्न पुग्छन्, जुन ठीक हैन भन्ने निष्कर्ष प्रस्तुत गरेकी छन् । उनका केही कथामा नेपाली र अमेरिकी चलन संस्कार आदिको तुलना गरिएको छ । यस कथामा पनि लेखकले विद्यार्थीका रूपमा प्रवेशाज्ञा लिएर अमेरिका गएका नेपालीहरू अमेरिकी जीवनशैलीमा होमिँदा कति दुःख भोग्न विवश हुन्छन् र त्यसपछि नेपालसित तुलना गर्दै मातृभूमिको महत्त्व सम्झन्छन् भन्ने देखाएकी छन् ।



'भ्रम' कथा भने साामान्य घरव्यवहारमा पर्ने भ्रमका कुरा कथानकको रूपमा आएको छ । कथानकमा सबलता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
नहुनाले र अन्त्य पनि रोचक नहुनाले कथा त्यति उत्कृष्ट बन्न सकेको छैन । 'अनुपम स्वाद' कथामा भने नेपाली समाजमा छोरीप्रति अघिल्लो पुस्ताको दृष्टिकोण पुरानै भए पनि समाज, समय र परिस्थिति बदलिँदै गएकाले छोरीहरू पनि सक्षम भएर मातापिताका आश्रय बन्न थालेको कुरालाई विषय बनाइएको छ । कथामा मातापिताप्रतिको दायित्व र आश्रयको जिम्मा छोरीको काँधमा पनि उत्तिकै छ, हुनुपर्छ भन्ने देखाइएको छ । 'सन्देह' कथामा स्पष्ट संवादको महत्त्व दर्शाइएको छ । शङ्का निवारण गर्नु झगडाको बीज निबारण गर्नु हो भन्ने उद्देश्य प्रस्तुत गरिएको छ । विषय सामान्य भए पनि वस्तु र घटना विकासका कारण कथा रोचक बनेको छ । 'तुषारो' कथामा पनि कथावस्तु सरल छ । शैलीगत उत्कृष्टताले रोचक बनेको यस कथाले युवा उमेरमै भविष्यको चिन्ता गरेर सकारात्मक काममा लाग्ने सल्लाह दिएको छ ।

'आर्तनाद' कथामा भोग्न गाह्रो हुने स्वतन्त्र समाजमा भविष्यका लागि करिअर बनाउनैपर्ने बाध्यता र स्वतन्त्र जीवनशैलीबीचको लडाइँ देखाइएको छ । कथावस्तुको उठान राम्रै भए पनि पात्रका क्रियाकलाप अलि परिवेश अनुकूल भएको छैन । नारी पात्रलाई साह्रै काँतर र दुर्बल बनाइदिँदा कथानकको उत्तरार्द्ध सबल भएन । 'रोमा भाउजू' कथामा भने कथानक गठन र विषयको उठान जति सबल छ कथानकको उत्तरार्द्ध भाग र समाप्ति त्यति नै दुर्बल छ । यसले नेपाली परिवारमा घट्ने सामान्य घटनालाई विषय बनाएको छ । 'सङ्कल्प' कथामा नेपालमा चलेको बाह्रवर्षे जनयुद्धताकाको कथानक उठान गरेको छ । कथाले प्रेमका आरोह अवरोहलाई समझदारीमा नै मिलाउनुपर्छ भन्ने सन्देश दिएको छ । कथाको पूर्वार्द्ध चरणभन्दा अन्त्य अलि कमाजोर भए पनि भाषा प्रयोगका कारण 'आँट' कथा रोचक बनेको छ । 'आशीर्वाद' कथामा अमेरिकी डायस्पोरिकहरूले आफू बसाइँ गएको देशको संस्कृतिमा रमाउँदै त्यहाँको स्थानीयतासित समाहित हुँदै त्यहाँका स्थानीय र अरू देशबाट गएकासित मित्रता बढाउँदै जीवन बिताइरहेको अवस्थालाई विषय बनाइएको छ । विषय गम्भिर भए पनि कथाको निष्कर्ष भने सबल बन्न सकेको छैन । 'पर्दाभित्र' कथामा अविवाहित वयस्क महिलाले आफ्नी अति मिल्ने साथीको पतिसित शारीरिक सम्बन्ध बनाएको विषय छ । उमेरले नेटो काट्ने बेला भइसक्दा पनि कतिपय मानिसहरू सामाजिक रूपमा अमर्यादित, अनैतिक बनेर यौनजन्य गतिविधिमा बाँधिएर गलत गरिरहन्छन् भन्ने देखाउनु कथाको मूलभाव हो । घटनाको उत्कर्षमा अन्त्य हुनाले कथा रोचक बनेको छ तर कथाको आदि र अन्त्यमा जतिको सबलता मध्य भागमा भेटिँदैन । कथासङ्ग्रहको शीर्षक बनाइएको 'उपहार आँसुको' कथामा विषयवस्तु, पात्रगत स्वभाव आदिको सन्तुलनले उत्कृष्ट बनेको छ र रोचक पनि । त्यस्तै 'उपहार आँसुको २' कथामा पात्रलाई प्रकृतिको स्वभाव वा तत्कालीन प्राकृतिक परिवेशतिर डोऱ्याउँदै त्यसैद्वारा पात्रको अनुभूतिमा प्रवेश गरी कथानकलाई अगाडि बढाइएको छ । प्रेमको विछोडलाई मार्मिक ढङ्गमा वर्णन गरिएको यस कथामा व्यावहारिक आदर्शमा नै दुवैको भलाइ हुन्छ भनेर पात्रलाई त्यसैअनुसार क्रियाकलाप गराइएको छ । एकदमै सुखान्तमा अन्त्य गरिएको प्रस्तुत कथाले पाठकमा जगाउन सक्ने उत्सुकताका कारण कथा उत्कृष्ट बनेको छ ।

विषयअनुसार उचित शीर्षक छनौट गरिएको 'असहज निकटता' कथामा गर्लफ्रेन्ड वा ब्वाइफ्रेन्ड बनाउनु, सप्ताहन्त मनाउनु, विवाहपूर्व नेपाली संस्कारमा वर्जित कर्महरू गर्नु, अमेरिकी जीवनमा सामान्य हो भन्ने देखाइएको छ । विदेशी संस्कृतिको परिचय दिनु यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
कथाको विशेषता हो । आधुनिकताको नाममा मौलाउँदै गएको नेपाली समाजमा भएका परपत्नी र परपुरुष सम्बन्धलाई विषय बनाएको प्रस्तुत कथा यथार्थपरक छ । 'द्वैध चरित्र' कथामा जीवनको उत्तरार्द्धतिर पनि विपरीतलिङ्गी आकर्षण हुँदोरहेछ भन्ने भाव बोकेको यसले प्रेम आकर्षणका कुरा उमेरसँगै फरक प्रकारले मानिसको जीवनमा प्रवेश गर्छन् भन्ने देखाइएको छ । पारिवारिक विघटनका लागि पुरुष मात्र नभई महिला पनि त्यत्तिकै जिम्मेवार हुन्छन् भन्ने देखाइएको छ । 'त्यो स्पर्श' कथामा प्रथम प्रेमाकर्षणले बुढेसकालमा पनि झक्झक्याइरहन्छ भन्ने कुरा, नेपाली समाजमा बुढेसकालमा झन् पुरुषस्त्रीले एकार्काको सहारा चाहिने कुरालाई सहज रूपमा नहेर्ने कुरा कथाका विषय हुन् । प्रेममय आकर्षण भएका व्यक्ति नियतिवश छुट्टिनुपर्दा र तिनका जीवनका आरोह अवरोहले एकार्कालाई नजिक्याउँदा हुने अन्यौललाई कथाले व्यक्त गरेको छ । व्यक्ति शिक्षित र स्वतन्त्र निर्णयकर्ता हुँदा पनि सधैं मिलन नहुन सक्छ भन्ने भाव य कथामा समेटिएको छ ।

निष्कर्ष : उपहार आँसुको कथासङ्ग्रहका केही कथामा विवाहपूर्व नै युवायुवती सँगै बस्ने (लिभिङ टुगेदर) संस्कृति विषय बनेको छ । सङ्ग्रहका सबै कथाहरू पारिवारिक परिवेशका छन् तर ती फरकफरक प्रकारका छन् । सङ्ग्रहका धेरैजसो कथाका प्रमुख नारी पात्र वा नायिका सोझा, इमानदार, सहानुभूतियोग्य, आदर्शमय खालका छन् । तीमध्ये कतिपय त आफ्नो सोझोपनका कारण आफैंमाथि भएको विश्वासघात पनि थाहा पाउँदैनन् र पश्चातापमा परेका छन् । धेरैजसो कथामा दुःख सहेरै भए पनि घर सम्हाल्नुपर्छ भन्ने आदर्श बोकेका नारी पात्रको बाहुल्य छ । ती आफ्नो आदर्शमा अनुकूलता नपर्दा झन् दयनीय स्थिति भोग्न विवश छन् । सबैजसो कथामा सामान्य घटनालाई पनि शब्द वर्णनमार्फत निकै विशिष्ट बनाउन सक्ने कथाकारको खुबी झल्किएको छ । कतिपय कथामा अभिभावकप्रति सन्तान प्रतिबद्ध भएको देखाइएको छ तर उनीहरूप्रति अभिभावक सन्तुष्ट छैनन् भने कतिपय कथामा सन्तानप्रति अभिभावक प्रतिबद्ध छन् तर सन्तान अभिभावकप्रति प्रतिबद्ध छैनन् । कथाकारले कथामार्फत् मानिसले जस्तोसुकै परिस्थितिमा पनि कर्तव्य बिर्सन नहुने सकारात्मक सन्देश व्यक्त गरेकी छन् । त्यस्तै उनले पारिवारिक सदस्यका बीच शङ्का र भ्रम उत्पन्न भए एकार्कामा संवाद गरी समस्या समाधान गर्न पनि आग्रह गरेकी छन् । पति र पत्नीबीचका मनमुटावलाई समझदारीले नै मिलाउनुपर्छ भन्ने सन्देश यस सङ्ग्रहका धेरै कथामा आएको छ । सङ्ग्रहका कथामा पात्रगत अनुभूतिको प्रस्तुति विशिष्ट छ । अनुभूतिलाई शब्दगुच्छामा जोड्न गरिएका शब्दचयन र क्षणको चयनमा पनि सबलता देखा परेको छ । प्रस्तुत सङ्ग्रहका कथामध्ये नेपाली परिवेशका कथाहरू विषयवस्तुको उठान र अन्त्यमा अलि कमजोर छन् । कुनै कथामा कथाको उठानमा जस्तो विशिष्टता अन्त्यमा हुन सकेको छैन ।

भाषाका सन्दर्भबाट हेर्दा कथाकारले परिवेश सुहाउँदो यथार्थ भाषाको प्रयोग गरेको पाइन्छ । सङ्ग्रह भित्रका कथामध्ये आप्रवासी अमेरिकी जीवनशैली रीतिक्षेत्र भएका कथामा अमेरिकी जनजिब्रोका शब्द नै प्रयोग भएका छन् । ती शब्दको विकल्पमा प्रयोग गर्न मिल्ने नेपाली शब्द त छन् तापनि ती शब्दले कथाको सौन्दर्यमा कमी गरेका छैनन् झन् यथार्थको उजागर गर्न सहयोगी बनेका छन् । सबै कथामा सरल र प्रवाहमय भाषाको प्रयोग भएको छ । प्रायः सबै कथाका प्रमुख पुरुष पात्र र नारी पात्र पनि आर्थिक रूपले समृद्ध छन् । त्यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिमा, जहाँ पैसाको मात्र मान छ, पैसाको मात्र पूजा छ, त्यहाँका गरिबका, निम्न वर्गका प्रेम, तिनका इच्छा र गरिबीका परिणाम, वर्गीय विषमता आदि पनि कथाका अझ उत्तम विषय हुन सक्छन् । त्यसले लेखनमा केही फरकपन पनि ल्याउँदो हो । कथाकारले ती विषयको पनि उठान गर्न सके उत्तम हुने थियो । समग्रमा कथाकार सीता अर्यालको उपहार आँसुको कथासङ्ग्रहका कथामा सकारात्मक सोच, आशावादिता, नैतिक चेतना, पारिवारिक आदर्शको खोज, कौतुहलता र सरल भाषाशैलीको प्रयोग छ । विषयको छनौट, कथावस्तु संयोजन, भाषाचयन आदिका आधारमा अर्यालको कथा प्रवृत्ति आदर्शोन्मुख यथार्थवाद देखिन्छ । प्रस्तुत कथासङ्ग्रह आदर्शोन्मुख यथार्थवादी कथाहरूको सँगालो हो र अर्याल आदर्शोन्मुख यथार्थवादी कथाकार हुन् ।

कविता

अर्थ

सन्तोष लामिछाने

सुनका कोपरा हुनेहरू
भोक ओढेर
निराहार लमतन्न पल्टेका केटाकेटीका
आँखामा आँखा मिलाई
सम्पन्नताको अर्थ बुझाउन सक्छौ ?

ईश्वरमा विश्वास गर्छु भन्नेहरू
आँखाको बदला आँखा फुटाउँदा
गोलीको बदला बम पड्काउँदा
ज्यान गुमाएका निर्दोष निहत्थाको लासमाथि उभिएर
धर्मको अर्थ बुझाउन सक्छौ ?

भौतिक भोगको लागि घम्साघम्सी गर्नेहरू
एक्लोपनमा आत्मदाह गर्ने धनकुबेरहरूलाई
हस्याङफस्याङमा सधै बेचैन हुनेलाई
अनि
अरुको राम्रो देखेर डाह गर्दै
लुटपाट हानमार गर्नेलाई
तिम्रा शैक्षिक प्रमाणपत्र च्यापेर
सन्तुष्टिको अर्थ बुझाउन सक्छौ ?
अन्तरिक्षमा रकेट पठाउनेहरू
मङ्गल यात्राको टिकट काट्नेहरू
यही धर्तीमा मामुली झाडा पखालाले
लाखौं मानिसको मृत्यु हुँदा
ती बीभत्स दृश्यको वारिपरि
विकासको अर्थ बुझाउन सक्छौ ?

मुखमा राम राम
बगलीमा छुरा हुनेहरू
व्यवहारमा बेकाम
ठुला ठुला कुरा गर्नेहरू
अन्तर्मनको ऐना हेरेर
सत्य अनि झुटको अर्थ बुझाउन सक्छौ ?

कवि पाँचखाल, काभ्रे निवासी हुनुहुन्छ, LMN.SANTOSH@GMAIL.COM - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0. In Public Domain. Digitization by eGangotri

अमेरिकालाई चिनाउने नयाँ नियात्रासङ्ग्रह 'माल्भा'

डा.रामप्रसाद ज्ञवाली

विगत सात वर्षदेखि अमेरिकामा बसेर नेपाली साहित्यको सेवा गर्दै आएका लेखक राजेन्द्रप्रसाद अर्यालको तेस्रो कृति 'माल्भा' हालसालै बजारमा आएको छ। यसभन्दा पूर्व उनका 'फ्रान्सको भ्रमणः मेरो संस्मरण' (२०६३, नियात्रासङ्ग्रह) र 'पुस्तान्तर' (२०६६, संयुक्त कथासङ्ग्रह प्रकाशित भइसकेका छन्। हालै नेपालमा आएको मौका पारी नेपाल प्रज्ञा प्रतिष्ठानमा विशिष्ट साहित्यकारहरूबीच भएको भव्य समारोहमा उनको तेस्रो कृति 'माल्भा'को विमोचन गरियो। 'माल्भा' लेखकले भिन्न भिन्न कालखण्डमा अमेरिकाका विभिन्न क्षेत्रमा गरेका भ्रमणसम्बन्धी १० वटा र अन्य देशका ५ वटा गरी कुल १५ वटा नियात्राहरूको सङ्ग्रह हो। आकार-प्रकारमा लामा देखिने नियात्राहरू भएको यस सङ्ग्रहको नामकरण प्रकृतिको सुन्दर उपहार मानिने फूल 'माल्भा'को नामबाट गरिएको छ। जीवनसौन्दर्य र प्रकृतिसौन्दर्यप्रतिको मोह, त्यसै मोहलाई वाणी दिइएका नियात्राहरू भएकाले यस्तो नामकरण गरिएको देखिन्छ। त्यसैले शीर्षकविधान प्रतीकात्मक स्वरूपको बनेको छ।

'माल्भा' का नियात्राहरूलाई दुई खण्डमा व्यवस्थित गरिएको छ। पहिलो खण्डका १० वटा नियात्रामध्ये पहिलोमा विश्वलाई नियन्त्रण गर्ने महत्त्वाकाङ्क्षाका साथ विश्वको नेतृत्व गरिरहेको अमेरिकाको 'ह्वाइटहाउस' मा गरिएको रोचक यात्रानुभूति प्रस्तुत गरिएको छ भने अर्को नियात्रामा अमेरिकीहरूले गर्ने विवाहपद्धतिका रोचक र अनौठा परिदृश्य देख्दा बुझ्दा लेखकको मनमा उत्पन्न भएका अनुभूति र तिनको वैवाहिक जीवनका सुन्दर तथा कुरूप पक्षहरूको चर्चा गरिएको छ। अर्को निबन्धमा अमेरिकी बृद्धबृद्धाको जीवनस्थिति र तिनीहरूका लागि त्यहाँको सरकारले गरेको उच्च व्यवस्था एवं तिनका सुखदुखबारे विमर्श गरिएको छ भने अर्को निबन्धमा दश हजार तलाउहरू भएको विश्वकै आश्चर्यजनक प्राकृतिक क्षेत्र र त्यहाँको प्राकृतिक सौन्दर्यले गर्ने आकर्षणको अनुभूति प्रस्तुत गरिएको छ।

एउटा नियात्रामा नेपालका आदिवासी राउटेजस्तै अमेरिकाको एक धार्मिक वर्ग अमिसहरूको जीवन देख्दा लेखकको मनमा उत्पन्न भएका अनुभूति व्यक्त गरिएको छ। यसै गरी केही नियात्राहरूमा अमेरिकाको जीवनपद्धति, त्यहाँको सामाजिक संरचना, वैयक्तिक स्वतन्त्रता, कानुनी राज्यको आदर्श, राष्ट्रप्रेम, आफू अमेरिकी भएकोमा उनीहरूले गर्ने गर्वानुभूति, व्यापारको सुव्यवस्थापन, त्यहाँको विकास, मान्छेका स्वभाव, घतलाग्दा पक्षहरू, ऐतिहासिक सम्पदा, कृषिप्रणाली, प्राचीन सम्पदाको रक्षा, पर्यटन विकासको अद्भुत व्यवस्थापन आदिलाई प्रस्तुत गरिएको पाइन्छ।

लेखक कवि, समालोचकका रूपमा परिचित एवं त्रि.वि.मा प्राध्यापक हुनुहुन्छ। – सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो खण्डका पाँच नियात्राहरूमा जर्मनको फ्रेंकफर्ट, बेलायतको इन्डियनबहुल क्षेत्र साउथल र बेलायतको विश्वकै सबैभन्दा पुरानो र भव्य विश्वविद्यालय अक्सफोर्ड विश्वविद्यालय, फ्रान्सको प्यारिस र त्यहाँको मुख्य नदी सेनको यात्रा गर्दाका अनुभूति तथा थाइ विमानमा एकजना युवतीसँग तीन घण्टासम्म यात्रा गर्दाको शृङ्गारिक र रोचक अनुभूतिलाई विषय बनाई यात्रानुभूति व्यक्त गरिएको छ । यसबीचमा केही नियात्राहरूमा अन्तर्विषयका रूपमा ती देशका ठाउँठाउँमा रहेर जीवनयापन गरिरहेका प्रवासी नेपालीहरूले आफूलाई दिएको माया पाएर आफू बारम्बार अभिभूत भएका सन्दर्भहरू प्रस्तुत गरिएका छन् । विदेशप्रतिको आकर्षण र स्वदेशप्रतिको माया यी नियात्राहरूमा उल्लेख्य विशेषता हो । लेखकभित्र रहेको नेपालप्रतिको प्रेम बारम्बार प्रकट भइरहन्छ । जहाँ जाँदा पनि लेखक एकातिर त्यस ठाउँका सुन्दर दृश्यले मोहित हुन्छन्, त्यसको प्रशंसा हृदय खोलेर गर्छन् भने अर्कातिर त्यससँग नेपालको तुलना गरेर नेपाल पछि परेकोमा दुखी भइरहन्छन् । ठाउँ ठाउँमा प्रसङ्ग मिल्नासाथ वा चर्चा गर्ने अवसर मिल्नासाथ नेपालको अस्तव्यस्तता, अविकास, पछौटेपन, यहाँको तुच्छ राजनीति र तल्लो स्तरका नेताहरूको कटु आलोचना गर्छन् । यस क्रममा नेपालको जनजीवन र समाज पनि प्रतिबिम्बित भइरहन्छ । कानुनको पालना गर्ने अमेरिकीहरूको व्यवहार, त्यहाँका मान्छेको इमानदारी र त्यहाँको न्यायपूर्ण समाजव्यवस्था देखेर लेखक ज्यादै प्रभावित भएका छन् र सँगसँगै आफ्नो देश नेपालमा यस्तो व्यवस्था कहिले होला ? भनेर बारम्बार कल्पिरहन्छन् । लेखकलाई अमेरिकीहरूको सामाजिक संरचना बढी नै सभ्य लाग्छ । उनी अमेरिकीहरूको बोलीमा शिष्टता, व्यवहारमा सहयोगीपन र मिलनसारिता भेट्छन् । सबैसँग हाइहेल्लो गर्ने, कोही समस्यामा परेको भए ध्यानपूर्वक कुरा सुन्ने र सक्दो सहयोग गर्ने जस्तो मानवीयताको अनुभूति गर्छन् । सभ्यता सिक्नका लागि अमेरिकीहरूको व्यवहार उपयोगी भएको बुझाइ उनको देखिन्छ । अमेरिकी सामाजिक संरचनामा सुरक्षाको प्रत्याभूति हुन्छ, चोरीको डर हुन्न, न्याय पाइन्छ, खाद्यवस्तुमा गुणात्मकता पाइन्छ । सामान हराएका सजिलै भेटिन्छ, सरकारप्रति जनतामा विश्वास छ, नेतृत्व वर्ग पनि जनता र देशप्रति संवेदनशील छ भन्ने बोध लेखकले गरेका छन् । अमेरिकामा मान्छेको मात्र नभई जनावरहरूको जीवन पनि सुखी र सम्मानित भएको सन्दर्भ प्रस्तुत गर्दै गर्दा लेखकले हामी नेपाली कहाँ छौं भन्ने कुरा र हाम्रो जीवनस्थितिको कहालीलाग्दो यथार्थको उद्घाटन पनि गरेको पाइन्छ । त्यहाँका नागरिक आफू जुन पेसा र काममा छन् त्यसप्रतिको पूर्ण समर्पित र निष्ठावान् देखिन्छन् । त्यसैले नै अमेरिकीहरू यति विकसित र सभ्य बन्न सकेका हुन् भन्ने मूल्याङ्कन लेखकको छ । अमेरिकाका बृद्धबृद्धा नागरिकहरूको जीवनस्थितिका बारेमा दिइएको जानकारीले हामी नेपाली पाठकहरू चमत्कृत बन्छौं । बुढाबुढीको चर्चा गर्ने सन्दर्भमा लेखकले मातापिताप्रति लिएर व्यक्त गरेका भावना मार्मिक छन् । यसै सन्दर्भमा मातापिताप्रतिको लेखकको अगाध निष्ठा, श्रद्धा र कर्तव्यबोध मुखरित हुन्छ । अमेरिकीहरू कुकुर र बिरालाहरूलाई समेत सुविधासम्पन्न जीवन दिइरहेका छन् र त्यसका लागि लाखौं डलर खर्च गरिरहेका छन् तर अविकसित मुलुकमा मान्छेले ती कुकुरले जतिको सुविधा पनि पाउन सकेका छैनन् ।

यी निबन्ध पढ्दा हामी लेखकमा ज्ञानको भोक देख्छौं । लेखक जुन ठाउँमा जान्छन् त्यहाँको इतिहास, परम्परा, विशेषता, मौलिकता, जीवनपद्धति आदिको खोजीनीति गर्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



उनमा नयाँ ठाउँका ऐतिहासिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक तथा परम्परागत विशेषताहरूको ज्ञान गर्ने रहर देखिन्छ। त्यसैले यी नियात्राहरू प्रशस्त सूचनामूलक तथा अध्ययनयुक्त छन् किनभने यी नियात्राहरूमा मानवीय प्रवृत्तिका भिन्न भिन्न पाटाहरूको उद्घाटन गरिएको छ। मान्छेका मान, सम्मान, अपमान, अभिमान र स्वाभिमानका कुराहरूको परिचय दिइएको छ। यस्तो विशेषताले गर्दा यी लेखरचनाहरू यात्रासंस्मरण मात्र नभई अमेरिकी तथा युरोपियन जीवनपद्धति र पश्चिमा समाजको अध्ययन गर्ने आफ्नै किसिमका दस्ताबेज पनि हुन्।

नियात्रा प्रस्तुत गर्ने क्रममा अवसर मिल्नासाथ लेखक अर्याल जीवनलाई सुखी बनाउने आधारबारे विचार मनन गरिरहन्छन्। उनी बारम्बार सादा जीवन र उच्च विचारका पक्षमा सन्देश दिन्छन्। श्रमप्रति बारम्बार श्रद्धा व्यक्त गर्छन्। कर्मवादी विचारमा जोड दिन्छन् भने श्रमजीवी वर्गप्रति सहानुभूति व्यक्त गर्छन्। यसै गरी मौका मिलाएर आफ्नो बाल्यकाल, युवाकाल र वर्तमान कालको निजी जीवनी पनि प्रस्तुत गर्न चुक्दैनन्। यसले गर्दा यी निबन्धका पाठकले नियात्राकार राजेन्द्र अर्याल कस्ता मान्छे हुन् भन्ने कुराको अनुमान लगाउन सक्छ। भाषाशैलीका दृष्टिले हेर्दा माल्भाका नियात्राहरू सरल, सहज, तार्किक र बौद्धिक स्वरूपका देखिन्छन्। भावाभिव्यक्तिको तरिका बगैंचामा उड्ने चराको जस्तो देखिन्छ– वरपर घुम्ने र एकक्षणका लागि पुनः उही डालीमा आएर बस्ने अनि फेरि घुम्न जाने र फेरि फर्केर त्यही वृक्षमा रम्ने किसिमको। लेखक पनि ठाउँ ठाउँमा घुम्छन्, त्यहाँको वर्णन गर्छन् र नेपालकै स्मरणमा फर्किन्छन् अनि फेरि घुम्छन् र फेरि नेपालकै स्मरण गर्छन्। अभिव्यक्तिलाई स्पष्ट र प्रभावकारी बनाउन लेखकले प्रकृति, संस्कृति, पुराण, इतिहास र समाजबाट उचित उपमा, रूपक, दृष्टान्त, बिम्बप्रतीक र उखानटुक्का जस्ता सादृश्यहरूको सहयोग लिएका छन् जसले गर्दा यी नियात्राहरू कोरा वर्णन नभएर कलात्मक अभिव्यक्ति बन्न पुगेका छन्। अविकसित देशको त्यो बौद्धिक व्यक्ति जसले अन्धता, सङ्कुचन, अव्यवस्था, गरिबी र अभावले गाँजिएको देशबाट एक्कासि विकसित, प्रकाशित, वैज्ञानिक तथा सभ्य देशमा पुग्दा एकदमै भिन्न अनुभूति गर्छ, 'माल्भा' त्यस्तै व्यक्तिले लेखेका नियात्राहरूको सङ्ग्रह हो। बुद्ध पब्लिकेशन्स प्रा.लि. काठमाडौंले प्रकाशन गरेको यस पुस्तकका लेखक अर्याल बौद्धिक भएकाले उनले यहाँका नियात्राहरूमार्फत पूर्वीय तथा पाश्चात्य दर्शनका कोणबाट विषयलाई केलाउने तार्किक प्रयत्न गरेको देखिन्छ। सारतः अमेरिका र पश्चिमी मुलुकका अन्य क्षेत्रहरूमा घुम्न जानुपूर्वका जिज्ञासा, घुम्दाका रोमाञ्च, देख्दाका अनौठा दृश्य र आकर्षक वस्तुदर्शनले लेखकमा उत्पन्न भावाकुलता, नयाँ नयाँ कुरा जान्न चाहने कौतूहल, केही कल्पना, केही प्राक्कल्पना, केही स्वप्नदृष्टि र केही मनोकाङ्क्षा तथा ती कुरामाथिको बौद्धिक विमर्श नै यी नियात्राहरूका मुख्य विशेषता हो भन्न सकिन्छ। उज्यालोको खोजी र सौन्दर्यको आस्वादन नै यी नियात्राहरूको मुख्य प्राप्ति हो भन्न सकिन्छ। धन्यबाद। मार्च २९, २०१७ काठमाडौं।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर्तनाद

सीता अर्याल

जीवनबृत्तिका लम्पसार फाँटहरूमा
एक्लो परेकी पहाडे चेली
सिन्दुर पखाल्न बाध्य बन्छे
प्रणयमिलन पश्चात् पहिलो पटक
बिछोडिएका दुई प्राणी
पुनर्मिलन हुन नपाउँदै
सेता पहिरनमा लपेटिन्छे
एक बीस वसन्त पार नगर्दै
प्रलयको भुमरीमा घोक्रिन्छे
काँश झैं फुल्न अभिशप्त छे।

अलाप विलापको कुनै सीमा हुँदैन
उसको चीत्कार छाप्रो अगाडिको पहाडमा
ठोक्किएर प्रतिध्वनित हुन्छ
सायद, सान्त्वनाका अभिव्यक्ति हुन् कि ती
कसैले भेउ पाउँदैन।

अनगिन्ती सपनाहरू साँचेर
परदेश पसेको प्रियतमको
प्रतीक्षामा दिन गन्दा गन्दै
प्राण पखेरु उतै छाडेर फर्काइएको
निस्लो शरीरसँग साक्षात्कार भई ऊ
कोपिला फूल पनि हुन नपाउँदै
तिलहरीको बन्धनमा कस्सिएकी विचरी
एक्लै काखे चिचिलो सम्हाल्दै
आर्तनाद र अत्यासको भुमरीमा
निसाँसिदो जीवनबृत्ति जिउन
बाध्य भएकी छे ऊ।

ए राराका पानीजस्तै
स्वच्छ ममताका प्रतिमूर्तिहरू
अब एक कदम अगाडि बढ्न सिक
निसङ्कोचतापूर्वक नयाँ जीवनका
डोबहरू आफैले खोप
आधुनिक चिन्तनको नरम बिच्छ्यौनामा
फक्रन देऊ गोदावरी बैंशलाई
लोकोक्ति र कुसंस्कारको भयमा
कलिलो जिन्दगी नखुम्च्याऊ।

कथा लेखनमा सक्रिय कवि म्याडिसन, अमेरिकामा हुनुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्धिकता र पितृसत्ता

गीता रेग्मी

माता पिताको दोस्रो सन्तान छोरी भएर जन्मिएँ । माता पिता र समाजलाई छोराको आवश्यकता थियो तर ममात्र होइन म पछाडिकी पनि बहिनी नै जन्मिई । त्यसपछिमात्र चौथो सन्तान भएर भाइ जन्मियो । माता-पिता खुसी हुनु त स्वाभाविक नै थियो किनभने उहाँहरूले उत्तराधिकारी पाउनु भएको थियो । तिहारमा भाइटीका लगाउन भाइ खोज्नु पर्ने समस्याबाट मुक्ति मिलेकाले पनि होला, हामी पनि औधी खुसी भयौं । पाँचौ सन्तान भएर फेरि बहिनी नै जन्मिई । हाम्रा माता पितालाई हुनसक्छ अझै अर्को घोर्ले छोरो चाहिएको थियो । मध्यम वर्गीय परिवारको कोटीमा थियौं, समयसँगै हुकियौं । चितवनको बसाई र शिक्षक बाबुका छोरीहरू भएकाले पढ्न जान र किताव कलम हातमा पर्न कहिल्यै पनि विलम्ब परेन । हुर्कने क्रममा कहिल्यै पनि छोरी भएको विभेदको महसुससम्म गर्नु परेन । छत्तिस सालको विद्यार्थी आन्दोलनले बालसुलभ मानसपटलमा राम्रै छाप छोडेछ क्यारे ? स्कुल परिवर्तनको सिकार बने । खै कुन्नि किन हो ? छोरीले शान्त वातावरणमा अध्यान गरोस् भनेर होला बुबाले स्कुल परिवर्तन गरिदिनुभएको । माध्यामिक विद्यालय नजिकै नभएकाले करिव अढाई किलोमिटर फेरि अरुणेदय मावि गीतानगरमा आउजाउ गर्न थालियो । म नौं कक्षा पढदै थिएँ, आउजाउ गर्ने साथी मेरी आफ्नै दिदी रीताले एस.एल.सी. दिनुभयो । अब भने म एक्लै ओहोरदोहर गर्न बाध्य भएँ ।

दिदी एस.एल.सी. दिएर घरमा नै बस्न थाल्नुभयो । त्यतिखेर न हातमा मोवाइल, न त टेलिभिजन समय बिताउन भनौं वा मनोरञ्जनको लागि दुर्लभ नै थियो । थियो त केवल उपन्यास र कथाका किताबहरू पढनु । शिक्षक पिताश्री हुनुभएकाले घरमा बाहिरी किताबहरू हुने गरे पनि अव भने दिदीका लागि भनेर अन्य साहित्यिक पुस्तकहरू पनि घरमा आउन थाले । दिदी तन्मयका साथ उपन्यास र कथाका किताबहरू पढनुहुन्थ्यो, र साथसाथै हामीलाई कथा र उपन्यासका सार पनि सुनाउनुहुन्थ्यो । कहानी सुन्दासुन्दै मलाई पनि पुस्तकहरू पढ्ने लत पो बस्न थाल्यो । एकातिर घरमा भएका साहित्यिक पुस्तकहरूमा चुर्लुम्म हुन थाले भने अर्को तर्फ बुबाले जवाहरलाल नेहरू, महात्मा गान्धी, विपी कोइराला र इन्दिरा गान्धी जस्ता आदर्श मानिसहरूका सङ्घर्षका कथाहरू सुनाउँदै भन्नु हुन्थ्यो पाँच सन्तान मध्येकी गीता चाहिँ राजनीतिमा लागोस् अझ भनौं इन्दिरा गान्धी जस्तै बनोस् । नौ कक्षा पढ्दै गरेकी तेह्र पुगेर चौधमा टेक्दै गरेकी अल्लारे केटी बुबाले ममाथि यति ठुलो विश्वास कसरी गर्नु भयो कुन्नि ! अहिले सम्झदा अचम्म लाग्छ । छोरी भएको कारणले कहीं कतै पछि पर्नु परे जस्तो लागेन । म ब्याचलर अध्ययन गर्दै ताकाको कुरा हो जस्तो लाग्छ एकजना छिमेकी बृद्ध मानिसले आफ्नो छोरालाई गाली गर्दै गरेको याद आयो, भन्दैथिए थुइक्क आइमाइको नोट ल्याएर सार्ने नामर्द !

लेखक नियात्राकार तथा कथाकारको रूपमा परिचित हुनुहुन्छ । – सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झदा हाँसो पनि उठछ अहिले चाहिँ, उनी पढेलेखेका एक शिक्षित अझ भनौं शिक्षक थिए तथापि उनीभित्र पुरुष मानसिकताले कति नराम्रोसँग घर गरेको रहेछ भनौं वा कुण्ठा रहेछ उनको भनाइबाट प्रस्टिहाल्थ्यो । तिनताका सँगै पढ्ने मेरी साथी कक्षाको फस्ट गर्ल थिई । कलेजमा उसको ओज र तेज छुट्टै थियो । उनको नोट सार्न पाउनु पनि भाग्य ठान्थे होला मर्द साथीहरूले । मसंगै पढ्दै गरेकी मेरी साथी कसरी आईकाई भई म अलमलमा परिरहें ।

नौ कक्षामा हुँदैमा नेपाली काँग्रेसले सुरु गर्ने सत्याग्रहमा मैले भाग लिए हुन्थ्यो भन्ने बुबाको चाहाना बमोजिम साथीहरूलाई उक्साएर स्कुलबाट भागेर आन्दोलनमा सहभागी भएँ । त्यहाँ लोग्ने मान्छे र महिलामा विभेद थिएन, देशका लागि भनौं वा पाटीले अघि सारेको कार्यक्रम सफल बनाउन सबैको दायित्व र कर्तव्य सम्झियौं । एक हप्ता चितवन स्थित साझाको गोदाममा थुनिएँ । त्यस बखत मनमा डर कम तर उत्साह धेरै थपिएको थियो । तेह्र चौध वर्षको अल्लारे उमेरकी केटी एकै हप्तामा परिपक्क भए जस्तो लाग्थ्यो । प्रहरी देख्दा सातोपुतलो उडने हुन्थ्यो तर एकहप्ताको गोदाम घरको बसाइपछि अन्यायका विरुद्ध प्रहरीसँग सवाल जबाफ गर्न सक्ने भएर निस्कें । जेलबाट फर्किएर घर पुग्दाको एक हप्ताको समय मेरा लागि जीवनको अस्मरणीय क्षण बन्न पुग्यो ।

स्कुल पढाइ सकियो । उच्च शिक्षाको लागि क्याम्पस पुगियो । बुबाले ममा थप साहस भर्न पटक्कै कन्जुस्याइ गर्नु भएन । आफ्नै खुट्टामा दरोसँग उभिएर हिँड्न प्रेरित गरिरहुनु भयो । समय निरङ्कुश पञ्चायतको थियो । कार्यक्रमहरूमा भाग लिएमा प्रहरी खोरमा पुग्ने कुरा नौलो थिएन । बढ्दै गएको उमेरसँगै शरीरमा जोश र जाँगर पनि भरिदै गएको थियो । २०४६ सालको आन्दोलन भयो । नौं कक्षा पढ्दा नै जेल गएकी म आई.ए. पढ्ने हुँदा त आन्दोलन र जेलसँग डराउने कुरै थिएन । बुबा एउटी छोरी देशका लागि भन्नुहुन्थ्यो, आमा तगारो हाल्ने । बुवा आमालाई सम्झाउँदै भन्नुहुन्थ्यो र म पनि थपथाप गर्थे, निरङ्कुश व्यवस्था फाले पछि हामी स्वतन्त्र भइन्छ देशमा आमूल परिवर्तन हुनेछ र विकासले फड्को मार्नेछ । यस्तै वादविवादका बीच आन्दोलन भयो, आ-आफ्नै किसिमबाट आन्दोलनमा सहभागी भइयो, देशमा प्रजातन्त्र पनि आयो तर मैले मेरो बुबाको माध्यमबाट प्रजातन्त्र प्राप्ति पछि हुने विकासका सपनाहरू फगत एक सपना बनेर बस्यो, जुन अद्यावधिक सपनामै रहेको छ । देशमा प्रजातन्त्र आएपछि देशले काँचुली फेर्नेछ भन्ने आशामा आन्दोलनको आँधीबेरीमा होम्मिएका हामी युवाहरू नेताहरूको चर्तिकलाले विस्मित भएर बस्न बाध्य बनियो । हामीसँग विकल्प नै के थियो र ? सामाजिक संघ संस्था खोलेर महिला हिंसा बन्द गर्ने र महिलालाई साक्षार बनाउने अभियान थालियो ।

विवाह भयो । अब मेरा लागि जीवनको परिभाषा परिवर्तन भएको छ । कस्का अगाडि बोल्नु हुन्छ वा हुँदैन खानु हुन्छ वा हुँदैन । यावत चिज परिवर्तन भए । मेरा वरपर सीमारेखाहरू कोरिदै गए, भने पर्खालहरू अग्लिदै गए । जीवन जिउने कला र आफूमा स्थापित सिद्धान्तहरूमा परिवर्तन भए । अरुलाई प्रंकाश दिनु छ भने आफू जल्नु पर्छ भन्दै हिँड्ने मेरो सिद्धान्त परिवर्तन भयो । आफू जल्दा सँगसँगै परिवार पनि जल्छ भने त्यो खरानीमा रम्नु थिएन मलाई । समाजले निर्दिष्ट गरेको नियममा बाँधिदै म हठी केटीबाट आईमाई भएछु । घर, परिवार, श्रीमान्, इष्टमित्र, देवता पितृ गर्दा गर्दै आम गृहिणी बन्दै केवल चुलो चौकोमा सीमित हुनथालें । मेरा ऊर्जाशील समयहरू परिवारको चारघेरामा नै सीमित हुन थाले । एकातिर तैंले पढेर के भयो र ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने प्रश्न र अर्कोतिर किन जागिर खानु पऱ्यो भन्ने आग्रहको चेपुवामा लामै समय च्यापिए।

एक क्रियाशील मान्छे, तनाव र छटपटी यतिसम्म बढ्यो कि सपना देखिने डरले आँखाबाट निन्द्रा भाग्यो। यसैबिच करेसाबारीमा तरकारी फलाए जसरी फलाउन सकिन्छ अक्षरको खेती भन्ने कल्पनाले मात्र पनि दिमागलाई केही राहात भयो। यद्यपि अक्षर शब्द, वाक्य र पेज भरिन नपाउँदै बज्न थाल्थे डाडु पन्युहरू, ठडिए हातमा कुचाहरू, बज्न थाले कुकरका सिटीहरू। बेस्कन कान थुनिदिएँ किनकी मैले महसुस गर्न थालिसकेको छु ती आवाजहरूले भन्दा अक्षरका पङ्तिहरूले नै मेरो शरीरमा ताजा रक्त सञ्चार गराउँदैछ। तरपनि असमर्थ थिएँ डाडु पनियो र कुचाहरूलाई बहिष्कार गर्न, घर आउने इष्ट मित्रलाई अनादर गर्न। देवतालाई खुशी पार्न र पितृलाई सन्तुष्ट बनाउन सकेसम्म दौडिएँ मोनो रेल जसरी यिनीहरूको उचित व्यवस्थापन गर्न। छोरी, बुहारी, आमा, श्रीमती, दिदी र बहिनीका कर्तव्य पूरा गरिसके पछि जब घरका सदस्यहरू मस्त निन्द्रामा सुतिरहेका हुन्छन् हो त्यही समय मैले मेरो लागि रोजे। यति दुःख गरेर सृजना गरेको अक्षरको फसल बजार पुग्दा खोजिने परिचयले फेरि नराम्रो गरी घोच्यो मलाई। माइती देशमा बनाएको परिचय उतै छोडेर आएपछि फेरि अर्को परिचय निर्माण गर्न कम्ता सास्ती भोग्नु परेन। यसैले पहिलो कृतिको नाम नै परिचय राखिदिएँ र यो खेती जारी राख्ने सङ्कल्प गरे। एकातिर अपरिचित लेखकका लेख पढ्दै नपढिने कथम कदापि पढिएमा लेख सशक्त नभएको टिप्पणी। पारिजातको जस्तो हुनुपऱ्यो रे वाफ रे वाफ! हाम्रो समाज। मैले मेरो पहिलो पुस्तकको पान्डुलिपी लिएर कृष्ण धरावासी दाजु भएको ठाँउमा पुग्दा उहाँले भन्नुभएको थियो नानी साहित्य लेखेर धेरै दिदी बहिनीका घरवार संकटमा परेका छन् विचार गर्नु नि भनेर। उहाँका कुराले म अलमल परे। शिक्षित भनिने पुरुष जमात किन यती तलभर्छन होला ?

जब ती अक्षरहरूले बौद्धिक जमातको नजिक पुऱ्यायो म फेरि नराम्रोसँग झस्किएँ। मेरा कल्पनाका वौद्धिक जमातको रूप र रङ्ग नजिकबाट हेर्दा अर्कै देखिँदो रहेछ। किताबका गातामा देखिने लेखकको फोटोलाई देख्दा लाग्दथ्यो तिनीहरूका टाउकाबाट देवी देवताको फोटोबाट जस्तै आभाहरू निस्किरहेका हुन्छन्। तिनका सामिप्यमा पुग्दा मात्र पनि आँफूमा पनि ऊर्जा थपिनेछ, तर त्यो त सिरिफ मेरो भ्रम मात्रै रहेछ। केहीलाई छोडेर प्राय त ढोगी र कुण्ठित पो रहेछन्। कहाँ ज्ञान गुणका कुरा छर्ने आफू सबैभन्दा ठूलो हुँ भन्ने अभिमानले भरिएका पो हुने रहेछन्। झन् महिलालाई सोच्ने सवालमा त कति हो कति फरक अठ्ठारौँ शताब्दीको जस्तो। महिलाबाट जन्मिएर उनीहरूकै लालनपालनमा हुर्किएर, विवाहपछि आर्थिक बाहेक सम्पूर्ण निर्भरता महिला माथि नै रहँदा पनि उनीहरूले आफैलाई महिला भन्दा निकै ठूलो हुँ भनेर घमण्ड गरेको देख्दा दङ्ग पर्नु शिवाय केही रहेन।

श्रीमान् भन्दा श्रीमती होची हुनुपर्छ, किनकी श्रीमतीले श्रीमान्लाई सधै टाउको उठाएर हेर्न परोस, थोरै पढेको हुनुपर्छ जस्का कारण श्रीमान् सधै मास्टर बनोस् र श्रीमती माथि शासन गरिराखोस् भन्ने परम्परागत मान्यतामा किञ्चित परिवर्तन आएको रहेनछ। यो के हो भनेर श्रीमतीले सधै श्रीमानलाई सोधिरहोस्, श्रीमान्ले जाँगर चले भनोस् नत्र भने तँलाई केही थाहा छैन नकरा भनेर आफू मात्र जानकार भएको ढोङ रचोस्। अनपढ गवाँर नै किन नहोस, बाहिर ज्याला मजदुरी जे गरोस् वा तासको खालमा दिन बिताएर बासस्थानमा पुगे पछि उसको हैकम बेग्लै, ऊ मालिक बन्छ र श्रीमतीलाई थर्काउँछ। ढोङ र यही सोचले नै लोग्ने मान्छेलाई म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्बश्रेष्ठ हु भन्ने भ्रम निर्माण गर्दो थियो सायद । महिलालाई शरीर, रूप, रङ्ग बनोटमा सीमित पार्दै लगियो । बारुले कम्बर, अनारदाना जस्ता दाँत, मृगका जस्ता आँखा, चन्द्रमा जस्तो मुहार, मन्द मुस्कान, लचकदार हिँडाइ महिलाका समाजले निर्माण गर्दै गरेका योग्यता बन्दै गए । लोग्ने मान्छे बौद्धिक र महिला सुन्दरीमा रूपान्तरित बनाउदै लगियो ।

तर आज समय धेरै बदलिई सकेको छ । अध्ययन गर्नु र आर्थिक उपार्जन गर्नु बाहेक एक कप चिया समेत आफै बनाएर खान नसक्ने श्रीमान्हरू सँगै अफिसबाट फर्केका श्रीमतीलाई तँैले के गरेकी छस् भनेर हौंच्याई रहन्छन् । आफूसँगै प्रतिस्र्धामा उभिएकी महिला उम्मेदवारलाई यो कुनै व्युटी कन्टेस होइन भनेर फ्रान्सका राष्ट्रपति इमानुल माकोर्नले एक कार्यक्रममा महिलाहरूलाई होच्चाई भनेको शब्दले अहिले पनि मेरो मानस पटल हल्लाई रहन्छ । विकसित र सम्भ्रान्त मुलुकका महामहिमले पनि यस्ता शब्द निकाल्न हिम्मत गर्ने रहेछन् ।

नेपालमा भएको प्रत्येक राजनीतिक आन्दोलनहरूमा हातेमालो गर्दै हिँडेका महिलाहरूका कारणले भन्दा पनि सस्तो लोकप्रियता कमाउनका लागि गरिएको महिला आरक्षणको नाराले संविधानमा दर्जनौंले मौका पाए पनि त्यो प्रतिशत पुऱ्याउन सबै दलहरूलाई टाउको दुखाइ बनेको छ । यसैका कारणले संघ संस्थामा पनि महिलाको प्रतिनिधित्व अनिवार्य हुँदै गए पनि जब बौद्धिक जमातको कार्यक्रमहरूमा मञ्चमा बस्ने बेला आउँछ प्राय त्यस्ता कार्यक्रमहरूमा मञ्चमा बस्ने महिला शून्य हुन्छन् । यहाँनेर प्रश्न उब्जन्छ के एक जना पनि महिला बौद्धिक छैनन् त ? आफूले पढ्दाताका बिए पास गरेका जति बौद्धिक जमातमा पर्छन् भनेको सुनेको आफैले स्नातकोत्तर गरेको वर्षौं भैसक्यो । अहिले त स्नातकोत्तर गर्ने हजारौं भैसके भने विद्यावारिधि गर्ने महिलाको सङ्ख्या पनि कम छैन । घर, गृहस्थी, टोल, समाज, इष्ट मित्र, देवता, पितृ, श्रीमान् र बाल बच्चा सबैको दायित्व पूरा गरेर बनाइएको बौद्धिक व्यक्तित्वलाई जब महिलाहरूलाई लिपिस्टिक लगाउँदैमा फुर्सद छैन भन्ने आरोप लाग्छ ...। पुरुषले जस्तै महिलाले पनि बोल्दै जाने हो भने के होला ? के यो अहिलेको सामाजिक संरचना जीवित रहला ? लेख्ने, पढ्ने, कमाउने, बनाउने शासन गर्ने सबै ठाँउमा महिलाले आफ्नो उपस्थिति र दक्षता देखाई सकेको अवस्थामा पनि लोग्ने मान्छे आफूलाई अझै सर्व श्रेष्ठ भएको भ्रम पालिरहन्छ भने यसले समाजलाई यही अवस्थामा राखिराख्ला भन्ने मलाई लाग्दैन । एकै रथका दुई पाङ्ग्रा एउटा पन्चर बनाउने र अर्को पाङ्ग्रामा हावा थपिरहेर रथ कुँदला त ?

चोक र गल्लीहरूमा उभिएर कसका छोरी, श्रीमती कस्तो ड्रेसमा बाहिरिन्छिन्, के गर्छन् र कस्ता छन् भनेर टिका टिप्पणी गर्ने पनि पुरुष महोदय नै हुनुहुन्छ । घरायसी कामको चाप र सबल बन्न बोकिएको व्यावसायिक दायित्वको बोझले किचिएर कहीं कतै आफैलाई चिटिक्क पार्न नभ्याएकी, कुनै विदुषीलाई औंल्याउँदै त्यही पुरुष भन्छ कस्तो बान्दाबान्दै फुस्किएको पोको जस्तो ।

रूप, गुण र सीप भएका श्रीमतीलाई घरभित्र कुहाएर राख्ने अनि आफू भने परस्त्री तर्फ आकर्षित हुने नामर्दहरूको पनि कमी छैन हाम्रो समाजभित्र । चोकचोकका चिया पसलहरूमा गफिदै आइमाईका जस्तो कुरा गर्छ भन्दै कुरा गरी रहेका ती पुरुष महाशयदेखि टिठ लागेर आउँछ । के महिला सहनशील छन् भन्दैमा लोग्ने मान्छेले लगाएका सबै आरोपहरू चुपचाप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सँधै सहीराख्न पर्छ भन्ने छ ? जवाफ दियो पोथी बास्यो ! भन्दै भाले कराउँदै हिँड्छन् । के परापूर्व कालदेखि नै यस्तै त कदापि होइन हुँदै होइन । वेद उपनिषद् र कुनै पनि धर्म शास्त्रमा महिलालाई अपमान गर्ने गरिएको छैन । काली, दुर्गा र सरस्वती लक्ष्मीका रूपमा महिला शक्ति स्वरूप भएर पूजिएका छन् । पुरुषहरू सायद महिलाको शक्ति देखेर तिलमिलाएका हुन् कि क्या हो ? घर परिवारमा मात्रै होइन, राज्य व्यवस्था र बौद्धिकतामा समेत महिलाहरू प्रतिष्पर्धा गर्न थाली सके, यो कुरामा माननीय पुरुष वर्गलाई राम्रै हेक्का भएको हुनुपर्छ र पनि अझै महिलालाई डेकोरेटिभ पिस सम्झनु कत्तिको युक्ति सङ्गत होला ।

मानिस चेतनशील प्राणी हो त्यसैले पनि कोहीकाँही कसैको दास भएर बाँच्न चाँहदैन । यही कारणले त हो निरङ्कुशताका विरुद्धमा मानिस आफूलाई आहुति दिन पछि नपरेका । राणा शासन, पञ्चायती शासन, राजा समेत फाल्दै गणतन्त्रमय शासन व्यवस्थामा प्रवेश गरिसकेको अवस्थामा पुरुष मानसिकता उही राणा शासनकाल मै अड्किनु कति सान्दर्भिक होला ? यही मानसिकता रहिरहेमा आज समान अवसर पाएर हुकिँदै गरेका छोरीहरूले सहलान् ? या अहिलेको सामाजिक संरचना भत्किएर जापान या चाइनाको जस्तो होला ? म र मेरो कुरा त प्रतिनिधि घटना र विषयका रूपमा राखेको हुँ । म हुर्किएको परिवेश सबल बनाउने प्रयास सँगसगै सहनशील बन्न पनि प्रेरित गर्दथ्यो । अहिले केटाकेटीमा शून्य सहनशीलताको निर्माण हुँदैछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्महत्या

यूनिस अर्याल

आत्महत्या एउटा मानव विकृति हो । यसलाई अक्सर अस्थायी समस्याको स्थायी समाधान मान्ने गरिन्छ । आफ्नै जीवन आफैले सिध्याउने एवं समाप्त गर्ने प्रक्रियालाई आत्महत्या भनिन्छ । यसमा सम्मिलित एउटै कारण हुँदैन ताकि विभिन्न कारक तत्व यसका कारण हुन सक्दछन् ।

आत्महत्यालाई एक कायरता अथवा मूर्खताको संज्ञा दिइन्छ । तर यो एउटा नराम्रो चिन्तन पनि हो । कसैको ज्यान लिनुभन्दा आफु स्वयमूलाई सिध्याउने र खतम गर्ने नतिजासम्म पुग्ने मानिसलाई धेरै ठूलो साहशी भन्छु । आफ्नो परिवार, इस्टमित्र, साथीभाइ सबैलाई छोडेर स्वयम मर्न खोज्नु एउटा नराम्रो मनोस्थिति हो । तर भन्ने हो भने जति हिम्मत मानिसले आत्महत्या गर्न सँगाल्छ उत्तिनै हिम्मत आफ्नो असहज परिस्थितिलाई मिलाउन खर्च गरेको भए सायद आत्महत्या भन्नेविषय नै हुन्न थियो होला ।

आत्महत्या गरिने विधि, विशेषगरी देशअनुसार भिन्न भिन्न पाइन्छ । प्राय गरी झुण्डिने, विष पिउने र बन्दुकको प्रयोग धेरै देखिन्छ । यसको दर महिलामा भन्दा ३-४ गुणा बढी पुरुषमा पाइएको छ (रोवर्ट एफ २००८) । लगभग ४००००० देखि १००००० मानिसले हर वर्ष आत्महत्या गरेको पाइन्छ त्यसैले यो प्रक्रिया मानव मृत्युको १० औ चरणमा पर्दछ । विश्वमा नेपाल आत्महत्याको लागि ७ औ श्रेणीमा परेको विश्व स्वास्थ्य संगठनको रिपोर्टले जनाएको छ । वर्षेनी नेपालमा करिव ६८४० आत्महत्याको रेकर्ड देखिएको छ ।

आत्महत्या गर्न पूर्व मानिसमा देखिने सङ्केत एव लक्षणहरू तल प्रस्तुत गरिएको छ ।

क) व्यावहारिक सङ्केत

- आशाहीन जीवनको अनुभूति गर्दैजानु ।
- मर्ने तरिकाको विभिन्न खोजमूलक काममा आफूलाई संलग्न गराउने ।
- पर्याप्त मात्रामा लागु औषधि मद्यपान एवं धुम्रपानमा संलग्न हुने ।
- आफूलाई सामाजिक कार्यक्रमबाट टाढा राख्नु, एक्लोपन मन पराउनु, अलग्गिनु, अँध्यारो ठाउँ रुचाउनु ।
- मर्न पाए हुन्थ्यो, म मर्दै छु सायद, यदि म यस धर्तिमा नजन्मिएको भए भन्ने उक्ति दोहोऱ्याउने
- आफ्नो प्रिय वस्तु, आफ्नो नजिकको मान्छेलाई हस्तान्तरण गर्ने जस्तै गरगहना, व्यङ्क व्यालेन्स, घर, सम्पत्ति आदि ।
- मानसिक सन्तुलन छिनछिनमा परिवर्तन हुनु एवं मुड ठिक नहुनु
- म मरे भने तिमीले मलाई कत्तिको मिस गर्छै ? भन्ने प्रश्न आफ्नो प्रिय व्यक्तिलाई सोधिरहने ।

लेखक जनस्वास्थ्यकर्मी हुनुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
- विभिन्न किसिमको Self harming object जुटाउन खोज्नु जस्तै डोरी, बन्दुक औषधि आदि ।
- आफू धरापमा एवं चंगुलमा फसेको सङ्केत जनाइरहने
- आफ्नो कारणले अरुलाई बोझ भएँको अथवा आफूलाई निकम्मा सम्झने
- धेरै समय निन्द्रामा बिताउन वा धेरै कम समय निन्द्रालाई दिने ।
- व्यवहारमा सन्ताप, आकुलता, चिन्ता लिएको प्रस्ट देखिने
- आत्महत्याको चिठ्ठी लेख्न कोसिस गर्ने (Suicide note)

ख) **शारीरिक सङ्केत एवं लक्षण**

- शरीरमा पूर्व आत्महत्याजनक खत, टाटो एवम चोटपटकका क्रियाकलाप प्रष्ट देखिनु
- खानपिन एवं सुत्ने समयको टुङ्गो नहुने
- विभिन्न दीर्घ रोग (Chronic illness)

ग) **संज्ञानात्मक सङ्केत एवं लक्षण**

- मृत्युको एवं आत्महत्या बारेमा पूर्वभाव जाग्नु
- भावनात्मक पीडाको अन्त केवल आत्महत्या भन्ने सोचाइ राख्नु

घ) **मनोसामाजिक सङ्केत एवं लक्षणहरू**

- भावनात्मक पीडाबाट दमितको सोचाइ एवं लाचारपन
- आत्तिने र अत्तालिने क्रियाकलाप
- भावनात्मक पीडा बढेको अनुभूति
- व्यक्तित्वमा परिवर्तन आउनु
- मनोविकृति (psychosis)
- आत्मघृणा
- पागल पन

यदि माथि दिएका आत्महत्याका सङ्केत तथा लक्षणहरू मानिसमा भेटिन गएमा तुरुन्त मद्दत गर्नु आवश्यक हुन्छ । यसका रोकथामका लागि तल दिएका बुँदाहरू बुझ्न पर्दछ ।

१) आत्महत्याको बारेमा खुलेर कुरा गर्नुपर्छ, बिरामीको कुरा ध्यान लगाएर सुनिदिनु समवेदनशील हुनु, उसको मनमा आशा जगाउनु र सुनौलो भविष्यको लागि प्रेरणा प्रदान गर्नु

२) सहयोगको लागि अपिल गर्नु र विरामीको जीवनमा सुरक्षित योजना बनाइदिने, सकारात्मक सोचाइतिर लैजाने, अनि यस कामलाई निरन्तरता दिइरहने ।

३) धुम्रपान, लागूऔषधि, मद्यपान जस्ता चिजलाई टाढै राख्ने, किटनाश औषधि, विष, हातहतियार एवं ज्यानलेवा वस्तुहरू छुटै ठाउँमा सुरक्षित तरिकाले राख्नु पर्दछ ।

४) आफू र अरुलाई पनि बचाऊ भन्ने मानसिकता लिएर पुरै समाजमा आत्महत्या सम्बन्धी उपचार र रोकथामको शिक्षा बढाउनुपर्छ जसकारणले भोलिका दिनहरूमा एउटा सुनौलो भविष्यको परिकल्पना गर्न सकियोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालीसाधनाक्रम

प्रा.प्रा.माधवप्रसाद लामिछाने

१. कालीतत्व

काली शब्दको निष्पत्ति कल धातुबाट भएको छ। कल धातुका निम्नलिखित पाँचवटा अर्थ रहेका छन् - १.क्षेप(फ्याँक्नु वा बाहिर निकाल्नु) २.गत(जान्नु) ३.सङ्ख्यान (पृथक्रूपले गणना गर्नु वा नियमन गर्नु) ४.गत(पुग्नु) ५.शब्द (नादरूपमा परामर्श गर्नु) फ्याँक्नु वा बाहिर निकाल्नु भन्ने अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्ति अनुसार- कलयति स्वात्माभेदेन स्थितं प्रमातृप्रमाणप्रमेयरूपं विश्वं बहिर्भावेनोल्लासयतीति परा संविद्देव काली इत्युच्यते (स्वामी लक्ष्मणजू : २०१०:९) अर्थात् आफूदेखि अभिन्न रूपमा रहेको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई भिन्नजस्तै गरी बाहिर अवभासित गर्ने चितिशक्तिलाई नै काली भनिन्छ।

जान्नु अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्ति अनुसार- कलयति स्वात्मबहिर्भावेनावभासितमपीदं मातृमानमेयात्मकं जगत् स्वात्माभेदेनैव परामृशतीति परैव संविद्देवी काली इत्युच्यते (पूर्ववत्)अर्थात् आफ्नो चैतन्य स्वरूपदेखि अभिन्नरूपले रहे तापनि भिन्नझैं बाहिर अवभासित भएको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई आफ्नै स्वरूपमा ज्ञान गर्ने चितिशक्तिलाई नै काली भनिन्छ।

पृथक्रूपले गणना गर्नु वा भिन्नभिन्नरूपले नियमन गर्नु भन्ने अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्तिअनुसार- कलयति भेदितमपि मातृमेयादिकं जगद्रूपमर्थं परस्परापोहनात् अयं घटः, न पटः इति प्रतिनियतरूपतया अवस्थापयति इति परैव चिल्लहरी संवित् काली इत्युच्यते (पूर्ववत् : १०) अर्थात् आफ्नो चैतन्य स्वरूपदेखि अभिन्नरूपले रहे तापनि भिन्नझैं बाहिर अवभासित भएको प्रमाता, प्रमाण र प्रमेयरूप जागतिक पदार्थलाई अपोहनशक्ति (अपूर्ण ज्ञानरूप अवरोधक शक्ति)का माध्यमबाट यो घैंटो हो, कपडा होइन, यो नीलो हो, पहेँलो होइन इत्यादि भिन्नभिन्नरूपले व्यवस्थित गर्ने संवित् शक्तिलाई काली भनिन्छ।

पुनु अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्तिअनुसार- कलयति यया मातृमानमेयात्मको भेदितोऽर्थः स्वसंवित्तिमकुरे स्वात्मन्यव्यतिरिक्तत्वेपि अव्यतिरेकेणैव स्वरूपारोहितत्वेनैवावस्थापयतीति परा कालसङ्कर्षिणी देवी काली इत्युच्यते (पूर्ववत्) अर्थात् आफ्नो चैतन्यस्वरूपदेखि अभिन्न भए तापनि उक्त चैतन्यदर्पणमा भिन्नरूपले प्रतिबिम्बित भइरहेको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई आफ्नै चैतन्यस्वरूपमा पुनः स्थापित गर्ने कालसङ्कर्षिणी संवित् भगवतीलाई काली वा कालसङ्कर्षिणी भनिन्छ। तन्त्रालोकमा भनिएको छ–

इति पञ्चविधमेनां कलनां कुर्वती परा।
देवी काली तथा कालकर्षिणी चेति कथ्यते॥ (तन्त्रालोक, ४ आह्निक, १७६ श्लोक)

लेखक ने.सं.वि.मा प्राध्यापन गर्दै हुनुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नादरूप परामर्शको अर्थमा प्रयोग हुने काली शब्दको व्युत्पत्तिअनुसार- कलयति समस्तानाम् अविकल्पसविकल्पादीनां ज्ञानानां सृष्टि–स्थिति–संहार–पिधानानुग्रहात्मकपञ्चकृत्यानुसन्धानेन स्वात्मपरामर्शशेषतयैव सर्वं परामृश्यतीति परैव संवित् काली इत्युच्यते (पूर्ववत् : ११) अर्थात् निर्विकल्पात्मक एवं सविकल्पात्मक सम्पूर्ण ज्ञानको परामर्श सृष्टि, स्थिति, संहार, तिरोधान र अनुग्रहस्वरूप पञ्चकृत्यका रूपमा गर्दै सम्पूर्ण ज्ञानलाई आफ्नै बोधस्वरूप तुरीय सत्तामा विलीन गर्ने परासंवित्लाई काली भनिन्छ।

कालीको स्वरूपमा शक्तितत्वको पूर्ण अभिव्यक्ति पाइन्छ। कालीको स्वरूपमा निहित सृष्टि र संहारको रहस्यलाई शब्दद्वारा पूर्णरूपले अभिव्यक्त गर्न सकिँदैन त्यसैले कालीलाई शब्दातीत मानिन्छ। काली नै विश्वकी जननी एवं भुक्ति तथा मुक्ति प्रदान गर्ने शक्ति हुन्।

कालीतत्वलाई बुझ्नका लागि सर्वप्रथम कालतत्वलाई बुझ्नुपर्दछ। सम्पूर्ण चराचर जगत्लाई कलन वा ग्रास गर्ने तत्वलाई काल भनिन्छ। सोही काल, कालकाल वा महाकाल नामक तत्वबाट नै सम्पूर्ण जगत्को उत्पत्ति हुन्छ र पुनः ती समस्त तत्वहरू कालकै गर्भमा विलीन हुन्छन्। त्यसैले भनिएको छ – कालः पचति भूतानि कालः संहरति प्रजा अर्थात् कालले नै समस्त पञ्चमहाभूतात्मक जगत्लाई पचाउँछ र त्यसले नै जीवहरूको संहार गर्दछ। भैरवरूपी कालले नै ब्रह्मादेखि कीटपर्यन्त सम्पूर्ण जगत्को रचना गर्दछ। सोही महाकालको अभिन्न स्वातन्त्र्यशक्तिलाई नै महाकाली भनिन्छ। सृष्टिपूर्वको संहारदशामा महाकालीको नै साम्राज्य रहन्छ। त्यसैले महानिर्वाणतन्त्रमा भनिएको छ –

सृष्टेरादौ त्वमेवासि तमोरूपमगोचरम्।
त्वत्तो जातं जगत् सर्वं परब्रह्मसिसृक्षया॥

अर्थात् सृष्टिपूर्व इन्द्रियले नदेखिने तमस् वा अन्धकारका रूपमा तिमी नै विद्यमान थियौ। परब्रह्मको सृष्टि गर्ने चाहनाका कारण यो सम्पूर्ण जगत् तिमीबाट नै जन्मिएको हो। अन्यत्र पनि भनिएको छ – तमो वा इदमेकमास.. (मैत्रायण्युपनिषद्, ४।५) अर्थात् यो तमस् वा अन्धकार नै पहिले (सृष्टिपूर्व) थियो। सोही तमस् वा प्रलयकालको अनिर्वचनीय स्वरूप नै तन्त्रशास्त्रमा वर्णित आद्याशक्ति काली वा महाकाली हुन्। महाशक्ति काली परब्रह्मस्वरूप महाकालको स्फुरत्ता हो।

कालीतत्व नै समस्त प्रकाश वा ज्योतिको उद्गमस्रोत हो। तमस् वा अन्धकाररूप काली कसरी प्रकाशको स्रोत हुन सक्छ भनेर यहाँ पाठकहरूलाई आश्चर्य लाग्न सक्छ। वास्तवमा प्रलयकालमा अन्धकारले प्रकाशलाई पनि आफूमा लीन गराएको हुन्छ। सम्पूर्ण विश्वब्रह्माण्ड यहाँसम्म कि प्रकाश पनि अन्धकारमा विलीन हुन्छ। आधुनिक विज्ञानले पनि यसैका आधारमा ब्ल्याक होल (कृष्ण विवर)को कल्पना गर्दै प्रलयकालमा सम्पूर्ण ब्रह्माण्ड सोही ब्ल्याक होलमा विसर्जन हुने कुरा बताएको छ। सृष्टिदशामा आद्याशक्ति कालीले आफूभित्र रहेको जगत्लाई वामा शक्तिका रूपमा पुनः बाहिर वमन गर्दछिन् अतः स्वाभाविक रूपले प्रकाश पनि सोही तमस्बाटै उद्भूत हुन्छ। तिनै महाकालीलाई तन्त्रशास्त्रले संवित्, कुल, सामर्थ्य, ऊर्मि, हृदय, सार, स्पन्द, विभूति, चिति, परावाक्, स्वातन्त्र्य, त्रीशिका, कालसङ्कर्षिणी, चण्डी, ओज आदि अनगिन्ती संज्ञा दिएर तिनको स्वरूप र साधनाको विवेचना गरेको छ। तिनै महाकाली दशवटा मुख्य भावमा विभक्त भएर दश महाविद्याका रूपमा देखा पर्दछिन्। सृष्टि,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थिति र संहाररूप तीनवटा कृत्यका प्रत्येकको आदि, मध्य र अन्त्य गरी नौवटा रूप र ती सबैको समष्टिस्वरूप गरी दशमहाविद्याको क्रम दशमहाविद्या परम्परामा स्वीकार गरिएको छ। ती दशमहाविद्या हुन्– काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगला, मातङ्गी र कमला। शक्तिसङ्गमतन्त्रका अनुसार विरूपाक्षमतमा दशमहाविद्यामा चण्डेश्वरी, लघुश्यामा र त्रिपुरालाई जोड्दा तेह्र महाविद्या र भैरवमतमा दशमहाविद्यामा वनदुर्गा, शूलिनी, अश्वारूढा, त्रैलोक्यविजया, वाराही र अन्नपूर्णा जोड्दा सोह्र महाविद्या मानिन्छ। त्यसैगरी क्रमदर्शनमा एउटै महाकाली सृष्टि, स्थिति, संहार र अनाख्यारूप चारवटा क्रमले प्रमाता, प्रमाण र प्रमेय दशामा उल्लसित हुँदा द्वादशकालीको रूपमा देखापर्ने कुरा भएको उल्लेख पाइन्छ। सोही दर्शनमा ती द्वादशकालीको समष्टिस्वरूप त्रयोदशकालीको चिन्तन पनि फेला पर्दछ। यहाँ तिनको उल्लेख गर्नु सान्दर्भिक हुनेछ।

१.१ सृष्टिकाली

जब पञ्चज्ञानेन्द्रियका माध्यमबाट प्रमेयरूप बाह्य पदार्थलाई ग्रहण गर्नका लागि चेतना उक्त प्रमेयरूप बाह्य पदार्थप्रति उन्मुख हुन्छ तब प्राथमिक क्षणमा उक्त प्रमेय पदार्थलाई निर्विकल्प रूपमा ग्रहण गरिन्छ। उक्त निर्विकल्प प्रथम आभासको अवस्थामा द्रष्टा, दर्शन र दृश्यको कुनै विकल्प वा भेद रहँदैन। सृष्टिका प्रति उन्मुख चितिशक्तिको सोही प्राथमिक निर्विकल्प अवस्थालाई नै सृष्टिकाली भनिन्छ (स्वामी लक्ष्मणजू : २०१० : २१)।

१.२. रक्तकाली

निर्विकल्पात्मक प्रथम आभासरूप सृष्टिकालीको उदय भएपछि संवित् शक्ति जब पदार्थप्रति उन्मुख हुँदै प्रमेयवर्ती प्रमाणदशामा आएर इन्द्रियका माध्यमबाट रूप, रस आदि विषयका साथ जब रागमा प्राप्त भई विषयहरूलाई भोग्दै विषयभोगरूप रागलाई निर्विकल्प भावले अनुभव गर्दछ तब संवित् शक्तिको त्यस्तो स्वरूपविकासको दोस्रो अवस्थालाई रक्तकाली भनिन्छ (पूर्ववत् : २३)।

१.३. स्थितिनाशकाली

विषयलाई भोग्ने कार्य समाप्त भएपछि उक्त विषयभोगबाट तृप्त भएर पुनः अन्तर्मुख भई ग्राह्य र ग्रहणको स्थितिलाई आत्मसात् गरेर परम चैतन्यसत्ताका साथ एकाकार हुने चितिशक्तिको अवस्थालाई स्थितिनाशकाली भनिन्छ। यस अवस्थामा विषयभोगरूपी रागको अवसान हुने भएकाले चितिशक्तिको त्यस अवस्थालाई स्थितिनाशकाली भनिएको हो (पूर्ववत्: २५–२६)।

१.४. सुकाली

अभिनवगुप्तले सुकालीलाई गणना नगरी तन्त्रालोकमा द्वादशकालीको वर्णन गरेका छन् तर तन्त्रालोकका विवेकव्याख्याकार आचार्य जयरथले पञ्चशतिकलाई उद्धृत गर्दै सुकालीलाई समेत गणना गरी त्रयोदशकालीको धारणालाई समर्थन गरेका छन् (तन्त्रालोक ४ आह्निक, १७३ श्लोक, विवेकव्याख्या, पृ. १३५)। भीषण एवं रौद्र स्वरूपकी कुलशक्ति सुकाली सम्पूर्ण सिद्धिकी प्रदात्री हुन् (पूर्ववत्)।

१.५. यमकाली

परा संवित्स्वरूप भगवती काली जगत्लाई नियमन गर्ने उद्देश्यले एकातिर समस्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
विकल्परूप विश्ववैचित्र्यलाई आफ्नै चैतन्यस्वरूप अग्निमा अन्तर्लीन गरी परप्रमातृदशामा स्फुरित हुन्छिन् भने अर्कातिर बहिर्मुखी बन्दै आफूभित्र चैतन्यबीजका रूपमा विद्यमान समस्त नामरूपात्मक जगत्लाई बाह्य विकल्पस्वरूपमा प्रकाशन गरी महाविलासरूपी रसको आनन्द लिँदै सङ्कुचित प्रमातृदशामा स्फुरित हुन्छिन्। चितिशक्तिको यिनै स्वरूप आच्छादन एवं स्वरूप उन्मीलनरूप द्वयात्मक स्वरूपलाई नै यमकाली भनिन्छ (स्वामी लक्ष्मणजू : २०१०:२८)। यस अवस्थामा शक्तिको सतत अनुसन्धानद्वारा विकल्पजाललाई भेदन गर्ने प्रयत्न साधकले गरेन भने स्वात्मस्थितिबाट च्युत भएर अन्य संसारी व्यक्तिहरूझैं बहिर्मुख हुने खतरा रहन्छ।

१.६. संहारकाली

समस्त विकल्पात्मक विश्ववैचित्र्यलाई आफ्नो चितिस्वरूप अग्निमा अन्तर्लीन गर्दा स्वरूप–उन्मीलनात्मक परप्रमातृदशाको स्फुरण हुन्छ र समस्त विकल्पस्वरूप भावमण्डलको उपसंहार भएको अनुभव हुन्छ। सोही अवस्थालाई संहारकाली भनिन्छ (पूर्ववत् : ३१)।

१.७. मृत्युकाली

संहारकालीको अवस्थामा इदं (भेद)का रूपमा अवभासित समस्त विश्ववैचित्र्य अहं (अभेद)मा विलीन भएको बोध हुन्छ। त्यस अवस्थामा पनि इदन्ता (भेदरूपता) सम्पूर्णरूपले विलीन भएको हुँदैन अर्थात् पूर्ण अहन्ताको परामर्श भइसकेको हुँदैन त्यसैले उपाधियुक्त अहन्तारूपी संवित् (संहारकाली) उपाधिरहित स्वभावभूत पूर्णाहन्ता (मृत्युकाली)मा विलीन भएको अवस्थालाई मृत्युकाली भनिन्छ (पूर्ववत् : ३२)।

१.८. भद्रकाली

प्रमाणगत संहारस्वरूप भद्रकालीको अवस्थामा पनि विकल्पसंस्काररूप शङ्काहरू उत्पन्न हुन्छन् तर ती शङ्काहरू आफैं नष्ट हुन्छन्। यमकालीको अवस्थामा स्वरूपगोपनात्मक शक्तिका कारण विकल्पसंस्काररूप शङ्काहरू उत्पन्न हुन्छन् र यदि साधकले शक्तिको सतत अनुसन्धानद्वारा ती शङ्काहरूलाई नष्ट गर्ने प्रयत्न गरेन भने ऊ पुनः संसारचक्रमा फँस्ने सम्भावना रहन्छ तर भद्रकालीको अवस्थामा आरूढ साधकमा भने ती विकल्पसंस्काररूपी शङ्काहरू आफैं नष्ट हुन्छन्। यसप्रकार विकल्पसंस्कारलाई उत्थापन गर्ने भेदनव्यापार र पुनः ती विकल्पसंस्कारहरूलाई प्रशमन गर्ने द्रावणव्यापारमा संलग्न चितिशक्तिलाई भद्रकाली भनिन्छ (पूर्ववत् : ३४)।

१.९. मार्तण्डकाली

प्रमाणदशामा स्थित बाह्य इन्द्रिय (पञ्च-ज्ञानेन्द्रिय, पञ्च-कर्मेन्द्रिय, मन र बुद्धि) लाई तिनको आश्रयस्थल बनेर रहेको अहङ्कारपदमा विलीन गराई आफ्नो विश्वमय स्वरूपको प्रदर्शन गर्ने परप्रमातृरूप चितिशक्तिलाई मार्तण्डकाली भनिन्छ (पूर्ववत्: ३६–३७)। यद्यपि यो अवस्था प्रमाणवर्ग अन्तर्गत संविद्देवीको अनाख्या अवस्था भएकाले यहाँ देवीको विश्वमय-विश्वोत्तीर्ण दुवै रूपको अवभासन हुन्छ तर विश्वमय स्वरूप स्फुटरूपमा देखापर्दछ।

१.१०. परमार्ककाली

प्रमाणदशामा स्थित बाह्य इन्द्रियसमूहको आश्रयस्थल बनेर रहेको परमादित्यस्वरूप अहङ्कारलाई समेत आफ्नो चैतन्यस्वरूपमा लय गराउने भगवती कालीको स्वरूपविकासलाई परमार्ककाली भनिन्छ (पूर्ववत्: ३९)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.११. कालाग्निरुद्रकाली

परमादित्यस्वरूप अहङ्कारलाई समेत आफूमा लीन गराउने कालाग्निरुद्र नामक कल्पित प्रमाता पनि जुन पूर्णाहन्तास्वरूप चैतन्यमा विलीन हुन्छ त्यही महाचिदग्निलाई कालाग्निरुद्रकाली भनिन्छ (पूर्ववत्: ४१)। यस अवस्थामा समस्त भाववर्ग पूर्ण अहंविमर्शमा विलीन हुन्छ। सर्वत्र अहंस्वरूपको चमत्कार दृष्टिगोचर हुन थाल्छ। यस अवस्थामा प्रवेश गरेको योगीले समस्त भाववर्गलाई अहंस्वरूपमा एकाकार गर्दै उक्त अहन्तारूपी चमत्काररसमा निमग्न भैरवका रूपमा आफूलाई बोध गर्दछ।

१.१२. महाकालकाली

कालाग्निरुद्रकालीको अवस्थामा समस्त भाववर्ग पूर्ण अहंपरामर्शस्वरूप महाकालमा विलीन हुन्छ। त्यस्तो महाकाल वा कालाग्निरुद्रकाली पनि आफ्नो स्वभावभूत जुन अकुलधाममा प्रविष्ट हुन्छ त्यही कालकलनाशून्य महाशून्यको अवस्था नै भगवती कालसङ्कर्षिणीको महाकालकाली स्वरूप हो (पूर्ववत्: ४३)।

१.१३. महाभैरवचण्डोग्रघोरकाली

माथि वर्णन गरिएका समग्र स्वरूपको उत्पत्ति एवं लयस्थानका रूपमा विद्यमान अनाख्या धाम जो चण्ड अर्थात् प्रमेयचक्र, घोर अर्थात् प्रमाणचक्र र महाभैरव अर्थात् प्रमातृचक्र यी तीनैलाई आफैबाट उत्पन्न एवं आफैंमा लय गर्दै क्रम, अक्रम तथा क्रमाक्रमरूपले तुरीयसत्ताका रूपमा विद्यमान छ त्यही मातृसद्भावरूपिणी कालसङ्कर्षिणी देवीलाई नै महाभैरवघोरचण्डकाली भनिन्छ (पूर्ववत्: ४५)।

यसअतिरिक्त महाकालीका अनेक रूपहरूको चर्चा तन्त्रशास्त्रमा पाइन्छ। महाकालसंहितामा महाकालीका नौवटा रूपको उल्लेख गरिएको छ। ती हुन्– आद्याकाली, दक्षिणकाली, भद्रकाली, श्मशानकाली, गुह्यकाली, कामकलाकाली, धनकाली, सिद्धिकाली र चण्डकाली। तोडलतन्त्रमा कालीका आठवटा भेद देखाउँदै भनिएको छ–

दक्षिणाकालिका सिद्धिकालिका गुह्यकालिका।
श्रीकालिका भद्रकाली चामुण्डाकालिका परा॥
श्मशानकालिका देवि महाकालीति चाष्टधा। (तोडलतन्त्र, ३ पटल, १९२ श्लोक)।

अर्थात् दक्षिणकाली, सिद्धिकाली, गुह्यकाली, श्रीकाली, भद्रकाली, चामुण्डाकाली, श्मशानकाली र महाकाली गरी कालीका आठ भेद छन्। वास्तवमा एउटै महाशक्ति साधकहरूको कार्यसिद्धिका लागि विविध रूपमा अवतीर्ण हुन्छिन्। साधकहरूको भावना र अधिकारभेदका कारण शास्त्रमा महाशक्ति कालीका विविध रूपको कल्पना गरिए तापनि ती सम्पूर्ण रूपहरू वास्तवमा एउटै संवित्शक्तिका अनन्त विस्तार मात्र हुन्, तिनमा भेद देख्नु अज्ञानता सिबाय केही होइन।

२. कालीसाधनाक्रम

कालीसाधना लगायत समस्त शक्तिसाधना तीन प्रकारका आचारहरूबाट सम्पन्न हुन्छ। ती तीन आचारहरू हुन्– दक्षिणाचार, वामाचार र कुलाचार। यी तीनवटा आचारहरू क्रमशः पशुभाव, वीरभाव र दिव्यभावका आधारमा व्यवस्थित भएका हुन्।

२.१. दक्षिणाचार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
श्रुतिस्मृति अनुकूलको आचार नै दक्षिणाचार हो । दक्षिणामूर्तिले सर्वप्रथम यस आचारअनुसार शक्तिसाधना गरेकाले यसको नाम दक्षिणाचार रहन गएको हो भन्ने वचन पाइन्छ । दक्षिणाचारलाई पश्वाचार पनि भनिन्छ । पशुभावमा स्थित साधकहरूको आचार भएकाले यसलाई पश्वाचार भनिएको हो । तन्त्रशास्त्रमा व्यक्तिलाई पशुभावापन्न बनाउने पाश आठ प्रकारको बताइएको छ । कुलार्णवतन्त्रमा भनिएको छ –

घृणा शङ्का भयं लज्जा जुगुप्सा चेति पञ्चमी ।
कुलं शीलं तथा जातिरष्टौ पाशाः प्रकीर्तिताः ॥ (१३ उल्लास ९० श्लोक)

अर्थात् घृणा, शङ्का, भय, लज्जा, जुगुप्सा, कुल, शील र जाति यी आठ प्रकारका पाशहरू हुन् । यिनै पाशहरूले बाँधिएको अवस्थामा जीवले आफूलाई शिवभन्दा भिन्न ठान्छ । यिनै पाशहरूलाई साधनाद्वारा काट्दै शिव वा पराशक्तिका साथ आफ्नो अभिन्नता बोध गर्नु नै साधनाको चरम लक्ष्य हो । जबसम्म साधक पशुभावले बाँधिएको हुन्छ तबसम्म उसले पश्वाचारकै अवलम्बन गर्नु श्रेयस्कर हुन्छ । उदाहरणका लागि जेलमा रहेका कैदीहरूले जेलका नियमहरूको पालना गर्नु नै उनीहरूका लागि श्रेयस्कर हुन्छ अन्यथा उनीहरूले थप कष्ट भोग्नुपर्ने हुन जान्छ । जबसम्म साधकमा पशुभाव विद्यमान रहन्छ तबसम्म उसले पशुभावभन्दा भिन्न तरिकाले उपासना गर्ने सक्तैन । पशुभावरूपी पाशलाई नछिनालेसम्म शक्तिसाधनाको यात्रामा दोस्रो सिँढीका रूपमा रहेको वीरभाव र उक्त भावअनुसार व्यवस्थित वामाचारमा उसले पाइला टेक्नै सक्तैन । अतः पशुभावमा रहेर साधना गर्दै जाँदा जब उसमा निहित पशुत्वको जालो नष्ट हुन्छ तब ऊ शक्तिसाधनाको यात्रामा वीर कहिन्छ । त्यतिखेर उसको आचार वीराचार वा वामाचार बन्न पुग्छ । अतः तन्त्रशास्त्रमा साधनाको प्रारम्भिक सोपानका रूपमा पशुभावलाई ग्रहण गरिएको छ । पशुभावमा स्थित साधकहरूको आचारका रूपमा व्यवस्थित दक्षिणाचार वा पश्वाचारमा साधकले सेतो वर्णको देवताको ध्यान, त्रिकाल सन्ध्या एवं देवपूजन, वेदपुराण आदि शास्त्रमा श्रद्धा, नित्य श्राद्ध, ब्रह्मचर्यको पालना, आत्मप्रशंसा र परनिन्दाको त्याग आदि आचारहरूको कट्टरतापूर्वक पालना गर्नुपर्ने उपदेश दिएको देखिन्छ (मेरुतन्त्र, ७।५–१०) । दक्षिणाचार वा पश्वाचारका मूलतः दुईवटा भेद रहेका छन्–

१. सभाव पश्वाचार, २. विभाव पश्वाचार ।

२.१.१. सभाव पश्वाचार

सभाव पश्वाचारमा पञ्चमकारको प्रयोग सर्वथा निषिद्ध मानिन्छ । कुलार्णवतन्त्रमा भनिएको छ –

अनाघ्रेयमनालोक्यमस्पृश्यञ्चाप्यपेयकम् ।
मद्यं मांस पशूनान्तु कौलिकानां महाफलम् ॥ (२ उल्लास १२४ श्लोक) ।

अर्थात् सभाव पाशवकल्पका साधकहरूले मद्य र मांस सुँघ्न, हेर्न, स्पर्श गर्न र पिउन वा खान वर्जित छ । त्यही कुरा दिव्यभावमा स्थित कौल साधकका लागि भने महाफलप्रद मानिन्छ । सभाव पाशवकल्पका साधकहरूका लागि मद्य वा सुराको दर्शनादि दोषनिवृत्तिको उपाय कुलार्णवतन्त्रमा यस्तो बताइएको छ –

सुरादर्शनमात्रेण कुर्यात् सूर्यावलोकनम् ।
तत्समाघ्राणमात्रेण प्राणायामत्रयं चरेत् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजानुभ्यां भवेन्मग्नो जले चोपवसेदहः ।
ऊर्ध्वं नाभेस्त्रिरात्रन्तुमद्यस्य स्पर्शने विधिः ॥
सुरापाने कामकृते ज्वलन्तीं तां विनिक्षिपेत् ।
मुखे तथा विनिर्दग्धे ततः शुद्धिमवाप्नुयात् ॥ (२ उल्लास १२७–१२९ श्लोक) ।

अर्थात् सुरा देखियो भने मात्रै पनि सूर्यको दर्शन गर्नुपर्छ, त्यसको गन्ध नाकमा पऱ्यो भने तीन पटक प्राणायाम गर्नुपर्छ तथा शरीरको घुँडादेखि तलको भाग पानीमा डुबाएर दिनभरि उभिनुपर्छ, सुराको स्पर्श गऱ्यो भने नाभिदेखि तलको भाग पानीमा डुबाएर उपवासपूर्वक तीन रात उभिनुपर्छ, सुराको सेवन गरेमा सुरालाई उमालेर मुखमा कोचिदिनुपर्छ । सो उम्लिएको सुराले मुख डढेपछि मात्रै मद्यसेवनको दोष हट्तछ । यहाँ मद्य उपलक्षणका रूपमा आएको छ । मद्यका साथै मांस, मत्स्य, मुद्रा र मैथुनसमेत सभाव पाशवकल्पका साधकहरूका लागि निषिद्ध ठहर्दछ । ब्रह्मचर्याश्रममा रहँदासम्म द्विजहरूले सभाव पाशवकल्पबाट उपासना गरी गृहस्थाश्रममा प्रवेश गरेपछि शाक्त दीक्षा लिएर विभाव पाशवकल्पबाट उपासना गर्नुपर्ने हुन्छ (ज.ब.रा., वि.सं. २०२०, पृ. ११२) । अतः ब्रह्मचर्याश्रममा रहँदासम्म द्विजहरूले वेदमाता गायत्रीको मात्रै उपासना गरे पुग्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

२.१.२. विभाव पश्वाचार

विभाव पश्वाचारमा भने पञ्चमकारको अनुकल्पीय प्रयोगद्वारा उपासना गरिन्छ । वेदोक्त मार्गबाट मद्य, मांस आदिको प्रतिनिधिस्वरूप अनुकल्पीय द्रव्यको प्रयोग गरी इष्टदेवताको पूजा गर्नु नै विभाव पश्वाचार हो (ज.ब.रा., वि.सं. २०४६, पृ. ९) । विभाव पश्वाचारमा खजूरीको रस, गाई र भैंसीको दूधमा चाकु र पानको पातको धुलो मिलाएर पकाएको झोल, घिउमा नुन हालेर पकाएको आमान्नको तरकारी मद्यको अनुकल्प हुन्छ । गहुँ, हलेदो, अदुवा, सेतो तिल, शरद्कालमा पाक्ने अन्नको बिउ, रातो अन्नको बिउ र कुभिन्डो मांसको अनुकल्प हुन्छ । पोलेको नरिवल, बेल, अमला वा हर्रो मत्स्यको अनुकल्प हुन्छ । नुन र पानी नहाली भुटेको अन्नको बिउ मुद्राको अनुकल्प हुन्छ । विभाव पश्वाचारमा मैथुनको अनुकल्पीय बाह्य द्रव्य नहुने भएकाले आफ्नो सहस्रारचक्रमा शिवशक्तिको समन्वय सम्झेर शिवशक्तिको सामरस्यजन्य अमृतले परदेवतालाई तर्पण गर्नु मैथुनको अनुकल्प हो (ज.ब.रा., वि.सं. २०२०, पृ. ११४–११५) ।

यसप्रकार पश्वाचार वा दक्षिणाचारमा द्वैतभावको प्राधान्य रहने भएकाले यस आचारको अवलम्बनद्वारा गरिने कालीको पूजाउपासना अपरापूजाको कोटीमा पर्दछ । पशुभावअनुसार पश्वाचार वा दक्षिणाचारको अवलम्बन गरी उपासना गर्दै गएपछि पशुभावका बन्धनहरू शिथिल बन्दै जान्छन् । साधक सदा प्रसन्न, सन्तुष्ट, निर्द्वन्द्व, मात्सर्यरहित, कुलसम्बन्धी ज्ञानमा तत्पर, शान्त, कालीभक्त, कुलज्ञानको चर्चा गर्दा आनन्दातिरेकका कारण रोमाञ्चित हुने, हर्षले गद्गद् स्वर हुने, खुसीको आँसु खस्ने आदि लक्षणले युक्त बन्न पुग्छ । यी लक्षणहरू उत्तम कौलिकका लक्षणहरू हुन् । यसै प्रसङ्गमा कुलार्णवतन्त्रमा भनिएको छ–

निवृत्तदुः खसन्तुष्टा निर्द्वन्द्वा गतमत्सराः ।
कुलज्ञानरताः शान्तास्त्वद्भक्तास्ते च कौलिकाः ॥
अमदक्रोधदम्भाशाहङ्काराः सत्यवादिनः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कौलिकेन्द्रा ह्यपचला ये नेन्द्रियवशानुगाः ॥
कीर्त्यमाने कुले येषां रोमाञ्चो गद्गदस्वरः ।
आनन्दाश्रु पतेद्देवि कथिताः कौलिकोत्तमाः ॥ (९ उल्लास ८४–८६ श्लोक) ।

उपर्युक्त लक्षणहरूले साधक वीरभावमा आरूढ भएको जनाउँछन् । यसपछि उक्त साधकको साधना वीरभावमा व्यवस्थित वामाचारबाट प्रारम्भ हुन्छ ।

२.२. **वामाचार**

वीरभावमा आरूढ साधकहरूले अवलम्बन गर्ने आचारलाई नै वामाचार भनिन्छ । वाम अर्थात् श्रेष्ठ आचार भएकाले यसलाई वामाचार भनिएको हो । निरुक्तमा 'वाम' शब्दको अर्थ 'प्रशस्य' भन्ने दिइएको छ –अग्नेमा, अनेमा, अनेद्यः, अनवद्यः, अनभिशस्ताः, उक्थ्यः, सुनीथः, पाकः, वामः, वयुनमिति दश प्रशस्यनामानि (श्रीतारानन्दतीर्थ : वि.सं. २०६२: १६७) । प्रशस्य भनेको के हो भन्ने प्रश्नको उत्तरमा भनिएको छ– य एव हि प्रज्ञावन्तस्त एव हि प्रशस्या भवन्ति (पूर्ववत्) अर्थात् जो प्रज्ञावान् छन् तिनीहरू नै प्रशस्य हुन्छन् । अतः प्रज्ञावान् प्रशस्य योगीलाई नै वाम भनिन्छ र उक्त योगीको आचारलाई नै वामाचार भनिन्छ । मेरुतन्त्रमा वामाचारको अधिकारीको लक्षण बताउने प्रसङ्गमा भनिएको छ –

परद्रव्येषु योऽन्धश्च परस्त्रीषु नपुंसकः ।
परापवादे यो मूकः सर्वदा विजितेन्द्रियः ॥
तस्यैव ब्राह्मणस्यात्र वामे स्यादधिकारिता । (१०।४५)

अर्थात् जो परद्रव्य, परस्त्री एवं परापवादबाट विमुख छ त्यस्तो निर्लोभी, रागवर्जित, संयमी, जितेन्द्रिय ब्राह्मण (ब्रह्मसाक्षात्कार गर्न समर्थ) व्यक्ति नै वाममार्गमा अधिकारी हुन्छ । वेदशास्त्रको अर्थ एवं तत्वलाई जान्ने, बुद्धिमान्, जितेन्द्रिय, तन्त्रको गूढ रहस्य एवं भावलाई तर्कशक्तिद्वारा मन्थन गरेर उद्धार गर्न (प्रकाश गर्न) सक्षम ब्राह्मण (ब्रह्मसाक्षात्कार गर्न समर्थ) नै वाममार्गमा अधिकारी हुन्छ । त्यसबाहेक अन्य व्यक्ति यस मार्गमा दुःखभागी हुन्छ भनिएको छ –

ब्राह्मणो वेदशास्त्रार्थतत्वज्ञो बुद्धिमान् वशी ।
गूढतन्त्रार्थभावश्च निर्मथ्योद्धरणे क्षमः ॥
वाममार्गेऽधिकारी स्यादितरो दुःखभाग् भवेत् । (भावचूडामणि : कल्याण, शक्तिउपासना अङ्क, पृ. १६७ मा उद्धृत) । वामाचारअनुसार साधना गर्नका लागि दृढ भक्ति चाहिन्छ र त्यस्तो दृढ भक्तले नै यस मार्गमा सिद्धि प्राप्त गर्दछ । तन्त्रचिन्तामणिमा भनिएको छ –

निन्दन्तु बान्धवाः सर्वे त्यजन्तु स्त्रीसुतादयः ॥
जना हसन्तु मां दृष्ट्वा राजानो दण्डयन्तु वा ।
रोगदारिद्र्यदुःखाद्यैः पीडितोऽप्यनिशं त्वहम् ॥
लक्ष्मीस्तिष्ठतु वा यातु न मुञ्चामि पथं त्विदम् ।
एवं यस्य दृढा भक्तिः स वामे सिद्धिमाप्नुयात् ॥ (१२ प्रकाश १७१–१७३ श्लोक) ।

अर्थात् चाहे बन्धुबान्धवहरूले निन्दा गरून्, चाहे पत्नी तथा छोराछोरीहरूले साथ छोडून्, चाहे मलाई देखेर मानिसहरू हाँसून्, चाहे राजाहरूले दण्ड दिऊन्, चाहे म सधैँ रोग दारिद्र्य दुःख आदिले पीडित बनूँ, चाहे धन रहोस् वा नरहोस् तर म यस मार्गलाई छोड्दिनँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने दृढ भक्ति जसमा हुन्छ त्यही व्यक्तिले वामाचारमा सिद्धि प्राप्त गर्दछ ।

उपासनामा पञ्चमकार अर्थात् मद्य, मांस, मत्स्य, मुद्रा र मैथुनको उपयोग वीराचार अर्थात् वीरहरूले अवलम्बन गर्ने वामाचार हो र यो साधकका लागि साधनाको बीज हो । वीरभावमा पनि विभाववीर र सभाववीर गरी दुई प्रकारको भेद हुन्छ । विभाववीरहरूले मानसभावमा पञ्चतत्वले अथवा पञ्चमकारको प्रतिनिधिका रूपमा अनुकल्पीय द्रव्यको प्रयोगद्वारा उपासना गर्दछन् । मानसभावले पञ्चतत्वको उपयोग गर्दा मांसका रूपमा पृथ्वीतत्व, मत्स्यका रूपमा जलतत्व, मद्यका रूपमा तेजतत्व, मुद्राका रूपमा वायुतत्व र मैथुनका रूपमा आकाशतत्वको उपयोग गरिन्छ । विभाववीरका लागि पञ्चमकारको अनुकल्पीय द्रव्य भने यसप्रकार रहेका छन्– गाईको दूध, पान, ताम्रकूट, गाँजा, ताड, अफिम, खजूरको चोप, धतुरो र भाँङ यति आठ थोक मद्यको अनुकल्प; नुन मिलाएको अदुवा, प्याज, तिल, गहुँ, मास र लसुन मासुको अनुकल्प; डढेको खाना मत्स्यको अनुकल्प; भुटेको चना वा भटमास मुद्राको अनुकल्प र हाँसको फुल मैथुनको अनुकल्प हुन्छ । कसैको मतमा गुरुले बताएबमोजिम तन्त्रोक्त मन्त्रोच्चारण गर्दै अपराजितापुष्प र करवीरपुष्पमा रक्तचन्दन र श्रीखण्ड मिसाएर भगलिङ्गामृत बनाई परदेवतालाई तर्पण गर्नु मैथुनको अनुकल्प हो (ज.ब.रा., वि.सं. २०२०, पृ. २८६–२८७) ।

सभाववीरले चाहिँ पञ्चमकारको प्रत्यक्ष प्रयोग गर्दछन् । वामाचारमा कस्ता व्यक्तिहरूको अधिकार रहन्छ भन्ने विषयमा माथि उल्लेख गरिएको विवरणबाट यो आचार अत्यन्त कठिन र मर्यादित आचार हो भन्ने कुरा स्पष्ट भइसकेको छ । अल्पज्ञताका कारण प्राकृतजन (अदीक्षित व्यक्ति)हरूले सोचेजस्तो स्वच्छन्दरूपले पञ्चमकारको प्रयोग यस आचारमा हुँदैन । पञ्चमकारको प्रयोग वामाचारमा केवल साधनाका अवसरमा गरिन्छ । कुलार्णवतन्त्रमा भनिएको छ –

वृथा पानन्तु देवेशि सुरापानं तदुच्यते ।
तन्महापातकं ज्ञेयं वेदादिषु निरूपितम् ॥ (२ उल्लास, १२३ श्लोक) ।

अर्थात् साधनाकालमा बाहेक अन्य समयमा गरिने मद्यपान निषिद्ध सुरापान कहिन्छ । त्यस्तो मद्यपान महापातक हो भनेर वेदादि शास्त्रमा निरूपण गरिएको छ । श्रीमद्भागवत महापुराणमा भनिएको छ –

लोके व्यवायामिषमद्यसेवा
नित्यास्तु जन्तोर्न हि तत्र चोदना ।
व्यवस्थितिस्तेषु विवाहयज्ञ–
सुराग्रहैरासु निवृत्तिरिष्टा ॥ (११ स्कन्ध, ५ अध्याय, ११ श्लोक)

अर्थात् संसारमा मैथुन, मांस र मद्यका प्रति प्राणीहरूको स्वाभाविक प्रवृत्ति रहेको देखिन्छ । जुन वस्तुप्रति स्वाभाविक प्रवृत्ति हुन्छ त्यसमा प्रवृत्त गराउनका लागि कुनै विधिको आवश्यकता पर्दैन । यस्तो स्थितिमा विवाह, यज्ञ र सौत्रामणि यज्ञमा मैथुन, मांस र मद्यको जुन व्यवस्था बताइएको छ त्यो वास्तवमा उच्छृङ्खल प्रवृत्तिलाई नियन्त्रण गर्नका लागि र त्यसमा मर्यादा स्थापनाका लागि नै गरिएको हो । त्यसमा निवृत्ति नै श्रुतिको अभीष्ट हो । अतः वामाचारमा पञ्चमकारको सेवनको व्यवस्था सोही उद्देश्यमा आधारित रहेको छ त्यसैले कुलार्णवतन्त्रमा भनिएको छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेवेत स्वसुखार्थं यो मद्यादीनि स पातकी ।

प्राशयेद्देवताप्रीत्यै स्वाभिलाषविवर्जितः ॥ (५ उल्लास ८८ श्लोक) ।

अर्थात् जसले आफ्नो सुखका लागि मद्य आदि द्रव्यको सेवन गर्दछ त्यो पातकी हो । साधकले आफ्नो तृप्तिका लागि नभई देवताको प्रीतिका लागि मद्य, मांस आदि द्रव्यको सेवन गर्नुपर्दछ । कुलार्णवतन्त्रमै अगाडि भनिएको छ –

मादिपञ्चकमीशानि देवताप्रीतये सुधीः ।

यथाविधि निषेवेत तृष्णया चेत् स पातकी ॥ (१० उल्लास ६ श्लोक) ।

अर्थात् हे पार्वती ! बुद्धिमान् व्यक्तिले देवताप्रीतिका लागि शास्त्रोक्त विधिपूर्वक पञ्चमकारको सेवन गरोस् । यदि कुनै व्यक्ति तृष्णापूर्वक पञ्चमकारको सेवनमा प्रवृत्त हुन्छ भने त्यो पातकी कहिन्छ ।

यसप्रकार पशुभावबाट मुक्त वीरभावमा स्थित साधकले शास्त्रोक्त विधिपूर्वक आफ्नो तृष्णापूर्तिका लागि नभई देवताप्रीतिका लागि पञ्चमकारको सेवनद्वारा साधना गर्दै जाँदा उसमा इष्टदेव र आफूबीच ऐक्यबोध हुन जान्छ र ऊ साधनाको अन्तिम सोपानस्वरूप दिव्यभावमा प्रवेश गर्दछ । वामाचारको अवलम्बनद्वारा गरिने कालीको उपासना परापर कोटीको पूजा वा उपासना हो ।

२.३. कुलाचार

सम्पूर्ण भेदप्रथालाई परिहार गर्न सक्षम निर्विकल्प दशामा आरूढ साधकमा जब आफू भन्ने भावसमेत हटेर दिव्यभावको उदय हुन्छ त्यस्तो निर्विकल्प दिव्यभावमा स्थित साधकको आचारलाई नै कुलाचार भनिन्छ । दिव्यभावमा स्थित साधकमा पूर्ण ज्ञानको उदय र राजाधिराजयोगसमेत सिद्ध भइसकेको हुन्छ त्यसैले त्यस्तो साधकले अपनाउने कुलाचारमा पञ्चमकारको प्रयोग प्राकृत रूपमा नभई अर्कै किसिमले अन्तर्यागद्वारा गरिन्छ । मद्यका विषयमा कुलार्णवतन्त्रमा लेखिएको छ –

आमूलाधारमाब्रह्मरन्ध्रं गत्वा पुनः पुनः ।

चिच्चन्द्रकुण्डलीशक्तिसामरस्यसुखोदयः ॥

व्योमपङ्कजनिस्यन्दसुधापानरतो नरः ।

सुधापानमिदं प्रोक्तमितरे मद्यपायिनः ॥ (५ उल्लास १०७–१०८ श्लोक) ।

अर्थात् मूलाधारचक्रमा रहेकी चैतन्यरूपिणी कुण्डलिनीशक्ति त्यहाँबाट जागृत भएर ब्रह्मरन्ध्रमा अवस्थित सहस्रारचक्रमा पुगी परमशिवका साथ समरसभावमा प्राप्त हुँदा त्यहाँबाट चुहिएको अमृतपान गर्ने व्यक्ति नै वास्तविक सुधापान गर्ने व्यक्ति हो अरू त मद्यपान गर्नेहरू हुन् । मांसका बारेमा आगमसारतन्त्रमा भनिएको छ –

कामक्रोधसुलोभमोहपशुकांश्छित्वा विवेकासिना ।

मांसन्निर्विषयं परात्मसुखदं खादन्ति तेषां बुधाः ॥

ते विज्ञानपरा धरातलसुरास्ते पुण्यवन्तो नराः ।

नाश्नीयात् पशुमांसमात्मविमते हिंसां परं सज्जनः ॥

(ज.ब.रा., वि.सं. २०२०, पृ. १६ मा उद्धृत) । अर्थात् विवेकी विद्वान् साधकहरू काम, क्रोध, लोभ र मोहरूपी पशुलाई विवेकरूपी तरवारले काटेर परम सुख प्रदान गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्विषयरूप मासु खान्छन्। तिनीहरू नै परम रहस्यवेत्ता, पृथ्वीका वास्तविक देवता र पुण्यवान् हुन्। सज्जन व्यक्तिले आफ्नो तृप्तिका लागि प्रत्यक्ष पशुको मासु नखाओस्, त्यस्तो हिंसा नगरोस्। मांसकै विषयमा कुलार्णवतन्त्रमा भनिएको छ –

पुण्यापुण्यपशुं हत्वा ज्ञानखड्गेन योगवित्।
परे लयं नयेच्चित्तं पलाशी स निगद्यते ॥ (५ उल्लास १०९ श्लोक)।

अर्थात् योगवित् साधकले पुण्य र पापरूपी पशुलाई ज्ञानरूपी खड्गले काटेर चित्तलाई परम तत्वमा लीन गरोस्। त्यसो गर्ने व्यक्ति नै मांसभोजी भनेर चिनिन्छ। मत्स्यका विषयमा कुलार्णवतन्त्रमा लेखिएको छ–

मनसा चेन्द्रियगणं संयम्यात्मनि योजयेत्।
मत्स्याशी स भवेद् देवि शेषाः स्युः प्राणिहिंसकाः ॥ (५ उल्लास ११० लोक)।

अर्थात् बाह्य विषयमा रमाइरहेका चञ्चल इन्द्रियसमूहलाई मनले नियन्त्रणमा लिएर बाह्य विषयवृत्तिबाट विरत सो मनलाई आत्मामा लगाउनू। यसो गर्न सक्ने साधक नै मत्स्यभोजी हो, अरू त प्राणीको हिंसा गर्ने हुन्। त्यसैगरी मुद्राका विषयमा कुलार्णवतन्त्रमा लेखिएको छ–

अप्रबुद्धाः पशोः शक्तिः प्रबुद्धाः कौलिकस्य च।
शक्तिं तां सेवयेद् यस्तु स भवेत् शक्तिसेवकः ॥ (५ उल्लास १११ श्लोक)।

अर्थात् पशुभावमा स्थित साधकको शक्ति अप्रबुद्ध (सुषुप्त) अवस्थामा रहेको हुन्छ भने दिव्यभावमा स्थित कौल साधकको शक्ति प्रबुद्ध(जाग्रत) हुन्छ। जुन साधक यस्तो प्रबुद्ध शक्तिको सेवन गर्दछ त्यो नै शक्तिसेवक हो। मैथुनका विषयमा कुलार्णवतन्त्रमा भनिएको छ–

पराशक्त्यात्ममिथुनसंयोगानन्दनिर्भरः।
य आस्ते मैथुनं तत् स्यादपरे स्त्रीनिषेवकाः॥(५ उल्लास ११२ श्लोक)।

अर्थात् पराशक्ति र आत्माको मिथुनभावस्वरूप संयोगसुखको शाश्वत आनन्दमा निमग्न हुनु नै वास्तविक मैथुन हो। त्यसअतिरिक्त दैहिक सुखोपलब्धियुक्त मैथुन त स्त्रीसेवन मात्रै हो।

दिव्यभावमा स्थित साधकले पालना गर्ने कुलाचार परापूजाको कोटीमा पर्दछ जुन पराशक्ति कालसङ्कर्षिणीका साथ अद्वयबोध जगाउने बाह्य एवं आन्तर विषयमा आफ्नो चिन्मय स्वरूपलाई अभिन्न देख्ने उपासनापद्धति हो।

३. कालीउपासनाको आदर्श

परम शिवको स्वातन्त्र्यशक्तिलाई नै चितिशक्ति, संवित्, कालसङ्कर्षिणी काली आदि नामले सम्बोधन गरिन्छ। सोही चितिशक्तिलाई आगमशास्त्रहरूमा महाप्रतिभाशालिनी भासा नामले निर्देश गरिएको छ। विश्वसिद्धिको कारणस्वरूप स्वातन्त्र्यशक्ति नै सृष्टि, स्थिति, संहार, अनाख्या र भासरूप पञ्चकृत्य बनेर निरन्तर प्रकट भइरहेको छ।

सृष्टिव्यापार वा सृष्टिचक्रमा पञ्चसिद्धको संज्ञाप्राप्त पञ्चमहाभूत र पञ्चसिद्धको शक्तिस्वरूप पञ्चतन्मात्रा गरी दशवटा कलाहरूको स्थिति रहन्छ। स्थितिव्यापार वा स्थितिचक्रमा बाईसवटा कलाहरू रहन्छन्। तीमध्ये सहस्रारमा चार युगनाथ र तिनका चार पत्नीहरू रहन्छन् भने हृदयस्थ षट्कोणमा साधिकार राजपुत्र र निराधिकार राजपुत्र रहन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तवमा बुद्धि र पाँच कर्मेन्द्रिय साधिकार राजपुत्र हुन् भने मन र पाँच ज्ञानेन्द्रिय निराधिकार राजपुत्र हुन् (कविराज, ई.सं. १९९४, पृ. १०५)। हृदयस्थ षट्कोणको केन्द्रस्थानमा कुलेश्वर र कुलेश्वरी रहन्छन्। यसप्रकार स्थितिचक्रमा बाईस कलाहरूको अवस्थिति रहेको छ। संहारचक्रमा एघारवटा कलाहरूको स्थिति रहन्छ। तिनै एघार कलालाई एघार संहारचक्रनायिका भनिएको छ। ती एघार संहारचक्रनायिकाहरूको शक्तिमान् तत्वलाई एकादशवीरको संज्ञा दिइएको छ। अनाख्याचक्रमा तेह्र कलाको स्थिति रहन्छ। तिनै तेह्र कलालाई द्वादशकाली र ती सबैको समष्टिस्वरूप त्रयोदशकालीको संज्ञा दिइएको छ। वास्तवमा त्रयोदशकाली भन्नु नै सृष्टि, स्थिति, संहार र अनाख्याक्रमकी जननी, सबैमा अनुस्यूत विश्वमय–विश्वोत्तीर्ण भास हो। सृष्टि, स्थिति, संहार, अनाख्या र भास नामक पाँच चक्रलाई 'पञ्चवाह महाक्रम' भनिन्छ। सृष्टिदेखि अनाख्यासम्म चार चक्रको पूजालाई क्रमपूजा भनिन्छ भने पाँचौं भासचक्रको पूजालाई अक्रम–क्रमपूजा भनिन्छ। भास वा परम स्वतन्त्र संवित् शक्तिमा नै सबैको पर्यवसान हुने भएकाले त्यो चितिशक्ति अखण्ड अद्वैतस्वरूप हो त्यसैले त्यो क्रमोत्तीर्ण छ तर सम्पूर्ण क्रमको जननी र सबै क्रममा अनुस्यूत भएर रहने भएकाले त्यो परम स्वातन्त्र्यशक्ति वा भास क्रम पनि हो। सोही अक्रम एवं क्रमस्वरूप चिति, संवित् वा कालसङ्कर्षिणी कालीलाई सर्वत्र सदासर्वदा अविचलरूपले अनुभव गर्नु नै स्वात्मविमर्श वा जीवन्मुक्ति हो र त्यही नै कालीउपासनाको परम आदर्श पनि हो।

सन्दर्भग्रन्थसूची

- कविराज, गोपीनाथ (ई.सं. १९९४), **तान्त्रिक वाङ्मय मे शाक्तदृष्टि**, पटना : विहार राष्ट्रभाषा परिषद् ।
- गुप्त, अभिनव (ई.सं.२००२), **तन्त्रालोक** (विवेकव्याख्यासहित), राधेश्यामचतुर्वेदी (सं.), वाराणसी : चौखम्बा विद्याभवन।
- ज.ब.रा., धनशमशेर (वि.सं. २०२०) **प्रबुद्धसनातनरहस्यम्**, काठमाडौं।
- ज.ब.रा., धनशमशेर (वि.सं. २०४६) **कुलार्णवरहस्य**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।
- तारानन्द तीर्थ (वि.सं. २०६४), **वाममार्ग का यथार्थ स्वरूप** (कल्याण, शक्ति अङ्क), गोरखपुर : गीताप्रेस।
- नवमीसिंह (वि.सं. २०५४), **तन्त्रचिन्तामणि (पूर्वभाग)**, विद्यानाथ उपाध्याय(सं.), दाङः महेन्द्र संस्कृत विश्वविद्यालय।
- पणशीकर, वासुदेव (सं.) (ई.सं १९९०), **ईशाद्यष्टोत्तरशतोपनिषदः**, वाराणसी : चौखम्बा विद्याभवन।
- भट्ट, गिरिधारी (व्याख्याकार) (वि.सं. २०६९) **तोडलतन्त्र**, काठमाडौं : सूरजशमशेर ज.ब.रा.।
- महर्षि वेदव्यास, श्रीमद्भागवतमहापुराण, गोरखपुर : गीताप्रेस।
- मिश्र, परमहंस (सं.) (ई.सं.२००२), **कुलार्णवतन्त्र**, दिल्ली : चौखम्बा विद्याभवन।
- स्वामी लक्ष्मणजू (ई.सं. २०१०), श्रीक्रमनयप्रदीपिका, काश्मीर : ईश्वर आश्रम ट्रस्ट।

वसन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन्द : सुन्दरी

दयाराम अर्याल

नव याम छ यो कोकिल लयले गुन्जन्छ धरा अति गौरवले
हुन गो मन यो चौपट हँसिलो आफ्नैपनको सब पौरखले
अवनी हँसिली सूर्य किरणमा छायो छवि सुन्दर पूर्वातिर
रजनी पनि खुल्दै हतपत उठ्यो प्रात नवीनसँगै प्रचुर
समता सबमा दिन्छ प्रकृति कानूनै उसको परिमाण छ यो
उचनीच कहाँ हुन्छ सम सबै गर्दा फरकै नपरी सकियो
चकनाचुर भै गो दुषित हवा, आयो अब स्वच्छ समीर यहाँ
विभुता यसको गोप्य नहुन गै साछी छ त पल्लव उच्च यहाँ
वनमा पशु पन्छी विचरणमा आच्छादित छैन विनोद खुल्छ
घरमा नव यो जोश उपर कान्ता कान्त छ बीच विनोद चल्छ
नभमा सविता स्वच्छ उदय भो हेर्दा क्षितिजै अनमोल भयो
तम छैन यहाँ मौसम त सफा चल्दै मनमोज अपार छ यो
ऋतु राज बडा आगमन यहाँ शैलेन्द्र, मधेश, तराइ सब
खुस छन् मनमा मङ्गल शुचिले, कर्मिष्ठ बने जनता त सब
न त यो समयै उष्ण पनि छ, ठण्डा छैन मनोहर मौसम छ
नव जोश पलायो सब सबको खुल्यो प्रतिभा नव कौशल छ।

गोरखा न.पा. ३ मा रहनु हुने कवि सृजनशील प्रतिभा हुनुहुन्छ । – सम्पा.

समवेदना

जन्मः वि.सं. २०००

स्वर्गारोहणः २०७४ पौष ७

दण्डपाणि अर्ज्याल स्मृति केन्दका कोषसंस्थापक मध्येका एक **बलराम अर्याल**को मिति २०७४ पौष ७ का दिन ७४ वर्षको उमेरमा भएको दुःखद् निधनले हामी मर्माहत भएका छौं । हामी उहाँको आत्माको चिरकालतक शान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकमबरी

सविता बिमली

शिरीष नफुल्ने याम
पुसको कुनै चिसो अपराह्न
एक्लो भेट्टाएर बरीलाई
चुम्बन गर्छ
सुयोगवीर !
बरीको स्थिर धरामा
कम्पन आउँछ
अनौठो
आफ्ना कुमारी ओठ
सुम्सुम्याउँदै
अब कहिल्यै नभेट्ने
प्रण गर्छे ऊ ।
तर मर्दिन !
सुनगाभाको सुसारमा व्यस्त
सुडौल पाखुरा र कोमल हत्केला
इन्सेक्ट किलर पनि हैनन्
भैंसी गोठाल्नी, माटिनची
बरी कसरी हुन सक्छे !!??
स्वाभिमानी बरी
बर्मेली ठिटी पनि होइन ।
नाकाम कोसिस सुयोगवीरका
..... बरी चिन्न सकेन ।
बरी त्यो मुर्छना हो
त्यस्तो राग हो संगीतको
जुन साधनाको बर्सौंपछि
प्राप्त गर्छ साधकले ।
अलभ्य प्राप्ति हो बरी !!
सुयोगवीरका लागि
कसरी लभ्य हुन सक्छे त ऊ ?!
बरु मरिदिन्छे !?
तर मरिन ।
निस्सार युद्धबाट विरक्तिएको
निरुद्देश्य बाँचिरहेको
त्यसै पनि भगौडा सिपाही न हो
सुयोगवीर
युद्धको ..... !
जीवनको ..... !!
युद्धमा सधैं जित कहाँ हुन्छ र !!??
फर्किएको छ सुयोगवीर
त्यही धरामा
जहाँ,
हेड हन्टरकी छोरीको चिहान छ
माटिनचीको आँसु छ
अनि
बर्मेली ठिटीकी कोखबाट
ओर्लिएर
कुनै बालकको बोली फुट्दैछ
बा...क....बा !
सुयोगवीरको चुम्बनको
डामलाई ताछेर सदाका लागि
वसन्तको पारिलो बिहानीमा
नीला फूलहरूमाथि टेकेर
सुस्ताइरहेकी
ऊ आजकी सकमबरी !!

कवि तथा अधिवक्ता गर्नुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फुलमाया

पुष्पा अधिकारी

फेवा, रूपा, वेगनास जस्ता तालहरू महेन्द्र, चमेरे, गुप्तेश्वर जस्ता गुफाहरूको दृष्यावलोकन अनि प्याराग्लाइडिङको अनुपम आनन्दमा रमाउन देश विदेशबाट पर्यटकहरूलाई लोभ्याउन सफल छ माछापुछ्रे हिमालको काखमा अवस्थित सुन्दर पर्यटकीय नगरी पोखरा । हो यही सुन्दर नगरीबाट उत्तरतर्फ करिब ६ घण्टाको यात्रामा पुगिन्छ अर्को पर्यटकीय गाउँ घान्द्रुक ।

माछापुछ्रे हिमाललाई आँखा अगाडि देख्न पाइने नेपालकै उत्कृष्ट ग्रामीण पर्यटकीय गाउँ घान्द्रुक । जहाँको लोक संस्कृति र दृष्यावलोकनको लागि दैनिक असङ्ख्य पर्यटकहरू जाने गर्दछन् । माछापुछ्रे बेस क्याम्प जाने पदमार्गमा रहेको यस रमणीय गाउँको पुछारमा एउटा सानो झुपडी छ जसले यो सुन्दरताको अनुभूति आजसम्म गर्न पाएको छैन । त्यही झुपडीमा फुलमायाको ३ जनाको परिवार छ । त्यो परिवारमा छ, त केबल दुःख, पीडा र बेदना अनि ति नाबालक बालबालिकाहरूको रोदन मात्र ।

न त कुनै ठूलो चाहना थियो त्यो परिवारमा न त कुनै कामना नै । दिनभरि दुःखजिलो गरेर साँझ बिहानको छाक टार्दै अनि पारिवारिक प्रेम साटासाट गर्दै जीवन गुजारा गरिरहेको थियो, यो परिवार । एकाएक परिवारमा अकल्पनीय बज्रपात हुन्छ । बिचरा फुलमाया थरथर काँप्दै अचेत अवस्थामा भुइँमा लड्छिन् । ती नाबालक छोरा छोरी आमालाई सुम्सुम्याउँदै रूँदै बसेका छन् । त्यो पीडा अनि क्षण देख्दा कस्को मन नभक्कानिएला र ?

दैव पनि कति निष्ठूरी हुन्छ ? त्यो परिवारको सुखी क्षण भरमै विलीन हुन्छ । परिवारमा निष्पट्ट अँध्यारो छाउँछ । परिवारको साहारा फुलमायाको पति वस्तुभाउलाई घास काटन जाँदा रूखबाट लडेर क्षण भरमै भएको मृत्युको खवरले वरपरको वातावरण स्तब्ध छ । चराचुरूङ्गीको सुमधुर स्वर पनि कोलाहलमा परिणत भएको छ । गोठमा बाँधिएका गाईवस्तुहरू पनि कराई रहेका छन् अनि पतिको वियोगमा अचेत फुलमाया र ती नाबालक छोराछोरीको रोदनको कारूणिक व्यथा कसरी वर्णन गर्न सक्छु र ?

लाउँलाउँ खाउँखाउँको बेलामा भएको पति वियोगको पीडालाई ती नाबालक छोरा छोरीको अनुहार हेरेर सहनु बाहेक अर्को उपाय नै के थियो र फुलमायामा ? अगाडि ठूलो चुनौतीको पहाड छ । साँझ बिहान हातमुख जोर्ने समस्या त छँदैछ अनि ती बालबालिकाको भविष्यप्रति आमाको मन । सबैका छोराछोरी सफा लुगा लगाएर पुस्तक च्याप्दै विद्यालय गएका छन् आफ्नो भने ! आमा म पनि पढ्न जान्छु नि, ७ वर्षे छोरा राजुको आवाजले फुलमाया झस्किन्छिन् अनि प्रतिउत्तरमा केबल मौनता मात्र, रात पर्छ । छोरा छोरी आमाको काखमा निदाएका छन् । निष्पट्ट अँध्यारो छ । छ त केबल स्पर्शको आदान प्रदान मात्र अनि आँशुका थोपा । रात छिपिँदै थियो अलिकति झकाउन लागेकी फुलमायाको मनमा गाउँको सामुदायिक विद्यालयमा पढाउने कमल सरलाई सम्झिन्छिन् । दुःखीको कुरा सुन्ने, सकेको

लेखक समाजसेवी हुनुहुन्छ । - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सहयोग गर्ने सरको बानीले उनको मनमा आशाको त्यान्द्रो पलाउछ ।

रातभरि आँखा झिमिक्क नगरेकी फुलमाया चराचुरूङ्गीको चिरबिर चिरबिर आवाजले बिहानीको सङ्केत गरेपछि पँधेरोबाट पानी ल्याई दैलो पोत्छिन् र वस्तुभाउलाई पराल हालेर छोरा छोरीलाई ओछ्यान मै छाडी कमल सरको घरमा पुग्छीन् । भैंसीको दुध दुँदैं गरेका सरले चकटीमा बस्न गरेको इशारालाई स्विकार्दै टोलाउन थाल्छिन् । बिहानै के पऱ्यो भाउजू ? सरको आवाजले झस्कँदै आफूलाई सम्हाल्छिन् र हिजो छोराले पढ्न गरेको चाहना र आफ्नो विवशताको बारेमा बताउँदै आँखाबाट आँशुका धारा बगाउन थाल्छिन्- फुलमाया । नरूनुस् भाउजू बाबुलाई विद्यालयमा भर्ना गर्न र पढाउन कुनै समस्या हुँदैन । सबै व्यवस्था म मिलाउँछु । बाबुलाई आजै विद्यालय लिएर आउनुस् । कमल सरको बचनले फुलमायाको अनुहारमा एकाएक मुस्कान छाउँछ । सबै पीडाहरू हराएको अनुभूति हुन्छ । आफ्नो सन्ततिको सुन्दर भविष्यको कल्पनामा डुबुल्की मार्दै सुन्दर संसारको कल्पना नगर्ने आमा को होला र ?

हतार हतार हातमुख जोड्दै सानी छोरीलाई काखमा च्यापेर राजुलाई डोऱ्याउँदै विद्यालय पुग्छिन् फुलमाया । शिक्षकको सहयोगमा विद्यालयमा भर्ना गरी छोरालाई विद्यालयमा नै छोडेर घर फर्किन्छिन् । समय बित्दै जान्छ । राजु पढाइमा विद्यालयकै उत्कृष्ठ विद्यार्थीमा गनिन्छ । उसको अनुशासन र मेहनत अरूको लागि उदाहरण बन्छ । बहिनीलाई पनि विद्यालय भर्ना गरिन्छ । बैनीको हात समाउँदै विद्यालय जानु, आउनु र हेरचाह गर्नु राजुको कर्तव्य बनेको छ । जब राजु कक्षा चढ्दै जान्छ, खर्चमा पनि क्रमिक बृद्धि हुँदै जान्छ । विद्यालय शिक्षा त जेनतेन पढ्ने भयो अबको भविष्य के हुने हो ? विस्तारै मनमा चिन्ता पर्न थालेको छ फुलमायालाई । समाज पनि बलेकै आगो ताप्छ । हिजोको आफन्त टाढिन थालेको छ । सहारा भन्नु नै केबल छोरा र छोरी मात्र ।

छोरा पढेर ठूलो मान्छे भएको । आमा अब हजुरको दुखको दिन गए, अब हजुर र बैनीलाई राम्रोसँग सुखी र खुसीको साथ राख्छु भन्दै राजुले आमालाई ढोग गरेको मात्र थिए त्यै समयमा गाई कराएको आवाजले उनको निन्द्रा भङ्ग हुन्छ । अहो ! आज त सपना पनि कति राम्रो देखिएछ फुलमाया गुनगुनाउँदै उठेर हतार हतार ढोका खोल्छिन् । झलमल्ल घाम लागिसकेको रहेछ । घर लिपपोत गरी गोठमा भकारो फाल्दै अचानक कमल सर र अर्को अपरिचित व्यक्ति आँगनमा उभिएको देखी हत्तपत्त हात धोई दुवै जनालाई नमस्कार गर्दै पिँडीमा गुन्द्री ओछ्याई बस्न आग्रह गर्दै भन्छिन् सर आज बिहानै म दुखीको घरमा !

हो भाउजू हामी हजुरलाई नै भेट्न आएको । विदेशमा रहनु भएका हाम्रै नेपाली दाजुभाइहरू मिलेर हाम्रो गाउँमा के सहयोग गर्नुपर्छ भनी अध्ययनको लागि आउनु भएको रहेछ । बाबु राजुको पढाइ राम्रो छ । एस एल सी पनि दियो । अब उच्च शिक्षाको लागि सहर जानु पर्छ । तपाईको अवस्थाले पाढउन गाह्रो छ । त्यसैले राजुलाई उच्च शिक्षा अध्ययनको लागि सहयोग गर्न हामीले अनुरोध गरेकोले हजुरसँग भेट गराउन उहाँलाई लिएर आएको ।

कुराकानी भयो उच्च शिक्षाको लागि सम्पूर्ण व्यवस्था मिलाई दिने आश्वासन दिई उहाँहरू फर्कनु भयो । राजुले पनि विशिष्ट श्रेणीमा एस एली सी उत्तीर्ण गऱ्यो । कमल सरको समन्वय र विदेशमा रहनु भएका नेपाली दाजु भाइको आर्थिक सहयोगमा राजु विज्ञान विषय लिएर पोखरामा पढ्न थाल्यो । ऊ बुझ्ने भैसकेको थियो । आमाको दुःख, बैनी र आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
भविष्य सम्झदै राजुले लगनशील भएर पढ्यो । कक्षा १०, १२ पनि प्रथम श्रेणीमा उत्तीर्ण हुन सफल भयो । परोपकारी मन र सहयोगी हातहरू पनि राजुको सफलताले झन् उत्साही हुनु स्वाभाविक नै थियो ।

थाहै छैन, कुन्नि किन हो ? राजुले इन्जिनियर बनेर समाज र देशको सेवा गर्ने इच्छा प्रकट गऱ्यो । उसको चाहना पूरा गर्ने सहयोगी हातहरूको कर्तव्य बन्यो । फलस्वरूप पोखराकै इन्जिनियरिङ कलेजमा भर्ना गरियो । राजु पढाइमा अब्बल नै थियो । कलेजमा पनि राम्रै गरेको छ । मिहेनत गरेर पढेको छ । छुट्टीको समयमा बाहिर सानोतिनो काम गरेर घरमै बैनी र आमालाई पनि सानो तिनो सहयोग गर्न थालेको छ । उसका गतिविधिले घर परिवार र समाज प्रतिको जिम्मेवारी बोध प्रष्ट झल्कन थालेको छ । आज राजुले बि.इ.को अध्ययन पूरा गरी इन्जिनियर बनेको छ । छोटै समयमा लोकसेवाको परीक्षा उत्तीर्ण गरी सरकारी सेवामा कार्यरत छ ।

अब त्यो परिवारमा पीडा कम हुँदै गएको छ । फुलमायाका दुःखका दिनहरू विस्तारै घाम लागेर बादल फाँटेको जस्तै फाट्न थालेका छन् । छिमेकीहरू यस्तीको छोरा पनि इन्जिनियर भयो भनेर कानेखुसी गर्न थालेका छन् । विस्तारै गाउँघरमा चाडपर्व, विवाह व्रतबन्धहरूमा बोलाउन थालेका छन् ।

एक दिन राजु पढेको विद्यालयमा आउन फुलमायालाई निमन्त्रण गरिन्छ । कहिल्यै मान्छेको जमघट भएको ठाउँमा नगएकी नारी आज मनमा कौतूहलता बोकेर विद्यालय पुग्छिन् । विद्यालयको वार्षिकोत्सव रहेछ । उद्घोषक कमल सरले फुलमायालाई मञ्चमा आसन ग्रहणको लागि बोलाउनु हुन्छ र कुर्सीमा बस्न अनुराध गर्नु हुन्छ । असहज मान्दै मञ्चमा गएर बस्छिन् । केही क्षणमै उद्घोषकले फुलमायाले पाएको दुःख, कष्ट, पीडाको वर्णन गर्दै छोरा छोरीलाई दिएको स्नेह र धीरताको वर्णन गर्छन् र त्यस्तो विषय परिस्थितिमा पनि छोरालाई गाउँकै पहिलो इन्जिनियर बनाउन सफल भएकोमा उनलाई सम्झना गर्न प्रमुख अतिथिलाई अनुरोध गरिन्छ । फुलमाया र दोसल्ला ओडाएर सम्मान गरिन्छ अनि छोरालाई पनि । सबैले आ-आफ्नो ठाउँबाट उठेर सम्माना गर्दै ताली बजाउँछ । फूलमायाको हर्षको आँशु रोकिदैन । क्षण भरमै स्तब्ध हुन्छिन् । एकछिन सन्नाटा छाउँछ । आमा छोरालाई अँगालोमा राख्छिन् । कमल सर सबै सहयोगी मन र हातहरूलाई सलाम गर्दै सिर निहुराएर नमन गर्छन् ।

आज समाज फेरिएको छ । फुलमायाको परिवारको जीवनशैली फेरिएको छ । धैर्यता लगनशीलता र निरन्तरको क्रियाशीलता नै जीवन रहेछ अनि सफलता पनि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Everest Engineering and Management College

Programs offered

- BE Civil
- BE Elex. & Comm.
- BE IT (Information Technology)
- BE Computer Engineering
- BBA - BI (Banking/Insurance)

Everest Engineering and Management College
Buddhanagar, Kathmandu, Nepal
P.O.Box: 44600 KTM, Nepal
Tel : 977-01-4784644, 01-4784894
Fax : 977-1-4784894
Email : admin@eemc.edu.np

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राइनास नगरपालिका
नगर कार्यपालिका कार्यालय
तीनपिप्ले, लमजुङ ४ नं. प्रदेश, नेपाल, फो.नं. ०६६-६९०६००
website:www.rainasmun.gov.np

विषयः घर निर्माणका लागि स्वीकृत गर्ने सम्वन्धी सूचना ।

यस नगरपालिकाको मिति २०७४।५।१५ गते वसेको नगर कार्यापालिकाको वैठकले यस नगरपालिका भित्र साविक देखि नै वनेका घरहरू र निर्माण गरिने घरहरू सम्वन्धमा तपसिल वमोजिम नया घर निर्माण मापदण्डका आधारमा अनुमति दिने नर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपसिल

१. राष्ट्रिय सडक मापदण्ड र नगर यातायात गुरुयोजना (MTMP) मा तोकिएका सडकवाटोको सडक अधिकार क्षेत्र कटाएर मात्र घर नक्सा पास गर्ने ।

२. २.५ आना क्षेत्रफल भन्दा थोरै क्षेत्रफल भएका जग्गामा पुराना घरहरू भत्काइ नयाँ गाह्रोवाला (Load Bearing) घरहरू वनाउन दिने तर RCC Pillar वाला घरहरू वनाउन नदिने ।

३. वाटो र व्यक्तिको जग्गाको वीचमा सार्वजनिक जग्गा पर्न आउनेको हकमा वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ मा तोकिएको निश्चित सेट व्याक छोडेर मात्र घर वनाउन दिने ।

४. १५० मिटर भन्दा कम लम्वाईको गोरेटो वाटोको हकमा गोरेटोको वीचवाट १.५ मिटर सडक अधिकार क्षेत्र र १ मिटर सेट व्याक छोडेर मात्र घर नक्सा पास गर्ने ।

५. अव उप्रान्त घर नक्सा पास नगरी/नगरपालिकाको सिफारिश नलिई घर टहरा वनाएमा नगरपालिकाले तोकेको शुल्कको तीन गुण जरिवाना लिने ।

६. नगर कार्यपालिका कार्यालयले प्रत्येक हप्ताको आइतावार मात्र घर नक्सा सम्वन्धी कार्य गर्ने ।

७. राष्ट्रिय सडक मापदण्डले तोकिएका सडकवाटोको सडक अधिकार क्षेत्र निम्न वमोजिम रहेको छ ।

क्र.सं.	सडकको विवरण	सडकको अधिकार क्षेत्र	सेट व्याक	कैफियत
१	राष्ट्रिय सडक	२५/२५ मिटर	६-६ मिटर	
२	जिल्ला सडक	१०-१० मिटर	६-६ मिटर	
३	नगर यातायात गुरु योजनाको सडक			१५० मिटर भन्दा कम लम्वाईको सडक नगर यातायात गुरु योजनामा समावेश गरिएको छैन ।
क	A वर्गको सडक	७-७ मिटर	४-४ मिटर	
ख	B वर्गको सडक	५-५ मिटर	३-३ मिटर	
ग	C वर्गको सडक	४-४ मिटर	२-२ मिटर	
घ	D वर्गको सडक	३-३ मिटर	२-२ मिटर	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म : संस्कृति र अध्यात्म

महेन्द्र प्र. भट्टराई

धर्म जीवनको उत्कर्षलाई प्रतिविम्ब गर्ने सुन्दर शब्द हो, अवश्था हो। सामान्य जनले, स्थुल बुद्धिले व्याख्या गरे जस्तो पाखण्ड, परम्परा वा चलन होइन। मानवको चेतना विकास सँग-सँगै धर्मलाई आ-आफ्नो ढङ्गले व्याख्या गरिदै आइएको छ। पुराण (पुराना कथा) लाई आधार मानेर धर्मको अपव्याख्या पनि भएको छ। तर यथार्थ त धर्म जीवन र सम्यतालाई प्रतिविम्बित गर्ने सुन्दर अवश्था नै हो। बुझाइको स्तरबाट व्याख्या गर्दा धर्मको स्थूल र सूक्ष्म दुई पाटो देखिन्छ। जसको सङ्क्षिप्त चर्चा यस प्रकार गर्न सकिन्छ।

धर्मको सांस्कृतिक पक्षः संस्कृति र परम्परा धर्मको स्थूल पक्ष हुन्। पूजा, मन्त्र जप, मन्दिर गमन, तीर्थाटन, यज्ञ, होम-हो मादी, चाड पर्व इत्यादिलाई धर्मको स्थूल पक्ष मान्न सकिन्छ जसले पारिवारिक सामाजिक सद्भाव विकास गराउँछ, परिवार र समाज सु-संस्कृत भएको देखिन्छ। संस्कृति र परम्पराको निरन्तरताले शास्त्रहरूमा उल्लेख भएका विभिन्न देवी-देवताहरूप्रति अहोभाव अभिव्यक्त हुन्छ। आफ्ना कुलदेवता, पितृगण, इष्टदेवहरूपति अहोभाव र स्मरण हुने हुनाले संस्कृति, पूजा, हवन इत्यादिले उक्त कार्यमा संलग्न व्यक्तिको पनि दैनिक जीवनमा सङ्कल्प विकास हुने र मानसिक सन्तुष्टि प्राप्त पनि हुने गर्दछ। यसको साथै अदृष्य रूपमा जगतमा विद्यमान अशरीरी चेतनाहरूको आशिरवाद र सद्भावले जीवन केही सरल र सफल बन्दै जान्छ। तर जीवनमा प्राप्त गर्नु पर्ने निर्वाण, मोक्ष, मुक्ति, परमानन्दप्राप्ति, सत्चितानन्दमा उपलिब्धि जस्ता जे शब्दावली भने पनि जीवनको असली उत्कर्षमा पुग्न भने धर्मको स्थूल पक्षले सक्दैन। त्यसको लागि धर्मको सूक्ष्मा पक्ष 'आध्यात्मिकता' लाई बुझ्न र वरण गर्न जरुरी छ।

धर्मको आध्यात्मिक पक्षः धर्मको सूक्ष्म पक्ष आध्यात्मिकता हो। आध्यात्मिकतामा सम्प्रदाय अटाउदैन। हिन्दु, बौद्ध, इसाइ, इस्लाम, जैन इत्यादिको साँघुरो घेरा भन्दा 'अध्यात्म' निकै फराकिलो हुन्छ। अध्यात्ममा जीवनको समाधान हुन्छ। अहङ्कारमा जकडिएको जीवनलाई 'ब्रम्ह या असीमित अनन्त चेतना' संग एक गराइ त्यसैमा रमन भइरहनु अध्यात्मको मञ्जिल हो। जीवनको सवै समस्याहरू 'मन' मा छ। त्यसैकारण मनबाट अमनमा उपलब्ध हुनु नै धर्मको असली सन्देश हो। मनबाट 'अमनमा' पुगेको अवस्था नै 'योग' को अवश्था हो। तर मनको शक्तिलाई उपयोग गरेर सिद्धिमा पुग्नु पनि अध्यात्म होइन। मनको सहारामा सृकल्प शक्ति विकास गरेर विशेष प्रतिभा देखाउनु पनि अध्यात्म होइन। अध्यात्म भनेको नितान्त एउटा दुःखी, चञ्चल र सधै भड्किरहने मनको 'अमन' मा उपलब्धिको अवस्था हो। यसको लागि विभिन्न समयका सन्त र सद्गुरुहरूले मानव जातिलाई विभिन्न उपायहरू र विधिहरू बताएका छन्। 134 कर्मयोग, तन्त्रयोग, भक्तियोग, ज्ञानयोग, ध्यानयोग, साङ्ख्ययोग, सहयोग

लेखक आचार्य श्री ओशोधारा मैत्री संघ (नेपाल) संस्थापक/प्रिन्सिपल द सेलिब्रेसनको एड जोरपाटी। - सम्पा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ता विविध योगहरूको माध्ययमबाट मानवजातिलाई सन्तहरूले धन्य पारेका छन् । तर मानिसहरूको बुझाई अल्प छ। सामान्य आसनलाई उसले 'योग' मान्दछ। लसुन-प्याज नखानु र श्वेत वस्त्र लगाउनुलाई धार्मिक हुनु मान्दछ। शास्त्र पढ्नुलाई मोक्षको तयारी मान्दछ। तर हाम्रो भूमिमा जन्मिएर अध्यात्मको असली मर्म सिकाउने पातञ्जली 'समाधि' लाई योगको अवस्था मान्छन् । बुद्ध सम्यक सम्बोधिलाई धर्मको उत्कर्ष भन्छन् । हरेक कृत्यमा होस जोडेर जीवनलाई होस पूर्वक बाँच्ने सन्देश दिने गोरखको "गोरख धन्दा" मा धर्मको सार सूत्र छिपेको छ । त्यस्तै समग्र जागरुकतालाई परम लक्ष्य बताउने साङ्ख्यका प्रणेता अष्टावक्र र राजश्री जनक अध्यात्मलाई कुनै पनि कृत्य, परम्परा वा संस्कृतिसंग जोड्न चाँहदैन । यसरी हेर्दा लोकले बुझेको योग र धर्मको परिभाषा र मर्मलाई सरल र सूक्ष्म रुपले बुझेर जीवनको उत्कर्ष, आनन्दमा उपलब्धि, दुःखबाट मुक्तिको अवस्था वा मनबाट 'अमन' को उपलब्धिको लागि प्रयासरत हुन सकियो भने मानव जीवन सार्थक बन्न सक्छ।

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र कार्यसमितिको नामावली

प्रा. सरोजकुमार देवकोटा	अध्यक्ष	९८५१०३९६७८
श्री प्राज्ञ विष्णु प्रभात	उपाध्यक्ष	९८४१४२२५२२
श्री ईश्वरचन्द्र बानियाँ	महासचिव	९८५११९४४४०
श्री गीता रेग्मी अर्याल	सचिव	९८४१६१५०४४
श्री कमल अर्याल	कोषाध्यक्ष	९८५६०३२७९४
डा. प्रभा कैनी	सदस्य	९८४१२७६६८८
श्री मदनराज थापा	सदस्य	९८४५२१६८११
श्री दीपकबाबु अर्याल	सदस्य	९८४१२३८३१०
श्री कपिलचन्द्र खनाल	सदस्य	९८४१४८४३५८
श्री प्रभा बराल	सदस्य	९८४१७३७२९२
श्री अनिल अर्याल	सदस्य	९८५११६२६६५
श्री ईश्वरी सुवेदी	सदस्य	९८४९९४४४४६
श्री सविता शर्मा	सदस्य	९८४१७३६९६५
श्री विजय आचार्य	सदस्य	९८५११८२९७४
श्री परशुराम अर्याल	कोष संस्थापक	९८४१४०३७२३
श्री हरिहर अर्याल	कोष संस्थापक	
श्री राजेन्द्रप्रसाद अर्याल	कोष संस्थापक	

सल्लाहकारहरू:

प्रा. श्री शिवहरि मरहट्टा, डा. श्री दिनेशचन्द्र देवकोटा, श्री दोलखबहादुर गुरूङ, श्री शीतलबाबु रेग्मी, श्री नारायणभक्त अर्ज्याल, श्री तुलसी न्यौपाने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिभा परिचय

कपिलचन्द्र खनाल

कलाकारिता र समाजसेवाको उन्नत चेतनाबाट अभिप्रेरित भई देश र जनताको सेवामा समर्पित सीताराम कट्टेल 'धुर्मस' र कुञ्जना घिमिरे 'सुन्तली' वर्तमानमा धेरैको प्रेरणास्रोत बनेका छन् । चरम भौतिकवादी र आत्मकेन्द्री भएर वैयक्तिक उन्नयनमा केन्द्रित वर्तमानमा धुर्मुस र सुन्तली अपवाद बनेर देखिएका छन् । हास्यकलाकारको छवि बनाएर समाजसेवाको पवित्र विचार लिएर अघि बढिरहेको यो जोडी सबैका निम्ति अनुकरणीय बनेको छ । समाजसेवाको बृहत्तर र स्पष्ट योजना, निश्चार्य भावना अनि पारदर्षिताको उच्चतर नमुना पेस गर्ने सीताराम कट्टेल र कुञ्जना घिमिरेको सामान्य परिचय यहाँ प्रस्तुत गरिन्छ ।

सीताराम कट्टेल

पिता बोगराज कट्टेल तथा माता कमला कट्टेलका जेष्ठ सुपुत्रका रूपमा सीताराम कट्टेल वि.सं. २०४० साल असार ४ गते यस धर्तीमा पदार्पण गरेका हुन् । उनी सर्वोच्च शिखर सगरमाथाको काखको जिल्ला सोलुखुम्बु जिल्लाको सुन्दर बेतघारी गा.वि.समा जन्मिएका हुन् । निम्न आयस्तर भएको उनको परिवार आजीविकाको खोजीमा झापा झर्‍यो अनि गौरादहबाट उनले माध्यमिक तहको अध्ययन पूरा गरे । उच्च शिक्षा अध्ययनको लागि काठमाडौंको रत्नराज्य क्याम्पसमा जेनतेन भर्ना भएका उनले छाक टार्नकै लागि चित्र बनाउने, भाँडा बेच्ने काम गरे । उनी क्यारिकेचर गरेर अनि साथीहरूलाई जोक सुनाएर पनि पैसा जुटाउन गर्थे । कलाकार बने भूत चढेका उनी हास्यकलाकार खेम शर्मासित सम्पर्क बढाई हाँस्यकलाकारितातिर बामे सर्दै गए । यसै सिलसिलामा सन्तोष पन्तको **हिजो आजको कुरा** कार्यक्रममा स-साना संवाद बोल्ने मौकाको उनले राम्ररी सदुपयोग गरे । पछि जितु नेपालको साथ र सहयोगमा उनी **गीताञ्जली** टेलिफिल्ममा माग्ने बूढाको भूमिकामा जमे । दीपकराज गिरिको सानिध्यमा **उनले तीतो सत्यको** १४ औं भागसम्म सफल अभिनय प्रस्तुत गरे । केदार घिमिरेको साथमा उनले **मेरी बास्यै** हास्य टेलिसिरियल बनाए र दमदार अभिनय देखाए । यसै हास्य श्रृङ्खलामा 'धुर्मुस' पात्रको अभिनयका माध्यमले उनी चर्चामा आउन सके । सीताराम कट्टेल व्यक्ति एक भए पनि अनेक भूमिकामा अभिनय गर्न सक्ने कलाकारको रूपमा सुपरिचित छन् । उनी खड्काजी, मुस्कन पासा, केपी शर्माको नक्कली रूप, खडानन्द लगायत दुई दर्जनजति भूमिकामा देखिएका छन् । चलचित्र निर्माण र अभिनय दुवै पाटालाई उनले अघि बढाएका छन् । **छ एकान छ, वडा नं. छ** लगायत चलचित्रमा उनले लगानी गरेका थिए ।

कुञ्जना घिमिरे

हाँस्य अभिनेत्री अनि सामाजिक सेवाको अभियन्ताको उदीयमान छवि बनाउन सफल कुञ्जना घिमिरे वि.सं. २०४१ असार १६ गतेमा ललितपुर जिल्लाको चापागाउँमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मेकी हुन् । उनी माता सीतादेवी घिमिरे र पिता हरिप्रसाद घिमिरेको सन्तानको रूपमा जन्मेकी थिइन् । सानैदेखि हठी, जिद्दी र हक्की स्वभावकी उनी विद्यालयत तहमै रहँदा राम्रो नर्तकीकी छवि बनाउन समर्थ भइन् । नेपाल टेलिभिजनको **मेरी बास्सै** कार्यक्रममा धुर्मुसकी श्रीमती सुन्तलीको भूमिकामा जमेकी कुञ्जनाले वास्तविक श्रीमान्कै रूपमा सीताराम कट्टेल 'धुर्मुस'लाई रोजिन् र सन् २००९ मा उनैसँग विवाह पनि गरिन् । उनको सन्तानको रूपमा एक छोरी छिन् । **मेरी बास्सै** हास्य टेलिश्रृङ्खलाबाट उनी चर्चामा आइन् । २०७२ वैशाख १२ को त्रासद भूकम्पपछि कुञ्जना घिमिरे आफ्ना श्रीमान्सँग **धुर्मुस सुन्तली फाउन्डेसन** संस्थाका माध्यमले राहत सङ्कलन वितरण, वस्ती पुनर्निर्माण अनि हस्तान्तरणमा व्यवस्थित दङ्गले लागिरहेकी छन् । त्यसै गरी आफ्ना श्रीमान्को साथ सहयोगमा कुञ्जना घिमिरे तराईको पर्सादेखि झापासम्मका विभिन्न ठाउँहरू डुवानमा पर्दा उद्धार राहत र यस्तै मानवीय सेवामा लागेकी थिइन् । तराईमा शीत लहरले प्रताडित वृद्ध, अशक्त र बालबालिकाको निम्ति न्यानो कपडा सङ्कलन र वितरणमा उनी सक्रियतापूर्वक लागेकी थिइन् । **सरसफाई दूतको** रूपमा सुदुर पश्चिमका जिल्लामा मात्र होइन काठमाडौंमा उनले सञ्चाल गरेको सरसफाई कार्यक्रम महत्वपूर्ण छन् ।

समाजसेवामा : सीताराम र कुञ्जना

कलाकारिताका अतिरिक्त सीताराम र कुञ्जनाले सफल समाजसेवीको राष्ट्रिय र अन्तराष्ट्रिय छवि बनाएका छन् । **धुर्मुस-सुन्तली फाउन्डेसन** कला, सचेतना, भौतिक संरचना निर्माण मार्फत् जनसेवामा समर्पित सामाजिक संस्था हो । यसले कला, निर्माण र सचेतना मार्फत् नव नेपालको निर्माणमा विभिन्न प्रभावकारी गतिविधि गर्दै आएको छ । यसै सन्दर्भमा भूकम्पपछिको पुर्ननिर्माणका क्रममा काभ्रे जिल्लाको पहरी गाउँका भूकम्प पीडित २० परिवारका लागि भूकम्प प्रतिरोधी २० घर निर्माण, सिन्धुपाल्चोकको गिरानचौरको भूकम्प पीडित तामाङ गाउँमा ६६ आवासीय घर तथा महोत्तरीको वर्दिवासस्थित मुसहर वस्तीमा मानवता र सद्भावका लागि अपाङ्ग, बालमैत्री ५३ घरको एकीकृत नमुना मुसहर बस्ती निर्माण सम्पन्न भएको छ । ततपश्चात् पनि उक्त वस्तीको संरक्षण र स्थानीयका आर्थिक सम्वृद्धिका लागि विभिन्न कार्यहरू तथा क्रियाकलापहरू यस फाउन्डेसनले गर्दै आइरहेको छ ।

यी सबै कार्यहरू नेपाल सरकारको नीति, नियम र मापदण्ड अनुसार निर्माण भएका छन् । संस्थाको पवित्र उद्देश्य देशलाई बलियो बनाउन, जनतालाई सबल बनाई सरकारलाई सघाउनु नै रहेको देखिन्छ । निश्वार्थ सेवामा समर्पित धुर्मुस सुन्तलीलाई **सरसफाई दूतको** रूपमा सरकारद्वारा नियुक्त गरिएको छ । यसबाट उनीहरू झन् बढी दायित्वबोधका साथ सामाजिक सेवामा लाग्न प्रेरित भएका छन् ।

यो जोडी नेपाल सरकारको मातहत रहने गरी सम्पन्न गरिने महत्वपूर्ण परियोजना निर्माण गर्न उनीहरू लाग्दै छन् । उनीहरू 'नमुना नेपाल' निर्माण अभियानमा व्यवस्थित ढङ्गले लाग्ने प्रयत्नमा छन् । करिब ५ अरब रुपिया अनुमानित लागतमा एक हजार रोपनी जग्गामा निर्माण हुने यो परियोजना निर्माण सुरु भएपछि चार वर्षमा सम्पन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
गर्ने लक्ष्य उनीहरूले राखेका छन् । काठमाडौं, भक्तपुर, ललितपुर काभ्रे, मकवानपुर वा अन्य पायक पर्ने ठाउँमा निर्माण गरिने 'नमुना नेपाल' **धुर्मुस सुन्तली फाउन्डेसनको** समन्वयमा अनि नेपाल सरकार स्थानीय जनता एवं सहयोगी हातहरूको सहभागितामा निर्माण गरिने कुरा परियोजना प्रस्तावमा उल्लेख गरिएको छ । **नमुना नेपाल** नामको यो पर्या-पर्यटकीय सांस्कृतिक सद्भाव केन्द्र, विद्युतीय र कम्प्युटर पद्धतिको प्रयोग गरी हिमाल, पहाड, तराईको अनुभव हुने खालका विभिन्न सूचना र मनोरञ्जनका माध्यमको निर्माण हुने छ । 'नमुना नेपाल' नेपालको भूगोल, इतिहास, संस्कृति, कला, विज्ञान र प्रविधिको बारेमा जान्न र अनुसन्धान गर्न चाहनेहरूको केन्द्र बन्ने छ । समग्रमा यो केन्द्र विश्वमा नेपालको पूर्ण परिचय स्थापित गराउने आयोजना बन्ने छ । 'नमुना नेपाल' एउटा सिङ्गो नेपाल हुने छ । यसमा विभिन्न जातजातिका सांस्कृतिक, धार्मिक केन्द्रहरू हुनेछन्, मूल कुरा यो केन्द्रमा सिङ्गो देशमा रहेका जातजातिहरूको संयुक्त सांस्कृतिक बस्ती हुने छ, यहाँ नेपालको सङ्ग्रहालय बन्ने छ । चिडियाघर निर्माण हुने छ, भिन्नभिन्न सम्प्रदायका तीर्थस्थलहरू बन्ने छन् ।

यसरी कलाकारिताको माध्यमले मात्र होइन समाज सेवाको उदात्त भावनाले नेपाल र नेपालीको सेवामा सीताराम कट्टेल र कुञ्जना घिमिरे लागिरहेका छन् । भूकम्पपछि उद्धार, राहत सङ्कलन र वितरणमा उनीहरूको योगदान अतुलनीय मान्नुपर्छ । तराईमा डुवान हुँदा होस् या शीतलहर चल्दा सीताराम र कुञ्जना मानवीय सेवा र सहयोगमा तत्काल जुटेर जे जति गर्न सके सो सबैको प्रेरणाको विषय त हुँदै हो, राज्य संयन्त्रको ढिला सुस्ती र अकर्मण्यताप्रतिको व्यङ्ग्य पनि हो । उनीहरूले वस्ती निर्माणको माध्यमले इँटा र ढुङ्गा मात्र जोडेनन्, नेपाली मन पनि जोड्न सकेका छन् । यो देश जनताको लागि महत्वपूर्ण उपलब्धी हो । यस्तै योगदानलाई कदर गर्दै २०७४ सालको **दण्डपाणि- नन्दकुमारी स्मृति पुरस्कार** सीताराम कट्टेल र कुञ्जना घिमिरेलाई प्रदान गर्ने निर्णय भएको छ । म सीताराम कट्टेल र कुञ्जना घिमिरेलाई यस अवसरमा बधाई ज्ञापन गर्न चाहन्छु ।

संस्थाको गतिविधि

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र २०६२ सालमा स्थापना भयो । स्थापनाको कालदेखि यसले ज्ञानको प्रचार प्रसार गर्नको निम्ति नामित प्रतिभाको कृतिहरूलाई जनसमक्ष ल्याउने अनि राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिने व्यक्तिहरूलाई कदरस्वरूप पुरस्कार अर्पण गर्दै आएको छ । यसका अतिरिक्त संस्थाले कहिले गोरखामा त कहिले काठमाडौंमा राष्ट्रिय महत्वको विषयमा गोष्ठीहरू सञ्चालन गर्दै आएको छ । यिनै रचनात्मक एवं देश र जनताप्रति समर्पित कार्यप्रति विभिन्न पत्रिका अनि ग्रन्थहरूमा समीक्षा र टिकाटिप्पणी प्रकाशित भएका छन् । वि.सं. २०७० मा प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित **साहित्यकार परिचय कोश**मा नामित प्रतिभा दण्डपाणि अर्ज्यालको जीवनी, व्यक्तित्व अनि कृतित्वलाई पृष्ठ २२४ मा महत्वकासाथ सचित्र उल्लेख गरिएको छ । त्यसै गरी डिल्लीराम मिश्रद्वारा लिखित अनि हालसालै प्रकाशित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२४६+७२ पृष्ठको **नेपाली पुरस्कारको इतिहास** भीमकाय ग्रन्थको पृष्ठ ६३८ नामित प्रतिभा र **दण्डपाणि-नन्दकुमारी स्मृति पुरस्कार**का सम्बन्धमा समीक्षा प्रस्तुत गरिएको छ। त्यसको केही अंश अक्षरशः यहाँ उल्लेख गरिन्छ।

"नेपालको विद्वत्परम्परामा गोर्खाली अर्ज्याल वंशको योगदान गौरव गरिमाकै रूपमा जीवन्त रहेको छ। विशेष गरी पृथ्वीनारायण शाहकालीन नेपाली साहित्यमा अर्ज्याल वंशको योगदान बढी उपलब्धि मुलक छ। पृथ्वीनारायण शाहका समकालीन कवि शक्तिबल्लभ अर्ज्याल यस वंशका एक प्रतिभाशाली सर्जक हुन्। यही वंशको लामो श्रृङ्खलामा जन्मेका पण्डित दण्डपाणि अर्ज्याल पनि विराट प्रतिभा हुन्। उनी गोर्खा इतिहासका सजीव ग्रन्थ हुन्। गोर्खा जिल्लाको शैक्षिक जागरणमा महत्वपूर्ण योगदान दिएका विद्वान्, इतिहासविद् ज्योतिषशास्त्री तथा दीर्घ शिक्षासेवी दण्डपाणि अर्ज्यालको जन्म वि.सं. १९६३ कार्त्तिक २४ गते गोर्खामा भएको हो । उनको निधन २०४५ माघ ७ गते गोरखामै भयो भने दाहसंस्कार दरौंदी नदीमा गरियो। ८२ वर्षसम्म बाँचेका दण्डपाणि अर्ज्याललाई गोरखा सम्बन्धी विश्वकोश पनि भनिन्छ।

ऐतिहासिक व्यक्तित्व दण्डपाणि अर्ज्यालको संस्मरणमा २०६२ कार्त्तिक २ गते काठमाडौंमा **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र**को स्थापना भएको हो। यस स्मृतिकेन्द्रले दण्डपाणि अर्ज्यालको जन्मशताब्दी वर्षको अवसरमा २०६३ सालमा **दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार**को स्थापना गरेको हो। **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र**ले नेपाल र नेपालीको हितमा क्रियाशील रही सामाजिक सुधार, साहित्य, संस्कृति, शिक्षा, भाषा, ज्योतिषशास्त्र, इतिहास, संस्कृतिभाषा र वंशावली आदिको शोधखोज र सिर्जनामा संलग्न राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशेष योगदान पुऱ्याउने प्रतिभाशाली व्यक्तित्व एवं संस्थालाई उद्देश्य अनुरूप **दण्डपाणि-नन्दकुमारी अर्ज्याल स्मृति पुरस्कार** प्रदान गरिन्छ। स्मृतिकेन्द्रद्वारा प्रत्येक वर्ष प्रदान गरिने यो पुरस्कार आफैमा उचाइ पनि हो। यस स्मृतिकेन्द्रले **दण्डपाणि अर्ज्याल जन्मशताब्दी स्मृतिग्रन्थ** प्रकाशित गरेको छ। **वृहत अर्ज्याल वंशावली** र नेपालको इतिहास सम्बन्धी थुप्रै कृतिहरू सिर्जना गरेका दण्डपाणिको स्मृतिमा स्थापित यस संस्थाले राष्ट्रिय प्रतिभाहरूलाई प्रोत्साहन दिने नीतिका साथ महिला, जनजाति दलितहरूको उत्थानमा समेत सहयोग पुऱ्याउने उद्देश्य स्मृति केन्द्रले राखेको छ। द्रव्य शाह बहुमुखी क्याम्पस गोरखाका अवकाश प्राप्त क्याम्पस प्रमुख मोहननारायण श्रेष्ठको सभापतित्वमा काठमाडौंमा बसेको एक बृहत भेलाले **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र**को गठन गरेको हो।"

२) ज्ञानबिन्दु अङ्क १० लोकार्पण अनि पुरस्कार अर्पण

ज्ञानप्रवाहको माध्यम पत्रिका पनि बन्न सक्छ भन्ने मान्यता बोकेर हामीले २०६४ कार्तिकमा **ज्ञानबिन्दु अङ्क एक प्रकाशन गरेका थियौं**। त्यसपछिका हरेक वर्षहरूमा **'ज्ञानबिन्दु'** स्तर कायम गर्दै प्रकाशन हुँदै गए। यसै सिलसिलामा विद्वान् भावकको असीम प्रेरणा, सहयोग अनि सुझावले मिति २०७४।१०।२१ मा **ज्ञानबिन्दु**को १० औं **अङ्क लोकार्पण** कार्यक्रम हुन सकेको थियो। प्रज्ञा प्रतिष्ठानको प्रवचन कक्ष दुईमा खचाखच विशिष्ट विद्वान् विदुषीको समुपस्थितिमा सम्पन्न उक्त कार्यक्रम सर्वोच्च

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
अदालतका वर्तमान प्रधान न्यायाधीश गोपाल पराजुलीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । प्रमुख अतिथिको आसनवाट पराजुलीले "शुष्क र रुखो कानुनको पेसाबाट एकछिन अलग्गिएर यस्तो विद्वत् सभामा उपस्थित भई ज्ञानका कुरा सुन्न र सुनाउन अवसर दिने **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र**लाई धन्यवाद ज्ञापन गर्दछु' **भन्नुभयो । उक्त कार्यक्रममा संस्कृति, इतिहास अनि ज्योतिषशास्त्रमा समर्पित प्रा.डा. जगमान गुरुङलाई २०६३ सालको दण्डपाणि नन्दकुमारी पुरस्कार** प्रदान गरिएको थियो । पुरस्कृत प्रतिभा गुरुङलाई प्रमुख अतिथि पराजुलीले नगद रु. २५००० हजार प्रदान गर्दै दोसल्ला ओडाएर अनि अभिनन्दन पत्र अर्पण गरी सम्मान गर्नुभएको थियो । पुरस्कृत व्यक्तित्व जगमान गुरुङले "यो सम्मान र पुरस्कारले आफूमा लेखन, प्रकाशन र पठनको अझ महत्वबोध भएको कुरामा जोड दिनुभयो । कार्यक्रममा अमेरिका वस्दै आउनुभएका साहित्यकार राजेन्द्रप्रसाद अर्यालको 'माल्भा' नियात्रा सङ्ग्रह विमोचन गरिएको थियो । साथै उक्त कार्यक्रममा उदीयमान कथाकार सीता अर्यालको चौथो कथा सङ्ग्रह **'उपहार आँसुको'** पनि लोकार्पण भएको थियो । **माल्भा**को अन्तर्वस्तुवारे प्रा.डा. रामप्रसाद ज्ञवालीले गहन टिप्पणी गर्दै नेपाली नियात्रामा **'माल्भा'**ले थप गुणात्मकता प्रदान गरेको विषयमा जोड दिनुभयो । कथाकार सीता अर्यालको कथामाथि साहित्यकार रजनी ढकालले समीक्षा गर्दै नारी हिंसा, उत्पीडन र अभिशप्त नारीपुरुष दुवैका दारूण जीवनको सटिक प्रस्तुति नै **'उपहार आँसुको'** हो भन्नुभयो । **ज्ञानबिन्दु**को १० औं अङ्कको समीक्षात्मक टिप्पणी प्रज्ञा विष्णु प्रभातले गर्नुभएको उक्त कार्यक्रमको सभापतित्व केन्द्रका अध्यक्ष प्रा. सरोज देवकोटाले गर्नु भएको थियो । सभापतिको आसनवाट बोल्दै प्राध्यापक देवकोटाले **"देशका अव्वल** प्रतिभालाई सम्मान गर्दै ज्ञान सञ्चारको माध्यम बन्दै आएको **ज्ञानबिन्दु** लोकार्पण कार्यक्रमको भव्यता नै उपस्थित विद्वान् विदुषीको उल्लेख्य सहभागिता हो" भन्नुभयो । गीता रेग्मीले धन्यवाद मन्तव्य दिनुभएको उक्त कार्यक्रमको सञ्चालन दीपकबावु अर्यालले गर्नुभएको थियो भने उपस्थित विद्वत्जनलाई केन्द्रका महासचिव ईश्वरचन्द्र बानियाले स्वागत गर्नुभएको थियो । स्मरण रहोस् अघिल्लो वर्षहरूमा जस्तै २०७३ सालको पुरस्कारको राशि रू. २५०००/- (पच्चीस हजार) फ्रान्स निवासी हरिहर अर्यालले केन्द्रलाई सहयोग स्वरूप प्रदान गर्नु भएको थियो ।

२) गोरखामा विचार -विमर्श कार्यक्रम सम्पन्न

यस केन्द्रले कहिले गोरखामा त कहिले काठमाडौंमा विभिन्न विषयमा गोष्ठी, सेमिनार एवं अन्तर्क्रिया कार्यक्रम गर्दै आएको छ । यसै परम्परालाई निरन्तरता दिंदै २०७३ माघ २४ गते गोरखा बजारमा स्थानीय लब्धप्रतिष्ठित व्यक्तिहरूको समुपस्थितिमा विचार विमर्श कार्यक्रम भव्यताका साथ सम्पन्न भयो । उक्त कार्यक्रममा केन्द्रद्वारा प्रकाशित **ज्ञानविन्दु अङ्क १०**, राजेन्द्र अर्यालकृत **माल्भा** नियात्रा अनि सीता अर्यालकृत **उपहार आँसु**को कथामाथि समीक्षा भएको थियो । साहित्यकार तर्कना शर्माले **ज्ञानबिन्दु**को वैशिष्टय, लेखक ऋषिराम खनालले **माल्भा**को नेपाली नियात्रामा स्थान र योगदान अनि अनुपमा रेग्मीले **उपहार आँसुको कथा** सङ्ग्रहको कथाकारितावारे विश्लेषण गर्नुभएको थियो । उपस्थित केही महानुभावहरूले **ज्ञानबिन्दु**मा मोफसलका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
लेखहरू नसमेटिएको, **ज्ञानबिन्दु** गोरखामा सहज प्राप्त हुन नसकेको गुनासो गर्दै यसतर्फ सचेततापूर्वक ध्यान पुऱ्याउन स्मृतिकेन्द्रको ध्यानाकर्षण गर्नुभएको थियो। केन्द्रका अध्यक्ष प्रा.सरोज देवकोटाको सभापतित्वमा, सम्पन्न उक्त कार्यक्रममा उपस्थित महानुभावहरूलाई साहित्यकार गीता रेग्मीले स्वागत मन्तव्य दिनुभएको थियो। उक्त कार्यक्रमको सञ्चालन दीपकबाबु अर्यालले गर्नुभएको थियो भने उठेका प्रश्नमाथि जवाफ दिदै राजेन्द्र अर्याल एवं सीता अर्यालले मन्तव्य राख्नुभएको थियो।

३) दण्डपाणि-नन्दकुमारी स्मृति पुरस्कार २०७४ प्रतिभा चयनः

स्मृतिकेन्द्रले २०६३ सालदेखि विभिन्न विधाका राष्ट्रिय प्रतिभाशाली व्यक्तित्वहरूलाई हरेक वर्ष **दण्डपाणि-नन्दकुमारी स्मृति पुरस्कार**ले विभूषित गर्दै आएको छ। यसै परम्परालाई निरन्तरता दिँदै २०७४ माघ १३ गते कार्यसमितिको बैठकले यसवर्ष समाजसेवाको क्षेत्रमा योगदान गरी देश र जनताको उन्नयनमा समर्पित व्यक्ति र संस्थालाई सम्मानस्वरूप पुरस्कार प्रदान गर्ने निर्णय गरेको थियो। यही निर्णय अन्तर्गत रहेर उपयुक्त पात्र र संस्थाको चयन गर्न प्राज्ञ विष्णु प्रभात, ईश्वरचन्द्र बानिया, दीपक अर्याल रहनुभएको समिति गठन भएको थियो। यस समितिले समाजसेवाको क्षेत्रमा महत्वपूर्ण योगदान दिने सम्भावित व्यक्ति र संस्था उपर छलफल गर्दै धुर्मुस-सुन्तली फाउन्डेसनका सञ्चालक श्री सीताराम कट्टेल र श्रीमती कुञ्जना घिमिरेलाई यस वर्षको पुरस्कार प्रदान गर्न सकिने भनी राखेको प्रस्तावलाई कार्यसमितिले पास गरेको थियो।

४) विविध :

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र काठमाडौंको तारतम्य, सरसल्लाह र समन्वयमा फ्रान्स निवासी हरिहर अर्याल र चन्द्रा अर्यालले गोरखा नगरपालिका आहालेस्थित सरस्वती मा.वि.लाई रू. ८,००,००० (अक्षरेपी आठ लाख रुपियाँ) सहयोग स्वरूप प्रदान गर्ने वचनबद्धता व्यक्त गर्नु भएको छ। उहाँले उक्त रकम ४० वर्षकै अल्पायुमै दिवङ्गत भएका छोरा उमेश अर्यालको स्मृतिमा प्रदान गर्न लाग्नु भएको हो। दृष्टिविहीन अपाङ्गताको नियति भोग्दै गरेका बालबालिकालाई प्रोत्साहन र हौसला दिई उनीहरूको शिक्षण सिकाइमा गुणात्मकता प्रदान गर्न सरस्वती मा.वि. आहालेलाई नै उहाँले सहयोग गर्न लाग्नु भएको हो। आठ लाख मध्येबाट रू. पाँच लाख विद्यालयको भौतिक पूर्वाधार अन्तर्गत **'उमेश स्मृति सदन'** नामाङ्कन हुने भवन निर्माणमा खर्च हुने छ भने रू. तीन लाख **उमेश स्मृति अक्षयकोष**मा जम्मा भई प्रतिवर्ष प्राप्त हुने व्याजबाट दृष्टिविहीन विद्यार्थीको निम्ति स्टेसनरी पाठ्यसामग्री र पुरस्कार लगायतमा खर्च गरिने छ। उक्त विद्यालयमा हुने यी सबै कामको अनुगमन र निरीक्षण स्मृतिकेन्द्रले गर्न सक्ने छ। हरेक वर्ष जस्तै यस वर्ष पनि **दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र**को वार्षिक प्रकाशन **ज्ञानबिन्दु** पत्रिका विभिन्न स्कुल र विभिन्न पुस्तकालय व्यक्तित्वहरूलाई निःशुल्क वितरण गरिएको छ। व्यक्तिगत सम्पर्कका आधारमा वितरण हुनाले सीमित व्यक्ति र संस्थाले मात्र प्राप्त गरेको हुँदा आगामी दिनमा व्यवस्थित, ढङ्गले वितरण हुनुपर्ने जो सुझाव प्राप्त भएको छ सो मननीय छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र

आ.व. २०७३/०७४ को खर्च विवरण

क्र.सं.	विवरण	यस वर्ष २०७४	गत वर्षको २०७३
१	संस्था नविकरण	६,३५०.००	
२	लेखा परीक्षण खर्च	५०००.००	२,०००.००
३	पुरस्कार तथा पदक खर्च	२५,०००.००	
४	टेलिफोन तथा संचार	१०००.००	
५	ज्ञानविन्दु प्रकाशन खर्च	५५,०००.००	५०,०००.००
६	विविधा प्रकाशन खर्च		३४,४९४.००
७	पुस्तक विमोचन खर्च काठमाडौंमा (अनुसूचि धमोजिम)	५६,०००	५०,०००.००
८	पुस्तक विमोचन खर्च गोरखामा (अनुसूचि धमोजिम)	३१,५००.००	
९	विविध	२,०००.००	
	बचत	३२,८९६.००	६६,६१४.६६
	जम्मा	२,१४,७४६.००	२,०३,१०८.६६

कोषाध्यक्ष सचिव अध्यक्ष लेखापरिक्षक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्ज्याल स्मृति केन्द्र

आर्थिक वर्ष २०७४ आषाढ मसान्तसम्मको विवरण

१	पूँजि तथा दायित्व विवरण	यस वर्ष २०७४	गत वर्षको २०७३
	तिर्न बाकी	५०००.००	२,०००.००
	बचत		
	गत वर्षको	११६,४९७.२०	१,५८,५२५.०५
	गत वर्षको हिसाब मिलान		(५८,५००.००)
	यस वर्ष थप	३२८९६.००	६६,६१४.६६
	अक्षय कोष		
	म्हेपी बचत तथा ऋण सहकारी	१,७५,०००.००	१,७५,०००.००
	गोरखा बचत तथा ऋण सहकारी	१,५०,०००.००	१,५०,०००.००
	जम्मा	१२,७९,३९३.२०	१२,९३,६७९.७१
२	सम्पत्ति तथा जायजेथा		
	नगद तथा बैक मौज्दात		
	म्हेपी बचत तथा ऋण सहकारी (बचत)	३५,९३६.००	६७८७
	म्हेपी बचत तथा ऋण सहकारी (मुद्धती)	१,७५,०००.००	१,७५,०००.००
	गोरखा बचत तथा ऋण सहकारी (बचत)	६१,४१७.२०	४५३३६.०१
	गोरखा बचत तथा ऋण सहकारी (मुद्धती)	१,५०,०००.००	१,५०,०००.००
	रा.वा. बैक बालाजु	५४,०४०.००	५३०६५.८४
	म्हेपी बचत तथा ऋण सहकारी (शेयर)	३,०००.००	३०००.००
	जम्मा	१२,७९,३९३.२०	१२,९३,६७८।९३

कोषाध्यक्ष सचिव अध्यक्ष लेखापरिक्षक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आ.व. २०७३/०७४ को पुस्तक विमोचन खर्च

क्र.सं.	विवरण	गत वर्षको २०७४
१	प्रज्ञा प्रतिष्ठानमा खाजा	३२,०००.००
२	गोरखा जांदाको खाजा	१,३४०.००
३	फ्लेक्स, फोटो	१,५००.००
४	गोरखाको हल भाडा, खाजा र विहानको खाना	२२,०००.००
५	सम्मानपत्र	१,८००.००
६	नेपाल प्रज्ञा प्रतिष्ठानको हल भाडा	७,०००.००
७	पानी, फलफुल	१,३६०.००
८	गोरखा जांदा र आउंदाको माइक्रो भाडा	१४,०००.००
९	टेलिफोन	१,०००.००
१०	सेचुन बापत	५,५००.००
	जम्मा	८७५००.००

आ.व. २०७३/०७४ को आय व्यय विवरण

आय विवरण क्र.सं.	विवरण	यस वर्ष २०७४	गत वर्षको २०७३
१	विज्ञापन	७०,०००.००	८८,०००.००
२	आजिवन सदस्यता शुल्क		
३	बैक ब्याज		
	गोरखा बचत तथा ऋण सहकारी	१७,२८९.६६	१७,२८९.६६
	स्नोप बचत तथा ऋण सहकारी	१,२३,८१९.००	१,२३,८१९.००
४	विविध आय	२४,०००.००	
	जम्मा	२,३६,१०८.६६	२,०३,१०८.६६

कोषाध्यक्ष सचिव अध्यक्ष लेखापरिक्षक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, काठमाडौंद्वारा प्रकाशित पुस्तक तथा पत्रिकाहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दर बजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ, ४ नं. प्रदेश नेपाल

सुचना ! सुचना !! सुचना !!!

व्यक्तिगत घटना दर्ता गरौं, आफ्नो अधिकार सुरक्षित गरौं ।

जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ र सो सम्बन्धी नियमावलि २०३४ अनुसार आफ्नो नगरपालिका/गाउँपालिकाहरुमा व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेद) घटेको ३५ दिन भित्र दर्ता गर्न/गराउन निःशुल्क व्यवस्था भएकोले सोहि अनुसार गराई कानुनी मान्यता अनुसारको प्रमाण पत्रका लागि समयमा गाउँपालिका/नगरपालिका/वडा कार्यालयहरुमा सम्पन्न गरौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

MBA
Evening Program

Enjoy the excellence of business education at Rajdhani

BBA
Bachelor in Business Administration

BHM
Bachelor in Hotel Management

RAJDHANI
MODEL COLLEGE
www.rmccollege.edu.np
Affiliated to Pokhara University
P.O. Box: 9327, Devkota Marga, Pipalbot, Old Baneshwor, Kathmandu
Tel: 977-1-4471162, 4465705, E-mail: info@rmccollege.edu.np

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

www.globalimebank.com
Toll Free no. 1-660-012-1314

धेरै छन् बचतले सृजना गर्ने खुशीहरु

सुनिश्चित भविष्य । सपनाहरु पूरा हुने विश्वास । भविष्यको लगानी । मनको शान्ति
आर्थिक स्वतन्त्रता । आत्मविश्वास । आत्मसम्मान । सम्पन्न जीवन

आफ्नो बचतलाई सुरक्षा र उचित मूल्य दिन
आजै ग्लोबल आइएमई बैंकमा खाता खोल्नुहोस् ।

आकर्षक ब्याज सहितका थप सुविधाहरु

• मोबाइल बैंकिङ्ग • इन्टरनेट बैंकिङ्ग • डेबिट कार्ड • क्रेडिट कार्ड
• Any Branch Banking Service • उच्चस्तरीय सुरक्षित लकर • चेकबुक



Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

रजिष्टर्ड/कर्पोरेट कार्यालय
कमलादी, काठमाण्डौं
फोन नं: ०१-४२२६३७/४२२८६०१
फ्याक्स नं: ०१-४२२८०३६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Dining Park
Banquet & Conference

Dining Park Banquet & Conference offers a wide range of services available for great events.

THE WEDDINGS

Because every detail matters, for THE WEDDING of your dreams.....
From engagement parties, wedding ceremonies and reception, we promise a wonderful beginning to your future.

CONFERENCE & PRIVATE Event

We have designed in making paramount celebrations further more fruitful and memorable, Dining Park also believes in doing business a pleasure with state-of-the-art facilities and exclusive culinary offerings.

BUSINESS Events

We offer from board retreats, amazingly detailed conferences to large corporate celebrations with availability of high-tech venues in order to enhance your productivity.

SOCIAL Events

We have an inspiring setting for private parties, charity galas, gala dinners, birthdays and anniversaries. Invite your guests to enjoy the glamour of our banquet and convention center.

BUSINESS EVENTS → SOCIAL EVENTS → WEDDINGS → OUTDOOR CATERING

MEETING Facilities

Accommodation up to 400 people for meetings and private events. 1 boardroom comfortably seats up to 15 people. 1 meeting room that comfortably seats up to 50 people. Each meeting room offers modern technology and forefront services. There are also options of floor plans to choose from such as u-shaped to classroom, theatre-style or conference designs.

+ Other Facilities

- Open BBQ station
- Open Bar
- Private discotheque
- Kids playing zone
- Photographer on request
- Photo booth with props
- Bridal Makeup
- Small dressing room(s) with mirrors & bright lighting

Mid Baneshor
Near Peepalbot
diningpark1@gmail.com
Tel.: 01-4486002/3

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुचना

यस नगरपालिका क्षेत्रभित्रका सबै घर, टोल तथा वडाहरुमा तपसिलका वातावरणमैत्री सुचकहरुको पालना गरी वातावरणमैत्री नगर स्थापना गर्ने लक्ष्य रहेकोले उक्त सुचकहरुको पालना गरी सभ्य नागरिकको पहिचान दिंदै सफा शहर कायम गर्न यस बेसीशहर नगरपालिका सबैमा हार्दिक अनुरोध गर्दछ ।

- घर कम्पाउण्ड भित्र प्यान सहितको चर्पी प्रयोग गरौं ।
- घर भान्साको फोहोर सड्ने र नसड्ने (प्राङ्गारिक र अप्राङ्गारिक) गरी विभाजन गरौं ।
- सड्ने फोहोरलाई मल बनाई वा अन्य तरिकाले व्यवस्थापन गर्ने गरौं । नसड्ने फोहोरमध्ये प्लाष्टिकलाई छुट्टै जम्मा गरी बिक्री वा निर्धारित स्थलमा जम्मा गरौं ।
- अन्य फोहोरमध्ये हानिकारक फोहोर (जस्तो ब्याट्री, सि.ए.एल.चिम, फुटेका सिसा बोतल, ट्युबलाइट आदि) र अन्य फोहोर छुट्याई छुट्टाछुट्टै जम्मा गरी निर्धारित स्थलमा राखौं ।
- कुकुर पाल्ने घरधनीले आफ्नो कुकुरलाई घरक्षेत्र बाहिर खुला रूपमा दिशा नगराई आफ्नो घर परिसरमा नै व्यवस्थित गरि राखौं ।
- घर-परिवारका सबै सदस्यले खाना खानु र खुवाउनु अघि साबुन पानीले मिचिमिचि हात धोऔं ।
- घरभित्र ऊर्जा खपत कम गर्ने चिमको प्रयोग (जस्तै LED) गरौं । खाना पकाउनको निमित्त दाउरा प्रयोग गर्ने हो भने धुवारहित सुधारिएको चुलोको प्रयोग गरौं ।
- घर-आगनमा थरीथरीका फुलबिरुवा वा यस्तै सजाउने बोटबिरुवाहरु रोपौं । घर-परिसरमा वा घरको छतमा स-साना किसिमका बहुवर्षीय कम्तीमा दुईवटा रुखबिरुवा रोपौं ।
- वर्षातुमा घर कम्पाउण्डभित्र परेको पानी आफ्नै घर-कम्पाउण्डमा जमिनभित्र जाने व्यवस्था गरौं ।
- सुरक्षित पिउने पानीका लागि शुद्धिकरणका उपायहरुको अवलम्बन गरौं ।
- आफ्नो घर, आगन, सडक र बाटो सफा राखौं ।
- प्लाष्टिकको झोलाको सट्टा जुट, कपडा वा कागजको झोला प्रयोग गरौं ।
- सौर्य उर्जा वा नवीकरणिय उर्जाको प्रयोग गरौं ।
- खाली पर्ती जग्गामा रुख बिरुवाहरुको रोपण गरौं ।
- टोल समुदायका सदस्यहरुले न्यूनतम वार्षिक २ पटक आफ्नो टोल समुदायको क्षेत्रभित्र सामूहिक रूपमा सरसफाइ अभियान सञ्चालन गरौं ।
- घरबाट बाहिर निष्काशन गरिने फोहर सडक, पेटी र सार्वजनिक स्थलजस्ता स्थानमा जम्मा नगरी सिधै संकलन गर्न आउने सवारी साधनमा राखौं ।
- टोल समितिले मासिक बैठक र वार्षिक साधारण सभा गरी स्थानीय वातावरण संरक्षणसम्बन्धी छलफल गरी निर्णय गरौं र हरेक वर्ष विश्व वातावरण दिवस (जुन ५) को दिन वातावरण संरक्षण तथा सरसफाई सम्बन्धी सामूहिक क्रियाकलाप सञ्चालन गरौं ।
- टोल सुधार समितिको सक्यतामा टोलभरिका सबै घर-परिवारलाई मौसम अनुसार र एकै जातका फलहरु गमलामा रोपी घरबाहिर सडकबाटै देखिने गरी राखौं ।

बेसीशहर नगरपालिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CENTURY BANK
सेञ्चुरी बैंक

बचत गरौं, पैसा बढाऔं !

सेञ्चुरी प्रीमियम बचत

८%*

निःशुल्क डिम्याट खाता

आकस्मिक दुर्घटना बीमा ५,००,०००/-*

- न्यूनतम मौज्दात: रु. १,००,०००/-
- निःशुल्क डेबिट कार्ड, ई-बैंकिङ्ग, एस.एम.एस. बैंकिङ्ग, आस्वा सेवा *
- लकर सुविधामा ५०% छुट *

सरल बैंकिङ्ग... सबैको लागि

सेञ्चुरी कमर्सियल बैंक लिमिटेड

प्रधान कार्यालय: पुतलीसडक, काठमाडौं फोन: ४४४५०६२/४४४०४२१

फ्याक्स: ४४४१४२२ ईमेल: welcome@centurybank.com.np वेब: www.centurybank.com.np

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

मूल्य रु. 200/-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal